# अरुण गाउँपालिका

## आवधिक गाउँपालिका विकास योजना, २०७७

## भाग १: पृष्ठभूमि

### १.१ परिचयः

अरुण गाउँपालिका नेपालका ७ वटा प्रदेश मध्ये प्रदेश नं. १ को भोजपुर जिल्लामा अवस्थित छ । नेपाल, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धति बमोजिम राज्य सञ्चालन वा शासन सञ्चालनको जिम्मेवारी संघ, प्रदेश र स्थानीय गरी तीन तहमा बिभक्त गर्दै २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भई क्रमिक कार्यान्वनय तथा स्थायित्को चरणमा प्रवेश गरिसकेकोछ । संविधान प्रदत्त तीनै तहको एकल तथा साझा अधिकारका क्षेत्रहरूको सफल र प्रभावकारी कार्यान्वयन बाट संघात्मक शासन पद्धतीको स्थायीत्व र समाजबाद उन्मुख मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिको मार्ग टोल, बस्ती बस्ती र गाउँ गाउँ बाटै प्रसस्त गर्नु वर्तमान स्थानीय तहको आजको प्रमुख अभिभारा भएको छ । यस अभिभारालाई परिणाममुखि बनाउन जनताको प्रत्यक्ष सहयोगी र साझेदार सरकारको रुपमा स्थापित स्थनीय तहले संपादन गर्ने आर्थिक, भौतिक, सामाजिक तथा सास्कृतिक विकास र विस्तारका कार्यहरूलाई स्थानीयबासीहरूकै प्रत्यक्ष सहभागिता र साझेदारीमा व्यवस्थित, प्रभावकारी र समयबद्ध सञ्चालन व्यवस्थापनका आधार तयार पार्नु अनिवार्य छ । यस अहम जिम्मेवारीको बोध गरी अरुण गाउँपालिकाले **"आवधिक गाउँपालिका विकास योजना"** तयार गरी सोहि बमोजिम गाउँपालिकाको समग्र विकास सँग सम्बन्धित तमाम योजना तथा कार्यक्रमहरूलाई सञ्चालन तथा व्यवस्थापन गर्ने अठोट र प्रतिवद्धता सहित आफ्नो विकास अभियानलाई अघि बढाउने नीतिगत र संस्थागत निर्णय गरिसकेको अवस्था छ ।

**चित्र नं. १.१: नेपालको नक्सामा अरुण गाउँपालिकाको अवस्थिति**



नेपालको संविधान २०७२ संगै भौगोलिक स्वरुपमा बिभक्त प्रदेश नं. १ का १४ जिल्ला मध्ये भेजपुर जिल्ला कृषि र पर्यटनको हिसावले एक महत्वपूर्ण जिल्ला हो । भोजपुर जिल्लामा अवस्थित २ वटा नगरपालिका र ७ वटा गाउँपालिका गरी कुल ९ वटा स्थानीय तह मध्ये अरुण गाउँपालिका धनकुटा जिल्ला र भोजपुर जिल्लाको सिमान भएर बग्ने अरुण नदी सँग जोडिएर रहेको एक रमणीय र सुन्दर गाउँपालिका हो । वि.सं. २०७३ सालमा स्थानीय तहको पुनरसंरचनाका बखत भोजपुर जिल्लाका साविकमा स्थापित रहेका चम्पे, याङ्पाङ, प्याउली, चरम्बी, जरायोटार र याकु गरी ६ वटा गाउँ विकास समितलाई एकै ठाउँ समेटेर अरुण गाउँपालिकाको रुपमा नामाकरण गरी पुनरसंरचित भएको यो गाउँपालिका वि.सं. २०६८ सालको जनगणनाका आधारमा तयार परिएको प्रतिवेदन अनुसार १७६८७ जना र गाउँपालिकाले २०७७ सालमा तयार पारेको गाउँपालि प्रोफाइल/वस्तुगत विवरण बमाजिम ९२५७ पुरुष, ८५६७ महिला र २ जना तेश्रो लिङ्गी समेत गरी कुल १७८२६ मानिसहरूको बासोवास रहेको छ । पूर्वमा धनकुटा र संखुवासभा जिल्ला, पस्चिममा भोजपुर नगरपालिका र पौवादुङ्मा गाउँपालिका, उत्तरमा षडानन्द नगरपालिका र संखुवासभा जिल्ला साथै दक्षिणमा पौवादुङ्मा गाउँपालिक र धनकुटा जिल्ला सिमाना कायम भई साविकको प्याउली गाविसको कार्यालय रहेको स्थाना प्याउली बजारमा यस पालिकाको सदरमुकम रहेको छ । भोजपुर जिल्लाको कुल क्षेत्रफलको १०.२६ % भू-भाग ओगटेको तथा जिल्लाका कुल जनसङ्ख्या मध्ये ९.६९ % मानिस बसोवास गर्ने यो गाउँपालिका प्रशासनिक सेवा प्रवाह र विकास निर्माणका कार्यलाई स्थानीयबासीको घरदैलो सम्म सहज पुऱ्याउन सकियोस भन्ने हेतुले पालिकाको आन्तरिक प्रशासनिक ईकाइको रुपमा ७ वटा वडामा बिभक्त गरिएको छ । वडा विभाजन सम्बन्धी विवरण तालिका नं. १.१ र चित्र नं. १.२ मा उल्लेख गरिएको छ ।

**चित्र नं. १.२: अरुण गाउँपालिकाको वडा विभाजनको अवस्था**




**तालिका नं.१.१: वडा विभाजनको वर्तमान अवस्था**

| वर्तमान वडा नं | समावेश भएका साविकका गाविसहरू | साविक वडा नं. |
|---|---|---|
| १ | याङ्पाङ | १ देखि ९ |
| २ | चम्पे | १ देखि ९ |
| ३ | प्याउली | १ देखि ९ |

| | | |
|---|---|---|
| ४ | चरम्बी | १ देखि ९ |
| ५ | याकु | १ देखि ३, ५ देखि ९ |
| ६ | जरायोटार | १ देखि ४, ६, ८, ९ |
| ७ | याकु र जरायोटार | याकु ४, जरायोटार ५र ७ |
| जम्मा | | |

श्रोतः स्थानीय तह पुनरसंरचना आयोगको प्रतिवेदन तथा संघीय मामिला मन्त्रालयको आधिकारिक वेभसाईट

### १.२ भौगोलिक अवस्थितिका आधारमा भू-उपयोगको अवस्थाः

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आधिकारिक वेभसाईटका आधारमा १५४.७६ बर्ग कि.मि. क्षेत्रफलमा फैलिएको भनि उल्लेख गरिएको भएतापनी भौगोलिक अवस्थितिको हिसावले केहि स्थान समतल, केहि स्थान भिरालो तथा केहि स्थान अति भिरालो सहित समग्र रुपमा पहाडी भू-भागमा पर्ने यो गाउँपालिकाको कुल क्षेत्रफल नापी बिभागको पछिल्लो विवरणका अधारमा १५४.३२ बर्ग कि.मि.रहेको पाईएको छ । नापी विभागको विवरणका आधारमा अरुण गाउँपालिकाको उल्लेखित समग्र भू-भाग मध्ये ६४.२६ % भू-भाग कृषि उत्पादनमा प्रयोग भएको देखिन्छ भने  ३१.७२ % भू-भाग वनजङ्गल ले ओगटेको छ ।  यसै गरी कुल क्षेत्रफलको १.०२ % भू-भाग आवसीय क्षेत्र, ०.०१ % व्यसायिक क्षेत्र, १.२४ % सार्वजनिक क्षेत्रमा परेको छ भने पानीले (खोला, तलाउ र पोखरी) ओगटेको १.७५ % ओगटेको छ । यस गाउँपालिकाको कुल भू-भाग मध्ये धार्मिक तथा सास्कृतिक क्षेत्रले मात्र ०.५१ हेक्टर क्षेत्रफल ओगटेको अवस्था छ । भू-उपयोग र वडा विभाजन सम्बन्धी विवरण तालिका नं.१.२ र १.३ तथा चित्र नं. १.३ मा उल्लेख गरिएको छ ।

**तालिका नं. १.२ः भू-उपयोगको अवस्था**

| क्रम .सं. | भु उपयोग क्षेत्र | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषी क्षेत्र | ९९१७.०० | ६४.२६ |
| २ | वन क्षेत्र | ४८९५.४९ | ३१.७२ |
| ३ | आवासिय क्षेत्र | १५७.७४ | १.०२ |
| ४ | व्यवसायिक क्षेत्र | ०.६९ | ०.०१ |
| ५ | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | ०.५१ | ०.०० |
| ६ | सार्वजनिक क्षेत्र | १९१.२७ | १.२४ |
| ७ | जल क्षेत्र | २६९.७१ | १.७५ |
| **कुल क्षेत्रफल** | | **१५४३२.४२** | **१००.०** |
| कुल क्षेत्रफल ( १ हेक्टर बराबर ९९९९.९ बर्ग मि.) | | १५४.३२ बर्ग कि.मि. | |

श्रोतः भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, नापी विभाग, २०७७

**तालिका नं. १.३ः वडा बिभाजन र वडाको क्षेत्रफल**

| वर्तमान वडा नं | समावेश भएका साविकका गाविसहरू | साविक वडा नं. | जनसङ्ख्या २०६८ | क्षेत्रफल (बर्ग कि.मि.) |
|---|---|---|---|---|
| १ | याङपाङ | १ देखि ९ | ३०१९ | २४.७९ |
| २ | चम्पे | १ देखि ९ | २९०१ | १६.३१ |
| ३ | प्याउली | १ देखि ९ | २४०४ | १३.९३ |

| | | | | |
|---|---|---|---|---|
| ४ | चरम्बी | १ देखि ९ | २७९९ | ३६.११ |
| ५ | याकु | १ देखि ३, ५ देखि ९ | २६१६ | १९.५६ |
| ६ | जरायोटार | १ देखि ४, ६, ८, ९ | २९१८ | २९.१२ |
| ७ | याकु र जरायोटार | याकु ४, जरायोटार ५र ७ | १०३० | १४.९४ |
| जम्मा | | | १७६८७ | १५४.७६ |

श्रोतः स्थानीय तह पुनरसंरचना आयोगको प्रतिवेदन तथा संघीय मामिला मन्त्रालयको आधिकारिक वेभसाईट

**चित्र नं.१.३: गाउँपालिकाको भू-उपयोगको अवस्था**




### १.३ हावापानीः

अरुण गाउँपालिका भोजपुर जिल्लाको करिब पूर्वि भागमा अवस्थित रहेको छ। भोजपुर जिल्ला समग्रमा सामुद्रिक सतह बाट १५३ देखि ४१५३ मिटरको उचाईमा फैलिएको छ भने अरुण गाउँपालिकाको अरुण नदीको आसपास रहेको भाग समेत करिव यसैको हाराहारिमा रहेको छ। तापक्रमको हिसावले गर्मी मौषममा ३४° सेल्सियस र जाडो महिना भन्नाले हिउँद महिनामा ७° सेल्सियस सम्म हुने गरेको छ। यस गाउँपालिकामा वर्षा ऋतुमा सवै भन्दा बढी पानी पर्दछ भने हिँउद महिनामा धेरै कम पानी पर्दछ। अरुण नदिको वायु प्रवाह लगायत दक्षिण पश्चिमी मनसुनी हावाको प्रवाहका कारणले यस गाउँपालिकामा साधारणतय जेठदेखि असोजसम्म बढी पानी पर्ने गर्दछ साथै पूर्वी दक्षिण भेगबाट बहने जलवाष्पपूर्ण हावाले हिँउदका दिनहरूमा समेत सामान्य रुपमा वर्षा हुने गरेको छ। भोजपुर र धनकुटा जिल्लाको सिमान कायम गरी बग्ने अरुण नदी लगायत यस जिल्ला तथा अरुण गाउँपालिकामा अवस्थित खोला, पोखरी, हिमाल तथा हिमाली क्षेत्रको प्रभावका कारण यस गाउँपालिकाको औषत तापकम न्यूनतम १५ देखि ३२° सेल्सियस सम्म रहने गरेको पाईन्छ भने औषत २३०० मिलि लिटर सम्म वर्षात हुने गरेको छ। यस पालिकाको समग्र तापक्रमको हिसावले अध्ययन गर्दा चैत्र महिना देखि भाद्र महिना सम्म अरुण नदी किनारका वा तल्लो भेगमा सामान्य गर्मि देखि गर्मि सम्म हुने गर्दछ भने माथिल्लो भेगमा करिव बर्षै भरी जोडा हुने गर्दछ। यस पालिकाको मात्र समग्रमा हावापानी र मौषमाको अध्ययन गर्दा करिव जिल्लाको अवस्था सँग मिल्दो जुल्दो रहेको स्थानीयबासीको भनाई रहेको छ। तथापि भौगोलिक बनावट र अवस्थितिका आधारमा लोअर ट्रपिकल देखि टेम्परेट सम्मको मौषमी प्रभाव यस गाउँपालिकामा अधिक रहेको छ। समग्रमा भोजपुर जिल्लाको हावापानी र

मौषमले यस पालिकालाई समेत प्रत्यक्ष प्रभाव पर्ने भएका कारण जिल्लाको उपल्लो भू-भागको भन्दा केहि कम तापक्रम रहने भएता पनि जिल्लाको मौषमी प्रभावले गाउँपालिकाको हावापानिको अवस्था समेत सम्बोधन गर्ने गरेको पाईन्छ ।

अरुण गाउँपालिकाको कुल क्षेत्रफल मध्ये ६४.२६ % कृषि कार्य र ३१.७२ % वनजंगलको रुपमा गरी जम्मा ९५.९८ % कृषि र वनले ओगटेको यस परिवेशमा कृषि कार्यकोलागि यसको उपयोगिता यस क्षेत्रमा हुने मौषममा निर्भर रहने गर्दछ । भौगोलिक अवस्थिति, भू-वनावट, माटोको उर्वरता, तापक्रम र जलबायु साथै स्थानीय खोला नालाबाट बहने जलस्रोतको उपयोग बाट हुने सिंचाई सुविधा समेतका कारण अधिकांस क्षेत्र कृषि उत्पादनको हव को रुपमा स्थापित रहेको पाईन्छ । मौषमी विभिदताका कारण यी क्षेत्रहरूमा बाह्रै महिना विभिन्न अन्न, तेलहन, दालहन, नगदे, फलफूल लगायतका बालीको व्यवसायिक उत्पादनकालागि पकेट तथा ब्लकहरूको निर्माण गर्न सकिने प्रसस्त सम्भावना रहेको छ भने बेमौषमी तरकारी खेती लगायतका स्थानी उत्पादनहरू प्रचुर मात्रमा गर्न सकिने सम्भावना रहेको छ । समसितोष्ण सहितको अनुकुल मौषम समेतको वातावरणीय सन्तुलनले अन्न तथा तेलहन बाली र बेमौषमी तराकारी बाली मात्र हैन विभिन्न प्रकारका पशुपालन र बिशेष गरी अलैची, गोलभेडा, अदुवा, सुन्तला, कागती लगायतका उत्पादनहरूले समेत प्रसस्त सम्भावना रहेको पाईन्छ ।

तसर्थ वर्तमानमा अवस्थामा गुजारामुखि कृषि कार्यहरू हुँदै गरेको भएता पनि दिन प्रति दिन स्थानीयबासीमा बिकसित हुँदै गरेका चेतना स्तर र आवश्यकताले गर्दा आगामि दिनमा **कृषिको व्यवसायीकरणलाई विशेष प्राथमिकता दिदै कृषि उत्पादनमा आधारित उद्योगहरूको स्थापना र विकासको माध्यम बाट रोजगारीको सृजना गरी गरिवी न्यूनिकरणको साथमा आर्थिक समृद्धि तर्फ उन्मुख हुने दीर्घकालिन योजना तथा आयोजना सञ्चालन तथा व्यवस्थापनमा जोड दनु पर्ने देखिन्छ ।**

**तालिका नं.१.४: भौगोलिक अवस्थितिका आधारमा मौषमी अवस्था (भोजपुर जिल्ला)**

| क.सं. | मौषमी क्षेत्र (Climatic Zone) | उच्चाई (Elevation Range) | क्षेत्रफल % |
|---|---|---|---|
| १ | लोअर ट्रपिकल | ३०० मिटर भन्दा कम | २.७ |
| २ | अपर ट्रपिकल | ३०० देखि १००० मि. (१००० देखि ३३०० फिट) | ३०.६ |
| २ | सव ट्रपिकल | १००० देखि २००० मि. (३३०० देखि ६६०० फिट) | ४९.९ |
| ३ | टेम्परेट | २००० देखि ३००० मि. (६४०० देखि ९८०० फिट) | १५.१ |
| ४ | सव अल्पाईन | ३००० देखि ४००० मि. (९८०० देखि १३१०० फिट) | १.७ |
| जम्मा | | | १००.० |

श्रोतः विकीपिडिया फ्रि इन्साइक्लोपिडिया, २०७७

### १.४ वनजङ्गलको विवरणः

वातावरणीय सन्तुलन कायम राख्न वनजङ्गलको महत्वपूर्ण भुमिका रहन्छ । वनजङ्गलको उपस्थिति पानीको स्रोतको आधार, वातावरणीय शुद्धता र पर्यावरणीय संरक्षणका हिसावले एक अनिवार्य सर्तहो । बोट विरुवा वा वनजङ्गलको संरक्षण र सम्बर्द्धन मानव सभ्यताको एक सूचक मात्र नभई मानव जीवनको निम्ति नभइ नहुने अक्सिजनको प्रमुख स्रोत समेत हो । वनजङ्गलकै उपस्थिति र मात्राका कारण पर्यावरणीय सन्तुलन समेत कायम रहन सक्दछ । अरुण गाउँपालिकाको हकमा यहांको मुख्य प्राकृतिक सम्पदाको रुपमा वनजङ्गल र यस भित्र रहेका विभिन्न प्राणी जगत तथा वनस्पतीलाइनै लिने गरिन्छ । अरुण गाउँपालिकाको कुल भू-भाग मध्ये ३१.७२ % भू-भाग वनजङ्गले ओगटेको पाईएको छ भने बिभिन्न स्थान र क्षेत्रमा वा रुख कटानी भएका क्षेत्रहरूमा योजनाबद्ध वृक्षारोपण समेत हुने गरेको अवस्था छ । यस गाउँपालिका भित्र रहेका कुल ४९ वटा वनक्षेत्रमा विशेष गरी साल, चिलाउने लामपाते, सिरीस, लालीगुरास, सल्ला, सखुवा, लामपाते, पात्ले, काफल, उत्तीस, सिमल, खयर, चिउरी, खयर, जामुनो, ससौ तथा खराने जास्ता बोट, विरुवा तथा रुखहरू लगाईएको अवस्था छ ।

वनजङ्गलको संरक्षण र सम्बर्द्धनकालागि स्थानीय घरपरिवारको समेत सकृय सहभागिता रहेको पाईन्छ भने निजी वन समेत क्रमस बिस्तार हुँदै गएका छन् तर यीनको बैधानिकताकालागि दर्ता प्रकृया भित्र ल्याउनु पर्ने अवस्था देखिएको छ

। गाउँपालिका क्षेत्र भित्र रहेको सरकारी तथा सामुदायिक वन लगायतका वनजङ्गलहरूले यस गाउँपालिकाको वातावरणीय सन्तुलन कायम राख्न महत्वपूर्ण योगदान दिईरहेका छन् भने यीनिहरूको थप संरक्षण र सम्बर्द्धनले यस स्थानमा पशुपालनकालागि आवश्यक घाँस र इन्धनकालागि दाउरा समेतको खाँचो टार्ने गरेको पाईन्छ । आवधिक गाउँपालिका विकास योजना मार्फत अरुण गाउँपालिकाका पुराना र ख्याति कमाएका **वनजङ्गलको संरक्षण र सम्बर्द्धन साथै क्रमस विकसित हुँदै गएका सामुदायिक तथा निजी वनमा वृक्षारोपण सहितको थप विकास, बिस्तार र संरक्षण गरी जैविक विविधताले भरिएका उल्लेखित लगायतका वन जंगललाई वन्यजन्तु संरक्षण (बन्यजन्तकालागि आवश्यक आहाराको व्यवस्थ बन जङ्गल भित्रै गर्ने) तथा मनोरञ्जन स्थल सहितको पर्यटकीय स्थल बनाउन सकिने समेतका सम्भावना रहेका कारण यस गाउँपालिकाको समृद्धि निर्माणमा यथेष्ठ योगदान पुऱ्याउन सक्ने अवस्था रहेको छ ।**

**चित्र नं.१.४: वनजङ्गलको वडागत उपस्थिति**




**तालिका नं.१.५: गाउँपालिका क्षेत्र भित्र रहेको वनजङ्गलको विवरण**

| क.सं. | नाम | ठेगाना (स्थान) | वर्तमान अवस्था |
|---|---|---|---|
| | | **वडा नं. १** | |
| १.१ | चौखल्ली सा.उ.व | खनीगाँउ रातमाटे | १५०० रोपनी, साल, चिलाउने लामपाते, सिरीस |
| १.२ | पम्फे चनौटे सा.उ.व. | आम्बोटे | ७०० रोपनी, साल, चिलाउने लामपाते, सिरीस |
| १.३ | भोटेडाडा सा.उ.व. | भोटेडाडा | १०० रोपनी, साल, चिलाउने लामपाते, सिरीस |
| १.४ | गढीडाडा सा.उ.व. | गढीडाडा | ५० रोपनी, चिलाउने, लालीगुरास, सल्ला सखुवा |
| १.५ | बोक्से सा.उ.व. | दुम्रे | २० रोपनी |
| १.६ | आइतेवारे सा.व. | हेकुसवा दुम्रे | ३० रोपनी, साल, चिलाउने |
| १.७ | भालेढुङगा सा.उ.व. | | २० रोपनी लामपाते |
| | | **वडा नं. २** | |

| | | | |
|---|---|---|---|
| २.१ | पाले बन (सामुदायिक उपभोक्ता) | माचुङ | पात्ले, चिलाउने, काफल, उत्तीस |
| २.२ | चम्पेकालीका सामुदायिक उपभोक्ता वन | सिस्नेरी | पात्ले, चिलाउने |
| २.३ | तिनतले सामुदायिक उपभोक्ता वन | वोक्ताम | पात्ले, चिलाउने |
| २.४ | च्याचुङ सामुदायिक उपभोक्ता बन | माचुङ | साल, सल्लो |
| २.५ | साङपाङ सामुदाकि उपभोक्ता बन | ढिकीसार | चिलाउने |
| **वडा नं. ३** | | | |
| ३.१ | ठुलोपाखा सामुदायिक उपभोक्ता बन | विजयवास | चिलाउने, पात्ले, उत्तिस ३०० रोपनी |
| ३.२ | राके सामुदायिक उपभोक्ता बन | कारीगाँउ | सल्लो, ३४ हेक्टर |
| ३.३ | गोर्खे पाखा सामुदायिक उपभोक्ता बन | कारीगाँउ | पात्ले, चिलाउने, १२.५ हेक्टर |
| ३.४ | बडकुले सामुदायिक उपभोक्ता बन | रिखेटार | पातले, चिलाउने, १४ हेक्टर |
| ३.५ | चम्फाचमेली सामुदायिक उपभोक्ता बन | खोकुम्बु | सखुवा, चिलाउने, १०० रोपनी |
| ३.६ | मालीका सामुदायिक उपभोक्ता बन | वतासे | पात्ले, ५० हेक्टर |
| ३.७ | जिबिन डाँडा सामुदायिक उपभोक्ता बन | चेपाङ | चिलाउने, पात्ले ५० हेक्टर |
| ३.८ | देवीथान सामुदायिक उपभोक्ता बन | प्याउली कलासु | पात्ले, चिलाउने, ७ हेक्टर |
| ३.९ | सिम्ले सामुदायिक  उपभोक्ता बन | ज्यामिरे | सिमल, चिलाउने |
| ३.१० | झाक्रिथान कबुलियती बन | मन्याँङडाडा | अम्लीसो ५ हेक्टर |
| ३.११ | ठुलोपाखो कबुलियती बन | विजयवास | पात्ते, चिलाउने |
| ३.१२ | दमाई डाँडा | थामखर्क | पात्ते, चिलाउने |
| **वडा नं. ४** | | | |
| ४.१ | छ्याङग्री पासीनी सामुदायिक उपभोक्ता बन | टापु टोल | सखुवा लामपाते चिलाउने, उत्तिस १८० एच.एच |
| ४.२ | महेश्वरी देवी सामुदायिक उपभोक्ता बन | पिपल डाँडा | साल, चिलाउने, ३० एच.एच |
| ४.३ | रानी बन सामुदायिक उपभोक्ता बन | पिपल डाँडा | सखुवा लामपाते चिलाउने, उत्तिस १२ एच.एच |
| ४.४ | यरुङ बाखखोर सामुदायिक उपभोक्ता बन | पिपल डाँडा | चिलाउने |
| ४.५ | लोहोरी सामुदायिक उपभोक्ता बन | फुर्के सल्लो | साल, सल्लो,  खयर १० एच.एच |
| ४.६ | भदौरे सामुदायिक उपभोक्ता बन | गोलेटार | साल, सल्लो, खयर ८ एच.एच |
| ४.७ | डुकिट्याङक सामुदायिक उपभोक्ता बन | वाजगरा | सखुवा, १५ एच.एच |
| ४.८ | सल्लेरी सामुदायिक उपभोक्ता बन | लेवाङ | सल्ला, चिलाउने, पात्ले, सखुवा |
| ४.९ | सितलदेवी सामुदायिक उपभोक्ता बन | पुरानो गाउँ | पात्ले, चिलाउने, उत्तिस |
| ४.१० | श्रृजना सामुदायिक उपभोक्ता बन | पुरानो गाउँ | पात्ले, चिलाउने, उत्तिस |
| **वडा नं. ५** | | | |
| ५.१ | ठूलो पाखा सामुदायिक बन | याकु | बिभिन्न जातीका रुख बिरुवा रहेका, घेराबारा नभएको, डडेलो नियन्त्रणको व्यवस्था नभएको |
| ५.२ | ओखे सामुदायिक बन | ओखे | |
| ५.३ | आईतबारे सामुदायिक बन | जिमिगाउँ | |
| ५.४ | सल्लेरी साष्टाड. सामुदायिक बन | जिमिगाउँ | |
| **वडा नं. ६** | | | |
| ६.१ | पंञ्चकन्याँ सामुदायिक बन | जरायोटार | सल्ला, सखुवा, चिउरी ६६ सम्म |

| | | | |
|---|---|---|---|
| ६.२ | आप खोला सामुदायिक उपभोक्ता बन | रानीटार | सल्ला, सखुवा, चिउरी ६६ सम्म |
| ६.३ | खोर्साने सामुदायिक उपभोक्ता बन | खोर्साने | सखुवा, खयर साल, ९० मिटर |
| ६.४ | वाइपिटाङ सामुदायिक उपभोक्ता बन | जरायोटार | सखुवा, खयर साल, ९० मिटर |
| ६.५ | बनचरे सामुदायिक उपभोक्ता बन | माङदीङ | सल्ला, जामुनो सखुवा |
| ६.६ | छवक सामुदायिक बन | बसेरी | सखुवा, खयर, चिउरी, सल्ला, |
| ६.७ | अरुण गंगा सामुदायिक बन | भदैरे बतासे | सिसौ, खयर र खराने |
| ६.८ | सल्लेरी सामुदायिक बन | खमारे | सल्ला, साल, चिलाउने |
| **वडा नं. ७** | | | |
| ७.१ | कालीका सामुदायिक उपभोक्ता बन | खालडे | साल २३२ म.मी खयर, सखुवा, जामुन |
| ७.२ | ठूलोभीर सामुदायिक उपभोक्ता बन | ढुङगे | ९२ मम्म रुख सेन |
| ७.३ | साल्घारी सामुदायिक उपभोक्ता बन | सिकेटार हल्ले | १०० एच.ए रुख सेन |
| ७.४ | अरुणदय सामुदायिक उपभोक्ता बन | सिकेटार | खयर, सखूवा रुख |
| ७.५ | जलर्सि सामुदायिक उपभोक्ता बन | सिकेटार लुङछुङ | खयर, सखूवा रुख |
| कुल जम्मा | | | ४९ |

श्रोतः आवधिक गाउँपालिका विकास योजना वडागत विवरण सङ्कलन, २०७७

## १.५ धार्मिक, सांस्कृतिक तथा पर्यटन पूर्वाधारः

### १.५.१ सास्कृतिक तथा धार्मिक पृष्ठभूमि :

अरुण गाउँपालिकामा परापूर्वकालदेखिनै विभिन्न जातजाती तथा धार्मिक समुदायको बसोवास रहेको पाईन्छ। यस गाउँपालिका भित्र बसोवास गर्ने बिभिन्न समुदायले परम्परादेखिने मानाउँदै आएका चाडबर्प लगायत बिभिन्न जातजाती सँग सम्बन्धित मठ मन्दिर, गुम्बा लगायतका धार्मिक स्थलहरूले समेत यस क्षेत्रको पहिचानलाई जोगाईराख्न सफल भएको अवस्था छ। यस गाउँपालिका भित्र बिभिन्न प्रकारको धार्मिक आस्था र विचार हुँदाहुँदै पनि धार्मिक तथा जातीय सहिस्णुता सहितको एकाता यस गाउँपालिकाको एक महत्वपूर्ण गहनाको रुपमा रहेको पाईन्छ। अरुण गाउँपालिकामा परापूर्वकालदेखिनै विभिन्न जातजाती तथा धार्मिक समुदायको बसोवास रहेको छ। यस पालिका भित्र बसोवास गर्ने विभिन्न जाती तथा समुदायले परम्परादेखिने मानाउँदै आएका चाडबर्प लगायत विभिन्न जातजाती सँग सम्बन्धित मठ मन्दिर, गुम्बा लगायतका धार्मिक स्थलहरूले समेत यस क्षेत्रको पहिचानलाई जोगाई राख्न सफल भएको अवस्था छ। पर्यटन विकास सँग सम्बन्धित ऐतिहासिक तथा पुरातात्विक महत्वका मठमन्दिर ५१ वटा, पोखरी तथा तालतलैया ४ वटा, झर्ना/थुम्का/डाँडा १६ वटा साथै सामाजिक कार्य मा समेत उपयोगि सिद्ध रहेका पाटी/पौवा/चौतारा/प्रतिक्षलय ६ वटा समेत ७७ वटा पूर्वाधार रहेको तथा थप विकास गर्न सक्ने धेरै आधारहरू समेत रहेको यो पालिका यस जिल्लाका अन्य पालिका भन्दा केहि पृथक रहेको छ। तसर्थ उल्लेखित स्रोत तथा आधार स्तम्भहरूको समयानुकुल स्तरउन्नतीका साथमा आवधिक गाउँपालिका विकास योजना मार्फत दिगो विकासको संरचनागत विकास योजना तर्जुमा गरी आन्तरिक तथा बाह्य पर्यटन विकासको एक दरिलो आधार निर्माण गर्न सकिने पर्याप्त संभाबना छन्। **यस आवधिक गाउँपालिका विकास योजना मार्फत उल्लेखित ऐतिहासिक, धार्मिक तथा सास्कृतिक धरोहरहरूलाई पर्यटकीय क्षेत्रको रुपमा थप विकास र विस्तार गरी रोजगारी समेतको सृजना गर्दै सर्वसाधारण गाउँपालिकाबासीको जीबनस्तरलाई थप मजबुत बनाउंन सक्ने प्रशस्त सम्भाबना रहेको देखिन्छ।** पर्यटन पूर्वाधार सँग सम्बन्धित वर्तमान अवस्थागत वडागत विवरण चित्र नं.१.५ र १.६ साथै तालिका नं.१.६ देखि १.९ मा उल्लेख गरिएको छ।

**चित्र नं. १.५: धार्मिक तथा सांस्कृतिक स्थलहरूको वर्तमान अवस्थिति**



**चित्र नं.१.६: पर्यटन पूर्वाधारको सङ्ख्यात्मक विवरण**




**तालिका नं. १.६: सांस्कृतिक तथा धार्मिक स्थलहरू**

| धार्मिक/ऐतिहासिक/ पुरातात्विक महत्वका मठ मन्दिर तथा गुम्बा | | | |
|---|---|---|---|
| **क्र.सं.** | **नाम** | **ठेगाना (स्थान)** | **वर्तमान अवस्था** |
| | | **वडा नं. १** | |
| १.१ | राधा कृष्ण मन्दिर | याङपाङ | मन्दिर सामान्य अवस्थामा |
| १.२ | रचना मन्दिर | कटका, सिस्नेरी | सामान्य अवस्थामा |
| १.३ | जालपा महांकाली | आईतबारे | सामान्य अवस्थामा |
| १.४ | सिंहदेवी, कालिका, सावित्रा | | सामान्य अवस्थामा |
| १.५ | जालपादवी, सिंहदेवी, धापका | आईतबारे | सामान्य अवस्थामा |
| १.६ | तामाङ गुम्बा | | |
| | | **वडा नं. २** | |
| २.१ | पंचकन्याँ मन्दिर | भाचुङ | सामान्य मन्दिर, जग्गा |
| २.२ | सिंहदेवी मन्दिर | स्वऱ्याङ | मन्दिर, जग्गा |
| २.३ | माया देवी मन्दिर | फूलीटोल | मन्दिर, जग्गा |
| २.४ | सिद्धकाली मन्दिर | बोक्तामा | मन्दिर, जग्गा |
| २.५ | कालीका देवी मन्दिर | साविक-२ | मन्दिर, जग्गा |
| २.६ | आइतवारे मन्दिर | साल्घारी | मन्दिर, जग्गा |
| २.७ | कौसिला देवी मन्दिर | बेलटार | मन्दिर, जग्गा |
| २.८ | कालीका देवी मन्दिर | चम्पे | मन्दिर, जग्गा |
| २.९ | छिन्तालुङ देवी | चम्पे, नौले टोल | मन्दिर, जग्गा |
| २.१० | रुपा देवी | चम्पे | मन्दिर, जग्गा |
| २.११ | जाल्यदेवी, आइतवारे | तल्लो सिस्न | मन्दिर, जग्गा |
| | | **वडा नं. ३** | |
| ३.१ | कालिका मन्दिर | प्याउली | १५ रोपनी जग्गा, मन्दिर |

| | | | |
|---|---|---|---|
| ३.२ | शिवालय मन्दिर | विजय बास | जग्गा |
| ३.३ | रमेश्वर शिवालय | खोकुम्बु | जग्गा, मन्दिर |
| ३.४ | भिमसेन मन्दिर | याकु डाडाँटोल | जग्गा, मन्दिर |
| | **वडा नं. ४** | | |
| ४.१ | चरम्बरेश्वर शिवालय मन्दिर | चरम्बी | निर्माणधिन हाल |
| ४.२ | जालपादेवी मन्दिर | धपेनी | जग्गा |
| ४.३ | सिंह देवी मन्दिर | वेसिटोल | जग्गा |
| ४.४ | साङगेछ्योलिङ गुम्वा | वैद्यगाउँ | निर्माणधिन |
| ४.५ | जाला देवी थान | रैकर | निर्माणधिन |
| ४.६ | महेश्वर देवी थान | पिपलडाँडा | निर्माणधिन |
| | **वडा नं. ५** | | |
| ५.१ | कालिका देवी मन्दिर | माङसुवा | सामान्य पर्खाल भएको |
| ५.२ | वराह पोखरी मन्दिर | लेर्खका | सामान्य मन्दिर जग्गा |
| ५.३ | शितला देवी | चापे | सामान्य देवी थान जग्गा |
| ५.४ | शितला देवी थान | डाडाखण्ड | सामान्य देवी थान जग्गा |
| ५.५ | सेती देवी थान | पहरे | सामान्य देवी थान जग्गा |
| ५.६ | पन्चकन्याँ देवी थान | पोखेल गाँउ | सामान्य देवी थान जग्गा |
| ५.७ | काली देवी सेती देवी थान | जिमिगाउँ | सामान्य देवी थान जग्गा |
| ५.८ | हरी सिद्धी मन्दिर | आरुखर्क | सामान्य देवी थान जग्गा |
| | **वडा नं. ६** | | |
| ६.१ | शिवालय मन्दिर | जरायोटार | जग्गा, मन्दिर |
| ६.२ | अरुण बरुण विश्रानती मन्दिर | लेगुवा | जग्गा, मन्दिर |
| ६.३ | मनकामना मन्दिर | चुन्ताङ | जग्गा, मन्दिर |
| ६.४ | शैथान मनिदर | केपानाङ | जग्गा, मन्दिर |
| ६.५ | थानी मन्दिर | थानीडाडा | जग्गा, मन्दिर |
| ६.६ | तामाङ गुम्बा मन्दिर | भण्डारी गाँउ | जग्गा, तथा मन्दिर निर्माणाधिन अवस्थामा |
| | **वडा नं. ७** | | |
| ७.१ | राधाकृष्ण मनिदर | सिकेटार | जग्गा, मन्दिर निर्माणधिन अधुरो |
| ७.२ | गौरी शंकर मन्दिर | सिकेटार | जग्गा नभएको |
| ७.३ | रिठ्ठा बोट सिंहदेबी मन्दिर | फोस्रेछार | हाल नभएको |
| ७.४ | हल्लेकालीका देवी मन्दिर | हल्लेटार | हाल नभएको |
| ७.५ | जलासिंह देवी मन्दिर | लुङछुङ | हाल नभएको |
| ७.६ | शाकेलाथान देवी मन्दिर | डाडाटोल | हाल नभएको |
| ७.७ | शंखदेवी थान मन्दिर | खाल्डे | हाल नभएको |
| ७.८ | पञ्चकन्याँ देवी मन्दिर | डुङ्गे | हाल नभएको |
| ७.९ | शाकेला मन्दिर | खाल्डे | हाल नभएको |
| ७.१० | पखुवा देवी मन्दिर | खालडे | हाल नभएको |

श्रोतः आवधिक गाउँपालिका विकास योजना तर्जुमा सर्वेक्षण, २०७७

**तालिका नं. १.७:** पार्क, पोखरी, तालतलैया तथा मनोरञ्जन स्थल सम्बन्धी विवरण

| पोखरी तथा ताल तलैया | | | |
|---|---|---|---|
| **वडा नं.** | **नाम** | **ठेगाना (स्थान)** | **वर्तमान अवस्था** |
| १ | सिद्ध पोखरी | वडा नं. २, चम्पे | निर्माणाधिन |
| २ | ओख्ले दह | | भएको तर व्यवस्थित नरहेको |
| ३ | वराह खोखरी | वडा नं. ५, लेखर्क | सामान्य पूवाधार रहेको |
| ४ | लोवरे पोखरी | वडा नं. ७, लोवरे | हाल सामान्य स्तरको पोखरी रहेको |

श्रोत: आवधिक गाउँपालिका विकास योजना तर्जुमा सर्वेक्षण, २०७७

**तालिका नं. १.८: झर्ना, थुम्का तथा डाँडाहरू**

| झर्ना, थुम्का, डाँडा | | | |
|---|---|---|---|
| **क.सं.** | **नाम** | **ठेगाना (स्थान)** | **वर्तमान अवस्था** |
| | | **वडा नं. १** | |
| १.१ | छांगा झर्ना | रिजुवा | प्राकृतिक उपहारको रुपमा रहेको |
| १.२ | पिलसिङ गढी | सिरान टोल | प्राकृतिक मनोरम, आधार सिभिर सम्म बाटो, खेल मैदान, बुद्धको् प्रतिमा, प्रतिक्षालय, चुचुरोमा पुग्ने ५ वटा बाटो, बङ्करको भग्नावसेश रहेको |
| १.३ | नाकरुम धारा | मेनपुर | ११ वटा देवी देवताको संगम |
| १.४ | मादले भिर | याङपाङ | सिँढी निर्माण, गाईको प्रतिमा रहेको तथा वर्तमानमा सामान्य अवस्थामा रहेको |
| १.५ | ऐना भीर | खानीगाँउ | हाल सामान्य अवस्थामा रहेको |
| १.६ | शिवरात्री गुफा | दाउने | प्राकृतिक सुन्दरता सहित सामान्य अवस्थामा रहेको |
| | | **वडा नं. २** | |
| २.१ | च्याचुङ डाँडा | च्याचुङ | हाल सामान्य |
| २.२ | पातले गुफा | यसमाली टोल | हाल सामान्य |
| २.३ | भिम्सेन डाँडा | माथिल्लो सिस्नेरी | हाल सामान्य |
| | | **वडा नं. ३** | |
| ३.१ | डुदेधोबन | खोकुम्वु | हाल नभएको |
| ३.२ | हरेलो डाँडा | थान खर्क | निर्माणधिन |
| | | **वडा नं. ५** | |
| ५.१ | हरेलो क्षेत्र रमिते पर्याटकिय स्थल | जिमिगाँउ | सामान्य |
| ५.२ | हलेसीडाडा | लेखर्क | सामान्य |
| | | **वडा नं. ६** | |
| ६.१ | अरुण थान डाडा | जरायोटार | |
| | | **वडा नं. ७** | |
| ७.१ | लोवरे डाडा | लोवरे | कुनै पनि पूर्वाधार निर्माण नभएको |
| ७.२ | भूतीया छांगो कालीखोला | मैदान | प्राकृतिक छांगो रहेको तथा थप पूर्वाधर निर्माण नभएको |

श्रोत: आवधिक गाउँपालिका विकास योजना तर्जुमा सर्वेक्षण, २०७७

**तालिका नं. १.९ : पाटी, पौवा, चौतारा तथा प्रतिक्षालयहरू**

| पाटी, पौवा, चौतारा, प्रतिक्षालय | | | |
|---|---|---|---|
| **क.सं.** | **नाम** | **ठेगाना (स्थान)** | **वर्तमान अवस्था** |
| १ | पिल्सिङ गडि प्रतिक्षालय | वडा नं. १, पिल्सिङ गडि | सामान्य अवस्थामा रहेको |
| २ | त्रिवेणी प्रतिक्षलय | वडा नं. ३, विजयवास | सामान्य अवस्थामा रहेको |
| ३ | रिखेटार डाँडाटोल प्रतिक्षलय | वडा नं. ३, रिखेटार | सामान्य अवस्थामा रहेको |
| ४ | पिपलडाँडा पाटी | वडा नं. ४, पिपल डाँडा | सामान्य अवस्थामा रहेको |
| ५ | पाटी, पौवा, चौतारा, प्रतिक्षालय | वडा नं. ६, जरायोटार | सामान्य अवस्थामा रहेको |
| ६ | प्रतिक्षालय | वडा नं. ७, तल्लोगाउँ | निर्माणाधिन |

श्रोतः आवधिक गाउँपालिका विकास योजना तर्जुमा सर्वेक्षण, २०७७

## १.६ जनसाङ्खिक विवरण :

स्थानीय सरकारको हेसियतमा कृयाशिल रहेका स्थानीय तहलाई दिगो विकास निर्माणको आधारभुत जगको रुपमा स्थापित गर्दै तीव्र गतिको विकासका साथ समृद्धि निर्माणको बाटो प्रसस्त गर्नु आजको गहन जिम्मेवारी र अभिभारा पनि हो । मानवीय स्रोत र साधनको समयोचित प्रयोग बिना विकास असम्भव छ भन्ने कुरा बिश्वका बिभिन्न घट्ना तथा परिवेशले स्पष्ट पारिसकेको अवस्था छ । कुनै पनि क्षेत्रको विकासको अर्को एक प्रमुख आधार त्यस क्षेत्रको जनसङ्ख्या र त्यसको बनोट पनि हो । लोक-कल्याणकारी नीतिहरूको निर्माण र कार्यान्वयन त्यतीखेर मात्र सफल हुन सक्दछ जतिखेर जनसङ्ख्याको संरचनालाई विशेष महत्व दिदै मानवीय स्रोतको सहि पहिचान र परिचालन गर्न सिकन्छ । मानव आवश्यकता बमोजिम विकास निर्माणलाई अघि बढाउन उत्पादनसील उमेर समुह तथा महिला-पुरुषको संख्या तथा तीनको क्षमताको पहिचान एक महत्वपूर्ण पक्ष हो भने अर्को पक्ष सम्बन्धित स्थानीय तहको क्षेत्रफल र उक्त क्षेत्रफलमा बसोवास गर्ने जनसमुदायको जनघनत्व र तीनले उपभोग गरिरहेको सेवा सुविधा तथा भावी आवश्यकता हुन ।

अरुण घरपरिवार सर्वेक्षण, २०७७ अनुसार यस गाउँपालिकाका कुल ३५३६ घरपरिवारमा पुरुष ९२५७ (५१.९३ %) र महिला ८५६७ (४८.०६ %) तथा तस्रो लिङ्गी २ (०.०१%) समेत गरी कुल जनसङ्ख्या १७८२६ जना रहेको पाईएको छ । यो सङ्ख्या राष्ट्रिय नजगणना २०६८ लाई आधार मानि राष्ट्रिय पुनसंरचना आयोगले तयार पारेको विवरणका आधारमा १३९ जना (०.७९ %) ले बढी रहेको छ । वडागत विवरणका आधारमा हेर्दा सबै भन्दा वडा नं. १ मा ३९८० (कुल जनसङ्ख्याको २२.३२ %) रहेको छ भने सबै भन्दा कम वडा नं. ७ मा ११५१ (कुल जनसङ्ख्याको (६.४६ %) रहेको छ । वडागत रुपमा जनसङ्याको वर्तमान उपस्थितिको अवस्था हेर्दा वडा नं. १, २ र ७ बाहेक सबै वडामा विगतको तुलनामा जनसङ्ख्या घटेको देखिएको छ । घरपरिवारको उपस्थिति लाई हेर्दा सबै भन्दा बढी र घटी पनि क्रमस वडा नं. १ र ७ मा नै रहेको छ । औषत घरपरिवार सङ्ख्या ५.०४ रहेको यस गाउँपालिकामा महिला र पुरुषको उपस्थिति वा लैङ्गिक अनुपात ०.९३ रहेको छ भने जनघनत्व ११५.१८ प्रति वर्ग कि.मि. रहेको अवस्था छ । उपरोक्त उल्लेखित तथ्याङ्कको विस्त्रित विवरण तालिका नं. .१.१० र १.११ तथा चित्र नं. १.७ मा उल्लेख गरिएको छ ।

तालिका नं.१.१०: गाउँपालिकाको घरपरिवार तथा जनसङ्ख्या सम्बन्धी विवरण

| **घरपरिवार र जनसङ्ख्या सम्बन्धी विवरण** | | | | | | **राष्ट्रिय जनगणना २०६८** |
|---|---|---|---|---|---|---|
| **वडा नं** | **घरपरिवार** | **पुरुष** | **महिला** | **तेस्रो लिङ्गी** | **जम्मा जनसङ्ख्या** | |
| १ | ६९४ | २०८६ | १८९४ | | ३९८० | ३०१९ |
| २ | ६३२ | १६२८ | १५१३ | | ३१४१ | २९०१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ३६२ | ८९५ | ८३१ | १ | १७२७ | २४०४ |
| ४ | ५५४ | १२८७ | १०९३ | | २३८० | २७९९ |
| ५ | ४२० | १०४४ | १०३७ | १ | २०८२ | २६१६ |
| ६ | ६७४ | १७०५ | १६६० | | ३३६५ | २९१८ |
| ७ | २०० | ६१२ | ५३९ | | ११५१ | १०३० |
| **जम्मा** | **३५३६** | **९२५७** | **८५६७** | **२** | **१७८२६** | **१७६८७** |
| **बढेको को सङ्ख्या** | | | | | **१३९** | |
| **%** | | **५१.९३** | **४८.०६** | **०.०१** | **०.७९** | |
| **जनघनत्व प्रति बर्ग कि.मि** | | | | | **११५.१८** | |

श्रोतः अरुण गाउँपालिका प्रोफाइल/वस्तुगत विवरण, २०७७

**चित्र नं. १.७: घरपरिवार तथा जनसङ्ख्या  वितरणको वडागत अवस्था**




**तालिका नं. १.११: वडागत लैङ्गिक अनुपात तथा औषत घरपरिवार संख्या सम्बन्धी विवरण**

| वडागत लैङ्गिक अनुपात तथा औषत घरपरिवार संख्या सम्बन्धी विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **वडा नं** | **कुल जनसङ्ख्या** | **पुरुष** | **महिला** | **तेस्रो लिङ्गी** | **घरपरिवार संख्या** | **लैङ्गिक अनुपात** | **औषत घरपरिवार** |
| १ | ३९८० | २०८६ | १८९४ | | ६९४ | ०.९१ | ५.७३ |
| २ | ३१४१ | १६२८ | १५१३ | | ६३२ | ०.९३ | ४.९७ |
| ३ | १७२७ | ८९५ | ८३१ | १ | ३६२ | ०.९३ | ४.७७ |
| ४ | २३८० | १२८७ | १०९३ | | ५५४ | ०.८५ | ४.३० |
| ५ | २०८२ | १०४४ | १०३७ | १ | ४२० | ०.९९ | ४.९६ |
| ६ | ३३६५ | १७०५ | १६६० | | ६७४ | ०.९७ | ४.९९ |
| ७ | ११५१ | ६१२ | ५३९ | | २०० | ०.८८ | ५.७६ |
| **जम्मा** | **१७८२६** | **९२५७** | **८५६७** | २ | **३५३६** | ०.९३ | ५.०४ |

श्रोतः अरुण गाउँपालिका प्रोफाइल/वस्तुगत विवरण, २०७७

### १.६.१ जातजातीका आधारमा घरपरिवार तथा जनसङ्ख्या वितरण

जातीय एकता नेपालीको सर्व स्वीकार्य पहिचान हो । घरपरिवार सर्वेक्षणका आधारमा यस गाउँपालिका भित्र २२ भन्दा बढी जातजातीको बसोबास रहेको पाईएको छ । जातीय एकता नेपालको समृद्धि निर्माण र स्थानीय विकासको एक प्रमुख आधार समेत हो । यस गाउंपालिका भित्र बसोबास गर्ने जातजाती मध्ये सवै भन्दा बढी ४०५१ (कुल जनसङ्ख्याको २२.७३ %) राई, ४७४२ (कुल जनसङ्ख्याको २६.६ %) ब्राम्हण तथा क्षेत्री, ३०२६ (कुल जनसङ्ख्याको १६.९८ %) मगर, १८१९ (कुल जनसङ्ख्याको १०.२० %) नेवार जातीहरूको बसोबास रहेको पाईएको छ । यसरी यस गाउँपालिका क्षेत्र भित्र मुख्य गरी राई, ब्राम्हल तथा क्षेत्री, मगर, नेवार तथा तामाङ् जातीको बाहुल्यता देखिएको छ भने ११ जाती १ % तल वा लोपोन्मुख अवस्थामा रहेको पाईएको छ । जातजातीका आधारमा गाउँपालिका भित्र बसोबास गर्ने घरपरिवार र जनसङ्ख्याको विस्त्रित विवरण तालिका नं. १.१२ र चित्र नं. १.८ मा उल्लेख गरिएको छ ।

**तालिका नं. १.१२: जातजाति अनुसार जनसङ्ख्या विवरण**

| जातजाति अनुसार जनसङ्ख्या सम्बन्धी विवरण | | | |
|---|---|---|---|
| **क्र.सं.** | **जात/जाति** | **जनसङ्ख्या** | **%** |
| १ | राई | ४०५१ | २२.७३ |
| २ | क्षेत्री | ३५९० | २०.१४ |
| ३ | मगर | ३०२६ | १६.९८ |
| ४ | नेवार | १८१९ | १०.२० |
| ५ | तामाङ | १२८८ | ७.२३ |
| ६ | ब्राम्हण | ११५२ | ६.४६ |
| ७ | घर्ती/भूजेल | ७४३ | ४.१७ |
| ८ | दलित | ६७४ | ३.७८ |
| ९ | अन्य | ४६५ | २.६१ |
| १० | कामी | २७३ | १.५३ |
| ११ | दमाई/ढोली | २०२ | १.१३ |
| १२ | माँझी | १३० | ०.७३ |
| १३ | सार्की | ११७ | ०.६६ |
| १४ | कुमाल | ९१ | ०.५१ |
| १५ | गाईने | ७८ | ०.४४ |
| १६ | ठकुरी | ४४ | ०.२५ |
| १७ | दराई | २४ | ०.१३ |
| १८ | बादी | २३ | ०.१३ |
| १९ | बह्मु/ बरामो | २० | ०.११ |
| २० | घले | ८ | ०.०४ |
| २१ | गुरुङ | ६ | ०.०३ |
| २२ | कमार | २ | ०.०१ |
| | **जम्मा** | **१७८२६** | १००.०० |

श्रोतः अरुण गाउँपालिका प्रोफाइल/वस्तुगत विवरण, २०७७

**चित्र नं.१.८ जातजाति अनुसार जनसङ्ख्या**




**१.६.२ उमेर समूह तथा लैङ्गिकताका आधारमा जनसङ्ख्या वितरण**

अरुण गाउँपालिकाको जनसङ्ख्यालाई जम्मा १६ वटा उमेर समूहमा राखेर अध्ययन गर्दा ४ वर्ष मुनिका ११७५, ५ देखि ९ वर्ष सम्मका १६१४, १० देखि १४ वर्षका १७१४ तथा १५ देखि १८ वर्षका १४२७ गरी ० देखि १८ वर्ष सम्म उमेर समूहका बालबालिकाको सङ्ख्या ३०३९ बालक र २८९१ बालिका गरी कुल ५९३० (कुल जनसङ्ख्या को ३३.२७ %) रहेको अवस्था छ । यसै गरी सकृय उमेर समूह भित्र पर्ने १९ वर्ष देखि ५९ वर्ष सम्मका पुरुष ५१८३ तथा महिला ४६६२ गरी कुल ९८४५ (कुल जनसङ्ख्याको ५५.२३ %) रहेको छ भने यसै उमेर समूहका २ जना तस्रो लिङ्गी (कुल जनसङ्ख्याको ०.०१ %) भिने अर्ध सकृया उमेर भन्नाले ६० देखि ७४ वर्ष सम्मका पुरुष ८०४ र महिला ७९९ गरी १६०३ (कुल जनसङ्ख्याको ८.९९ %) साथै ७५ वर्ष भन्दा माथि उमेर समूहमा पुरुष २३१ र महिला २१५ गरी ४४६ जना (कुल जनसङ्ख्याको २.५०%) मात्र रहेको पाईएको छ। घरपरिवार सर्वेक्षण बाट प्राप्त विवरणका आधारमा यस गाउँपालिका भित्र **सकृय उमेर समूहको उपस्थिति त्यसमा पनि १९ देखि २० बर्षको सङ्ख्या उल्लेख्य रहेको र बिशेषत बिदेश जान रुचाउने उमरे समूह समेत यहि रहने भएकाले यो समूहलाई बिदेशिन बाट रोक्न तथा अर्ध सकृय उमेर समूह सँग उपलब्ध ज्ञान र सिपलाई यस सँग ऐक्यवद्धता गर्न सकेमा विकास निर्माण र सेवा प्रवाहमा यस पालिकाले छोटो समयमानै गणनायोग्य तथा दिगो विकास लक्ष्य बमोजिमको प्रतिफल प्राप्त गर्न सक्ने अवस्था रहेको छ ।** उल्लेखित तथ्याङ्कहरूको विस्त्रित विवरण तालिका नं. १.१३ र चित्र नं. १.९ मा उल्लेख गरिएको छ।

**तालिका नं. १.१३ः उमेर समूह तथा लिङ्ग अनुसार जनसङ्ख्या विवरण**

| उमेर समूह तथा लिङ्ग अनुसार जनसङ्ख्या विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| **उमेर** | **पुरुष** | **महिला** | **तेस्रो लिगं** | **जम्मा** | **सकृय उमेरका आधारमा जम्मा** | **%** |
| ०-४ | ६०० | ५७५ | | ११७५ | ५९३० | ३३.२७ |
| ५ देखि ९ | ८०६ | ८०८ | | १६१४ | | |
| १० देखि १४ | ८९१ | ८२३ | | १७१४ | | |
| १५-१८ | ७४२ | ६८५ | | १४२७ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९-२४ | ११०७ | १००९ | | २११६ | | |
| २५-२९ | ९९३ | ८२५ | | १८१८ | | |
| ३०-३४ | ७५३ | ६०० | | १३५३ | | |
| ३५-३९ | ६४६ | ५७८ | | १२२४ | | |
| ४०-४४ | ४७६ | ४१० | १ | ८८७ | | ५५.२४ |
| ४५-४९ | ३९९ | ४०५ | १ | ८०५ | | |
| ५०-५४ | ३९५ | ४०६ | | ८०१ | | |
| ५५-५९ | ४१४ | ४२९ | | ८४३ | ९८४७ | |
| ६०-६४ | ३४४ | ३५५ | | ६९९ | | |
| ६५-६९ | २७१ | २५८ | | ५२९ | | ८.९९ |
| ७०-७४ | १८९ | १८६ | | ३७५ | १६०३ | |
| ७५+ | २३१ | २१५ | | ४४६ | ४४६ | २.५० |
| **जम्मा** | ९२५७ | ८५६७ | २ | १७८२६ | १७८२६ | १००.० |

श्रोत: अरुण गाउँपालिका प्रोफाइल/वस्तुगत विवरण, २०७७

**चित्र नं.१.९: उमेर समूहका आधारमा जनसङ्ख्या**




## १.७ आर्थिक विकास

आर्थिक समृद्धि मानव सभ्यता र विकासको एक प्रमुख आधार स्तम्भ र सूचक हो । कुनै पनि स्थान र क्षेत्रमा उपलब्ध रहेका वा हुने स्रोत र साधन साथै उक्त क्षेत्रमा सञ्चालित आर्थिक कृयाकलाप र त्यसमा आधारित विकास आर्थिक समृद्धिका प्रमुख आधारहरू हुन । कुनै पनि स्थान र क्षेत्रमा बसोवास गर्ने मानिसहरूले दैनिक रुपमा सञ्चालन गर्ने आर्थिक उपार्जन संग सम्बन्धित कृयाकलाप, उपलब्ध स्रोत र साधन तथा तीनको समुचित सदुपयोग साथै त्यस बाट प्राप्त प्रतिफलका आधारमा यस क्षेत्र भित्र बसोवास गर्ने नागरिकको आर्थिक अवस्था र जीवन स्तरको पहिचान हुन सक्दछ । आवधिक गाउँपालिका विकास योजना तयारीका सन्दर्भमा गरिएको स्थलगत अवलोकन तथा वडा स्तरमा गरिएको सामुहिक छलफल र विगतको अवस्था समेत बाट प्राप्त विवरणका आधारमा अरुण गाउँपालिकाको वर्तमान अवस्थाको अध्ययन गर्दा

यस क्षेत्र भित्र बसोवास गर्ने गाउँपालिकाबासिहरूले अवलम्बन गर्ने आर्थिक गतिविधिका विषयगत क्षेत्र र तीनको आर्थिक हैसियतका विषय देहाय बमोजिम रहेको देखिन्छ ।

**१.७.१ बिभिन्न पेशा व्यवसायमा संलग्नको विवरण:**

पेशा व्यवसाय वा काम आर्थिक समृद्धि निर्माणको एक प्रमुख मार्ग मात्र हैन यसले मानसिक तथा शारीरिक सकृयतालाई समेत चलायमान बनाउने हुँदा स्वास्थ्य सँग समेत यसको प्रत्यक्ष प्रभाव रहन्छ । विकसित मुलक र हामिमा यहि फरक छ कि उनिहरू कामलाई स्वास्थ्य र सुख सँग जोडेर हेर्दछन भने हामि काम गर्नु लाई दुःख र नगर्नुलाई शुख ठान्दछौ । आजको यस आधुनिक र प्रतिस्पर्धात्मक दुनियमा हाम्रो परम्परागत सोचलाई परिवर्तन गर्न आवश्यक छ । यस गाउँपालिका भित्र बसोबास गर्ने कुल जनसङ्ख्या मध्ये बालबालिका र विद्यार्थीलाई छाडेर सवै भन्दा बढी ८१५६ (कुल जनसङ्ख्याको ४५.७५ %) कृषि तथा पशुपालनमा सम्लग्न रहेको पाईएको छ भने नोकरीमा ५४९ (कुल जनसङ्ख्याको ३.०८ %) सम्लग्न रहेको अवस्था छ । यस पालिकाका १०१७ जना (कुल जनसङ्ख्याको ५.७१ %) वैदेशिक रोजगारीमा गएको पाईएको छ भने ५०७ (कुल जनसङ्ख्याको २.८४ %) व्यापार व्यवसायमा गरिरहेका छन् । कुल जनसङ्ख्या मध्ये १६६५ (कुल जनसङ्ख्याको ९.३४ %) कुनै काममा सम्लग्न नरहेको तथा बेरोजगार रहेका छन् भने बिशुद्ध घरधन्दामा सम्लग्न रहनेको सङ्ख्या २७२५ (कुल जनसङ्ख्याको १५.२९ %) रहेको पाईएको छ । हाम्रो परम्परागत सोच, आचरण र ब्यवहारका कारण पक्कै पनि यो सङ्ख्या गृहिणीको हुनु पर्दछ । यस पालिका भित्र तीन खम्बे अर्थनीतिमा आधारित भएर हेर्दा आर्थिक समृद्धिको एक प्रमुख सम्वाहकको रुपमा मानिएको उद्योगमा लाग्नेको सङ्ख्या ७८ मात्र रहेको छ । स्थानीयबासीको सिपको अवस्थाको अध्ययन गर्दा ८५२ (कुल जनसङ्ख्याको ४.७८ %) जना सँग कुनै न कुनै प्रकारको शिप समेत रहेको अवस्था छ । अरुण गाउँपालिका भित्र सञ्चालनमा रहेको ब्यापार व्यवसाय समेतको अवस्था अध्ययन गर्दा दाल चामल तथा किराना पसल ७५ वटा, होटल रेष्टुरेण्ट ३१ वटा, लत्ताकपडा ३४ वटा, मासु पसल १८ वटा, भाडाकुडा ७ र सुनका गहना पसल १० गरी कुल १७५ वटा रहेको विवरण प्राप्त भएको छ ।

जे होस यस गाउँपालिकाका सकृय उमेर समूहका गाउँपालिकाबासीहरू मध्ये धेरै जसो कुनै न कुनै रुपमा काममा सम्लग्न रहेको पाउनु आफैमा सकारात्मक पक्ष रहेको भएता पनि स्थानीय उत्पादनलाई औद्योगिक उत्पादनको कच्चा पदर्थमा परिणत गर्नुको साथै उत्पादकत्व बृद्धि र आर्थिक समृद्धिका क्षेत्रमा कुनै पनि काम गाउी बसेका, बेरोजगारी भनी उल्लेख गरिएका साथै बैदेशिक रोजागरीमा जाने सङ्ख्यालाई यहि सोरोजगार वा रोजगार बनाउन र सवै क्षेत्र र तहको उत्पादकत्व बृद्धि गरी आर्थिक समृद्धिको मार्ग बलियो र दिगो बनाउन थप प्रयासको खाँचो रहेको पाईएको छ । विभिन्न पेशा व्यवसायमा सम्लग्न रहेका वा अनुबन्धित रहेका गाउँपालिकाबासी र शिपयुक्त जनशक्तिको जनसांखिक विवरण तथा व्यवसायिक क्षेत्रको वर्तमान अवस्थिति तालिका नं. १.१४, १.१५ र १.१६ साथै चित्र नं. १.१०, १.११ र १.१२ मा उल्लेख गरिएको छ ।

**तालिका नं. १.१४: अनुबन्धीत क्षेत्रमा सम्लग्नताका आधारमा जनसङ्ख्या विवरण**

| क.सं. | अनुबन्ध रहेको क्षेत्र | जम्मा जनसङ्ख्या | % |
|---|---|---|---|
| १ | कृषि तथा खेती | ८१५६ | ४५.७५ |
| २ | अध्ययन | १७८५ | १०.०१ |
| ३ | अन्य पेशा | १३७ | ०.७७ |
| ४ | कुनै काम नगरेको | १२४० | ६.९६ |
| ५ | नोकरी | ५४९ | ३.०८ |
| ६ | ज्यालादारी | ८७५ | ४.९१ |
| ७ | दक्ष रोजगारी | ३३२ | १.८६ |
| ८ | वैदेशिक रोजगार | १०१७ | ५.७१ |
| ९ | व्यापार/व्यसाय | ५०७ | २.८४ |

| | | | |
|---|---|---|---|
| १० | विस्तारित आर्थिक काम/उद्योग | ७८ | ०.४४ |
| ११ | बेरोजगार | ४२५ | २.३८ |
| १२ | घरधन्दा | २७२५ | १५.२९ |
| **जम्मा** | | **१७८२६** | **१००.००** |

श्रोत: अरुण गाउँपालिका प्रोफाइल/वस्तुगत विवरण, २०७७

**चित्र नं.१.१०: पेशा व्यवसायमा सम्गलनताका आधारमा जनसङ्खया**




**तालिका नं.१.१५: सीपयुक्त जनशक्तिका आधारमा जनसङ्ख्या विवरण**

| क.सं. | विशेष सीप/ तालिम | जनसङ्ख्या | % |
|---|---|---|---|
| १ | सूचना तथा प्रविधि, इलेक्ट्रीकल र इलेक्ट्रोनिक्स (कम्प्युटर, विद्युत, मोवाईल, रेडियो घडि आदी | ११० | १२.९१ |
| २ | सिलाई बुनाई | १३६ | १५.९६ |
| ३ | बुटिक | १५ | १.७६ |
| ४ | सृंगार, पार्लर आदि | १४ | १.६४ |
| ५ | म्यासन | २२ | २.५८ |
| ६ | निर्माण सम्बन्धी | ६९ | ८.१० |
| ७ | कार्पेन्ट्री | ५० | ५.८७ |
| ८ | प्लम्बिंग | २९ | ३.४० |
| ९ | इञ्जिनियरिङ्ग | ३२ | ३.७६ |
| १० | अटोमोवाइल र मेकानिक्स | २० | २.३५ |
| ११ | कृषि सम्बन्धी (जेटी, जेटीएर खाद्य प्रसोधन आदि) | १८ | २.११ |
| १२ | जनस्वास्थ्य सम्बन्धी | ३२ | ३.७६ |
| १३ | पशुस्वास्थ्य सम्बन्धी | १० | १.१७ |
| १४ | वन सम्बन्धी | १२ | १.४१ |
| १५ | पर्यटन टुर गाइड, ट्राभल र सत्कार | २ | ०.२३ |
| १६ | होटल सम्बन्धी | ५५ | ६.४६ |

| | | | |
|---|---|---|---|
| १७ | सवारी चालक | १२२ | १४.३२ |
| १८ | हस्तकला सम्बन्धी | ८ | ०.९४ |
| १९ | चित्रकला | ७ | ०.८२ |
| २० | फोटोग्राफी | ८ | ०.९४ |
| २१ | अन्य | ८१ | ९.५१ |
| जम्मा | | ८५२ | १००.० |
| कुल जनसङ्ख्याको % | | १७८२६ | ४.७८ |

श्रोत: अरुण गाउँपालिका प्रोफाइल/वस्तुगत विवरण, २०७७

**चित्र नं.१.११: गाउँपालिका भित्र सञ्चालनमा रहेका पसल व्यवसायको विवरण**




**तालिका नं.१.१६: पसल व्यवसाय सम्बन्धी विवरण**

| क.सं. | पसल व्यवसायको नाम | वडा नं. | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| १ | दाल, चामल तथा किराना पसल | ० | १० | २० | २० | १० | ११ | ४ | ७५ |
| २ | होटल, रेष्टुरेण्ट, चिया, खाजा तथा खाना पसल | ५ | २ | १० | ० | १ | ११ | २ | ३१ |
| ३ | लत्ता कपडा पसल (थान) | १ | २ | ४ | ५ | ४ | १ | १ | १८ |
| ४ | कपडा पसल (रेडिमेड) | १ | २ | १० | ० | २ | १ | ० | १६ |
| ५ | मासु पसल (माछा समेत) | २ | २ | ७ | २ | १ | ३ | १ | १८ |
| ६ | भाँडाकुँडा पसल | | २ | ३ | ० | १ | १ | ० | ७ |
| ७ | सुनका गहना पसल | १ | २ | ३ | ० | १ | ३ | ० | १० |
| जम्मा | | ११ | २४ | ६० | ३१ | २५ | ३७ | १५ | १७५ |

श्रोत: अरुण गाउँपालिका प्रोफाइल/वस्तुगत विवरण, २०७७

चित्र नं.१.१२: व्यवसायिक क्षेत्रको वर्तमान अवस्थिति



### १.७.२ खाद्य सुरक्षाको अवस्था

अरुण गाउँपालिका भित्र वर्तमान खाद्य सुरक्षाको अवस्थाको अध्ययन गर्दा यस गाउँपालिकाको प्रोफाइल/ बस्तुगत विवरण, २०७७ का आधारमा यस पालिका क्षेत्र भित्र बसोबास गर्ने घरपरिवार हरू मध्ये आफ्नै कृषि उत्पादनले १० देखि १२ महिना खान पुग्ने परिवारको सङ्ख्या ६५२ (कुल घरपरिवारको १८.४४ %) रहेको पाईएको छ भने ३ महिना पनि खान नपुग्ने घरपरिवारको सङ्ख्या ४५६ (कुल घरपरिवारको १२.८९ %)रहेको देखिन्छ । समग्र घरपरिवारहरू मध्ये २४७ (कुल घरपरिवारको ६.९ %) घरपरिवारको आफ्नो उत्पादन नभएको तथा आफ्नो दैनिक आवश्यकता पुर्ताल गर्नकालागि अरुको उत्पादनमा भर पर्नु पर्ने अवस्था रहेको देखिएको छ । यस गाउँपालिकाका स्थानीयबासीले आफ्नो कृषि उत्पादनले नधानेको अंस अधियाँ कमाई गरेर, नोकरी वा ज्याला मजदुरी गरेर, व्यापार व्यवसाय गरेर, पशुपन्छी वा तीनबाट उत्पादित बस्तु बिक्री वितरण गरेर, बैदेशिक रोजगारी तथा बैंक बित्तीय संस्थाबाट ऋण लिएर पुर्ताल गरिरहेको वा गुजारा टारिरहेको अवस्था रहेको पाईएकोछ । उल्लेखित विवरणका आधारमा यस पालिकाको अधिकाधिक जग्गा जमिन कृषि उत्पादनका क्षेत्रमा रहेको भएता पनि आफ्नै उत्पादनले बर्ष भरी खान पुग्ने परिवारके सङ्ख्या न्यून रहनुको मुल कारणहो हाम्रो कृषि पेशा परम्परागत र गुजारामूखि रहेको सुनिस्चित देखिन्छ । तसर्थ यती धेरै सम्भावना बोकेको यस पालिकामा आवधिक गाउँपालिका विकास योजना मार्फत कृषि तथा पशुपालनको अधुनिकिकरण र व्यवसायिकिकरण अनिवार्य देखिएको छ । समग्रमा यस गाउँपालिका भित्र बसोबास गर्ने सम्पूर्ण घरपरिवारको आफ्नै कृषि उत्पादनको आत्मनिर्भरताको विस्त्रित विवरण तालिका नं. १.१७ र चित्र नं. १.१३ मा उल्लेख गरिएको छ भने यसको थप अध्ययनकालागि यसै गाउँपालिकाको प्रोफाइल/बस्तुगत विवरण, २०७७ मा उल्लेख भएको छ

**चित्र नं. १.१३: आफनो कृषि उत्पादनले खान पुग्ने अवधिका आधारमा घरपरिवार**




**तालिका नं. १.१७: आफनै कृषि उत्पादनले खान पुग्ने अवधिका आधारमा घरपरिवार**

| वडा | घरपरिवार संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बर्षभरिनै पुग्ने र बचत समेत गर्ने | १०-१२ महिना सम्म | ७-९ महिना सम्म | ४-६ महिना सम्म | ३ महिना भन्दा कम | उत्पादन नगर्ने | जम्मा घरपरिवार संख्या |
| १ | १२८ | ८३ | १२९ | २३९ | ५७ | ५८ | ६९४ |
| २ | ५६ | १९३ | १५८ | १६८ | ५३ | ४ | ६३२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | ६१ | ९९ | ७१ | ६० | ४२ | २९ | ३६२ |
| ४ | ३१ | १०९ | १०९ | २११ | ८३ | ११ | ५५४ |
| ५ | ३ | ४८ | ८३ | १२१ | १३४ | ३१ | ४२० |
| ६ | २९ | ९६ | १८३ | २२९ | ५६ | ८१ | ६७४ |
| ७ | १९ | २४ | ४६ | ४७ | ३१ | ३३ | २०० |
| **जम्मा** | **३२७** | **६५२** | **७७९** | **१०७५** | **४५६** | **२४७** | **३५३६** |
| **%** | **९.२५** | **१८.४४** | **२२.०३** | **३०.४०** | **१२.८९** | **६.९** | **१००.०** |

श्रोत: अरुण गाउँपालिका प्रोफाइल/वस्तुगत विवरण, २०७७

### १.७.३ भू-स्वामित्वको अवस्था

अरुण गाउँपालिकाका स्थानीयबासी घरपरिवारले प्रयोग वा उपभोग गर्दै आउनुभएको जग्गा जमिनको प्रकृति केलाएर हेर्दा खेत, पाखोबारी, बन तथा ऐलेनी जग्गामा बिभक्त रहेको र सोहि बमोजिम उपभोग हुँदै आएको देखिन्छ । स्थालगत सर्वेक्षण विवरणका आधारमा उपभोगकालागि उपलब्ध जग्गा जमिन मध्ये ग्रामिण क्षेत्रमा बसोवास गर्ने अधिकांस घरपरिवार सँग कृषि योग्य जग्गा जमिन रहेको अवस्था छ । नेपाल कृषि प्रदान देश हो । यस गाउँपालिकाको मुख्य आर्थिक विकासको आधार कृषिनै भएको तथा अधिकांश मानिसहरू कृषि पेशामानै निर्भर रहेको पाउनुले पनि कृषिको व्यवशायिकिकरण अवको आर्थिक विकासको प्रमुख आधार बनन पुगेको छ । यस पालिकाको आर्थिक विकास र समृद्धिकालागि गरिवी न्यूनिकारणमा आधारित कृषि योग्य जमिनको उत्पादकत्व बृद्धि र कृषिको लागि अनुपयुक्त रहेका जग्गा जमिनको प्रयोगको बैकल्पिक व्यवस्था समेतको आवधिक योजनाको तर्जुमा र उक्त योजनामा आधारित कार्यक्रम सञ्चालन तथा व्यवस्थापन नै हो ।

मानव समुदायको स्थायीत्व वा स्थायी बसोबासकालागि आवश्यक बिबिध विषय मध्ये जग्गा जमिनको उपलब्धता र त्यसमा उस्को स्वामित्वको विषयले समेत निकै ठूलो प्रभाव पार्दछ । पारिवारिक वा व्यक्तिगत रुपमा उपलब्ध जग्गा जमिन र त्यसमा अन्तरनिहित अधिकार स्थायीत्वको एक प्रमुख कारक समेत मानिने गरिन्छ मात्रै नभै सुरक्षाको प्रत्याभुतिको आधार समेत मानिने गरिन्छ । यस गाउँपालिका क्षेत्र भित्र पारिवारिक रुपमा जग्गा जमिनको स्वामित्व ( लालपूर्जा) को अवस्था का बारेमा गाउँपालिकाको प्रोफाइल/वस्तुगत विवरण, २०७७ का आधारमा कुल ३५३६ घरपरिवार मध्ये १९४२ (कुल घरपरिवारको ५४.९२ %) घरपरिवारको आफ्नै परिवारका सदस्यको नाममा स्वामित्व (लालपुर्जा) रहेको पाईएको छ भने १५९४ (कुल घरपरिवारको ४५.०८ %) परिवारको नाममा स्वामित्व (लालपुर्जा) नरहेको अवस्था देखिएको छ । आफ्नै स्वमित्वमा रहेको जग्गा जमिनको मात्रात्मक अवस्थाको हकमा भने कुल घरपरिवार मध्ये ५ रोपनी भन्दा कम जग्गा जमिन हुने घरपरिवार सङ्ख्या १०७३, ५ देखि १० रोपनी सम्म हुने ३५६, ११ देखि २० रोपनी हुने ३१४ तथा २० रोपनी भन्दा माथि हुने १९९ घरपरिवार रहेका छन् । समग्रमा यस पालिका भित्र जग्गा जमिन नहुने परिवारको सङ्ख्या निकै ठूलो रहेको कारण आफ्नै स्वमित्वमा जग्गा जमिन नहुने परिवारलाई जग्गा जमिनको मालिक वा रोजगार बनाएर सहज मात्र हैन गुणात्मक जीबन यापन गर्न सक्ने वातावरणको श्रृजना गर्न आवधिक गाउँपालिका विकास योजनाले सम्बोधन गर्न अनिवार्य देखिएको छ । जग्गा जमिनमा परिवारको स्वामित्व रहे नरहेको तथा जग्गा जमिनको मात्रा सम्बन्धी विवरण तालिका नं. १.१८ र १.१९ साथै चित्र नं. १.१४ र १.१५ मा उल्लेख गरिएको छ ।

**तालिका नं.१.१८: जग्गा जमिनमा आफ्नो स्वामित्व भए नभएको आधारमा घरपरिवार विवरण**

| क.सं. | जग्गा | वडा | | | | | | | जम्मा | % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| १ | भएका | ९६ | ५२५ | ३३६ | २५७ | ३८८ | २१३ | १२७ | १९४२ | ५४.९२ |
| २ | नभएका | ५९८ | १०७ | २६ | २९७ | ३२ | ४६१ | ७३ | १५९४ | ४५.०८ |
| जम्मा संख्या | | ६९४ | ६३२ | ३६२ | ५५४ | ४२० | ६७४ | २०० | ३५३६ | १००.०० |

श्रोत: अरुण गाउँपालिका प्रोफाइल/वस्तुगत विवरण, २०७७

चित्र नं. १.१४: जग्गाको लालपुर्जा भएको र नभएको घरपरिवार संख्या




चित्र नं. १.१५: परिवारका सदस्यका नाममा उपलब्ध रहेको जग्गा जमिनको मात्रा



**तालिका नं. १.१९: परिवारका सदस्यका नाममा उपलब्ध रहेको जग्गा जमिनको मात्रा**

| परिवारका सदस्यका नाममा उपलब्ध रहेको जग्गा जमिन | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नं | रोपनी | | | | | जम्मा परिवार संख्या |
| | ५ भन्दा कम | ५ देखि १० | ११ देखि २० | २० भन्दा माथि | जग्गा नभएको | |
| १ | ९३ | १ | २ | ० | ५९८ | ६९४ |
| २ | २४९ | १४५ | १०० | ३१ | १०७ | ६३२ |
| ३ | १२२ | ८४ | ९० | ४० | २६ | ३६२ |
| ४ | ५८ | ३४ | ५९ | १०६ | २९७ | ५५४ |
| ५ | २४६ | ६९ | ५७ | १६ | ३२ | ४२० |
| ६ | १९४ | ७ | ६ | ६ | ४६१ | ६७४ |
| ७ | १११ | १६ | ० | ० | ७३ | २०० |
| जम्मा | १०७३ | ३५६ | ३१४ | १९९ | १५९४ | ३५३६ |

श्रोत: अरुण गाउँपालिका प्रोफाइल/वस्तुगत विवरण, २०७७

### १.७.४ आफु बसेको घरको स्वमित्व र घरको बनोट

आवास र त्यसमा उपलब्ध सेवा सुविधा मानव सभ्यता र विकास मापनको अर्को एक सूचकको रुपमा लिईन्छ । घर मानिसको सुरक्षित बसोबासको प्रमुख आधार पनि हो । यसलाई मानव जातीको सुरक्षाको एक प्रमुख साधनको रुपमा समेत मानिन्छ । हाम्रा पारिवारिक दैनिकिहरूको सञ्चालन व्यवस्थापन मात्र हैन सुरक्षाको सुनिस्चितता समेत यहि बाट प्राप्त हुने गर्दछ । हाम्रा आवसहरू सामाजिक र आर्थिक रुपले सुरक्षित मात्र हैन सम्भावित प्राकृतिक प्रकोप बाट समेत सुरक्षित रहन अति आवश्यक छ र रहन्छ पनि ।

अरुण गाउँपालिका भित्र बसोबास गर्नेहरूको आफु बसोबास गरिरहेको घरको स्वामित्वको अध्ययन गर्दा अरुण गाउँपालिकाको प्रोफाइल/वस्तुगत विवरण, २०७७ का आधारमा कुल ३५३६ घर परिवार मध्ये ३०६४ (८६.६५ %) परिवारको आफ्नै निजी घर रहेको तथा १०१ (२.८६ %) अरुको घरमा भाडामा बसिरहेको पाईएको छ । यस पालिका भित्र बसोबास गर्ने घरपरिवार मध्ये ३४९ को हकमा भने भोगचलनमा रहेका तर स्थायी पूर्जा प्राप्त भै नसकेको **साथै ६** घरपरिवार सार्वजनिक भवन र ३ घरपरिवार संस्थागत घरमा बसोबास गरिरहेको अवस्था छ ।

सुरक्षित आवासको प्रत्याभुति यसको बनोटमा निर्भर रहने गर्दछ । अरुण गाउँपालिका भित्र बसोबास गर्ने गाउँपालिकाबासीहरूको घरको बनोट र त्यसको अवस्थस्थाका बारेमा अध्ययन गर्दा कुल ३५३६ घरपरिवार मध्ये ९२.६५ % घरको जग माटो तथा ढुँगाको रहेको छ भने मात्र २१ वटा घर फ्रेम स्ट्रक्चरले बनेको तथा १५४ घर काठको खम्बा प्रयोग गरी बनाईएको अवस्था पाईएको छ । घर छाप्नको लागि प्रयोग गरेको बस्तुको बारेमा अध्ययन गर्दा १९६४ (कुल घर सङ्ख्याको ५५.५४ %) टिना वा जस्तापाताले छाएका छन भने १५१९ (कुल घर सङ्ख्याको ४२.९६ %) घर खरले छाएका छन् । यस पालिका भित्र ५ वटा घर स्याउलाले र २ वटा घर माटोले छाएका समेत देखिएको छ । फ्रेम स्ट्रक्चरले बनेका २१ वटा घर मध्ये १२ वटा घर अर.सि.सि. ढलान गरिएका छन् । घरको बनोट भूकम्प प्रतिरोधि रहे नरहेको बारेमा थप अध्ययन गर्दा यस पालिका भित्रका ३१९९ (कुल घरपरिवारको ९०.४७ %) घरहरू भूकम्प प्रतिरोधी नरहेको अवस्था देखिएको छ । मानव जीबनले भोग्नु पर्ने विभिन्न प्रकोप मध्ये भूकम्प एक प्रमुख विपत्तीको रुपमा लिने गरिन्छ । प्राकृतिक प्रकोप र बिपत्ती कहिले कहि अकल्पनिय समेत भएर आउने गर्दछन् । नेपालमा विभिन्न समय लगायत २०७२ सालमा आएको भुकम्पको प्रकोप बाट लाखौ घरको क्षति हुन पुगेको साथै हजारौ मानिसले अकाल तथा अल्पायुमै ज्यान गुमाउनु परेको पिडा आझ पनि हाम्रो सामु अकल्पनीय तस्विर जस्तै भएर बसेका छन् । हाम्रै आँखा अगाडी ढेलको धरहराको दृष्यले अहिले पनि घच्घच्याई रहेको छ । नेपाल सरकारले पुनरनिर्माण प्राधिकरणनै गठन गरेर यसरी भत्किएका पारिवारिक घर,

विद्यालय, पुरातात्विक महत्वको मठ मन्दिर तथा धार्मिक स्थल निर्माणलाई तिब्रता दिएकै कारण यस अवधिमा बिपत्तीमा परेका लाखौं परिवारले राहत र सुरक्षित महसुस गरिरहेका छन भने धरहराले पुनरजन्म पाएको छ । यो समग्र अवस्थाका मूल्याङ्कन गर्दा यस गाउँपालिकाले आफ्ना पालिकाबासीलाई सुरक्षित आवासको सुनिस्चितताका तथा भावीश्यमा आउने प्रकृतिक बिपत्ती बाट धन जनको क्षति हुन नदिनकालागि बिगतमा निर्माण भएका र अव निर्माण गर्ने संरचनाहरू भुकम्प प्रतिरोधी बनाउने तर्फ आवश्यक प्रकृया अघि बढाउन अनिवार्य भएका कारण क्रमस घरहरूको स्तरोन्नती गर्दै जाने लक्ष्यका साथ सर्व प्रथम माटो, स्याउला तथा खरका छाना भएका घरलाई कम्तिमा जस्तापाताको छानामा परिवर्तन गर्न र भुकम्प प्रतिरोधी घरको निर्माणमा जोड दिन आवश्यक देखिएको छ । घरको स्वामित्व र बनोट सम्बन्धी विवरण तालिका नं. १.२० देखि १.२३ साथै चित्र नं. १.१६ देखि १.१९ मा उल्लेख गरिएको छ ।

**तालिका नं.१.२०: आफु बसिरहेको घर तथा भबनको स्वामित्वका आधारमा घरपरिवार**

| वडा | घर तथा भबनको स्वामित्व | | | | | | जम्मा घरपरिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| | निजी (आफ्नै घर) | बहालमा | सार्वजनिक | भोगचलनमा रहेका तर स्थायी पूर्जा प्राप्त भै नसकेको | संस्थागत | अन्य | |
| १ | ५३२ | ३ | | १५८ | | १ | ६९४ |
| २ | ६१० | १७ | | ३ | | २ | ६३२ |
| ३ | ३३६ | १३ | | ९ | | ४ | ३६२ |
| ४ | ५०४ | १४ | २ | ३१ | ३ | | ५५४ |
| ५ | ३९७ | २१ | | २ | | | ४२० |
| ६ | ४९६ | २९ | ४ | १३९ | | ६ | ६७४ |
| ७ | १८९ | ४ | | ७ | | | २०० |
| **जम्मा** | **३०६४** | **१०१** | **६** | **३४९** | **३** | **१३** | **३५३६** |
| **%** | **८६.६५** | **२.८६** | **०.१७** | **९.८७** | **०.०८** | **०.३७** | **१००.०** |

श्रोत: अरुण गाउँपालिका प्रोफाइल/वस्तुगत विवरण, २०७७

**चित्र नं.१.१६: घर तथा भबनको स्वामित्वको आधारमा घरपरिवार विवरण**



**तालिका नं.१.२१: बसोबास गरिरहेको घर (व्यक्तिगत) को जगको प्रकारको आधारमा घरपरिवार विवरण**

| क.सं. | जगंको प्रकार | वडा | | | | | | | जम्मा संख्या | % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| १ | माटो र ढुंगा | ६३० | ६०५ | ३४० | ५११ | ४१२ | ५८६ | १९२ | ३२७६ | ९२.६५ |
| २ | सिमेन्ट र ढुंगा | २३ | १० | ७ | २ | ५ | २१ | १ | ६९ | १.९५ |
| ३ | फ्रेम स्ट्रक्चर | ५ | ८ | ६ | | | | २ | २१ | ०.५९ |
| ४ | लोड बेरिंग | | | १ | | १ | २ | | ४ | ०.११ |
| ५ | काठको खम्बा | ३३ | ९ | ८ | ३६ | २ | ६२ | ४ | १५४ | ४.३६ |
| ६ | अन्य | ३ | | | ५ | | ३ | १ | १२ | ०.३४ |
| **जम्मा संख्या** | | **६९४** | **६३२** | **३६२** | **५५४** | **४२०** | **६७४** | **२००** | **३५३६** | **१००.००** |

श्रोतः अरुण गाउँपालिका प्रोफाइल/वस्तुगत विवरण, २०७७

**चित्र नं.१.१७: बसोबास गरिरहेको घरको जगको प्रकार का आधारमा घरपरिवार**




**तालिका नं.१.२२: घरको छानाको प्रकारका आधारमा घरपरिवार विवरण**

| क.सं. | घरको छानाको किसिम | वडा | | | | | | | घरपरिवार | % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| १ | स्याउला | ० | १ | १ | ० | ० | ३ | ० | ५ | ०.१४ |
| २ | खर | ३७३ | १९७ | ८७ | ३१० | १७३ | २८१ | ९८ | १५१९ | ४२.९६ |
| ३ | स्लेट | ४ | ० | २ | ० | ० | १ | ० | ७ | ०.२० |
| ४ | टायल | ० | २ | १ | १६ | ३ | १ | ० | २३ | ०.६५ |
| ५ | टीन वा | ३१६ | ४२८ | २६७ | २२५ | २४३ | ३८३ | १०२ | १९६४ | ५५.५४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | आर.सी.सी वा | १ | ३ | ३ | १ | ० | ४ | ० | १२ | ०.३४ |
| ७ | काठले छाएको | ० | ० | ० | १ | ० | ० | ० | १ | ०.०३ |
| ८ | माटोले छाएको | ० | ० | ० | १ | १ | ० | ० | २ | ०.०६ |
| ९ | अन्य | ० | १ | १ | ० | ० | १ | ० | ३ | ०.०८ |
| | **जम्मा संख्या** | **६९४** | **६३२** | **३६२** | **५५४** | **४२०** | **६७४** | **२००** | **३५३६** | **१००.०** |

श्रोत: अरुण गाउँपालिका प्रोफाइल/वस्तुगत विवरण, २०७७

**चित्र नं.१.१८: आफु बसेको घरको छानाको प्रकारको आधारमा घरपरिवार**




**चित्र नं.१.१९: भुकम्प प्रतिरोधि घर भए नभएको आधारमा घरपरिवार**



तालिका नं.१.२३: भुकम्प प्रतिरोधी घरको बनोटको आधारमा घरपरिवार

| क.सं. | भूकम्प प्रतिरोधी घर | वडागत | | | | | | | जम्मा | % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | | |
| १ | छ | ८८ | ३९ | ६१ | १६ | २८ | ३७ | ६८ | ३३७ | ९.५३ |
| २ | छैन | ६०६ | ५९३ | ३०१ | ५३८ | ३९२ | ६३७ | १३२ | ३१९९ | ९०.४७ |
| **जम्मा** | | **६९४** | **६३२** | **३६२** | **५५४** | **४२०** | **६७४** | **२००** | **३५३६** | १००.०० |

श्रोतः अरुण गाउँपालिका प्रोफाइल/वस्तुगत विवरण, २०७७

### १.७.५ सेवा सुविधा उपभोगको आधारमा घरपरिवार विवरणः

आर्थिक विकास र अवस्थाको अर्को सूचक मानिस तथा घरपरिवारले उपयोग गर्ने उपलब्ध स्रोत र साधनको प्रयोग पनि हो । आजको आधुनिक दुनियाँमा विभिन्न प्रकारका साधन र सुविधाको प्रयोग एक अनिवार्य सर्तको रुपमा स्थापित हुँदै आएका छन् । प्रत्येक घरपरिवारले यस्ता साधनको प्रयोग आफ्नो आर्थिक हैसियत र अवसरका आधारमा उपभोग गर्दै आई रहेका पनि छन् साथै यो प्रकृया आर्थिक हैसियतका आधारमा फरक फरक हुने गर्दछ । साधन र सुविधाको प्रयोग गर्ने संख्या आफ्नो आर्थिक हैसियत बमोजिम दिन प्रतिदिन बढ्दो अवस्थामा छ साथै रहनुपनि पर्दछ । व्यक्तिगत तथा घरायसी रुपमा प्रयोगमा आउने टेलिफोन लगायतको सञ्चार, बत्ती तथा उज्यालोको श्रोत, खाना पकाउने इन्धनको श्रोत तथा चुल्होका प्रकार, यातायात तथा ढुवानीका साधन लगायतका साधन र स्रोतको प्रयोगको मात्राले व्यक्ति, परिवार तथा गाउँपालिकाबासीको आर्थिक हैसियत र पारिवारिक व्यवस्थापनलाई समेत सूचित गर्ने गर्दछ साथै यसैका आधारमा स्थानीय सरकारको हैसियतमा पालिकाले भावि योजना तर्जुमा गर्ने गर्दछ । सेवा सुविधाको उपयोग वा प्रयोग गरिवी .मापनको अर्को एक सूचक भएका कारण यस पालिका समेत तल उल्लेख भएका विवरणका आधारम आवधिक गाउँपालिका विकास योजनाको दिगो स्वरुप निर्धारण गर्न अनिवार्य रहेको छ ।

#### १.७.५.१ बिद्युत सेवामा पहुँचको आधारमा घरपरिवार

वर्तमान आधुनिक दुनियाँमा सेवा उपभोगको हिसावले विद्युत मानव जीबनको एक प्रमुख र अभिन्न अङ्गको रुपमा स्थापित भएको छ । उज्यालो व्यवस्थापनकालागि होस वा उद्योग कलकारखाना सञ्चालनका लागि होस, सवारी साधन सञ्चालन व्यवस्थापनका लागि होस वा सञ्चार वा सन्देश प्रवाहकालागि होस प्रत्येक पल पलमा मानव जीबनकालागि बिद्युत अपरिहार्य सुविधाको रुपमा देखा परेको छ र रहन्छ पनि । अवको समृद्धि विद्युतीय सेवा सुबिधामा आधारित हुने कुरामा दुई मत छैन । पछिल्लो समय बैंकमा रहेको आफ्नो खातामा रकम जम्मा गर्न होस वा निकाल्न, बजारमा सामान किन्न होस वा एक देश बाट अर्को देशमा रकम पठाउन होस विद्युतीय सेवा अनिवार्य हुँदै गएको छ । पछिल्लो समयमा आएर सवै खाले प्रविधिको विकास विद्युत प्रवाह सँग जोडिएका छन् । अन्य मुलुकमा जस्तै हाम्रो देश नेपालमा समेत आगामि दिनमा खाना पकाउने प्रमुख ईन्धनको रुपमा समेत विद्युतले ओगट्ने निस्चित छ । अझ गहिरिएर भन्ने हो भने जलश्रोतको धनी देश भएको नाताले समेत हामि माथि उल्लेखित सेवा सुविधा लिन पछि परिरहेका छौं । अहिले पनि हामि विद्युत उत्पादन र उपयोगमा आत्म निर्भर हुन सकिरहेका छैनौं भने हाम्रा गाउँघरमा बस्ने केहि घरपरिवारहरूले उज्यालोको श्रोतको रुपमा अन्य बिकल्पहरूको प्रयोग गरिरहेको पाईन्छ । अरुण गाउँपालिकाको घरपरिवार सर्वेक्षणका आधारमा अध्ययन गर्दा कुल घरपरिवार मध्ये यस पालिका भित्र अझै पनि ७८० (२२.०६ %) घरपरिवारले विद्युत सेवाको पहुँच भन्दा बाहिर रहेको अवस्था पाईएको छ । वडागत विवरण अध्ययन गर्दा विद्युत सेवा नपुगेका सवै भन्दा बढी घरपरिवार सङ्ख्या वडा नं. ६ मा २४१ रहेका छन् भने सवै भन्दा कम वडा नं. ३ र ५ मा ४६-४६ मात्र रहेको पाईएको छ । समग्रमा विद्युत सेवाको पहुँच बिस्तारकालागि गाउँपालिकाले वडा नं. ३, ५ र ७ मा सामान्य प्रयास गरेमात्र पनि सहज रुपमा पुग्न सक्ने अवस्था देखिएको छ भने अन्य वडाकालागि केहि थप प्रयास गर्न आवश्यक देखिएको छ । आवधिक गाउँपालिका विकास योजना अन्तरगत निस्चित अवधि भित्र सवै घरपरिवारमा विद्युत सेवाको पहुँच पुग्ने गरी योजना तर्जुमा गर्न साथै लक्ष्य निर्धारण

गर्न अनिवार्य छ । विद्युत सेवाको पहुँच पुगे नपुगेको सम्बन्धी विवरण तालिका नं. १.२४ र चित्र नं. १.२० मा उल्लेख गरिएको छ ।

**तालिका नं.१.२४: बिद्युत सेवा पुगेको आधारमा घरपरिवार विवरण**

| विद्युत सेवा उपलब्ध परिवार | | | |
|---|---|---|---|
| **वाड** | **बिजुली बत्ती जडान गरेका** | **बिजुली बत्ती जडान गाउँका** | **जम्मा घरपरिवार संख्या** |
| १ | ५८६ | १०८ | ६९४ |
| २ | ४८१ | १५१ | ६३२ |
| ३ | ३१६ | ४६ | ३६२ |
| ४ | ४३८ | ११६ | ५५४ |
| ५ | ३७४ | ४६ | ४२० |
| ६ | ४३३ | २४१ | ६७४ |
| ७ | १२८ | ७२ | २०० |
| **जम्मा** | **२७५६** | **७८०** | **३५३६** |
| % | ७७.९४ | २२.०६ | १००.० |

श्रोतः अरुण गाउँपालिका प्रोफाइल/वस्तुगत विवरण, २०७७

**चित्र नं.१.२०: बिद्युत सेवा पुगेको आधारमा घरपरिवार विवरण**




### १.७.५.२ खाना पकाउने ईन्धनको प्रयोगको आधारमा घरपरिवार

खाना पकाउने इन्धनको प्रभाव मानव स्वास्थ्य (बिशेष गरी भान्सामा खाना पकाउन सम्लग्न रहने) मा समेत पर्ने गर्दछ । परम्परागत रुपमा प्रयोगमा रहेका चुलो तथा खाना पकाउन प्रयोग हुने दाउरा बाट निस्कने धुँवा बाट मानव फोक्सोमा गम्भिर असर पर्नगई कालान्तरमा स्वासप्रशास सम्बन्धी रोग लगायतका अन्य बिबिध रोग ब्याधिको असर समेत देखा पर्न सक्दछ । यस गाउँपालिका भित्रका कुल घरपरिवार मध्ये खाना पकाउने इन्धनको रुपमा परम्परागत रुपमा

दाउराको प्रयोग गर्ने घरपरिवार को सङ्ख्या सवै भन्दा बढी ३३८८ (९५.८१ %) रहेको पाईएको छ भने त्यसपछी एलपि ग्याँसको प्रयोग गर्ने ७८ (२.२१ %) र बिद्युतको प्रयोग गर्ने ३८ (१.०७ %) रहेको देखिन्छ । समग्रमा १५ घरपरिवाले सोलारको प्रयोग गरेका छन् भने ९ घरपरिवार गोवरको गुईठा र ७ घरपरिवार मट्टितेल को प्रयोग गरिरहेका छन् । खाना पकाउन प्रयोग गरिने ईन्धन मात्र हैन इन्धनको प्रयोग गरिने माध्यमको रुपमा रहेको चुल्होको प्रयोगको प्रकार अर्को महत्वपूर्ण पक्ष हो तर यस वारेमा पुन अध्ययनको आवश्यकता देखिएको छ । जे होस हामिले परम्परागत रुपमा प्रयोग गर्दै आईरहेको दाउराको प्रयोग क्रमस घट्दो अवस्थामा रहेको अनुमान गर्न सकिन्छ भने एल.पि.ग्याँस, गोवर ग्याँस वा विद्युत को प्रयोग गर्ने घरपरिवारको सङ्ख्या क्रमस बृद्धि हुँदै गईरहेको पाईनु भने सुखद पक्ष रहेको अवस्था देख्न सकिन्छ तर यसको सुरक्षामा भने त्यतिकै चनाखो रहन अनिवार्य छ भने दाउराको प्रयोग गर्दा समेत परम्परागत चुलोका स्थानमा सुधारिएको चुलोका प्रयोगकालागि गाउँपालिकाले यस विषयमा दिगो योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन अनिवार्य देखिएको छ । इन्धनको प्रयोगको अवस्था बारेमा घरपरिवार सर्वेक्षण बाट प्राप्त वडागत समेतको विस्त्रित विवरण तालिका नं. १.२५ तथा चित्र नं. १.२१ मा उल्लेख गरिएको छ ।

**चित्र नं.१.२१: इन्धनको प्रयोगको आधारमा घरपरिवार**




**तालिका नं.१.२५: इन्धनको श्रोतको प्रयोगको आधारमा घरपरिवार विवरण**

| क्रम संख्या | ईन्धनको श्रोत | घरपरिवार | |
|---|---|---|---|
| १ | काठ/दाउरा | ३३८८ | ९५.८१ |
| २ | गोबर/गुइठा | ९ | ०.२५ |
| ३ | मट्टितेल | ७ | ०.२० |
| ४ | एल.पी.ग्याँस | ७८ | २.२१ |
| ५ | बिजुली | ३८ | १.०७ |
| ६ | सोलार | १५ | ०.४२ |
| ७ | अन्य | १ | ०.०३ |
| **जम्मा** | | **३५३६** | १००.० |

श्रोत: अरुण गाउँपालिका प्रोफाइल/वस्तुगत विवरण, २०७७

### १.७.५.३ घरपरिवारले उपभोग गर्दै आएका सेवा सुविधा

यस गाउँपालिका भित्र बसोबास गर्ने घरपरिवारले आफ्नै स्वामित्वमा आफ्नो सुविधाकालागि वा यातायात तथा ढुवानी र निर्माण व्यवसाय साथै कृषि व्यवसाय सँग सम्बन्धित साधनको प्रयोग गरिरहेका छन या छैनन् भन्ने विषयमा गरिएको घरपरिवार सर्वेक्षणका आधारमा जम्मा ३५३६ घरपरिवार मध्ये मात्र २६३ (७.४४ %) सँग मात्र यातायातका साधन रहेको देखिएको छ । उपलब्ध रहेका सवारी साधनका प्रकृति वा प्रकार मध्ये १९० घरपरिवार सँग मोटरसाईकल, ३९ घरपरिवार सँग साईकल र ३४ घरपरिवार सँग कार/जिप/भ्यान रहेका छन् । यसका अतिरिक्त यस पालिका भित्र बसोबास गर्ने घरपरिवारले प्रयोग गरिरहेका अन्य सेवा सुविधाको हकमा ५४.८१ % ले रेडियोको सुविधा उपभोग गरिरहेको देखिन्छ भने ३३.२९ % को घरमा टि.भि., २.२३ % को घरमा कम्प्यूटर तथा २.५२ %ले नेट इन्टरनेट र ८७.९५ % ले मोवाईल टेलिफोनको उपभोग गरिरहेको पाईएको छ । उल्लेखित विवरणका आधारमा यस गाउँ भित्र बसोबास गर्ने घरपरिवारमा प्रत्येक दिन नयाँ नयाँ सेवा सुविधा उपभोग गर्ने क्रम क्रमस बृद्धि हुँदै गईरहेको र त्यसमा पनि टेलिभिजन र मोवाइल टेलिफोनको प्रयोगमा अत्याधिक बृद्धि भईरहेको पाईएको छ । उल्लेखित सेव सुविधा उपभोग समेतका विस्त्रित विवरण तालिका नं. १.२६ र १.२७ मा उल्लेख गरिएको छ ।

तालिका नं.१.२६: घरपरिवारको स्वमित्वमा रहेका यातायात तथा ढुवानीका साधन

| वाड | साईकल | मोटरसाईकल | कार/जिप/भ्यान | जम्मा |
|---|---|---|---|---|
| १ | ४ | २९ | १२ | ४५ |
| २ | ४ | ३६ | २ | ४२ |
| ३ | १४ | २७ | ७ | ४८ |
| ४ | ६ | १३ | १ | २० |
| ५ | २ | २२ | ४ | २८ |
| ६ | ७ | ६१ | ८ | ७६ |
| ७ | २ | २ | ० | ४ |
| **जम्मा** | ३९ | १९० | ३४ | २६३ |
| कुल घरपरिवारको % | | | | ७.४४ |

श्रोत: अरुण गाउँपालिका प्रोफाइल/वस्तुगत विवरण, २०७७

**तालिका नं.१.२७: घरपरिवारले प्रयोग गरिरहेका सञ्चार र मनोरञ्जन सँग सम्बन्धित सेवाहरू**

| घर परिवारले प्रयोग गरिरहेको सेवा सुविधाको प्रकार | | | | | | |
|---|---|---|---|---|---|---|
| **वडा नं** | **रेडियो** | **टि.भि** | **कम्पयुटर** | **ईन्टरनेट** | **मोवाईल-टेलिफोन** | **जम्मा परिवार संख्या** |
| १ | ३४० | १६५ | १५ | १२ | ६१७ | ११४९ |
| २ | २६९ | २३७ | ३ | ५ | ५८० | १०९४ |
| ३ | ३२८ | १५८ | १५ | ४१ | ३३० | ८७२ |
| ४ | ५१७ | ९६ | ९ | ० | ३८७ | १००९ |
| ५ | १७३ | १५४ | १० | ९ | ३७८ | ७२४ |
| ६ | २४३ | २७९ | २७ | २२ | ६३८ | १२०९ |
| ७ | ६८ | ८८ | ० | ० | १८० | ३३६ |
| **जम्मा** | १९३८ | ११७७ | ७९ | ८९ | ३११० | ६३९३ |
| कुल घरपरिवारको % | ५४.८१ | ३३.२९ | २.२३ | २.५२ | ८७.९५ | १८०.८० |

श्रोत: अरुण गाउँपालिका प्रोफाइल/वस्तुगत विवरण, २०७७

### १.७.६ गाउँपालिका क्षेत्र भित्र बाट हुने आयात तथा निर्यातको अवस्था

यस गाउँपालिका क्षेत्र भित्र बिभिन्न प्रकारका अन्नबाली, दालहन बाली, तेलहन बाली, तरकारी बाली, फलफूल बाली, नगदेबाली, जडिबुटी, पशुवाली उत्पादन लगायतका उत्पादनहरू उत्पादन हुने र स्थानीय स्तरमा उपभोग हुने बाहेकका उत्पादनहरू धेर थोर रुपमा अन्य नगर, गाउँपालिका र जिल्ला लगायत विदेशमा समेत निकासी हुने गरेको स्थानीयबासीको भनाई रहेको भएता पनि यस्को विवरण प्राप्त हुन सकेको छैन । एका तर्फ वर्तमान अवस्थामा गुजारामुखि कृषि तथा पशुपन्छी पालन रहेको मात्र हैन अर्को तर्फ आफ्नै कृषि उत्पादनले खाने पुग्ने परिवार सङ्ख्या समेत निकै न्यून रहनुले खासै निर्यांतको सम्भाबना अहिले सम्म नरहेको अनुमान गर्न सकिन्छ । तथापि आगामि दिनमा कृषि तथा पशुपन्छी पालनको व्यवसायिकिकरण बाट उत्पादन हुने बस्तुहरूको निर्यांतको सम्भाबना भने प्रसस्त रहेको देखिन्छ । आर्थिक समृद्धिको मेरुदण्डको रुपमा कृषि तथा पशुपन्छी पालन व्यवसायलाई अघि बढाउन सकिने पर्याप्त आधारहरू देखाएका कारण यस आवधिक गाउँपालिका विकास योजना मार्फत स्थापित दीर्घकालिन सोच र त्यसमा आधारित लक्ष्य प्राप्ति तर्फ आन्तरिक उत्पादन बृद्धि र निर्यांत प्रवर्द्धनमा आधारित योजना तर्जुमाका साथ अघि बढ्न अनिवार्य देखिएको छ ।

### १.७.७ सिंचाईको श्रोत

कृषिको व्यवसायीकिकरणका लागि सिंचाई सुविधा, यसको दिगो उपलब्धता र व्यवस्थापन एक अनिवार्य आवश्यकता र सर्तहो । सिंचाईको सुविधाको हकमा स्थानीय खोला नाला बाट ल्याईएका कुलो प्रमुख श्रोतको रुपमा रहेको अवस्था छ भने केहि वडामा अरुण नदी बाट लिफ्ट प्रविधि बाट समेत व्यवस्थापन गर्न सकिने अवस्था रहेको पाईएको छ । समग्रमा वर्तमान अवस्थामा गाउँपालिकाका कृषि योग्य जमिनमा सम्बन्धित घरपरिवारले स्थानीय स्तरमा रहेका खोला बाट निकालिएका र सामान्य रुपमा सञ्चालनमा रहेका २५ वटा कुलोहरू बाट आफुले लगाउँको बालिनालिमा सिंचाईको व्यवस्थापन गरिरहेको देखिन्छ भने कृषि उत्पादनमा भर पर्नु पर्ने वडा नं. १ र ५ साथै अन्य वडाका बाँकि घरपरिवार बर्षातको पानीमा निर्भर रहनु पर्ने बाध्यता रहि रहेको छ । सिंचाईको श्रोतको वर्तमान अवस्थाका बारेमा स्थलगत अध्ययन समेत गरिएकाले वर्तमान श्रोत र भावी योजनाका बारेमा सम्बन्धित खण्डमा उल्लेख गरिएको छ । यस गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका अधिकाङ्स कुलोहरू मर्मत सम्भारको उचित प्रबनध र व्यवस्थापनको अभावमा जिर्ण अवस्थामा रहेको पाईएको छ । तसर्थ माथिनै उल्लेख गरिए बमोजिम यस गाउँपालिकाको आर्थिक समृद्धिको प्रमुख गन्तब्यको रुपमा रहेको कृषिको व्यवसायीकिकरणका लागि दिगो सिंचाईको व्यवस्था हुने गरी नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयनको आवश्यकता अनिवार्य छ । गाउँपालिका क्षेत्र भित्रको वर्तमान सिंचाईका पूर्वाधार सम्बन्धी विवरण तालिका नं.१.२८ मा उल्लेख गरिएको छ ।

तालिका नं.१.२८: गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सिंचाई पूर्वाधारहरू तीनको वर्तमान अवस्था

| क.सं. | नाम | ठेगाना (स्थान) | वर्तमान अवस्था |
|---|---|---|---|
| **वडा नं. १** | | | |
| १.१ | | | नभएको |
| **वडा नं. २** | | | |
| २.१ | सोऱ्याङ खोला सिंचाई | सोऱ्याङ वोक्ताम | २०० एच.ए |
| २.२ | सत्रचालीस सिंचाई | बोक्ताम | १५० एच.ए निर्माणधीन |
| २.३ | जिरे+लागुवा कुलो सिंचाई | लागुवा खोला | १५० एच.ए कच्ची |
| २.४ | भान्सा घर धनसारे सिंचाई | लागुवा खोला | १०० रोपनी |
| २.५ | रुम्से पोखरी | चम्पे | १६०० रोपनी कच्ची |
| **वडा नं. ३** | | | |
| ३.१ | धोवि खोला झाकखण्ड पलान चोके | प्याउली | हाल सामान्य |
| ३.२ | धोवीखोला नवलपुर | प्याउली | निर्माणधिन |
| ३.३ | लागुवा खोला देखी घोरेटार | नवलपुर | सामान्य |
| ३.४ | हङग्रायो खोला ज्यामिरे बोटे | विजयवास | सामान्य |
| ३.५ | टिम्मुरे कुलो | खोकुम्बु | सामान्य |

| | | | |
|---|---|---|---|
| ३.६ | लागुवा खोला देखी सिम्ले | नवलपुर ज्यामी | सामान्य |
| **वडा नं. ४** | | | |
| ४.१ | पोखरी कुलो | टापुटोल | ३०० रोपनी कच्ची पाइप |
| ४.२ | वद्रेनी कुलो | वद्रेनी | ४०० रोपनी कच्ची |
| ४.३ | मालुङ कुलो | गैरी टोल | ४०० रोपनी कच्ची |
| ४.४ | नाग दह कुलो | गैरी टोल | ५०० रोपनी कच्ची |
| ४.५ | सुन्तालुङ कुलो | गैरी टोल | ४०० रोपनी कच्ची |
| ४.६ | डुकिट्ङक | घिमिरेटोल | ३०० रोपनी कच्ची |
| ४.७ | आरु वोटे खोला कुलो | धपेनी | ३०० रोपनी कच्ची |
| **वडा नं. ५** | | | |
| ५.१ | | | हाल नभएको |
| **वडा नं. ६** | | | |
| ६.१ | पाक्छी खोङ सिंचाई | पाक्छीखोड | १०० रोपनी कच्ची |
| ६.२ | खोर्सानी बगर अगते सिंचाई | खोर्सानी | १०० रोपनी |
| ६.३ | प्लाष्टिक पोखरी | | ७ वटा निर्माण भएको |
| **वडा नं. ७** | | | |
| ७.१ | हङ्ग्रायो खोला सिंचाई | सिक्रेटार | हाल निर्माणाधिन अवस्थामा |
| ७.२ | ढुङग्रेखोला सिंचाई | ढुङग्रे | जिर्ण रहेको |
| ७.३ | वेलटार जग्रे खिसुगैरा सिंचाई योजना | वेलटार | सामान्य प्रकारको कुलो |
| ७.४ | नसुवा खोला सिंचाई योजना | सिक्रेटार | जिर्ण रहेको |
| कुल जम्मा २५ | | | |

श्रोतः आवधिक योजना तर्जुमा सर्वेक्षण, २०७७

### १.७.८ उद्योग, व्यापार तथा व्यवसाय सम्बन्धी विवरणः

उद्योग, व्यापार तथा व्यवसाय रोजगारी श्रृजान र आर्थिक विकासको अर्को महत्वपूर्ण आधार हो । आर्थिक विकासको मेरुदण्डको रुपमा स्थापित हुनुपर्ने उद्योग, व्यापार तथा व्यवसायको अवस्था अरुण गाउँपालिका भित्र उल्लेख्य रहेको देखिदैन । उद्योगहरूको स्थापना, सञ्चालन तथा व्यवस्थापनको हकमा कुटिर, खरेलु तथा साना गरी जम्मा ११ वटा मात्र उद्योग व्यवसाय सञ्चालनमा रहेको अवस्था देखिन्छ भने मझोल तथा ठला उद्योगहरू सञ्चालनमा आउन सकको पाईदैन । अरुण गाउँपालिकामा चुन तथा फलाम खानी समेत रहेको अनुमान गरिएको छ । आवधिक योजना तयारीको क्रममा यस गाउँपालिका भित्र ५ स्थानमा चुनढुङ्गा, १ स्थानमा धाउ (फलाम) तथा १ स्थनमा बालुवा खानी गरी जम्मा ७ स्थानमा खानीको सम्भाबना रहेको पाईएको छ । उल्लेखित विवरणहरूले के संकेत गर्दछन् भने गाउँपालिकाले आगामि दिनमा उद्योग व्य्वसायको क्षेत्रमा अवलम्बन गर्ने नीति तथा कार्यक्रमका आधारमा कम्रस आर्थिक विकासका पूर्वाधारहरूको विकास हुँदै जाने र सोहि बमोजिम आर्थिक समृद्धिको मार्ग सुनिस्चित हुनेछ तसर्थ आवधिक गाउँपालिका विकास योजनालाई आर्थिक विकासका यावत क्षेत्रमा केन्द्रित गरी योजना तर्जुमा र कार्यान्वयनको वातावरण सृजना गर्नु पर्ने आवश्यकता देखिएको छ । यस गाउँपालिका क्षेत्र भित्र सञ्चालित उद्योग, व्यापार तथा व्यवसाय र सम्भावित खानी समेतक विवरण तालिका नं.१.२९ र १.३० मा उल्लेख गरिएको छ ।

**तालिका नं.१.२९: वर्तमानमा सञ्चालनमा रहेको उद्योग व्यवसाय र तीनको अवस्था**

| वडा नं. | नाम | ठेगाना (स्थान) | वर्तमान अवस्था |
|---|---|---|---|
| १.१ | रबिन कुटानी पिसानी | देउराली | संचालनमा रहि स्थानीय स्तरमा सेवा प्रवाह गरिरहेको |
| १.२ | रोसन राईसमिल | देउराली | संचालनमा रहि स्थानीय स्तरमा सेवा प्रवाह गरिरहेको |
| १.३ | रातमाटे ह्याङ्सिङ राईसमलि | | संचालनमा रहि स्थानीय स्तरमा सेवा प्रवाह गरिरहेको |
| १.४ | खानीगाउँ, गैरीगाउँ, गैरीछाप राईसमिल | | संचालनमा रहि स्थानीय स्तरमा सेवा प्रवाह गरिरहेको |
| २.१ | च्याचुङ मङगल | च्याचुङ | ठूलो ओखती, पाखन वेत, गुर्जो, हरचुल, वुट्याङ झोर |
| ३ | घरेलु उद्योग | बतासे | खुकुरी, कोदालो उत्पादन गर्ने गरेको |
| ५.१ | नेपाली कागज उद्योग | हुलाक चाक | |
| ५.२ | काठ मिल | बुद्द चोक | |
| ५.३ | धान कुटने मिल | बिरेन्द्र चोक | ३ वटा भएको |
| ५.४ | आधुनिक इटा | सिर्जना चोक | |
| ६.१ | भेनियर उद्योग | जरायोटार | निमार्णाधिन |
| ६.२ | औद्योगिक ग्राम | जरायोटार | जग्गा प्राप्ति |
| जम्मा ११ | | | |

श्रोतः आवधिक योजना तर्जुमा सर्वेक्षण, २०७७

**तालिका न १.३०: गाउँपालिका भित्र रहेको सम्भावित खानीहरू**

| वडा नं. | नाम | ठेगाना (स्थान) | वर्तमान अवस्था |
|---|---|---|---|
| १ | खानी | खानीगाँउ | तामाखानीको सम्भाबना रहेका तर हाल केहि नभएको |
| २ | खानी चुनचुङगा | चम्पे | सम्भाबनाको अनुमान गरिएको |
| ३ | चुन ढुङ्गा खानी | खोकम्बो | चुन ढुङ्गा खानी रहेको तर उत्खनन् नसकेको |
| ४ | चुन ढुङ्गा खानी | फुक्ली | भएको |
| ६ | धाउ खानी | जरायोटार, धाउखानी | फालमको कच्चा पदार्थ धाउ तथा अन्य कच्चा पदार्थ भएकोले उल्लेखित क्षेत्र लगायत छेउछाउका सम्भाबना रहेको |
| ७ | | | |
| ७.१ | वालुवा खानी | लामवगर | सम्भाबना भएको |
| ७.२ | खरिढुङगा (चुन ढुङगा) | ज्रगे | सम्भाबना भएको |

श्रोतः आवधिक योजना तर्जुमा सर्वेक्षण, २०७७

### १.७.९ बैंक तथा बित्तीय संस्था साथै सहकारीहरूको विवरण

अरुण गाउँपालिकाको आर्थिक विकास र विस्तारकालागि बित्तिय श्रोतको पर्याप्तता एक अनिवार्य सर्तहो । वर्तमान परिवेशमा आर्थिक श्रोत व्यवस्थापनको प्रमुख माध्यम बैंक, बित्तीय संस्था तथा बचत तथा ऋण परिचालनको कारोवार गर्ने सहकारीहरूले निर्वाह गरिरहेका छन् । आर्थिका कारोवारको पारदर्शिता र विश्वासनियता समेत यीनै संस्थाहरूमा निहित रहेको छ । दिन प्रतिदिन विकसित हुँदै गएको प्रविधिले आर्थिक कारोवारलाई डिजिटाईज्ड गरिरहेका कारण आर्थिक कारोवारकालागि सशरिर बैंक वित्तीय संस्थामा उपस्थित हुने बाध्यतालाई समेत क्रमस घटाउँदै लगेको छ । पछिल्लो समयमा आएर नेपाल सरकारले सवै स्थानीय तहमा अनिवार्य बैंक तथा वित्तीय संस्थाको उपस्थितिलाई अनिवार्य गरेको छ । यी

समग्र परिवेशका माझ बाट बैक, वित्तीय संस्था तथा सहकारीहरूको उपस्थितिका बारमा यस गाउँपालिकाको अवस्था अध्ययन गर्दा १ वटा बाणिज्य बैंक, ३ वटा लघुबित्त संस्था, ९ वटा वचत तथा ऋण सहकारी संस्था प्रत्यक्ष रुपमा यस पालिकाको वित्तीय श्रोतको माध्यमको रुपमा कृयाशिल रहेको पाईएको छ भने स्थानीय स्तरमा उत्पादन र बजार व्यवस्थापमा १ वटा बहुद्देशीय र ६ वटा कृषि सहकारीहरू समेत कृयाशिल रहेको पाईएको छ । अतः यस पालिकाका सवै नागरिकको अनिवार्य बैंक खाता हुने र आर्थिक श्रोतको पहुँच विस्तार र विकासकालागि बैंक वित्तीय संस्था सँगको साझेदारी विकास गर्न र समन्वयात्मक कार्यजालो निर्माण गर्न स्थानीय सरकारको हैसियतमा गाउँपालिकाले महत्वपूर्ण भूमिका निर्वाह गर्न अनिवार्य छ । वर्तमानमा यस पालिका भित्र रहेका उल्लेखित संस्थाहरूको सङ्ख्यात्मक सहितको विवरण तालिका नं.१.३१ र १.३२ तथा चित्र नं. १.२२ मा उल्लेख गरिएको छ ।

**तालिका नं. १.३१: पालिका भित्र सञ्चालनमा रहेका सहकारीहरूको विवरण**

| क.सं. | नाम | वडा नं. | ठेगाना ( स्थान) | वर्तमान अवस्था |
|---|---|---|---|---|
| १ | **बचत तथा ऋण सहकारी संस्था** | | | |
| १.१ | अरुण बचत तथा ऋण सहकारी संस्था | १ | याङपाङ | बचत तथा ऋण प्रवाहमा सकृय |
| १.२ | पाथीभरा बचत तथा ऋण सहकारी संस्था | २ | चम्पे | हाल भाडाको घरमा सञ्चालनमा रहेको |
| १.३ | रचना महिला सहकारी | ३ | प्याउली | आफ्नै भबनमा संचालनमा रहेको |
| १.४ | सहनसिल वचत तथा ऋण सहकारी संस्था | ३ | प्याउली | भाडाको घरमा संचालनमा रहेको |
| १.५ | चमेली महिला वचत तथा ऋण सहकारी संस्था लि. | ४ | थर्पू | जग्गा जमिन भएको तथा सञ्चालनमा रहेको |
| १.६ | साना किसान कृषि, बचत तथा ऋण सहकारी संस्था लि. | ४ | पिपलडाँडा | जग्गा जमिन तथा भबन भएको साथै सञ्चालनमा रहेको |
| १.७ | अरुण गंगा महिला वचत तथा ऋण सहकारी संस्था | ५ | याकु | भाडाको घरमा संचालनमा रहेको |
| १.८ | मनकामना बचत तथा सहकारी संस्था | ६ | पाल्पाले | हाल संचालन रहेको साथै आफ्नै भबन नभएकोले भाडामा रहेको |
| १.९ | महिला तथा सहकारी संस्था | ६ | पाल्पाले | हाल संचालन रहेको साथै आफ्नै भबन नभएकोले भाडामा रहेको |
| २ | **बहुद्धेशीय सहकारी संस्था** | | | |
| २.१ | शितला बहुउदेश्य सहकारी | ५ | याकु | भाडाको घरमा संचालनमा रहेको |
| ३ | **कृषि सहकारी संस्था** | | | |
| ३.१ | याङ्पाङ गढी कृषि शहकारी संस्था | १ | याङपाङ | भाडामा, कृषिको व्यवसायिकिकरणमा कृयाशिल |
| ३.२ | कंञ्चनजङगा कृषि सहकारी | २ | चम्पे | |
| ३.३ | महारुद्र कृषि सहकारी संस्था लि. | ३ | नवलपुर | दर्ता मात्र भएको |
| ३.४ | संयुक्त जनकल्यण ग्रामिण कृषि सहकारी | ५ | याकु | भाडाको घरमा संचालनमा रहेको |
| ३.५ | साना किसान कृषी | ६ | पाल्पाले | हाल भाडाको घरमा संचालन |
| ३.६ | अरुण कृषि सहकारी | ७ | सिकेटार | हाल संचालनमा रहेको |

श्रोतः आवधिक गाउँपालिका विकास योजना तर्जुमा सर्वेक्षण तथा गाउँपालिकाको अभिलेख, २०७७

चित्र नं. १.२२: बैंक बित्तीय संस्था साथै सहकारीहरूको सङ्ख्यात्मक विवरण




**तालिका नं.१.३२: बैंक वित्तीय संस्थाको विवरण**

| क.सं. | बाणिज्य तथा विकास बैंक | वडा नं. | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| १ | बाणिज्य तथा विकास बैंक | ० | ० | १ | ० | ० | ० | ० | १ |
| २ | बित्तीय संस्था | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | लघुबित्त संस्था | ० | ० | ३ | ० | ० | ० | ० | ३ |
| जम्मा | | ० | ० | ४ | ० | ० | ० | ० | ४ |

श्रोत: आवधिक गाउँपालिका विकास योजना तर्जुमा सर्वेक्षण, २०७७

### १.८ सामाजिक विकास:

मानव जीबनको स्तरीकरण र सभ्यताको आर्को एक महत्वपूर्ण पक्ष सामाजिक विकास हो । गाउँपालिका क्षेत्र भित्र बसोवास गर्ने गाउँपालिकाबासीहरूको शिक्षा, स्वास्थ्य सरसफाई र मानव अधिकार तथा विकासका कार्यमा सहभागिता लगायतका विषय प्रतिको चेतना र उल्लेखित विषयहरूमा उपलब्ध स्रोतयुक्त ग्रामिण पूर्वाधारको अवस्थाले सूचित गर्ने गर्दछ । हाम्रा वर्तमान गाउँपालिकाको अधिकाङ्स भूगोल ग्रामाणि पूर्वाधार त्यसमा पनि पिछडिएको ग्रामिण अवस्था आधारित छ । अरुण गाउँपालिकाको सदरमुकाम प्याउली बजार लगायत अधिकाङ्स वडाहरू ग्रामिण परिवेशका छन् । विश्वब्यापि समस्याको रुपमा रहेको शहरी तथा ग्रामिण गरिवी साथै अव्यवस्थित पूर्वाधार आर्थिक तथा सामाजिक समृद्धिका प्रमुख चुनौती हुन र रहेका छन् । तसर्थ अरुण गाउँपालिकाले दिगो विकासमा आधारित समृद्धि निर्माणका लागि सामाजिक विकासमा आधारित न्यूनतम पूर्वाधार र पूर्वाधार विकासमा आधारित गाउँपालिकाबासीको चेतना विकास र सहभागिता लाई केन्द्र बिनदुमा राखेर आवधिक गाउँपालिका विकास योजना तर्जुमा गर्नु पर्ने आवश्यकता रहेको छ ।

#### १.८.१ शिक्षा:

शिक्षा मानव जीबनको तथा मानव विकास सुचकाङ्कको एक अनिवार्य आधार सर्त हो । सहज र सुलभ रुपमा गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउनु मानव जीबनको नैसर्गिक अधिकार हो । यस अधिकार बाट बन्चित हुन नदिन

बालबालिकाको पहुंच भित्र बालविकास केन्द्र, विद्यालय तथा महाविद्यालयहरूको सुविधा उपलब्ध हुन अनिवार्य छ । अरुण गाउँपलिकाको समृद्धि तथा विकास यस पालिका क्षेत्र भित्र बसोवास गर्ने पालिकाबासीको शैक्षिक स्थिति तथा यस क्षेत्र भित्र रहेका शैक्षिक सस्थाको स्तर र अध्ययन अध्यापन गराईने विषयमा निर्भर गर्ने गर्दछ । दिगो विकास लक्ष्यका आधारमा सन् २०३० सम्ममा सवैले प्राथमिक शिक्षा पाएका हुनेछन साथै सवै तहको लैङ्गिक बिभेदको अन्त्य भएको हुनेछ भन्ने रहेको छ । यसै लक्ष्यका आधारमा नेपाल सरकारले समेत सवै नेपालीलाई कम्तिमा साक्षर बनाउने नीति तथा रणनीति लिएको अवस्था छ । शिक्षालाई समृद्धि निर्माणको एक आधार सूचकको रुपमा स्वीकारिएको विश्व परिवेशलाई समेत मनन् गर्दा यस गाउँपालिकाले समेत प्राविधिक शिक्षा विकासका साथ शैक्षिक पूर्वाधारको विकास र गुणस्तर सुधारमा बिशेष योजना निर्माण गरी अघि बढ्न अनिवार्य देखिएको छ ।

### १.८.१.१ साक्षरता तथा शैक्षिक स्तरका आधारमा वडागत जनसङ्ख्या विवरण

शिक्षा मानव विकास सूचकाङ्क मापनको एक प्रमुख आधार हो । शिक्षा र प्रविधि बिनाको अवको दुनियाँ कल्पना समेत गर्न नसकिने अवस्थामा प्रवेश गरिसकेको छ । स्थानीय सरकारको हैसियतमा आफ्ना सवै नागरिकलाई शिक्षित वा साक्षर बनाउनु अरुण गाउँपालिकाको प्रथम कर्तव्य भित्र पर्दछ । यस गाउँपालिका भित्रका ३५३६ घरपरिवारमा बासोबास गर्ने कुल १७८२६ जनसङ्ख्या मध्ये वर्तमान अवस्थामा समेत २२८० जना (कुल जनसङ्ख्याको १२.७९ %) निरक्षर रहेको अवस्था देखिएको छ भने २४० जना (कुल जनसङ्ख्याको १.३९ %) पढ्न मात्र जान्ने रहेको अवस्था छ । सैक्षिक जनसक्तिको समग्र अवस्था अध्ययन गर्दा आधारभुत तह अध्ययन गर्ने ६५०३ (कुल जनसङ्ख्याको ३६.४८ %), माध्यमिक तह सम्म (एस.इ.इं तथा प्लस २ समेत) अध्ययन गर्ने ५८१२ (कुल जनसङ्ख्याको ३२.६१ %), स्नातक तह सम्मको शिक्षा हासिल गर्ने ५६१ (कुल जनसङ्ख्याको ३.१५ %), स्नातकोत्तर सम्मको शिक्षा हासिल गर्ने २१४ (कुल जनसङ्ख्याको १.२० %) रहेको पाईऐ छ । अरुण गाउँपालिकाको समग्र शैक्षिक स्तरको अवस्था तालिका नं. १.३३ र १.३४ तथा चित्र नं. १.२३ र १.२४ मा उल्लेख गरिएको छ ।

**चित्र नं.१.२३: साक्षरताको अवस्थाका अधारमा जनसङ्ख्या**



**तालिका नं.१.३३: शैक्षिक स्तरको आधारमा जनसङ्ख्या**

| शैक्षिक जनसङ्ख्या विवरण | | | |
|---|---|---|---|
| **क्र.सं.** | **शैक्षिक स्तर** | **जम्मा जनसङ्ख्या** | **%** |
| १ | पढ्न मात्र जानेको | २४० | १.३५ |
| २ | पढ्न लेख्न जानेको | १५३०६ | ८५.८६ |
| ३ | पढ्न लेख्न दुवै नजानेको | २२८० | १२.७९ |
| जम्मा | | १७८२६ | १००.०० |

श्रोतः आवधिक गाउँपालिका विकास योजना तर्जुमा सर्वेक्षण, २०७७

**चित्र नं.१.२४: शैक्षिक स्तरका आधारमा जनसङ्ख्या**




**तालिका .१.३४: शैक्षिक स्तर उतिर्ण तथा अध्ययनका आधारमा जनसङ्ख्या**

| क्रम संख्या | शैक्षिक स्तर | जम्मा जनसङ्ख्या | % |
|---|---|---|---|
| १ | साक्षर मात्र | २४५६ | १३.७८ |
| २ | प्राथमिक तह | ३८०८ | २१.३६ |
| ३ | निम्न माध्यमिक तह | २६९५ | १५.१२ |
| ४ | माध्यमिक तह | २०६० | ११.५६ |
| ५ | एस.एल.सि वा एस.इ.ई | २३५५ | १३.२१ |
| ६ | प्रविणता प्रमाण पत्र तह वा प्लस २ | १३९७ | ७.८४ |
| ७ | स्नातक वा सो सरह | ५६१ | ३.१५ |
| ८ | स्नातकोत्तर वा सो भन्दा माथि | २१४ | १.२० |
| ९ | पढ्न लेख्न दुवै नजान्ने | २२८० | १२.७९ |
| जम्मा | | **१७८२६** | **१००.०** |

श्रोतः आवधिक गाउँपालिका विकास योजना तर्जुमा सर्वेक्षण, २०७७

### १.८.१.२ विद्यालय गएका र नगएकाको आधारमा जनसङ्ख्या विवरण

अरुण गाउँपालिकाको प्रोफाइल, २०७७ का आधारमा यस गाउँपालिकाका १८ बर्ष मुनिका कुल ५९३० बालबालिका मध्ये ११७० (कुल बालबालिकाको १९.७३ %) बालबालिका विद्यालय नगएको अवस्था देखिएको छ सम्भवत यो सङ्ख्या ४ बर्ष भन्दा कम उमेरको हुन सक्दछ । यदी ११७५ बालबालिका ४ बर्ष मुनिका मानेर हेर्दा समेत करिव १११३ जना

बालबालिकाको अवस्था खुल्न सकेको छैन वा अभिभावकले खुलाउन चाहेको देखिएन । यस बाट अहिले पनि यस गाउँपालिका भित्र विद्यालय उमेरका धेरै बालबालिका शिक्षाको पहुँच भन्दा बाहिर रहेको अनुमान गर्न सकिन्छ। यसै गरी ६६.६९ % घरपरिवारका अभिभावकहरूले आफ्ना छोराछारीलाई बढाउनकालगि सामुदायिक विद्यालयलाई रोजेको पाईन्छ भने ४.९२ % घरपरिवारका अभिभावकले आफ्ना छोरा छारीलाई संस्थागत विद्यालयमा बढाउने गरेको पाईएको छ। यती हुँदाहुँदै पनि ४१८ घरपरिवारले यथार्थता नखुलाएको अवस्था छ। यथार्थ नखुलाउने घरपरिवारको हकमा दुई वटा अवस्था अनुमान गर्न सकिन्छ एक सम्बन्धित परिवारमा विद्यालय उमेरका बालबालिका नभएर हो वा विद्यालय नपठाउने गरेका कारण भन्न नरुचाएको हो। यस बारे थप अध्ययनको खाँचो देखिएको छ। उल्लेखित विवरणहरू तालिका नं. १.३५ साथै चित्र नं. १.२५ मा सचित्र उल्लेख गरिएको छ।

**चित्र नं. १.२५: हाल विद्यालय गएका र नगएका १८ बर्ष मुनिका बालबालिकाको जनसङ्ख्या को विवरण**




**तालिका नं.१.३५: हाल विद्यालय गएका र नगएका १८ बर्ष मुनिका बालबालिकाको जनसङ्ख्या को विवरण**

| हाल विद्यालयगएका र नगएका १८ बर्ष मुनिका बालबालिकाको जनसङ्ख्या को विवरण | | | | |
|---|---|---|---|---|
| **वाड** | **विद्यालय गएका** | **विद्यालय नगएका** | **नखुलेको** | **जम्मा** |
| १ | ८२७ | ३२७ | | |
| २ | ५९३ | २०३ | | |
| ३ | ३५९ | ७३ | | |
| ४ | ५३१ | ९४ | | |
| ५ | ३९७ | १५४ | | |
| ६ | ७१६ | २४० | | |
| ७ | २१९ | ७९ | | |
| **जम्मा** | **३६४२** | **११७०** | **१११८** | **५९३०** |
| **%** | **६१.४२** | **१९.७३** | **१८.८५** | **१००.०** |
| संस्थागत सर्वेक्षणको आधारमा | **४१००** | **६५५** | **०** | **४७५५** |

श्रोत: आवधिक गाउँपालिका विकास योजना तर्जुमा सर्वेक्षण, २०७७

तालिका नं.१.२६: वर्तमान शैक्षिक संस्थाहरूको आवस्थिति



### १.८.१.३ शैक्षिक संस्थाहरूको भोतिक पूर्वाधार, उपलब्ध सेवा सुविधा र गुणस्तरको अवस्था

शिक्षा मानव सभ्यता र विकास प्रकृयाको आधारभुत सूचक हो । नेपालको हकमा सामुदायिक विद्यालयको वर्तमान भौतिक पूर्वाधार र शैक्षिक गुणस्तरको अवस्था त्यति सन्तोसजनक छैन । वर्तमान अवस्थामा तीनै तहका सरकार वर्तमान शैक्षिक पूर्वाधार र गुणस्तर सुधारका कार्यमा निकै ठूलो धनरासी खर्च गरेर लागि परेको पाईन्छ । तर पनि सोचे जस्तो नतिजा हात लाग्न सकिरहेको अवस्था देखिदैन । गाउँपालिका तथा सम्बन्धित विद्यालयको अभिलेखका आधारमा यस पालिका भित्र रहेका शैक्षिक संस्था र तीनिहरूले अवलम्बन गरेको शैक्षिक स्तरका विषयमा अध्ययन गर्दा १ वटा संस्थागत विद्यालय लाई छाडेर ६ वटा माध्यमकि तह र २९ वटा आधारभुत तहका गरी कुल ३५ वटा सामुदायिक विद्यालयले यहाँका शैक्षिक आधारसिलाको भूमिका निर्वाह गरिरहेको अवस्था छ । यस गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरू मध्ये अधिकांसमा पूर्व प्राथमिक विद्यालय र अधिक सङ्ख्यामा आधारभुत तहको (कक्षा १ देखि ५ सम्म) रहेको अवस्था छ भने न्यून मात्रामा आधारभुत तहको (कक्षा ६ देखि ८ सम्म) र माध्यमिक तहको अध्ययन हुने विद्यालय धेरै कम मात्रमा रहेको देखिन्छ भने विश्व विद्यालय तहको अध्ययन अध्यापन हुने क्याम्स एउटा पनि नरहेको अवस्था छ । विद्यार्थीको उपस्थितिको अध्ययन गर्दा पूर्व प्राथमिक तहमा २७४ छात्रा र २४० छात्र गरी जम्मा ५१४ जना, आधारभूत कक्षा १ देहि ८ सम्ममा छात्रा १३४२ र छात्र १२८४ गरी जम्मा २६२६ साथै माध्यमिक तहमा छात्रा ४६८ र छात्र ३८१ गरी ८४९ समेत कुल २०८४ छात्र र १९०५ छात्र गरी जम्मा ३९८९ बालबालिकाहरू सामुदायिक विद्यालयमा अध्ययनरत रहेको अवस्था छ । संस्थागत विद्यालयमा अध्ययनरत १११ समेत गरी यो सङ्ख्या ४१०० रहेको छ । विद्यालयको पहुँच भित्र रहेका १८ बर्ष मुनिका कुल बालबालिका ५९३० मा ४ बर्ष वा सो भन्दा मुनिका ११७५ लाई अलग गर्दा समेत ६५५ बालबालिका विद्यालय भन्दा बाहिर रहेको स्पष्ट देखिन आएको छ जुन सङ्ख्या विद्यालय उमेर समूहका कुल बालबालिकाको करिव १३.७२ % हुन आउँछ । यस विवरणको एक सकारात्मक पक्ष भनेका कुल छात्रको भन्दा छात्राको सङ्या बढी रहेको देखिएको छ भने यसको अको पाटो बाट अध्ययन गर्दा सम्भवत १६ बर्ष उमेर पुगे पछि नागरिकता प्राप्त गर्न योग्य हुने हुनाले सम्भवत रोजगारीको खोजिमा बालकहरू बिदेश जाने क्रम बढेका कारण विद्यालमा सङ्ख्या घटेको हुन सक्ने सम्भाबना रहेको समेत अनुमान गरिएको छ ।

विद्यालयमा कार्यरत शिक्षकहरूको सङ्ख्यात्मक र तहगत अध्ययन गर्दा सवै विद्यालयमा गरेर कुल स्वीकृत दरबन्दी सङ्ख्या १९९ रहेकोमा शिक्षक १२८ र शिक्षिका ७९ गरी २०७ जना कार्यरत रहेको देखिन्छ । स्वीकृत दरबन्दी भन्दा माथिको सङ्ख्या विद्यालयको निजी श्रोतको परिचालनबाट कार्यरत रहेको अवस्था समेत छ । विषयगत शिक्षकको अवस्था अध्ययन गर्दा गणित विषयका ९, बिज्ञान विषयका ६ र अंग्रेजी विषयका १२ जना गरी कुल २७ जना मात्र रहेको अवस्था छ । शैक्षिक गुणस्तर विद्यालय शिक्षाको मुटुगत धट्कन हो । विद्यार्थीको शिप र क्षमता विद्यालयहरूले अवलम्बन गरेको शैक्षिक विधि र प्रकृया साथै सिकाई उपलब्धि पूर्ण रुपले शैशिक गुणस्तरमा निर्भर रहन्छ । शैक्षिक गुणस्तर व्यवस्थापनमा शिक्षक शिक्षिकाको भूमिका अहम् रहन्छ । भौतिक पूर्वाधारलाई अलग गरेर हेर्ने हो भने बालबालिकाको सिकाई उपलब्धिमा आधारित शैक्षिक गुणस्तर शिक्षक शिक्षिको पाठन शिप, क्षमता र कलामा निर्भर रहनछ । यस गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका विद्यालयहरूको भौतिक पूर्वाधारको अवस्था अध्ययन गर्दा ७ वटा विद्यालयमा जम्मा १२ वटा पक्की भबन बाहेक अधिकांसमा कच्ची भबन रहेका, ३१ वटामा पुष्तकालाय, अध्ययन केन्द्र तथा विज्ञान प्रयोगशाला नभएको, ३ वटामा खेलमैदान नभएको तथा भएकाको हकमा समेत सामान्य अवस्थाका मात्र रहेका, ३० वटामा कम्पाउण्ड घेरावारा नभएको, सवैमा शौचालयको सुविधा रहेको भएता पनि सामान्य अवस्थामा रहेका साथै पानीको पर्याप्त व्यवस्था हुन नसकेको साथै केहि विद्यालय बोहकमा बालक र बालिकाकालागि अलग अलग शौचालयको पूर्ण व्यवस्था हुने नसकेको, ५ वटामा आज सम्म पनि खानेपानिको व्यवस्था नभएको तर डेस्कवेञ्चको हकमा भने प्रायस पूर्ण रहेको अवस्था पाईएको छ ।

शैक्षिक गुणस्तरको वर्तमान अवस्था र तीनको विकास संग सम्बन्धित विवरणको अध्ययन गर्दा संस्थागत विद्यालय बाहेक विद्यालय भर्ना दरमा थप सुधार हुन बाँकी रहेको भएता पनि निरन्तरता दर, सिकाई उपलब्ध दर, उतिर्ण दर भने पछिल्लो समयमा आएर केहि सुधारको अवस्था देखिएको छ । अन्य व्यवस्थाको हकमा १६ वटा विद्यालयमा अपाङ्ग विद्यार्थि श्रोत कक्षाको व्यवस्था हुन बाँकी रहेको, ३ वटामा एकीकृत पाठ्यक्रम लागु हुन बाँकी रहेको, ३१ वटामा इन्टरनेटको व्यवस्था नभएको, ७ वटामा विद्याल सुधार योजना अध्यावधिक नभएको, ७ वटामा बालक्लव गठन हुन नसकेको भएता पनि बालमैत्री शिक्षण विधि र विद्यालय शान्ति क्षेत्र भने सतप्रतिसतमा कार्यान्वयन भएको अवस्था रहेको छ भने विशेष छात्रबृति तथा सुविधा प्रप्तिको अवस्था अध्ययन गर्दा कुल

विद्यार्थि मध्ये दलित १४४, अपाङ्ग ४४ समेत गरी कुल १०७७ बालबालिकाले छात्रबृति र अन्य सुविधा उपभोग गरिरहेके अवस्था रहेको छ । तसर्थ उल्लेखित विवरणको गहिरो अध्ययन गर्दा आजको यस आधुनिक दुनियाँमा शैक्षिक संस्थाहरूले अवलम्बन गर्ने आफ्ना दैनिक कृयाकलाप, प्रकृया र पद्धतिलाई समेत वर्तमान प्रविधि सँग आवद्ध गरि सञ्चालन व्यवस्थापन गर्न सकेको अवस्थामा स्थानीय अभिभावक र सम्बन्धित सरोकारवालाहरू समेत बिश्वस्त रहन सक्ने सम्भाबना प्रसस्त रहेको देखिन्छ । समग्र विद्यालयको संस्थागत अवस्था तालिका नं. १.३६ देखि १.४२ मा र चित्र नं.१.२७ देखि १.३० मा उल्लेख गरिएको छ ।

**चित्र नं.१.२७: विद्यालमा रहेका भौतिक पूर्वाधारको अवस्था सम्बन्धी विवरण**




**चित्र नं.१.२८: तहगत रुपमा विद्यालयमा छात्र र छात्राको संख्यात्मक विवरण**



चित्र नं.१.२९: विद्यालयमा वर्तमान शौक्षिक गुणस्तरको अवस्था सम्बन्धी विवरण




चित्र नं.१.३०: बालमैत्री शिक्षा सम्बन्धी विवरण




चित्र नं. १.३१: छात्रवृति तथा लक्षित सुविधाको विवरण



**तालिका नं.१.३६: विद्यालयतथा शिक्षालयमा उपलब्ध भौतिक पूर्वाधारहरूको वर्तमान अवस्था**

| क्र.स | बाल विकास केन्द्र तथा विद्यालयको नाम | वडा नम्बर | भवन संख्या | | पुस्तकालय र अध्ययन केन्द्र ( छ/छैन) | | प्रयोगशाला | डेस्क / वेञ्चको क्षमता (संख्या/जना) | खेलमैदान क्षेत्रफल (वर्ग मी.) | कम्पाउण्ड वालको किसिम ( तारवार, कच्चि, पक्की) | चर्पीको सुविधा ( छ/छैन) | स्वच्छ खानेपानी (छ/छैन) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कच्ची | पक्की | कच्ची | पक्की | | | | | | |
| १ | श्री कटका मा.वि. याङपाङ | अरुण १ | ९ | | छ | | छ | ५×१५० | ५ मि. लम्बाई १५ मि. चौडाई | सामान्य | सामान्य | सामान्य |
| २ | श्री कोशी प्रा.वि मेनपु | अरुण १ | १ | | छैन | | छैन | ४×१२ | २.८ रो. | खुला छ | सामान्य | सामान्य |
| ३ | श्री जनसहयोगी प्रा.वि. | अरुण १ | १ | | | | | ४×२० | १ रो. ९-२-० | तारजाली | छ, कच्ची | छैन |
| ४ | श्री जन प्रेमी प्रा.वि खानीगाँउ | अरुण १ | २ | | | | | ४×२४ | ३ रो. | कच्ची पर्खाल | छ, पक्की | छैन |
| ५ | श्री जाल्पा प्रा.वि. गैरीछाप | अरुण १ | १ | | | | | ५×१२=६० | ०-८-०-३ रो. | खुल्ला छ | छ, कच्ची | छैन |
| ६ | श्री महाँकाली प्रा.वि. जालुढुङ्गा | अरुण १ | १ | १ | | छैन | छैन | ४×३०=१२० | ६ रो. १०-३-१० | खुल्ला छ | छ, कच्ची | छ |
| ७ | श्री रचना प्रा.वि. देउराली | अरुण १ | २ | | छैन | छैन | छैन | ४×२७= | १ आना ४ रो. | खुल्ला छ | छ, कच्ची | राम्रो छ |
| ८ | श्री चम्पे मा.वि. चम्पे | अरुण २ | ६ | | छैन | सामान्य | सामान्य | ५×११०= | ५ रो. | खुल्ला छ | सामान्य | सामान्य |
| ९ | श्री चन्डेश्वरी प्रा.वि. स्वयाङ | अरुण २ | ४ | | छैन | छैन | छैन | ४×२०= | ४ | खुल्ला छ | राम्रो | राम्रो |
| १० | श्री हिमशिखर प्रा.वि. कटहरे | अरुण २ | २ | | छैन | छैन | छैन | ५×२२= | ३ रो. | खुल्ला छ | सामान्य | सामान्य |
| ११ | श्री शिद्धाकाली प्रा.वि. वोक्ताम | अरुण २ | २ | | छैन | छैन | छैन | ५×२५= | | खुल्ला छ | सामान्य | सामान्य |
| १२ | श्री शुर्योदय प्रा.वि.सिस्नेरी | अरुण २ | १ | | छैन | छैन | छैन | ४×२२= | १ रो. ११ आना | खुल्ला छ | मध्यम | सामान्य |
| १३ | श्री शारदा मा.वि | अरुण ३ | ५ | ३ | छैन | छ | छ | ६×२००= | ०.पैसा १ दाम | खुल्ला छ | सामान्य | सामान्य |
| १४ | श्री सरस्वती आ.वि. रिखेटार | अरुण ३ | २ | | छैन | छैन | छैन | ४×५०= | २०२ रो.१०-१-३ | खुल्ला छ | सामान्य | सामान्य |
| १५ | श्री विजयवास प्रा.वि विजयवास | अरुण ३ | २ | | छैन | छैन | छैन | ४×५०= | ४ आना | खुल्ला छ | सामान्य | राम्रो |
| १६ | श्री पञ्चकन्याँ प्रा.वि. माचुङ | अरुण ३ | २ | | छैन | छैन | छैन | ४×२५= | १५ आना | खुल्ला छ | सामान्य | सामान्य |
| १७ | श्री रवेश्वर प्रा.वि. खोकुम्बु | अरुण ३ | १ | २ | छैन | छैन | छैन | ५×८०= | ३२ रो. | खुल्ला छ | कच्ची | छैन |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | श्री अरुणोदय प्रा.वि. चरम्बी | अरुण ४ | ७ | | छैन | छैन | छैन | ५×८०= | ११० रो. | खुल्ला छ | सामान्य | राम्रो |
| १९ | श्री जाल्पा आ.वि याङ्थर्पू | अरुण ४ | ४ | १ | छैन | छैन | छैन | ५×३२= | १.८.०.० | खुल्ला छ | राम्रो | सामान्य |
| २० | श्री विजया प्रा.वि गुफा | अरुण ४ | ३ | १ | छैन | छैन | छैन | ५×५०= | ९५ रो. | खुल्ला छ | कच्ची | छ, सामान्य |
| २१ | श्री कौशिका प्रा.वि चेचेलुङ | अरुण ४ | २ | ३ | छैन | छैन | छैन | ५×२०= | १२ रो. | खुल्ला छ | राम्रो | ठिकै छ |
| २२ | श्री अरुण प्रा.वि वरडाडा | अरुण ४ | १ | १ | छैन | छैन | छैन | २५ | ४ रो. २ रो. | खुल्ला छ | सामान्य | सामान्य |
| २३ | श्री विश्वप्रेमी मा.वि | अरुण ५ | १२ | | छ | छ | छ | ५×२००= | ३६ रोपनी | आंशिक छ | राम्रो | छ |
| २४ | श्री पञ्चकन्याँ आ.वि | अरुण ५ | १२ | | छैन | | छैन | १०५= | १ रो.भएको | आंशिक छ | राम्रो | राम्रो |
| २५ | श्री श्रीखण्ड प्रा.वि माङसुवा | अरुण ५ | ७ | | छैन | | छैन | ५×५०= | ३ आना ० पै.१दाम | छैन | राम्रो | छैन |
| २६ | श्री विश्यविद्योदय आ.वि | अरुण ५ | ४ | | छैन | | छ | ५×११९= | १ रो. | खुल्ला छ | ठिक | सामान्य |
| २७ | श्री महेन्द्रोदय मा.वि जरायोटार | अरुण ६ | ६ | | छ | | छ | ५×२००= | ६ रो. | खुल्ला छ | ठिक | सामान्य |
| २८ | श्री मकालु प्रा.वि धाउखानी | अरुण ६ | ६ | | छैन | | छैन | ४×२५= | १ रों ८ आना | खुल्ला छ | सामान्य | सामान्य |
| २९ | श्री सुर्योदय प्रा.वि.रानीटार | अरुण ६ | ५ | | छैन | | छैन | ५×२०= | | खुल्ला छ | राम्रो | राम्रो |
| ३० | श्री अरुण गंगा प्रा.वि. गुर्धने | अरुण ६ | २ | | छैन | | छैन | ४×१५= | ४ रो. ३ आना ० पैसा १ दाम | खुल्ला छ | जिर्ण | सामान्य |
| ३१ | श्री वाल संसारी प्रा.वि. माझीटार | अरुण ६ | ४ | | छैन | | छैन | ४×१०= | ४ रो. | खुल्ला छ | राम्रो | सामान्य |
| ३२ | श्री कोशी प्रा.वि भण्डारीगाँउ | अरुण ६ | ३ | | छैन | | छैन | ५×३०= | २ रो. | राम्रो | सामान्य | सामान्य |
| ३३ | श्री सगरमाथा मा.वि. सिकोटार | अरुण ७ | ७ | | छैन | | छैन | ५×५५= | | खुल्ला छ | सामान्य | सामान्य |
| ३४ | श्री जनश्र मवालकल्याण प्रा.वि. दिपलटार | अरुण ७ | २ | | छैन | | छैन | ५×४०= | ३ रो. | खुल्ला छ | सामान्य | सामान्य |
| ३५ | श्री साकेवा प्रा.वि. खाल्डे | अरुण ७ | १ | | छैन | | छैन | ५×१५= | ४ रो. | खुल्ला छ | सामान्य | सामान्य |
| ३६ | श्री प्याउली बोडीङ स्कुल प्याउली | अरुण ७ | १ | | छ | | छैन | ४×५५= | ४ रो. | खुल्ला छ | सामान्य | सामान्य |
| जम्मा | | | १३३ | १२ | | | | | | | | |

श्रोतः आवधिक गाउँपालिका विकास योजना तर्जुमा संस्थागत सर्वेक्षण तथा गाउँपालिकाको अभिलेख, २०७७

तालिका नं.१.३७: विद्यालगत शिक्षक दरबन्दी र कार्यरत शिक्षक विवरण

| क्र.स | विद्यालयको नाम | वडा नम्बर | किसिम ( सामुदायिक, संस्थागत, गुम्बा) | स्वीकृत दरबन्दी संख्या | कार्यरत क्षिक्षक संख्या | | कार्यरत जम्मा संख्या | महिला शिक्षक संख्या | | विषयगत शिक्षक संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | शिक्षक | शिक्षिका | | आधारभुत | मा.वि | गणित | विज्ञान | अंग्रेजी |
| १ | श्री कटका मा.वि. याङपाङ | अरुण १ | सामुदायिक | १५ | १२ | ५ | १७ | | | १ | ० | २ |
| २ | श्री कोशी प्रा.वि मेनपु | अरुण १ | सामुदायिक | १ | १ | | १ | | | | | |
| ३ | श्री जनसहयोगी प्रा.वि. | अरुण १ | सामुदायिक | ३ | १ | २ | ३ | | | | | |
| ४ | श्री जन प्रेमी प्रा.वि खानीगाँउ | अरुण १ | सामुदायिक | १ | १ | १ | २ | | | | | |
| ५ | श्री जाल्पा प्रा.वि. गैरीछाप | अरुण १ | सामुदायिक | १ | | २ | २ | | | | | |
| ६ | श्री महाँकाली प्रा.वि. जालुढुङ्गा | अरुण १ | सामुदायिक | ३ | २ | १ | ३ | | | | | |
| ७ | श्री रचना प्रा.वि. देउराली | अरुण १ | सामुदायिक | ३ | १ | २ | ३ | | | | | |
| ८ | श्री चम्पे मा.वि. चम्पे | अरुण २ | सामुदायिक | १३ | ८ | ५ | १३ | ४ | १ | १ | १ | १ |
| ९ | श्री चन्डेश्वरी प्रा.वि. स्वन्याङ | अरुण २ | सामुदायिक | ३ | १ | ३ | ४ | | | | | |
| १० | श्री हिमशिखर प्रा.वि. कटहरे | अरुण २ | सामुदायिक | ३ | | ३ | ३ | | | | | |
| ११ | श्री शिद्धाकाली प्रा.वि. वोक्ताम | अरुण २ | सामुदायिक | ९ | ७ | २ | ९ | | | | | |
| १२ | श्री शुर्योदय प्रा.वि.सिस्नेरी | अरुण २ | सामुदायिक | १ | १ | | १ | | | | | |
| १३ | श्री शारदा मा.वि | अरुण ३ | सामुदायिक | २० | १४ | ६ | २० | ४ | १ | २ | १ | ३ |
| १४ | श्री सरस्वती आ.वि. रिखेटार | अरुण ३ | सामुदायिक | ६ | ३ | ३ | ६ | | | | | |
| १५ | श्री विजयवास प्रा.वि विजयवास | अरुण ३ | सामुदायिक | ३ | २ | १ | ३ | | | | | |
| १६ | श्री पञ्चकन्याँ प्रा.वि. माचुङ | अरुण ३ | सामुदायिक | २ | २ | १ | ३ | | | | | |
| १७ | श्री रवेश्वर प्रा.वि. खोकुम्बु | अरुण ३ | सामुदायिक | २ | १ | १ | २ | | | | | |
| १८ | श्री अरुणोदय प्रा.वि. चरम्बी | अरुण ४ | सामुदायिक | १४ | ११ | ३ | १४ | | | १ | १ | १ |
| १९ | श्री जाल्पा आ.वि याङ्थर्पू | अरुण ४ | सामुदायिक | ८ | ७ | २ | ९ | ३ | | | | |
| २० | श्री विजया प्रा.वि गुफा | अरुण ४ | सामुदायिक | ३ | १ | २ | ३ | | | | | |
| २१ | श्री कौशिका प्रा.वि चेचेलुङ | अरुण ४ | सामुदायिक | २ | २ | | २ | | | | | |
| २२ | श्री अरुण प्रा.वि वरडाडा | अरुण ४ | सामुदायिक | १ | | १ | १ | | | | | |
| २३ | श्री विश्वप्रेमी मा.वि | अरुण ५ | सामुदायिक | २४ | १७ | ७ | २४ | ७ | ५ | २ | १ | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | श्री पञ्चकन्याँ आ.वि | अरुण ५ | सामुदायिक | ५ | ३ | २ | ५ | १ | | | | |
| २५ | श्री श्रीखण्ड प्रा.वि माङसुवा | अरुण ५ | सामुदायिक | ३ | ३ | १ | ४ | | | | | |
| २६ | श्री विश्वविद्योदय आ.वि | अरुण ५ | सामुदायिक | ३ | १ | १ | २ | | | | | |
| २७ | श्री महेन्द्रोदय मा.वि जरायोटार | अरुण ६ | सामुदायिक | १५ | ११ | ४ | १५ | ४ | | १ | १ | २ |
| २८ | श्री मकालु प्रा.वि धाउखानी | अरुण ६ | सामुदायिक | ३ | १ | २ | ३ | | | | | |
| २९ | श्री सुर्योदय प्रा.वि.रानीटार | अरुण ६ | सामुदायिक | २ | १ | १ | २ | | | | | |
| ३० | श्री अरुण गंगा प्रा.वि. गुर्धने | अरुण ६ | सामुदायिक | ३ | ३ | | ३ | | | | | |
| ३१ | श्री वाल संसारी प्रा.वि. माझीटार | अरुण ६ | सामुदायिक | १ | १ | १ | २ | | | | | |
| ३२ | श्री कोशी प्रा.वि भण्डारीगाँउ | अरुण ६ | सामुदायिक | २ | १ | १ | २ | | | | | |
| ३३ | श्री सगरमाथा मा.वि. सिक्रोटार | अरुण ७ | सामुदायिक | १२ | ६ | ६ | १२ | ४ | ८ | १ | १ | १ |
| ३४ | श्री जनश्र मवालकल्याण प्रा.वि. दिपलटार | अरुण ७ | सामुदायिक | | | | ० | | | | | |
| ३५ | श्री साकेवा प्रा.वि. खाल्डे | अरुण ७ | सामुदायिक | २ | १ | १ | २ | | | | | |
| ३६ | श्री प्याउली बोडीङ स्कुल प्याउली | अरुण ७ | सामुदायिक | ७ | १ | ६ | ७ | | | | | |
| जम्मा | | | | १९९ | १२८ | ७९ | २०७ | २७ | १५ | ९ | ६ | १२ |
| स्वीकृत दरबन्दीका आधारमा % | | | | | | | १०४.०२ | | | | | |

श्रोत: आवधिक गाउँपालिका विकास योजना तर्जुमा संस्थागत सर्वेक्षण तथा गाउँपालिकाको अभिलेख, २०७७

**तालिका नं. १.३८: भर्ना दर, निरन्तरता दर, सिकाई उपलब्धी दर**

| क्र.स | विद्यालयको नाम | वडा नम्बर | खुद भर्ना दर | | | निरन्तरता दर | | | सिकाई उपलब्धी दर | | | उर्त्तिण दर | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पूर्व प्राथमिक | आधारभूत | मा.वि. | पूर्व प्राथमिक | आधारभूत | मा.वि. | कक्षा ८ | कक्षा १० | कक्षा १२ | कक्षा ८ | कक्षा १० | कक्षा १२ |
| १ | श्री कटका मा.वि. याङपाङ | अरुण १ | २० | | | २० | १४७ | १५४ | ५४ | ५१ | | ५४ | ५१ | |
| २ | श्री कोशी प्रा.वि मेनपु | अरुण १ | १३ | | | १३ | | | | | | | | |
| ३ | श्री जनसहयोगी प्रा.वि. | अरुण १ | ४१ | | | ४१ | | | | | | | | |
| ४ | श्री जन प्रेमी प्रा.वि खानीगाँउ | अरुण १ | ११ | | | ११ | | | | | | | | |
| ५ | श्री जाल्पा प्रा.वि. गैरीछाप | अरुण १ | ४ | | | ४ | | | | | | | | |
| ६ | श्री महाँकाली प्रा.वि. जालुढुङ्गा | अरुण १ | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | श्री रचना प्रा.वि. देउराली | अरुण १ | १३ | | १३ | | | | | | | | | |
| ८ | श्री चम्पे मा.वि. चम्पे | अरुण २ | २४ | | २४ | | | ३६ | ४५ | | ३६ | ४५ | | |
| ९ | श्री चन्डेश्वरी प्रा.वि. स्वऱ्याङ | अरुण २ | ९ | | ९ | | | | | | | | | |
| १० | श्री हिमशिखर प्रा.वि. कटहरे | अरुण २ | ११ | | ११ | | | | | | | | | |
| ११ | श्री शिद्धाकाली प्रा.वि. वोक्ताम | अरुण २ | | | | | | | | | | | | |
| १२ | श्री शुर्योदय प्रा.वि.सिस्नेरी | अरुण २ | १२ | | १२ | | | | | | | | | |
| १३ | श्री शारदा मा.वि | अरुण ३ | १२ | | १२ | | | | | | | | | |
| १४ | श्री सरस्वती आ.वि. रिखेटार | अरुण ३ | ३० | | ३० | ५० | | | | | | | | |
| १५ | श्री विजयवास प्रा.वि विजयवास | अरुण ३ | १५ | | १५ | | | | | | | | | |
| १६ | श्री पञ्चकन्याँ प्रा.वि. माचुङ | अरुण ३ | १९ | | १९ | | | | | | | | | |
| १७ | श्री रवेश्वर प्रा.वि. खोकुम्बु | अरुण ३ | १० | | १० | | | | | | | | | |
| १८ | श्री अरुणोदय प्रा.वि. चरम्बी | अरुण ४ | १८ | | १८ | | | | | | | | | |
| १९ | श्री जाल्पा आ.वि याङ्थर्पू | अरुण ४ | १८ | | १८ | | | २९ | | | | | | |
| २० | श्री विजया प्रा.वि गुफा | अरुण ४ | ६ | | ६ | | | | | | | | | |
| २१ | श्री कौशिका प्रा.वि चेचेलुङ | अरुण ४ | १३ | | १३ | | | | | | | | | |
| २२ | श्री अरुण प्रा.वि वरडाडा | अरुण ४ | १६ | | १६ | | | | | | | | | |
| २३ | श्री विश्वप्रेमी मा.वि | अरुण ५ | ११ | | ११ | | १४७ | | | | | | | |
| २४ | श्री पञ्चकन्याँ आ.वि | अरुण ५ | ११ | | ११ | | | | | | | | | |
| २५ | श्री श्रीखण्ड प्रा.वि माङसुवा | अरुण ५ | १५ | | १५ | | | | | | | | | |
| २६ | श्री विश्यविद्योदय आ.वि | अरुण ५ | ६ | | ६ | | | | | | | | | |
| २७ | श्री महेन्द्रोदय मा.वि जरायोटार | अरुण ६ | २२ | | २२ | | | | | | | | | |
| २८ | श्री मकालु प्रा.वि धाउखानी | अरुण ६ | १८ | | १८ | | | | | | | | | |
| २९ | श्री सुर्योदय प्रा.वि.रानीटार | अरुण ६ | ५ | | ५ | | | | | | | | | |
| ३० | श्री अरुण गंगा प्रा.वि. गुर्धने | अरुण ६ | १६ | | १६ | | | | | | | | | |
| ३१ | श्री वाल संसारी प्रा.वि. माझीटार | अरुण ६ | ११ | | ११ | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३२ | श्री कोशी प्रा.वि भण्डारीगाँउ | अरुण ६ | १४ | | १४ | | | | | | | | | |
| ३३ | श्री सगरमाथा मा.वि. सिकोटार | अरुण ७ | २१ | | २१ | | | | | | | | | |
| ३४ | श्री जनश्र मवालकल्याण प्रा.वि. दिपलटार | अरुण ७ | ९ | | ९ | | | | | | | | | |
| ३५ | श्री साकेवा प्रा.वि. खाल्डे | अरुण ७ | ८ | | ८ | | | | | | | | | |
| ३६ | श्री प्याउली बोडीङ स्कुल प्याउली | अरुण ७ | १९ | | १९ | | | | | | | | | |

श्रोत: आवधिक गाउँपालिका विकास योजना तर्जुमा संस्थागत सर्वेक्षण तथा गाउँपालिकाको अभिलेख, २०७७

**तालिका नं.१.३९: विद्यालयगत बालबालिकालाई उपलब्ध दिवा खाजाको अवस्था**

| क्र.स | विद्यालयको नाम | वडा नम्बर | जम्मा विद्यार्थी | | आधारभूत शिक्षा पुरा गर्ने विद्यार्थी | | छात्रवृत्ती वा अन्य सुविधा पाउने विद्यार्थी | | दिवा खाजा खान पाउने विद्यार्थी | | कक्षा ९ मा प्राविधिक विषयमा भर्ना हुने विद्यार्थी | | विज्ञान विषयमा कक्षा ११ मा भर्ना हुने विद्यार्थी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| १ | श्री कटका मा.वि. याङपाङ | अरुण १ | | | | | | | | | | | | |
| २ | श्री कोशी प्रा.वि मेनपु | अरुण १ | १२ | १६ | | | | १६ | | | | | | |
| ३ | श्री जनसहयोगी प्रा.वि. | अरुण १ | २३ | १८ | | | | १८ | | | | | | |
| ४ | श्री जन प्रेमी प्रा.वि खानीगाँउ | अरुण १ | १६ | ११ | | | | ११ | | | | | | |
| ५ | श्री जाल्पा प्रा.वि. गैरीछाप | अरुण १ | ९ | १० | | | | १० | | | | | | |
| ६ | श्री महाँकाली प्रा.वि. जालुढुङ्गा | अरुण १ | २१ | २६ | | | | २६ | दिएको छैन | | | | | |
| ७ | श्री रचना प्रा.वि. देउराली | अरुण १ | २५ | २० | | | | २० | | | | | | |
| ८ | श्री चम्पे मा.वि. चम्पे | अरुण २ | १२५ | ११५ | | | | ११५ | | | | | | |
| ९ | श्री चन्डेश्वरी प्रा.वि. स्वऱ्याङ | अरुण २ | ३० | २८ | | | | २८ | | | | | | |
| १० | श्री हिमशिखर प्रा.वि. कटहरे | अरुण २ | २३ | १९ | | | | १५ | | दिएको छैन | | | | |
| ११ | श्री शिद्धाकाली प्रा.वि. वोक्ताम | अरुण २ | २३ | २६ | | | | २६ | | दिएको छैन | | | | |
| १२ | श्री शुर्योदय प्रा.वि.सिस्नेरी | अरुण २ | १५ | १४ | | | | १४ | | | | | | |
| १३ | श्री शारदा मा.वि | अरुण ३ | २३६ | २९१ | | | | १४३ | | | | | | |
| १४ | श्री सरस्वती आ.वि. रिखेटार | अरुण ३ | ३२ | १८ | | | | १८ | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | श्री विजयवास प्रा.वि विजयवास | अरुण ३ | १८ | २१ | | | | २१ | | | | | | |
| १६ | श्री पञ्चकन्याँ प्रा.वि. माचुङ | अरुण ३ | २३ | २१ | | | | २१ | | | | | | |
| १७ | श्री रवेश्वर प्रा.वि. खोकुम्बु | अरुण ३ | १३ | १४ | | | | १४ | | दिएको छैन | | | | |
| १८ | श्री अरुणोदय प्रा.वि. चरम्बी | अरुण ४ | १५६ | १४० | | | | ४० | | दिएको छैन | | | | |
| १९ | श्री जाल्पा आ.वि याङ्थर्पू | अरुण ४ | ९६ | ९७ | | | | | | दिएको छैन | | | | |
| २० | श्री विजया प्रा.वि गुफा | अरुण ४ | १६ | १९ | | | | १९ | | दिएको छैन | | | | |
| २१ | श्री कौशिका प्रा.वि चेचेलुङ | अरुण ४ | २४ | १४ | | | | १४ | | दिएको छैन | | | | |
| २२ | श्री अरुण प्रा.वि वरडाडा | अरुण ४ | ११ | ६ | | | | ६ | | दिएको छैन | | | | |
| २३ | श्री विश्वप्रेमी मा.वि | अरुण ५ | १६६ | १२८ | | | | ८३ | | | | | | |
| २४ | श्री पञ्चकन्याँ आ.वि | अरुण ५ | ६४ | ८३ | | | | ८३ | | | | | | |
| २५ | श्री श्रीखण्ड प्रा.वि माङसुवा | अरुण ५ | १६ | १४ | | | | १४ | | दिएको छैन | दिने शर्त | | | |
| २६ | श्री विश्यविद्योदय आ.वि | अरुण ५ | २० | १८ | | | | १८ | | | | | | |
| २७ | श्री महेन्द्रोदय मा.वि जरायोटार | अरुण ६ | १५० | १६० | | | | | | | | | | |
| २८ | श्री मकालु प्रा.वि धाउखानी | अरुण ६ | २५ | २१ | | | | २५ | | | | | | |
| २९ | श्री सुर्योदय प्रा.वि.रानीटार | अरुण ६ | १५ | ८ | | | | ८ | छैन | | | | | |
| ३० | श्री अरुण गंगा प्रा.वि. गुर्धने | अरुण ६ | २७ | २५ | | | | २५ | | | | | | |
| ३१ | श्री वाल संसारी प्रा.वि. माफ्फीटार | अरुण ६ | ८ | ९ | | | | ९ | | | | | | |
| ३२ | श्री कोशी प्रा.वि भण्डारीगाँउ | अरुण ६ | २१ | २१ | | | | २१ | | | | | | |
| ३३ | श्री सगरमाथा मा.वि. सिकोटार | अरुण ७ | ३५ | ३० | | | | ३० | | | | | | |
| ३४ | श्री जनश्र मवालकल्याण प्रा.वि. दिपलटार | अरुण ७ | ९ | १२ | | | | १२ | | | | | | |
| ३५ | श्री साकेवा प्रा.वि. खाल्डे | अरुण ७ | १० | १० | | | | १० | | | | | | |

श्रोतः आवधिक गाउँपालिका विकास योजना तर्जुमा संस्थागत सर्वेक्षण तथा गाउँपालिकाको अभिलेख, २०७७

तालिका नं. १.४०: विद्यालयको शैक्षिक गुणस्तर सम्बन्धी अवस्था

| क्र.स | विद्यालयको नाम | वडा नम्बर | अपाङ्ग विद्यार्थी श्रोत कक्षा (भएको/नभएको) | CBEGRA कार्यान्वयन (भएको/नभएको) | एकीकृत पाठ्यक्रम(भएको/नभएको) | इन्टरनेट सुविधा (भएको/नभएको) | छुट्टै प्रधानाध्यापक दरबन्दी (भएको/नभएको) |
|---|---|---|---|---|---|---|---|
| १ | श्री कटका मा.वि. याङपाङ | अरुण १ | भएको -१३ | | भएको | भएको | नभएको |
| २ | श्री कोशी प्रा.वि मेनपु | अरुण १ | नभएको | | भएको | भएको | नभएको |
| ३ | श्री जनसहयोगी प्रा.वि. | अरुण १ | छात्रा -२ | | भएको | भएको | नभएको |
| ४ | श्री जन प्रेमी प्रा.वि खानीगाँउ | अरुण १ | नभएको | | भएको | नभएको | नभएको |
| ५ | श्री जाल्पा प्रा.वि. गैरीछाप | अरुण १ | नभएको | | भएको | नभएको | नभएको |
| ६ | श्री महाँकाली प्रा.वि. जालुढुङ्गा | अरुण १ | नभएको | | भएको | नभएको | नभएको |
| ७ | श्री रचना प्रा.वि. देउराली | अरुण १ | | | भएको | नभएको | नभएको |
| ८ | श्री चम्पे मा.वि. चम्पे | अरुण २ | सामान्य | | भएको | भएको | नभएको |
| ९ | श्री चन्डेश्वरी प्रा.वि. स्वऱ्याङ | अरुण २ | नभएको | | भएको | नभएको | नभएको |
| १० | श्री हिमशिखर प्रा.वि. कटहरे | अरुण २ | भएको २ | | नभएको | नभएको | नभएको |
| ११ | श्री शिद्धाकाली प्रा.वि. वोक्ताम | अरुण २ | नभएको | | भएको | नभएको | नभएको |
| १२ | श्री शुर्योदय प्रा.वि.सिस्नेरी | अरुण २ | नभएको | | भएको | नभएको | नभएको |
| १३ | श्री शारदा मा.वि | अरुण ३ | भएको -२ | | भएको | नभएको | नभएको |
| १४ | श्री सरस्वती आ.वि. रिखेटार | अरुण ३ | | | भएको | नभएको | नभएको |
| १५ | श्री विजयवास प्रा.वि विजयवास | अरुण ३ | भएको -२ | | भएको | नभएको | नभएको |
| १६ | श्री पञ्चकन्याँ प्रा.वि. माचुङ | अरुण ३ | भएको | | भएको | नभएको | नभएको |
| १७ | श्री रवेश्वर प्रा.वि. खोकुम्बु | अरुण ३ | भएको | | भएको | नभएको | नभएको |
| १८ | श्री अरुणोदय प्रा.वि. चरम्बी | अरुण ४ | भएको | | भएको | नभएको | नभएको |
| १९ | श्री जाल्पा आ.वि याङ्थर्पू | अरुण ४ | भएको | | भएको | नभएको | नभएको |
| २० | श्री विजया प्रा.वि गुफा | अरुण ४ | भएको -१ | | भएको | नभएको | नभएको |
| २१ | श्री कौशिका प्रा.वि चेचेलुङ | अरुण ४ | भएको | | भएको | नभएको | नभएको |
| २२ | श्री अरुण प्रा.वि वरडाडा | अरुण ४ | भएको | | नभएको | नभएको | नभएको |
| २३ | श्री विश्वप्रेमी मा.वि | अरुण ५ | भएको ५ | | नभएको | नभएको | नभएको |
| २४ | श्री पञ्चकन्याँ आ.वि | अरुण ५ | भएको १ | | भएको | नभएको | नभएको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २५ | श्री श्रीखण्ड प्रा.वि माङसुवा | अरुण ५ | भएको १ | | भएको | नभएको | नभएको |
| २६ | श्री विश्यविद्योदय आ.वि | अरुण ५ | भएको १ | | भएको | नभएको | नभएको |
| २७ | श्री महेन्द्रोदय मा.वि जरायोटार | अरुण ६ | भएको १ | | भएको | नभएको | नभएको |
| २८ | श्री मकालु प्रा.वि धाउखानी | अरुण ६ | भएको १ | | भएको | नभएको | नभएको |
| २९ | श्री सुर्योदय प्रा.वि.रानीटार | अरुण ६ | भएको १ | | भएको | नभएको | नभएको |
| ३० | श्री अरुण गंगा प्रा.वि. गुर्धने | अरुण ६ | भएको १ | | भएको | नभएको | नभएको |
| ३१ | श्री वाल संसारी प्रा.वि. माझीटार | अरुण ६ | भएको | | भएको | नभएको | नभएको |
| ३२ | श्री कोशी प्रा.वि भण्डारीगाँउ | अरुण ६ | भएको | | भएको | नभएको | नभएको |
| ३३ | श्री सगरमाथा मा.वि. सिकोटार | अरुण ७ | भएको | | भएको | नभएको | नभएको |
| ३४ | श्री जनश्र मवालकल्याण प्रा.वि. दिपलटार | अरुण ७ | भएको | | भएको | नभएको | नभएको |
| ३५ | श्री साकेवा प्रा.वि. खाल्डे | अरुण ७ | भएको | | भएको | नभएको | नभएको |

श्रोतः आवधिक गाउँपालिका विकास योजना तर्जुमा संस्थागत सर्वेक्षण तथा गाउँपालिकाको अभिलेख, २०७७

**तालिका नं.१.४१: विद्यालयमा बालमैत्री शिक्षा तथा शिक्षणको वर्तमान अवस्था सम्बन्धी विवरण**

| क्र.स | विद्यालयको नाम | वडा नम्बर | विद्यालय शान्ति क्षेत्र कार्यान्वयन ( भएको/नभएको) | विद्यालय सुधार योजना अद्यावधिक ( भएको/नभएको) | बाल क्लब गठन ( भएको / नभएको) | बालमैत्री शिक्षण विधिको प्रयोग ( भएको/नभएका) |
|---|---|---|---|---|---|---|
| १ | श्री कटका मा.वि. याङपाङ | अरुण १ | भएको | भएको | भएको | भएको |
| २ | श्री कोशी प्रा.वि मेनपु | अरुण १ | भएको | भएको | भएको | भएको |
| ३ | श्री जनसहयोगी प्रा.वि. | अरुण १ | भएको | भएको | भएको | भएको |
| ४ | श्री जन प्रेमी प्रा.वि खानीगाँउ | अरुण १ | भएको | भएको | भएको | भएको |
| ५ | श्री जाल्पा प्रा.वि. गैरीछाप | अरुण १ | भएको | नभएको | नभएको | भएको |
| ६ | श्री महाँकाली प्रा.वि. जालुढुङ्गा | अरुण १ | भएको | भएको | भएको | भएको |
| ७ | श्री रचना प्रा.वि. देउराली | अरुण १ | भएको | भएको | भएको | भएको |
| ८ | श्री चम्पे मा.वि. चम्पे | अरुण २ | भएको | भएको | भएको | भएको |
| ९ | श्री चन्डेश्वरी प्रा.वि. स्वञ्याङ | अरुण २ | भएको | भएको | भएको | भएको |
| १० | श्री हिमशिखर प्रा.वि. कटहरे | अरुण २ | भएको | भएको | भएको | भएको |
| ११ | श्री शिद्धाकाली प्रा.वि. वोक्ताम | अरुण २ | भएको | भएको | भएको | भएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | श्री शुर्योदय प्रा.वि.सिस्नेरी | अरुण २ | भएको | भएको | भएको | भएको |
| १३ | श्री शारदा मा.वि | अरुण ३ | भएको | भएको | भएको | भएको |
| १४ | श्री सरस्वती आ.वि. रिखेटार | अरुण ३ | भएको | भएको | भएको | भएको |
| १५ | श्री विजयवास प्रा.वि विजयवास | अरुण ३ | भएको | भएको | भएको | भएको |
| १६ | श्री पञ्चकन्याँ प्रा.वि. माचुङ | अरुण ३ | भएको | भएको | भएको | भएको |
| १७ | श्री रवेश्वर प्रा.वि. खोकुम्बु | अरुण ३ | भएको | नभएको | नभएको | भएको |
| १८ | श्री अरुणोदय प्रा.वि. चरम्बी | अरुण ४ | भएको | नभएको | नभएको | भएको |
| १९ | श्री जाल्पा आ.वि याङ्थर्पू | अरुण ४ | भएको | नभएको | नभएको | भएको |
| २० | श्री विजया प्रा.वि गुफा | अरुण ४ | भएको | भएको | भएको | भएको |
| २१ | श्री कौशिका प्रा.वि चेचेलुङ | अरुण ४ | भएको | नभएको | नभएको | भएको |
| २२ | श्री अरुण प्रा.वि वरडाडा | अरुण ४ | भएको | नभएको | नभएको | भएको |
| २३ | श्री विश्वप्रेमी मा.वि | अरुण ५ | भएको | नभएको | नभएको | भएको |
| २४ | श्री पञ्चकन्याँ आ.वि | अरुण ५ | भएको | भएको | भएको | भएको |
| २५ | श्री श्रीखण्ड प्रा.वि माङसुवा | अरुण ५ | भएको | भएको | भएको | भएको |
| २६ | श्री विश्यविद्योदय आ.वि | अरुण ५ | भएको | भएको | भएको | भएको |
| २७ | श्री महेन्द्रोदय मा.वि जरायोटार | अरुण ६ | भएको | भएको | भएको | भएको |
| २८ | श्री मकालु प्रा.वि धाउखानी | अरुण ६ | भएको | भएको | भएको | भएको |
| २९ | श्री सुर्योदय प्रा.वि.रानीटार | अरुण ६ | भएको | भएको | भएको | भएको |
| ३० | श्री अरुण गंगा प्रा.वि. गुर्धने | अरुण ६ | भएको | भएको | भएको | भएको |
| ३१ | श्री वाल संसारी प्रा.वि. माझीटार | अरुण ६ | भएको | भएको | भएको | भएको |
| ३२ | श्री कोशी प्रा.वि भण्डारीगाँउ | अरुण ६ | भएको | भएको | भएको | भएको |
| ३३ | श्री सगरमाथा मा.वि. सिकोटार | अरुण ७ | भएको | भएको | भएको | भएको |
| ३४ | श्री जनश्र मवालकल्याण प्रा.वि. दिपलटार | अरुण ७ | भएको | भएको | भएको | भएको |
| ३५ | श्री साकेवा प्रा.वि. खाल्डे | अरुण ७ | भएको | भएको | भएको | भएको |

श्रोतः आवधिक गाउँपालिका विकास योजना तर्जुमा संस्थागत सर्वेक्षण तथा गाउँपालिकाको अभिलेख, २०७७

**तालिका नं.१.४२: विद्यालयमा बालबालिकालाई उपलब्ध छात्रवृति तथा लक्षित सुविधाको विवरण**

| क्र.स | विद्यालयको नाम र ठेगाना ( किसिम र तह) | वडा नम्बर | छात्रवृतिको किसिम अनुसार | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | | अपाङ्ग | | विपन्न | | जेहेन्दार | | अन्य सुविधा | | |
| | | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | |
| १ | श्री कटका मा.वि. याङपाङ | अरुण १ | ६ | ७ | ७ | ६ | | | | | | २६० | २८६ |
| २ | श्री कोशी प्रा.वि मेनपु | अरुण १ | | | | | | | | | | | ० |
| ३ | श्री जनसहयोगी प्रा.वि. | अरुण १ | | ३ | | २ | | | | | | १३ | १८ |
| ४ | श्री जन प्रेमी प्रा.वि खानीगाँउ | अरुण १ | | | १ | | | | | | | ३ | ४ |
| ५ | श्री जाल्पा प्रा.वि. गैरीछाप | अरुण १ | | | | | | | | | | १० | १० |
| ६ | श्री महाँकाली प्रा.वि. जालुढुङ्गा | अरुण १ | | | | | | | | | | २६ | २६ |
| ७ | श्री रचना प्रा.वि. देउराली | अरुण १ | १ | १ | | | | | | | | | २ |
| ८ | श्री चम्पे मा.वि. चम्पे | अरुण २ | | | १ | १ | | | | | | | २ |
| ९ | श्री चन्डेश्वरी प्रा.वि. स्वऱ्याङ | अरुण २ | | | | | | | | ६ | | २८ | ३४ |
| १० | श्री हिमशिखर प्रा.वि. कटहरे | अरुण २ | | | | | | | | | | १५ | १५ |
| ११ | श्री शिद्धाकाली प्रा.वि. वोक्ताम | अरुण २ | | | | | | | | | | | ० |
| १२ | श्री शुर्योदय प्रा.वि.सिस्नेरी | अरुण २ | | | | | | | | | | १४ | १४ |
| १३ | श्री शारदा मा.वि | अरुण ३ | | | | | | | | | | | ० |
| १४ | श्री सरस्वती आ.वि. रिखेटार | अरुण ३ | २५ | २९ | ३ | ३ | | | | | | १४३ | २०३ |
| १५ | श्री विजयवास प्रा.वि विजयवास | अरुण ३ | | | | | | | | | | | ० |
| १६ | श्री पञ्चकन्याँ प्रा.वि. माचुङ | अरुण ३ | | | | | | | | | | | ० |
| १७ | श्री रवेश्वर प्रा.वि. खोकुम्बु | अरुण ३ | | | | | | | | | | | ० |
| १८ | श्री अरुणोदय प्रा.वि. चरम्बी | अरुण ४ | | | | | | | | | | | ० |
| १९ | श्री जाल्पा आ.वि याङ्थर्पू | अरुण ४ | १३ | १२ | ३ | ४ | | | | | | ८३ | ११५ |
| २० | श्री विजया प्रा.वि गुफा | अरुण ४ | ३ | २ | | १ | | | | | | | ६ |
| २१ | श्री कौशिका प्रा.वि चेचेलुङ | अरुण ४ | | | | | | | | | | १० | १० |
| २२ | श्री अरुण प्रा.वि वरडाडा | अरुण ४ | २ | | | | | | | | | ६ | ८ |
| २३ | श्री विश्वप्रेमी मा.वि | अरुण ५ | | | | | | | | | | | ० |
| २४ | श्री पञ्चकन्याँ आ.वि | अरुण ५ | | | | १ | | | | | | ८३ | ८४ |
| २५ | श्री श्रीखण्ड प्रा.वि माङसुवा | अरुण ५ | | १ | | | | | | | | १४ | १५ |
| २६ | श्री विश्यविद्योदय आ.वि | अरुण ५ | २ | ३ | | | | | | | | १८ | २३ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २७ | श्री महेन्द्रोदय मा.वि जरायोटार | अरुण ६ | | | २ | २ | | | | | | | ४ |
| २८ | श्री मकालु प्रा.वि धाउखानी | अरुण ६ | १ | १ | | | | | | | | ३ | ५ |
| २९ | श्री सुर्योदय प्रा.वि.रानीटार | अरुण ६ | १ | १ | | | | | | | | ८ | १० |
| ३० | श्री अरुण गंगा प्रा.वि. गुर्धने | अरुण ६ | | | | | | | | | | २५ | २५ |
| ३१ | श्री वाल संसारी प्रा.वि. माझीटार | अरुण ६ | १ | १ | | | | | | | | ९ | ११ |
| ३२ | श्री कोशी प्रा.वि भण्डारीगाँउ | अरुण ६ | १० | १० | | | | | | | | ३५ | ५५ |
| ३३ | श्री सगरमाथा मा.वि. सिक्रोटार | अरुण ७ | १ | २ | ४ | १ | | | | | | ६६ | ७४ |
| ३४ | श्री जनश्र मवालकल्याण प्रा.वि. दिपलटार | अरुण ७ | १ | १ | २ | | १ | | | | | ५ | १० |
| ३५ | श्री साकेवा प्रा.वि. खाल्डे | अरुण ७ | ३ | | | | १ | | | | | ४ | ८ |
| जम्मा | | | ७० | ७४ | २३ | २१ | २ | ० | ० | ६ | ० | ८८१ | १०७७ |
| छात्रवृत्तीको किसिम अनुसार | | | १४४ | | ४४ | | २ | | ६ | | ८८१ | | १०७७ |
| कुल बिध्यार्थि संख्या (४०८१) को प्रतिसत | | | ३.५३ | | १.०८ | | ०.०५ | | ०.१५ | | २१.५९ | | २६.४ |

श्रोत: आवधिक गाउँपालिका विकास योजना तर्जुमा संस्थागत सर्वेक्षण तथा गाउँपालिकाको अभिलेख, २०७७

## १.९. स्वास्थ्य तथा सरसफाई

### १.९.१ स्वास्थ्य सेवाको पहुंचः

गाउँपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाको वर्तमान अवस्थाको हकमा प्रत्येक वडामा १-१ वटा गरी आभारभुत स्वास्थ्य केन्द्र तथा चौकी गरी कुल ७ स्वास्थ्य संस्था बाट गाउँपालिका भरी स्वास्थ्य सेवा प्रवाह गरिरहेको अवस्था छ भने गाउँपालिकाले पालिक स्तरीय अस्पताल निर्माणकालागि सिलान्यस गरिसकेको अवस्था रहेको छ । यसै पालिका भित्र विभिन्न वडामा रहेका खोपकेन्द्र तथा गाउँघर क्लिनिकहरू मार्फत महिला, बालबालिका लगायतलाई आधारभुत खोप सेवा प्रवाह गरिरहेको अवस्था देखिएको छ । स्वास्थ्य सेवा प्रवाहमा सम्लग्न रहेका स्वास्थ्य संस्थाहरूको संस्थागत सर्वेक्षण गर्दा भौतिक पूर्वाधार तर्फ ४ वटाको मात्र पक्की भबन रहेको, प्रसुति सेवा सबैमा रहेको, प्रयोगशाला र एक्स्रे सेवा १ वटामा मात्र रहेको, परमार्श सेवा, सुरक्षित मातृत्व सेवा र रक्त सञ्चार सेवा कुनैमा पनि नभएको अवस्था देखिन्छ । यसरी समग्रमा अधिकाङ्समा आवश्यकता बमोजिमको भबन, बिमारी उपचार कक्ष, प्रशुति सेवा, परिक्षण प्रयोगशाला (ल्याव) लगायतका आधारभुत आवश्यकताका सुविधाहरू पर्याप्त उपलब्ध हुन नसकेको साथै दक्ष जनशत्तिको समेत अभाव रहेको अवस्था रहेको पाईएको छ । जनशक्तिको अध्ययन गर्दा यस पालिकाकालागि ५४ वटा दरबन्दी रहेकोमा प्राथमिक स्वास्थ्य केन्द्र प्याउलीमा एक जना बिशेषज्ञ चिकिन्सक रहेको साथै सवै स्वास्थ्य केन्द्रमा गरेर सामान्य चिकित्सक ७, हेल्थ असिस्टेन्ट ६, नर्स ३, अहेव १२, ल्याव टेक्निसियन ६ समते गरी कुल ४७ (कुल दरबन्दीको ९०.७४ %) जना चिकित्सक तथा स्वास्थ्य कर्मीहरूले आधारभुत स्वास्थ्य केन्द्रहरूमा सेवा प्रवाह गरिरहेका छन् । हाम्रा बानी व्यहोरमा भएका परिवर्तन, आधुनिक दुनियाँमा देखिएका खानपानका परिकारको विविधता र बढ्दो प्रदुषणका कारण दिन प्रतिदिन विभिन्न रोगब्यधिउत्पन्न हुने र कहिलेकाहि महाँमारीको रुप समेत लिने गर्दछ । तसर्थ उपचार सेवामा सवै स्थानीयबासीको सहज पँहुच स्थापित गर्न तथा सेवा सुविधाको खोजी र उपचारको वहानामा हुँने बसाइसराईको साझा रोकथामको एक महत्वपूर्ण विकल्प स्थानीय स्तरमा उपलब्ध हुने स्वास्थ्य सेवा र त्यसको प्रभावमा समेत निर्भर रहन्छ । तसर्थ यस गाउँपालिकाले दक्ष तथा विशेषज्ञ चिकित्सक सहित सुविधा युक्त स्वास्थ्य पूर्वाधारको व्यवस्था गर्ने तर्फ प्रथम प्राथमिकताका साथ योजना तर्जुमा गर्न अनिवार्य छ । गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरू साथै जनशक्ति र उपलब्ध सेवाको विवरण तालिका नं. १.४३ देखि १.४५ तथा चित्र नं. १.३२ र १.३३ मा उल्लेख गरिएको छ ।

**तालिका नं.१.४३: स्वास्थ्य संस्थाहरूको भबनको अवस्था र जनशक्तिको स्वीकृत दरबन्दी सम्बन्धी विवरण**

| क्र.स. | स्वास्थ्य संस्थाको नाम र ठेगाना | वडा नम्बर | संस्थाको प्रकार | स्वास्थ्यकर्मी स्विकृत दरबन्दी | भबनको अवस्था | | | पूर्तिको अवस्था |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | कोठा संख्या | कच्चि | पक्कि | |
| १ | याङपाङ स्वास्थ्य चौकी | १ | | ७ | ५ | √ | | |
| २ | चम्पे स्वास्थ्य चौकी | २ | | ७ | ६ | √ | | |
| ३ | प्राथमिक स्वास्थ्य केन्द्र प्याउली | ३ | | १४ | १६ | | √ | |
| ४ | याकु स्वास्थ्य चौकी | ५ | | ७ | १४ | | √ | |
| ५ | चरम्बी स्वास्थ्य चौकी | ४ | | ७ | ४ | | √ | |
| ६ | जरायोटार स्वास्थ्य चौकी | ६ | | ७ | ३ | | √ | |
| ७ | सामुदायिक स्वा. ईकाई सिकेटार | ७ | | ३ | | √ | | |
| ८ | स्वास्थ्य शाखा प्याउली | ३ | | २ | | | √ | |
| **जम्मा** | | | | ५४ | ४८ | | | |

श्रोतः संस्थागत सर्वेक्षण तथा गाउँपालिकाको अभिलेख, २०७७

चित्र नं.१.३२ वर्तमान स्वास्थ्य संस्थाहरूको अवस्थिति



**तालिका नं.१.४४: स्वास्थ्य संस्थाहरूमा उपलब्ध सेवा सुविधाको वर्तमान अवस्था**

| क्र.स. | स्वास्थ्य संस्थाको नाम र ठेगाना | वडा नम्बर | प्रसुति सेवा | ल्याव | क्लिनिक | एक्स रे सेवा | परिवार नियोँजन | खोप सेवा | एसी सटि | परामर्श सेवा | सुरक्षित मातृत्व सेवा | रक्त संचार सेवा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | याङपाङ स्वास्थ्य चौकी | १ | छ | छैन | ५ | छैन | छ | छ | | छ | छैन | |
| २ | चम्पे स्वास्थ्य चौकी | २ | छ | छैन | ३ | छैन | छ | छ | | छ | छैन | |
| ३ | प्राथमिक स्वास्थ्य केन्द्र प्याउली | ३ | छ | छ | ३ | छ | छ | छ | | छ | छैन | |
| ४ | याकु स्वास्थ्य चौकी | ५ | छ | छैन | ५ | छैन | छ | छ | | छ | छैन | |
| ५ | चरम्बी स्वास्थ्य चौकी | ४ | छ | छैन | ३ | छैन | छ | छ | | छ | छैन | |
| ६ | जरायोटार स्वास्थ्य चौकी | ६ | छ | छैन | | छैन | छ | छ | | छ | छैन | |
| ७ | सामुदायिक स्वा. ईकाई सिकेटार | ७ | छ | छैन | | छैन | छ | छ | | छ | छैन | |
| ८ | स्वास्थ्य शाखा प्याउली | ३ | | | | | | | | | | |

श्रोत: संस्थागत सर्वेक्षण तथा गाउँपालिकाको अभिलेख, २०७७

**चित्र नं. १.३३: स्वास्थ्य संस्थाहरूमा उपलब्ध सेवा सुविधाको वर्तमान अवस्था**




**तालिका नं.१.४५: चिकित्सक तथा स्वास्थ्यकर्मीको विवरण**

| क्र.स. | स्वास्थ्य संस्थाको नाम र ठेगाना | वडा नम्बर | कार्यरत स्वास्थ्यकर्मीको संख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकार | विशेषज्ञ चिकित्सक | सामान्य चिकित्सक | हे.अ. | नर्स | अहेव | अनमी | ल्याव टेक्निसियन | जम्मा |
| १ | याङपाङ स्वास्थ्य चौकी | १ | | | | १ | | २ | २ | १ | ६ |
| २ | चम्पे स्वास्थ्य चौकी | २ | | | १ | १ | | २ | २ | १ | ७ |
| ३ | प्राथमिक स्वास्थ्य केन्द्र | ३ | | १ | ४ | १ | १ | ३ | २ | १ | १३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्याउली | | | | | | | | | | |
| ४ | याकु स्वास्थ्य चौकी | ५ | | | | १ | २ | | २ | | ५ |
| ५ | चरम्बी स्वास्थ्य चौकी | ४ | | | १ | १ | | २ | २ | १ | ७ |
| ६ | जरायोटार स्वास्थ्य चौकी | ६ | | | १ | १ | | २ | २ | १ | ७ |
| ७ | सामुदायिक स्वा. ईकाई सिकेटार | ७ | | | | | | १ | २ | १ | ४ |
| ८ | स्वास्थ्य शाखा प्याउली | | | ० | | | | | | | ० |
| जम्मा | | | | १ | ७ | ६ | ३ | १२ | १४ | ६ | ४९ |
| स्वीकृत दरबन्दीको प्रतिसत | | | | | | | | | | | ९०.७४ |

श्रोतः संस्थागत सर्वेक्षण तथा गाउँपालिकाको अभिलेख, २०७७

### १.९.१.१: खोप, पोषण तथा सुरक्षित मातृत्वको वर्तमान अवस्था

गाउँपालिकाको प्रोफाइल्, २०७७ का आधारमा यस पालिका भित्र ० देखि ४ बर्ष उमेर समुहका बालबालिका ११७५ रहेको देखिन्छ भने ५ बर्ष उमेर समूह सम्मलाई समेट्दा यो सङ्ख्या केहि बृद्धि हुन जान्छ । संस्थागत सर्वेक्षण बाट प्राप्त विवरणका आधारम कुल बालबालिका मध्ये ५ बर्ष मुनिका समेत गरी ९६३ जना बालबालिका कुनै न कुनै प्रकारको खोप सेवामा लिने कार्यमा सम्लग्न रहेको देखिन्छ । यसको अर्थ अहिले पनि खेपा सेवालाई सतप्रतिसत बनाउन सकिएको छैन भने सुरक्षित मात्रत्वका अवस्थाका बारेमा अध्ययन गर्दा गर्भावस्था/प्रसुती अवस्था/सुत्केरी पछिको ६ हप्ता भित्र मृत्यु भएका महिलाको सङ्ख्या १ रहेको, मृत जन्म नवजात शिशुको सङ्ख्या १ रहेको, ६४ जना जीवित नवजात शिशु मध्ये २ जनाको जन्मेको २८ दिनभित्र मृत्यु भएको देखिन्छ । परिवार नियोँजनका अस्थाई साधन प्रति आकर्षण बढेको देखिएको भएता पनि गर्भिणी महिला ले अनिवार्य लिनु पर्ने खोपको मात्रा र स्वास्थ्य संस्थामा सुत्केरी गराएका महिलाको विवरण भने प्राप्त हुने नसकेको अवस्था छ तथा बृद्धि अनुगमन गरिएका बालबालिका मध्ये ६१९ बालबालिका कुपोषित रहेको अवस्था छ । एकातर्फ समग्रमा सम्बन्धित स्वास्थ्य संस्था वा गाउँपालिकाको स्वास्थ्य शाखा बाट सामान्य विवरण मात्र उपलब्ध हुन सकेको कारण आवधिक योजना मार्फत यसलाई थप ब्यवस्थित बनाउन योजना निर्माणका साथ अघि बढ्न आवशयक देखिएको छ भने अर्को तर्फ यस पालिका भित्र सवै वडामा गरी ६६ जना स्वास्थ्य स्वयमं सेविकाहरू (१ महिला स्वास्थ्य स्वयं सेविका बराबार २७० जना मानिस) महिला र बालबालिकाको प्रारम्भिक स्वास्थ्य रक्षाका कृयाशिल रहेको भएतापनी यीनको सङ्ख्या समेत थप गर्नु पर्ने अवस्था छ । वर्तमान खोप तथा पोषण र सुरक्षित मातृत्व सम्बन्धी प्राप्त विवरण तालिका नं. १.४६ र १.४७ मा उल्लेख गरिएको छ ।

**तालिका नं.१.४६: खोप तथा पोषण सम्बन्धी विवरण (२०७७ श्रावण - पौष सम्म)**

| क्र.स. | स्वास्थ्य संस्थाको नाम र ठेगाना | वडा नम्बर | बालबालिका संख्या | | | खोप लिने बालबालिका संख्या | | | | | ५ बर्ष मुनीका बालबालिका | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ बर्ष मूनीका | २ बर्ष मूनीका | ५ बर्ष मूनीका | विसिजि | पेण्टा भ्यालेण्ट | पोलियो तेश्रो | दादुरा /रुबेला | जापानिज इन्सफलाइटिस (जे.ई.) | बृद्धि अनुगमन गरिएका | बृद्धि अनुगमन गरिएका मध्ये कुपोषित |
| १ | याङपाङ स्वास्थ्य चौकी | १ | ५४ | ५३ | ५० | ३१ | १०२ | २६ | २४ | २६ | १०२ | १०० |
| २ | चम्पे स्वास्थ्य चौकी | २ | ५१ | ४९ | ४५ | २५ | ९५ | १८ | २६ | २३ | १७५ | १२६ |
| ३ | प्राथमिक स्वास्थ्य केन्द्र प्याउली | ३ | ४६ | ४४ | ४३ | ३२ | ८४ | २३ | २९ | २९ | १७० | १०१ |
| ४ | याकु स्वास्थ्य | ५ | ४९ | ४८ | ४६ | १९ | ९० | २१ | २३ | २२ | १९२ | १७५ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चौकी | | | | | | | | | | | |
| ५ | चरम्बी स्वास्थ्य चौकी | ४ | ५२ | ५१ | ६५ | ३२ | ७० | ११ | ३५ | २० | १४५ | ९ |
| ६ | जरायोटार स्वास्थ्य चौकी | ६ | ५५ | ५४ | ५२ | ३९ | ८५ | २२ | २२ | २५ | ७५ | ७३ |
| ७ | सामुदायिक स्वा. ईकाई सिकेटार | ७ | १९ | १९ | १८ | ३५ | ७५ | २९ | २७ | २८ | ३८ | ३५ |
| जम्मा | | | ३२६ | ३१८ | ३१९ | २१३ | ६०१ | १५० | १८६ | १७३ | ८९७ | ६१९ |

श्रोतः संस्थागत सर्वेक्षण तथा गाउँपालिकाको अभिलेख, २०७७

**तालिका नं.१.४७ सुरक्षित मात्रृत्व सम्बन्धी विवरण**

| वडा | गर्भावस्था/प्रसुती अवस्था/सुत्केरी पछिको ६ हप्ता भित्र मृत्यु भएका महिला | जीवित नवजात शिशु संख्या | मृत जन्म नवजात शिशु | जन्मेको २८ दिनभित्र मृत्यु भएका नवजात शिशु | १५-५९ बर्षका महिलाको संख्या | परिवार नियोँजनको साधन प्रयोग गर्ने महिला | | परिवार नियोँजनको साधन प्रयोग गर्ने पुरुष | | महिला स्वास्थ्य स्वयंसेविका |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | अस्थायी | स्थायी | अस्थायी | संख्या |
| १ | १ | ५ | | १ | २०९ | ४ | ३१५ | १ | ४५० | ९ |
| २ | | ७ | | | १७४ | ६ | ३४० | ३ | ३७५ | ९ |
| ३ | | १२ | १ | १ | १७५ | ३ | २९० | १ | ४०० | ९ |
| ४ | | ९ | | | २३४ | ५ | ३०५ | १ | ३९० | ९ |
| ५ | | १४ | | | २०३ | २ | १९० | | २४० | १० |
| ६ | | ११ | | | २४३ | १ | ३२५ | ४ | ३३० | ९ |
| ७ | | ६ | | | ३७० | ३ | २८० | | ३६५ | ११ |
| जम्मा | १ | ६४ | १ | २ | १६०८ | २४ | २०४५ | १० | २५५० | ६६ |
| % (कुल संख्याको | १.४९ | ९५.५२ | १.४९ | २.९९ | १८.७७ | ०.२८ | २३.८७ | ०.११ | २७.५५ | ०.३७ |

श्रोतः संस्थागत सर्वेक्षण तथा गाउँपालिकाको अभिलेख, २०७७

### १.९.२ सरसफाईको स्थिति र संस्थागत अवस्था

स्वस्थता र निरोगिता मानव जीबन रक्षाको महत्वपूर्ण पक्षको रुपमा विश्वब्यापि मान्यता र आधारभुत अवस्था सँग आवद्ध छ । कुनै पनि मुलुक वा स्थान र क्षेत्रको समृद्धि निर्माण स्वस्थ नागरिकको जन्म र बसोबासले मात्र सम्भव छ र रहन्छ पनि । स्वस्थ नागरिकको जन्म स्वस्थ आमा बाट मात्रै सम्भव छ । स्वस्थ आमाकालागि एकातिर आमाको गर्भमा रहँदा उन्ले प्राप्त गरेको भोजन बाट सुरु भई गर्भिणी अवस्थामा उन्ले प्राप्त गर्ने खाना वा आहारमा निर्भर रहने गर्दछ भने अर्कोतिर गर्भमा रहँदै देखि रोग प्रतिरोधात्मक क्षमता विकास र बिस्तारकालागि उस्ले प्राप्त गर्ने खोप र गर्भिणी अवस्थामा उपलब्ध स्वास्थ्य सेवा र सुविधामा निर्भर रहन्छ। एउटा स्वस्थ मानवकालागि उस्ले दैनिक उपभोग गर्ने खान पान मात्र हैन वातावरणको प्रभाव समेत मुख्य कारकको रुपमा रहेको हुन्छ । मानव कृयाकलाप बाट निस्कने फोहोरमैलाको समयोचित व्यवस्थापन हुन नसकेमा यसले मुख्य गरी माटोमा प्रदुषण (Soil Contamination), पानी प्रदुषण (Water Contamination), बायु प्रदुषण (Air Contamination), वातावरणीय असर (Climate Change), जनावर तथा सामुद्रिक जीबनमा असर (Impact on Animal and Marine Life), मानवीय जीबनमा क्षती (Human Damage) समेत गरी जम्मा ६ स्थानमा नकारात्मक

असर गर्दछ । तसर्थ अरुण गाउँपालिका भित्र मानव कृयाकलाप बाट निस्कने फोहोरमैलाको विषर्जन र व्यवस्थापनको वर्तमान अवस्था, खानेपानीको श्रोत र यसको प्रयोग, शौचालयको अवस्था र प्रयोग, बनजङ्गल समेतका प्राकृतिक सम्पदाको उपयोग, सम्पूर्ण गर्भवती महिला, नवजात शिशु लगायत सवै गाउँपालिकाबासीले सर्वसुलभ रुपमा प्राप्त गर्नु पर्ने गुणस्तरीय स्वास्थ्य उपचार सेवा, प्रसुती सेवा तथा आवश्यक खोप सेवा प्राप्तिको अवस्था तथा ६ महिना सम्मका बालबालिकाको नैसर्गिक अधिकार भित्र समेटिएको पूर्ण स्तन पान, पोषणको सुनिस्चितता साथै वर्तमान स्वास्थ्य पूर्वाधारहरूको अवस्था, रोगब्यधिहरूको प्रकोपले पारेको असरसमेतका यावत विषयमा गरिएको घरपरिवार तथा संस्थगत सर्वेक्षण बाट प्राप्त भएको विवरण देहाय बमोजिमका शिर्षक अन्तरगत समेटी प्रस्तुत गरिएको छ ।

### १.९.२.१ फोहोरमैला व्यवस्थापन

यस गाउँपालिकाले वर्तमान अवस्थामा व्यवस्थित र सुरक्षित फोहोरमैला बिषर्जन गर्न मात्र हैन फोहोरमैलालाई उपयुक्त प्रविधिको प्रयोग बाट प्रशोधन गरी आयआर्जनको हिस्सा बनाउन समेत सकेको छैन । यस पालिका भित्र बसोबास गर्ने स्थानीयबासीले आफुले उत्पादन गरेको फोहोरमैलाको बिषर्जन गर्ने प्रकृतिको अवस्था अध्ययन गर्दा कुल ३५३६ घरपरिवार मध्ये १६६८ घरपरिवार (कुल घरपरिवारको ४७.१७ %) ले कम्पोष्ट मल बनाउने गरेका, ७०९ घरपरिवार (कुल घरपरिवारको २०.०५ %) आफ्नै कम्पाउण्डमा फाल्ने वा थुपार्ने गरको, ८०७ घरपरिवार (कुल घरपरिवारको २२.८२ %) ले फोहोर थुपार्ने वा कण्टेनरमा फाल्ने गरेको पाइएको छ भने ११८ घरपरिवार (कुल घरपरिवारको ३.३४ %) ले सार्वजनिक स्थलमा, १४ घरपरिवारले सडकमा, १८६ घरपरिवारले नदी वा खोल्सामा फाल्ने गरेको अवस्था छ । कुल घरपरिवार मध्ये ३४ घरपरिवारले फोहोर सङ्कलकहरू घरमानै लिन आउने गरेको भनाई प्राप्त भएको छ । यस पालिका भित्र वर्तमान अवस्था सम्म पनि वडा नं. २ को चम्पे बजार र वडा नं. ३ को प्याउली डम्पिङ साइट को सामान्य व्यवस्थापन बाहेक भावीश्यमा पर्न सक्ने समस्या समाधानको पूर्व आँकलन सहितको फोहोरमैला प्रशोधन केन्द्र वा सुरक्षित शिषर्जन स्थलको व्यस्था हुन सकेको देखिदैन । एकातिर अवको दुनियाँमा फोहोरलाई मोहोरमा परिवर्तन गर्न सक्ने कयौं प्रविधिहरूको विकास भैसकेका छन् भने अर्को तर्फ समयमानै फोहोरमैला व्यवस्थापनको दिगो आधार निर्माण गाउँ भावीश्यमा यसले विकराल रुप समेत लिन सक्ने सम्भाबना छ । तसर्थ गाउँपालिकाले आवधिक गाउँपालिका विकास योजना मार्फत फोहोरमैलालाई कच्चा पदार्थको रुपमा प्रयोग गरी बस्तुको उत्पादन बाट रोजगारी सृजना र आय आर्जनको वातावरण विकास गर्न अनिवार्य देखिएको छ । फोहोरमैला व्यवस्थापनमा घरपरिवारले प्रयोग गरिरहेको विधिका बारेमा तालिका नं.१.४८ र चित्र नं. १.३४ मा साथै फोहोरमैला व्यवस्थापन स्थलको वर्तनमा अवस्थाका बारेमा तालिका नं.१.४९ मा उल्लेख गरिएको छ ।

**तालिका नं.१.४८: फोहोरमैला बिषर्जनको अवस्था र स्थानका आधारमा घरपरिवार विवरण**

| वडा नं. | फोहर थुपार्ने ठाउँमा/ कण्टेनरमा.... | घरमा नै लिन आउँछ | कम्पोष्ट मल बनाउने | सार्वजनिक स्थलमा | आफ्नै घर कम्पाउण्डभित्र जलाउने/गाड्ने | सडकमा | नदी वा खोल्सामा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १० | २ | ६८१ | १ | ० | ० | ० | ६९४ |
| २ | २३ | २० | ५८५ | ० | १ | ० | ३ | ६३२ |
| ३ | १४ | ४ | ५७ | ५६ | १०९ | ५ | ११७ | ३६२ |
| ४ | ९९ | १ | १०२ | २७ | २७५ | ८ | ४२ | ५५४ |
| ५ | ४०४ | ० | ० | ८ | ६ | १ | १ | ४२० |
| ६ | १३१ | ७ | २२८ | २१ | २७४ | ० | १३ | ६७४ |
| ७ | १२६ | ० | १५ | ५ | ४४ | ० | १० | २०० |
| जम्मा | **८०७** | **३४** | **१६६८** | **११८** | **७०९** | **१४** | **१८६** | **३५३६** |
| % | **२२.८२** | **०.९६** | **४७.१७** | **३.३४** | **२०.०५** | **०.४०** | **५.२६** | **१००** |

श्रोत: अरुण घरपरिवार सर्वेक्षण, २०७७

चित्र नं.१.३४: फोहोरमैला बिषर्जनको अवस्था र स्थानका आधारमा घरपरिवार विवरण




तालिका नं.१.४९: फोहोरमैला व्यवस्थापन स्थलको वर्तमान अवस्था

| फोहोरमैला व्यवस्थापन स्थल | | | |
|---|---|---|---|
| **वडा नं.** | **नाम** | **ठेगाना (स्थान)** | **वर्तमान अवस्था** |
| २ | चम्पे बजार फोहोर व्यबस्थापन | देवीथान डाँडा | हाल संचालनमा रहेता पनि व्यवस्थित हुन नसकेको |
| ३ | प्याउली डम्पिङ साइट | प्याउली | हाल संचालन |

श्रोत: आवधिक गाउँपालिका विकास योजना तर्जुमा सर्वेक्षण, २०७७

### १.९.३: शौचालयको अवस्था र प्रयोग

शौचालय मानव सभ्यता र स्वस्थ्य अवस्थाको एक महत्वपूर्ण सूचक हो । वर्तमान अवस्थामा नेपाल खुला दिसा मुक्त देशको रुपमा घोषित भैसकेको यस अवस्थामा अरुण गाउँपालिका नहुने कुरै भएन । खुला दिसा मुक्त क्षेत्र घोषणा तथा कार्यान्वयनकालागि पारिवारिक रुपमा प्रयोगमा आउने शौचालयको पूर्ण व्यवस्थापन साथै सार्वजनिक स्थल र कार्यालयहरूमा प्रयोगमा आउने शौचालयको उपलब्धता, पर्याप्तता तथा व्यवस्थापन र सरसफाईको स्तर यसका महत्वपूर्ण सूचकहरू हुन । गाउँपालिकाको प्रोफाइल्, २०७७ का आधारमा ७२ घरपरिवार (कुल घरपरिवार सङ्ख्याको २.०४%) को शौचालय नभएको अवस्था देखिएको छ । वडा नं. ३ को प्याउली बजारमा सामान्य प्रकृतिको बाहेकका यस गाउँपालिकाका अति आवश्यक रहेका बजार केन्द्र, सार्वजनिक स्थल वा स्थानमा समेत सार्वजनिक शौचालयको व्यवस्थापन हुन सकेको देखिएन । वडागत रुपमा पारिवारिक शौचालयको अवस्था हेर्दा वडा नं. २ मा मात्र सतप्रतिसत घरपरिवारमा शौचालय निर्माण भई प्रयोगमा आएको देखिएको छ भने सवै भन्दा बढी वडा नं. ४ का २१ घरपरिवार शौचालय बिहिन छन् । वर्तमान अवस्थामा वडा नं. ४ लाई अलग गरेर हेर्दा सवै भन्दा कम शौचालय नभएकोमा वडा नं. ३ रहेको जस्मा २ घरपरिवारमा मात्र शौचालय निर्माण हुन सकेको छैन । समग्रमा सङ्ख्यात्मक हिसावले अन्य वडामा समेत शौचालय नभएका घर परिवार धेरै नरहेका कारण गाउँपालिकाको सामान्य प्रयासमानै पूर्णता दिन सकिने अवस्था देखिएको छ । यस पालिका भित्र बसोबास गर्ने घरपरिवारले प्रयोग गर्ने शौचलायको प्रकृति र स्तरको अवस्था हेर्दा ३०२३ (कुल घरपरिवारको ८५.४९ %) घरपरिवारको साधारण तथा ३२९ (कुल घरपरिवारको ९.३०%) घरपरिवारको फ्लस सहितको पक्की रहेको छ ।

समग्र अवस्थाको अध्ययन गर्दा १ परिवारमा इकोप्यान को व्यवस्था रहेका, ७६ घरपरिवार सामुदायिक तथा सार्वजनिक शौचालयको प्रयोग गरिरहेको, ३५ घरपरिवारको फ्लस भएको भएता पनि सार्वजनिक ढलमा हाल्ने गरेको पाईएको छ भने ७२ घरपरिवार शौचालय बिहिन रहेका कारण खोला, जङ्गल तथा खोल्सा छेउ वा किनारमा यत्र तत्र जाने गरेको अवस्था पाईएको छ ।

प्रत्येक मानिसले शौचालयको प्रयोग पछि यसको सरसफाई र साबुन पानीले आफ्नो हात धुनु व्यक्तिगत तथा पारिवारिक र सामुदायिक स्वास्थ्य रक्षाका लागि अनिवार्य सर्त हो तथापि यस बारेमा कुनै विवरण प्राप्त हुन भने सकेन भने संस्थागत सर्वेक्षका आधारमा वर्तमानमा यस गाउँपालिकाका वडा नं. ३ प्याउली १ वटा मात्र सार्वजनिक शौचलाय रहेका र यसको अवस्था समेत सामान्य रहेको देखिन्छ । तसर्थ गाउँपालिकाले खुला दिसा मुक्त क्षेत्रको पूर्ण कार्यान्वयन र स्वास्थ्य रक्षाको पूर्ण प्रत्याभुतिकालागि सवै घरपरिवारमा अनिवार्य शौचालयको निर्माण र त्यसको व्यवस्थित प्रयोग साथै सवै सार्वजनिक स्थान र क्षेत्रमा सार्वजनिक शौचलायको अनिवार्य निर्माण पहिलो प्राथमिकतामा राखेर आवधिक योजना तर्जुमा गर्न अति आवश्यक देखिएको छ । यस गाउँपालिका भित्र पारिवारिक तथा सार्वजनिक शौचालयको अवस्था, प्रकृति र प्रयोग सम्बन्धी विवरण तालिका नं.१.५० देखि १.५२ सम्म  साथै चित्र नं. १.३५ र १.३६ मा उल्लेख गरिएको छ ।

**चित्र नं.१.३५ : शौचालय भएका र नभएका आधारमा वडागत घरपरिवार विवरण**




**तालिका नं.१.५०: शौचालय भएका र नभएका आधारमा वडागत घरपरिवार विवरण**

| शौचालय भएका र नभएका आधारमा वडागत घरपरिवार विवरण | | | |
|---|---|---|---|
| **वडागत** | **भएका** | **नभएका** | **जम्मा संख्या** |
| १ | ६८२ | १२ | ६९४ |
| २ | ६३२ | ० | ६३२ |
| ३ | ३६० | २ | ३६२ |
| ४ | ५३३ | २१ | ५५४ |
| ५ | ४०९ | ११ | ४२० |
| ६ | ६५८ | १६ | ६७४ |
| ७ | १९० | १० | २०० |
| **जम्मा संख्या** | **३४६४** | **७२** | **३५३६** |
| % | ९७.९६ | २.०४ | १००.०० |

श्रोत: अरुण घरपरिवार सर्वेक्षण, २०७७

**तालिका नं.१.५१: परिवारले प्रयोग गर्ने शौचालयको प्रकार र प्रयोगको अवस्था**

| क.सं. | शौचालयको प्रयोग | वडागत | | | | | | | जम्मा संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| १ | फ्लस भएको (सार्वजनिक ढल) | १ | ० | ० | ० | ३४ | ० | ० | ३५ |
| २ | फ्लस भएको (सेप्टिक ट्यांक) | ० | ८९ | ७५ | १ | ३ | ६८ | ९३ | ३२९ |
| ३ | सामुदायिक/सार्वजनिक चर्पी | ३ | ७ | | ५० | ० | १६ | ० | ७६ |
| ४ | साधारण चर्पी | ६७७ | ५३६ | २८५ | ४८२ | ३७२ | ५७४ | ९७ | ३०२३ |
| ५ | इकोस्यन चर्पी | १ | ० | ० | ० | ० | ० | ० | १ |
| ६ | खुला मैदान/जंगल/खोला छेउ | १२ | ० | २ | २१ | ११ | १६ | १० | ७२ |
| **जम्मा संख्या** | | **६९४** | **६३२** | **३६२** | **५५४** | **४२०** | **६७४** | **२००** | **३५३६** |

श्रोत: अरुण घरपरिवार सर्वेक्षण, २०७७

चित्र नं.१.३६: **परिवारले प्रयोग गर्ने शौचालयको प्रकारको आधारमा घरपरिवार**




**तालिका नं.१.५२: सार्वजनिक शौचालय सम्बन्धी पूर्वाधारहरूको वर्तमान अवस्था**

| वडा नं. | नाम | ठेगाना (स्थान) | वर्तमान अवस्था |
|---|---|---|---|
| ३.१ | प्याउली सार्वजनिक शौचालय | प्याउली | हाल संचालन |
| कुल जम्मा | | | १ |

श्रोत: संस्थागत सर्वेक्षण तथा गाउँपालिकाको अभिलेख, २०७७

### १.९.४ खानेपानीको श्रोत र प्रयोगको अवस्था

पानी प्राणी जगतको जीवन हो । शुद्ध र सुरक्षित पानीको उपभोग गर्न पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो । यस गाउँपालिका क्षेत्र भित्र बासोबास गर्ने गाउँपालिकाबासिको पानीको प्रयोगको अवस्था र स्रोतका बारेमा घरपरिवार सर्वेक्षण, २०७७ बमोजिम २९६४ (कुल घरपरिवारको ८३.८३ %) घरपरिवारको पाईपालाईन बाट खानेपानीको प्रयोग गरिरहेको पाईएको छ भने २१७ घरपरिवारले ढुङ्गे धारा तथा मुल, २२३ घरपरिवारले ढाकिएको कुवा, ६६ घरपरिवारले नढाकिएको कुवा तथा ६६ घरपरिवरले खोलाको पानी उपभोग गरिरहेको अवस्था छ । मानव सभ्यताले तिब्र गति लिईरहेको

यस आधुनिक दुनियाँ तथा परिवेश र अवस्थामा समेत यस गाउँपालिकाका ७५२ (कुल घरपरिवारको १६.१७ %) घरपरिवार कुवा, नदी तथा खोला, मुलधारको जरुवा पानीको उपभोग गर्न बाध्य रहेको अवस्था छ ।

आवधिक गाउँपालिका विकास योजना तर्जुमाको सन्दर्भमा गरिएको संस्थागत सर्वेक्षणका माध्यम बाट यस गाउँपालिका भित्र खानेपानीको श्रोतको वडागत अवस्था अध्ययन गर्दा प्रायस सवै वडामा कुनै न कुनै प्रकृतिको गरी ६४ वटा खानेपानीका श्रोत तथा योजना केही सञ्चालनमा तथा केहि निर्माणाधिन अवस्थामा रहेको र तीनै श्रोत बाट प्रायस अधिकाङ्स घरपरिवारले सेवा उपयोग गरिरहेको देखिएको भएता पनि गाउँ भित्र निर्माणधिन बाहेक अधिकांस योजनाहरू जिर्ण र असुरक्षित रहेको कारण गाउँपालिकाले तीनको व्यवस्थापनमा विशेष ध्यान दिन आवश्यक देखिएको छ । गाउँपालिका क्षेत्र भित्र गाउँबासीले प्रयोग गरिरहेका खानेपानीका श्रोत तथा पारिवारिक प्रयोगको वर्तमान अवस्थाका बारेमा तालिका नं. १.५३ र १.५४ तथा चित्र नं. १.३७ र १.३८ मा उल्लेख गरिएको छ ।

**चित्र नं. १.३७: सफा र सुरक्षित खानेपानीको प्रयोगको आधारमा घरपरिवार**




**तालिका नं.१.५३: खानेपानीको श्रोतको प्रयोगको अधारमा घरपरिवार विवरण**

| क.सं. | खानेपानी स्रोतको अवस्था | वडा | | | | | | | जम्मा संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| १ | पाइपबाट | ६५५ | ५३३ | ३३० | ५४२ | २५४ | ४५० | २०० | २९६४ |
| २ | ढाकिएको इनार/कुवा | | १ | १ | २ | १०३ | ११६ | | २२३ |
| ३ | नढाकिएको इनार/कुवा | | ० | | ० | ६३ | ३ | | ६६ |
| ४ | ढुङ्गेधारा/मूल | ३९ | ९६ | ३१ | ६ | | ४५ | | २१७ |
| ५ | नदी/खोला | ० | २ | | ४ | | ६० | | ६६ |
| **जम्मा संख्या** | | **६९४** | **६३२** | **३६२** | **५५४** | **४२०** | **६७४** | **२००** | **३५३६** |

श्रोत: अरुण घरपरिवार सर्वेक्षण, २०७७

**तालिका नं.१.५४: खानेपानी पूर्वाधारहरूको वर्तमान श्रोत र तीनको अवस्था**

| क.सं. | नाम | ठेगाना (स्थान) | वर्तमान अवस्था |
|---|---|---|---|
| | **वडा नं. १** | | |
| १.१ | भाड्टार याङ्पाङ इ.कि.न-१५ | याङ्पाङ | २०० घरधुरी हाल संचालन |

| | | | |
|---|---|---|---|
| १.२ | खाटेगैरा मुल खानेपानी | देउराली | १५ घर हाल संचालन |
| १.३ | गर्धुम मूल खानेपानी | सिस्नेरी | १८ घर हाल संचालन |
| १.४ | गैरी गाउँ खानेपानी | गैरीगाँउ | १३ घर हाल संचालन |
| १.५ | भिर धारा मुल खानेपानी | भिरधारा | ३५ घर हाल संचालन |
| १.६ | बन्धेधारा खानेपानी | बन्धे | ४० घरपरिवार |
| १.७ | दाउने खानेपानी | दाउने | २५ घरपरिवार |
| १.८ | चोखाम खानेपानी | चोखाम | २५ घरपरिवार |
| १.९ | पञ्चकन्याँ मुल दलिने खानेपानी | दलिने | २० घरपरिवार |
| १.१० | खानीखोल्सा मुल खानेपानी | खानीगाँउ | ३० घरपरिवार |
| १.११ | ढाँडपाखा मुल खानेपानी | ह्याङ्सिङ | ४० घरपरिवार |
| १.१२ | गहते खानेपानी | गहते | १० घरपरिवार |
| १.१३ | सारु डाडा खानेपानी | सारुडाडा | २५ घरपरिवार |
| १.१४ | गल्छी छाप खानेपानी | गल्छी | १८ घरपरिवार |
| १.१५ | हेकुवा खर्क खानेपानी | हेकुवा खर्क | २५ घरपरिवार |
| १.१६ | गन्धे डुमे खानेपानी | गन्धे | २५ घरपरिवार |
| **वडा नं. २** | | | |
| २.१ | भाङटार देखी चम्पे बजार खानेपानी | | ५५ घरधुरीले उपभोग गरिरहेको |
| २.२ | चिसापनी खानेपानी | ढ्याम्के डाँडा | १० घर ले उपभोग गरिरहेका |
| २.३ | कटहरे वेलटार खानेपानी | कट्हरे वेलटार | ४० घरले उपभोग गरिरहेका |
| २.४ | लाउके धारा खानेपानी | वोक्ताम | पाइप लाईन र धारा |
| २.५ | उतीसीनी खानेपानी | माचुङ | ७० घरले उपभोग गरिरहेका, पाईप ट्याङकी |
| २.६ | कुनाखर्क धारा खानेपानी | कुनाखर्च विचटोल | ११ घरले उपभोग गरिरहेका |
| २.७ | कुनाखर्च सोऱ्याङ खानेपानी | कुनाखर्च विचटोल | ६० घरले उपभोग गरिरहेका |
| २.८ | सोहन धारा खानेपानी | खोलीटोल | १४ घरले उपभोग गरिरहेका |
| २.९ | ठुलो खोल्सी खानेपानी | सिस्नेरी | ९० घरले उपभोग गरिरहेका |
| २.१० | नाकदह भाँगेधारा खानेपानी | वोक्ताम | ४० घरले उपभोग गरिरहेका |
| २.११ | डिप बोरिङ | माचुङ्ग | |
| २.१२ | भान्सा घर खानेपानी आयेजना | साविक ८, दलित र थामी टोल | पानीको अभाव रहेको |
| **वडा नं. ३** | | | |
| ३.१ | वड्किउले खानेपानी | वतासे | ४५ घरधुरी |
| ३.२ | चिलाउने वोटे खानेपानी | विजयवास | ५२ घरधुरी |
| ३.३ | धोवीखोला खानेपानी | धोवीखोला | |
| ३.४ | वड्किउले सि.न. ६ (भान्साघर) | प्याउली बजार | १५० घरधुरी |
| ३.५ | अविरे खानेपानी | खाकुम्ब | ५० घरधुरी |
| ३.६ | लाम्सेपाखावारी विजयवास खानेपानी | विजयवास | ५० लाख |
| ३.७ | गमाने डिप बोरीङ्ग | चेपाङ्ग | ६० घरधुरी |

| | | | |
|---|---|---|---|
| ३.८ | जरुवा पानी मुहन संरक्षण | | |
| **वडा नं. ४** | | | |
| ४.१ | जुवारी खोला खानेपानी | ऱ्याङ्ग | ३०० घरधुरी |
| ४.२ | रगुवा खोला खानेपानी | गैरीटोल | ७४ घरधुरी |
| ४.३ | सापाखोला खानेपानी | पिपल डाँडा | ४० घरधुरी |
| ४.४ | यारुङ खानेपानी | पिपल डाँडा | ६ घरधुरी |
| ४.५ | कुवा संरक्षण | वडा भरी | जरुवा पानी संरक्षणको अभाव |
| **वडा नं. ५** | | | |
| ५.१ | ढाड पधेरा देवी धार गरावारी, धारापानी | आकुखर्क | सामान्य |
| ५.२ | छिट खोला खानेपानी धारा गारावारी, धारावारी | आकुखर्क | सामान्य |
| ५.३ | डिप वोरिङ्ग खानेपानी २०० घरधुरी | ओखे वतासे | नखाएको |
| ५.४ | दाड पधेरा १०० घरधुरी | लेर्खक आखुखर्क कट्टी | खाएको |
| ५.५ | पन्चकन्याँ खानेपानी ४५ घरधुरी | पोखेगाउँ, रौटैडाडा | नखाएको २० घर |
| ५.६ | आपखोला खानेपानी २१ घरधुरी | जिमिगाउँ | खाएको |
| **वडा नं. ६** | | | |
| ६.१ | वगुवा धाउखानी लिफ्टीङ | खानेपानी | निर्माणधिन |
| ६.२ | जरायोटार लिफ्ट खानेपानी | वडास्तरीय | निर्माणधिन |
| ६.३ | महेन्द्र धारा खानेपानी आयोजना | जरायोटार | सञ्चालनमा |
| ६.४ | भुल्के चुनीया खानेपानी आयोजना | खमारे | सञ्चालनमा |
| ६.५ | आप खोला खानेपानी आयोजना | अवाते | सञ्चालनमा |
| ६.६ | टोर्के घारा खानेपानी आयोजना | धाउखानी | सञ्चालनमा |
| ६.७ | बसेरी खानेपानी योजना | बसेरी | सञ्चालनमा रहेता पनि ब्यवस्थित नरहेको |
| ६.८ | ढकाल धारा खानेपानी योजना | ढकालधारा | सञ्चालनमा रहेता पनि ब्यवस्थित नरहेको |
| ६.९ | छांगे खानेपानी योजना | छांगे | अब्यवस्थित रहेको |
| **वडा नं. ७** | | | |
| ७.१ | चिउरी वोर्टे खानेपानी आयोजना | सिकटार | हाल संचालन रहेको (१०० घरधुरी) |
| ७.२ | झाक्रीपानी खानेपानी आयोजना | ढुङगे | हाल संचालन रहेको (१२ घरधुरी) |
| ७.३ | हल्लेघुन्ताङ खानेपानी आयोजना | घुन्ताङ | हाल संचालन रहेको (१२ घरधुरी) |
| ७.४ | पखुवा खानेपानी | खाल्डे | हाल संचालन रहेको (१३ घरधुरी) |
| ७.५ | देवी थान खोला खानेवानी | मैदाने | हाल संचालन रहेको (१५ घरधुरी) |
| ७.६ | ढोडेखोला खाल्डे खानेपानी | खाल्डे | सामान्य अवस्थामा सञ्चालनमा रहेको |
| ७.७ | भुल्केचुनियाँ खानेपानी | डाडाखोला | हाल संचालन रहेको (१०० घरधुरी) |
| ७.८ | नसुवा खोला | लुङछुङ | ३६ घर सेवा पुगेकोमा हाल सञ्चलनमा नभएको |
| कुल जम्मा | | | ६४ |

श्रोत: आवधिक योजना तर्जुमा तथा संस्थागत सर्वेक्षण, २०७७

**चित्र नं.१.३८: गाउँपालिका भित्र रहेका खोनेपानीका श्रोत र तीनको अवस्था**




## १.१० भौतिक पूर्वाधार र त्यसको अवस्था

### १.१०.१ अरुण गाउँपालिकाको कार्यापालिका तथा वडाकार्यालय भबन

स्थानीय सरकारको हैसियतमा गाउँपालिकाको आफ्नै सेवा प्रवाह तथा प्रशासनिक भबन हुन अनिवार्य छ। नेपाल सरकारले सवै स्थानीय तहको आफ्नै कार्यालय भबन निर्माण गर्ने प्रतिवद्धता समेत गरी क्रमस बजेट विनियोँजन समेत गर्ने गरेको अवस्था छ। तर अरुण गाउँपालिकाले अहिले सम्म आफ्नो कार्यापालिका भबन निर्माणकालागि जग्गा जमिनको समेत व्यवस्था गर्न सकेको अवस्था छैन भने कार्यालय भबन व्यक्तिगत घर भाडामा लिएर दैनिक प्रशासनिक तथ विकास निर्माणका कार्य सञ्चालन गरिरहेको छ। यसै गरी वडाकार्यालय भबनको हकमा समेत अध्ययन गर्दा वडा नं. २ को लागि जग्गा समेत नभएको, वडा नं. ६ को पुरानो मोडलको भबन रहेको छ भने वडा नं. ७ को वडाकार्यालय भबन भने निर्माणाधिन अवस्थामा छ। केहि वडाहरूको जग्गाको व्यवस्था रहेको भएता पनि त्यो अपुग रहेका मात्र हैन भएको समेत कार्यालय भबन निर्माण हुन सकिरहेको अवस्था छैन। आवधिक योजना तर्जुमाका समयमा गाउँ कार्यपालिका भबन तत्काल टुङ्गो लगाउँने भनिएको भएतथा पनि अहिले सम्म हुन सकेको छैन। स्थानीय सरकारको हैसियतमा स्थानीयवासीलाई सहज सेवा प्रवाह गर्न अनिवार्य रहेका कारण आवधिक गाउँपालिका विकास योजनामा समावेश गरी गाउँपालिका तथा वडा कार्यालयको कार्यालय भबन निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाउन आवश्यक देखिएको छ। समग्रमा कार्यालय भबनको वर्तमान अवस्थाका विषयमा तालिका न. १.५५ मा उल्लेख गरिएको छ।

**तालिका नं.१.५५: गाउँ कार्यपालिका भबन तथा वडा कार्यालय भबनहरूको वर्तमान अवस्था**

| गाँउ कार्यपालिका तथा वडा कार्यालय भबन | | | |
|---|---|---|---|
| **क.सं.** | **नाम** | **ठेगाना (स्थान)** | **वर्तमान अवस्था** |
| १ | **गाउँपालिकाको कार्यालय भबन** | | |
| १.१ | जग्गा जमिन तथा कार्यालय भबन | प्याउली | जग्गा जमिन तथा आफ्नै कार्यालय भबन नभएकाले व्यक्तिगत घरहरू भाडामा लिएर सञ्चालनमा रहेको |
| २ | **वडासमितिको कार्यालय भबन (वडा नं.)** | | |
| २.१ | जग्गा जमिन तथा कार्यालय भबन | याङ्पाङ | १ रोपनी मात्र जग्गा भएको, कार्यालय भबन नभएको तथा भाडामा सञ्चालन भएको |

| | | | |
|---|---|---|---|
| २.२ | जग्गा जमिन तथा कार्यालय भबन | | नभएको, भाडामा सञ्चालन भएको |
| २.३ | जग्गा जमिन तथा कार्यालय भबन | प्याउली | हाल १३ आना जग्गा भएको तर आफ्नै कार्यालय भबन नभएकाले विद्यालयको भबनमा सञ्चालनमा रहेको |
| २.४ | जग्गा जमिन तथा कार्यालय भबन | चरम्बी | भएको तथा कार्यालय भबन नभएको तथा भाडामा सञ्चालन भएको |
| २.५ | जग्गा जमिन तथा कार्यालय भबन | याकु बिर्ता | जग्गा जमिन तथा कार्यालय भबन नभएको तथा भाडामा सञ्चालन भएको |
| २.६ | जग्गा जमिन तथा कार्यालय भबन | जरायोटार, पाल्पाले | भएको तथा पुरानो मोडलको भबन भएको |
| २.७ | जग्गा जमिन तथा कार्यालय भबन | सिकेटार | १ रोपनी १३ आना जग्गा रहेको साथै कार्यालय भबन निर्माणाधिन रहेकोले सम्पन्न हुन बांकी |

श्रोतः आवधिक गाउँपालिका विकास योजना तर्जुमा सर्वेक्षण, २०७७

### १.१०.२ः सरकारी कार्यालय तथा सुरक्षा सञ्जाल

यस गाउँपालिका भित्र खासै सरकारी कार्यालयहरू रहेका छैनन् । वर्तमान अवस्थामा सरकारी कार्यालयको रुपमा विभिन्न स्थानमा रहेका अतिरिक्त हुलाका कार्यालय सहितका ६ वटा हुलाका कार्यालय वा पोष्ट साथै वडा नं. ५ मा १ वटा रेञ्जपोष्ट रहेको छ भने सुरक्षा सम्यन्त्रको रुपमा वडा नं. ३, ५ र ६ मा १-१ वटा प्रहरी चौकी तथा पोष्टहरू मात्र रहेको अवस्था रहेको छ । उल्लेखित कार्यालयको विवरण तालिका नं. १.५६ र १.५७ मा उल्लेख गरिएको छ ।

**तालिका नं.१.५६ः सरकारी कार्यालयहरूको विवरण**

| वडा नं. | नाम | ठेगाना (स्थान) | वर्तमान अवस्था |
|---|---|---|---|
| १ | हुलाक | याङपाङ | भाडामा |
| २ | हुलाक कार्यलय | सिस्नेरी | सञ्चालनमा |
| ३ | अतिरिक्त हुलाक कार्यलय | भ्याङ्ग डाँडा | भबन तथा सञ्चालनमा रहेको |
| ४ | हुलाक कार्यलय | पिपल डाँडा | सञ्चालनमा रहेको साथै भबन पुरानो रहेको |
| ५.१ | इलाका हुलाक | याकु | भएको |
| ५.२ | रेञ्जपोष्ट | याकु | भएको |
| ६ | हुलाक | पाल्पाले | हाल संचालनमा |

श्रोतः आवधिक गाउँपालिका विकास योजना तर्जुमा सर्वेक्षण, २०७७

**तालिका नं.१.५७ः सुरक्षा सञ्जाल र वर्तमान अवस्था**

| वडा नं. | नाम | ठेगाना (स्थान) | वर्तमान अवस्था |
|---|---|---|---|
| ३ | प्रहरी चौकी वा पोष्ट | प्याउली | भबन निर्माण भई ब्यवस्थित रुपमा सञ्चालनमा रहेको |
| ५ | प्रहरी चौकी | याकु | भएको |
| ६ | प्रहरी चौकी वा पोष्ट | जरायोटार | निर्माणाधिन |

श्रोतः आवधिक गाउँपालिका विकास योजना तर्जुमा सर्वेक्षण, २०७७

### १.१०.३ सामुदायिक, महिला तथा टोल विकास संस्थाका भबनहरू

समाज तथा समुदायमा जती मानिसहरूको बसोबास बाक्लिदै जान्छ त्यतिनै सामाजिक तथा आर्थिक कृयाकलापकालागि भेला, बैठक तथा गोष्ठी गर्नकालागि सामुदायिक भबनहरू आवश्यकता पर्ने गर्दछ । ग्रामिण स्तरीय वसोवास र ठूला ठूला संरचना नभएका कारण आर्थिक तथा सामाजिक कार्यक्रम सञ्चालन व्यवस्थापनकालागि अरुण गाउँपालिकाको हकमा यस्ता भबनहरूको आवश्यकता झन धेरै रहेको छ । यस गाउँपालिकाका विभिन्न स्थानमा रहेका सामुदायिक भबन, महिला भबन तथा टोल विसका संस्थाका भबनहरूको अवस्था अध्ययन गर्दा वडा नं. १ मा १ वटा

सामुदायिक भबन र १२ वटा टोल भबन गरी जम्मा १३ वटा, वडा नं. २ मा २ वटा, वडा नं. ३ मा ४ वटा र बाँकि अरु सबै वडामा १-१ वटा गरी कुल २३ वटा सामुदायिक, महिला तथा टोल विकास संस्थाका भबनहरू रहेका छन् । वर्तमान संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय पालिकाको हकमा स्थानीय टोल बस्तीको विकास र सामाजिक परिचालनको साझेदारका रुपमा स्थानीय स्तरमा गठन तथा परिचालन हुने टोल विकास संस्थाहरूलाई स्वीकार गरेको अवस्था छ । यस गाउँपालिकाले समेत क्रमस टोल विकास संस्थाहरूको गठन र परिचालनका कार्यमा कृयाशिलता देखाएको र वर्तमान अवस्थामा विभिन्न टोल बस्तीहरूमा यस प्रकारका संस्था गठन हुने क्रमले प्राथमिकता पाईरहेको छ तथा भावीश्यमा यो सङ्ख्या अझ बढ्न सक्ने देखिएको छ । वर्तमानमा प्राप्त विवरणका आधारमा वडा नं. ३, ४ र ७ मा टोल विकास संस्थाहरू गठन भएको अवस्था देखिएन तसर्थ सबै वडाहरूमा यस प्रकारका संस्था गठन गरी स्थानीय विकास र सेवा प्रवाहको साझेदारको रुपमा कृयाशिल गराउनु पर्ने अवस्था देखिएको छ । वर्तमानमा रहेका सामुदायिक तथा महिला भबन र टोल भबनहरू साथै टोल विकास संस्थाहरूको विवरण तालिका नं. १.५८ र १.५९ मा उल्लेख गरिएको छ ।

**तालिका नं.१.५८: सामुदायिक, महिला तथा टोल भबनहरूको विवरण**

| वडा नं. | नाम | ठेगाना (स्थान) | वर्तमान अवस्था |
|---|---|---|---|
| १.१ | वडा समुदायिक भबन | याङ्पाङ | संचालन |
| १.२ | प्युठ गाउँ टोल भबन | याङ्पाङ | संचालन |
| १.३ | याङपाङ सिरान गाउँ टोल भबन | सिरान टोल | संचालन |
| १.४ | भालेढुङ्गा टोल भबन | भाले ढुङ्गा | संचालन |
| १.५ | दाउने टोल भबन | दाउने | संचालन |
| १.६ | तल्लो भाले ढुङ्गा टोल भबन | तल्लो | संचालन |
| १.७ | रातमाटे टोल भबन | रातमाटे | संचालन |
| १.८ | ध्याङ्सिङ टोल भबन | ध्याङसिङ | संचालन |
| १.९ | जोगीगाँउ टोल भबन | जोगीगाँउ | संचालन |
| १.१० | हेकुवा टोल भबन | हेकुवा | संचालन |
| १.११ | गैरीगाँउ टोल भबन | गैरीगाँउ | संचालन |
| १.१२ | सारु डाडा टोल भबन | सारुडाडा | संचालन |
| १.१३ | डुम्रे टाल भबन | डुम्रे | संचालन |
| २.१ | महिला सामुदायिक भबन | चम्पे सिस्नेरी | भबन भएको तर मर्मत सम्भारको आवश्यकता रहेको |
| २.२ | वडा सामुदायीक भबन | चम्पे बजार | हाल नभएको |
| ३.१ | मेलमिलाप सामुदायिक भबन | प्याउली, नवलपुर | ४ आना जग्गा र भबन |
| ३.२ | त्रिवेणी सामुदायिक भबन | विजयवास | ३ आना जग्गा र भबन |
| ३.३ | बुढासुब्वा महिला भबन | कारीगाँउ | भबन जग्गा |
| ३.४ | दक्षिणकाली महिला भबन | भञ्याङ्गडाँडा | ४ आना जग्गा र भबन |
| ४.१ | धपेनी समाजसेवा समिति | धपेनी | सञ्चालनमा रहेको |
| ५.१ | सामुदायीक भबन | याकु | संचालन |
| ६.१ | पाल्पाले सामुदायिक भबन | पाल्पाले | जग्गा जमिन भएको, सानो भबन भएको |
| ७.१ | साल्लघारी सामुदायिक भबन | हल्ले | भबन भएको |
| कुल जम्मा | | | २३ |

श्रोत: आवधिक गाउँपालिका विकास योजना तर्जुमा सर्वेक्षण, २०७७

**तालिका नं.१.५९: टोल विकास संस्थाहरू**

| वडा नं | नाम | ठेगाना (स्थान) | वर्तमान अवस्था |
|---|---|---|---|
| १ | टोल विकास संस्था | वडा भरी | साविकका ९ वटै वडामा गठन भएको टोलविकास संस्था हाल सम्म वडाकार्यालयको समन्वयमा कृयाशिल रहेका |
| २ | साबिकका ९ वटै वडामा | वडा भरी | ९ वटा रहेका र सूचना प्रवाह, योजना पहिचान, छानौट र अनुगमन मा कृयाशिल रहेका |
| ५ | टोल विकास संस्था ८ वटा | | गठन भएको तथा दर्ता नभएको |
| ६.१ | साविक २ नं. वडा टोल विकास संस्था | बसेरी | |
| ६.२ | साविक ३ नं. वडा टोल विकास संस्था | जरायोटार | |
| ६.३ | साविक ६ नं. वडा टोल विकास संस्था | भदैरे | |
| ६.४ | साविक  नं. ८ वडा टोल विकास संस्था | भण्डारी गाउँ | |
| ६.५ | साविक ९ नं. वडा टोल विकास संस्था | खमारे | |

श्रोतः आवधिक गाउँपालिका विकास योजना तर्जुमा सर्वेक्षण, २०७७

### १.१०.४ सडक, ढल, नाला तथा पुल पुलेसाहरू

अरुण गाउँपालिका धनकुटा भोजपुर राजमार्ग सँग जोडिएको छ । यस पालिका भित्र रहेको सम्भवत ३५ कि.मि. कालो पत्रे सडकको अधिकाङ्स भाग यसै भित्र समेटिएको छ भने अहिले सम्म कुनै पनि सडक ग्राभेल हुन सकेका छैनन् । यस पालिका भित्र हाल सम्म समान्य प्रकृतिका गरी कुल ३८५ कि.मि. कच्ची सडक रहेका छन् । समग्रमा यस पालिका भित्र हाल सम्म ४२० कि.मि. सडक सञ्जाल रहेको अवस्था भएका कारण सवै वडा र टोल बस्ती सम्म सहज आवत जावत साथै कृषि तथा औद्योगिक उत्पादनहरूलाई सहज रुपमा बजारको पहुँच सम्म पुऱ्याएर आर्थिक विकासको बाटोमा स्थानीय गाउँपालिकाबासीलाई समेत कृयाशिल गर्न गराउन, स्वास्थ्य उपचारको पहुँचलाई टोलबस्ती सम्म सहज बनाउन कमसेकम महत्पूर्ण सडकहरूमा बाह्रै महिना सहज आवत जावत गर्न र ढुवानीका साधन तथा कृषि उपकरण ल्याउन लैजान सक्ने गरि निर्माण विकासकालागि दिगो विकासमा अधारित रहि योजना तर्जुमाका साथ अघि बढ्न अनिवार्य देखिएको छ । वर्तमान सडक सञ्जालको अवस्थाका बारेमा तलिका नं. १.६० मा उल्लेख गरिएको छ ।

**तालिका नं.१.६०: सडक सञ्जाको वर्तमान विवरण**

| क.सं. | सतहको अवस्था | लम्बाई (कि.मि.) |
|---|---|---|
| १ | कालोपत्रे सडक | ३५ |
| २ | ग्राभेल सडक | ० |
| ३ | कच्ची सडक (माटोको सतह भएका) | ३८५ |
| ४ | पदमार्ग | ० |
| जम्मा | | ४२० |

श्रोतः गाउँपालिका योजना शाखाको अभिलेख, २०७७

### १.१०.५ यातायात तथा ढुवानीका साधन पार्क तथा स्टेसनहरू

यस गाउँपालिका क्षेत्र भित्र कहि पनि यातायात तथा ढुवानीका साधनकालागि सुरक्षित पार्किङ स्थलको व्यवस्थापन रहेको अवस्था छैन भने सडक किनारको प्रयोग गरी केहि समयकालागि यात्रु तथा सरसामान ओराल्ने वा राख्नको निम्ति यातायायत तगा ढुवानीका साधन पार्किङ गरिएको छ । दिन प्रतिदिन यातायातका साधनको सङ्ख्या बृद्धि हुँदै जान थालेको तथा विकास क्रम सँगै जग्गा जमिनको मूल्य समेत क्रमिक रुपले बढ्दै जाने भएका कारण समयमानै सवारी तथा ढुबनीका साधनकालागि जग्गाको व्यवस्था सहित पालिका तथा वडा स्तरीय पार्किङ स्थाल निर्माण गर्ने योजनाका साथ आवधिक योजना तर्जुमा गर्न देखिएको छ ।

### १.१०.६ खेल मैदान तथा खेलाडिहरूको संख्यात्मक विवरण

शारीरिक शुगठन र स्वास्थ्य रक्षाकालागि विभिन्न प्रकारका खेल एक अनिवार्य आवश्यकता भित्र पर्दछन् । आज बिश्वमा खेलको माध्यम बाट विभिन्न मुलुकहरूले आफ्नो पहिचानमा ब्यापकता ल्याउन र विश्वा सामु आर्थिक गतिविधिको बाटो निर्माण गर्न सकेका कयौं उद्धारण हाम्रो सामु छन् । विद्यालय स्तरीय खेलमैदानको विकास र व्यवस्थापन बाट बालबालिकाको क्षमताको खोजी गर्न होस वा विद्यालय उमेरबाट बाहिरिए पछि खेलक्षेत्र बाट मुलुकको छवी उच्च राख्दै आर्थिक समृद्धिमा योगदान गर्न होस खेलकुदको महत्वपूर्ण योगदान रहन्छ । वर्तमान अवस्थामा यस गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका केहि सामुदायिक र अधिकाङ्स संस्थागत विद्यालयमा पर्याप्त खेल मैदानको व्यवस्था हुन सकेको देखिदैन भने विद्यालय बाहेकका गाउँपालिका साथै वडा स्तरमा सामान्य रुपमा रहेका १२ वट खेलमैदानहरूबाट खेलाडि तथा बालबालिकाले आफ्नो प्रतिभाको प्रस्फुटन गरिरहेको अवस्था देखिएको छ । यस गाउँपालिकाको दिगो विकास योजना अन्तरगत खेलमैदानहरूको स्तरोन्नती र विकास बाट व्यवसायिक खेलाडिको उत्पादन र समग्र खेल जगतको उन्नतीकालागि योजनाबद्ध रुपमा कृयाशिल हुनु पर्ने अवस्था रहेको छ । खेलमैदान सम्बन्धी वर्तमान अवस्थाका बारेमा तालिका नं. १.६१ मा उल्लेख गरिएको छ ।

**तालिकानं.१.६१: वर्तमान खेलमैदान सम्बन्धी विवरण**

| क.सं. | नाम | ठेगाना (स्थान) | वर्तमान अवस्था |
|---|---|---|---|
| १ | याङपाङ खेलमैदान | वडा नं. १, याङपाङ | सामान्य अवस्थामा सञ्चालनमा रहेको |
| २ | बोक्सोटार खेलमैदान | वडा नं. २ | सामान्य |
| ३ | बोक्ताम खेलमैदान | वडा नं. २ | सामान्य |
| ४ | कटहर | वडा नं. २ | सामान्य |
| ५ | रंगशाला निर्माण | वडा नं. २ चम्पे | |
| ६ | प्याउली खेलमैदान | वडा नं. ३, भ्याङ्ग डाँडा | निर्माणधिन |
| ७ | खेलमैदान | वडा नं. ४, गैरीरोल | हाल सामान्य रुपमा संचालन |
| ८ | खेलमैदान | वडा नं. ४, रोटेपिङ | हाल सामान्य रुपमा संचालन |
| ९ | जिमगिाउँ खेलकुद मैदान | वडा नं. ५, जिमिगाउँ | निर्माणधिन |
| १० | याकु खेलकुद, मैदान | वडा नं. ५, याकु | निर्माणधिन |
| ११ | पाल्पाले खेलमैदान | पाल्पाले बजार | २० रोपनी जग्गा भएको र निर्माणाधिन |
| १२ | लोवरे खेलमैदान | वडा नं. ७, लोवरै | ३५ र ६५ मिटरको सामान्य खेलमैदान रहेको, स्थानीय स्तरका खेलहरु संचालन भई रहेका |

श्रोतः आवधिक गाउँपालिका विकास योजना तर्जुमा सर्वेक्षण, २०७७

चित्र नं. १.३९: सार्वजनिक सेवा प्रवाहका स्थानको अवस्थिती



## १.११ गाउँपालिकाको आम्दानी, कर्मचारीको वर्तमान दरबन्दी

सबै प्रकारका विकास निर्माणका मूख्य आधारका रुपमा स्थापित प्राकृतिक श्रोत, पूँजी र आवश्यकता बमोजिम श्रोत र पूँजीको सहि परिचलन गर्न सक्ने दक्ष जनशक्ति एक अर्काका परिपुरक हुन । एकको अभावमा अर्कोले लक्ष्य बमोजिमाको नतिजा प्राप्त गर्न असम्भव छ । तसर्थ अरुण गाउँपालिकालाई स्थानीय सरकारको हैसियतमा प्राप्त अधिकार क्षेत्र को पूर्ण कार्यान्वयनकालागि वर्तमान आन्तरिक तथा वाह्य आय साथै कर्मचारीको स्वीकृत दरबन्दीको अवस्था देहाय बमोजिम रहेको पाईएको छ ।

### १.११.१ आ.व. २०७४/७५ देखि २०७६/७७ को यथार्थ तथा आ.व. २०७७/७८ को अनुमानित आय विवरण

कुनै पनि सरकार, संस्था वा निकायको विकासको गति वा कृयाशिलता उसको आर्थिक अवस्था र क्षमतामा निर्भर रहने गर्दछ । स्थानीय सरकारको हैसियतमा अरुण गाउँपालिकाले निर्वाह गर्नु पर्ने विकास निर्माण र सेवा प्रवाहका तमाम कार्यको प्रत्यक्ष प्रभाव आर्थिक सक्षमतामा निर्भर रहने गर्दछ । यस गाउँपालिकाले विगत वर्षहरूमा आन्तरिक तथा बाह्य आय आर्जनमा प्राप्त गरेको सफलता र सम्भावित अवस्थाका बारेमा अध्ययन गर्दा आ.व. २०७४/७५ को आन्तरिक आय ७१ लाख ५७ हजार ५९१ रहेकोमा आ.व. २०७५/७६ मा ५३ लाख ३७ हजार २७७, आ.व. २०७६/७७ मा ३१ लाख २१ हजार १४५ तथा आ.व. २०७७/७८ मा  यो रकम रु २५ लाखको हाराहारी हुने अनुमान रहेको छ । यस आधारमा गाउँपालिकाको आन्तरिक आय क्रमस घट्दो अवस्थामा देखिनु चिन्ताको विषय रहेको छ भने स्थानीय स्तरमा कर प्रशासन र राजश्वका क्षेत्रको सुधारकालागि स्थानीय सरकार सञ्चालन ऐन र संबिधानको मर्म बमोजिम सामान्य प्रयास समेत गरेको देखिदैन साथै गरेको प्रयासले समेत खासै सफलता प्राप्त गर्न सकेको देखिदैन । यसको फल स्वरुप अरुण गाउँपालिका मूख्य रुपले कुल आयको हिसावमा ९८.९ % बाह्य आयमा निर्भर रहेको पाईएको छ । कुल आयको विषयमा अध्ययन गर्दा आ.व. २०७४/७५ को वस्तविक आय रु  २७ करोड २८ लाख ४२ हजार ८८१ रहेकोमा यो रकमा आ.व. २०७५/७६ मा ४.० % ले बृद्धि भई कुल रु  २८ करोड ३७ लाख ४६ हजार ०५६ को हाराहारी हुन गयो । आ.व. २०७५/७६ मा आ.व. २०७४/७५ को तुलनामा आन्तरकि आय मात्र यस गाउँपालिकाले विकास निर्माणका कार्यमा गर्न सकेको कार्य क्षमता समेतका आधारमा अघिल्लो आर्थिक वर्षको तुलनामा बाह्या आयमा भने उल्लेख्य बृद्धि भएको कारण अ.ल्या बाहेक ३.२३ % ले बृद्धि भई आ.व. २०७६/७७ मा  आन्तरिक तर्फ ३१ लाख २१ हजार १४५ तथा बाहय रु २७ करोड ९४ लाख ६३ हजार गरी कुल रु २८ करोड २५ लाख ८४ हजार १४५ (अ.ल्या. बाहेक) पुग्न गएको छ भने संघीय सरकार र प्रदेश सरकार बाट विनियोँजन प्राप्त जानकारीका आधारमा आ.व. २०७७/७८ मा संघीय सरकार बाट ३६ करोड २७ लाख ७० हजार ८८०, प्रदेश सरकार बाट रु १ करोड ५९ लाख ८३ हजार र आन्तरिक तर्फ अ.ल्या समेत गरी कुल रु ३९ करोड २२ लाख ५३ हजार ८८० प्राप्त हुने अनुमानित आय ब्यय विवरण गाउँ सभा बाट स्वीकृत भई कार्यान्वयनमा रहेको छ । आ.व. को अनुमानित आय ब्ययको कुल रकम अघिल्लो आर्थिक बर्षको तुलनामा अ.ल्या. समेत २०.९९ % अ.ल्या. बाहेक ३५.६२ % ले बढ्ने र यसले यस गाउँपालिकाको सेवा प्रवाह र पूर्वाधार विकास निर्माणमा उल्लेख्य सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसको विवरण तालिका नं.१.६२ र १.६३ मा उल्लेख गरिएको छ ।

**तालिका नं. १.६२: आ.व. २०७६/७७ को आन्तरिक आयको यथार्थ विवरण**

| क.सं. | रजश्व शिर्षक | | आ.व. २०७६/७७ | | आ.व. २०७६/७७ को आन्तरिक आयको % | कुल आयको (आन्तरिक तथा बाह्य) |
|---|---|---|---|---|---|---|
| | | | अनुमानित रु | यथार्थ रु | | |
| १ | भूमिकर/मालपोत | | ७१५०००।०० | ६५६२००।०० | २१।०२ | |
| २ | बहाल बिटौरी कर | | | | ०।०० | |
| ३ | घरबहाल कर | | १०००००।०० | ३६६७२५।०० | ११।७५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | सवारी साधन कर | | ५००००।०० | ०।०० | ०।०० | |
| ५ | व्यवसायिक रजिष्ट्रेसन दस्तुर | | ५००००।०० | १२५००।०० | ०।४० | |
| ६ | बिज्ञापन कर | | ०।०० | ०।०० | ०।०० | |
| ७ | अन्य राजश्व | | ३००००००।०० | १८६३७३०।०२ | ५९।७१ | |
| ८ | अन्य सेवा शुल्क तथा विकि दस्तुर | | ५००००।०० | ०।०० | ०।०० | |
| ९ | सिफारिस दस्तुर | | ८२५०००।०० | २१५०००।०० | ६।८९ | |
| १० | न्यायीक दण्ड जरिवाना | | ५००।०० | ७०००।०० | ०।२२ | |
| ११ | अन्य निकाय बाट प्राप्त लाभांस | | ०।०० | ०।०० | ०।०० | |
| **आन्तरिक कर तथा गैर कर राजश्व** | | | ४७९०५००.०० | ३१२११५५.०२ | १००.०० | १.१० |
| २१ | **गत बर्षको नगद मौज्दात** | | १००००००.०० | ४१६०९८९२.९६ | | |
| **कुल आय तथा बचत जम्मा** | | | १४७९०५००.०० | ४४७३१०४७.९८ | | |
| **कुल जम्मा (प्रदेश तथा संघीय)** | | | | २७९४६३०००.० | | ९८.९० |
| **अ.ल्या बाहेकको कुल जम्मा ( आन्तरिक तथा बाह्य)** | | | | २८२५८४१५५.०२ | | १००.०० |

### १.११.२ विद्यमान दरबनदी र कर्मचारी परिचालनको अवस्था

वर्तमान अवस्थामा अरुण गाउँपालिकामा मानवीय श्रोतको परिचालनकालागि स्वीकृत दरबनदी स्वास्थ्य केन्द्र र विद्यालय बाहेक गाउँ कार्यपालिका तर्फ प्रमुख प्रशासकीय अधिकृत १ जना समेत ५ जना अधिकृत स्तरका गरी १९ र वडा कार्यालय तर्फ १४ गरी जम्मा ३३ रहेको छ । वर्तमान अवस्थामा कर्मचारी समायोजन बाट समेत गरी गाउँ कार्यपालिका तथा वडा कार्यालय तर्फ कुल ५२ र स्वास्थ्य तर्फ ४७ गरी कुल ९९ जना कर्मचारी कार्यरत रहेका देखिन्छन भने स्वीकृत दरबन्दीको आधारमा हेर्ने हो भने ७ पद खालि रहेको देखिन्छ । स्थानीय सरकारको हैसियतमा यस पालिकाले सम्पादन गर्नु पर्ने सेवा प्रवाह र विकास निर्माण सँग सम्बन्धित कार्यलाई स्थापित मापदण्डका आधारमा सम्पादन गर्न कर्मचारीको यो मात्रा अत्यन्त न्यून रहेको अवस्था छ । तसर्थ यस पालिकाले निकट भावीश्यमा आफ्नो संगठन विकास तथा व्यवस्थापन सर्वेक्षण समेत गरी आवश्यक दरबन्दीको श्रृजना गर्ने र श्रृजित दरबन्दीमा पदपूर्तिकालागि विद्यमान कानूनी व्यवस्थाका आधारमा संघीय तथा प्रदेश सरकार सँग आवश्यकता बमोजिम समन्वय समेत गरी दक्ष र क्षमतावान कर्मचारिको व्यवस्था गर्न र कार्यरत कर्मचारिको कार्य विवरण तयार पारी कार्य सम्पादन सम्झौताका साथ कृयाशिल गर्न गराउन अनिवार्य देखिएको छ । वर्तमान अवस्थामा कार्यरत कर्मचारीको दरबन्दी सहितका विवरण तालिका नं. १.६४ मा उल्लेख गरिएको छ ।

**तालिका नं. १.६३: आन्तरिक, प्रदेश तथा संघीय सरकार बाट प्राप्त भएको तथा हुने आम्दानीको विवरण**

| प्रदेश तथा संघीय सरकार बाट प्राप्त आम्दानीको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क.सं. | आय शिर्षक | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को अनुमान | कैफियत |
| १. संघीय सरकार बाट | | | | | | |
| १.१ | बित्तीय समानिकरण अनुदान | | ७४००००००.० | ८०२०००००.० | ८४३०००००.० | |
| १.२ | शसर्त अनुदान | | १२५०३९०००.० | १५३९९८०००.० | १८९६०००००.० | |
| १.३ | विशेष अनुदान | | ०.० | १०००००००.० | १५००००००.० | |
| १.४ | समपुरक अनुदना | | | ६००००००.० | ७५०००००.० | |
| १.५ | राजश्व बांडफांड | | ४५४७३३९१.० | ४३७६८४३२/९४ | ६६३७०८८०.० | |
| १.६ | अन्य | | ०.० | ०.० | | |
| जम्मा | | | २४४५१२३९१.० | २५०१९८०००.० | ३६२७७०८८०.० | |
| २. प्रदेश सरकार बाट | | | | | | |
| १.१ | बित्तीय समानिकरण अनुदान तथा सवारी साधन कर बाँडफाँड | | ६०३२११५.० | ६९८००००.० | ६९८३०००.० | |
| १.२ | शसर्त अनुदान | | १४५०००००.० | १२०८५०००.० | | |
| १.३ | विशेष अनुदान | | | २०००००.० | | |
| १.४ | समपुरक अनुदना | | | १०००००००.० | १०००००००.० | |
| १.५ | राजश्व बांडफांड | | | | | |
| १.६ | प्रधानमन्त्री रोजगार कार्यक्रम | | २६९४२७३.० | | | |
| १.७ | स्थानीय पूर्वाधार विकास साझेदारी का | | ६७००००.० | | | |
| **जम्मा** | | | २३८९६३८८.० | २९२६५०००.० | १६९८३०००.० | |
| **कुल जम्मा (प्रदेश तथा संघीय)** | | | २६८४०८७७९.० | २७९४६३०००.० | ३७९७५३८८०.० | |
| **आन्तरिक आम्दानी** | | | ५३३७२७७.० | ३१२११४५.२ | २५०००००.० | |
| **अ.ल्या** | | | १०००००००.० | ४१६०९८९३.० | १०००००००.० | |
| **कुल जम्मा (आन्तरिक तथा बाह्य)** | | २७२८४२८८१.० | २८३७४६०५६.० | ३२४१९४०३८.२ | ३९२२५३८८०.० | |
| बृद्धि मात्रा (अ.ल्या समेतको) | | | ४.०० | १४.२५ | २०.९९ | |
| बृद्धि मात्रा (अ.ल्या. बाहेकको) | | | | ३.२३ | ३५.६२ | औषत १९.४३ % |

श्रोत: गाउँ कार्यपालिकाको अभिलेख, २०७७

तालिका नं. १.६४ गाउँपालिकाको विद्यमान दरबन्दी

| क.सं. | पद | तह | सेवा | समूह | उप समूह | स्वीकृत दरबन्दी | साबिक स्थानीय तहबाट समायोजन | निजामति सेवा बाट समायोजन | जि.स.स. बाट समायोजन | अन्य सेवा बाट समायोजन | रिक्त पद संख्या | पदपूर्तीका लागि अनुरोध गरिएका पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औं | प्रशासन | सा.प्र. | | १ | ० | ० | ० | ० | १ | १ | प्रमुख प्रशासकीय अधिकृत संघमा समायोजन भई रिक्त रहेको |
| २ | इन्जिनियर | ७/८ औं | इन्जिनियर | सिभिल | | १ | ० | ० | ० | ० | १ | १ | करार बाट व्यवस्थापन |
| ३ | अधिकृत | ७/८ औं | शिक्षा | शि.प्र. | | १ | ० | ० | ० | ० | १ | १ | समायोजन भई नआएको |
| ४ | अधिकृत | ७/८ औं | प्रशासन | लेखा | | १ | ० | ० | ० | ० | १ | १ | समायोजन भई नआएको |
| ५ | अधिकृत | ६ औं | प्रशासन | स.प्र. | | २ | ० | ० | १ | ० | १ | १ | १ जना जि.स.स. बाट समायोजन भई आएको १ जना रिक्त रहेको |
| ६ | आन्तरिक लेखा परिक्षक | ५ औं | प्रशासन | लेखा | | १ | ० | ० | ० | ० | १ | १ | समायोजन भई नआएको |
| ७ | सहायक | ५ औं | प्रशासन | लेखा | | ४ | ० | ० | ० | ० | ४ | ४ | समायोजन भई नआएको |
| ८ | कम्प्यूटर अपरेटर | ५ औं | बिबिध | | | १ | ० | ० | ० | ० | १ | १ | LGCDP कार्यक्रम अन्तरगत सूचना प्रविधि अधिकृत बाट कार्य सञ्चालन भएको |
| ९ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | | १ | ० | ० | ० | ० | १ | १ | लेखापालको समायोजन संघमा भई पद रिक्त रहेको |
| १० | प्रा.स. | ५ औं | शिक्षा | शि.प्र. | | १ | ० | ० | ० | ० | १ | १ | समायोजन भई नआएको |
| ११ | हे.असिस्टेन्ट | ५/६ औं | स्वास्थ्य | हे.इ | | १ | ० | ० | ० | ० | १ | १ | समायोजन भई नआएको |
| १२ | सव | ५ औं | इन्जिनिय | सिभिल | | १ | ० | ० | १ | ० | ० | ० | १ जना जि.स.स. बाट |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | इन्जिनियर | | र | | | | | | | | | | समायोजन भई आएको |
| १३ | अ.सव इन्जिनियर | चौथो | इन्जिनियर | सिभिल | | १ | ० | ० | ० | ० | १ | १ | समायोजन भई नआएको |
| १४ | स.महिला विकास निरिक्षक | चौथो | बिबिध | | | १ | ० | ० | ० | १ | ० | ० | १ जना अन्य सेवा बाट समायोजन भई आएको |
| १५ | खा.पा.स.टे | ४/५ औं | इन्जि. | सिभिल | स्यानिटरी | १ | ० | ० | ० | १ | ० | ० | समायोजन भई नआएको |
| **जम्मा** | | | | | | **१९** | **०** | **०** | **२** | **१** | **१६** | **१६** | |
| वडा कार्यालय | | | | | | | | | | | | | |
| १ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ३ | ० | ० | ० | ० | ३ | ३ | संघ र स्थानीय तहमा समायोजन भई पद रिक्त |
| २ | सव इन्जिनियर | ५ औं | इन्जिनियर | सिभिल | | ३ | ० | ० | ० | ० | ३ | ३ | समायोजन भई नआएको |
| ४ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ३ | ० | ० | ० | ० | ३ | ३ | संघ र स्थानीय तहमा समायोजन भई पद रिक्त |
| ५ | अ.सव इन्जिनियर | चौथो | इन्जिनियरिङ | सिभिल | | ४ | ३ | ० | ० | ० | १ | १ | स्थानीय तहमा ३ जना कार्यरत रहेको साथै १ पद रिक्त |
| ६ | मुखिया | तृतीय | प्रशासन | | | १ | १ | ० | ० | ० | ० | ० | स्थानीय तहमा १ जना कार्यरत रहेको |
| **जम्मा** | | | | | | **१४** | **४** | | | | **१०** | **१०** | |
| **कुल जम्मा** | | | | | | **३३** | **४** | | **२** | **१** | **२६** | **२६** | |

श्रोत: गाउँ कार्यपालिकाको अभिलेख, २०७७

# भाग २
## आवधिक गाउँपालिका विकास योजना निर्माणको औचित्य, दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, कार्य परिधि, योजना तर्जुमा दृष्टिकोण तथा प्रकृया र अध्ययन विधि

### २.१ आवधिक गाउँपालिका विकास योजना तर्जुमाको औचित्यः

अरुण गाउँपालिका ऐतिहासिक पृष्ठभूमि सहितको भोजपुर जिल्लाको समृद्धि निर्माणका आधारभुत श्रोत र साधनको सम्भावना नै सम्भाबना बोकेको गाउँपालिका हो । वर्तमान संबिधानको कार्यान्वयन सँगै स्थानीय तहले स्थानीय सरकारको हैसियतमा स्थानीय जनताको आवश्यकता र चाहाना बमोजिम जनताकै घरदैलो सम्म विकास निर्माण र सेवा प्रवाहलाई सहज रुपमा पुऱ्याउने जिम्मेवारी प्राप्त भएको समेत ३ बर्ष पुरा गरी चौंथो बर्षको अन्त्य तिर पुगि सकेको छ । लामो समय सम्म स्थानीय तह जनप्रतिनिधि विहिन रहे । विगतमा स्थानीय तहमा स्थानीय आवश्यकता बमोजिमका आर्थिक, सामाजिक, भौतिक तथा सास्कृतिक विकासका योजनाहरू प्रकृयागत रुपमा समयबद्ध ढंगले आगाडि बढ्न सकेनन् । अरुण गाउँपालिका पनि वर्तमान संबिधानको कार्यान्वयन सँगै नेपाल सरकारको पछिल्लो निर्णय बमोजिम स्थापित भएको नयाँ गाउँपालिका हो । अरुण गाउँपालिका विकास निर्माण र सेवा प्रवाहका न्यून पूर्वाधार भएका साविकका चम्पे, याङपाङ, प्याउली, चरम्बी, जरायोटार र याकु गरी ६ वटा गाउँ विकास समितिलाई एकीकृत गरी पुनर संरचित गरिएको गाउँपालिका हो । यस गाउँपालिकाका आधिकांस पूर्वाधारयुक्त संरचनाहरू ग्रामिण स्तरकानै छन् । दिगो ग्रामिण विकासको आवधारणा बमोजिम यस गाउँपालिका भित्र उपलब्ध भौगोलिक बनावट र आवस्थितिलाई गाउँपालिका पूर्वाधार विकासको आवसरमुखि क्षेत्रको रुपमा स्वीकार्दै भू-उपयोग योजनाका साथ आगामी २० बर्ष भित्र आवश्यक न्यूनतम आधारभुत सेवा सहितको समृद्ध गाउँपालिकाको रुपमा विकास गर्ने कार्यको जग प्रारम्भ बाटै बसाउन आनिवार्य भएका कारण यसै गाउँपालिकाको आ.व. २०७६/७७ को बार्षिक नीति कार्यक्रमले आवधिक गाउँपालिका विकास योजना तर्जुमाको कार्यलाई प्रथम प्राथमिकतामा राखि कार्यान्वयनमा ल्याएको छ ।

विद्यमान सिमित स्रोत र साधनका विच बिना योजना गरिने विकास निर्माणका कार्य सिमित घेरा भित्र आस्थाई हुने मात्र हैन कमजोर समेत हुने गरेका कयौ उद्धारण हाम्रा समु छन् । बिगत लामो समय देखि हाम्रो देश नेपाल पनि यीनै चुनौती बाट गुज्रिरहेको छ । बिगतका घट्नाक्रमहरूले जनताका आधारभुत आवश्यकता एकातिर र सञ्चालन हने विकास निर्माण र सेवा प्रवाहका योजना आर्कातिर भएका कयौं उद्धाहरण हाम्रो माझमा रहेका छन् । पुराना र महत्वपूर्ण योजना सम्पन्न नहुँदै प्रत्येक वर्ष स्थानीय तहले थप योजनाको खोजी र सञ्चालनमा धेरै समय र लागत खर्चिनु परिरहेको आवस्था विद्यमान छ । तसर्थ जनताको माझबाट स्थानीय आवश्यकता बमोजिम दिगो विकास लक्ष्यमा समेत आधारित आर्थिक, सामाजिक, भौतिक र सास्कृतिक लगायत मानव विकास संग सम्बन्धित योजनाहरूको पहिचान, छनौट, प्राथमिकिकरण गरेर आवश्यक स्रोत र साधनको व्यवस्थापन सहित कार्यान्बनयको थालनि गर्न आपरिहार्य भएकोले यो आवधिक गाउँपालिका विकास योजना तर्जुमा गरिएको छ ।

यस गाउँपालिकाको समृद्धिमा आधारित विकासको गतिलाई सुरुबाटै व्यवस्थित रुपमा सञ्चालन गर्ने मान्यताका साथ प्रस्तुत दस्तावेजलाई समय सापेक्ष बनाउने प्रयास गरेर यो स्वरुपमा प्रस्तुत गरिएको हो । यस आवधिक योजना प्रतिवेदनमा प्रस्तुत गरिएका योजनागत विषय वस्तुहरू यसै गाउँपालिकाको वस्तुगत अवस्था र विवरणमा आधारित तथा योजना तयारीका बखत गरिएको स्थालगत अध्ययन र वडा तथा गाउँपालिका स्तरीय भेला बैठक साथै गाउँपालिकाको आभिलेख समेतमा आधारित रहेका छन् । यसका आतिरिक्त विषयगत विवरणहरूमा जनप्रतिनिधि र सर्वसाधारण

गाउँपालिकाबासी सँग गरिएका छलफल साथै विषयगत कार्यालयहरू संग रहेका वर्तमान आभिलेख समेतलाई समेट्ने प्रयास गरिएको छ । उपलब्ध बिवरण गाउँपालिकाले बिगत बर्षहरूमा सञ्चालनमा ल्याएका योजना तथा तीनमा प्राप्त गरेको सफलता, जनप्रतिनिधिहरूले औल्याएका विषय वस्तु साथै बहुवर्षिय कार्यक्रमको लक्ष्य साथै आम्दानी र लगानीको निश्चित प्रवृत्ति (trend) विश्लेषणको आधारमा सूचकहरू निर्माण गरी प्रक्षेपण गरेर आगामी पाँच वर्षको लागि (आ. व.२०७८/७९- २०८२/८३) यो "**आवधिक गाउँपालिका विकास योजना**" तयार गरिएको छ । यो एक Integrated, indicative र comprehensive दस्तावेज भएकोले उल्लेखित प्रक्षेपणबाट तथ्यांक र लगानीका परिमाणहरूमा तात्विक भिन्नता नहुने आनुमान गरिएको छ ।

वर्तमान आवस्थामा देश भित्रै तथा विश्वव्यापी रुपमा देखा परेका नौला आवधारणा र देशको राजनैतिक परिवर्तनलाई आत्मसात गर्ने खालका उद्देश्य, नीति र कार्यक्रमहरूको तर्जुमा गरिनुपर्ने आवश्यक्तालाई क्रमिक रुपमा पूरा गर्दै लैजान सम्बन्धीत परिच्छेदहरू तर्जुमा गरिएका छन । ग्रामिण तथा ग्रामिण गरिबी जस्तो संवेदनशील पक्ष, वालआधिकार, आपांगता र लक्षित समुदायका लागि ल्याउनुपर्ने थप विशेष नीति र योजनाहरू तर्जुमा गरिएका छन । आवधिक योजनाको खाका तयारीका क्रममा वर्तमान परिवर्तित सन्दर्भ र समसामयिक आवश्यक्तालाई पूर्ण सम्बोधन गर्न थप कार्यमूलक रणनीतिहरू समेत तय गरिएका छन ।

आवधिक गाउँपालिका विकास योजना तर्जुमाका लागि प्राप्त आन्तिम प्रतिवेदनलाई मूल आधार मानी अरुण गाउँपालिकाले गाउँपालिकाको वस्तुगत आवस्था र समसामयिक परिवर्तनलाई आत्मसात गर्दै यसमा उल्लेख भएका दीर्घकालिन सोचमा आधारित लक्ष्य, उद्देश्य र सूचक सहितका कार्यक्रमहरूलाई आन्तिम रुप प्रदान गर्नेछ । आवधिक गाउँपालिका विकास योजना तर्जुमा गर्ने कार्यमा गाउँपालिकाको निर्णय तथा तयारिका क्रममा निर्वाचित जनप्रतिनिधिहरू, कर्मचारी, स्थानीयबासी र सरोकारवाला संघसंस्थाको हार्दिकतापूर्ण सहयोग र सहकार्य आनिवार्य गरिएका कारण वडा र गाउँपालिकाको वस्तुस्थिति, समस्या तथा आवसरहरू बारे सही तस्वीर आउन सम्भव भएको हो । वडागत भेलामा विषयगत निकाय, गैसस, नागरिक समाज, टोल संगठन, सरोकारसमूहहरूसँग भएको छलफल र आन्तरकिया तथा स्थलगत अवलोकनको माध्यमबाट प्राप्त सुझावहरू समेत समेटी यो आवधिक गाउँपालिका विकास योजनाको अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

## २.२ दीर्घकालिन सोच

अरुण गाउँपालिका दिगो ग्रामिण विकासको माध्यमबाट एक समृद्ध गाउँपालिकाको रुपमा निर्माण विकास गरी मानव बसोबासका लागि न्यूनतम आधारभूत आवश्यकता परिपूर्ती सहितको सुविधा सम्पन्न स्थानीय तहको रुपमा विकास गर्न आफ्नो स्थापनाकाल बाटै वर्तमान संबिधान, स्थानीय सरकार सञ्चालन ऐन समेतका प्रचलित ऐन नियमको क्षेत्राधिकार भित्र रही कृयाशिल रहेको छ । दीर्घकालिन सोच निर्माण र योजनाको प्राथमिकता किटानका लागि वडागत रुपमा स्थानीयबासी सँग गरिएको छलफल तथा अन्तरकृया, वर्तमान संबिधान र स्थानीय सरकार सञ्चालन ऐनले दिएका अधिकार क्षेत्र र जिम्मेवारी, दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्ने कार्यमा आधारित भई यस गाउँपालिकाका वर्तमान अवसर र सम्भाबना तथा चुनौतीहरूलाई केन्द्रबिन्दुमा राखेर कार्यपालिकाका पदाधिकारी तथा गाउँसभा सदस्यहरू, विषयगत समितिका पदाधिकारीहरू, वडा सचिवहरू तथा विषय बिज्ञहरू सम्मिलित छलफल र विगतमा यस गाउँपालिकाले निर्धारण तथा अवलम्बन गरेका नीति, निर्णय र लक्ष्य समेतका आधारमा वर्तमान बस्तुगत अवस्थाको विश्लेषण र भावी संभाबना सहित आएका विचार र कार्यदिशालाई समेत समेटेर विगतमा स्थापित गरिएको दीर्घकालिन सोचलाई समय सापेक्ष परिमार्जन गरी आवधिक गाउँपालिका विकास योजनाको माध्यमबाट विषयगत क्षेत्र, आवश्यकता र दिगो विकासमा केन्द्रित देहाय बमोजिमको दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य पारित गरियो ।

## दीर्घकालिन सोच

यस गाउँपालिकाको दीर्घकालिन सोच देहाय बमोजिम रहने छ ।

**"कृषिको व्यवसायिकिकरण, शिक्षा, स्वास्थ्य, उद्योग र व्यापार पर्यटन विकास र भौतिक पूर्वाधार अरुण गाउँपालिका समृद्धिका आधार"**

### २.२.१ दीर्घकालिन सोच निर्माणका आधारः

अरुण गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका संभाबना र अवसरहरूको पहिचान गरी तिनिहरूको प्राथमिकता क्रमका आधारमा दीर्घकालिन सोच निर्माण गरेको छ । यस दीर्घकालिन सोच निर्माणका विषयगत र क्षेत्रगत पूर्वाधार निर्माण सहितका मुख्य आधारहरू देहाय बमोजिम रहेका छन् :

#### २.२.१.१ कृषिको व्यवसायिकिकरण (पशुपन्छीपालन समेत)

**क. अनुकुल मौषम र उर्वर माटोका कारण परम्परादेखि गरिदै आएका साथै वर्तमान मा बिकसित र स्थापित हुँदै गरेका देहायका कृषि उत्पादनहरूको व्यवसायिकिकरण गर्न सकिने प्रशस्त सम्भावना रहेको**

- सुन्तला, कागती, निवुवा, आँप, लिची, केरा, एभोकाडो, किवी, भुई कटर, रुख कटर जस्ता फलफूल खेति
- काउली, आलु, हरियो साग, सिमि, बोडी लगायतका मौषमी तथा बेमौषमी तरकारी खेती
- धान, मकै, गहुँ, कोदो जस्ता खाद्यान्न बालीको उत्पादन बृद्धि गरी आत्म निर्भर हुन सकिने
- रुद्राक्ष, बदाम, सूर्ती, अलैची, अदुवा, अकवरे खोर्सानी, अम्लिसो लगायतका नगदेबालीको दरिलो सम्भाबना रहेको
- यागुवा खोला (याङ्गपाङ - चरम्बी - जरायोटार हुँदै सिक्रेटार सिंचाई योजना, हङ्ग्रायो खोलाबाट साविक याकु गाउँ विकास समितिका ७, ८ र ९ नं. वडामा साथै गाउँपालिकाको तल्लो समतल भूभागहरूमा अरुण नदीबाट लिफ्टिङ प्रविधिको निर्माण व्यवस्थापन गरी सिंचाईको दिगो व्यवस्था, गाउँपालिका क्षेत्र भित्र रहेका ससाना खोला तथा खोल्सा तथा जरुवा पानी लगायत बर्षायामको पानी सङ्कलन समेत गरी सुख्खा क्षेत्र समेतका सम्पूर्ण कृषि योग्य जमिनमा सिंचाईको व्यवस्था गर्न सकिने
- सामुदायिक बन जङ्गललाई व्यवस्थापन र थप बृक्षारोपणको माध्यमबाट बन पैदावर बस्तुहरूको संरक्षण एवं सम्बर्द्धन गरी चिराईतो, गिठे भ्याकुर जस्ता जडिबुटी लगायतका बस्तुहरूको उत्पादन बृद्धि गर्न सकिने
- प्राङ्गरिक मल उत्पादनको पर्याप्त सम्भाबना रहेको  उन्नत जातको बिउ बिजन प्रयोगको वातावारण क्रमस विकास हुँदै गरेको

**ख. दुध, दुग्ध पदार्थ साथै मासु तथा मासुजन्य पदार्थ उत्पादनको दरिलो आधार स्थापित रहेको**

- दुध तथा दुग्ध जन्य पदार्थ उत्पादनका लागि गाई, भैंसी पालन क्रमिक रुपमा व्यवसायिक हुँदै गएको छ भने दुधका लागि बाखापालन व्यवसाय बिस्तार गर्न सकिने सम्भाबना रहेको
- मासु तथा मासुजन्य पदार्थ उत्पादनका लागि खसी, बाखा, कुखुरा, बंगुर, माछा आदी
- गोठ तथा खोर सुधार, नस्ल सुधार जस्ता कार्यले गति लिन थालेको
- चरन क्षेत्रको विकास र व्यवस्थापनका लागि प्रसस्त जमिन उपलब्ध रहेको
- किसानहरूले आ-आफ्नै बारिमा डाले घाँस र भुई घाँस प्रसस्त लगाउँने गरेका कारण यसको थप व्यवस्थापन र विकास गर्न सकिने

**ग. अन्य**

- बिभिन्न कृषक समूहहरू गठन भई कृयाशिल हुन थालेको

- कृषि सहकारीहरूले कृषि विकासको क्षेत्रमा आफ्ना कार्यहरूलाई अघि बढाउन थालेको
- बैंक बित्तीय संस्थाहरूले कृषिको व्यवसायिक क्षेत्र र स्वरोजगार श्रृजनामा आफ्नो लगानीलाई बिस्तार गर्न थालेको
- कृषिको व्यवसायिकिकरणमा यूवा स्थानीयबासीको चासो र सकृयतामा क्रमस बृद्धि हुँदै गएको
- स्थानीयबासीहरूमा व्यवसायिक सोचको विकास क्रमस हुँदै गएको

**२.२.१.२. शिक्षा विकास**

- गाउँपालिका क्षेत्र भित्र माध्यमिक तथा उच्च माध्यमिक विद्यालय७ वटा, आधारभुत विद्यालय२७ वटा, पूर्व प्राथमिक विद्यालय२१ गरी कुल ५५ वटा शिक्षालयहरू सञ्चालनमा रहेका
- प्रविधिक धार तथा बिज्ञान सङ्काय सहित स्नातक तथा स्नातकोत्तर तह सम्मको उच्च शिक्षा अध्ययन अध्यापन गर्ने शिक्षालयको स्थापना र विकास गाउँपालिकाको प्राथमिकता भित्र समेटिएको
- सवै माध्यमिक विद्यालयमा कक्षा १२ सम्मको पढाई व्यवस्थापन सहित उच्च माध्यमिक विद्यालयमा कृषि बाली बिज्ञान, भेटनरी, ईन्जिनियरिङ, अनमि र अहेव जस्ता प्राविधिक धार तर्फका शैक्षिक कार्यक्रम सञ्चालन गर्न सकिने गरी पूर्वाधार विकास गर्दै लगिएको
- स्थानीय पाठ्यक्रमको विकास गरी अरुण गाउँपालिका क्षेत्र भित्र कृषिबाली र शिप विकासका सम्भाबनाको खोजी र बिस्तार साथै मात्रृभाषाको पठन पाठनलाई अघि बढाउन सकिने गरी पूर्वाधार विकास हुँदै गरेको
- गाउँपालिकाको सकृयतामा प्रत्येक विद्यालयमा विषयगत शिक्षकको व्यवस्था गर्न सकिने
- प्रत्येक माध्यमिक विद्यालयमा ई-पुष्तकालयको व्यवस्था तथा झोला रहित पठन पाठनको व्यवस्थालाई कार्यान्वयनमा ल्याउन सकिने
- प्रत्येक आधारभुत विद्यालयसम्म आधारभुत भौतिक पूर्वाधार सहित बिज्ञान प्रयोगशाला स्थापन गर्न सकिने
- बालविकास केन्द्रहरू स्थापना र विकास गाउँपालिकाको प्राथमिकता सूचिमा रहेको
- लक्षित समुदायमा आधारित जनचेतना, शिप र क्षमता विकास सँग सम्बन्धित कार्यक्रमहरूले निरन्तर प्रगति प्राप्त गरिरहेको

**२.२.१.३. स्वास्थ्य सेवा तथा पूर्वाधार**

- गाउँपालिका केन्द्र वडा नं. ३ को प्याउलीमा १५ शैयाको अस्पताल निर्माणका लागि जग्गा व्यवस्थापन सहित निर्माण व्यवस्थापनका लागि शिलान्याँसको कार्य सम्पन्न भईसकेको तथा यसलाई भावीश्यमा प्रयोगशाला, एक्सरे, अल्ट्रसाउण्ड, बिरामी कुरुवा घर लगायत बिशेषज्ञ जनशक्ति व्यवस्थापन सहित क्रमश: ५० शैया सम्म बिस्तार गर्न सकिने सम्भाबना रहेको
- वर्तमान अवस्थामा १ वटा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी ६ र सामुदायिक स्वास्थ्य ईकाइ सिकेटार वडा नं. ७ मा १ गरी जम्मा ८ वटा स्वास्थ्य संस्थाहरू सञ्चालनमा रहेका
- गर्भवती तथा सुत्केरी महिला तथा नवजात शिशुलाई पोषणयुक्त खानेकुरा वितरण, आकस्मिक स्वास्थ्य सेवा तथा सुत्केरी महिला लक्षित एम्बुलेन्स सेवा, खोप सेवा लगायतका स्वास्थ्य सेवा प्रभावकारी रुपमा सञ्चालनमा रहेका
- उपयुक्त स्थानको पहिचानका साथ १ वटा हेलिप्याड निर्माण गर्ने कार्यलाई परिणाममुखि बनाउन सकिने
- एक घर एक धाराको व्यवस्थापन सहित सम्पूर्ण गाउँपालिकाबासीलाई शुद्ध र सुरक्षित खानेपानीका लागि टैंकी निर्माण, पाईपालाईन बिस्तार, धारा जडान समेतका कार्य सञ्चालनमा रहेका छन भने अरुण नदी सिक्रेटार - खाल्डे, अरुण नदी जरायो टार बराह पोखरी, अरुण नदी कुमलटार च्याङ्ग थामेडाँडा हरेलो, हंग्रायो खोलाबाट हरेलो डाँडा जस्ता लिफ्ट खानेपानी आयोजना निर्माण (भण्डारण ट्याकि तथा शुद्धिकरण उपकरण सहित) सञ्चालन गरी खानेपानीको आवश्यकता पुरा गर्न सकिने सम्भबना रहेको

- गाउँपालिकाका बिभिन्न स्थानमा संरक्षण र सम्बर्द्धनको पर्खाइमा रहेका खानेपानी मुहानहरूलाई बृक्षारोपण तथा घेराबारा सहित संरक्षण गरी खानेपानीका वर्तमान आवश्यकता पुरा गर्न सकिने
- फोहोरमैला प्रशोधन केन्द्र निर्माण व्यवस्थापनका लागि जग्गाको व्यवस्थापन हुँदै गरेकोले यसबाट बिभिन्न सामान उत्पादन, कुहिने प्रकृतिको फोहोरमैला बाट कम्पोष्ट मल उत्पादन समेतका कार्य हुन गई फोहोरलाई मोहोरमा परिणत गर्न सकिने सम्भाबना रहेको

**२.२.१.४. उद्योग र ब्यापार**

- जरायोटारमा औद्योगिक ग्रामको स्थापनाका लागि जग्गा व्यवस्थापन सहितको कार्य अघि बढेको
- कृषि तथा पशु बालीमा आधारित जुस उत्पादन सहितका फलफूल प्रशोधन, खाद्य प्रशोधन, दुग्ध प्रशोधन जस्ता उद्योगहरू सञ्चालन गरी रोजगारी श्रृजना सहित आन्तरिक उत्पादनमा बृद्धि साथै सर्वसाधारण नागरिकको आय आर्जनमा बृद्धि गर्न सकिने
- इटा उद्योग, कोगटी, खाँडी कपडा उद्योग, ढाका उद्योग, फलामजन्य सामाग्रि निर्माण, जडिबुटी उत्पादन तथा प्रशोधन, बाँस तथा बेतबाँस बाट बन्ने डोको, नाम्लो, मान्द्रो, चित्रा, फर्निचर जस्ता घरेलु तथा कुटीर उद्योगको रुपमा सञ्चालनमा रहेकाले यिनिहरूको स्तरोन्नती गर्न सकिने
- गाउँपालिका औद्योगिक नीति निर्माण गरी प्लाईउड कारखाना, सल्लो संरक्षण र विकास गरी यसमा आधारित उद्योग साथ साथै सुर्ति खेतीमा आधारित सिंगार उद्योग सहितका बिभिन्न मझौला तथा ठूला उद्योगको स्थापनाका लागि उपयुक्त वातावरणको श्रृजना गर्न सकिने सम्भाबना रहेको
- वडा नं. १ को याङपाङ्ग, वडा नं. ३ को प्याउली, वडा नं. ४ को चरम्बी, वडा नं. ६ को जरायोटार लगायतका क्षेत्रमा चुनढुङ्गा, वडा नं. ७ मा खरी ढुङ्गा प्रसस्त रहेकाले यसमा आधारित सिमेण्ट उद्योग सञ्चालनमा ल्याउन सकिने साथै वडा नं. १ को याङपाङको खानी गाउँमा फलाम खानी र तामेभिरमा तामा खानीको सम्भाबना रहेको साथै कलर पेण्ट कारखाना समेत सञ्चालनमा ल्याउन सकिने
- वडा नं.१ को यागुवा खोलामा २ मेघावाट सम्मको जलबिद्युत आयोजना सञ्चालनमा आउन सक्ने
- खाद्य पदार्थ भण्डारण केन्द्र, चिस्यान केन्द्रको स्थापना गरी कृषिबाली उत्पादनको संरक्षण गर्न सकिने
- वर्तमान साप्ताहिक हाट बजार केन्द्रहरूको स्तरोन्नती गरी आयात निर्यात केन्द्रको रुपमा विकास गर्न सकिने
- मूख्य तथा ग्रामिण बजार केन्द्रहरुको विकास गरी अन्य ठूला तथा मझौला सहरका ब्यापार व्यवसाय केन्द्रहरूमा सम्बन्ध र सञ्जाल बढाउन सकिने सम्भाबना रहेका

**२.२.१.५. पर्यटन विकास**

- पातलेगुफा, पेन्सनगढी, शिवरात्री गुफा, रवेश्वर, लेवाङ्ग डाँडा, हरेलो डाँडा, बराहपोखरी, लोभरे डाँडा वाट जरायोटार हुँदै अरुण नदीमा जलकृडा समेतको एकीकृत पर्यटन गुरुयोजना मार्ग सहितको सञ्जाल निर्माणलाई पूर्णता दिई पर्यटकलाई कम्तिमा ५ दिन सहज ब्यतित गर्न सक्ने वातावरण व्यवस्थापनका लागि गाउँपालिकाले तयारी गरिरहेको
- छिमेकी जिल्ला वा गाउँपालिका तथा नगरपालिका सँग समेतको साझेदारीमा अरुण नदीमा ऱ्याफि्टङ बोटिङको व्यवस्थापन गर्न सकिने
- पातले गुफा, हरेलो डाँडा, पेन्सन गढी, बराह पोखरी, हलेसी डाँडा, च्याचुङ्ग डाँडा, शिवरात्री गुफा, छाँगा झर्ना, लोभरे डाँडा, मादले भिर, ऐना भिर, तामे भिर, रमिते डाँडा, तालतलैया जस्ता प्राकृतिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गरी पर्यटकीय क्षेत्रको पर्याप्त विकास गर्न सकिने
- जोगी, थामी, गन्धर्व, बादी, कुमाल, मांझी जस्ता लोपोन्मुख जात जाती लगायतका बिभिन्न जातजाती सँग सम्बन्धित धर्म संस्कृति हरूको जगेर्ना गर्ने गरी सांस्कृतिक संग्रहालय समेतको निर्माण व्यवस्थापनका साथ सांस्कृतिक पर्यटन विकास गर्न सकिने

- गाउँपालिकाको वडा नं. ३ प्याउली देखि वडा नं. ५, ६ र ७ (हंग्रायो खोला किनार)का करिव १००० रोपनी जग्गालाई बाँदर, दुम्सी, कालिज लगायतका पशुपन्छी आरक्षण केन्द्र निर्धारण गरी तारजाली र नेट व्यवस्थापन सहितको प्राकृतिक चिडियाखानाको व्यवस्थापन गर्न सकिने
- वडा नं. १ को याङ्पाङ्ग, साथै जोगी गाउँ, खरकेली टारमा सम्बन्धित जातीको संस्कृति सँग जोडर तथा जरायोटार, खर्केलिटार, माचुङ्ग आदी स्थानमा होम स्टे तथा गाउँपालिका केन्द्र र गाउँपालिकाको वडा नं.६ को माफ्टिटार लेगुवामा निजी क्षेत्रको लगानीमा कम्तिमा २-२ वटा पर्यटक बासस्थानको न्यूनतम मापदण्ड सहितका होटल निर्माण गरी सञ्चालनमा
- यसै गाउँपालिकाका पेन्सन गढी र हरेलो डाँडामा प्याराग्लाईडिङको व्यवस्था गर्न सकिने राम्रो सम्भाबना रहेको

**२.२.१.६. भौतिक पूर्वाधार (यातायात पूर्वाधार समेत)**

- मध्य पहाडी लोकमार्ग यस गाउँपालिकाको अधिकांश भूभाग समेटेर गएको
- गाउँपालिका केन्द्र देखि वडा कार्यालय जोड्ने मूख्य सडक सञ्जाल तयार भई स्तरोन्नती र कालो पत्रे गर्ने कार्य क्रमिक रुपले अघि बढ्ने अवस्थामा रहेको
- गाउँपालिका क्षेत्र भित्रका कृषि तथा पर्यटन विकास समेतमा सहयोगि रहेका अन्य शाखा सडकहरू क्रमस स्तरोन्नती गरी ग्राभेल गर्ने कार्य अघि बढेको
- अरुण कोरीडोर हंग्रायो खोला देखि यागुवा खोला सम्म सडक बिस्तार तथा व्यवस्थापन गर्न सकिने
- यस गाउँपालिका भित्रका सवै बस्ती र टोललाई सडक सञ्जालमा आवद्ध गर्ने कार्य भईरहेको
- जग्गा व्यवस्थापन गरी गाउँकार्यपालिका भबन तथा वडा कार्यालय भबनहरूको निर्माण गर्ने कार्यर्लाई तदारुकता दिएको
- ग्रिन भिलेज सहितका एकीकृत बस्ति विकासका कार्यलाई निकट भावीश्य बाटै कार्यान्वयनमा ल्याउने तयारी रहेको
- माफ्टिटार लेगुवा बेंसीमा अरुण प्रवेश द्वार निर्माण गर्न सक्ने संभाबना रहेको
- सवै वडाहरुमा सुविधायुक्त सामुदायिक भबन निर्माण गरी स्थानीय स्तरका आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका कार्यलाई अघि बढाउने तयारी गरिएको

**२.३ लक्ष्य**

अरुण गाउँपालिकाले दीर्घकालिन सोचमा आधारित समृद्धिको मार्ग प्रसस्त गर्न देहाय बमोजिमको लक्ष्य निर्धारण गरेको छ

**"बि.सं. २०८३ साल असार मसान्त भित्र यातायात, आर्थिक, सामाजिक, सास्कृतिक तथा प्रशासनिक लगायतका पूर्वाधारहरूको आधारभुत स्तर निर्माण गरी अरुण गाउँपालिकाको दिगो विकास र समृद्धि निर्माणको आवश्यक जग स्थापित भएको हुनेछ साथै आगामि २० बर्ष भित्र सामाजिक सुरक्षा सहितको सुविधा सम्पन्न तथा शिपयुक्त मानवीय श्रोत र साधनको विकासका साथमा वर्तमान मानव विकास सूचकाङ्कको अवस्थामा सत प्रतिसतले बृद्धि भई भोजपुर जिल्लाको समृद्ध गाउँपालिकाको रुपमा विकसित भएको हुनेछ"**

**२.४ उद्देश्य:**

यस गाउँपालिकाको समग्र समृद्धि निर्माणलाई केन्द्र बिन्दुमा राखेर तयार पार्न लागिएको यस आवधिक गाउँपालिका विकास योजना तर्जुमका मुलभूत उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।

- वर्तमान संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ लगायत प्रचलित ऐन कानूनको अधिनमा रहि यस गाउँपालिकाको समृद्धिको मार्ग प्रशस्त गर्न स्थानीय आवश्यकता बमोजिम गाउँपालिकाको आर्थिक, सामाजिक, साँकृतिक तथा भौतिक विकास तथा भौतिक पूर्वाधार विकासका लागि २० बर्षे दीर्घकालीन सोचले

निर्धारण गरेका लक्ष्य प्राप्त गर्न कम्तिमा ५ वर्षे अवधिको **"आवधिक गाउँपालिका विकास योजना, २०७७"** तर्जुमा गर्ने ।

- गाउँपालिकाको बस्तुस्थिति विवरण र वर्तमान  अवसर र भावि संभाबना समेतका आधारमा गाउँपालिकाको दीर्घकालीन सोच अनुरुप दिगो विकास लक्ष्यमा आधारित यस आवधिक गाउँ विकासयोजनाले स्थापित गरेका विकास लक्ष्य प्राप्त गर्न सवै विषयगत क्षेत्रका गुरु योजना समेत तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- गाउँपालिकाको सर्वाङ्गीण विकासको उद्देश्य लिएको आवधिक गाउँपालिका विकास योजना अर्न्तगत भू-उपयोग नीति र योजना सहितको भौतिक विकास, भौतिक पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक विकास, वातावरण विकास र व्यवस्थापन, वित्तीय विकास र व्यवस्थापन साथै संस्थागत विकास र व्यवस्थापन जस्ता विषयगत क्षेत्रहरू र तदनुरुप लक्ष्य, उद्देश्य, नतिजा, रणनीति, कार्यक्रमहरू, बजेट निर्धारण तथा सरोकारवालाहरूको पहिचानलाई समेत एकीकृत गरी अल्पकालीन तथा दीर्घकालिन योजनाको प्राथमिकता क्रम निर्धारणका साथ अनुमानित लगानी योजना समेत तर्जुमा गर्ने ।
- आवधिक गाउँपालिका विकास योजनामा समावेश भएका विषयगत क्षेत्रमा आधारित योजनाहरूको सफल कार्यान्वयनबाट अरुण गाउँपालिकालाई एक व्यवस्थित, सक्षम र समृद्ध गाउँपालिकाको रुपमा विकास गर्ने
- दिगो विकास लक्ष्य सहितका संघीय तथा प्रदेश सरकार बाट निर्धारण गरेका विषयगत क्षेत्र र तीनमा आधारित योजनाहरूलाई स्थानीयकरण गरी समृद्धिको मार्ग प्रशस्त गर्ने
- निर्धारित योजनाहरू सफल कार्यान्वयन बाट अरुण गाउँपालिकाको समृद्धि निर्माणमा सवै सरोकारवालालाई सकृय सहभागि गराउने
- गाउँपालिकाको दिगो विकासमा आधारित योजना तर्जुमा र कार्यान्वयनमा सहभागि गराएर स्थानीयबासीको अपनत्व स्थापित गर्ने
- स्थानीयबासी समक्ष विकास निर्माणका विषयमा निर्वाचनताका सार्वजनिक रुपमा गरिएका प्रतिवद्धतालाई आवधिक योजना तर्जुमा सहित सुशासनको माध्यम बाट साकार पार्ने
- समग्रमा अरुण गाउँपालिकालाई गणनायोग्य मानव विकास सूचाकङ्कको आधारमा आर्थिक विकास सहितको सुविधा सम्पन्न र समृद्ध गाउँपालिकाको रुपमा निर्माण र विकास गर्ने

## २.५ कार्य परिधि

माथि उल्लेखित उद्देश्यहरूले आवधिक गाउँपालिका विकास योजनाको प्रमुख पक्षहरूलाई सम्बोधन गर्दै निम्न कार्य परिधि स्पष्ट पारेको छ :

क) गाउँपालिकाको गाउँ प्रोफाइल/वस्तुस्थिति विवरण लाई समेत आधार मानिएको

ख) दीर्घकालीन सोचको साथै स्रोत सम्भाबना र विकासलाई निर्देशित गर्न सक्ने गरी स्थलगत अध्ययन र अवलोकन समेत गरी आग्रणी क्षेत्रको पहिचान र आन्तर्निहित आवसर, समस्या तथा चुनौतीको पहिचान तथा विश्लेषण गरिएको

ग) दीर्घकालीन भौतिक विकास योजनाको तर्जुमा गर्दा गाउँपालिकाको भावीष्यको भौतिक स्वरुप, भू-उपयोग, भौतिक पूर्वाधार निर्माणका प्राथमिकता प्राप्त क्षेत्रहरूको पहिचान र किटान, ग्रामिण बिस्तारका क्षेत्रहरू र वातावरणीय संवेदनशील पक्ष र क्षेत्रहरूलाई समावेश  गरिएको

घ) आवधिक गाउँ विकास योजना तर्जुमा गर्दा भौतिक विकास, भौतिक पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक विकास, बातावरिणीय विकास र संरक्षण, बित्तीय विकास र  व्यवस्थापन साथै संस्थागत विकास र व्यवस्थापन गरी ७ वटा विषयगत क्षेत्रमा बिभक्त गरी योजनाका विषयगत र क्षेत्रगत स्वरुप तयार गरिएको

ङ) उल्लेखित विषयगत क्षेत्रका क्षेत्रगत लक्ष्य, उद्देश्य, नतिजा, सूचकहरू, पुस्ट्याँईका आधारहरू, जोखिम पक्षहरू, कार्यक्रमको पहिचान गरी तर्कबद्ध प्रणाली (Logical Framework) मा प्रस्तुत गरिएको

च. तर्कबद्ध प्रणाली (Logical Framework) का साथमा विषयगत योजनाहरूको नाम, ठेगान, वर्तमान अवस्था, आगामि दिनकालागि प्रस्ताव गरिएको विषय, प्राथमिकता नम्बर र सम्बन्धित योजना कार्यान्वयनको जिम्मेवार निकाय समेत उल्लेख गरिएको तालिका प्रस्तुत गरिएको

च) बहु-क्षेत्रगत लगानी योजना आन्तर्गत आल्पकालीन र दीर्घकालीन प्राथमिकता प्राप्त योजना, आयोजना/कार्यक्रमहरू तीनको लागत आनुमान र बित्तिय श्रोतहरू तथा उत्तरदायी संस्थाहरू आदि, समावेस गरिएको

छ) योजना कार्यान्वयन, आनुगमन मूल्यांकन पक्षहरू समेत उल्लेख गरिएको

## २.६ योजना तर्जुमा दृष्टिकोण (Planning Approach)

माथि उल्लेखित उद्देश्यहरूको परिपूर्तिको लागि योजना तर्जुमा गर्ने सन्दर्भमा निम्न दृष्टिकोण आपनाइएको छः

क) आवधिक गाउँपालिका विकास योजना लाई संघ, प्रदेश र स्थानीय स्तरका योजनाहरूसंग आवद्ध गरी विकास योजना प्रणाली (Development Planning System) को एक महत्वपूर्ण आंगको रुपमा हेर्ने ।

ख) बिगतमा गाउँपालिकाले तर्जुमा गरी कार्यान्वयनमा ल्याइएका आवधारणा, नीति, योजना, कार्यक्रम र प्रकृयालाई आवश्यकता अनुसार परिमार्जन र बिकसित गर्दै लैजाने ।

ग) आवधिक गाउँपालिका विकास योजना तर्जुमाकालागि विद्यमान तथा बदलिएको परिवेशमा आव बन्ने ऐन, नियम तथा निर्देशिकाले प्रतिपादित गरेका तथा गर्न सक्ने आवधारणा, विधि र सान्दर्भिक निर्देशनहरूलाई यथासक्य आपनाइएको छ तर तथ्यांङ्क लगायत बदलिएको परिवेश संगै बन्नु पर्ने ऐन, नियम र निर्देशिकाको आभाव तथा आन्य व्यवहारिक कठिनाईहरूले आपनाउन नसकेका हदसम्म समयको माग र आवश्यकता बमोजिम भावीश्यमा क्रमिक रुपले परिमार्जन समेत गर्दै लैजाने ।

घ) तर्जुमा गरिने दीर्घकालीन भौतिक तथा भौतिक पूर्वाधार विकास योजना गाउँपालिकाको सर्वाङ्गीण विकासको लागि निर्धारण गरिएको दीर्घकालीन सोचबाट निर्देशित गरिने तथा आल्पकालीन विषयगत योजनाहरूको लागि स्थानगत आधार (Spatial Framework) प्रदान गर्ने ।

ङ) गाउँपालिकाको भौगोलिक, आर्थिक, सामाजिक विकास सँग सम्बन्धित विषयगत मध्यमकालीन योजना, कार्ययोजना र रणीतिक योजनाहरू ( प्राकृतिक प्रकोप व्यवस्थापन, वालमैत्री योजना, आपांगता, एच आइ भि एड्स, महामारी लगायतका स्वास्थ्य संग प्रत्यक्ष जोडिएका विषय वस्तु लगायत ) लाई आबद्ध (align) गर्दै लैजाने ।

च) बहु-क्षेत्रगत लगानी योजना आन्तर्गत कार्यक्रमहरू/आयोजनाहरू पहिचान गर्दा यस गाउँपालिकाले तथा यस गाउँपालिकामा समावेश भएका साविकका गाविसहरूले विगतमा सफलतापूर्वक सम्पन्न गरेका उत्कृष्ट प्रयोग र विधिहरू (Best practices) लाई समावेश गर्ने प्रयास गर्ने तथा अरुण गाउँपालिकाको आय र श्रोतको वास्तविक धरातललाई दृष्टिगत गरी लगानी योजना प्रस्ताव गर्ने ।

## २.७ योजना तर्जुमा प्रकृया (Planning Process)

### २.७.१ योजना तर्जुमाकालागि आपनाइएका विधि

क) गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र कार्यपालिकाका सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारी, कार्यालयका जिम्मेवार कर्मचारीहरू लगायत सरोकारवाला पक्ष र क्षेत्र समेतलाई समेटेर नागरिक समाज, बुद्धिजिवीहरू, समाजसेवीहरूको सहभागितामा वार्ड भेला समेत गरी सहभागितात्मक सुझाव तथा सरसल्लाह लिने कार्य गरिएको

ख) तर्कबद्ध प्रणालीमा आधारित विषयगत विकास योजना तथा लगानी कार्यक्रम प्रस्ताव गरिएको

ग) यी दुवै विधिको आभ्यास गरिंदा निम्न कदमहरुको आवलम्बन गरिएको

१) कार्य विवरणमा उल्लेख भएका विभिन्न विषयगत क्षेत्रहरू सम्बन्धी अरुण गाउँपालिकाको वर्तमान वस्तुस्थितिहरूको आबलोकन तथा समीक्षा (situation analysis) को आधारमा सापेक्षित मूल समस्या, सवालहरू तथा चुनौती र आवसरहरूको पहिचान गर्ने प्रयास गरिएको

२) वस्तुस्थिति र समस्या/सवालहरूको आधारमा लक्ष्य, उद्देश्य तथा नतिजाहरू/कार्य नीतिको प्रतिपादन गरी विभिन्न विषयगत योजनाहरू तथा दीर्घकालीन भौतिक विकास योजनाको तर्जुमा र कार्यक्रमहरूको प्रस्ताव गरिएको

३) बदलिएको परिवेश संगै दिगो विकासको खाका सहित अरुण गाउँपालिकाको आर्थिक समृद्धिको मार्ग तयार गर्न प्राविधिक, आर्थिक र संस्थागत पक्षलाई दृष्टिगत गरी योजनाहरू कार्यान्वयनको ठोस सुझावको प्रस्ताव गरिएको

### २.७.२ अध्ययन विधि

क) अध्ययनको सिलसिलामा बिभिन्न पुस्तक, लेख, आनुसन्धानात्मक कृतिहरू, अरुण गाउँपालिकाको वस्तुगत विवरण, वार्षिक प्रतिवेदन, वार्षिक कार्यक्रम, गाउँपालिकाको कार्य क्षमता, आवधिक योजना तर्जुमा राष्ट्रिय आवधारणा, योजना मापदण्ड, भौतिक विकास योजना प्रतिवेदन, दिगो विकास लक्ष्यले निर्धारण गरेका र समग्र अर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा अनिवार्य गरिएका विषय बस्तुलाई अध्ययन र आधारभुत सामाग्रिको रुपमा समेट्ने प्रयास गरिएको ।

ख) पूर्व तयारी कार्यशाला गोष्ठीको आयोजना गरी कार्यपालिकाका पदाधिकारी, योजना तर्जुमा समितिका पदाधिकारी, बजेट तर्जुमा समितिका पदाधिकारी, विषयगत समितिका पदाधिकारीहरू संग छलफल, आन्तरकृया, दीर्घकालिन सोच र योजनाको पहिचान, छनौट, प्राथमिकिकरणको कार्य गरिएको ।

ग) अरुण गाउँपालिकाको भावीष्यमा पुग्ने इच्छित आवस्थाको (desired state) को प्रतिकको रुपमा दीर्घकालीन सोच (Long term Vision) प्रस्ताव तयार गरिएको ।

घ) अरुण गाउँपालिकाको वस्तुस्थिति विवरण, टोपोग्राफिक नक्शाहरू, विभिन्न सरकारी, आर्ध-सरकारी, सामाजिक संस्थाहरू, अरुण गाउँपालिकाका जनप्रतिनिधिहरू र आन्य निकायहरूका प्रतिनिधिहरू सँग छलफल गरी सामाजिक, आर्थिक, सांस्कृतिक एवं पूर्वाधार सम्बनधी प्राप्त विविध सूचना/तथ्याङ्कको विश्लेषणेको आधारमा गाउँपालिकाको वस्तुस्थिति विवरण समेत यस आवधिक गाउँपालिका विकास योजनाको एक आङ्गको रुपमा स्वीकारिएको ।

ङ) अरुण गाउँपालिकामा भू-उपयोग तथा पूर्वाधारहरू (सडक, खानेपानी, वर्षेढल लगायत) सम्बन्धी वर्तमान स्थिति प्रष्ट देखिने नक्शाहरू तयार गरिएको ।

च) ७ वटै वडाहरूमा विभिन्न सरोकारवालाहरू, सामुदायिक विकास संस्थाहरू, आगुवा व्यक्तित्व तथा समाजसेवीहरूको सहभागितामा आन्तरक्रिया भई समस्या पहिचान, प्राथमिकिकरण तथा सुझावहरू प्राप्त गरिएको

छ) गाउँपालिकाको वस्तुस्थिति विवरण, वडा भेला तथा विभिन्न स्तरमा भएको छलफल, स्थलगत अवलोकन र परामर्शको आधारमा अरुण गाउँपालिकाका समस्या/सवालहरू तथा चुनौती र विकासका आवसरहरूको पहिचान गरिएको

ज) विषयगत क्षेत्रहरूसँग सम्बद्ध समस्या/सवाल र चुनौती/आवसरहरू सम्बन्धीत सरोकारवालाहरू समक्ष प्रस्तुतिकरण र छलफल गरिएको ।

झ) सहभागितात्मक आन्तिम कार्यशाला गोष्ठीमा आवधिक योजनाको मस्यौदा प्रस्तुतिकरण र सुझाव संकलन गरिएको ।

ञ) आवधिक गाउँपालिका विकास योजनाका अनिवार्य क्षेत्र र कार्यहरू क्रमिक रुपले पुरा गरी आवधिक योजनाको पूर्ण खाका सहितको अन्तिम प्रतिवेदन तयार गरिएको ।

# भाग ३ (तीन)

## प्रमुख समस्या/सवाल तथा सम्भाबना/अवसरहरू

दिगो विकासको अवधारणा बमोजिम अरुण गाउँपालिकालाई मानव बसोबासकालागि सुविधा सम्पन्न र समृद्ध गाउँपालिकाको रुपमा विकास गर्न अनिवार्य छ । यस कार्यकालागि गाउँपालिकाका समस्या र सवालहरू साथै सम्भाबना र अवसरहरूको खोजी गरी प्राप्त र उपलब्ध अवसरहरूको सहि सदुपयोग गर्दै स्थापित दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यका आधारमा समस्या र सवालहरूको समाधानका साथ कार्यक्रम सञ्चालन गर्नु यस गाउँपालिकाको प्रमुख कर्तव्य भित्र पर्दछ । यस गाउँपालिकाको वर्तमान अवस्थाका बारेमा जनप्रतिनिधि, कर्मचारी लगायत विभिन्न स्थानीय सरोकारवालाहरू संगको अन्तरकृया तथा स्थानीय स्तरमा उपलब्ध तथ्याङ्क र विवरणका आधारमा देहाय बमोजिमका समस्या तथा सवालहरू साथै दीर्घकालिन सोच निर्माणका आधारहरू समेतलाई एकीकृत गरी यस गाउँपालिकाका सम्भाबना तथा अवसरहरू सूचिकृत गरिएको छ । जसको संक्षिप्त स्वरुप तालिका नं. ३.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं.३.१: अरुण गाउँपालिका प्रमुख समस्या/सवाल तथा सम्भाबना/अवसरहरू**

| क.सं. | विषय क्षेत्र | समस्या/सवालहरू | सम्भाबना/अवसरहरू |
|---|---|---|---|
| ३.१ | नागरिक सहभागिता | • वर्तमान परिवेश र आवश्यकता बमोजिम गाउँपालिकाको समग्र सामाजिक आर्थिक, भौतिक, सांस्कृति तथा वातावरणीय विकास तथा रुपान्तरणका कार्यमा गाउँपालिका बासीको सार्थक सहभागिता र साझेदारी न्यून<br>• शिपयुक्त जनशक्तिको उत्पादन र तीनको उचित उपयोगमा कमी<br>• रोजगारी, सेवा सुविधाको अवसरको खोजिमा प्रतिभा लगायत उतपादनशिल उमेर समूहका जनशक्तिको तिव्र पलायन<br>• नयाँ परिवेश र परिवर्तन बमोजिम आवश्यक पूर्वाधारहरूको खोजी र व्यवस्थापनमा सामान्य ढिलाई | • नयाँ गाउँपालिका भएको<br>• स्थानीय तह स्थानीय सरकारको रुपमा स्थापित भएको<br>• जनता बाट प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिहरू बाट स्थानीय तहमा स्थानीय जनताका प्रतिनिधि स्थानीय सरकारकाका सम्वाहकको रुपमा नेत्रीत्व<br>• दिगो र सबल राजनैतिक आधारशीला निर्माण भएको<br>• बौद्धिक, चेतनशील र अवसर युक्त समाजको क्रमिक विकास<br>• स्थानीय विकासमा स्थानीयबासीको चासोमा क्रमिक बृद्धि<br>• दीर्घकालिन सोचको निर्माण मार्फत गाउँ समृद्धिका आधारहरूको पहिचान<br>• गाउँको समग्र समृद्धि निर्माणमा जनप्रतिनिधि र कर्मचारीको प्रतिवद्धता |

| क.सं. | विषयगत क्षेत्र | समस्या/सवालहरू | सम्भाबना/अवसरहरू |
|---|---|---|---|
| ३.२ | जनसङ्ख्या | • गाउँपालिकाको जनसंख्या १७८२६ तथा घरपरिवार ३५३६ रहेको<br>• श्रमयुक्त जनसंख्याको कमिका कारण गाउँपालिकाको आर्थिक गतिविधिमा शिथिलता ।<br>• जनंख्याको बनावटमा झण्डै दुई तिहाई अंश बालक र जेष्ठ नागरिकहरूले ओगटेको हुँदा शिक्षा, स्वास्थ्य, रोजगारी र युवा विकासको क्षेत्रमा थप प्रयासको आवश्यकता ।<br>• बसाई सरेर गाउँपालिका बाहिर जानेको उच्च चाप साथै जनसङ्ख्या बृद्धि र स्थायीत्व कालागि बिशेष योजनाको कमी | • स्थायी बासोबास गर्ने गाउँपालिका बासीमा विकास प्रतिको तिब्र ईच्छ रहेको<br>• नयाँ गाउँपालिका भएकाले बदलिएको परिवेश र समयको माग संगै जनचेतना अभिबृद्धिका साथ पूर्ण मापदण्ड सहितका गाउँपालिकाका आवश्यक पूर्वाधार निर्माणकालागि प्रसस्तै सम्भाबना र गाउँपालिकाबासी को साथ रहने अवस्था रहेको |

| क.सं. | विषयगत क्षेत्र | समस्या/सवालहरू | सम्भाबना/अवसरहरू |
|---|---|---|---|
| ३.३ | **भौतिक योजना तथा भौतिक पूर्वाधार विकास योजना** | • दिगो विकासमा आधारित योजनाको अभाव<br>• गाउापालिका विकासका लागि नयां सोच विकासको आवश्यकता<br>• गुणस्तरीय पुर्वाधारहरूको कमी<br>• लागतमा अधिकता<br>• भौगोलिक बिकटता<br>**३.१ सडक**<br>• सडक गुरुयोजना तयार नभएको<br>• मूख्या राजमार्ग बाहेक गाउँपालिका क्षेत्र भित्र कालो पत्रे सडक नभएको साथै ग्राभेल सडक समेत नगन्य रहेको तथा अधिकांस सडकहरू माटोको सतह मात्र भएका<br>• अधिकांस खोला तथा खोल्सिमा पुल तथा कलभर्टहरूको अभाव<br>• कृषिका पकेटक्षेत्रमा सडक पूर्वाधारको अभाव<br>• बिद्यमान भौतिक पूर्वाधारहरूको मर्मत सम्भारमा कमि तथा कठिनाई<br>• यातायात तथा ढुवानीका साधनहरूका लागि पर्याप्त र व्यवस्थित पार्किङ स्थलको अभाव<br>**३.२ ढल तथा नाला**<br>• अधिकांस माटोको सतह भएका कच्ची सडक रहेकाले सतह नाला निर्माणको कार्य नभएको<br>• सडक गुरू योजना नभएका कारण नाला निर्माण कार्यलाई यसैमा आवद्ध गर्ने कार्य हुन बाँकी रहेको<br>• अवैज्ञानिक र ततकालिन स्थानीय समस्या हल गर्ने तिरमात्र जोड<br>• मर्मत सम्भारको अभाव<br>**३.३ खानेपानी**<br>• शुद्ध र सुरक्षित खानेपानीको अपर्याप्तता<br>• अधिकांस क्षेत्रमा वितरण लाईनको अभाव<br>• खानेपानीको मुख्य श्रोत असुरक्षित<br>• अपर्याप्त पानी भण्डारण टैङ्कीहरू<br>• समयमै मर्मत सम्भारको अभाव | • सवै प्रकारका विकास निर्माणका लागि पर्याप्त जग्गा जमिनको उपलब्धता<br>• आवधिक गाउँपालिका विकास योजना तयारीको अवस्थामा<br>• सडक गुरुयोजना तयार गर्ने नगरपालिकाको प्रतिवद्धता<br>• संघीय/प्रदेश सरकार, निजी क्षेत्र लगायत स्थानीयबासीको सहभागितामा क्रमस सुधार<br>• पर्याप्त सडक सञ्जाल सहित यातायातको सुगमता व्यवस्थापन गर्न सकिने<br>• सडक पूर्वाधार सँगै नाला निर्माणको प्रचुर सम्भाबना<br>• खानेपानीको श्रोतको पर्याप्त अवस्था<br>• विद्युत ब्यवास्थापनकालागि राष्ट्रिय प्रसारण लाईनमा जोड्न सकिने तथा क्षमता बिस्तार गर्न सकिने<br>• वर्षमा झण्डै १२ देखि १५ % ले ग्राहक संख्यामा वृद्धि<br>• प्रिपेड मोबाइलको माग बढी<br>• सञ्चार सेवा बिस्तारकालागि सरोकारवाला निकाय अग्रसर<br>• वातावरण संरक्षण र विकासका लागि विद्यालयशिक्षा मार्फत अघि बढ्न सकिने अवस्था |

| | | | |
|---|---|---|---|
| | | ● गुणस्तर परिक्षणको अभाव<br>● सरोकारवाला संघ संस्थाहरूसंगको समन्वयमा कमी<br>**३.४ विद्युत**<br>● अपर्याप्त र अनियमित आपूर्ति<br>● अझपनि धेरै घरपरिवारमा विद्युत अभाव<br>● सिमीत सडक बत्ती<br>● नयाँ क्षेत्रमा लाईन विस्तारको समस्या<br>● ट्रान्सफरमरको अभाव<br>**३.५ दूर सञ्चार (नेट इन्टरनेट समेत)**<br>● दूर सञ्चारका टावरहरूको अपर्याप्तता<br>● अनियमित र कमजोर प्रवाह<br>● लेन लाईन विस्तारको समस्या<br>● सार्वजनिक टेलिफोन बुथहरूको अपर्याप्तता<br>**३.६ गाउँपालिकाको वातावरण**<br>● बजार क्षेत्रहरूको विकास नहुनु<br>● बजार लगायतका सार्वजनिक क्षेत्रहरूमा हरित र मनोरञ्जन क्षेत्रको कमि तथा भएकाहरूको संरक्षण र सम्बर्द्धनको अभाव<br>● जल, वायु तथा ध्वनी प्रदूषणको प्रचुरता<br>● फोहोरमैला प्रशोधन केन्द्र तथा ल्याण्डफिल साईड सहितको दिगो फोहोर मैला व्यवस्थापनको अभाव<br>● फोहोर व्यवस्थापन गर्ने वैकल्पिक उपायहरूको कमी ।<br>● सरोकारवाला संघ संस्थाहरूसंगको समन्वय र साझेदारीमा कमी | |

| क.सं. | विषयगत क्षेत्र | समस्या/सवालहरू | सम्भावना/अवसरहरू |
|---|---|---|---|
| ३.४ | **समाजिक पूर्वाधार तथा सेवा** | **४.१ मानव शंसाधन विकास**<br>● अझै पनि केहि बालबालिका विद्यालय बाहिर रहनु<br>● सामुदायिक विद्यालयहरूमा प्राथमिक तहमा dropout rate अधिक हुनु साथै तहको बृद्धि संगै dropout rate बढ्दै जानु<br>● विद्यालय स्तरमा प्राविधिक शिक्षाको अभाव | ● बालमैत्री स्थानीय शासनको माध्यम बाट बाल अधिकार संरक्षण र सम्बर्द्धनको कार्य सञ्चालन गर्नु पर्ने मान्यता स्थापित<br>● विगतको तुलनामा गाउँपालिकाबासीको शिक्षाको महत्वका बारेमा चेतनामा अभिबृद्धि हुंदै गएको साथै अभिभावकले आफ्ना छोरीहरूलाई विद्यालय पठाउने कार्यमा सुधार हुंदै गएको |

| | | | |
|---|---|---|---|
| | | • संचालनमा रही रहेका सामुदायिक शैक्षिक केन्द्रहरूमा भौतिक पूर्वाधार र सुविधाहरूको अपर्याप्तता । <br>• शिक्षित महिलाहरूको सख्यामा पर्याप्त वृद्धि हुन नसक्नु साथै सीप तथा क्षमता विकास तालिमको अभाव रहनु <br>• महिलाहरूलाई रोजगारी दिन हिच्किचाउने पुरातनवादी संस्कार यथावत रहनु । <br>• महिलाले घरको मात्र काम गर्न सक्छन, घर बाहिर काम गर्नु हुदैन भन्ने प्रचलन अझै सम्म जिवित रहनु | • सामाजिक चेतना अभिबृद्धिकालागि विभिन्न संघ सस्थाको कृयासिलतामा अभिबृद्धि हुँदै गएको <br>• राजनीति तथा विभिन्न संघ सस्थामा महिला सहभागित र प्रतिनिधित्वमा अभिबृद्धि हुँदै गएको <br>• महिला तथा लक्षित बर्ग र समुदायमाथि हुने बिभेदको क्रमिक अन्त्य हुने क्रममा बृद्धि |

| क.सं. | विषयगत क्षेत्र | समस्या/सवालहरू | सम्भाबना/अवसरहरू |
|---|---|---|---|
| ३.४ | **समाजिक पूर्वाधार तथा सेवा** | **४.२ समाजिक सुरक्षा** <br>• सुविधा सम्पन्न अस्पतालको अभाव <br>• विद्यालयपूर्वाधार, सामुदायिक भबन, सभा सम्मेलन केन्द्र, धार्मिक साथै पर्यटकीय स्थल पूवाधार लगायतको अपर्याप्तता <br>• प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूमा उपकरण र दक्ष तथा विशेषज्ञ स्वास्थ्य कर्मि र चिकिन्सकको अपर्याप्तता तथा नर्सहरूको अभाव <br>• बलबालिकाको स्वास्थ्य रक्षा तथा महिलाको प्रजनन् स्वास्थ्यमा सुधार लगायत सरुवा रोग नियन्त्रणमा थप प्रयासको आवश्यकता <br>• शुद्ध र स्वस्थकर खाद्य पदार्थको उपभोगको सुनिस्चिता हुन नसकेको साथै खाद्य गुणस्तर नियन्त्रणमा कमी <br>• आपतकालीन तथा प्राकृतिक प्रकोप न्यूनिकारण कालागि दिगो योजनाको अभाव <br>• महिला, असक्त, असहाय, बिधुवा तथा ज्येष्ठ नागरिक साथै लक्षित समुदायको संरक्षण तथा सुरक्षाकालागि दिगो योजनाको अभाव | • गाउँपालिकामा १५ शैयाको अस्पता बन्नकालागि शिलान्यसको कार्य सम्पन्न भएको <br>• सवै वडाहरूमा स्वास्थ्य केन्द्र वा चौकिहरू स्थापित रहेका <br>• थोरै संख्यामा भए पनि स्वास्थ्यकर्मिहरू कृयाशिल रहेका <br>• उपभोक्ता सचेतना तर्फ जनचेतनाको क्रमिक बृद्धि <br>• सामाजिक पूर्वाधारहरूको क्रमिक विकास र बिस्तार <br>• प्रकोप नियन्त्रण तर्फ सचेत <br>• सामाजिक शुरक्षा योजना तयारीका लागि नीतिगत निर्णय लिन र कानूनी ब्यवस्थ ागर्न गाउँपालिक तयार |

| क.सं. | विषयगत क्षेत्र | समस्या/सवालहरू | सम्भाबना/अवसरहरू |
|---|---|---|---|
| ३.४ | **समाजिक पूर्वाधार तथा सेवा** | • निरपेक्ष गरिवीको अन्त्य र सापेक्ष गरिवीको गहिराईमा घटाउन रोजगारीको अवसर श्रृजना, आयआर्जनका आधारयुक्त कार्यक्रम सहितका थप कार्य र कृयाशिलताको आवश्यकता <br>• सामुदायिक विकास, तथा लक्षित समुह समावेशीकरण र शसक्तिकरणमा बिशेष | • वडाहरूमा टोल सुधार समिति लगायतका सामुदायिक संघ सस्थाहरू गठन गरी समग्र गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार युक्त विकासमा कृयाशिल गराउने सोचको विकास <br>• गाउँपालिका विकासमा अग्रणी भुमिका |

| | | | |
|---|---|---|---|
| | | योजनाको अभाव<br>● ग्रामिण गरीवी (Rural Poverty) चाहे अनुरुप नघटेको<br>● गाउँपालिकामा गरिवी न्यूनीकरण कार्यक्रमको प्रभावकारितामा न्यूनता<br>● विशेष गरी दलित जनजाति र पछाडि परेका तथा पारिएको समुदाय तथा अन्य भिन्न क्षमता भएका नागरिकहरूको पहुँचमा अभिबृद्धि गर्ने दिर्घकालिन योजना र कार्यकमहको अभाव<br>● समाज तथा परिवारमा महिला विरोधी आर्थिक, राजनैतिक र सांस्कृतिक संरचना र मान्यता कायम रहिरहेको<br>● महिला असमानता न्यून गर्न चेतना, सूचना र आय आर्जनको वृहत प्याकेज कार्यक्रम जरुरी रहेको<br>● सूचना, चेतना, आयआर्जन र सहभागिता सम्बन्धी विशेष कार्यक्रम सञ्चालन हुन नसकेको | निर्वाह गर्न स्थानीय बासिन्दा परिचालित हुन तयार<br>● वर्तमान संविधानले स्थानीय तहमा महिला पदाधिकारी र प्रतिनिधिको उल्लेख्य उपस्थिति सुनिस्चित गरेको<br>● दीर्घकालिन सोचको साथ आवधिक योजनाको निर्माण गरी सकारात्मक विभेदको सिद्धान्तलाई तीव्र इच्छा शक्तिका साथ जीबन शैलीको रुपमा रुपान्तरण गर्दै चेतना, सूचना र आय आर्जनको वृहत प्याकेज कार्यक्रम सञ्चालनमा ल्याउन गाउँपालिकाले गाउँसभाबाट निर्णय गरिसकेको<br>● महिलाको उपस्थिति र सहभागिता तथा निर्णय प्रक्रियामा वरावरी साझेदार गराउने कार्यमा अग्रगामी सोचको विकास हुँदै गएको<br>● शिप तथा क्षमता विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापनकालागि गाउँसभाले निर्णय लिई कार्यान्वयनको चरणमा प्रवेश गरिसकेको |

| क.सं. | विषयगत क्षेत्र | समस्या/सवालहरू | सम्भावना/अवसरहरू |
|---|---|---|---|
| ३.५ | **आर्थिक तथा रोजगारी स्थिति (Urban Economy)** | **५.१ श्रमशक्ति र रोजगारी**<br>● निम्न आय भएका तथा शिप र क्षमता कम भएका मानिसहरू श्रमिकको रुपमा निर्माण, उद्योग तथा व्यापार र कृषिमा संलग्न<br>● शिप र क्षमता सहितका स्तरीय जनशक्ति बैदेशिक रोजगारीका लागि विदेश पलायन भएका तथा रहेका जनशक्तिको उचित उपयोग हुन नसकेको<br>● स्वरोजगारमुलक व्यवसायिक तालिमको कमि<br>**५.२ औद्योगिक तथा व्यापारिक क्षेत्र**<br>● सुदृढ औद्योगिक र व्यापारिक आधारशिला नभएको<br>● सामाजिक तथा औद्योगिक भौतिक पुर्वाधारहरूको कमी<br>● रोजगारी प्रदान गर्ने ठुला उद्योग तथा आयोजनाहरूको अभाव | ● उर्वर भूमी, बनजङ्गलको पर्याप्तता, पर्यटन पूर्वाधारहरूको पर्याप्त उपस्थिति र सम्भावना, उत्पादनलाई समृद्धि निर्माणका आधार बनाउने गरी दीर्घकालिन सोच निर्माणका आधारहरूलाई आर्थिक विकासको मेरुदण्डको रुपमा स्वीकारिएकोले सो भार्फत आर्थिम विकासका तमाम योजनाहरू कार्यान्वयनमा ल्याउने सकिने प्रसस्त सम्भावना रहको<br>● कृषिको व्यवसायीकिकरण मार्फत कृषि उपजको बृद्धि र यसमा आधारित उद्योगहरूको विकासका माध्यम बाट उत्पादन, उत्पादकत्व र निकासीमा वृद्धि गर्न सकिने<br>● स्थानिय स्तरका सिंचाईको श्रोत पर्याप्त रहेका साथै केहि स्थानमा अरुण नदीको पानी लिफ्टको माध्यम बाट दिगो व्यवस्थापन र विकास गर्न सकिने<br>● बिस्तार र व्यवस्थापन हुँदै गएको यातायात सञ्जालको विकासलाई आर्थिक उपर्जन सँग आवद्ध गरी दिगो आर्थिक विकासको आधार निर्माण गर्न |

| | | | |
|---|---|---|---|
| | | • मौजुदा उद्योगहरूको अवस्था कमजोर र सरकारी संरक्षणको अभाव<br>• औद्योगिक ग्रामको अभाव साथै स्थानीय स्तरका कुटिर, लघु, घरेलु तथा साना गरी परम्परागत शिपमा आधारित उद्योगहरू लाई प्रोत्साहन र बजार सुनिस्चितताको अभाव<br>• दिगो वातावरणीय सन्तुलनका वारेमा उद्योगीहरूमा चेतनाको कमी<br>• नीति नियममा अस्पष्टता साथै सरकारी संयन्त्र भरपर्दो नहुनु<br>• समयानुकुल प्रविधिको विकास हुन नसक्नु<br>• वातावरण संरक्षण र सम्बर्द्धनकालागि बनेका ऐन नियमको कार्यान्बनय प्रभावकारी हुन नसक्नु<br>• थोक तथा खुद्रा व्यापार लगायत आयात निर्यात केन्द्रको पूर्ण प्रत्याभुति र अवसरको सुनिस्चिता हुने गरी व्यवस्थित बजार केन्द्र लगायतका पूर्वाधारको कमि साथै संरक्षणको अभाव<br>• अव्यवस्थित बजार तथा व्यापारी र व्यवसायीहरू बीच समन्वयको अभाव<br>• उद्यम विकास र व्यापार प्रवर्द्धन सम्बन्धी समन्वयात्मक विकासमा ज्ञानको कमि<br>• गाउँपालिका क्षेत्रभित्रका प्राकृतिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाको संरक्षण, सम्बर्द्धन विस्तार हुन नसक्नु तथा ढिलाई<br>• व्यवशायिक कृषि तथा पशुपन्छी बाली उत्पादनमा, संरक्षण र सम्बर्द्धनमा कमी<br>• सिंचाईका श्रोतको उचित व्यवस्थापन र दिगो | सकिने<br>• Value addition को दृष्टिले उद्योग, सूचना प्रविधि, होटल, पर्यावरण तथा सेवामूलक उद्योग, वित्तीय प्रविधि जस्ता उद्योग स्थापनाको प्रचुर सँभावना<br>• ढुवानीको सुनिस्चितताकालागि निजी क्षेत्रलाई प्रोत्साहित गर्न सकिने<br>• पातलेगुफा, पेन्सनगढी, शिवरात्री गुफा, रवेश्वर, लेवाङ्ग डाँडा, हरेलो डाँडा, बराहपोखरी, लोभरे डाँडा वाट जरायोटार हुँदै अरुण नदीमा जलकृडा समेतको एकीकृत पर्यटन विकास बाट आर्थिक विकास हुने प्रचुर सम्भाबना रहेको<br>• पातले गुफा, हरेलो डाँडा, पेन्सन गढी, बराह पोखरी, हलेसी डाँडा, च्याचुङ्ग डाँडा, शिवरात्री गुफा, छाँगा झर्ना, लोभरे डाँडा, मादले भिर, ऐना भिर, तामे भिर, रमिते डाँडा, तालतलैया जस्ता प्राकृतिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गरी पर्यटकीय क्षेत्रको पर्याप्त विकास गर्न सकिने<br>• जोगी, थामी, गन्धर्व, बादी, कुमाल, मांझी जस्ता लोपोन्मुख जात जाती लगायतका बिभिन्न जातजाती सँग सम्बन्धित धर्म संस्कृति हरूको जगेर्ना गर्ने गरी सांस्कृतिक संग्रहालय समेतको निर्माण व्यवस्थापनका साथ सांस्कृतिक पर्यटन विकास गर्न सकिने<br>• स्थानीय पाठ्यक्रम र सूचना प्रविधिको विकासलाई आधार मानेर Internet, web site वाट गाउँपालिकाका विभिन्न अवसर र सम्भाबना समेतका सूचनाहरू लगायत कृषि उपजको मूल्य परिणामलाई ईच्छुक समुदायमा जानकारी गराई सम्भावित बजार र उत्पादन वीच सामन्जस्य ल्याई आर्थिक क्रियाकलापमा वृद्धि गर्न सकिने<br>• आर्थिक उद्यम समूहको विकास गरी उत्पादन वस्तुलाई E-Commerece को माध्यमबाट राष्ट्रिय व्यवसायिक सञ्जालमा आवद्धताका साथ अन्तराष्ट्रियकरण गरी व्यवसायिक वृद्धि गर्न सकिने<br>• गाउँपालिका भित्रका आन्तरिक सडक सञ्जालको विकास र यातायात तथा ढुवानीको व्यवस्थापन बाट भोजपुर लेगुवा राजमार्ग सँग आवद्ध गरी निर्यात प्रवर्द्धमा सहज व्यवस्थापन गर्न सकिने<br>• निर्यात प्रवर्द्धन केन्द्र र स्थनीय बजार व्यवस्थापनकालागि प्रत्येक वडाहरूमा बजार केन्द्रकालागि क्षेत्र निर्धारण गरी सुविधा सम्पन्न स्मार्ट ग्रामिण बजार केन्द्र निर्माण गर्न सकिने |

| | | | |
|---|---|---|---|
| | | व्यवस्थापनको अभाव<br>● माटो परिक्षणको अभाव साथै कृषिका पकेट क्षेत्र विकास र संरक्षमा स्पष्ट नीति निर्माण हुन नसकेको | ● गाउँपालिका गौरवका आयोजनाहरू सूचिकृत गरी कार्यान्वयनमा ल्याएर आर्थिक समृद्धिको मार्ग प्रशस्त गर्न सकिने |
| **क.सं.** | **विषयगत क्षेत्र** | **समस्या/सवालहरू** | **सम्भावना/अवसरहरू** |
| ३.६ | **गाउँपालिकाको वित्तीय श्रोत तथा क्षमता** | ● आन्तरिक राजस्वले दैनिक प्रशासनिक खर्चको एक चौथाई अंस समेत  धान्न सक्ने अवस्था नरहेको<br>● उपभोक्ता लागत सहभागिता तथा संस्थागत लागत सहभागिता र साझेदारी नगन्य<br>● Computerised accounting system, Accounting manual तथा Corporate accounting system लगायतका भरपर्दो र विश्वसनीय लेखा प्रणालीको पूर्वाधार सहितको व्यवस्था लाई पर्याप्त र भरपर्दो पार्न बाँकि रहेको<br>● दक्ष र तालिम प्राप्त जनशक्तिको न्यूनता<br>● राजस्व श्रोत परिचालनका लागि आय वृद्धिमा तत्परता, आन्तरिक श्रोतको पहिचान र Resource mapping को अभाव<br>● लेखा व्यवस्थापनकालागि पर्याप्त कार्यस्थलको अभाव<br>● आन्तरिक लेखापरिक्षण को सिफारिसमा मात्र खर्च गर्ने कानुनी व्यवस्था लाई थप भरपर्दो पार्न थप प्रयास गरिनु पर्ने<br>● ऐन नियममा व्यवस्था भए अनुसार सामान्य रुपमा नागरिक सुनुवाई हुने गरेको भएता पनि गाउँ कार्यपालिकाको बैठकमा विषयगत योजना र कार्य सफलताका बारमो समिक्षा र प्रतिवेदन प्रणालीको विकास हुन नसकेको | ● करको दायरा पुनरावलोकान गरी आन्तरिक राजस्व बृद्धिको प्रसस्त सम्भावना रहेको<br>● जनचेतना अभिबृद्धि र पारदर्सी खर्च प्रणलिको माध्यम बाट स्थानीय पूर्वाधार निर्माण र सामाजिक विकासका कार्यमा जनसहभागिता अभिबृद्धि गर्न सकिने साथै गैर सरकारी संघ सस्था संगको साझेदारीलाई थप बजबुत र बृद्धि गर्न सकिने<br>● नयाँ गाउँपालिका भएकोले सुरु बाटै लेखा व्यवस्थापनलाई व्यवस्थित गर्न सकिने<br>● गाउँ कार्यपालिका कार्यालय भबन निर्माण कालागि जग्गाको व्यवस्था हुन लागेकाले भबन निर्माण गर्दा आवश्यक सांगठनिक संरचना तयार पारी सोहि बमोजिम शाखा, उपशाखा तथा ईकाइ समेतकालागि सुविधायुक्त कार्यस्थलको व्यवस्थापन गर्न सकिने<br>● राजस्व समयमा बुझाउनेलाई पुरस्कार र ढिलो बुझाउने दण्डको व्यवस्थालाई प्रभावकारी बनाउन सकिने<br>● कर्मचारीलाई तालिमको माध्यम बाट क्षमता विकास गरी efficient बनाउन सकिने<br>● गाउँपालिका क्षेत्र भित्रका कम उत्पादनयोँग्य जमिनलाई बढी उत्पादनयोँग्य बनाउन सकिने<br>● राजश्व सम्भाब्यता अध्ययनका माध्यम बाट समयानुकुल करको दर र दायरामा परिवर्तन गर्न सकिने<br>● करदाताको लागत सहित कर बुझाउनका लागि सरलीकृत प्रकृयाको व्यवस्थापन गर्न सकिने<br>● ससाना उत्पदानमुलक उद्योगको स्थापना तथा प्रवर्द्धनमा गाउँपालिकाले आफ्नो भुमिकालाई बढाई रोजगारीको समेत सृजना गरी सर्वसाधारण गाउँपालिकाबासीको आय वृद्धि गर्न सकिने<br>● सडक वत्ती, विज्ञापन, सवारी पार्किङ्गलाई उचित व्यवस्थापन गरी आय वृद्धि  गर्न सकिने<br>● यस गाउँपालिकाको स्वामित्वमा रहेका तथा स्वामित्वमा आउने लगायत गाउँपालिकाले संरक्षकत्व प्रदान गर्नु पर्ने सार्वजनिक जग्गा तथा |

| | | | |
|---|---|---|---|
| | | • चौमासिक, अर्धवार्षिक र वार्षिक समीक्षा गोष्ठीको नियमितता र प्रभावकारिता मा थप प्रयासको खाँचो<br>• गाउँपालिकाको सम्पूर्ण सम्पत्तिको अभिलेखको अभाव<br>• मध्यकालिन खर्च संरचना र खर्च निर्देशिका तयार नभएको<br>• कमजोर विवरण व्यवस्थापनका कारण सम्पति कर लगायत व्यवसायिक कर तथा राजश्व संकलन चुनौतीपूर्ण | भबनको व्यवस्थित ढंगबाट संचालन गर्न सकेमा हाल असुली भईरहेको रकमको चार गुणा थप कर तथा गैर कर राजश्व प्राप्त गर्न सकिने<br>• प्रशासनिक खर्च नियन्त्रणका लागि आवश्यक रहेका दरबनदी मात्र सृजना गर्न सकिने<br>• कार्यरत कर्मचारीहरूको कार्यकुशलता मापन गरी त्यसको आधारमा काममा लगाउँन सकिने<br>• ईन्धन तथा टेलीफोन लगायतका आन्तरिक खर्च कटौतिमा Log Book लाई अनिवार्य गर्न सकिने ।<br>• बजेटको परिधिभित्र रही खर्च गर्ने परिपाटीलाई थप प्रभावकारी बनाउने सकिने<br>• पेश्की खर्च र बेरुजु नियन्त्रण तथा असुलिलाई प्रभावकारी व्यवस्थापन गर्न सकिने<br>• चन्दा दान उपहार आदिलाई कार्यविधिको निर्माण गरी नियन्त्रण गर्न सकिने |

| क.सं. | विषयगत क्षेत्र | समस्या/सवालहरू | सम्भाबना/अवसरहरू |
|---|---|---|---|
| ३.७ | **गाउँपालिकाको संस्थागत श्रोत तथा क्षमता** | • गाउँ कार्यपालिकाको भबन निर्माणकालागि हाल सम्म जग्गाको सुनिस्चिता नभएको<br>• गाउँ कार्यपालिका भबन बिभक्तगत घर भाडामा सञ्चालन गर्नु पर्ने बाध्यता रहेको<br>• वडा नं. ६ मा पुरानो मोडलको अब्यवस्थित भबन र वडा नं. ७ को निर्माणाधिन भबन बाहेकका ५ वटा वडारूमा आफ्नै कार्यालय भबनको अभाव रहेको<br>• संबिधान र स्थानीइ सरकार सञ्चालन ऐनले गरेका व्यवस्था बमोजिम सेवा प्रवाह र विकास निर्माणकालागि कर्मचारीको अभाव तथा प्राावधिक कर्मचारीको कमी रहेको<br>• प्रमुख प्रशासकीय अधिकृतको पूर्णकालिनतामा तरलता<br>• शाखा तथा कर्मचारीहरूको कार्य विवरणको अभाव तथा कार्यकुसलताको आधारमा मुल्याङ्कन पद्धतीको विकासमा कमी<br>• कार्य सम्पादन सम्झौता हुने नगरेको<br>• संगठन क्षमता अभिवृद्धिका लागि अभिलेख प्रणलीलको विकासको अभाव<br>• कर्मचारीको सम्पती विवरण अद्यावधिक हुन नसकेको<br>• कर्मचारीको प्रतिस्पर्धात्मक क्षमतको अभाव<br>• योजना कार्यान्वयन र व्यवस्थापन पक्ष कमजोर<br>• योजनाको प्राथमिकिकरण र वजेटको बीचमा तालमेलको कमी<br>• योजना तर्जुमा र कार्यान्वयनमा उपभोक्ताहरू सार्थक सहभागिताको कमी | • गाउँ कार्यपालिका भबन निर्माणाकालागि जग्गा दाता मार्फत प्राप्ति वा कम मूल्यमा खरिद गर्न सकिने अवस्थामा रहेको कारण छिटै कायपालिका भबन निर्माणले गति लिने अवस्थ रहेको<br>• वडा नं. ७ को वडाकार्यालय भबन निर्माणाधिन रहेका , वडा नं. ६ को स्तरोन्नती गर्न सकिने साथै अन्य वडाकार्यालय भबन निर्माणकालागि केहिमा जग्गाको व्यवस्थापन हुने अवस्थामा रहेको साथै जग्गाको व्यवस्थापन गरी आवधिक योजना भित्र समेटेर निर्माण गनै सकिने गरी तयारीमा रहेको<br>• प्रचलित ऐन कानूनको आधारमा संगठनिक संरचनाको अध्ययन गरी आवश्यक कर्मचारीको |

| | | | |
|---|---|---|---|
| | | • अन्तरशाखा कार्यगत संचार र समन्वयमा थप सुधारको आवश्यकता<br>• पर्याप्त कम्प्युटरको अभावमा शाखाहरूले अभिलेख लाई व्यवस्थित रुपमा राख्न नसकेको अवस्था<br>• कतिपय शाखा/उपशाखाहरूलाई दराज र्‍याकहरूको समेत कमी<br>• प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने सवारी साधनको अभाव<br>• कार्यपालिका कार्यालय तथा वडा कार्यालयहरू भाडामा सञ्चालाति रहेका कारण कार्यकक्ष साँघुरो भएको कारण सहज कार्य सम्पादनमा कठिनाई<br>• कार्यान्वयन भएका योजनाहरूको मर्मत संभारको व्यवस्थामा कमी<br>• मापदण्ड विपरित निर्माण भएका भवन तथा कम्पाउण्ड वाल नियन्त्रण हुन नसकेको अवस्था<br>• घर निर्माण इजाजत अनिवार्य नभएको साथै निरीक्षण अनुगमनमा कमी<br>• वातावरण संरक्षण तथा फोहरमैलाको उचित व्यवस्थापनमा गाउँपालिका पूर्ण सक्षम हुन नसकेको<br>• गाउँपालिका सफाईको लागि फोहर फाल्ने साधनको कमी तथा स्थानको अभाव<br>• गाउँपालिकाका सवारी साधन पार्किङ स्थलको कमी | दरबन्दि सृजना गरी पदपूर्ती गर्न सकिने<br>• आवधिक गाउँपालिका विकास योजना निर्माण गरी योजना र बजेट विचको तालमेल, योजनाको प्राथमिकि करण र यसैका आधारमा कार्यान्वयन गर्न सकिने<br>• आवश्यकता अनुसारको सांगठनिक संरचना, कर्मचारीको कार्य विवरण, आवश्यक पूर्वाधार सहितको कार्यालय भवन, साधन र स्रोतको व्यवस्थापन सहित को शाखागत अन्तरसम्बन्ध विकास लगायतका सवै क्षेत्र र विषयमा आवश्यक व्यवस्थापन गर्न सकिने<br>• स्थानीय कानूनहरूको निर्माण बाट सुशासन र कार्य प्रवाहलाई व्यवस्थित गर्न सकिने |

# भाग ४ (चार)
## स्थानीय सरकार सञ्चालन ऐन,
## दिगो विकास लक्ष
## तथा
## गाउँपालिकाले अबलम्बन गर्न प्रतिवद्धता गरेका नीति तथा कार्यक्रम

नेपालको वर्तमान संबिधानले सामाजबाद उन्मुख राज्य प्रणाली र आर्थिक गतिविधिको परिकल्पना सहितको संघात्मक शासन व्यवस्थाको आधार तयार गरेको छ । आजको दुनियाँमा विकास एक अनिवार्य सर्त र आवश्यकताहो । यो मानव सभ्यता सँगसगै बिकसित हुँदै आएको छ, हुँदै जान्छ र जानु पर्दछ पनि । दिगो विकासको प्रमुख सर्त र मापदण्ड भनेकै आवश्यकताका आधारमा गरिने नियोँजित वा प्रकृयागत विकास नै हो । स्थानीय सरकार सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाएर जनताको विकास प्रतिको उत्कण्ठ अभिलासा र चाहानालाई साकार पार्न संबिधानको मुल मर्म र भाबनमा आधारित स्थानीय सरकार सञ्चालन ऐन ले विकास र सेवा प्रवाहमा गरेको व्यवस्था, दिगो विकास लक्षले अवलम्बन गरेका परिमाणात्मक परिलक्ष र अरुण  गाउँपालिकाले चालु आ.व. सम्ममा र आगामि दिनमा अवलम्बन गर्ने गरी गरेका प्रतिवद्धता, विषयगत विकास र सेवा प्रवाहमा आधारित नीति तथा कार्यक्रम साथै यस गाउँपालिकाको गाउँ प्रोफाइल/वस्तुस्थिति विवरण, २०७७ समेत आवधिक गाउँपालिका विकास योजनाको मुल आधार बन्ने भए बाट यीनै अवस्थाले उल्लेख गरेका विकास र सेवा प्रवाह सँग सम्बन्धित विषय वस्तुहरू देहाय बमोजिम संक्षिप्त रुपमा प्रस्तुत गरिएका छन ।

### ४.१ स्थानीय सरकार सञ्चालन ऐनः

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिलाई संस्थागत गर्ने गरी नेपालको संबिधान जारी भए पस्चात स्थानीय विकासको पर्याप्त लक्ष र उद्देश्य बोकेर स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आएको पनि झण्डै ३ बर्ष पुरा भएको छ । स्थानीय सरकार सञ्चालन ऐनको प्रस्तावनामानै स्थानीय विकासको मुल आधार तय गरिनुले स्थानीय तहहरूको काम र कर्तब्यलाई मुल भागमानै समेटेको मात्र नभई **“समृद्ध नेपाल सुखी नेपाली”** को राष्ट्रिय लक्षलाई पुरागर्ने मूल अभियानमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले देहाय बमोजिमका विषयलाई आफ्नो प्रस्ताबनामा समेटर कार्यान्बनको प्रकृयाको सुरुवात गरेको छ जुन यस प्रकार रहेका छन् ।

- नेपालको संविधान बमोजिम स्थनीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तह विचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन गर्दै जनसहभागिता, उत्तरदायीत्व, पारदर्शिता सुनिस्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न
- लोकतन्त्रका लाभहरूको समानुपातिक, समावेशी र न्याँयोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजबाद उन्मुख संङ्घीय लोकतान्त्रिक गाणतन्त्रात्मक शासन प्रणालीलाई स्थनीय तह देखिनै सुद्रिढिकरण गर्न
- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतीलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्याँयीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्थाा गर्न

यती स्पष्टताका साथ कार्यान्वयनमा आएको स्थानीय सरकार सञ्चालन ऐनले संबिधानत देहाय बमोजिमका २२ वटा एकल तथा १५ वटा साझा अधिकारका क्षेत्रहरूको प्रयोग र कार्यान्वयनको जिम्मेवारिलाई स्पष्ट पारेको छ । यस सम्बन्धी विवरण तालिका नं. ४.१ मा उल्लेख गरिएको छ ।

**ताालिका नं.४.१ः संबिधान प्रदत्त स्थानीय तहका एकल तथा साझा अधिकारका सूची**

| क्र.सं | विषयहरू | |
|---|---|---|
| | एकल तथा साझा अधिकार (अनुसूची ८) | सङ्घ तथा  प्रदेश संगको सहकार्यमा गर्ने साझा अधिकार (अनुसूची ९) |
| १ | गाउँ प्रहरी | सहकारी |

| | | |
|---|---|---|
| २ | सहकारी संस्था | शिक्षा, खेलकूद र पत्रपत्रिका |
| ३ | एफ. एम सञ्चालन | स्वास्थ्य |
| ४ | स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन | कृषि |
| ५ | स्थानीय सेवाको व्यवस्थापन | विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरू |
| ६ | स्थानीय तथ्याङ्क र अभिलेख संकलन | सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |
| ७ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू | बन, जंगल, बनयजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता |
| ८ | आधारभूत र माध्यमिक शिक्षा | खानी तथा खनिज |
| ९ | आधारभूत स्वास्थ्य र सरसफाइ | विपद व्यवस्थापन |
| १० | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता | सामाजिक सुरक्षा र गरिबी निवारण |
| ११ | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक |
| १२ | गाउँ ँ सभा, गाउँ सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन | सुकुम्बासी व्यवस्थापन |
| १४ | घर जग्गा धनी पुर्जा वितरण | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |
| १५ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी | सवारी साधन अनुमति |
| १६ | ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन | |
| १७ | बेरोजगारको तथ्यांक संकलन | |
| १८ | कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण | |
| १९ | खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा | |
| २० | विपद व्यवस्थापन | |
| २१ | जलाधार, बनयजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | |
| २२ | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | |

संबिधान प्रदत्त गरेका यीनै एकल र साझा अधिकारका क्षेत्रलाई व्यवस्थित, पारदर्शी रुपमा स्थानीय जनताको चाहाना र आवश्यकता बमोजिम विकास निर्माण र सेवा प्रवाहका क्षेत्रमा कार्य गर्ने गरी देहाय बमोजिमका स्थानीय विकासका अवअधारणा र क्षेत्राधिकारहरूको सुनिस्चितता गरेको छ ।

**४.१.१ स्थानीय विकासको अवधारणाः**

- दिगो विकास र समृद्धिमा आधारित व्यवस्थापिका, कार्यपालिका र न्याँयपालिकाको आधार स्थानीय स्तर बाटै निर्माण गर्न
- आधारभुत सेवाका कार्यलाई दिगो, भरपर्दो, विश्वासिलो र पारदर्शि रुपमा स्थानीय स्तरबाटै प्रवाहको सुनिस्चितता गर्न
- स्थानीय स्तर (जग) बाटै आवश्यकताको पहिचान गर्न
- वस्ती, टोल तथा समुदायस्तर बाटै योजनाको पहिचान, छनौट, प्राथमिकिकरण, विकास र विस्तार गर्न
- प्रत्यक्ष सरोकारवालाहरूको सहभागितालाई प्रभावकारी बनाउन
- समस्याको पहिचान एवं समाधानका उपायको खोजी स्थानीय स्तरमानै गर्न
- अपनत्व र दीगोपना बृद्धि गर्न
- पारदर्शिता र सुशासन कायम गर्न
- स्थानीय बासीको आत्मवल उच्च बनाउँदै समृद्धिको मार्गमा लाग्ने अभिप्रेरणा जगाउँन
- सम्भव भए सम्मका न्याँयीक निरोपणका कार्य स्थानीय सरकार बाटै सम्पन्न गर्न

**४.१.२ क्षेत्रधिकारहरू**

- स्थानीय कानूनको निर्माण (विधायीकि अधिकार)
- न्याँय सम्पादन (न्याँयीक अधिकार)
- विकास, सेवा प्रवाह, सुरक्षा र सुशासन (कार्यकारी)

**४.१.२.१ स्थानीय कानूनको निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ५ दफा २०, २१ र २२ मा गाउँपालिकाले स्थानीय सरकारको हैसियतमा स्थानीय आवश्यकता बमाजिम आफ्ना अधिकारका क्षेत्रहरूलाई व्यवस्थित रुपमा सञ्चालन व्यवास्थपन गर्न स्थानीय कानूनको निर्माण गर्नु पर्ने व्यवस्था गरेको छ । यसरी निर्माण गरिएको स्थानीय ऐनहरू बिधेयकको रुपमा रुपमा गाउँ सभामा पेश गरिने र गाउँ सभामा तत्काल कायम रहेको सदस्यको बहुमतले पारित गरी गाउँपालिकाको प्रमुखले प्रमाणीकरण गरी स्थानीय राजपत्रमा प्रकासन गरे पछी स्थानीय ऐन को रुपमा कार्यान्वयनमा आउने व्यवस्था गरेकोछ । तसर्थ गाउँपालिकाले स्थानीय सरकारको हैसियतमा आवश्यक ऐनहरू पारित गरी कार्यान्वयन ल्याउन अनिवार्य छ । गाउँपालिकाले स्थानीय सरकारको हैसियतमा कानून बाहेकका कुनै पनि कार्य गर्न बन्देज समेत गरेको अवस्था छ ।

**४.१.२.२ न्याँय सम्पादन सम्बन्धी अधिकार**

स्थानीय सरकार सञ्चालन ऐन को परिच्छेद ८ मा गाउँपलिकाले गर्न पाउने न्याँयिक कार्य सम्बन्धी व्यवस्था गरेको छ । जस अनुसार संबिधानको धारा २१७ बमोजिम एक न्याँयिक समितिको समेत व्यवस्था छ । यस समितिले देहाय बमोजिमका न्याँय निरोपण गर्न पाउने गरी काम कर्तब्य र अधिकार साथै न्याँय निरोपणको प्रकृया वा बिधिका बारेमा समेत स्पष्ट व्यवस्था गरेको अवस्था छ । न्याँयिक समितिका अधिकार यस प्रकार छन् ।

क. न्याँयिक समितिलाई बिबादको निरोपण गर्ने अधिकारहरू

- आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग
- अर्काको बाली नोक्सानी गरेको
- चरन, घाँस, दाउरा
- ज्याला मजदुरी नदिएको

- घरपालुवा पशुपन्छी हराएको वा पाएको
- जेष्ठ नगारकिको पालन पोषण तथा हेरचाह गाउँको
- नावालक छोरा छोरी वा पती पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दिक्षा नदिएको
- बार्षिक २५ लाख रुपैंया सम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा
- अन्य व्यक्तिको घर, जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख बिरुवा लगाउँको
- आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको
- सँधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडि बनाएको
- कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्यष्ठि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको
- संघीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरोपण हुने भनी तोकाका अन्य बिबाद

ख. मेलमिलापको माध्यमबाट मात्र बिबादको निरोपण गर्नु पर्ने विषयहरू

- सरकारी, सार्वजनिक, सामुदायिक बाहेककाको हकमा जग्गा अर्काले चापी, मिची वा घुसाई खाएको
- सरकारी, सार्वजनिक, सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको
- पति-पत्नी बीचको सम्बन्ध बिच्छेद
- अङ्ग भङ्ग बाहेकको बढीमा एक बर्ष सम्म कैद हुन सक्ने कुटपिट
- गाली बैइज्जेती
- लुटपाट
- पशुपन्छी छाडा छाडेको वा पशुपन्छी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको
- अरुको आवसमा अनाधिकृत प्रवेश गरेको
- अर्काको हक भोगमा रहेका जग्गा आवद वा भोगचलन गरेका
- ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याँकी छरछिमेकीलाई असर गरेको
- प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति बादी भई दायर हुने अन्य देवानी र एक बर्ष सम्म कैद हुन सक्ने फौजदारी बिबाद

### ४.१.२.३ कार्यकारी अधिकारः

गाउँपालिकालाई प्राप्त कार्यकारी अधिकारका क्षेत्र भित्र विकास, सेवा प्रवाह, सामाजिक सुरक्षा र सुशासन जस्ता महत्वपूर्ण विषय वस्तुहरू समेटिएका छन । जसको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छ ।

### क. भौतिक विकास तथा भौतिक पूर्वाधार विकास

भौतिक विकास भित्र भू-उपयोग योजना निर्माणलाई मूख्य प्राथमिकतामा राखि भू-उपयोग सम्बन्धी ऐन, २०७६ को भावना र मर्म बमोजिम कृषि क्षेत्र, औद्योगिक क्षेत्र, आवासीय क्षेत्र, पर्यटकीय क्षेत्र, सहरी वा बजार क्षेत्र, व्यापारिक क्षेत्र, धर्मिक क्षेत्र, बन क्षेत्र, चनर क्षेत्र लगायतका क्षेत्रहरूको पहिचान, विभाजन र व्यवस्थापन गरी भू-उपयोग क्षेत्रको निरोपण गरिने छ भने भौतिक पूर्वाधार तर्फ आवासीय भवन, यातायात सञ्जाल, गुरुयोजना सहितका सडक, पुल, ढल तथा नाला निर्माण, बस, ट्रक, कार, मोटरसाईकल तथा साईकल लगायतका यातायातका साधनका लागि पार्किङ स्थाल, कृषिको व्यवसायिकिकरणकालागि आवश्यक सिंचाईका स्थायी पूर्वाधार, पर्यटकीय पूर्वाधारहरू, फोहोरमैला प्रशोधन केन्द्र तथा व्यवस्थापन, पशु बधशाला वा बधस्थल, खाने पानी पूर्वाधार (टैङ्कि तथा पाइपलाईन), पारिवारिक तथा सार्वजनिक शौचालय तथा शौचालयहरू, विद्युत तथा टेलिफोन सेवा पूर्वाधार, सभा हल, सम्मेलन केन्द्र तथा सामुदायिका भवन, रंगशाला वा खेलमैदान, मनोरन्जन स्थल वा केन्द्र, स्वास्थ्य केन्द्र तथा अस्पताल भवन, विद्यालय, विश्व विद्यालय भवन, व्यापारिक तथा व्यवसायीक केन्द्र स्थल तथा भवन लगायतका विषय वस्तुहरूलाई समेटेर विकास निर्माणको कार्यलाई अघि बढाईने छ ।

### ख. आर्थिक विकास

समृद्धिको मुल आधार आर्थिक विकासनै हो । सवै स्थानीय तहले सवै प्रकारका विकास आयोजनाहरूलई आर्थिक विकास सँग आवद्ध गरेर मात्र अघि बढाउनु पर्ने आवश्यकता छ । तसर्थ स्थानीय सरकार सञ्चालन ऐनले संबिधान प्रदत्त अधिकारका क्षेत्रहरूको क्षेत्राधिकार सुनिस्चित गर्न आर्थिक विकास संग सम्बन्धित स्थानीय उत्पादन जस्तै सडक पूर्वाार सहितको यातायात सञ्जाल, कृषि, पशु तथा औद्योगिक उत्पादनहरूको विकास र विस्तार, व्यापारिक पूर्वाधारको विकास, पर्यटन पूर्वाारको विकास, रोजगार तथा स्वरोजगारको श्रृजना, हाट बजार व्यवस्थापन, व्यवशायीक प्रदर्शनी स्थल, व्यवसाय प्रवर्द्धन र विकासकालागि लिंक रोडहरूको विकास र व्यवस्थापन, आयात निर्यांत केन्द्र, साथै रोजगारमुलक शिक्षा, आर्थिक सूचना केन्द्र, तालिम केन्द्र लगायतका विषय वस्तुलाई प्रमुख कार्यक्षेत्रको रुपमा स्थापित गरेको छ ।

### ग. सामाजिक पूर्वाधार विकास तथा सेवाः

आर्थिक समृद्धिको विश्वाब्यापि मान्यता र प्रधानता शिक्षाको विकास र विस्तारनै हो । शिक्षालई अझै गहिराईमा गएेर हेर्ने हो भने प्राविधक शिक्षा नेपालको समृद्धिको मुल आधार हो र रहन्छ पनि । यसै विषयलाई केन्द्रमा राखेर स्थानीय सरकार सञ्चालन ऐनले सामाजिक पूर्वाधार विकास र सेवा प्रवाहका क्षेत्रमा देहाय बमोजिमका योजनागत र कार्यगत क्षेत्राधिकारहरू निर्धारण गरेको पाईन्छ । जस अन्तरगत पूर्व प्राथमिक शिक्षा, आधारभुत (प्राथमिक, निम्न माध्यमिक) शिक्षाको पूर्ण जिम्मेवारी र जवाफदेहिता साथै माध्यमिक तथा उच्च शिक्षा संग सम्बन्धित पूर्वाधार र गुणस्तर सुधार र प्रभावमा सहयोगी, साझेदारी र समन्वयात्मक जिम्मेवारी, आधारभुत जन स्वास्थ्य (मात्रृ शिशु स्वास्थ्य, पोषण, स्वास्थ्य केन्द्र तथा अस्पताल) को सञ्चालन व्यवस्थापन, खानेपानी (स्वस्थ र स्वचछ) को सुनिस्चितता, पिछडिएको बर्ग, क्षेत्र तथा लक्षित समुहमा आधारित कार्यक्रम सञ्चालन व्यवस्थापन गरी जीबनस्तरलाई गुणात्मक बनाउने दायीत्व, बालमैत्री स्थानय शासनको माध्यम बाट बाल अधिकारको सुनिस्चिता साथै बाल श्रम निवारण र बाल विवाहको अन्त्य, सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, अशक्त तथा अपाङ्ग र फरक क्षमता भएका समेत) को प्रत्याभुति, महिला विकास तथा यूवा विकास संग सम्बन्धित कार्यक्रमको सञ्चालन व्यवस्थापन, कला, सस्कृति, तथा साहित्य को संरक्षण र प्रवर्द्धन, गरिवी न्यूनिकरण र निवारण, सूचना प्रविधि, न्याँय सम्पादन, आपतकालिन सेव संग सम्बन्धित विभिन्न कार्यक्रमहरूको सञ्चालन व्यवस्थापन गर्ने कार्य क्षेत्रको किटानी गरिएको छ ।

### घ. वातावरण विकास तथा संरक्षणः

दिगो विकासको मुल आधार वातावरण संरक्षण र विकास एक अनिवार्य सर्तहो । विश्वब्यापि रुपमा बढ्दै गएको तापक्रम, वातावरण असन्तुलन र मानव उत्पादित फोहोरमैलाको सहि व्यवस्थापन अहिलेका बातावरण व्यवस्थापनका प्रमुख चुनौती रहि आएका छन् । यीनै विषयलाई ध्यानमा राखि स्थानीय तहहरूले स्थानीय सरकारको हैसियतमा वातावरण संरक्षण र सम्बर्द्धन तथा विकासमा दिगो विकासको आधार निर्माण गर्ने गरी फोहर संकलन केन्द्रको व्यवस्थापन गरी घरेलु फोहोर मैला सङ्कलन, व्यवस्थापन तथा प्रशोधन गर्ने, सामुदायिक कम्पोष्टिङ्ग प्लाण्टको स्थापना र विकास गर्ने, ध्वनी प्रदुषण नियन्त्रण प्रणलिको विकास गर्ने, धुलो तथा धुवा नियन्त्रण गर्ने, औद्योगिक तथा जल प्रदुषण नियन्त्रण र व्यवस्थापन गर्ने, बृक्षारोपण, बनजङ्गलको संरक्षण र विकास तथा पार्क तथा मनोरञ्जन केन्द्रको स्थापना र विकास, जैवीक विभिदता संरक्षण तथा प्रवर्धन गर्ने साथै भौतिक पूर्वाधारहरूको निर्माण विकास गर्दा अनिवार्य रुपमा प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने कार्यलाई प्रमुख प्राथमिकतामा राखिएको छ ।

### ङ. वित्तीय व्यवस्थापनः

कुनै पनि संघ, संस्था तथा कार्यालयको सुशासन वित्तीय व्यवस्थापनको आधार सूचक बाट मापन गरिन्छ । स्थानीय सरकारको हैसियतमा स्थानीय तहहरूले अवलम्बन गर्ने तथा व्यवस्थापन गर्ने वित्तीय प्रकृया, पद्धती र व्यवस्थापन बाट उस्को आर्थिक अनुशासन र आर्थिक विकासको दिगो मार्ग पहिचान हुन सक्ने भएकाले स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई कर तथा राजश्व सङ्कलन तथा व्यवस्थापन गर्न, सम्पति तथा दायित्वको अभिलेख राख्न, व्यवशायीक लेखा प्रणली अपनाउन, निर्धारित सुत्रमा आधारित computerise लेखा प्रणालिलाई व्यवस्थित गर्न, Accounting Manual निर्माण गरी कार्यान्वयनमा ल्याउन, आम्दानीको स्रोत पहिचान तथा परिचालन गर्न, आय वृद्धिका आधारमा वजेट व्यवस्थापन गर्न, असुल हुन वांकी तत्काल असुली गर्न, मासिक, त्रैमासिक तथा बार्षिक प्रतिवेदनलाई व्यवस्थित पार्न,

खर्च निर्देसिका निर्माण गरी कार्यान्वयनमा ल्याउन, पेश्की नियन्त्रण गर्न, आन्तरिक लेखा परीक्षण, जिन्सी व्यवस्थापन, लेखा र वेरुजु फछ्र्यौटलाई प्रभाकारी पार्न, दक्ष जनशक्तिको व्यवस्थापन गर्न जिम्मेवारी प्रदान गरेको छ ।

**च. संस्थागत विकास, सुशासनः**

संस्थागत विकास र सुशासन संगठन सञ्चालन तथा व्यवस्थापनका प्रमुख अङ्गहरू हुन । यी अङ्गको प्रभावकारी व्यवस्थापन र कार्यान्वयन हुन नसके संगठनको अस्तित्वमाथि प्रस्न चिन्ह उठ्ने मात्र हैन संगठननै समाप्त हुने प्रवल सम्भाबना रहने भएकाले संघात्मक शासन व्यवस्थाको मूख्य जग स्थानीय तह भएकाले यसै विषयलाई ध्यानमा राखि स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहको जिम्मेवारी भित्र स्थानीय कानूनको निर्माण र कार्यान्वयन गर्ने, सांगठनिक संरचना र संगठन व्यवस्थापन लाई प्रभावकारी पार्ने, कार्य प्रवाह प्रणालिको विकास गर्ने, दक्ष र क्षमतावान जनशक्तिको व्यवस्थापन गर्ने, नागरिक वडापत्र साथै सूचना केन्द्र, सूचना प्रणाली web page तथा सहायता केन्द्र को व्यवस्था गरी नागरिकलाई सुसूचित गर्ने, सार्वजनिक सुनुवाई मार्फत सरोकारवालाले विकास र सेवा प्रवाहका कार्यमा सहज पारदर्शिता अपनाउने, स्थानीय गाउँबासीका न्यूनतम आवश्यकतालाई पहिलो प्राथमिकतामा राख्ने, नियमित कार्यपालिकाको बैठक तथा निर्धारित समय सिम भित्र गाउँ सभा सञ्चालन गर्ने, अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी बनाउने, GIS प्रणालीलाई कार्यान्वयनमा ल्याउने साथै संस्थागत संजाल (Institutional network) समन्वय प्रणालीको विकास गरी विकासका कार्यमा सहयोगि तथा साझेदारीताकालागि अग्रसर स्थानीय सँघ संस्था र उपभोक्ता सँगको सम्बन्धलाई सँधै ताजा, गाढा र पारस्परिक हित अनुकुल हुने गरी व्यवस्थापन गर्ने लगायतका महत्वपूर्ण जिम्मेवारी निर्धारण गरेको छ ।

## ४.२ दिगो विकास लक्ष

सेप्टेम्बर २०१५ मा सम्पन्न ऐतिहासिक राष्ट्रसंघीय महाँसभाबाट १९३ सदस्य मुलुकहरूले पारित गरेर जनवरी १, २०१६ देखि लागु गरेको दिगो विकास लक्षहरू (Sustainable Development Goals) नेपालको सन्दर्भमा अत्यन्तै समय सान्दार्भिक रहेकोछ । यो लक्ष मानव समाजका सवै पक्ष बाट निरपेक्ष गरिवीको अन्त्य गर्ने एउटा ऐतिहासिक, साहासिक र विश्वब्यापी सहमति हो । सन २०३० भित्र मानव जाती र पृथ्वीकालागि समतापूर्ण, न्याँयसंगत र शुरक्षित विश्व निर्माण गर्नु रहेकोछ । दिगो विकासका १७ लक्ष र १६९ कार्य लक्षहरू यस सन्सारलाई बदल्ने र सभ्य र विकसित समाजको निर्माण गर्ने दिगो विकास एजेण्डा २०३० को एउटा भाग समेत भएकाले उक्त विषयले अरुण गाउँपालिकाको दिगो विकासमा समेत योगदान पुऱ्याउने भएकाले यस गाउँपालिकाको आवधिक गाउँपालिका विकास योजना तयारीका क्रममा यसलाई समेत आधार बनाउदै स्थानीयकरण गरी योजना तर्जुमा गरिएको छ ।

## ४.३ गाउँपालिकाले आगामि दिनमा अवलम्बन गर्न प्रतिवद्धता गरेका नीति तथा कार्यक्रम

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिलाई संस्थागत गर्ने गरी नेपालको संबिधान जारी भएको ४ बर्ष वितिसकेको छ । वर्तमान संबिधान जारी भए संगै राज्यको पुनरसंरचना मार्फत स्थानीय सरकारको हैसियतमा स्थापित प्रदेश नं. १ को भोजपुर जिल्लाको झण्डै उत्तर पूर्वी भागको पहाडी भू-भागमा अवस्थित अरुण गाउँपालिकाले निर्वाचित जनप्रतिनिधिको उपस्थितिमा विकास र सेवा प्रवाहको कार्यको जिम्मेवारी सम्हालेको पनि झण्डै ४ बर्ष पुरा हुन लगेको अवस्था छ । राष्ट्रिय लक्षको रुपमा स्थापित **"समृद्ध नेपाल सुखी नेपाली"** सङ्कल्पलाई पुरागर्ने मूल अभियानमा यस गाउँपालिकाको तर्फबाट विषेश योगदान पुऱ्याउन, दिगो विकास लक्ष सँग आवद्ध रहने गरी यथार्थपरक दीर्घकालिन सोच निर्धारण र त्यसले स्थापित गरको लक्षलाई गन्तब्यको मुख्य मार्गको रुपमा स्वीकर्दै स्थानीय आवश्यकताको पहिचान र व्यवस्थापन गर्न साथै विद्यमान र भावीष्यमा प्राप्त हुने सम्पूर्ण श्रोत र साधनको परिचालन गर्ने कार्यमा केन्द्रिकृत रहन आवश्यक छ । अरुण गाउँपालिकाले आवधिक गाउँपालिका विकास योजना तर्जुमाका बखत स्थापित गरेको दीर्घकालिन सोच तथा उक्त सोचमा आधारित दिगो विकास संग आवद्ध गर्न सकिने आधारभुत गन्तब्यहरू निर्धारण गर्ने क्रममा भएका अन्तरकृया, कार्यशाला गोष्ठी तथा वडागत र कार्यपालिकागत छलफल कार्यक्रम साथै भेला बैठकमा उठेका विषय बस्तु र चालु आर्थिक बर्ष २०७७/७८ को गाउँसभामा प्रस्तुत नीति कार्यक्रममा समेत गरी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा यस गाउँपालिकाले अवलम्बन गर्ने गरी प्रतिवद्धता जाहेर गरेका निर्देशक सिद्धान्त र मार्गदर्शनमा आधारित नीति तथा कार्यक्रमको भावार्थ देहाय बमोजिम रहेको अवस्था छ ।

- दीर्घकालिन सोच निर्माणका समयमा स्थापित गरिएका यस गाउँपालिकाको समृद्धि निर्माणका आधारहरूलाई प्रमुख गन्तब्यको रुपमा स्वीकार गरी अघि बढ्ने
- स्थानीय सरकार सञ्चालनकालागि आवश्यक सम्पूर्ण स्थानीय ऐन तथा नियमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउने
- स्थानीय सरकारको रुपमा स्थापित गाउँपालिकाको जिम्मेवारीमा रहेका जनप्रतिनिधि तथा कर्मचारीकालागि आवश्यक आचार संहिता निर्माण गरी विकास निर्माण तथा सेवा प्रवाहलाई समय सापेक्ष प्रभावकारी बनाउने
- अरुण गाउँपालिकाको समग्र भू-भागलाई उत्पादनमुलक बनाउन भू-उपयोग नीति तथा योजना र उक्त नीति तथा योजनामा आधारित नक्सा समेत तयार पारी भौतिक विकासको स्वरुप सुनिस्चित गर्ने
- भू-उपयोग नक्साका आधारमा गाउँपालिकाको सम्पूर्ण भूभागलाई बर्गिकृत गरी समृद्धि निर्माणको कार्यमा उपयोग गर्न २० बर्षे लक्ष र योजना सहितको आवधिक गाउँपालिका विकास योजना तयार गर्ने साथै यस कार्यमा गाउँपालिका बासीका आवश्यकताको पहिचान नीजहरूकै सहभागितामा तयार गर्ने
- गरिवी निवारण, आम्दानी र रोजगारी सिर्जना, समाबेशी तथा दिगो विकास र वातावरण संरक्षणमा प्रत्यक्ष योगदान पुग्ने, लागत सहभागिता जुट्ने तथा निर्धारित समय सिमा भित्र सम्पन्न गर्न सकिने साथै स्थानीय श्रोत साधन र सिपको पर्याप्त प्रयोग गर्न सकिने टोल बस्ती हुंदै वडासमिति बाट प्राप्त भएका तथा श्रोत साधन र क्षमताको हिसावले वडा बाट सम्पन्न गर्न कठिन हुने गाउँपालिका स्तरीय योजना तथा कार्यक्रमहरूलाई प्रथम प्राथमिकता भित्र राख्ने
- भौतिक पूर्वाधार निर्माणलाई गुरुयोजनामा आधारित दिगो र गुणस्तरीय बनाउने
- दिगो विकास र वातावरण संरक्षण तथा सन्तुलनमा प्रत्यक्ष योगदान पुग्ने ठूला तथा मध्यम प्रकारका योजनाको पहिचान गरी सोहि बमोजिम लगानिको सुनिस्चितता गर्ने
- गाउँपालिकाको समग्र विकासकालागि संघीय तथा प्रदेश सरकारका नीति, योजना, कार्यक्रम तथा बजेट समेतलाई समन्वयात्मक र कृयात्मक बनाउने
- स्थानीय श्रोत र साधनको खोजि र विकासका माध्यम बाट गाउँपालिकाको दिगो आयको मार्ग पहिचान गरी कार्यान्वयनमा ल्याउने
- गाउँपालिकाबासी जनसमुदायको जीबनस्तर उच्च बनाउन कृषिको व्यवशायीकिकरणकालागि पकेट क्षेत्रको पहिचना, घोषणा र व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउने साथै बजार सञ्जाल संग आवद्ध गर्ने
- यस गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक तथा भौगोलिक रुपले महत्पूण रहेका स्थान लाई महत्वपूर्ण पर्यटकीय क्षेत्रको रुपमा विकास गरी रोजगारी सृजना र आर्थिक उपार्जनका केन्द्रको रुपमा विकास गर्ने
- वितरणमुखि तथा परम्परागत शैलिमा बजेट बाँडफाँड र विनियोँजन गर्ने विगतको परिपाटिमा सुधार गरी आवधिक गाउँपालिका विकास योजनाले प्राथमिकता किटान गरेका, गाउँका गौरवका आयोजना तथा वडा बाट आवधिक योजना तर्जुमाका समयमा प्राथमिकिकरण भएर आएका महत्वपूर्ण विषयगत र क्षेत्रगत योजनाहरूको निर्माण , सञ्चालत तथा व्यवस्थापन गर्ने
- संबिधानको मुल मर्म र भावना साथै स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्था बमोजिम स्थानीयबासीको सार्थक सहभागितामा आधारित विकास निर्माणलाई प्राथमिकतामा राख्ने साथै काल्पनिक र देखावटी रुपमा हुन सक्ने उपभोक्ता सहभागिताको अन्त्य गर्ने
- शिक्षा, स्वास्थ्य, लक्षित बर्ग र समुदायमा आधारित सामाजिक समावेसीकरण, संरक्षण तथा अवसरको सुनिस्चिताका माध्यम बाट समानता सहितको सामाजिक विकास र परिवर्तनको दिगो आधार निर्माण गर्ने

- बालमैत्री स्थानीय शासनको पूर्ण कार्यान्वयन बाट सृजनसिल र क्षमतावान मानवीय श्रोतको दिगो जग स्थापित गर्ने
- गाउँपालिकाको दिगो आन्तरिक आयको सुनिस्चितताका लागि पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायी स्थानीय सरकारको संघीय परिकल्पनालाई साकार पार्ने सम्भाव्य सवै उपाय अवलम्बन गर्ने
- उत्पादनमा आधारित आर्थिक आधारसिला निर्माण गरी आत्मनिर्भर आन्तरिक आयआर्जन तर्फ केन्द्रित रहने
- नीजि क्षेत्र, सहकारी तथा सहयोगि र साझेदार संघ सस्थाको सार्थक उपस्थिति र साझेदारीलाई दिगो बनाउने तर्फ कृयाशिल रहने
- बलियो र भरपर्दो संस्थागत संरचना निर्माणका साथ सेवा प्रवाहलाई सर्वसाधारण गाउँपालिकाबासीको पहुँच भित्र सहज रुपमा पुग्ने वातावरण सृजना गरी गाउँपालिका ासीको विश्वासमा बढोत्तरी ल्याउने
- संस्थागत सुशासन कायम गरी नीतिगत, संस्थागत, प्रकृयागत तथा कार्यान्वयनगत तहमा हुन सक्ने सम्भावित भष्टचारको अन्त्यका लागि सुन्य सहनसिलता अपनाउने साथै सोहि बमोजिमका स्थानीय ऐन कानूनको समेत तर्जुमा गरि कार्यान्वयन गर्ने
- गाउँ कार्यपालिका बाट प्रवाह हुने सवै प्रकारका सेवा सुविधा दक्ष जनशक्तिको व्यवस्थापन बाट सहज, सम्भव र प्रभावकारी पार्ने
- संबिधान, स्थानीय सरकार सञ्चालन ऐन तथा स्थानीय तह सञ्चालन व्यवस्थापनमा प्रत्यक्ष सरोकार राख्ने प्रचलित ऐन कानून साथै संघीय तथा प्रदेश सरकारबाट प्रतिपादन भई कार्यान्वयनमा आउने ऐन कानूनको पूर्ण पालनामा प्रतिवद्ध रहि गाउँपालिका सञ्चालन व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउने साथै गाउँपालिका अफैले तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने स्थानीय ऐन, नियम, कार्यबिधि वा निर्देशिका तयार पारि कार्यान्वयनमा ल्याउने

# भाग ५ (पाँच)
## प्रक्षेपित आम्दानीको विवरण

**५.१ वर्तमान  आम्दानीका स्रोत तथा बार्षिक आयको अवस्थाः**

अरुण गाउँपालिका भर्खरै स्थापित भएको गाउँपालिका हो । यहाँका अधिकाङ्स संरचना ग्रामिण स्तरका रहेका छन् । विद्यमान गुजारामुखि कृषि प्रणाली, उद्योग लगायतका कलकारखान तथा ब्यापार ब्यवशायको न्यून प्रभाव, पर्यटन, निर्यात, यातायात, शैक्षिक, स्वास्थ्य लगयातका भैतिक पूर्वाधारहरूको अभाव साथै कर लिने र दिने बानिको विकासको अभावका कारण यस गाउँपालिकाको बार्षिक आन्तरिक आय आवश्यकताको आधारमा अत्यन्तै न्यून छ । आन्तरिक आयको थप विशलेषण गर्दा अघिल्लो आ.व. को तुलनमा क्रमस आन्तरिक आय घट्दो अवस्थामा देखिएको कारण निकै ठूलो चिन्तको विषय बन्न गएको छ । वर्तमान  आन्तरिक आम्दानीलाई फरकिलो र प्रभावकारी बनाउन नसकेमा गाउँपालिकाको वर्तमान आम्दानीले चालु खर्चको सामान्य अंस समेत धान्न सक्ने अवस्था देखिदैन । विगतका आ.व. मा भएको कुल आम्दानी र चालु आ.व.मा सभा बाट पारित अनुमानित आयको संक्षिप्त विवरण भाग १ (एक) अन्तरगत तालिका नं. १.६२ र १.६३ मा उल्लेख गरिएको छ ।

**५.२ः आवधिक योजना अवधिमा हुने आयको अनुमानित प्रक्षेपण**

यस गाउँपालिकाकको दिगो विकासकालागि बदलिएको परिवेश संगै आर्थिक रुपमा आत्मनिर्भर हुँदै जाने तर्फ गाउँपालिकाले आफ्नो लक्ष सुनिस्चित गरी अघि बढ्ने योजना तर्जुमा गर्नु पर्ने हुन्छ । तसर्थ गाउँपालिकालाई क्रमस आन्तरिक आम्दानीको हिसावले बलियो र आत्म निर्भरता तर्फ अग्रसर गराउने प्रयासका लागि बास्तविक रुपमा राजश्वको क्षेत्र र सम्भाबनाकालागि राजश्व सम्भाब्यता अध्ययन गरी दायराहरू फराकिलो बनाउन अनिवार्य छ । वर्तमान  अवस्थामा राजश्व सम्भाब्यत अध्ययन नगरिएका कारण आन्तरिक तर्फ सम्भावित आयका क्षेत्रको वास्तविक स्वरुप यकिन भने गर्न नसकिएता पनि आगामि ५ बर्षको आय प्रक्षेपण गर्दा देहाय बमोजिमका आधारहरू निर्धारण गरि आय प्रक्षेपण गर्ने प्रयास गरिनेछ ।

- राजश्व सम्भाब्यता अध्ययनका साथ आन्तरिक आयमा बृद्धि गर्न कर तथा राजश्वका क्षेत्र (दायरा) हरूको विस्तार गर्ने
- जनमुखि सेवा प्रवाह बाट सवै गाउँपालिकाबासीलाई सहज कर, राजश्व तथा सेवाशुल्कको दायरामा ल्याउने
- आय आर्जनका विबिध क्षेत्रको पहिचान गरी गाउँपालिकाबासीको आय बृद्धिलाई विशेष प्राथमिकतामा राख्ने
- आ.व. २०७८/७९ बाटै राजश्व व्यवस्थापनलाई सम्पति करको आवद्धतामा लैजाने
- कर सेवालाई चुस्त, प्रभावकारी र दिगो बनाउने तथा सबै गाउँपालिकाबासीहरू सहज करको दायरमा आउने गरी कर तथा राजश्व सञ्जालको विकास गर्ने
- सार्थक जनसहभागितालाई विशेष महत्वका साथ अघि बढाउने
- दाता र विकास साझेदार सवैलाई समन्वय सम्यन्त्र मित्र समेट्ने
- संघीय तथा प्रदेश सरकार बाट प्राप्त हुने बिशेष अनुदान तथा शसर्त अनुदानलाई गाउँपालिकाको विकास कार्य क्षमता बृद्धि गरी कार्य सम्पन्नता क्षमताका आधारमा अघि बढ्ने रणनीति अवलम्बन गर्ने
- गाउँपालिकाको स्वमूल्याङ्कनका सूचक सम्बन्धि सम्पूर्ण आधार र प्रकृयाहरू पूरा गरी अव्वल तहको पालिकाको रुपमा विकास गर्ने

उपरोक्त नीति अवलम्बन गरिएको अवस्थामा तथा संघीय सरकार बाट आगामि केहि बर्ष नियमित रुपमा अनुदान रकम प्राप्त भईरहने अपेक्षाका साथ यस गाउँपालिकाकको आयमा उल्लेख्य बृद्धि गर्न सकिने सम्भाबना रहेकाले यसै आधारमा आयको प्रक्षेपण गरिएको छ । यस प्रक्षेपणका आधारमा आ.व. २०७४/७५ देखिको कुल यथार्थ आय र आ.व. २०७७/७८ को अनुमानित आय विवरणलाई आधार बर्षको रुपमा लिदै संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐन ले गरेको व्यवस्था आधारमा राजश्वका दायराको फराकिलो व्यवस्थापनको अपेक्षाका साथ गाउँपालिका अघि बढ्न सके चालु आ.व.को

तुलनामा आन्तरिक आय तर्फ बिगत ३ बर्षको खुद आन्तरिक आय र चालु बर्षको अनुमान समेतको औषत आम्दानीको तुलनामा आ.व. २०७८/७९ मा करिव साढे २.७३ गुणाले र त्यस पछिका सवै बर्षमा न्यूनतम १५ % दरले बृद्धि हुँदै जने अनुमान गरिएको छ ।

यसरी हुने बृद्धिमा आन्तरिक आय तर्फ सम्पती कर, घरबहाल कर, बहाल विटौरी कर, सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा सडक पूर्वाधार सेवा शुल्क), सिफारिश दस्तुर, व्यवशाय रजिष्ट्रसन, पार्किङ्ग शुल्क, मनोरञ्जन कर, रेडियो तथा एफ.एम सञ्चालन लगायतका बिभिन्न क्षेत्रलाई फराकिलो बनाएर पर्याप्त आय आर्जन  गर्न सकिनेछ भने विज्ञापन कर, घरजग्गा रजिष्ट्रेशन सिफारिस समेतमा उल्लेख्य बृद्धि गर्न सकिने अनुमान गरिएको छ । यस गाउँपालिकाका बिद्यमान श्रोतहरूको यथेष्ट परिचालन गरी राजश्व प्राप्तिमा उल्लेख्य बृद्धि गर्न सकिने अवस्था देखिएको भएता पनि गाउँपालिकाको आन्तरिक आयले वर्तमान  आवश्यकता बमोजिम प्रस्ताव गरिएका विषयगत र क्षेत्रगत विकास आयोजनाको लागत धान्न सक्ने अवस्था देखिदैन । तसर्थ बदिलिएको परिवेश संगै बढ्दो जनआकांक्षा र दिगो ग्रामिण विकासको जग बसाल्न संघीय तथा प्रदेश सरकार बाट नियमित सहयोग प्राप्त हुने अपेक्षाका साथ आवधिक योजनाले परिलक्षित गरेका विकास आयोजनाको सफल कार्यान्वयनकालागि संघीय र प्रदेश सरकार बाट दिईदै आएको वर्तमान  अन्तरसरकारी वित्तीय हस्तान्तरण लगायतका सम्पूर्ण शिर्षकमा करिव १० % को बृद्धि समेत गरि नियमित प्राप्त हुने तथा प्रदेश सरकार मार्फत राजश्व बाँडफँड बाट र विकास साझेदार बाट मुख्य र विशेष महत्वका क्षेत्रमा समेत थप लगानी हुन सक्ने अनुमान गरिएको छ । आ.व. २०७६/७७ मा संघीय तथा प्रदेश सरकार बाट प्राप्त भएको रकम र आ.व. २०७७/७८ मा प्राप्त हुने भनि संघीय र प्रदेश सरकारबाट प्राप्त जानकारीलाई आधार मानेर अध्ययन गर्दा गाउँपालिकाले समयमानै आफ्नो कार्य योजना बमोजिमको कार्य सम्पादन क्षमताको प्रयोग गर्न सकेको अवस्थामा आ.व. २०७८/७९ बाटै आन्तरिक तथा बाह्य आयमा थप बृद्धि गर्न सकिने सम्भाबना रहेको छ ।

उपरोक्त उल्लेखित अनुमानका आधारमा आ.व. २०७७/७८ को यथार्थ आम्दानी यकिन नभई सकेको कारण उक्त आयको अनुमानित विवरणलाई प्रस्थान वा पूर्व तयारी आधार बर्षको रुपमा लिदै आ.व. २०७८/७९ देखि आ.व. २०८२/८३ सम्मको आन्तरिक तर्फ कुल आम्दानी रु ९ करोड ५४ लाख ४१ हजार ४८२ हुन सक्ने साथै संघीय सरकार र प्रदेश सरकारबाट बित्तीय  समानिकरण तथा राजश्व बाँडफाँड समेत बाट आगामि ५ बर्षमा रु ३ अर्व १० करोड २७ लाख ९० हजार ५०४  प्राप्त गर्न सक्ने अनुमान गरिएको छ । यसरी अरुण गाउँपालिकाले आवधिक योजना अवधि भरमा आन्तरिक, संघीय तथा प्रदेश सरकारको बित्तीय समानिकरण सथै राजश्व बाँडफाँड बाट समेत गरी कुल रकम रु ३ अर्व १९ करोड ८२ लाख ३१ हजार ९८६ आम्दानी हुन सक्ने अनुमान गरिए बाट आवधिक गाउँपालिका विकास योजना तयार गरिरहदा यस योजनाले स्वीकारेका अग्रणी र अरुण गाउँपालिकाका गौरवका आयोजना समेतमा हुने लगानी योजना समेत यसैको सेरोफेरोमा रहेर तयार गर्ने प्रयास गरिएको भएता पनि समग्र गाउँको आवश्यकता र भौगोलिक बिकटता समेतका आधारमा गाउँबासीको चाहाना बमोजिम यसका अतिरिक्त स्थानीय उपभोक्ता र विकास साझेदारको सहयोग अनिवार्य देखिएको छ । आवधिक गाउँपालिका विकास योजना तयार गरिरहँदा अन्य सहायोगि र साझेदार संघ सस्थाको साझेदारीको हिस्सालाई सदैव खुल्ला राखिएका कारण कुल आम्दानी यतीमानै सिमित रहन्छ भनेर किटन गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छैन । कुल आयमा हुने मात्रात्मक बृद्धि र साझेदारहरूको सहभागितालाई कुन तहसम्मको आकर्षण गर्न सकिन्छ भन्ने विषय बिशुद्ध गाउँपालिकाको वित्तीय व्यवस्थापनमा पारदर्शिता, गुणस्तरीय विकास र बित्तीय अनुसासन साथै कार्य क्षमता र प्रगति सूचकमा निर्भर रहने भएका कारण यसलाई स्वतन्त्र राखि आवधिक गाउँपालिका विकास योजना सँग सवै विषयगत र क्षेत्रगत योजना तथा कार्यक्रमहरूलाई मसिनु ढँग बाट समेट्ने प्रयत्न गरिएको छ । गाउँपालिकाको प्रक्षेपित आयको संक्षिप्त तथा विस्तृत विवरण तालिका नं. ५.१ देखि ५.४ र चित्र नं. ५.१ देखि ५.५ सम्ममा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१: गाउँपालिकाको आन्तरिक तथा बाह्य आयको प्रतिसत सहितको प्रक्षेपित संक्षिप्त विवरण**

| आ.व. | आम्दानी जम्मा रु. | | | जम्मा आम्दानी % | | |
|---|---|---|---|---|---|---|
| आ.व. | आन्तरिक आय | बाह्य आय | जम्मा | आन्तरिक | बाहय | जम्मा |
| २०७८/७९ | १३६५००००।० | ५०८२२९२६८।० | ५२१८७९२६८।० | २।६२ | ९७।३८ | १०० |
| २०७९/८० | १६३८००००।० | ५५९०५२१९४।८ | ५७५४३२१९४।८ | २।८५ | ९७।१५ | १०० |
| २०८०/८१ | १८८३७०००।० | ६१४९५७४१४।३ | ६३३७९४४१४।३ | २।९७ | ९७।०३ | १०० |
| २०८१/८२ | २१६६२५५०।० | ६७६४५३१५५।७ | ६९८११५७०५।७ | ३।१० | ९६।९० | १०० |
| २०८२/८३ | २४९११९३२।५ | ७४४०९८४७१।३ | ७६९०१०४०३।८ | ३।२४ | ९६।७६ | १०० |
| **जम्मा** | **९५४४१४८२।५** | **३१०२७९०५०४।१** | **३१९८२३१९८६।६** | **२।९८** | **९७।०२** | **१००** |

**चित्र नं. ५.१: आ.व. २०७८/७९ देखि २०८२/८३ सम्मका लागि आन्तरिक आयको प्रस्तावित प्रक्षेपण**




**तालिका नं.५.२: गाउँपालिकाको आन्तरिक तथा बाह्य आय प्रक्षेपणको संक्षिप्त विवरण (लक्ष्य)**

| ५ बर्षको जम्मा आम्दानी प्रक्षेपणको संक्षेपिकरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आन्तरिक तर्फ | | बाहृय तर्फ (अन्तर सरकारी मात्र) | | | | आन्तरिक तथा बाहृय गरी कूल रु |
| आ.व. | कर तथा राजश्व सेवा शूल्क र उपभोक्ता सहभागिता समेत | % | संघीय सरकार ( बित्तीय समानिकारण तथा अनूदान) | प्रदेश सरकार ( बित्तीय समानिकारण तथा अनूदान) | जम्मा | % | |
| २०७८/७९ | १३६५००००.० | १४.३० | ४१२०४७९६८.० | ९६१८१३००.० | ५०८२२९२६८.० | १६.४ | ५२१८७९२६८.० |
| २०७९/८० | १६३८००००.० | १७.१६ | ४५३२५२७६४.८ | १०५७९९४३०.० | ५५९०५२१९४.८ | १८.० | ५७५४३२१९४.८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०८०/८१ | १८८३७०००.० | १९.७४ | ४९८५७८०४१.३ | ११६३७९३७३.० | ६१४९५७४१४.३ | १९.८ | ६३३७९४४१४.३ |
| २०८१/८२ | २१६६२५५०.० | २२.७० | ५४८४३५८४५.४ | १२८०१७३१०.३ | ६७६४५३१५५.७ | २१.८ | ६९८११५७०५.७ |
| २०८२/८३ | २४९११९३२.५ | २६.१० | ६०३२७९४२९.९ | १४०८१९०४१.३ | ७४४०९८४७१.३ | २४.० | ७६९०१०४०३.८ |
| **जम्मा** | **९५४४१४८२.५** | **१००** | **२५१५५९४०४९.४** | **५८७१९६४५४.६** | **३१०२७९०५०४.१** | **१००.०** | **३१९८२३१९८६.६** |

**चित्र नं. ५.२: आन्तरिक तथा बाह्य आयको अनुमानित लक्ष्य**




**चित्र नं.५.३: प्रदेश सरकार बाट प्राप्त हुने अपेक्षित आय (५ बर्षमा)**



चित्र नं. ५.४: आवधिक योजना अवधि (५ वर्ष) मा संघीय सरकार बाट प्राप्त हुने अनुमानित कुल आयको लक्ष्य




चित्र नं.५.५: संघीय, प्रदेश तथा गाउँपालिकाको आन्तरिक आयको कुल अनुमानित लक्ष्य



**तालिका नं. ५.३: अरुण गाउँपालिकाको आ.व. २०७८/७९ देखि २०८२/८३ सम्मका लागि आन्तरिक आयको प्रस्तावित प्रक्षेपण**

| अरुण गाउँपालिका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आ.व. २०७८।७९ देखि २०८२।८३ सम्मका लागि आन्तरिक आयको प्रस्तावित प्रक्षेपण | | | | | | | | |
| बार्षिक अनुमानित आन्तरिक आय | | | | | | | | |
| क.सं. | आय स्रोतका क्षेत्र | आ.व. २०७८/७९ | % | आ.व. २०७९/८० ( २०%) | आ.व. २०८०/८१ (१५ %) | आ.व. २०८१/८२ ( १५%) | आ.व. २०८२/८३ ( १५%) | ५ बर्षको जम्मा आम्दानी रु |
| १ | सम्पति कर | २७०००००.० | १९.७८ | ३२४००००.० | ३७२६०००.० | ४२८४९००.० | ४९२७६३५.० | १८८७८५३५.० |
| २ | भुमिकर (मालपोत) | ७५००००.० | ५.४९ | ९०००००.० | १०३५०००.० | ११९०२५०.० | १३६८७८७.५ | ५२४४०३७.५ |
| ३ | घर तथा जग्गा जमिन साथै मेसिनरी तथा उपकरण बहाल कर | ३५००००.० | २.५६ | ४२००००.० | ४८३०००.० | ५५५४५०.० | ६३८७६७.५ | २४४७२१७.५ |
| ४ | उद्योग, ब्यापार तथा सेवा ब्यवाशाय | | | | ०.० | ०.० | ०.० | |
| ४.१ | उद्योग ब्यवाशाय (दर्ता शुल्क समेत) | २५०००.० | ०.१८ | ३००००.० | ३४५००.० | ३९६७५.० | ४५६२६.३ | १७४८०१.३ |
| ४.२ | ब्यापार ब्याशाय (दर्ता शुल्क समेत) | ४५०००.० | ०.३३ | ५४०००.० | ६२१००.० | ७१४१५.० | ८२१२७.३ | ३१४६४२.३ |
| ४.३ | व्यवसायिक बिशेषज्ञ सेवा ( दर्ता शुल्क समेत) | ६५०००.० | ०.४८ | ७८०००.० | ८९७००.० | १०३१५५.० | ११८६२८.३ | ४५४४८३.३ |
| ५ | सवारी साधन कर तथा पूर्वाधार शेवा शुल्क ( सूचीकरण शुल्क समेत) | २५००००.० | १.८३ | ३०००००.० | ३४५०००.० | ३९६७५०.० | ४५६२६२.५ | १७४८०१२.५ |
| ६ | विज्ञापन कर | १५०००.० | ०.११ | १८०००.० | २०७००.० | २३८०५.० | २७३७५.८ | १०४८८०.८ |
| ७ | मनोरञ्जन कर | ५०००.० | ०.०४ | ६०००.० | ६९००.० | ७९३५.० | ९१२५.३ | ३४९६०.३ |
| ८ | बहालविटौरी कर | १५००००.० | १.१० | १८००००.० | २०७०००.० | २३८०५०.० | २७३७५७.५ | १०४८८०७.५ |
| ९ | प्राकृतिक स्रोत उपयोग तथा कवाडी कर (प्रदेश सरकारको निर्णय बमोजिम उठाउने प्राकृतिक श्रोतको | २७०००००.० | १९.७८ | ३२४००००.० | ३७२६०००.० | ४२८४९००.० | ४९२७६३५.० | १८८७८५३५.० |

|  |  |  |  |  |  |  |  |  |
|---|---|---|---|---|---|---|---|---|
|  | रकम यहाँ समावेश गरिएको छैन) |  |  |  |  |  |  |  |
| १० | अस्थाई तथा घुम्ति दैनिक तथा साप्ताहिक हाट, बजार, पसल तथा सेवा कर | ४५०००.० | ०.३३ | ५४०००.० | ६२१००.० | ७१४१५.० | ८२१२७.३ | ३१४६४२.३ |
| ११ | सवारी पार्किङ्ग सेवा शुल्क | ७५०००.० | ०.५५ | ९००००.० | १०३५००.० | ११९०२५.० | १३६८७८.८ | ५२४४०३.८ |
| १२ | पर्यटन शुल्क | २५०००.० | ०.१८ | ३००००.० | ३४५००.० | ३९६७५.० | ४५६२६.३ | १७४८०१.३ |
| १३ | दस्तुर तथा सिफरिस शुल्क |  |  |  | ०.० | ०.० | ०.० |  |
| १३.१ | शुल्क तथा दस्तुर (घर नक्सा पास दस्तुर समेत) | १७०००००.० | १२.४५ | २०४००००.० | २३४६०००.० | २६९७९००.० | ३१०२५८५.० | ११८८६४८५.० |
| १३.२ | सिफारिस शुल्क | ११०००००.० | ८.०६ | १३२००००.० | १५१८०००.० | १७४५७००.० | २००७५५५.० | ७६९१२५५.० |
| १४ | दण्ड सजाय तथा जरिमाना: | १५००००.० | १.१० | १८००००.० | २०७०००.० | २३८०५०.० | २७३७५७.५ | १०४८८०७.५ |
| १५ | उपभोक्ता लागन सहभागिता (प्रति वडा न्यूनतम ५ लाख) | ३५०००००.० | २५.६४ | ४२०००००.० | ४८३००००.० | ५५५४५००.० | ६३८७६७५.० | २४४७२१७५.० |
| **जम्मा** |  | **१३६५००००.०** | **१००.०** | **१६३८००००.०** | **१८८३७०००.०** | **२१६६२५५०.०** | **२४९११९३२.५** | **९५४४१४८२.५** |

**तालिका नं. ५.४: अरुण गाउँपालिका, संघीय तथा प्रदेश सरकार बाट प्राप्त हुन सक्ने ५ बर्षको प्रक्षेपित (अनुमानित) आया विवरण**

| अरुण गाउँपालिका |  |  |  |  |  |  |  |  |  |
|---|---|---|---|---|---|---|---|---|---|
| संघीय तथा प्रदेश सरकार बाट प्राप्त हुन सक्ने ५ बर्षको अनुमानित आय |  |  |  |  |  |  |  |  |  |
| **क.सं.** | **विषय शिर्षक** | **आ.व. २०७६/७७ यथार्थ रु** | **आ.व. २०७७/७८ को अनुमान रु** | **आ.व. २०७८/७९** | **आ.व. २०७९/८०** | **आ.व. २०८०/८१** | **आ.व. २०८१/८२** | **आ.व. २०८२/८३** | **आ.व. २०७८/८३ को कुल रु** |
| **क. संघीय सरकार** |  |  |  |  |  |  |  |  |  |
| १ | बित्तीय समानिकरण |  | ८४३००००० | ९२७३००००।० | १०२००३०००।० | ११२२०३३००।० | १२३४२३६३०।० | १३५७६५९९३।० | ५६६१२५९२३।० |
| २ | शसर्त अनुदान |  | १८९६०००००० | २०८५६००००।० | २२९४१६०००।० | २५२३५७६००।० | २७७५९३३६०।० | ३०५३५२६९६।० | १२७३२७९६५६।० |
|  | बिशेष अनुदान |  | १५०००००० | १६५०००००।० | १८१५००००।० | १९९६५०००।० | २१९६१५००।० | २४१५७६५०।० | १००७३४१५०।० |
|  | समपुरक अनुदान |  | ७५००००० | ८२५००००।० | ९०७५०००।० | ९९८२५००।० | १०९८०७५०।० | १२०७८८२५।० | ५०३६७०७५।० |
| ३ | नेपाल सरकार राजश्व बाँडफाँड |  | ६६३७०८८० | ७३००७९६८।० | ८०३०८७६४।८ | ८८३३९६४१।३ | ९७१७३६०५।४ | १०६८९०९६५।९ | ४४५७२०९४५।४ |
| ४ | स्थानीय पूर्वाधार विकास साझेदारी |  | ०।० | १३००००००।० | १४३०००००।० | १५७३००००।० | १७३०३०००।० | १९०३३३००।० | ७९३६६३००।० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम समेतका अन्य अनुदान | | | | | | | | |
| जम्मा | | ०।० | ३६२७७०८८०।० | ४१२०४७९६८।० | ४५३२५२७६४।८ | ४९८५७८०४१।३ | ५४८४३५८४५।४ | ६०३२७९४२९।९ | २५१५५९४०४९।४ |
| ख. प्रदेश सरकार | | | | | | | | | |
| १ | वित्तीय समानिकरण | | ६९८३००० | ७६८१३००।० | ८४४९४३०।० | ९२९४३७३।० | १०२२३८१०।३ | ११२४६१९१।३ | ४६८९५१०४।६ |
| २ | शसर्त अनुदान | | ०।० | ५०००००००।० | ५५००००००।० | ६०५०००००।० | ६६५५००००।० | ७३२०५०००।० | ३०५२५५०००।० |
| ३ | बिषेश अनुदान | | ०।० | २०००००००।० | २२००००००।० | २४२०००००।० | २६६२००००।० | २९२८२०००।० | १२२१०२०००।० |
| ४ | समपुरक अनुदान | | १०००००००० | ११००००००।० | १२१०००००।० | १३३१००००।० | १४६४१०००।० | १६१०५१००।० | ६७१५६१००।० |
| ५ | राजश्व बांडफांड | | ०।० | ७५०००००।० | ८२५००००।० | ९०७५०००।० | ९९८२५००।० | १०९८०७५।० | ४५७८८२५।० |
| **जम्मा** | | **०।०** | **१६९८३०००।०** | **९६१८१३००।०** | **१०५७९९४३०।०** | **११६३७९३७३।०** | **१२८०१७३१०।३** | **१४०८१९०४१।३** | **५८७१९६४५४।६** |
| **जम्मा प्रदेश तथा संघीय** | | **०।०** | **३७९७५३८८०।०** | **५०८२२९२६८।०** | **५५९०५२१९४।८** | **६१४९५७४१४।३** | **६७६४५३१५५।७** | **७४४०९८४७१।३** | **३१०२७९०५०४।१** |
| **आन्तरिक आम्दानी** | | | १२५००००००।० | १३६५०००००।० | १६३८०००००।० | १८८३७००००।० | २१६६२५५०।० | २४९११९३२।५ | ९५४४१४८२।५ |
| **कुल जम्मा (आन्तरिक तथा बाह्य** | | **३२८१५२५८७.०** | **३९२२५३८८०।०** | **५२१८७९२६८।०** | **५७५४३२१९४।८** | **६३३७९४४१४।३** | **६९८११५७०५।७** | **७६९०१०४०३।८** | **३१९८२३१९८६।६** |

# भाग ६ (छ)
# संस्थागत विकास योजना
# साङ्गठनिक संरचना, जनशक्तिको सम्भावित प्रक्षेपण

**६.१ जनशक्तिको आवश्यकता र व्यवस्थापनः**

अरुण गाउँपालिका भर्खरै पुनरसंरचीत गाउँपालिका भएको कारण वर्तमान संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्था बमोजिम गाउँपालिकाको हैसियतमा गर्नु पर्ने विकास निर्माण र सेवा प्रवाहका क्षेत्रमा तोकिएको समय सिमा भित्र तोकिएको गुणस्तरीय काम गर्न आवश्यक जनशक्तिको कमि रहेको छ। गाउँपालिकको वर्तमान अवस्थालाई अध्ययन गर्दा प्रमुख प्रशासकीय अधिकृत ५ जना अधिकृत सहित जम्मा ३३ जना कर्मचारीको स्वीकृत दरबन्दि रहेकोमा हाल गा.पा. कार्यलय तर्फ ५२ (वडा समेत) र स्वास्थ्य तर्फ ४७ गरी कुल ९९ कर्मचारी कार्यरत रहेको भएता पनि स्थानीय तहले सम्पादन गर्नु पर्ने जिम्मेवारी बमोजिमका कर्मचारीको अभावमा गाउँपालिको आफ्ना दैनिक कार्य सञ्चालनमा समेत कठिनाई भोगि रहेको अवस्था छ।

वर्तमान अवस्थामा यस आवधिक गाउँपालिका विकास योजनाले लिएको दीर्घकालिन सोच र यसै सोच बमोजिम स्थापित गरिएको लक्ष बमोजिम यस गाउँपालिकाको समृद्धि र विकासलाई संग सगै अघि बढाउने मुल उद्देश्यका साथ अघि बढाउन अति आवश्यक रहेकोले सांगठनिक संरचना तथा तीनमा आवश्यक कर्मचारीको सामान्य प्रक्षेपण गरिएको छ। यस प्रक्षेपणका आधारमा व्यवस्थापन तहमा रहने विषयगत शाखा, सम्पर्क कक्ष तथा निजी सचिवालय साथै अस्पताल र स्वास्थ्य केन्द्र र वडा कार्यालय छाडेर गाउँपालिकामा न्यूनतम ५ वटा शाखा, १७ वटा उपशाखा र ६ वटा इकाईको व्यवस्थापन गनै सकेमा वर्तमान अवस्थामा विकास निर्माण र सेवा प्रवाहलाई व्यवस्थापन गर्न सकिने अवस्थ रहेको देखिन्छ। गाउँपालिकाको व्यवस्थापन तह देखि प्रस्तावित शाखा, उपशाखा, ईकाइ, अस्पताल, स्वास्थ्य केन्द्र तथा वडा कार्यालयमा समेत गरी अधिकृत वा सो सरहका १५ जना, ना.सु. वा सो सरहका २५ जना, खरिदार वा सो सरहका ६६ जना, कार्यालय सहयोगी वा सो सरहका २५ तथा सफाई कामदार ५ समेत गरी कुल १३६ जना जनशक्तिको आवश्यकता रहने अवस्था प्रक्षेपण मार्फत देखिएको छ। प्रक्षेपित कर्मचारिहरू १३६ मध्ये प्राविधिक ५२ र प्रशासन तर्फ ८४ जनाको आवश्यकता पर्ने अवस्था रहेका छ। प्रक्षेपित कर्मचारी मध्ये वडा कार्यालय तर्फ वडा सचिव ७ जना, सव ओभरसीयर ७ जना, खरिदार वा सो सरह ७ जना, कम्प्यूटर अपरेटर ७ र कार्यालय सहयोगि ७ जना गरी कुल ३५ जनाको न्यूनतम आवश्यकता देखिएको छ भने शाखागत रुपले हेर्दा वडा कार्यालयको समेत समन्वय र व्यवस्थापन गर्नु पर्ने भएकाले सामान्य प्रशासन शाखामा सवै भन्दा बढी आवश्यक देखिएको छ। तर गाउँपालिकाको समग्र परिस्थितिको मूल्याङ्कन गरी सांथठनिक तथा व्यवस्तथापनको थप अध्ययन गरी सम्बन्धित शाखा, उपशाखा र ईकाइ समेतको कार्य विवरण समेत तयार पर्न भने अनिवार्य देखिएको छ।

कर्मचारीको आवश्यकता, त्यसमा आधारित पदपूर्ती र जनशक्ति व्यवस्थापनको हिसावले वर्तमान गाउँपालिकाको आन्तरिक आयले धान्न सक्छ या सक्दैन यस तर्फ विशेष ध्यान पुऱ्याउन अति आवश्यक रहेको भएता पनि गाउँपालिकाले स्थानीय सरकारको हैसियतमा सम्पादन गर्नु पर्ने कार्य जिम्मेवारीका आधारमा आवधिक गाउँपालिका विकास योजनाले परिलक्षित गरेका विकास अभियान सञ्चालनकालागि जनशक्ति र प्रविधियुक्त उपकरण र साधनको व्यवस्थापन अनिवार्य देखिन्छ। यस तथ्यलाई ध्यानमा राखि अरुण गाउँपालिकाले आन्तरिक आयमा बृद्धि र जनशक्ति व्यवस्थापनको पक्षलाई संगसंगै अघि बढाउन आवश्यक छ। जनशक्ति व्यवस्थापन गर्दा देहाय बमोजिम हुने व्यवस्था गरिएको छ।

- नयाँ पदपूर्ती गर्दा योग्यता, दक्षता र शिप भएका जनशक्ति मात्र लिने
- पुराना जनशक्तिको शिप र दक्षता अभिबृद्धिकालागि प्रशिक्षण र सीप विकासको व्यवस्था मिलाउने
- दक्षता अभिबृद्धिमा अनिच्छुक र तोकिएको जिम्मेवारी पुरा नगर्ने जनशक्तिलाई आवशयक नीति नियम तर्जुमा गरी सेवा बाट मुक्त गर्ने
- स्थानीय सरकार सञ्चालन ऐन, संघीय सरकारको निर्देशन समेतका आधारमा गाउँपालिकाको आन्तरिक आय थप मजबुत नहुँदाका बखत सम्म सके सम्म सेवा करारमा मात्र जनशक्तिको व्यवस्थापन गर्दै जाने

- जनशक्तिको क्षमता र कार्यकुशलताको परिक्षण मापदण्ड प्रविधियुक्त बनाउने साथै सोहि बमोजिम मूल्याङ्कनको व्यवस्था र मापदण्ड मिलाई बृति विकास गर्ने
- दण्ड र पुरस्कारको व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गर्ने

समग्रमा अरुण गाउँपालिकाकालागि आवश्यक कर्मचारीको आवश्यकता देहाय बमोजिम रहने प्रक्षेपण गरिए बमोजिम सोको विस्तृत प्रस्ताबित विवरण तालिका नं. ६.१ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ६.१: आवश्यक कर्मचारीको प्रक्षेपण**

| क.सं. | कर्मचारीहरूको प्रस्तावित दरबन्दी | कर्मचारीको आवश्यकता | | | कैफियत |
|---|---|---|---|---|---|
| | | प्रशासन | प्राबिधिक | जम्मा | |
| **क. गाउँ कार्यगाउँपालिका (व्यवस्थापन तह)** | | | | | |
| १ | प्रमुख प्रशासकिय अधिकृत | १ | | १ | नेपाल सरकार |
| २ | नायव सुब्बा पाँचौ तह | १ | | १ | |
| ३ | खरिदार चौथो तह | ५ | | ५ | |
| ४ | सवारी चालक | २ | | २ | |
| ५ | कार्यालय सहयोगि | १ | | १ | |
| जम्मा | | **१०** | | **१०** | |
| **ख. गाउँ कार्यपालिका (शाखागत कर्मचारी विवरण)** | | | | | |
| **१** | **सामान्य प्रशासन शाखा** | | | | |
| १.१ | शाखा अधिकृत छैटौं/सातौ तह आलेप अधिकृत १ समेत | २ | १ | ३ | सूचना प्रविधि समेत |
| १.२ | नायव सुब्बा पाँचौ तह | ३ | | ३ | |
| १.३ | खरिदार चौथो तह | ४ | | ४ | |
| १.४ | कार्यालय सहयोगी | २ | | २ | |
| जम्मा | | **११** | **१** | **१२** | |
| **२** | **आर्थिक विकास शाखा** | | | | |
| २.१ | शखा अधिकृत छैटौं/सातौं तह | १ | | १ | शाखा प्रमुख |
| २.२ | पशु विकास अधिकृत छैटौं तह | | १ | १ | पशु चिकित्सक |
| २.३ | कृषि विकास अधिकृत छैटौं तह | | १ | १ | |
| २.४ | ना.सु.पाँचौं तह | १ | | १ | |
| २.५ | पशु स्वास्थ्य प्राबिधिक खरिदार चौथो तह | | १ | १ | |
| २.६ | कृषि ना.पा..स. खरिदार चौथो तह | | १ | १ | |
| २.७ | खरिदार | २ | | २ | |
| २.८ | कार्यालय सहयोगी | १ | | १ | |
| जम्मा | | **५** | **४** | **९** | |
| **३** | **लेखा तथा राजश्व परिचालन शाखा** | | | | |
| ३.१ | लेखा अधिकृत छैटौं/सातौं तह | १ | | १ | |
| ३.२ | ना.सु./लेखापाल पाँचौ तह | ३ | | ३ | |
| ३.३ | खरिदार/स.लेखापाल चौथो तह | २ | १ | ३ | क. अपरेटर समेत |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.४ | कार्यालय सहयोगी | १ | | १ | |
| जम्मा | | **७** | **१** | **८** | |
| **४** | **योजना शाखा** | | | | |
| ४.१ | अधिकृत/ इन्जिनीयर छैटौं/सातौं तह | | २ | २ | शाखा प्रमुख समेत |
| ४.२ | नायव सुब्बा/सवइन्जिनीयर पाँचौ तह | १ | २ | ३ | अमिन समेत |
| ४.३ | खरिदार/ सबओभरसियर चौथो तह | १ | ४ | ५ | अमिन १ समेत |
| ४.४ | कार्यालय सहयोगी | १ | | १ | |
| जम्मा | | **३** | **८** | **११** | |
| **५** | **सामाजिक विकास शाखा** | | | | |
| ५.१ | अधिकृत छैटौं/सातौं तह | १ | | १ | शखा प्रमुख |
| ५.२ | अधिकृत छैटौ तह (शिक्षा) | १ | | १ | |
| ५.३ | अधिकृ छैटौं/सातौं तह (स्वास्थ्य) | | १ | १ | |
| ५.४ | मेडिकल अधिकृत | | २ | २ | |
| ५.५ | नायव सुब्बा पाँचौ तह (शिक्षा समेत) | ३ | १ | ४ | |
| ५.६ | हे.अ./सि.अ.हे.ब. पाँचौ तह | | ३ | ३ | |
| ५.७ | स्वास्थ्य प्राविधिक  खरिदार चौथो तह | | १६ | १६ | स्वास्थ्य केन्द्र समेत |
| ५.८ | ल्याब अ. खरिदार चौथो तह | | १ | १ | |
| ५.९ | खरिदार चौथो तह | ७ | | ७ | |
| ५.१० | कार्यालय सहयोगी | १० | | १० | स्वास्थ्य केन्द्र |
| ५.११ | सफाई कामदार | ५ | | ५ | |
| जम्मा | | **२७** | **२४** | **५१** | |
| ६ | वडा कार्यालय  (सामान्य प्रशासन शाखा अन्तरगत) - ७ | | | | |
| ६.१ | ना.सु/खरिदार पाँचौं/चौथा तह (वडा सचिव) | ७ | | ७ | |
| ६.२ | खरिदार/ सबओभरसियर चौथो तह | | ७ | ७ | |
| ६.३ | खरिदार चौथा तह | ७ | ७ | १४ | |
| ६.४ | कार्यालय सहयोगि | ७ | | ७ | |
| जम्मा | | **२१** | **१४** | **३५** | |
| **कुल जम्मा** | | **८४** | **५२** | **१३६** | |

**६.२ संगठनिक संरचना:** अरुण गाउँपालिकाको साङ्गठनिक संरचना देहाय बमोजिम रहने छ

### ६.२.१ गाउँ कार्यपालिका

| क.सं. | पद | गाउँ कार्यपालिका (व्यवस्थापन तह) |
|---|---|---|
| १ | प्रमुख प्र.अधिकृत | १ |
| २ | ना.सु. | १ |
| ३ | खरिदार | ५ |
| ४ | सवारी चालक | २ |
| जम्मा | | ९ |






| क.सं. | पद | गाउँ कार्यपालिका (सामान्य प्रशासन शाखा) |
|---|---|---|
| १ | शाखा अधिकृत/ना.सु (आ.ले.प.तथा सूचना प्रविधि समेत) | ३ |
| २ | ना.सु. | ३ |
| ३ | खरिदार | ४ |
| ४ | कार्यालय सहयोगी | २ |
| जम्मा | | १२ |




| क.सं. | पद | गाउँ कार्यपालिका |
|---|---|---|
| १ | अधिकृत | ३ |
| २ | ना.सु. | १ |
| ३ | खरिदार | ४ |
| ४ | कार्यालय सहयोगी | १ |
| जम्मा | | ९ |

| क.सं. | पद | गाउँ कार्यपालिका |
|---|---|---|
| १ | अधिकृत | १ |
| २ | ना.सु. | ३ |
| ३ | खरिदार | ३ |
| ४ | कार्यालय सहयोगी | १ |
| जम्मा | | ८ |



| क.सं. | पद | गाउँ कार्यपालिका |
|---|---|---|
| १ | अधिकृत ई. | २ |
| २ | ना.सु. (जुनियर ई) | ३ |
| ३ | खरिदार (सव ई, अमिन) | ५ |
| ४ | कार्यालय सहयोगी | १ |
| | जम्मा | **११** |






| क.सं. | पद | गाउँ कार्यपालिका | पद | अस्पताल तथा स्वास्थ्य केन्द्र |
|---|---|---|---|---|
| १ | अधिकृत | ३ | मेडिकल अधिकृत | २ |
| २ | ना.सु. | ४ | हेल्थ असिस्टेन्ट | ३ |
| ३ | खरिदार | ७ | जुनियर हे.अ., स्टाफ नर्स, प्रयोगशाला प्राविधिक | १७ |
| ४ | कार्यालय सहयोगी | २ | कार्यालय सहयोगी | ८ |
| जम्मा | | **१६** | | **३०** |

### ६.२.२ वडा कार्यालयको सांगठनिक संरचान




| क.सं. | पद | वडा कार्यालय |
|---|---|---|
| १ | वडा सचिव | १ |
| २ | सव ओभरसियर | १ |
| ३ | राजश्व तथा कार्यालय सहायक | १ |
| ४ | कम्प्यूटर अपरेटर | १ |
| ५ | कार्यालय सहयोगी | १ |
| | जम्मा (एक वडामा) | ५ |
| | **जम्मा ७ वडामा** | **३५** |

**तालिका नं.६.२ : प्रक्षेपित जनशक्तिको संक्षिप्त विवरण**

| क.सं. | शाखा | अधिकृत वा सो सरह | ना.सु वा सो सरह | खरिदार वा सो सरह | का.स/सवारी चालक वा सो सरह | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| **क. गाउँ कार्यगाउँपालिका** | | | | | | | |
| १ | कार्यपालिका व्यवस्थापन तह .प्रमुख प्रशासकीय अधिकृत सहति) | १ | १ | ५ | ३ | | १० |
| **ख. शाखागत कर्मचारी विवरण** | | | | | | | |
| १ | सामान्य प्रशासन शाखा (वडा कार्यालय समेत) | ३ | १० | २५ | ९ | | ४७ |
| २ | आर्थिक विकास शाखा | ३ | १ | ४ | १ | | ९ |
| ३ | लेखा तथा राजश्व परिचालन शाखा | १ | ३ | ३ | १ | | ८ |
| ४ | **योजना शाखा** | २ | ३ | ५ | १ | | ११ |
| ५ | सामाजिक विकास शाखा | ५ | ७ | २४ | १० | ५ | ५१ |
| | **जम्मा** | **१५** | **२५** | **६६** | **२५** | **५** | **१३६** |

नोटः सांगठनिक संरचना र जनशक्ति गाउँपालिकाको आवश्यकता बमोजिम परिवर्तन गर्न सकिने ।

# भाग ७ (सात)
# विषयगत तथा क्षेत्रगत योजना

कृषि तथा पशुपालनको व्यवसायिकिकरण, सुविधा युक्त सडक सञ्जाल **सहितको यातायात पूर्वाधार,** पर्यटन विकास, औ**द्योगिक उत्पादन, शिक्षा, स्वास्थ्य,** निर्यात प्रवर्द्धन, प्रकोप व्यवस्थापन समेतको विकास गरी आगामि २० वर्ष भित्र भोजपुर जिल्लाको एक समृद्ध र बिकसित गाउँपालिकाको रुपमा स्थापित गर्ने दीर्घकालिन सोच, यसैमा आधारित लक्ष तथा उद्देश्यहरूको परिपूर्तिको बलियो आधार निर्माण गर्न योजनाहरूको पहिचान, छनौट, प्राथमिकिकरण र कार्यान्वयनका साथ आवधिक रुपमा योजनाहरू सञ्चालन व्यवस्थापन गरी समृद्धिको मार्ग प्रसस्त गर्न अनिवार्य छ । अरुण गाउँपालिकालाई आगामि ५ वर्ष भित्र समृद्धिको मार्गमा अघि बढाउने आधार तयार पर्न र आगामि २० वर्ष भित्र गाउँपालिका स्तरको सुविधा सम्पन्न समृद्ध गाउँपालिकाको रुपमा विकास गर्ने मुलभुत लक्ष र उद्देश्यका साथ तयार गरिएको यस **"आवधिक गाउँपालिका विकास योजना"** तयारिको सिलसिलामा सम्बन्धित सरोकारवालाको प्रत्यक्ष सम्लग्नता र सहभागितामा विषयगत क्षेत्रहरू संग सम्बनधी वस्तुस्थितिहरूको पहिचान र अबलोकन तथा समीक्षा (Situation Analysis) गरी सापेक्षित रुपमा मूल समस्या, सवालहरू तथा चुनौती र अवसरहरूको पहिचान गर्ने प्रयास गरिएको छ । वर्तमान वस्तुस्थितिको यथार्थपरक विश्लेषणका साथ **"कृषिको ब्यवसायिकिकरण, शिक्षा, स्वास्थ्य, उद्योग र ब्यापार, पर्यटन विकास र भौतिक पूर्वाधार अरुण गाउँपालिका समृद्धिका आधार"** भन्ने दिर्घकालिन सोचको विकास गरिएको र त्यसमा आधारित लक्ष्य, उद्देश्य तथा नतिजाहरू/कार्य नीतिको प्रतिपादन गरी विभिन्न विषयगत योजनाहरूको तर्जुमा र कार्यक्रमहरूको प्रस्ताव गरिएको छ ।

जस्तोसुकै श्रोत र साधनको सुविधा उपलब्ध भएता पनि बिना पूर्व योजना गरिने विकास निर्माणका कार्य सिमित घेरा भित्र अस्थाई हुने मात्र हैन कमजोर तथा लागतको हिसावले समेत खर्चिलो हुन जान्छ । परम्परागत सैली र प्रकृयाका आधारमा पुराना र महत्वपूर्ण योजना सम्पन्न नहुँदै प्रत्येक वर्ष स्थानीय तहले थप योजनाको खोजी र सञ्चालनमा धेरै समय र लागत खर्चिनु परिरहेकोछ । वर्तमान अवस्थामा दिगो ग्रामिण विकासको अवधारणा बमोजिम जनताको माझ बाट स्थानीय आवश्यकता बमोजिमका आर्थिक, सामाजिक, भौतिक र सास्कृतिक विकास संग सम्बन्धित योजनाहरूको पहिचान, छनौट, प्राथमिकिकरण गरेर आवश्यक श्रोत र साधनको व्यवस्थापन सहित कार्यान्बनयको थालनि गर्न अपरिहार्य भएकोले यो **"आवधिक गाउँपालिका विकास योजना"** तर्जुमा गरिएको छ । बढिमा आगामि १ वर्ष भित्र आवश्यक नीति निर्माणका साथ यस गाउँपालिकाको भू-उपयोगको स्पष्ट खाका तयार गरिने तथा ५ वर्ष भित्र सुविधायुक्त र बिकसित गाउँपालिका स्तरको सेवा प्रवाहकालागि न्यूनतम भौतिक, सामाजिक, आर्थिक तथा वातावरणीय पूर्वाधारको निर्माण विकास गरी संस्थागत विकासको माध्यम बाट सुशासनको प्रत्याभुति दिने सुनिस्चितता सहितका प्राथमिकता प्राप्त योजनाहरू र तीनको सफल कार्यान्वयन बाट प्रप्त हुने अपेक्षित नतिजा वा प्रतिफल, सूचकहरू, कार्यक्रमहरू, जानकारिका श्रोतहरू, प्रमुख तथा सहायक जिम्मेवारी निर्वाहा गर्नु पर्ने पक्षहरू र योजनाको सफल कार्यान्वयनकालागि आईपर्न सक्ने सम्भावति जोखिम समेतलाई एकीकृत गरी **गाउँपालिकाका गौरवका आयोजना समेतको स्पष्ट खाका सहित** यो **"आवधिक गाउँपालिका विकास योजना"** तयार गरिएको छ । यस आवधिक गाउँपालिका विकास योजना भित्र गाउँपालिकाका गौरवका आयोजनाको सूची र तीनको महत्व र प्राथमिकता समेत लाई एकीकृत र अन्तरसम्बनध समेत समेटेर प्राविधिक, आर्थिक र संस्थागत पक्षलाई दृष्टिगत गरी संस्थागत विकास, आर्थिक विकास, वित्तिय विकास, भौतिक विकास तथा भौतिक पूर्वाधार विकास, सामाजिक विकास, वातावरण विकास गरी गाउँपालिका भित्र सञ्चालन हुने ७ वटा क्षेत्रगत र विषयगत योजना तथा आयेजनाहरूलाई तर्कबद्ध ढाँचा (Logical Framework) मा राखेर देहाय बमोजिमका विषयगत र क्षेत्रगत योजनाहरू कार्यान्वयनको ठोस प्रस्ताव सहितको प्रस्तुतिकरण गरिएको छ । यस प्रस्तुतिकरणले यस

गाउँपालिकाको ५ वर्षको आवधिक विकास र २० वर्ष भित्र प्राप्त हने परिणाम सहितको स्वरुप निर्धारण गर्ने अपेक्षा गरिएको छ ।

### ७.१ गाउँपालिकाका गौरवका आयोजना तथा स्याटलाई स्मार्ट ग्रामिण बजार केन्द्रहरू

अरुण गाउँपालिकाले यस गाउँपालिकाको दिगो विकास आधारित समृद्धि निर्माणको मार्ग पहिचानका साथ स्थापित गरेको दीर्घकालिन सोच र त्यसमा आधारित लक्ष र उद्देश्य प्राप्तिकालागि केहि प्रमुख र महत्वपूर्ण आयोजनालाई गाउँपालिका गौरवका आयोजनामा सूचिकरण गरी प्राथमिकिकरणका साथ कार्यान्वयन गर्ने प्रस्ताव गरिएको छ । यस गाउँपालिकाको भू-उपयोगको वर्तमान अवस्था, भौगोलिक स्वरुप, जलबायु परिवर्तन सहितको वातावरणीय प्रभाव, वर्तमान आधुनिक दुनियाँको मागमा आधारित विकास निर्माणको स्वरुप साथै कृषि तथा पशुपालनको व्यवसायिकिकरण र स्थानीय कच्चा पदार्थमा आधारित औद्योगिक विकास र ऐतिहासिक पृष्ठभूमि सहितको पर्यटन पूर्वाधारको अवस्था समेतलाई केन्द्र बिनदुमा राखेर प्रस्ताव गरिएका गाउँपालिकाका गौरवका आयोजना भित्र सडक यातायात सञ्जाल तथा पर्यटन पूर्वाधार विकास लगायत स्याटलाईट स्मार्ट ग्रामिण बजार केन्द्रको समेत परिकल्पना गरिएको छ जुन यस प्रकार रहेका छन् ।

#### ७.१.१ यातायात पूर्वाधार समेतका भौतिक पूर्वाधार सँग सम्बन्धित योजना

यातायात पूर्वाधार समेतका भौतिक पूर्वाधार सँग सम्बन्धित प्रस्ताव गरिएका कुल १८ वटा आयोजना मध्ये ७ वटा आयोजना प्राथमिकता नं. १ मा, ७ वटा आयोजना प्राथमिकता नं. २ मा र ४ वटा आयोजना प्राथमिकता नं. ३ मा समेटिएका छन् । विषयगत र क्षेत्रगत हिसावले हेर्दा सडक पूर्वाधार निर्माण सँग सम्बन्धित ५ वटा, पर्यटन विकास सँग सम्बन्धित २ वटा, खेलमैदान सँग सम्बन्धित २ वटा साथै अस्पताल निर्माण, गाउँ कार्यपालिका भवन निर्माण, औद्योगिक ग्राम, सांस्कृतिक सङ्ग्रहालय, उच्च शिक्षा पठन पाठान हुने क्याम्पस, खानेपानी र सिंचाई पूर्वाधार तथा चुनखानी उत्खनन् रहेका छन् । सडक निर्माण मध्ये अरुण चक्रपथ (Ring Road) निर्माणकालागि बिद्यमान सडक पूर्वाधारहरूलाई एक आपसमा जोडेर सम्पन्न गरिने भएता पनि यसकालागि सडक कनेक्सन र कालो पत्रे समेतको कार्य गर्न धेरै लागतको आवश्यकता पर्ने भएकाले बहुवर्षे आयोजना अन्तरगत प्राथमिकता नं. २ मा राखिएको साथै यस गाउँपालिकामा निर्माण हुने यातायात सञ्जाल (सडक निर्माणलाई) सकेसम्म क्रमिक रुपले चक्रपथ सँग आवद्धता गर्दै लगिनेछ । उल्लेखित अयोजनाहरूको सफल कार्यान्वयनकालागि लागतको हिसावले गाउँपालिकाको मात्र क्षमताले धान्न कठिन हुने भए बाट संघीय तथा प्रदेश सरकार लगायत अन्य सहायोगि तथा साझेदार सस्था वा नियकाय सँग समेत साझेदारी गरिने छ । प्राथमिकताका आधारमा यस आवधिक गाउँपालिका विकास योजना अवधिमा प्रथम कार्यान्वयनमा प्राथमिकता नं. १ मा परेका आयोजना सम्पन भए पछि मात्र प्राथमिकता नं. २ र ३ का आयोजनाको कार्यान्वयनमा आउने छन् । गाउँपालिकाले २० वर्षे दीर्घकालन सोच निर्धारण गरेका आधारमा यस आवधिक योजना अवधिमा सम्पन्न हुन नसकेका आयोजनाहरू त्यसपछिका आवधिक योजनामा प्रथम प्राथमिकता भित्र पर्ने छन् । गाउँका गौरवका आयोजनाहरूको प्राथमिकता सूची र विस्तृत विवरण देहाय बमोजिम क्रमस तालिका नं. ७.१.१ र ७.१.२ मा उल्लेख गरिएका छन् ।

तालिका नं.७.१.१: गौरवका आयोजनाको प्राथमिकता सूची

| क.सं. | भौतिक पूर्वाधारको नाम | प्राथमिकता नं. | | | कैफियत |
|---|---|---|---|---|---|
| **१** | **सडक पूर्वाधार** | P1 | P2 | P3 | |
| १.१ | बन्चरे-चरम्बी-रवेश्वर-याम्पाङ-यागवा खोला सडक | १ | | | वडा नं. ३, ४ र ६ |
| १.२ | प्याउली-याकु-भोर्लाबोट सडक | १ | | | वडा नं. ३ र ५ |
| १.३ | जरायोटार-सिक्रेटार सडक | १ | | | वडा नं. ६ र ७ |
| १.४ | हिले-चम्पे-कुडुले सडक | १ | | | वडा नं. १, २ र ३ |
| १.५ | अरुण चक्रपथ (रिङ रोड) | | १ | | वडा नं. सवैमा पर्ने गरी |
| **२** | **पर्यटन विकास तथा सांस्कृतिक संरक्षण** | | | | |
| २.१ | पातले गुफा - लागुवा ड्याम | | १ | | वडा नं. ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| २.२ | हंग्रायो धोवीखोला ड्याम्प निर्माण गरी बोटिङ. सञ्चालन गर्ने | | | १ | वडा नं. ३ प्याउली |
| ३ | गाउँ कार्यपालिका भबन निर्माण | १ | | | वडा नं. ३ |
| ४ | १५ शैयाको अस्पताल (स्वास्थ्य भबन) निर्माण, सञ्चालन तथा व्यस्थापन | १ | | | वडा नं. ३ |
| ५ | खेल मैदान | | | | |
| ५.१ | गाउँपालिका स्तरीय (क) | १ | | | वडा नं.३, मच्याङ. डांडा |
| ५.२ | खेल मैदान (ख) | | १ | | वडा नं. ६ जरायोटार |
| ६ | दुग्ध चिस्यान केन्द्र तथा गाई भैंसी पालन समेत | | १ | | सवै वडामा |
| ७ | औद्योगिक ग्राम निर्माण विकास | | १ | | वडा नं. ६ |
| ८ | संस्कृतिक संग्राहलय | | १ | | वडा नं. २ |
| ९ | उच्च शिक्षा सञ्चालनकालागि विश्वविद्यालय संग सम्बन्धन सहितको क्याम्पस निर्माण गर्ने | | १ | | वडा नं. ३ |
| १० | चुनखानी उत्खनन् गर्ने साथै सम्भाब्य खानीहरूको खोजी गर्ने | | | १ | वडा नं. ३ खोकुम्बो, अरुण १ दाउने, |
| ११ | खानेपानी पूर्वाधार विकासमा लिफि्टङ. आयोजना सञ्चालन व्यवस्थापन गर्ने | | | १ | अरुण नदी याम्पाङ., देउराली, चम्पे माचुङ. |
| १२ | सिंचाई पूर्वाधार विकासमा लिफि्टङ. आयोजना सञ्चालन व्यवस्थापन गर्ने | | | १ | वाडा नं. ७ को अरुण नदी सिक्रेटार ढुंगे खाल्डे कट्टी |
| जम्मा | | ७ | ७ | ४ | |
| कुल जम्मा १८ | | | | | |

**तालिका ७.१.२: गाउँपालिकाका गौरवका आयोजनाको विस्तृत विवरण**

| प्राथमिकता क्रम अनुसारका गाउँपालिका गौरवका आयोजनाहरू | | | | |
|---|---|---|---|---|
| प्राथमिकता नं. १ | | | | |
| क.सं. | आयोजनाको नाम | स्थान/ठेगान | वर्तमान अवस्था | गौरवको आयोजनामा पर्नुको कारण |
| १ | बन्चरे-चरम्बी-रवेश्वर-याम्पाङ.-याग्वा खोला सडक | वडा नं. ३, ४, ६ | कच्ची सडक | अरुण गाउँपालिका र षडानन्द नगरपालिका समेत गरी ३ वटा स्थानीय तह जोड्ने |
| २ | प्याउली-याकु-भोर्लाबोट सडक | वडा नं. ३, ५ | कच्चि सडक | अरुण गाउँपालिकाका धेरै वस्ती तथा टोल एकै सडक सञ्जालमा समेट्ने भएको |
| ३ | गाउँ कार्यपालिका भबन निर्माण | वडा नं. ३ | जग्गा तथा भबन नभएको साथै भाडामा सञ्चालनमा रहेको | सेवा प्रवाहमा धेरै ठूलो समस्या रहेकोले यसको तत्काल समस्या समाधान गर्न अनिवार्य भएको |
| ४ | जरायोटार-सिक्रेटार सडक | वडा नं. ६, ७ | कच्ची सडक | वडा नं. ६ र ७ का टोल तथा बस्तीलाई एकीकृत रुपमा सडक सञ्जाल र सेवा प्रवाहमा समेट्ने |
| ५ | हिले-चम्पे-कुडुले सडक | वडा नं. १, २, ३ | कच्ची सडक | भोजपुर र संखुवासभा गरी २ वटा जिल्ला जोड्ने |
| ६ | १५ शय्याको अस्पताल ( स्वास्थ्य भबन) निर्माण, | वडा नं.३ | जग्गा प्राप्त भई सिलान्याँसको कार्य | हरेक स्थानीय तहमा एक सुविधा सम्पन्न अस्पताल निर्माण गरी सर्वसाधारण |

| | | | | |
|---|---|---|---|---|
| | सञ्चालन तथा व्यस्थापन | | सम्पन्न गरी डिपिआर तयार भई रहेको | नागरिकलाई स्वास्थ्य सेवा पहुंचामा अभिबृद्धि गर्ने राष्ट्रिय लक्ष्यलाई स्थानीयकरण गरी स्वास्थ्य सेवाको पहुंच बृद्धि गर्ने |
| ७ | खेल मैदान ( गाउँपालिका स्तरीय ख) | वडा नं.३, मऱ्याङ. डांडा | डिपिअर तयारी भएको | खेलकुदको विकासमा यथेष्ट योगदान पुग्ने भएकोले बजेट व्यवस्थापन गरी निर्माण तथा सञ्चालन व्यवस्थापन गर्ने |
| प्राथमिकता नं. २ | | | | |
| **क.सं.** | **आयोजनाको नाम** | **स्थान/ठेगान** | **वर्तमान अवस्था** | **गौरवको आयोजनामा पर्नुको कारण** |
| १ | दुग्ध चिस्यान केन्द्र तथा गाई भैंसी पालन समेत | सवै वडामा | घरपरिवारमा सामान्य रुपमा पालन भई रहेको तथा केहि परिवारले घरको दैनिक खर्च व्यवस्थापनकालागि बिक्री वितरण समेत गर्ने गरेको | दीर्घकालिन सोच बमोजिम पशुपालनमा व्यवसायिकिकरण हुने, रोजगारी श्रृजना हुने, आय आर्जनमा बृद्धि भई क्रमस आर्थिक समृद्धि प्राप्तिमा सहयोग पुग्ने |
| २ | **अरुण चक्रपथ (रिङ.रोड):** पातलेगुफा, पेन्सनगढी, शिवरात्री गुफा, रवेश्वर, लेवाङ्ग डाँडा, हुरेलो डाँडा, बराहपोखरी, लोबरे डाँडा वाट जरायोटार हुँदै अरुण नदीमा जलकृडा समेतको एकीकृत पर्यटन गुरुयोजना मार्ग (क्रमस ग्राभेल तथा कालोपत्रे) सहितको सञ्जाल निर्माण | सातवटै वडा | कच्ची बाटोको पूर्वाधार तयार भई केहि स्थानमा लिंक गर्न बांकी रहेको | थोरै स्थानमा ट्रयाक खोलेर लिङ्क गर्दा ७ वटै वडालाई एकीकृत सडक सञ्जाल भित्र सहज रुपमा समेटेरे पर्यटन विकास, कृषिको व्यवसायिकिकरण उद्योगको स्थापना र विकास मार्फत उत्पादन बृद्धि र बजारिकरणमा उल्लेख्य योगदान पुग्न गई समग्र गाउँपालिकाको आन्तरिक आय आर्जनको माध्यम बाट आर्थिक समृद्धिमा सहयोग पुग्नको साथै गाउँपालिकाबासीको जीबनस्तर माथि उठाउन सकिने बलियो सम्भाबना रहेको |
| ३ | औद्योगिक ग्राम निर्माण विकास | वडा नं. ६ | जग्गा प्राप्तिको कार्य भइ रहेको | हरेक स्थानीय तहमा एक औद्योगिक ग्राम निर्माण गर्ने राष्ट्रिय लक्ष्यलाई स्थानीयकरण गरी घरेलु तथा साना उद्योगको स्थापनाका साथ औद्योगिक विकासको माध्यम बाट रोजगारी श्रृजनाका साथ आय आर्जनमा बढोत्तरी हुने |
| ४ | संस्कृतिक संग्राहलय | वडा नं. २ | नभएको | आन्तरिक अपनत्व बृद्धि र कला संस्कृतिको संरक्षणमा बिशिष्टिकृत स्तरको सहायोग पुग्न गई सामाजिक सद्भाव भाइचारामा अभिबृद्धि हुने |
| ५ | उच्च शिक्षा सञ्चालनकालागि बिश्वविद्यालयसंग सम्बन्धन | वडा नं. ३ | नभएको | बिशेष गरी कृषि, पशु, पर्यटन, उद्योग लगायतका प्राविधिक क्षेत्रमा |

| | | | | |
|---|---|---|---|---|
| | सहितको क्याम्पस निर्माण गर्ने | | | व्यवहारिक उच्च शिक्षा प्रदान गरी शैक्षिक बेरोजगारीको अन्त्यमा सहायेग गर्न अनिवार्य रहेको साथै युवायुवतीको बिदेशिने आकाङ्क्षामा रोकावट ल्याउन बलियो साधक बन्ने |
| ६ | पातले गुफा - लागुवा ड्याम | वडा नं. ३ | नभएको | पर्यटन प्रवर्धन क्षेत्रको विकासमा गहकिलो योगदान पुग्ने |
| ७ | खेल मैदान (गाउँपालिका स्तरीय ख) | वडा नं. ६ जरायोटार | सामान्य पूर्वाधार सहित जग्गा उपलब्ध रहेको | खेलमैदानको रुपमा विकास गर्न उपयुक्त स्थान रहेकोले डिपिआर तयार तथा बजेट व्यवस्थापन गरी निर्माण गर्दा यसले खलकुदको क्षेत्रमा गणनायोग्य योगदान पुग्ने अवस्था रहेको |

प्राथमिकता नं. ३

| क.सं. | आयोजनाको नाम | स्थान/ठेगाना | वर्तमान अवस्था | गौरवको आयोजनामा पर्नुको कारण |
|---|---|---|---|---|
| १ | चुनखानी उत्खनन् गर्ने साथै सम्भाब्य खानीहरूको खोजी गर्ने | वडा नं. ३ खोकुम्बो, अरुण १ दाउने, | पाखा ठाउंमा खुल्ला रहेको तर चुनको पर्याप्ता देखिएको | उत्खनन् गरी उद्योग वा औद्योगिक कच्चा पदार्थको रुपमा बिक्री वितरण गरी आर्थिक उपार्जन र रोजगारीको राम्रो सम्भाबना रहेको |
| २ | खानेपानी पूर्वाधार विकासमा लिफि्टड. आयोजना सञ्चालन व्यवस्थापन गर्ने | अरुण नदी याम्पाड., देउराली, चम्पे माचुड. | डिपिअर गर्ने तयारी | डिपिआर सम्पन्न गरी प्रदेश वा संघीय सरकारको समेत लागतमा निर्माण सम्पन्न गरी आयोजना सञ्चालन व्यवस्थाप गर्दा यस गाउँपालिकाका बासिन्दा खानेपानीको समस्या बाट मुक्त हुने |
| ३ | सिंचाई पूर्वाधार विकासमा लिफि्टड. आयोजना सञ्चालन व्यवस्थापन गर्ने | वाडा नं. ७ को अरुण नदी सिक्रेटार ढुंगे खाल्डे कट्टी | डिपिअर गर्ने तयारी | डिपिआर सम्पन्न गरी प्रदेश वा संघीय सरकारको समेत लागतमा निर्माण सम्पन्न गरी आयोजना सञ्चालन व्यवस्थाप गर्दा कृषिको व्यवसायिकिकरण र कृषि उपजको उत्पादकत्वमा बृद्धि भई रोजगारी श्रृजनाका साथ आत्मनिर्भरता तर्फ सहज उन्मुख हुन सकिने |
| ४ | हंग्रायो धोवीखोला ड्याम्प निर्माण गरी बोटिड. सञ्चालन गर्ने | वडा नं. ३ प्याउली | पूर्वाधार स्वरुप तयार नभएको | सम्भाब्यता अध्ययन गर्ने, सम्भाबना रहेमा डिपिआर तयार गर्ने, लगानीको सुनिस्चितता गर्ने तथा ड्याम्प निर्माण गरी आयोजना सञ्चालन गर्दा आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गरी मनोरञ्जनका साथमा रोजगारी र आय आर्जनमा योगदान पुग्ने |

**७.१.२. अरुण स्याटलाईट स्मार्ट ग्रामिण बजार केन्द्र (Arun Satellite Smart Village Market Center):**

अरुण गाउँपालिका भित्र ससाना तर महत्वपूर्ण बजार केन्द्रहरू बिगत देखिनै सञ्चालनमा आईरहेका छन् । केहि बजार केन्द्रहरू ऐतिहासिक महत्व सँग समेत जोडिएका छन् । यस गाउँपालिकाको ठूलो क्षेत्रफलमा ग्रामिण स्तरको बसोबास रहेको, बिभिन्न बस्तीहरू छरिएर रहेका तथा केहि स्थानहरूको भौगोलिक बनोट समेत बिकटताले घरिएर रहेका कारण योजना तर्जुमाका समयमा यस प्रति बिशेष ध्यान पुऱ्याईएको छ । दिगो ग्रामिण विकासको माध्यम बाट यस गाउँपालिकाको सवै क्षेत्रलाई एकै प्रकृतिको व्यवस्थित र सुविधा सम्पन्न स्वरुप प्रदान गर्न सकिने अवस्था छैन । तसर्थ यस गाउँपालिकाले ऐतिहासिक महत्व सँग गासिएका र वर्तमानमा सामान्य सेवा प्रवाह गरिरहेका साथै भावीष्यमा महत्वपूर्ण सेवा प्रवाह गर्न सक्ने बजार केन्द्रहरूलाई मुख्य बजार केन्द्र बाट व्यवस्थित तथा नियन्त्रित बजार (A market center that is controlled by another one more powerful market center) को अवधारणा अन्तरगत रहि अरुण स्याटलाईट स्मार्ट ग्रामिण बजार केन्द्रको रुपमा विकास र बिस्तार गरी ग्रामिण क्षेत्रमा छरिएर रहेका बस्तीलाई क्रमस बजार केन्द्रित एकीकृत बस्ती विकासको रुपमा स्थापित गर्दै कृषि योग्य जमिनलाई व्यवसायीक कृषि क्षेत्रको रुपमा विकास गर्ने अठोट गरेको छ । यस अठोट बमोजिम गाउँपालिकाको सदरमुकाम रहेको प्याउली बजारलाई मुख्य बजार केन्द्रको रुपमा विकास गर्ने साथै मुख्य बजार केन्द्र सँग आर्थिक गतिविधि लगायतका सवै क्षेत्र र विषयमा प्रत्यक्ष सम्बन्ध रहने गरी सवै वडाका वडा केन्द्रहरूमा एक एक वटा बजार केन्द्र निर्माण विकास गर्ने गरी ७ वटा बजार केन्द्र लाई प्राथमिकता नं. १ राखिएको छ भने वडा नं. ६ का फेरी बजार र भोर्लाभोटे बजार गरी २ वटालाई प्राथमिकता नं. २ मा तथा वडा नं. २ को तिनतले चम्पे, वडा नं. ३ को बिजय बास र वडा नं. ४ को ल्याङ-फालिटार गरी ३ वटालाई प्राथमिकता नं. ३ मा राखेर उल्लेखित १२ वटा बजार केन्द्रहरूलाई स्थानीयबासीको समेत सहभागितमा **स्याटलाईट स्मार्ट ग्रामिण बजार केन्द्रको** रुपमा विकास र बिस्तार गर्ने गरी आवधिक योजना तर्जुमा गरिएको छ । साधारणतय स्याटलाईट स्मार्ट बजार केन्द्र बननकालागि देहाय बमोजिमका सेवाहरूको न्यूनतम व्यवस्था अनिवार्य हुनु पर्ने भएकाले विस्तृत आयोजना तयारी र योजना कार्यान्वयनका समयमा यथेष्ठ ध्यान पुऱ्याईने छ ।

क. शुद्ध र सुरक्षित खानेपानी, नियमित बिद्युत सेवा, फोहोरमैलाको दिगो र व्यवस्थित व्यवस्थापन, सरसफाई, ढल वा पानी निकास र सो सँग सम्बन्धित सेवाहरूको प्रभावकारी प्रवाह

ख. सेवा उपभोगकालागि उपभोक्ताले धेरै समय सडकमानै कुर्नु पर्ने अवस्थाको अन्त्य हुने गरी फराकिला र सहज आवगमन गर्न सकिने सुविधा युक्त सडक र यातायात वा सवारीका साधनको सेवा प्रवाह

ग. आवश्यकता परेको बेला सहज उपलब्ध हुने गरि एम्बुलेन्स र दमकल जस्ता आपतकालिन सेवाको प्रवाह

घ. गरिवको लागि सुरक्षित आवसा, नागरिक सहभागिता, सञ्चारको पूर्ण व्यवस्थापन र सुशासन सहित सामाजिक तथा नागरिक सुरक्षिाको पूर्ण प्रत्याभुती हुने गरिको शुरक्षा व्यवस्था

ङ. ब्यापार व्यवसाय र आयत नियाँत केन्द्र, खाद्यान्न भण्डारण तथा विषयगत सेवा केन्द्रहरूको दिगो व्यवस्थापन व्यवसाय

यसरी स्थापित हुने स्याटलाईट स्मार्ट ग्रामिण बजार केन्द्रकालागि मूख्य गरी संस्थागत विकास, भौतिक पूर्वाधार विकास, सामाजिक विकास र आर्थिक विकास गरी जम्म ४ वटा खम्बाहरूहरूको न्यूनतम आधारहरू तयार भएको हुनु पर्नेछ । तसर्थ यी आधारभुत खम्बाहरूको व्यवस्थापनकालागि स्मार्ट रुपमा आधुनिक प्रविधिको प्रयोग गरी सहज पूर्वाधार युक्त यातायात सञ्जाल र पहुँच, शिक्षा, स्वास्थ्य, सञ्चार, बिद्युत, सामााजिक सुरक्षा सहितका न्यूनतम भौतिक, आर्थिक, सामाजिक र सांस्कृतिक पूर्वाधारहरू निर्माण गरिने छ जस्मा सुरक्षित आवस र सामाजिक समावेशिकरण समेत प्रमुख प्राथमिकता भित्र समेटिने छन् । यसरी निर्माण विकास हुने स्याटलाईट स्मार्ट ग्रामिण बजारहरूको गुरु योजना तर्जुमा र कार्यान्वयनको तालिका देहाय बमोजिम हुनेछ ।

**तालिका नं.७.१.३: स्याटलाईट स्मार्ट ग्रामिण बजार केन्द्रहरूको विकास निर्माणको समय सिमा**

| क.सं. | बजार केन्द्रको नाम | गुरुयोजना तर्जुमा बर्ष (आर्थिक बर्ष) | गुरुयोजना कार्यान्वयन बर्ष (आर्थिक बर्ष) | प्राथमिकता नं. |
|---|---|---|---|---|
| १ | **प्याउली बजार, वडा नं. ३, प्याउली** | २०७८/७९ | २०७८/७९ बाट निरन्तर | १ |

| | | | | |
|---|---|---|---|---|
| २ | वडा नं. १ को को वडा केन्द्र, पञ्चे दोवाटो बजार | २०७८/७९ | २०७९/८० बाट निरन्तर | १ |
| ३ | वडा नं. २ को को वडा केन्द्र, चम्पे बजार | २०७८/७९ | २०७९/८० बाट निरन्तर | १ |
| ४ | वडा नं. ४ को को वडा केन्द्र, पिपल डाँडा | २०७९/८० | २०८०/८१ बाट निरन्त | १ |
| ५ | वडा नं. ५ को को वडा केन्द्र, याकु बिर्ता | २०७९/८० | २०८०/८१ बाट निरन्त | १ |
| ६ | वडा नं. ६ को को वडा केन्द्र, पाल्याले बजार, जरायोटार | २०७९/८० | २०८०/८१ बाट निरन्त | १ |
| ७ | वडा नं. ७ को को वडा केन्द्र, सिक्रेटार | २०७९/८० | २०८०/८१ बाट निरन्तर | १ |
| ८ | फेरी बजार, वडा नं. ६ | २०८०/८१ | २०८१/८२ बाट निरन्तर | २ |
| ९ | भोर्लाबोटे बजार, वडा नं. ६ | २०८०/८१ | २०८१/८२ बाट निरन्तर | २ |
| १० | विजयवास, वडा नं. ३ | २०८१/८२ | २०८२/८३ बाट निरन्तर | ३ |
| ११ | तिनतले, वडा नं. २ | २०८१/८२ | २०८२/८३ बाट निरन्तर | ३ |
| १२ | ल्याङ-फालिटार, वडा नं. ४ | २०८१/८२ | २०८२/८३ बाट निरन्तर | ३ |

नोटः स्थानीयबासी र सहायोगि संघ संस्था र समुदायको सहयोग रहने दिगो आधार तयार भएमा गुरु योजना तर्जुमा र कार्यान्वयन तालिकामा फेरबदल गर्न सकिने छ।

उल्लेखित बजार केन्द्रहरूको सफल कार्यान्वयनले अरुण गाउँपालिका मात्र हैन ऐतिहासिक पृष्ठभूमी बोकेको सिङ्गो भोजपुर जिल्ला र समग्र प्रदेश र मुलककै एकीकृत बसोबास र व्यवसायिकता सहितको आर्थिक समृद्धि निर्माणमा योगदान पुग्ने भएकाले संघीय तथा प्रदेश सरकार र स्थानीयबासीको पर्याप्त साथ र सहयोगको आवश्यकता रहने अपेक्षाका साथ आर्थिक, प्राविधिक लगानी र साझेदारीकालागि आ.व. २०७८/७९ बाटै सम्बन्धित निकाय वा तहमा पहल गरिने छ। यस आवधिक योजनामा प्रस्ताव गरिएका स्याटलाईट स्मार्ट ग्रामिण बाजर केन्द्रहरूले दिगो ग्रामिण विकासको अवधारणालाई मुर्त रुप दिन सहयोग पुग्ने, स्थानीय स्तरमा उत्पादिन कृषि तथा पशुबालीको सहज बिक्री वितरण हुने, स्थानीयबासी अर्थिक रुपले सक्षम हुने, रोजगारीको श्रृजना हुने, छरिएर रहेका बस्तीहरू एकीकृत र सुरक्षित हुने साथै सेवा प्रवाहमा सहजता हुने भएकाले स्याटलाईट स्मार्ट ग्रामिण बजार केन्द्रको गुरु योजना तयारीका समयमा मूख्या गरी देहाय मोजिमका विषयगत तहहरू पुरा गरिनेछ।

- तत्कालको आवश्यकता पहिचान गर्ने
- सुन्दर र व्यवस्थित बजार केन्द्रका न्यूनतम आधारहरू र तीनको व्यवस्थापनको पहिचान गर्ने
- सुन्दर र व्यवस्थित बजार केन्द्रको विकासको प्रकृया निर्धारण गर्ने
- वर्तमान र भावीष्यमा पुग्न चाहेको अवस्थाको बिचको खालि के हो सुनिस्चित गर्ने
- बित्तीय अवस्था र बजेटको उपलब्धताका बारेमा सुनिस्चितता गर्ने
- छोटो बाटो बाट लक्ष प्राप्त गर्न सक्ने उपायहरूको खोजी गर्ने
- नमुना आयोजनाको विकास र कार्यान्वयन गर्ने

प्रस्तावित स्याटलाईट स्मार्ट शहरहरूको विवरण तालिका नं.७.१.३ मा उल्लेख गरिएको छ।

**तालिका नं.७.१.३: स्याटलाईट स्मार्ट ग्रमिण बजार केन्द्रहरूको रुपमा विकास गरिने भावी तथा वर्तमान बजार केन्द्रहरू**

| सुविधा सम्पन्न मूख्य तथा सहायक बजार केन्द्र विकास गरिने स्थानहरू | | | | | |
|---|---|---|---|---|---|
| प्राथमिकता नं. १ | | | | | |
| **क. सं.** | **बजारको नाम** | **स्थान/ ठेगाना** | **वर्तमान अवस्था** | **चार किल्ला** | **मूख्य बजार केन्द्रको रुपमा विकास गरिनुपर्ने कारण** |
| १ | **प्याउली बजार** | वडा नं. ३ को प्याउली | गा.पा. केन्द्र भएकोले सामान्य बजार | पूर्वमा लेवाङ्ग डाँडा, पस्चिममा धोवीखोला, उत्तरमा लाब्वा खोला दक्षिणमा मच्याङ डाँडा सम्म | गाउँपालिका केन्द्र भएको र क्रमस सेवा सुविधा स्थलको विकास हुँदै गरेको, बजार बिस्तार क्रमिक रुपले अघि बढेको साथै बजार विस्तारका लागि पर्याप्त खाली क्षेत्र रहेको |
| २ | **सबै वडा केन्द्रः वडा नं. १, २, ४, ५, ६, ७** | | | | |
| २.१ | वडा नं. १ | पञ्चे दोवाटो बजार | सामान्य रुपमा बजार विकास हुँदै गरेको | पूर्वमा भोटेडाडा, पस्चिममा याम्पाङ डांडा, उत्तरमा सुविदार डांडा दक्षिणमा गन्धखोला | वडा केन्द्र भएको र क्रमस सेवा सुविधा स्थलको विकास हुँदै गरेको, सामान्य रुपमा बजार बिस्तार हुने क्रममा रहेको साथै बजार विस्तारका लागि पर्याप्त खाली क्षेत्र रहेको |
| २.२ | वडा नं. २ | चम्पे बजार | सामान्य रुपमा बजार विकास हुँदै गरेको | पूर्वमा पातलेगुफा, पस्चिममा चुचेढुंगा उत्तरमा ठूटेबर, दक्षिणमा सिउडिबारी, | वडा केन्द्र भएको र क्रमस सेवा सुविधा स्थलको विकास हुँदै गरेको, सामान्य रुपमा बजार बिस्तार हुने क्रममा रहेको साथै बजार विस्तारका लागि पर्याप्त खाली क्षेत्र रहेको |
| २.३ | वडा नं. ४ | पिपलडाँडा | सामान्य रुपमा बजार विकास हुँदै गरेको | पूर्वमा पुरनटार, पस्चिममा चिसापानी, उत्तरमा लप्से डांडा दक्षिणमा डिल्लि चम्लागाईको गाठ | वडा केन्द्र भएको र क्रमस सेवा सुविधा स्थलको विकास हुँदै गरेको, सामान्य रुपमा बजार बिस्तार हुने क्रममा रहेको साथै बजार प्लानिङ सहितको विस्तारका लागि पर्याप्त खाली क्षेत्र रहेको |
| २.४ | वडा नं. ५ | याकु बिर्ता | सामान्य रुपमा बजार विकास हुँदै गरेको | पूर्वमा भुत्याहा खोला, पस्चिममा बाचे कुवा, उत्तरमा मिल डांडा र दक्षिणमा हेल्थपोष्ट | वडा केन्द्र भएको र क्रमस सेवा सुविधा स्थलको विकास हुँदै गरेको, सामान्य रुपमा बजार बिस्तार हुने क्रममा रहेको साथै बजार प्लानिङ सहितको विस्तारका लागि पर्याप्त खाली क्षेत्र रहेको |
| २.५ | वडा नं. ६ | पाल्पाले, जरायोटार | सामान्य रुपमा बजार विकास हुँदै गरेको | पूर्वमा जरायोटार, पस्चिममा आम्बोटे, उत्तरमा जोगिटार, दक्षिणमा पाल्पाले खेलमैदान सम्म | वडा केन्द्र भएको र क्रमस सेवा सुविधा स्थलको विकास हुँदै गरेको, सामान्य रुपमा बजार बिस्तार हुने क्रममा रहेको साथै बजार विस्तारका लागि पर्याप्त खाली क्षेत्र रहेको |
| २.६ | वडा नं. ७ | सिक्रेटार | सामान्य रुपमा बजार विकास हुँदै गरेको | पूर्वमा लोबरे डांडा पस्चिममा सोती टार उत्तरमा कालिबारी दक्षिणमा सगरमाथा | वडा केन्द्र भएको र क्रमस सेवा सुविधा स्थलको विकास हुँदै गरेको, सामान्य रुपमा बजार बिस्तार हुने क्रममा रहेको साथै प्लानिङ. गरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | मा.वि. आसपास सम्म | बजार विस्तार गर्नकालागि पर्याप्त खाली क्षेत्र रहेको |

| प्राथमिकता नं. २ | | | | |
|---|---|---|---|---|
| **क.सं.** | **बजारको नाम** | **स्थान/ ठेगाना** | **वर्तमान अवस्था** | **आयात निर्यात केन्द्र तथा बजार केन्द्रको रुपमा विकास गर्न सकिने आधार** |
| १ | फेरी बजार | वडा नं. ६ | सामान्य | ब्यापार व्यवसाय गर्ने गरी सामान्य बजार सञ्चालनमा रहेको बाटो तथा विजुली जस्ता पूर्वाधारको विकास हुँदै गरेको |
| २ | भोर्लाबोटे बजार | वडा नं. ६ | सामान्य | ब्यापार व्यवसाय गर्ने गरी सामान्य बजार सञ्चालनमा रहेको बाटो तथा विजुली जस्ता पूर्वाधारको विकास हुँदै गरेको |
| ३ | देउराली – चम्पे-याङपाङ | वडा नं. १, २ | सामान्य | ब्यापार व्यवसाय गर्ने गरी सामान्य बजार सञ्चालनमा रहेको बाटो तथा विजुली जस्ता पूर्वाधारको विकास हुँदै गरेको |
| प्राथमिकता नं. ३ | | | | |
| **क.सं.** | **बजारको नाम** | **स्थान/ ठेगाना** | **वर्तमान अवस्था** | **आयात निर्यात केन्द्र तथा बजार केन्द्रको रुपमा विकास गर्न सकिने आधार** |
| १ | विजयवास | वडा नं. ३ | सामान्य | ब्यापार व्यवसाय गर्ने गरी सामान्य बजार सञ्चालनमा रहेको बाटो तथा विजुली जस्ता पूर्वाधारको विकास हुँदै गरेको |
| २ | तिनतले | वडा नं. २ चम्पे | सामान्य | ब्यापार व्यवसाय गर्ने गरी सामान्य बजार सञ्चालनमा रहेको बाटो तथा विजुली जस्ता पूर्वाधारको विकास हुँदै गरेको |
| ३ | ल्याङ-फालिटार | वडा नं. ४ | सामान्य | ब्यापार व्यवसाय गर्ने गरी सामान्य बजार सञ्चालनमा रहेको बाटो तथा विजुली जस्ता पूर्वाधारको विकास हुँदै गरेको |

## ७.२ गाउँपालिकाका विषयगत र क्षेत्रगत आयोजनाहरू

- ७.२.१ संस्थागत विकास योजना
- ७.२.२ वित्तिय विकास तथा व्यवस्थापन योजना
- ७.२.३ आर्थिक विकास योजना
- ७.२.४ सामाजिक विकास योजना
- ७.२.५ वातावरण विकास योजना
- ७.२.६ भौतिक विकास योजना
- ७.२.७ भौतिक पूर्वाधार विकास योजना

### ७.२.१ संस्थागत विकास योजनाः

अरुण गाउँपालिकाको संस्थागत सुद्रिढिकरण र विकासकालागि आवश्यक भौतिक पूर्वाधारहरूको आवश्यकता र व्यवस्थापन, गाउँपालिका (गाउँकार्यपालिका तथा वडाकार्यालयहरू) ले प्रवाह गर्नु पर्ने सेवाका क्षेत्र र विकास निर्माण र सेवा प्रवाहकालागि दक्ष जनशक्तिको व्यवस्थापन सहितका योजना तथा कार्यक्रमहरूको स्पष्ट खाकाको किटान गरी यसको सफल कार्यान्वयन बाट प्राप्त गर्न सकिने अपेक्षित प्रतिफल, योजनाको तथा कार्यक्रमको सफल कार्यान्वयन बाट देखिने सूचकहरू, योजना तथा कार्यक्रम र सूचकहरू थाहापाउन सकिने जानकारीका श्रोत साथै योजना कार्यान्वयनको जिम्मेवार पक्ष र योजना सञ्चालन तथा कार्यान्वयनमा आइपर्न सक्ने सम्भावित जोखिम समेत उल्लेख गरि **तर्कबद्ध ढाँचामा** देहाय बमोजिम प्रस्ताव गरिएको छ । **वडागत छलफल र स्थालगत अवलोकानका आधारमा प्राप्त भएका उल्लेखित विवरणहरूको पुन अध्ययन, विश्लेषण, प्राथमिकताको यथार्थ पहिचान र लगानीको बास्तविकताका आधारमा सूचक बमोजिमको कार्यान्वयन थालनी तथा सम्पन्न बर्ष र त्यस पछिको नियमिता सहित अन्तिम प्रतिवेदन तयार गरिएको छ ।**

**क. सूचक बमोजिमको कार्यान्वयन थालनी, सम्पन्न तथा नियमितता बर्ष**

| क.सं. | प्रस्तावित योजना तथा कार्यक्रम बमोजिमका सूचक | कार्यान्वयनको थालनी तथा सफलता प्राप्ति बर्ष (आ.व) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| १ | **भौतिक पूर्वाधार निर्माण** | | | | | | |
| १.१ | **गाउँ कार्यपालिका तथा वडा कार्यालया भबन निर्माण** | | | | | | |
| १.१.१ | अरुण गाउँपालकाको गाउँकार्यपालिका भबनका लागि आवश्यक जग्गाको व्यवस्था सहित भबन निर्माणको कार्य | ✓ | ✓ | | | | |
| १.१.२ | तालिका नं.७.२.१.१ मा उल्लेखित अरुण गाउँपालिकाको निर्माणाधिन वडा नं. ७ को वडा कार्यालय भबनको निर्माण कार्य सम्पन्न साथै वडा नं. ६ को पुरानो भबन स्तरोन्नती | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १.१.३ | आफ्नै वडा कार्यालय नभएका वडा नं. १ देखि ५ सम्मका ५ वटै वडाका वडा कार्यालय भबन निर्माण गर्न र वडा नं. २ र ५ कालागि जग्गा नभएकोलो जग्गा खरिद वा प्राप्ति गर्ने साथै जग्गा नपुग रहेका वडा नं. १, ३ र ४ कालागि आवश्यक जग्गा थप (खरिद वा प्राप्ति) गरी ५ वटै वडा कार्यालयको भबन निर्माणकालागि डिपिआर समेतको कार्य | ✓ | ✓ | | | | |
| १.१.४ | कम्तिमा आगामि २० वर्षको आवश्यक्ता धान्न सक्ने गरी आफ्नो कार्यालय भबन नभएका वडा नं. १, २, ३, ४ र ५ को वडा कार्यालय भबन निर्माण कार्य | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १.१.५ | गाउँ कार्यपालिकाको कार्यलय भबन तथा वडा कार्यालय भबनमा आवश्यक कम्प्यूटर तथा इन्टरनेट, फर्निचर, उपकरण लगायतका आवश्यक कार्यालय सामाग्रि | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १.२ | **गाउँ कार्यपालिका तथा वडा कार्यालय पार्किङ स्थाल** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.२.१ | गाउँ कार्यपालिका तथा वडा कार्यालयमा छाना सहितको पार्किङ स्थालको निर्माण कार्य | | ✓ | ✓ | ✓ | ✓ | |
| २ | सेवा प्रवाहःतथा जनशक्ति व्यवस्थापन | | | | | | |
| २.१ | सवारी साधन तथा सामाजिक सुरक्षाका सवारी साधन तथा अन्य साधन | | | | | | |
| २.१.१ | अरुण गाउँ कार्यपालिकाको सेवा प्रवाहलाई प्रभावकारी र व्यवस्थित बनाउन कार्यालय प्रयोजनकालागि ५ वटा मोटरसाईकल, विद्युत सेवा विस्तार र निरिक्षण तथा अनुगमनको प्रयोजन समेतकालागि २ वटा पिकअप गाडी खरिद | ✓ | | | | | |
| २.१.२ | विकास निर्माणलाई थप प्रभावकारी बनाउन तथा निर्धारित समय सिम भित्र सम्पन्न गर्न १ वटा ग्रेडर र १ वटा लोडर खरिद | | ✓ | ✓ | | | |
| २.१.३ | अग्नि नियन्त्रण र स्वास्थ्य सेवा पहुँचकालागि गाउँपालिकाले प्रवाह गर्नु पर्ने अत्यावश्यक सेवा भित्र रहेका कम्तिमा १ वटा दमकल र १ वटा एम्बुलेन्स छिमेकी नगर वा गाउँपालिका सँग समन्वय र साझेदारी तथा खरिद वा प्राप्ति भई सञ्चालनमा आउने | | | ✓ | ✓ | ✓ | |
| **२.२** | **साङ्गठनिका संरचना तथा कार्य विवरण** | | | | | | |
| २.२.१ | अरुण गाउँपालिकाको वर्तमान सांगठनिक संरचना (O & M) र सोहि संरचना बमोजिमका सम्बन्धित शाखा तथा कर्मचारीको कार्य विवरण को कार्यान्वयन | ✓ | | | | | |
| २.२.२ | शाखागत कार्य विवरणका आधारमा सम्बन्धित शाखा मातहतमा काम गर्ने सहायक कर्मचारीहरूको जिम्मेवारी बमोजिमको कार्य विवरणको कार्यान्वयन | ✓ | | | | | |
| २.२.३ | विषयगत समितिहरूका कानूनत परिभासित गर्नु पर्ने कार्यविवरण अध्यावधिक भई समितिहरू थप कृयाशल हुने | ✓ | | | | | |
| **२.३** | **दैनिक सेवा प्रवाह** | | | | | | |
| २.३.१ | अरुण गाउँपालिकाका मुख्य मुख्य सेवा प्रवाह सँग सम्बद्ध कार्य प्रवाह विवरण आ.व. २०७८र७९ भित्र तयार भई कार्यान्वयनमा आएको हुनेछ | ✓ | | | | | |
| २.३.२ | आवधिक गाउँपालिका विकास योजना कार्यान्वयनको प्रारम्भ बाटै सांगठनिक संरचना बमोजिम सवै शाखा तथा वडा कार्यालयहरू बाट सेवा ग्राहिले समय सिमा भित्र सेवा प्राप्त गर्ने कार्य थप नियमित प्रभावकारी भएको हुनेछ | ✓ | | | | | |
| २.३.३ | आवधिक गाउँपालिका विकास योजना कार्यान्वयनको प्रारम्भ बाटै शाखागत तथा व्यक्तिगत कार्य विवरणका आधारमा सम्बन्धित शाखामा काम गर्ने कर्मचारीहरूको सेवा प्रवाह कार्यमा गुणत्मक सुधार भएको हुनेछ | ✓ | | | | | |
| २.३.४ | गाउँपालिकाको वर्तमान धभद उबनभ आ.व. ०७८र७९ को पौष महिना भित्र अध्याविधिक हुने साथै आ.व. ०७८र७९ भित्र मोवाइल एप्स सञ्चालनमा आउने | ✓ | ✓ | ✓ | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तथा आ.व. ०८०र०८१ भित्र न्क्ष्व प्रणालीको विकास र नेट ईन्टरनेटको पूर्ण व्यवस्थापन भई सेवा प्रवाहका सवै अङ्ग सूचना प्रणली भित्र आवद्ध भएका हुनेछन | | | | | | |
| २.३.५ | आ.व. २०७८र७९ सम्ममा गाउँ क्षेत्रका सवै सरोकारवाला क्षेत्र, निकाय तथा अंगहरू सूचना प्रविधिको माध्यम बाट समन्वयात्मक कार्य प्रणाली भित्र आवद्ध भई सेवा प्रभावमा प्रभावकारिता आएको हुनेछ | ✓ | | | | | |
| २.३.६ | आ.व. २०७८र७९ को श्रावण महिना भित्र कर्मचारीहरूकालागि कार्य सम्पादन सम्झौता भई कार्यान्वयनमा आएको हुनेछ । | ✓ | | | | | |
| २.४ | **जनशक्ति व्यवस्थापन र क्षमता विकास** | | | | | | |
| २.४.१ | सांगठनिक संरचना बमोजिमको दरबनदी आ.व. २०७८र७९ असोज महिना भित्र श्रृजना भएको हुनेछ | ✓ | | | | | |
| २.४.२ | कर्मचारी थप गर्ने | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| २.४.३ | क्षमता विकास योजना तर्जुमा | ✓ | | | | | |
| २.४.४ | गाउँपालिकाका सवै कर्मचारीहरूकालागि क्षमता विकास र सदुपयोग विषयक तालिम | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| २.४.५ | कर्मचारीहरूको सेवा सुविधा नेपाल सरकारले तोके बमोजिम पूर्ण कार्यान्वयनमा आएको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| २.४.६ | गाउँपालिकाका सवै वडा अध्यक्ष र शाखाका जिम्मेवार कर्मचरीहरूले जिम्मेवारीका आधारमा कम्प्यूटर, नेटवर्क लगायतका सेवा प्रवाहका साधनको प्राप्ति | ✓ | ✓ | | | | |
| ३ | **स्थानीय ऐन, नियम, कार्यविधि तथा निर्देशिका** | | | | | | |
| ३.१ | स्थानीय ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको निर्माण | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ३.२ | गाउँपालिकास्तरीय बिधायन समिति थप क्रियाशिलता | ✓ | ✓ | ✓ | ✓ | ✓ | |

## ख. तर्कबद्ध प्रणाली बमोजिम योजनाको विस्तृत विवरण

| १. भौतिक पूर्वाधार विकास २.सेवा प्रवाह तथा जनशक्ति व्यवस्थापन ३. स्थानीय ऐन, नियम, कार्यबिधि तथा निर्देशिका | | | | |
|---|---|---|---|---|
| **अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलपा (योजना तथा कार्यकम) हरू** | **सूचकहरू** | **जानकारीको श्रोत** | **जिम्मेवारी** | **पुर्वानुमान /जोखिम** |
| **१. भौतिक पूर्वाधार विकास** | | | | |
| **१.१ गाउँ कार्यपालिका तथा वडा कार्यालया भबन निर्माण**<br>**क) अपेक्षित प्रतिफल/नतिजा**<br>कम्तिमा आगामि २० वर्षकालागि गाउँपालिका बाट निर्माण गरिने भौतिक पूर्वाधार, प्रवाह हुने सेवा तथा प्रशासनिक कार्यको आवश्यकता धान्न सक्ने गरी जग्गाको सुनिस्चितता सहित गाउँ कार्यपालिका भबनको निर्माण कार्य आ.व. ०७८/८० गरी आगामि २ बर्ष भित्र सम्पन्न गरिनुको साथै प्राथमिकता क्रम अनुसार ५ वटा वडाको नयाँ वडा कार्यालय भबन निर्माण र २ वटा वडाको वडा कार्यालय भबन स्तरोन्नती भई आ.व. २०८१/८२ भित्र पूर्ण र व्यवस्थित रुपमा सञ्चालनमा आएका हुनेछन् । | | | | |
| **ख) कृयाकलपा (योजना तथा कार्यकम)**<br>● गाउँ कार्यपालिका भबन तथा वडा कार्यालय हरूको भबन निर्माणकालागि आवश्यक जग्गा खरिद गर्ने वा प्राप्ति गर्ने<br>● गाउँ कार्यपालिका भबन सहित वडाकार्यालयका भबन निर्माणका लागि सेवा प्रवाहका लागि आवश्यक घेराबारा, शौचालय, खानेपानी, पार्किङ, प्रतिक्षालय समेतको व्यवस्था रहने गरी आवश्यक ड्रईङ डिजाईन र लागत ईष्टिमेट (डिपिआर) तयार गर्ने<br>● **तालिका नं. ७.२.१.१ मा उल्लेखित** विवरणका आधारमा गाउँ कार्यपालिका भबन तथा | १. अरुण गाउँपालकाको गाउँकार्यपालिका भबनका लागि आवश्यक जग्गाको व्यवस्था सहित भबन निर्माणको कार्य आ.व. २०७९/८० भित्र पुरा भई सञ्चालनमा आएको हुनेछ<br>२. **तालिका नं.७.२.१.१** मा उल्लेखित अरुण गाउँपालिकाको निर्माणाधिन वडा नं. ७ को वडा कार्यालय भबनको निर्माण कार्य आ.व. २०७८/७९ का पौष महिना भित्र सम्पन्न भएको हुनेछ साथै वडा नं. ६ को पुरानो भबन २०७८/७९ भित्र स्तरोन्नती भई व्यवस्थित भएको हुनेछ<br>३. आफ्नै वडा कार्यालय नभएका वडा नं. १ देखि ५ सम्मका ५ वटै वडाका वडा कार्यालय भबन निर्माण गर्न वडा नं. २ र ५ कालागि जग्गा नभएकोलो जग्गा खरिद वा प्राप्ति गर्ने साथै जग्गा नपुग रहेका वडा नं. १, ३ र ४ | ● गाउँ कार्यपालिकाको निर्णय पुस्तिका<br>● गाउँ सभाको निर्णय पुस्तिका<br>● गाउँपालिकाको योजना पुष्तिका<br>● कार्यालय भबनका डिपिआर तथा नक्साहरू<br>● गाउँपालिकाको नक्सा पास किताव निर्माण सम्पन्न प्रमाण पत्र<br>● स्थालगत अवस्था | १. **प्रमुख जिम्मेवारी:**<br>● गाउँ कार्यपालिका<br>● सम्बनधित वडा कार्यालय<br>२. **सहयोगी:**<br>● केन्द्र तथा प्रदेश सरकार<br>● सहायेगी तथा साझेदार व्यक्ति वा संघ संस्था, स्थानीयबासी तथा कार्यालय<br>● निर्माण व्यवसायी<br>● निजी क्षेत्र | ● आर्थिक श्रोत<br>● संघीय तथा प्रदेश सरकार सहित दाता वा साझेदर र सहयोगी<br>● निर्माण सामाग्रि<br>● कार्यालय कालागि आवश्यक सामाग्रि |

| | | | | |
|---|---|---|---|---|
| वडा कार्यालय भबनहरूका सम्पूर्ण पूर्वाधारको व्यवस्थापन हुने गरी प्राथमिकताका आधारमा क्रमस सवै वडाका वडाकार्यालय भबनहरू निर्धारित समय सिम भित्र निर्माण व्यवस्थापन गर्ने<br>● गाउँ कार्यपालिकाको कार्यालय भबन तथा वडा कार्यालय भबनहरूमा आबश्यक फर्निचर, कम्प्यूटर, प्रिण्टर, सर्वर, विद्युतीय सामान लगायत कार्यालयको व्यवस्थित सञ्चालनका लागि आवश्यक आधारभुत सामाग्रिहरूको खरिद गर्ने तथा व्यवस्थापन गर्ने | कालागि आवश्यक जग्गा थप (खरिद वा प्राप्ति) गरी ५ वटै वडा कार्यालयको भबन निर्माणकालागि डिपिआर समेतका कार्य २०७८/७९ का चैत्र महिना भित्र तयार भएको हुनेछ<br>४. कम्तिमा आगामि २० वर्षको आवश्यक्ता धान्न सक्ने गरी आफ्नो कार्यालय भबन नभएका वडा नं. १, २, ३, ४ र ५ को वडा कार्यालय भबन निर्माण कार्य आ.व. २०७९/०८० बाट सुरु भई ३ बर्ष भित्र सम्पन्न भई पूर्ण रुपले सञ्चालनमा आएका हुनेछन्<br>५. गाउँ कार्यपालिकाको कार्यलय भबन तथा वडा कार्यालय भबनमा आवश्यक कम्प्यूटर तथा इन्टरनेट, फर्निचर, उपकरण लगायतका आवश्यक कार्यालय सामाग्रि सहित आ.व. २०८१/८२ भित्र पूर्ण रुपले व्यवस्थित भएका हुनेछन् | | | |

**१.२ गाउँ कार्यपालिका तथा वडा कार्यालय पार्किङ स्थाल**

**क) अपेक्षित प्रतिफल/नतिजा**

आ.व.२०७९/८० भित्र गाउँ कार्यपालिकाको हाता भित्र कार्यपालिका, वडा कार्यालय तथा कर्मचारी र सेवाग्राहीका सवारीका साधन पार्किङकालागि व्यवस्थित पार्किङ स्थालको निर्माण भई सञ्चालनमा आएको हुनेछ भने वडा कार्यालयको हकमा कार्यालय भबन निर्माण सँग सँगै व्यवस्थापन भएका हुनेछन् ।

| | | | | |
|---|---|---|---|---|
| **ख) कृयाकलपा (योजना तथा कार्यक्रम)**<br>● स्थानको व्यवस्थापन गर्ने<br>● आवश्यक ड्रईङ डिजाईन र लागत ईष्टिमेट गर्ने<br>● आर्थिक श्रोतको व्यवस्थापन गर्ने<br>● कनूनी प्रकृया पुरा गरी निर्माण कार्य निर्धारित समय सिमा भित्र सम्पन्न गर्ने | १. गाउँ कार्यपालिकाको हकमा आ.व. २०७९/८० भित्र र वडा कार्यालयको हकमा वडा कार्यालय निर्माण सम्पन्न सँगै वडा कार्यालयको हाता भित्र सवारीका साधनहरू पार्किङकालागि छाना सहितको पार्किङ स्थालको निर्माण कार्य पुरा भएको हुनेछ | ● गाउँ कार्यपालिकाको निर्णय पुस्तिका<br>● गाउँ सभाको निर्णय पुस्तिका<br>● गाउँपालिकाको योजना पुष्तिका<br>● गाउँपालिकाको नक्सा | १. **प्रमुख जिम्मेवारी:**<br>● गाउँ कार्यपालिका<br>● सम्बन्धित वडा कार्यालय | ● आर्थिक श्रोत<br>● निर्माण सामाग्रि<br>● स्थान |

| | | | | |
|---|---|---|---|---|
| | २. व्यवस्थित पार्किङ स्थाल सञ्चालनमा आएपछी सेवा ग्राहिहरूका सवारीका साधन सुरक्षित भएका हुनेछन् | पास किताव निर्माण सम्पन्न प्रमाण पत्र<br>● स्थालगत अवस्था | | |
| **२. सेवा प्रवाहःतथा जनशक्ति व्यवस्थापन** | | | | |
| **अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलपा ( योजना तथा कार्यक्रम) हरू** | **सूचकहरू** | **जानकारीको श्रोत** | **जिम्मेवारी** | **पुर्वानुमान /जोखिम** |
| **२.१ सवारी साधन तथा सामाजिक सुरक्षाका सवारी साधन तथा अन्य साधन**<br>**क) अपेक्षित प्रतिफल/नतिजा**<br>अरुण गाउँपालिकाका लागि आवश्यक सवारीका साधन तथा सामाजिक सुरक्षाकालागि आवश्यक दमकल, एम्बुलेन्स लगायतका सेव प्रवाहका साधनहरूको आ.व. २०८२/८३ भित्र व्यवस्थापन भई सवै प्रकारका सेवा प्रवाह र सामाजिक सुरक्षा संग सम्बन्धित विषयमा गुणस्तरीयता र प्रभावमा बढोत्तरी भएको हुनेछ । | | | | |
| **ख) कृयाकलाप (योजना तथा कार्यक्रम)** :<br>● आर्थिक श्रोतको व्यवस्थापन गर्ने<br>● गुणस्तर र क्षमताको पहिचान गर्ने<br>● कनूनी प्रकृया पुरा गरी खरिद गर्ने<br>● नियमित सञ्चालन व्यवस्थापन र सेवा प्रवाह गर्ने<br>● एम्बुलेन्स र अग्नि नियन्त्रकको हकमा आर्थिक श्रोतको व्यवस्थापन हुने अवस्थामा गाउँपालिका आफैले खरिद गर्ने वा प्राप्ति गर्ने वा सो अवस्था नरहेमा छिमेकी नगर वा गाउँपालिका साथै स्थानीय संघ संस्था सँग साझेदार वा समन्वय विकास गरी | १.अरुण गाउँ कार्यपालिकाको सेवा प्रवाहलाई प्रभावकारी र व्यवस्थित बनाउन कार्यालय प्रयोजनकालागि ५ वटा मोटरसाईकल, विद्युत सेवा विस्तार र निरिक्षण तथा अनुगमनको प्रयोजन समेतकालागि २ वटा पिकअप गाडी २०७८/७९ भित्र खरिद भई सञ्चालनमा आएको हुनेछन साथै सेवा प्रवाहको गुणस्तरमा बढोत्तरी भएको हुनेछ ।<br>२. विकास निर्माणलाई थप प्रभावकारी बनाउन तथा निर्धारित समय सिम भित्र सम्पन्न गर्न १ वटा ग्रेडर र १ वटा लोडर आ.व. २०७९/८० भित्र खरिद भई सञ्चालनमा आएको हुनेछन्<br>३. अग्नि नियन्त्रण र स्वास्थ्य सेवा पहुँच कालागि गाउँपालिकाले प्रवाह गर्नु पर्ने अत्यावश्यक सेवा भित्र रहेका कम्तिमा १ वटा दमकल र १ वटा एम्बुलेन्स आ.व. २०७८/७९ सम्ममा छिमेकी नगर वा गाउँपालिका सँग समन्वय र साझेदारी तथा आ.व. २०८१/८२ सम्ममा सम्बन्धित संघ संस्था सँगको सहयोग र | ● गाउँ कार्यपालिकाको निर्णय पुस्तिका<br>● गाउँ सभाको निर्णय पुस्तिका<br>● गाउँपालिकाको योजना पुष्तिका<br>● साधनको वस्तुगत उपस्थिति | १. **प्रमुख जिम्मेवारीः**<br>● गाउँ कार्यपालिका<br>● केन्द्र तथा प्रदेश सरकार<br>२. **सहयोगीः**<br>● छिमेकी नगर वा गाउँपालिका<br>● सहायेगी तथा साझेदार व्यक्ति वा संघ संस्था तथा कार्यालय<br>● निजी क्षेत्र | ● आर्थिक श्रोत<br>● सवारीका साधन<br>● सरकारी नीति<br>● सहायोगि वा साझेदार संघ संस्थाको नीति तथा कार्यक्रम |

| | | | | |
|---|---|---|---|---|
| | साझेदारीमा खरिद वा प्राप्ति भई सञ्चालनमा आएका हुनेछन | | | |
| **२.२ साङ्गठनिका संरचना तथा कार्य विवरण**<br>**क).अपेक्षित प्रतिफल/ नतिजा**<br>आवधिक गाउँपालिका विकास योजनाको **भाग ६ मा गरि**एको प्रस्ताव समेतलाई आधारमानी आ.व. २०७८/७९ को पौप महिना भित्र अरुण गाउँपालिकाको सांगठनिक संरचना र व्यवस्थापन (O & M) को पूर्ण अध्ययन भई सो अध्ययन बमोजिम सम्बन्धित शाखा तथा कर्मचारीको कार्य विवरण समेत तयार भई कार्यान्बनयमा आएको हुनेछ तथा आवश्यक विषयगत समितिहरू समेत थप क्रियाशिल भएका हुनेछन् । | | | | |
| **ख) कृयाकलाप (योजना तथा कार्यकम)** :<br>• आर्थिक श्रोतको व्यवस्थापन गर्ने<br>• आवधिक गाउँपालिका विबास योजना मार्फत प्रस्तावित सांगठनिक संरचना का आधारमा वर्तमान साँगठनिक संरचना को विस्तृत अध्ययन गरी अध्यावधिक गर्ने<br>• संगठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदनका आधारमा प्रस्तावित शाखागत कार्य विवरण लाई कार्यान्वयनमा ल्याउने<br>• संगठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदनका आधारमा प्राप्त शाखागत र शाखा प्रमुखको कार्य विवरणका आधारमा सहायक कर्मचारीहरूको कार्य विवरण तयार गरी कार्यान्वयनमा ल्याउने<br>• कानूनले निर्धारण गरे बमोजिम स्थानीय आवश्यकता बमोजिम विषयगत समितिहरूको समेत कार्यविवरण अध्यावधिक गरी थप क्रियाशिल बनाउने | १. अरुण गाउँपालिकाको वर्तमान सांगठनिक संरचना (O & M) र सोहि संरचना बमोजिमका सम्बन्धित शाखा तथा कर्मचारीको कार्य विवरण वि.सं. २०७८ साल पौष महिना भित्र तयार भई कार्यान्वयनमा आएको हुनेछ<br>२. शाखागत कार्य विवरणका आधारमा सम्बन्धित शाखा मातहतमा काम गर्ने सहायक कर्मचारीहरूको जिम्मेवारी बमोजिमको कार्य विवरण वि.सं. २०७८ साल चैत्र महिना भित्र तयार भई कार्यान्वयनमा आएको हुनेछ<br>३. वि.सं. २०७८ साल असोज महिना भित्र महिना भित्र विषयगत समितिहरूका कानूनत परिभासित गर्नु पर्ने कार्यविवरण अध्यावधिक भई समितिहरू थप कृयाशल भएका हुनेछन् | • गाउँ कार्यपालिकाको निर्णय पुस्तिका<br>• गाउँ सभाको निर्णय पुस्तिका<br>• गाउँपालिकाको योजना पुष्तिका<br>• तयारी कार्य विवरण हरू तथा विवरण पुस्तिका<br>• प्रमुख प्रशासकीय अधिकृत द्वारा सवै कर्मचारीलाई दिईएको शाखा गत तथा व्यक्तिगत कार्यविवरण पत्र<br>• कार्य सम्पादन सम्झौताका प्रतिहरू | १. **<u>प्रमुख जिम्मेवारी:</u>**<br>• गाउँ कार्यपालिका<br>• प्रमुख प्रशासकीय अधिकृत<br>• सामान्य प्रशासन शाखा<br>• सम्बन्धित वडा कार्यालय | • अरुण गाउँपालिका |
| **२.३ दैनिक सेवा प्रवाह** | | | | |

**क).अपेक्षित प्रतिफल/ नतिजा:**

सबै सेवा ग्राहिले अरुण गाउँपालिका बाट प्राप्त गर्नु पर्ने सेवा सर्वशुलभ, व्यवस्थित, पारदर्शी, समयबद्ध र प्रभावकारी  रुपमा प्राप्त गरेका हुनेछन्

| | | | | |
|---|---|---|---|---|
| **ख) कृयाकलाप (योजना तथा कार्यक्रम):**<br>● कर्मचारी सँग कार्य सम्पादन सम्झौता गर्ने<br>● नागरिक वडा पत्र निर्देशिका तथा वडा पत्र अध्यावधिक गरी सूचना प्रविधिमा आवद्ध गर्ने<br>● विषयगत योजनाको चेकलिष्ट सहित अनुगमन तथा मुल्यांकन कार्यबिधि तयार गर्ने<br>● मुख्य मुख्य सेवा प्रवाहका विषयगत तथा क्षेत्रगत कार्यकालागि समय सिमा सहितको सेवाग्राहि कार्य प्रवाह तालिका तयार गरी कार्यान्वयन गर्ने<br>● गाउँपालिकाको web page आवश्यकता अनुसार अध्यावधिक गर्दै जाने<br>● GIS प्रणालीको विकास गरी कार्यान्वयन गर्ने<br>● MIS (Management Information System) को विकास र कार्यान्वयन गर्ने<br>● संस्थागत संजाल समन्वय समितिको निर्माण तथा व्यवस्थापन गरी सरकारी निकाय तथा गैरसरकारी संघ संस्था सँगको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने<br>● आधुनिक प्रविधि तथा नेट ईन्टरनेटको पूर्ण सुविधा र मोवाइल एप्स सहितको सुचना केन्द्रको थप व्यवस्थापन र क्षेत्र बिस्तार गर्ने<br>● सबै वडाकार्यालयहरू बाट हुने सेवा प्रवाह विवरण तथा घट्ना दर्ता विवरणलाई सफ्टवयर र सूचना प्रणलीको माध्यम बाट गाउँ कार्यपालिकाको केन्द्रमा नियमित प्रवाह र प्रविष्ट हुने व्यवस्था मिलउने  साथै वर्तमान संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, | १. अरुण गाउँपालिकाका मुख्य मुख्य सेवा प्रवाह सँग सम्बद्ध कार्य प्रवाह विवरण आ.व. २०७८/७९ भित्र तयार भई कार्यान्वयनमा आएको हुनेछ<br>२. आवधिक गाउँपालिका विकास योजना कार्यान्वयनको प्रारम्भ बाटै सांगठनिक संरचना बमोजिम सवै शाखा तथा वडा कार्यालयहरू बाट सेवा ग्राहिले समय सिमा भित्र सेवा प्राप्त गर्ने कार्य थप नियमित प्रभावकारी भएको हुनेछ<br>३. आवधिक गाउँपालिका विकास योजना कार्यान्वयनको प्रारम्भ बाटै शाखागत तथा व्यक्तिगत कार्य विवरणका आधारमा सम्बन्धित शाखामा काम गर्ने कर्मचारीहरूको सेवा प्रवाह कार्यमा गुणत्मक सुधार भएको हुनेछ<br>४. गाउँपालिकाको वर्तमान web page आ.व. ०७८/७९ को पौष महिना भित्र अध्याविधिक हुने साथै आ.व. ०७८/७९ भित्र | ● गाउँ कार्यपालिकाको निर्णय पुस्तिका<br>● गाउँ सभाको निर्णय पुस्तिका<br>● गाउँपालिकाको योजना पुष्तिका<br>● नागरिक वडा पत्र बोर्ड तथा पुष्तिका, तयारी कार्य विवरण हरू, निर्देशिका तथा विवरण पुस्तिका<br>● सूचना प्रविधि शाखा सहित सम्बन्धित शाखा, उपशाखा तथा इकाईका अभिलेखहरू | **१. प्रमुख जिम्मेवारी:**<br>● गाउँ कार्यपालिका<br>● सम्बनधित वडा कार्यालय<br>**२. सहायक जिम्मेवारी**<br>● संघीय तथा प्रदेश सरकार<br>● गैर सरकारी संघ संस्था<br>● निजी क्षेत्र<br>● स्थानीयबासी | ● अरुण गाउँपालिका<br>● ऐन, नियम कार्यविधि र निर्देशिका<br>● संघ तथा प्रदेश सरकारका निर्णय हरू<br>● सहयोगी तथा साझेदार निकाय र संघ संस्था |

| | | | | |
|---|---|---|---|---|
| स्थानीय आवश्यकता र गाउँपालिकाबासीको माग बमोजिम सेवा प्रवाहलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन सूचना प्रविधिमा आवद्ध गर्ने<br>● पत्र पत्रिका , स्थानीय एफ.एम. रेडियो लगायतका सञ्चारका साधनको प्रभावकारी प्रयोजन गरी सूचना प्रभाह गर्ने<br>● त्रैमासिक रुपमा गाउँ विकास सूचकाङ्कहरू प्रकाशन गर्ने<br>● सार्बजनिक सुनुवाई, सार्वजनिक परिक्षण र सामाजिक परिक्षण नियमित गर्ने<br>● गुनासो सुन्ने, फछ्र्यौत गर्ने र व्यवस्थापन गर्ने कार्यलाई व्यवस्थ्ति र प्रभावकारी बनाउने<br>● योजनाको त्रैमासिक प्रगति क्यालेण्डर कार्यान्वयनमा ल्याउने | मोवाइल एप्स सञ्चालनमा आउने तथा आ.व. ०८०/०८१ भित्र GIS प्रणालीको विकास र नेट ईन्टरनेटको पूर्ण व्यवस्थापन भई सेवा प्रवाहका सवै अङ्ग सूचना प्रणली भित्र आवद्ध भएका हुनेछन<br>६. आ.व. २०७८/७९ सम्ममा गाउँ क्षेत्रका सवै सरोकारवाला क्षेत्र, निकाय तथा अंगहरू सूचना प्रविधिको माध्यम बाट समन्वयात्मक कार्य प्रणाली भित्र आवद्ध भई सेवा प्रभावमा प्रभावकारिता आएको हुनेछ<br>७. आ.व. २०७८/७९ को श्रावण महिना भित्र कर्मचारीहरूकालागि कार्य सम्पादन सम्झौता भई कार्यान्वयनमा आएको हुनेछ । | | | |
| **२.४. जनशक्ति व्यवस्थापन र क्षमता विकास**<br>**क).अपेक्षित प्रतिफल/ नतिजा**<br>**अरुण गाउँपालिकाको सांगठनिक संरचना तथा व्यवस्थापन अध्ययन प्रतिवेदनका आधारमा स्वीकृत दरबन्दी बमोजिम आ.व. २०७८/७९ बाट सुरु गरी आ.व. २०७९/८० भित्र आवश्यक न्यूनतम जनशक्ति व्यवस्थापन भई विकास निर्माण र सेवा प्रवाहका कार्यमा थप प्रभावकारिता र गुणस्तरियतामा वृद्धि भएको हुनेछ ।** | | | | |
| **ख. कृयाकलाप (योजना तथा कार्यक्रम):**<br>● संगठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदन बमोजिम गाउँ कार्यपालिका, वडा कार्यालय तथा विषयगत शाखाका लागि आवश्यक दरबनदी सृजना गर्ने | १. सांगठनिक संरचना बमोजिमको दरबनदी आ.व. २०७८/७९ असोज महिना भित्र श्रृजना भएको हुनेछ<br>२. वर्तमान अवस्थामा स्वास्थ्य चौकी समेत ४२ जना जनशक्तिले कार्य गरिरहेकोमा आ.व. | ● गाउँ कार्यपालिकाको निर्णय पुस्तिका<br>● गाउँ सभाको निर्णय पुस्तिका<br>● गाउँपालिकाको | **१. प्रमुख जिम्मेवारी:**<br>● गाउँ कार्यपालिका<br>● सम्बनधित वडा कार्यालय<br>**२. सहायक जिम्मेवारी:**<br>● संघीय तथा प्रदेश | ● अरुण गाउँपालिका<br>● ऐन, नियम कार्यविध,र निर्देशिका |

| | | | | |
|---|---|---|---|---|
| • विषयगत कार्यालय वा समायोजन बाट आएका कर्मचारिहरूलाई पूर्ण जिम्मेवारी प्रदान गरी जिम्मेवार बनाउने<br>• प्रचलित कानून बमोजिम आवश्यकताका आधारमा स्वीकृत दरबन्दीका आधारमा कर्मचारी हरूको स्थायी, तथा करारमा पदपुर्ती गर्दै जाने<br>• बिगत देखिनै अस्थायी तथा करारमा कार्यरत कर्मचारीहरूलाई समेत नियमानुसार स्थायी गर्ने<br>• श्रोत व्यक्तिहरूको रोष्टर तयार गर्ने<br>• क्षमता विकास योजनाका आधारमा जनप्रतिनिधि साथै गाउँ कार्यपालिका तथा वडा कार्यलय र विषयगत शाखाका कर्मचारीहरूको आन्तरिक तथा बाह्य रुपमा समेत विषयगत तालिम तथा प्रशिक्षण मार्फत क्षमता विकास गर्ने<br>• गाउँपालिकाका सवै वडा अध्यक्ष, विभाग वा शाखाका जिम्मेवार कर्मचरीहरूलाई जिम्मेवारीका आधारमा कम्प्यूटर, नेटवर्क लगायतका सेवा प्रवाहका साधनको उपलब्ध गराउने | २०७८/७९ भित्र कम्तिमा प्रथम चरणमा १६ जना कर्मचारी थप गर्ने साथै त्यस पछि संगठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदनका आधारमा दरबन्दी स्वीकृत भई आर्थिक श्रोतले धान्न सक्ने गरी कमिक रुपले आवश्यकताका आधारमा आवश्यक कर्मचारीहरू नियुक्ति भई वा समायोजन मार्फत प्राप्त भई सांगठनिक संरचना बमोजिम को दरबन्दि पदपुर्ति भएको हुनेछ<br>३. आ.व. २०७८/७९ को कार्तिक मसान्त भित्र जनप्रतिनिधि तथा कर्मचारिकालागि क्षमता विकास योजना तर्जुमा भएको हुनेछ ।<br>४. गाउँपालिकाका सवै कर्मचारीहरूले सेवा प्रवाह, जिम्मेवारी र दायीत्वका विषयमा आ.व. २०७८/७९ को पौष मसान्त भित्र क्षमता विकास र सदुपयोग विषयक तालिम प्राप्त गरेका हुनेछन्<br>५. यस आवधिक योजनाको सुरुवात सँगै सांगठनिक संरचना बमोजिम प्राविधक तथा प्रशासनिक कर्मचारीहरूको योग्यता कम तथा सेवा सुविधा नेपाल सरकारले तोके भन्दा कम नहुने गरी निर्धारण भई पूर्ण कार्यान्वयनमा आएको हुनेछ<br>६. गाउँपालिकाका सवै वडा अध्यक्ष र शाखाका जिम्मेवार कर्मचरीहरूले जिम्मेवारीका आधारमा कम्प्यूटर, नेटवर्क लगायतका सेवा प्रवाहका साधन प्राप्त गरी सेवा प्रवाहको गुणस्तरमा बढोत्तरी गरेका हुनेछन् । | योजना पुष्तिका<br>• पदपुर्तिकालागि सार्वजनिक सूचना प्रकासन तथा सुचना पाटीहरू<br>• कर्मचारिको नियुक्ति पत्र<br>• कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरूको कार्य विवरण | सरकार<br>• सम्बन्धित कर्मचारी<br>• सेवाग्राही<br>• सरोकारवाला व्यक्ति, निकाय तथा संघ संस्था | • संघ तथा प्रदेश सरकारका निर्णय तथा निर्देशन हरू |

**३. स्थानीय ऐन, नियम, कार्यविधि तथा निर्देशिका**

| अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलपा (योजना | सूचकहरू | जानकारीको श्रोत | जिम्मेवारी | पुर्वानुमान |
|---|---|---|---|---|

| **तथा कार्यक्रम) हरू** | | | | **/जोखिम** |
|---|---|---|---|---|
| **क).अपेक्षित प्रतिफल/ नतिजा**<br>**वि.सं. २०७७ साल पौष मसान्त भित्र अरुण गाउँपालिकाकालागि अति आवश्यक सवै प्रकारका स्थानीय ऐन, नियम, कार्यविधि, निर्देशिका तयार भई पूर्ण रुपले कार्यान्वयनमा आएका हुनेछन ।** | | | | |
| **<u>ख. कृयाकलाप (योजना तथा कार्यक्रम):</u>**<br>● आवश्यक ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको सूची तयार पार्ने<br>● आवश्यक ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको मस्यौदा तयार गरी बिधायन समितिमा पेश गर्ने<br>● बिधायन समितिले आवश्यक अध्ययन तथा आवश्यकताको आधारमा परिमार्जन गरी पारित तथा प्रस्तावकालागि गाउँकार्यपालिकामा पेश गर्ने<br>● आवश्यकता, प्रकृया र अधिकारका आधारमा गाउँकार्यपालिका तथा गाउँसभा बाट पारित गर्ने<br>● बिधायन समितिलाई पूर्ण क्रियाशिल बनाउने<br>● आवश्यकताका आधारमा बिज्ञको राय, सुझाव वा सेवा लिने<br>● जनगुनासो सङ्कलन र व्यवस्थापन कक्षको व्यवस्था गर्ने साथै उजुरी वा गुनासो फछ्र्यौट तालिका निर्माण गरी कार्यान्वयनमा ल्याउने<br>● आवश्यक कानूनको निर्माण गरी वडा स्तरमा विषयगत स्वयं सेवक समितिहरूको विकास गर्ने<br>● वडा कार्यालय र सार्वजनिक स्थलमा समेत डिजिटल नागरिक बडापत्रको व्यवस्था गर्ने<br>● सेवा प्रवाहलाई वर्तमान आधुनिक दुनियाँको आवश्यकता र स्थानीयबासीको माग बमोजिम चुस्त, दुरुस्त, छिटो, छरितो, सरल, सहज, पारदर्शी, र प्रभावकारी बनाएर मुस्कान सहितको | १. संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐन समेतका प्रचलित ऐन नियमले परिकल्पना गरे बमोजिम तथा स्थनीय आवश्यकता बमोजिम वि.सं. २०७८ साल जेष्ठ महिना भित्र योजना तर्जुमा तथा कार्यान्वयन कार्यविधि, राजश्व सङ्कलन तथा व्यवस्थापन कार्यविधि, सामाजिक संघ संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, टोल सुधार समिति गठन तथा परिचालन कार्यबिधि, संघ संस्था, कृषक समुह, महिला समुह दर्ता तथा सञ्चालन व्यवस्थापन कार्यबिधि, बन संरक्षा तथा सम्बर्द्धन र विकास कार्यविधि, प्रदुषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन कार्यविधि, दैनिक कार्य संचालन कार्यविधि, लगायतका आवश्यक सम्पूर्ण कार्यविधि तथा निर्देशिका तयार भई यस भन्दा अघि बनेकाको हकमा अध्यावधिक कार्यान्वयनमा आएका हुनेछन्<br>३. गाउँपालिकास्तरीय बिधायन समिति थप क्रियाशिल भएको हुनेछ | ● गाउँ कार्यपालिकाको निर्णय पुस्तिका<br>● गाउँ सभाको निर्णय पुस्तिका<br>● सार्वजनिक सूचना प्रकासन तथा सुचना पाटीहरू<br>● सम्बन्धित ऐन, नियम, कार्यविधि तथा निर्देशिकाका पुष्टिकाहरू | **१. <u>प्रमुख जिम्मेवारी:</u>**<br>● गाउँ कार्यपालिका<br>● सम्बनधित वडा कार्यालय<br>**२. सहायक जिम्मेवारी:**<br>● संघीय तथा प्रदेश सरकार<br>● सम्बन्धित कर्मचारी<br>● सरोकारवाला व्यक्ति, निकाय तथा संघ संस्था | ● अरुण गाउँपालिका<br>● ऐन, नियम कार्यविध, र निर्देशिका<br>● संघ तथा प्रदेश सरकारका निर्णय तथा निर्देशन हरू |

| | | | | |
|---|---|---|---|---|
| सेवा प्रवाहको व्यवस्था मिलाउने | | | | |

**विषयगत रणनीतिः**

- आवश्यकताका आधारमा गाउँपालिका सञ्चालन तथा व्यवस्थापनका लागि अनिवार्य रहेका स्थानीय कानूनहरू निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ
- सामाजिक सुरक्षा ऐनलाई स्थानीयकरण गर्ने साथै गाउँपालिकाबाट भएका ऐन नियम कार्यविधि बस्ती बस्ती सम्म जानकारी तथा अभिमुखिकारण गर्ने
- प्रचलित कानून बमोजिम वा सहयोगी र साझेदार संघ सस्था वा व्यक्ति संगको सहकार्य र साझेदारीमा गाउँ कार्यपालिकाको कार्यालय भबन तथा वडाकार्यालय भबन निर्माणकालागि आवश्यक जग्गा नपुग भए सोको प्राप्ति गरिनेछ
- वडा कार्यालय भबन निर्माणकालागि आवश्यक श्रोत व्यवस्थापन गर्न केन्द्र तथा प्रदेश सरकार संग समन्वय र साझेदारी गरिनेछ
- सुशासन कार्यान्वयन तर्फ सार्बजनिक सुनुवाई, सामाजिक परिक्षण र उपभोक्ता समितिबाट सार्बजनिक परिक्षणलाई ब्यबस्थित गर्दै लगिनेछ
- सुशासन ईकाइ र सार्बजनिक खरिद ईकाइलाई सक्रिय पारिने छ
- महिला सेवाग्राहीका लागि स्तनपान कक्ष व्यवस्थाा गर्ने, बालबालिका,जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र महिलालाई प्रथम प्राथमिकतामा राखेरा सेवा प्रवाह गर्ने साथै सेवा प्रवाहकालागि टोकन प्रणालिको विकास गर्ने
- स्थानीय सञ्चार माध्यमहरूलाई गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माण सूचना प्रवाहको सझेदारको रुपमा विकास गर्ने
- आयोजना स्थलमा होर्डिङ बोर्ड राख्ने, खर्च सार्बजनिक गर्ने, कार्यालयमा उजुरि पेटिका राख्ने, सहयोगी कक्ष स्थापना गर्ने, गुनासो सुन्ने अधिकारी र सम्पर्क अधिकारी तोक्ने, गाउँकार्यपालिकाको प्रबक्ता तोक्ने, डिजिटल नागरिक वडापत्र, सिसि टि.भि. क्यामरा सञ्चालन गर्ने कार्यलाईं प्रभावकारी ढंगले अगाडी बढाईने छ
- आन्तरिक तथा बाह्य स्तरमा पहिचान स्थापित गर्न समान हेसियत भएका राष्ट्रिय /अन्तराष्ट्रिय गाउँपालिकाहरू संग भगिनी सम्बनध कायम गर्ने
- गाउँपालिकाबासी संग सरोकार राख्ने यावत सूचनाहरूको संकलन, प्रशोधन, भण्डारण र प्रवाह गर्न सक्ने स्वचालीत आधुनिक सूचना, प्रबिधि मैत्री गाउँपालिका सूचना केन्द्र तत्काल संचालन गरी वडा कार्यालय समेतमा बिस्तार गरिनेछ
- गाउँ कार्यपालिका (कार्य बिभाजन) नियमावली तथा गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावली समेतका आधारमा आवधिक गाउँपालिका विकास योजान, २०७७/७८ बमोजिम सांगठनिक संरचना र जनशक्ति ब्यबस्थापन तथा कार्यसम्पादन करारनामा (सम्झौता) गर्ने निति अबलम्बन गरिनेछ
- सांगठनिक संरचना र वर्तमान आवश्यकता बमोजिम दक्ष जनशक्तिको व्यवस्थापन गर्ने, प्रावधिक (इन्जिनियर, कृषि तथा पशु बिज्ञ साथै जनस्वास्थ्य प्राविधिक) जनशक्तिको व्यवस्था गर्ने साथै वडा कार्यालयमा एक जना कम्प्यूटर अपरेटर र एक जना लेखा राख्ने खरिदार र सहायक कर्मचारी थप गर्ने
- क्षमता विकास योजनाका आधारमा प्रत्येक वर्ष कर्मचारीहरूकालागि क्षमता अभिवृद्धि संग सम्बन्धित तालिमहरू संचालन गरिनेछ
- समायोजन भई आउने प्राबिधिक तथा प्रशासनिक श्रेत्रका कर्मचारीहरूको दिगो ब्यबस्थापन गरिनेछ
- नेपाल सरकार बाट स्विकृत दरबन्दि र गाउँसभाबाट पारित थप दरबन्दिमा हाल कायम रहेका अस्थायी तथा करार सेवामा कार्यरत दक्ष कर्मचारीलाई नियमानुसार ब्यबस्थापन गर्दै थप गर्नु पर्ने कर्मचारीका हकमा नेपाल सरकारको नीति निर्देशन र प्रचलित ऐन नियम बमोजिम प्रकृया पुर्याइ पद पुर्ति गरिने
- वडा बाट हुने सेवाप्रवाहलाई प्रभावकारी बनाउने प्रत्येक दिन कम्तिमा १ जना वडा सदस्य अनिवार्य वाडाकार्यालयम उपस्थित हुनु पर्ने व्यवस्था गर्ने

तालिका नं. ७.२.१.१: गाउँ कार्यपालिका तथा वडा कार्यालय भवनहरूको वर्तमान अवस्था र अनुमानित लागत सहितका आगामि योजना

| गाँउ कार्यपालिका तथा वडा कार्यालय भवन (शौचालय, खानेपानी, पार्किङ स्थल, घेराबारा लगायतका पूर्वाधारहरू समेत) को वर्तमान अवस्था र आवश्यकता | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | **कार्यान्वयनको आधारमा योजनाको स्तरीयता** | | |
| **क.सं.** | **नाम** | **ठेगाना ( स्थान)** | **वर्तमान अवस्था** | **अव गर्ने कार्य** | **प्राथमिकता (P1, P2, P3)** | **अनुमानित लागत रु ( लाख)** | **गापा स्तरीय** | **वडा स्तरीय** | **केन्द्र वा प्रदेश स्तरीय** |
| १ | **गाउँपालिकाको कार्यालय भवन** | | | | | | | | |
| १.१ | जग्गा जमिन | | नभएको | वडा नं. ३ प्याउलीमा कम्तिमा १५ रोपनी जग्गा खरिद वा प्राप्ति गर्ने | P1 | २५०.० | १ | | १ |
| १.२ | कार्यालय भवन | | आफ्नै कार्यालय भवन नभएकाले ब्यक्तिगत घरहरु भाडामा लिएर सञ्चालनमा रहेको | डिपिआर तयार गरी सुविधा सम्पन्न नयाँ गाउँ कार्यपालिका कार्यालय भवन निर्माण गर्ने | P1 | ५००.० | १ | | १ |
| १.३ | कम्पाउण्ड घेराबारा | | | | P1 | ५०.० | १ | | १ |
| १.४ | खानेपानी | | | | P1 | १०.० | १ | | १ |
| १.५ | शौचालय | | | | P1 | १०.० | १ | | १ |
| १.६ | पार्किङ स्थल | | | | P1 | १०.० | १ | | १ |
| १.७ | प्रतिक्षालय | | | | P1 | १०.० | १ | | |
| १.८ | फर्निचर | प्याउली | भएको | थप निर्माण | P1 | १५.० | १ | | |
| | जम्मा | | | | | **८५५.०** | **८** | **०** | **६** |
| २ | **वडासमितिको कार्यालय भवन** | | | | | | | | |
| | | | | **वडा नं. १** | | | | | |
| १.१ | जग्गा जमिन | | १ रोपनी मात्र जग्गा भएको | कम्तिमा ३ रोपनी जग्गा थप गर्ने | P1 | ५०.० | १ | १ | |
| १.२ | कार्यालय भवन | | नभएको तथा भाडामा सञ्चालन भएको | डिपिआर गरी सुविधा सम्पन्न कार्यालय भवन निर्माण गर्ने | P1 | १२५.० | १ | १ | |
| १.३ | कम्पाउण्ड घेराबारा | याङ्पाङ | | कम्पाउण्ड तथा घेराबारा | P1 | १०.० | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १.४ | खानेपानी | | | खानेपानी व्यवस्थापन गर्ने | P1 | ५.० | १ | १ | |
| १.५ | शौचालय | | | शौचालय निर्माण गर्ने | P1 | १०.० | १ | १ | |
| १.६ | पार्किङ स्थल | | | पार्किङ स्थल बनाउने | P1 | १०.० | १ | १ | |
| १.७ | पैतिक्षालय | | | प्रतिक्षालय निर्माण गर्ने | P1 | १०.० | १ | १ | |
| १.८ | फर्निचर | | | थप निर्माण | P2 | ५.० | १ | १ | |
| जम्मा | | | | | | २२५.० | ८ | ८ | ० |
| **वडा नं. २** | | | | | | | | | |
| २.१ | जग्गा जमिन | | हाल नभएको | नयाँ निर्माण | P1 | ५०.० | १ | १ | |
| २.२ | कार्यालय भवन | | हाल नभएको | नयाँ निर्माण | P1 | १००.० | १ | १ | |
| २.३ | कम्पाउण्ड घेराबारा | | हाल नभएको | नयाँ निर्माण | P1 | १०.० | १ | १ | |
| २.४ | खानेपानी | | हाल नभएको | नयाँ निर्माण तथा मर्मत समेत | P1 | २०.० | १ | १ | |
| २.५ | शौचालय | | हाल नभएको | नयाँ निर्माण | P1 | १०.० | १ | १ | |
| २.६ | पार्किङ स्थल | | हाल नभएको | नयाँ निर्माण | P2 | १०.० | १ | १ | |
| २.७ | प्रतिक्षालय | | हाल नभएको | नयाँ निर्माण | P1 | १०.० | १ | १ | |
| २.८ | फर्निचर | | भएको | थप निर्माण | P2 | ५.० | १ | १ | |
| जम्मा | | | | | | २१५.० | ८ | ८ | ० |
| **वडा नं. ३** | | | | | | | | | |
| ३.१ | जग्गा जमिन | | हाल १३ आना जग्गा भएको | कम्तिमा १.५ रोपनी जग्गा थप गर्ने | P1 | ५०.० | १ | | |
| ३.२ | कार्यालय भवन | | आफ्नै कार्यालय भवन नभएकाले विद्यालयको भवनमा सञ्चालनमा रहेको | डिपिआर तयार गरी सुविधा सम्पन्न नयाँ वडा कार्यालय भवन निर्माण गर्ने | P1 | १५०.० | १ | | |
| ३.३ | कम्पाउण्ड घेराबारा | | | | P1 | २०.० | १ | | |
| ३.४ | खानेपानी | | | | P1 | १०.० | १ | | |
| ३.५ | शौचालय | | | | P1 | १५.० | १ | | |
| ३.६ | पार्किङ स्थल | | | | P2 | ५.० | १ | | |
| ३.७ | प्रतिक्षालय | | | | P2 | ५.० | १ | | |
| ३.८ | फर्निचर | प्याउली | भएको | थप निर्माण | P2 | ५.० | १ | | |
| जम्मा | | | | | | २६०.० | ८ | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **वडा नं. ४** | | | | | | | | | |
| ४.१ | जग्गा जमिन | | भएको | जग्गा विकास गर्ने | P1 | ५.० | १ | ० | १ |
| ४.२ | कार्यालय भवन | | हाल नभएको | नयाँ भवन निर्माण गर्ने | P1 | १००.० | १ | ० | १ |
| ४.३ | कम्पाउण्ड घेराबारा | | हाल नभएको | निर्माण गर्ने | P1 | १५.० | १ | ० | १ |
| ४.४ | खानेपानी | | हाल नभएको | हाल नभएको | P1 | १०.० | १ | ० | १ |
| ४.५ | शौचालय | | हाल नभएको | हाल नभएको | P1 | १०.० | १ | ० | १ |
| ४.६ | पार्किङ स्थल | | हाल नभएको | हाल नभएको | P1 | १०.० | १ | ० | १ |
| ४.७ | प्रतिक्षालय | | हाल नभएको | हाल नभएको | P1 | १०.० | १ | ० | १ |
| ४.८ | फर्निचर | चरम्बी | भएको | थप निर्माण | P1 | ५.० | १ | ० | १ |
| जम्मा | | | | | | १६५.० | ८ | ० | ७ |
| **वडा नं. ५** | | | | | | | | | |
| ५.१ | जग्गा जमिन | | जग्गा जमिन तथा भवन नभएको | जग्गा खरिद वा प्राप्ति गरी कार्यालय भवन निर्माण गर्ने | P1 | ५०।० | १ | | १ |
| ५.२ | कार्यालय भवन | | | नयाँ निर्माण | P1 | २००।० | १ | | १ |
| ५.३ | कम्पाउण्ड घेराबारा | | | नयाँ निर्माण | P1 | १०।० | १ | | |
| ५.४ | खानेपानी | | | नयाँ निर्माण | P1 | १०।० | १ | | |
| ५.५ | शौचालय | | | नयाँ निर्माण | P1 | १०।० | १ | | |
| ५.६ | पार्किङ स्थल | | | नयाँ निर्माण | P1 | १०।० | १ | | |
| ५.७ | प्रतिक्षालय | | | नयाँ निर्माण | P1 | १०।० | १ | | |
| ५.८ | फर्निचर | याकु बिर्ता | | नयाँ निर्माण | P1 | १०।० | १ | | |
| जम्मा | | | | | | ३१०।० | ८ | ० | २ |
| **वडा नं. ६** | | | | | | | | | |
| ६.१ | जग्गा जमिन | | भएको | | | ०।० | | | |
| ६.२ | कार्यालय भवन | जरायोटार | पुरानो मोडलको भवन भएको | सुविधा सम्पन्न नयाँ मोडलको कार्यालय भवन निर्माण गर्ने | P1 | १५०।० | १ | | १ |
| ६.३ | कम्पाउण्ड घेराबारा | , पाल्पाले | नभएको | पक्की घेराबारा गर्ने | P1 | १०।० | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६.४ | खानेपानी | | अव्यवस्थित | व्यवास्थापन गर्ने | P1 | ५।० | १ | १ | |
| ६.५ | शौचालय | | अपर्याप्त | निर्माण गर्ने | P1 | १५।० | १ | १ | |
| ६.६ | पार्किङ स्थल | | नभएको | निर्माण गर्ने | P1 | १५।० | १ | १ | |
| ६.७ | प्रतिक्षालय | | नभएको | निर्माण गर्ने | P1 | १५।० | १ | १ | |
| ६.८ | फर्निचर | | | नयाँ निर्माण | P1 | ५।० | १ | १ | |
| जम्मा | | | | | | २१५।० | ७ | ६ | १ |
| **वडा नं. ७** | | | | | | | | | |
| ७.१ | जग्गा जमिन | | कि.नं. २२४ मा १२ आना र कि.नं. ७३३ मा १ रोपनी १ आना गरी जम्मा १ रोपनी १३ आना जग्गा रहेको | जग्गा मिलाउने तथा विकास गर्ने | P1 | ५।० | १ | | |
| ७.२ | कार्यालय भबन | | निर्माण सम्पन्न बांकी | निर्माण सम्पन्न गर्ने | P1 | १०।० | १ | | |
| ७.३ | कम्पाउण्ड घेराबारा | | | घेराबारा गर्ने | P1 | २५।० | १ | १ | |
| ७.४ | खानेपानी | | | व्यवस्थापन गर्ने | P1 | १।० | १ | १ | |
| ७.५ | शौचालय | | | सार्वजनिक पहुंचकालागि समेत हुने गरी निर्माण गर्ने | P1 | १०।० | १ | १ | |
| ७.६ | पार्किङ स्थल | | | निर्माण गर्ने | P1 | ७।० | १ | १ | |
| ७.७ | प्रतिक्षालय | | | निर्माण गर्ने | P1 | १०।० | १ | १ | |
| ७.८ | फर्निचर | सिकेटार | | फर्निचर निर्माण तथा खरिद | P1 | ५।० | १ | १ | |
| जम्मा | | | | | | ७३।० | ८ | ६ | ० |
| कुल जम्मा | | | | | | २३१८।० | ६३ | २८ | १६ |

तालिका नं. ७.२.१.२: गाउँ कार्यपालिका र वडा कार्यालय भबनहरूको निर्माण लागत प्रस्ताव (लागत अनुमान)

| क.सं. | गर्नुपर्ने कायका क्षेत्र | लगानी माग रु (लाखमा) | कैफियत |
|---|---|---|---|
| १ | जग्गा तथा जग्गा विकास | ४६०।० | |
| २ | कार्यालय भबन निर्माण | १३३५।० | |
| ३ | कम्पाउण्ड घेराबारा तथा संरक्षण | १५०।० | |
| ४ | खानेपानी व्यवस्थापन | ७१।० | |
| ५ | शौचालय निर्माण | ९०।० | |
| ६ | पार्किङ. स्थालन निर्माण | ७७।० | |
| ७ | प्रतिक्षालय निर्माण | ८०।० | |
| ८ | फर्निचर | ५५।० | |
| जम्मा | | २३१८।० | |

**चित्र नं. ७.२.१.१: गाउँ कार्यपालिका र वडा कार्यालय भबन निर्माण लागत प्रस्ताव**



### ७.२.२ वित्तिय विकास तथा व्यवस्थापन योजनाः

आर्थिक अनुशासनलाई दिगो राख्न वित्तिय विकास तथा व्यवस्थापन एक महत्वपूर्ण आयाम हो । बित्तीय पारदर्शिता जति बलियो हुन्छ संगठन पनि त्यतिनै बलियो हुँदै जान्छ । अरुण गाउँपालिकाले स्थापित गरेको दीर्घकालिन सोच र लक्ष बमोजिम सञ्चालन तथा व्यवस्थापन गरिने योजनाको सफल कार्यान्वयन तथा राजश्व सङ्कलन तथा व्यवस्थापन र परिचालनका क्षेत्रमा कार्यान्बनयन गरिनु पर्ने योजना तथा कार्यक्रम, उक्त योजना तथा कार्यक्रमको सफल कार्यान्वयन बाट प्राप्त गर्न सकिने अपेक्षित प्रतिफल, उक्त प्रतिफल मापन गर्ने सूचकहरू, उक्त नतिजा तथा सूचक थाहापाउन सकिने जानकारीका श्रोत साथै योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने तथा सफल पर्ने जिम्मेवार पक्ष र उक्त योजना तथा कार्यक्रमहरू कार्यान्वयनका बखत उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरू समेत समेटी तर्कबद्ध ढाँचामा उल्लेख भए बमोजिम श्रोत व्यवस्थाप, वित्तीय सुशासन र पारदर्शिता समेत समावेश गरी वित्तिय विकास तथा व्यवस्थापन योजना प्रस्ताव गरिएको छ । प्रस्तावित योजनाहरू को कार्यान्वयनको थालनि बर्ष, सम्पन्न बर्ष वा नियमितता बर्षको तालिका समेत समावेश गरी यो अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

**क. सूचक बमोजिमको कार्यान्वयन थालनी, सम्पन्न तथा नियमितता बर्ष**

| क.सं. | प्रस्तावित योजना तथा कार्यक्रम बमोजिमका सूचक | कार्यान्वयनको थालनी तथा सफलता प्राप्ति बर्ष (आ.व) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| १ | **श्रोत व्यवस्थापन** | | | | | | |
| १.१ | वित्तीय व्यवस्थापन तथा श्रोत परिचालन सँग सम्बन्धी स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधि तयार भई पूर्ण रुपले कार्यान्वयनमा आएको हुनेछ | ✓ | | | | | |
| १.२ | राजश्व सम्भाब्यता अध्ययन भई आन्तरिक आम्दानीको दायरा फराकिलो हुनुको साथै वर्तमान वार्षिक आन्तरिक आय दोब्बर भन्दा बढीले वृद्धि हुने वातावरणको विकास भएको हुनेछ | ✓ | ✓ | | | | |
| १.३ | कर, तथा गैरकर सँग सम्बन्धित सेवा शुल्क तथा दस्तुर लाई गाउँपालिकाको विकास निर्माण, सेवा प्रवाह तथा स्थानीयबासीको आर्थिक विकास संग सम्बन्धित क्रियाकलाप सँग आवद्ध गरी सवै करदाता तथा सेवा ग्राहिलाई राजश्व श्रोतको दायरा भित्र समेटिएको हुनेछ | ✓ | ✓ | | | | |
| १.४ | उपभोक्ता समिति गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि समेत तयार भई उपभोक्ता लागत सहभागिता वास्तविक, पारदर्शी, बस्तुपरक र सार्थक भएको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| २ | **वित्तीय सुशासान र पारदर्शिता** | | | | | | |
| २.१ | आर्थिक प्रशासन नियमन र व्यवस्थापन सम्बन्धी आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका तथा कायविधि तयार भएका हुनेछन | ✓ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.२ | वर्तमान लेखा प्रणाली व्यवशायीक लेखा प्रणालीमा रुपान्तरण हुने क्रमको सुरुवात भई गाउँपालिकाको बास्तविक सम्पतीको विवरण तयार भएको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | | |
| २.३ | योजनाको आवश्यकता र प्राथमिकताका आधारमा बजेट बिनियोँजन गर्ने आधार तयार भएको हुने साथै अवण्डा शिर्षकमा बजेट राख्ने परिपाटीको अन्त्य हुनुको साथै आवधिक गाउँपालिका विकास योजनाले प्राथमिकता निर्धारण गरेका योजनाहरूलाई सोहि प्राथमिकताका आधारमा कार्यान्वयनमा लगिएको हुनेछ | ✓ | ✓ | | | | |
| २.४ | गाउँबासिहरू स्वतह कर तथा राजश्वको दायारामा आउने सहज वातावरण विकास भएको हुनेछ साथै गाउँपालिकाको आय व्यय विवरण Wave site मार्फत समेत सार्वजनिकिकरण गरी थप प्रभावकारी भरपर्दो र विश्वासिलो भएको हुनेछ | ✓ | ✓ | | | | |
| २.५ | बैङ्किङ प्रणाली बाट भई रहेको भुक्तानी प्रणालीलाई थप विकास गरी अनलाईन भुक्तानी प्रणालिको विकास र व्यवस्थापन भएको हुनेछ। | ✓ | ✓ | ✓ | | | |
| २.६ | अनलाईन को माध्यम बाट गाउँपालिकाबासीले आफ्नै घर बाट राजश्व तथा सेवा शुल्क बुझाउन सक्ने प्रविधि प्रयोगमा आएको हुनेछ साथै त्यसबाट स्थानीयबासीहरू लाभान्वित भएका हुनेछन् | | ✓ | ✓ | | | |
| २.७ | असल र अधिक करदाता हरू आ.व. २०७८/७९ बाटै सम्मानित हुने संस्थागत प्रकृयाको थालनी, विकास र व्यवस्थापन भएको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |

**ख. तर्कबद्ध प्रणाली बमोजिम योजनाको विस्तृत विवरण**

| १ श्रोत व्यवस्थापन, २. वित्तीय सुशासन र पारदर्शिता | | | | |
|---|---|---|---|---|
| **अपेक्षित प्रतिफल तथा नतिजा** | **सूचकहरू** | **जानकारीको श्रोत** | **जिम्मेवारी** | **पुर्वानुमान /जोखिम** |
| **१. श्रोत व्यवस्थापन**<br>**क).अपेक्षित प्रतिफल/ नतिजा**<br>**आ.व. २०७८/७९ भित्र कर तथा गैर कर राजश्वका क्षेत्रको सम्भाब्यता अध्ययन भई उक्त अध्ययनका आधारमा निर्धारण गरिएको सेवा शुल्क र दस्तुरको दर तथा दायराको माध्यम बाट आफ्नो आन्तरिक आयलाई क्रमस बढोत्तरी गर्ने, संघीय तथा प्रदेश सरकार बाट प्राप्त हुने रकमलाई कार्य सम्पादन क्षमता सँग मिलान गरी थप प्राप्तिको अवस्था श्रृजना गर्ने साथै दात्री तथा अन्य साझेदार संघ, संस्था र निकायको सहयोगलाई आकर्षित गरी आवश्यकता बमोजिमको बित्तीय श्रोत पर्याप्त, भरपर्दो, विश्वासिलो बनाउँदै दिगो आर्थिक विकासका माध्यम बाट अरुण गाउँपालिका क्रमस आत्मनिर्भरता तर्फ उन्मुख भएको हुनेछ।** | | | | |
| **ख) क्रियाकलाप (योजना तथा कार्यक्रम):**<br>● राजश्व परामर्श समितिलाई थप कृयाशिल बनाउने | १. बि.सं २०७८ साल चैत्र महिना भित्र अरुण गाउँपालिकाको वित्तीय व्यवस्थापन तथा | ● गाउँ कार्यपालिकाको निर्णय | १. **प्रमुख जिम्मेवारी:**<br>● गाउँ कार्यपालिका | ● आर्थिक श्रोत<br>● दाता वा |

| | | | | |
|---|---|---|---|---|
| • राजश्व सम्भाब्यता अध्ययन मार्फत प्रगतिशिल कर व्यवस्थाको माध्यम बाट आन्तरिक आयको दायर फराकिलो र बस्तुपरक बनाउने<br>• कर तथा राजश्व सङ्कलन तथा व्यवस्थापन कार्यविधि सहितका आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका तथा कायविधि तयार गरी कार्यान्वयन गर्ने<br>• सफ्टवयर निर्माण तथा आवश्यकता अनुसार अध्यवधिक गर्ने<br>• कर तथा राजश्वको श्रोत नक्साङ्कन तथा तथ्याङ्क अध्यावधिक गर्ने<br>• लेखा शाखा तथा मतहतका उपशाखा लगायत सवै वडा कार्यालयमा कम्प्यूटर, प्रिण्टर, स्क्यानिङ मेसिन, फोटोकपि तथा फ्याक्स र लेमिनेसन मेसिन लगायतका अत्यावश्यक उपकरणको व्यवस्थागर्ने<br>• गाउँ“ कार्यपालिकामा सर्वर समेतको ब्यवास्था गरी सवै वडाकार्यालयलाई नेटवर्किङ प्रणाली भित्र आवद्ध गर्ने<br>• उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि तयार गर्ने<br>• उपभोक्ता लागत सहभागितालाई वास्तविक, यथार्थ परक र सार्थक बनाउने<br>• उपभोक्ता लागत सहभागिताको मूल मर्म भाबना र महत्वका बारेमा स्थानीयबासीलाई प्रशिक्षित गर्ने | श्रोत परिचालन सँग सम्बन्धी स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधि तयार भई पूर्ण रुपले कार्यान्वयनमा आएको हुनेछ<br>२. अरुण गाउँपालिकाको राजश्व सम्भाब्यता अध्ययन आ.व. २०७८/७९ को मंसिर महिना भित्र सम्पन्न भई आन्तरिक आम्दानीको दायरा फराकिलो हुनुको साथै वर्तमान वार्षिक आन्तरिक आय दोब्बर भन्दा बढीले वृद्धि हुने वातावरणको विकास भएको हुनेछ ।<br>३. कर, तथा गैरकर सँग सम्बन्धित सेवा शुल्क तथा दस्तुर लाई गाउँपालिकाको विकास निर्माण, सेवा प्रवाह तथा स्थानीयबासीको आर्थिक विकास संग सम्बन्धित क्रियाकलाप सँग आवद्ध गरी सवै करदाता तथा सेवा ग्राहिलाई आ.व. ०७८/७९ सम्ममा राजश्व श्रोतको दायरा भित्र समेटिएको हुनेछ<br>४.उपभोक्ता समिति गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि समेत तयार भई उपभोक्ता लागत सहभागिता आ.व. २०७८/७९ को मध्य बाटै वास्तविक, पारदर्शी, बस्तुपरक र सार्थक भएको हुनेछ | पुस्तिका<br>• गाउँ“ सभाको निर्णय पुस्तिका<br>• गाउँपालिकाको योजना पुष्तिका<br>• अध्ययन प्रतिवेदन तथा दस्तावेज साथै पारित भएका ऐन, नियम तथा कार्यविधि र निर्देशिका<br>• गाउँपालिकाको मासिक तथा वार्षिक आम्दानी विवरण | • वडा समितिका कार्यलयहरू<br>• करदाता<br>२. **सहयोगी**<br>• संघीय तथा प्रदेश सरकार<br>• सहायेगी तथा साझेदार व्यक्ति वा संघ संस्था तथा कार्यालय<br>• गाउँपालिका क्षेत्र भित्र बसोबास तथा व्यापार व्यवसाय गर्ने सम्पूर्ण सरोकारवाला<br>• उपभोक्ता | साझेदर र सहयोगी<br>• इच्छा शक्ति |
| २. **वित्तीय सुशासान र पारदर्शिता** | | | | |
| **अपेक्षित प्रतिफल तथा नतिजा** | **सूचकहरू** | **जानकारीको श्रोत** | **जिम्मेवारी** | **पुर्वानुमान /जोखिम** |
| **क).अपेक्षित प्रतिफल/ नतिजा** | | | | |

| आ.व. २०७९/८० साल भित्र आधुनिक प्रविधिको प्रयोग, आर्थिक पारदर्शिता, न्याँयोचित राजश्व प्रणाली, मितब्ययी श्रोत व्यवस्थापन तथा परिचालन र समग्र वित्तीय सुशासनको माध्यमबाट अरुण गाउँपालिकको वित्तीय व्यवस्थापन सुदृढ, सक्षम, प्रभावकारी र जन उत्तरदायी भएको हुनेछ | | | | |
|---|---|---|---|---|
| **ख) क्रियाकलाप (योजना तथा कार्यक्रम):**<br>● आर्थिक प्रशासन र परिचालन सम्बन्धी आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका तथा कायविधि तयार तथा अध्यावधिक गरी कार्यान्वयन गर्ने<br>● आय ब्यय विवरणलाई सार्वजनिक सुनुवाई मार्फत मात्र सार्वजनिकिकरण गर्ने गरेकोमा आगामि दिनमा Wave site मार्फत समेत सार्वजनिकिकरण गरी थप प्रभावकारी र भरपर्दो र विश्वासिलो बनाउने<br>● आवधिक गाउँपालिका विकास योजना ले सूचीकृत तथा बर्गिकृत गरेका विषयगत क्षेत्रका योजनाहरूको प्राथमिकताका आधारमा मात्र बजेट विनियोँजन गर्ने<br>● गाउँपालकाको सम्पूर्ण लेखा प्रणालीलाई क्रमस व्यवसायीक लेखा प्रणाली (Corporate accounting system) मा आवद्ध गर्ने<br>● अनलाईन भुक्तानी तथा राजश्व सङ्कलनाको व्यवस्था मिलाउने<br>● गाउँपालकाको वास्तविक सम्पत्तिको अभिलेख तयार गर्ने<br>● जीन्सि व्यवस्थापनका लागि खरिद ईकाइ र निस्कासन ईकाइलाई अलगअलग व्यवस्थापन गर्ने साथै राजश्व, लेखा, प्रशासन, जिन्सी शाखा बीच समन्वयात्मक कार्यक्रम संचालन गर्ने<br>● जनशक्ति व्यवस्थापन वा सेवा खरिद मार्फत आन्तरिक लेखा परिक्षणलाई प्रभावकारी बनाउने<br>● तोकिएको समय सिमा भित्र प्रत्येक वर्ष लेखा परिक्षणको कार्य सम्पन्न गर्ने<br>● कर्मचारीहरूलाई सेवाकालिन, राजस्व व्यवस्थापन तथा परिचालन, कम्प्युटर, पञ्जिकरण तथा नेतृत्व | १. आ.व. २०७८/७९ को चैत्र मसान्त भित्र आर्थिक प्रशासन नियमन र व्यवस्थापन सम्बन्धी आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका तथा कायविधि तयार भएका हुनेछन<br>२. आ.व. २०७८/७९ बाट वर्तमान लेखा प्रणाली व्यवशायीक लेखा प्रणालीमा रुपान्तरण हुने क्रमको सुरुवात भई आ.व. २०८१/८२ सम्ममा गाउँपालिकाको बास्तविक सम्पतीको विवरण तयार भएको हुनेछ<br>३. आ.व. २०७८/७९ को श्रावण महिना बाटै योजनाको आवश्यकता र प्राथमिकताका आधारमा बजेट बिनियोँजन गर्ने आधार तयार भएको हुनेछ साथै अवण्डा शिर्षकमा बजेट राख्ने परिपाटीको अन्त्य हुनुको साथै आवधिक गाउँपालिका विकास योजनाले प्राथमिकता निर्धारण गरेका योजनाहरूलाई सोहि प्राथमिकताका आधारमा कार्यान्वयनमा लगिएको हुनेछ<br>४. आ.व. २०७८/७९ भित्र अरुण गाउँपालिकाको वित्तीय प्रणाली जनउत्तरदायी हुनुको साथै गाउँबासिहरू स्वतह कर तथा राजश्वको दायारामा आउने सहज वातावरण विकास भएको हुनेछ साथै | ● गाउँ कार्यपालिकाको निर्णय पुस्तिका<br>● गाउँ सभाको निर्णय पुस्तिका<br>● गाउँपालिकाको योजना पुष्तिका<br>● गाउँपालिकाको प्रतिवेदन तथा दस्तावेज<br>● पारित भएका तथा कार्यान्वयनमा आएका नीति, कार्यक्रम, ऐन, नियम, कार्यविधि तथा निर्देशिका | १. **प्रमुख जिम्मेवारी:**<br>● गाउँ कार्यपालिका<br>● वडा समितिको कार्यालय<br><br>२. **सहयोगी**<br>● केन्द्र तथा प्रदेश सरकार<br>● सहायेगी तथा साझेदार व्यक्ति वा संघ संस्था तथा कार्यालय<br>● निजी क्षेत्र<br>● स्थानीयबासी | ● आर्थिक श्रोत<br>● दाता वा साझेदर र सहयोगी<br>● इच्छा शक्ति |

| | | | | |
|---|---|---|---|---|
| विकास लगायतका तालिम दिने<br>● बेरुजुको लगत तयार गर्ने साथै आवश्यकता पेरमा बेरुजु फछ्र्यौटकालागि एक विशेष समितिको निर्माण समेत गरी बरुजुलाई सुन्यमा झार्ने<br>● कर तथा गैर कर राजश्वको दायरा विस्तार गरी सबै गाउँपालकाबासी लगायत उद्योग, व्यापार तथा व्यवसाय र तीनमा सम्लग्न हुने सरोकारवालालाई स्वघोषणको माध्यम बाट स्वयम् करको दायर भित्र सहज समाहित हुने वातावरण श्रृजना गर्ने<br>● अनलाईनको माध्यम बाट गाउँपालकाबासीले आफ्नै घर बाट राजश्व तथा सेवा शुल्क बुझाउन सक्ने व्यवस्था मिलाउने<br>● गाउँपालका बाट हुने सेवाप्रवाहका सवै विषय तथा क्षेत्रलाई राजश्व तथा सेवाशुल्क सञ्जालमा आवद्ध गर्ने<br>● आर्थिक प्रशासन लाई मितब्ययी र पारदर्शी बनाउने<br>● नियम र कानूनको अधिनमा रहेर मात्र गाउँसभा बाट पारित भएको बजेटलाई कार्यान्बनयमा ल्याउने तथा जुन शिर्षक र विषयकालागि विनियोँजन भएको हो सोहि शिर्षक र विषयमा खर्च तथा लगानी गर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्बनयमा ल्याउने<br>● अवण्डा शिर्षकमा बजेट राख्ने परिपाटीको अन्त्य गर्ने<br>● आर्थिक तथा बजेटको मासिक अवस्थाका बारेमा उपल्लो निकाय, विभाग वा शाखालाई नियमित जानकारी गराउने<br>● प्रत्येक वर्ष कम्तिमा ३ जना असल र अधिक करदातालाई **<u>अरुण करदाता तारा पुञ्ज</u>** पुरस्कार बाट सम्मान गर्ने | गाउँपालिकाको आय व्यय विवरण Wave site मार्फत समेत सार्वजनिकिकरण गरी थप प्रभावकारी भरपर्दो र विश्वासिलो भएको हुनेछ<br>५. वर्तमान अवस्थामा बैङ्किङ प्रणाली बाट भई रहेको भुक्तानी प्रणालीलाई थप विकास गरी आ.व.२०७८/७९ बाट अन लाईन भुक्तानी हुने व्यवस्थाको सुरुवात गरी आ.व.२०८१/८२ भित्र पूर्ण रुपले अनलाईन भुक्तानी प्रणालिको विकास र व्यवस्थापन भएको हुनेछ ।<br>६. आ.व. २०७९/८० बाट सुरु भई २०८०/८१ भित्र अनलाईन को माध्यम बाट गाउँपालिका बासीले आफ्नै घर बाट राजश्व तथा सेवा शुल्क बुझाउन सक्ने प्रविधि प्रयोगमा आएको हुनेछ साथै त्यसबाट स्थानीयबासीहरू लाभान्वित भएका हुनेछन्<br>७. असल र अधिक करदाता हरू आ.व. २०७८/७९ बाटै सम्मानित हुने संस्थागत प्रकृयाको थालनी, विकास र व्यवस्थापन भएको हुनेछ | | | |
| **<u>रणनीतिः</u>**<br>● तथ्याङ्क सङ्कलन तथा अध्यावधिक गर्ने | | | | |

- वित्तीय व्यवस्थापन तथा श्रोत परिचालन संग सम्बन्धित सवै खाले स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने
- अनलाईन राजश्व सङ्कलन र भुक्तानी प्रणालीको पूर्ण विकास गरी कार्यान्वयनमा ल्याईनेछ
- बजेट बिनियोँजन गर्दा आवधिक गाउँपालका विकास योजनामा समावेश भएका विषयगत क्षेत्रको महत्व र भारका आधारमा प्राथमिकता प्राप्त योजनामा मात्र कार्य सम्पन्न हुने गरी बजेट विनियोँजन गर्ने
- सकेसम्म घाटा बजेट निर्माण नगर्ने यदी गर्नु पर्ने परिस्थिति श्रृजना भए त्यसको पूर्तालकालागि भरपर्दो आधार अनिवार्य खोजी र उल्लेख गर्ने
- बजेट सिमा निर्धारण समिति, बजेट तर्जुमा समिति र राजश्व परामर्श समितिलाई थप कृयाशिल बनाएर बजेट व्यवस्थापन तथा राजश्वका क्षेत्र र दायराको खोजी, व्यवस्थापन र विकासमा लगाउँने
- अनुत्पादक खर्चको कटौति गरी व्यवसायिक कृषि तथा पशुपन्छी पालन, उद्योग, पर्यटन लगायतका उत्पादनमुलक योजना तथा आयोजना तथा सो सँग प्रत्यक्ष सरोकार राख्ने योजना आयोजनामा अधिक लगानीको वातावरण सृजनागर्ने
- गाउँपालकाका सवै खाले विकास निर्माण संग सम्बन्धित विषय बस्तुलाई उत्पादन र उत्पादकत्वको मापदण्ड भित्र आवद्ध गर्ने
- राजश्व सम्भाब्यता अध्ययन गरी कर तथा राजश्वका क्षेत्रहरूको पहिचान तथा नक्साङ्कन समेत गर्ने ।
- राजश्व तथा सेवा शुल्क दरलाई ब्यवहारिक र पारदर्सी बनाउन निजी क्षेत्र तथा नागरिक समाजसंग समन्वय र साझेदारी गर्ने
- गाउँपालकाबासीको आयआर्जन क्षमता संग मिलानहुने गरी ब्यावहारिक राजश्व प्रणालीको विकास गर्ने
- राजश्वप्राप्तिका क्षेत्रका आधारमा सम्बन्धित क्षेत्रगतलगानी र उपयोगको विश्वासिलो बातावरण श्रृजना गरी गाउँपालकाबासिको विश्वास आर्जन गर्ने
- राजश्वको दायरा भित्र सहज रुपमा आउने करदातालाई विशेष सहुलियत प्रदानगर्ने
- मदिरा तथा सूर्तिजन्य पदार्थहरूको बेग्ला बेग्लै पसल राखी बिक्रीवितरण गर्ने व्यवस्था मिलाईनेछ । साथै छुट्टा छुट्टै प्रकृतिका व्यवसायकालागि छुट्टा छुट्टै व्यवसाय दर्ता गरी सञ्चालन गर्ने गराउने व्यवस्था मिलाईनेछ
- आर्थिक वर्षको क्रमस सुरु ३ महिनाभित्र, ६ महिनाभित्र र ९ महिना भित्र कर तथा राजश्व बुझाउनेको हकमा विशेष छुट, छुट र सामान्य छुटको व्यवस्था गर्ने
- तोकिएको समय सिमाभित्र बरुजु फछ्यौँट गर्ने व्यक्तिलाई छुट तथा पुरस्कारको व्यवस्था मिलाउने
- व्यवशायीक लेखा प्रणालीको माध्यम बाट गाउँपालकाको वित्तीय व्यवस्थापनलाई प्रभावकारी, पारदर्शी र ब्यवहरिक बनाउने
- गाउँपालकाका सबै वडा केन्द्रमा क्रमस बैंकिङ सेवाविस्तार गर्ने, बैंक तथा वित्तीय सस्थाहरूलाई परिचालन गरी बैंकिङ साक्षरता अभिवृद्धि गर्ने साथै गाउँपालकाको समेत साथ र सहयोगमा सवै गाउँपालकाबासिको अनिवार्य बैंक खाता हुने व्यवस्था मिलाउने

### ७.२.३ आर्थिक विकास योजनाः

आर्थिक विकास समृद्धि प्राप्ति र विकासको एक प्रमुख आधार हो । अरुण गाउँपालिकाको अधिकांस भू-भागको अधिकतम क्षेत्र भिरालो र केहि क्षेत्र समतल सहितको पहाडी क्षेत्रमा अवस्थित रहेको र प्राकृतिक श्रोत र साधनको प्रचुरता रहेको भएता पनि आर्थिक विकास सँग सम्बन्धित आधारभुत पूर्वाधारहरूको भने न्यूनता रहेको छ । यस गाउँपालिकालाई आर्थिक विकासको हिसावले एक सक्षम र आत्मनिर्भर गाउँपलिकाको रुपमा विकास गर्न दीर्घकालिन सोच तथा त्यसमा आधारित लक्ष प्राप्तिकालागि देहाय बमोजिमका आर्थिक विकास सँग सम्बन्धित पूर्वाधार विकास, कृषि, औद्योगिक तथा व्यवसायिक विकास, संस्थागत विकास, रोजगारी सृजना र श्रोत व्यवस्थापन सँग सम्बन्धित योजनाहरूको सफल कार्यान्वयन गर्न अनिवार्य छ । तसर्थ यस गाउँपालिकाले **"आवधिक गाउँपालिका विकास योजना"** तयारीका क्रममा पहिचान भएका र पहिचान हुन बाँकी रहेका आर्थिक विकास सँग सम्बन्धित योजना तथा कार्यक्रमहरूको सफल कार्यान्वयन बाट प्राप्त हुने अपेक्षित प्रतिफल, देखिने सूचकहरू, थाहापाउन सकिने जानकारीका श्रोतहरू, योजना कार्यान्वयनका जिम्मेवार पक्षहरू साथै योजना कार्यानवयनमा आईपर्ने जोखिमहरू समेत तर्कबद्ध प्रणालिमा आवद्ध गरी तल उल्लेख भए बमोजिम प्रस्ताव प्रस्तुत गरिएको छ भने तर्कबद्ध प्रणालि मार्फत उल्लेख भएका सूचकहरूको प्राप्त गर्न कार्यक्रम कायन्वयनको थालनी बर्ष, सम्पन्न बर्ष तथा तीनको नियमितता समेतको तालिका निर्माण गरी प्राथमिकताको यथार्थ पहिचान र लगानीको अनुमानका आधारमा अन्तिम प्रतिवेदन तयार गरिएकोछ ।

**क. सूचक बमोजिमको सफलता प्राप्तिकालागि योजनाको कार्यान्वयन थालनी, सम्पन्न तथा नियमितता बर्ष (यसको विस्तृत बिबबरण तर्कबद्ध ढाँचामा उल्लेख छ)**

| क.सं. | प्रस्तावित योजना तथा कार्यक्रम बमोजिमका सूचक | कार्यान्वयनको थालनी तथा सफलता प्राप्ति बर्ष (आ.व) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| १ | **व्यवसायिक कृषि विकास** | | | | | | |
| १.१ | जैविक (Organic) कृषि उत्पादनलाई व्यवसायिक रुप प्रदान गरी उत्पादनको बिभिदिकरण र उत्पादकत्व वृद्धिको प्रसस्त सम्भाबना रहेका प्रत्येक वडा र स्थान मा स्पष्ट रुपले पेकेट क्षेत्र किटान गरी कार्यान्वयनमा आएको हुनेछ | ✓ | ✓ | ✓ | | | |
| १.२ | व्यवसायिक कृषि कार्यमा सम्लग्न कम्तिमा ७५ % पकेट क्षेत्रहरूका न्यूनतम ८५ % कृषि योग्य जमिनमा सिचाईको पर्याप्त सुविधा पुगेको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १.३ | वर्तमान गुजरामुखी कृषि प्रणली व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण हुने कार्यले तिब्रता पाएको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १.४ | आ.व. २०७८र७९ बाटै कृषि उत्पादनहरूको निर्यातको मात्रामा वृद्धि भई अरुण गाउँपालिकाबासीको आयमा वृद्धि हुनुको साथै क्रयशक्तिमा बढोत्तरी भएको हुनेछ भने गाउँपालिकाले निर्यात ब्यापार सञ्जाल विकास र बिस्तारको नेत्रीत्व ग्रहण गरेको हुनेछ | ✓ | ✓ | ✓ | | | |
| १.५ | आवधिक योजना कार्यान्वयन को सुरुवात सँगै बैंक तथा वित्तीय संस्था, सहकारी, थोक तथा खुद्रा बजार, आवागमन, रहन सहन लगायत मानिसका दैनिक आर्थिक कृयाकलाप मा अभिवृद्धि भएको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.६ | गाउँपालिकाको आन्तरिक आयको १५ देखि २० % अंस कृषि क्षेत्रको योगदान बाट पुरा भएको हुनेछ | | ✓ | ✓ | ✓ | ✓ | |
| २ | **व्यवसायिक पशुपन्छी बालि विकास र प्रवर्द्धन** | | | | | | |
| २.१ | अरुण गाउँपालिका क्षेत्रका कृषिबाली उत्पादनका लागि उपयुक्त नरहेका समेत सम्भाब्य सवै क्षेत्रको पहिचान गरी पशु पन्छी पालन, माछापालनका पेकेट क्षेत्र किटान गरी कार्यान्वयनमा आएका हुनेछन | ✓ | ✓ | | | | |
| २.२ | प्रति वर्ष कम्तिमा २-२ वटा गाई, भैसी, बाखा, सुंगुर तथा बंगुर, कुखुरा र माछा पालन व्यवसायको स्थापना र विकास गरी सवै प्रकारका कम्तिमा १०-१० वटा व्यवसायिक पशुपन्छी पालन फारम सञ्चालनमा आएका हुनेछन् | ✓ | ✓ | ✓ | ✓ | | |
| २.३ | सूचक २ बमोजिमका फारमहरूबाट दैनिक कम्तिमा ४ हजार देखि ५ हजार लिटर दुध तथा दुग्ध पदार्थ, २ हजार देखि ३ हजार के.जी मासु, १ हजार देखि २ हजार के.जी माछा को उत्पादन भई न्यूनतम रुपमा देनिक २५ लाख भन्दा माथिको आर्थिक कारोवार भएको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | | |
| २.४ | वर्तमान गुजरामुखी पशुपन्छी तथा माछा पालन कार्य व्यवसायिक प्रणालीमा रुपान्तरण हुने कार्यले सार्थकता पाएको हुनेछ | ✓ | ✓ | | | | |
| २.५ | व्यवसायिक पशुपन्छी पालन को माध्यम बाट अरुण गाउँपालिकाबासीको आयमा वृद्धि भई क्रयशक्तिमा बढोत्तरी भएको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| २.६ | बैंक तथा वित्तीय संस्था, सहकारी, थोक तथा खुद्रा बजार, आवागमन, रहन सहन लगायत मानिसका दैनिक आर्थिक कृयाकलापमा अभिवृद्धि भएको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| २.७ | यस आवधिक योजनाको अन्तिम वर्ष सम्ममा पशुपन्छी पालन ब्यासायमा हुने आर्थिक कारोवार बाट गाउँपालिकाको आन्तरिक आयमा न्यूनतम १० देखि १५ % अंस ओगटेको हुनेछ | | | | | ✓ | |
| ३ | **उद्योग व्यवसाय** | | | | | | |
| ३.१ | गाउँपालिका स्तरीय अरुण औद्योगिक ग्रामको स्थपना भई कार्यान्वयनमा आएको हुनेछ । साथै गाउँपालिकाका सम्भाब्य सवै वडाहरूमा साना तथा मझौला पकेट औद्योगिक ग्राम समेतको स्थापना र विकास हुने क्रमको सुरुवात भएको हुनेछ साथै सम्भावित प्राकृतिक श्रोतको रुपमा रहेका सम्भावित खानीहरूको अध्ययन भई संरक्षित भएका हुनेछन् । | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ३.२ | अरुण औद्योगिक ग्राम लगायत का पकेट औद्योगिक क्षेत्रमा विद्युत, सडक, खानेपानी लगायतका पूर्वाधारहरूको विकास भएको हुनेछ | ✓ | ✓ | | | | |
| ३.३ | अरुण औद्योगिक ग्राममा स्थानीय स्तरमा उत्पादन हुने कच्चा पदार्थ, स्रोत | | ✓ | ✓ | ✓ | ✓ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | साधन र सीपमा आधारित घरेलु उद्योग लगायतका उद्योगहरूको स्थापना र सञ्चालन तथा अब्यवस्थित रुपमा रहेका कुटिर, घरेलु तथा साना उद्योगहरूको स्थानान्तरण हुन थालेको हुनेछ | | | | | | |
| ३.४ | गाउँपालिकाको आन्तरिक आयमा उद्योग व्यवसाय क्षेत्रको योगदान कुल आन्तरिक आयको १० % सम्म पुगेको हुनेछ | | | | | ✓ | |
| ४ | **पर्यटन विकास र प्रवर्द्धन** | | | | | | |
| ४.१ | अरुण गाउँपालिका क्षेत्र भित्रका तालिका नं. ७.२.३.९ (क) देखि (घ) मा उल्लेख भएका समेत ऐतिहासिक तथा धार्मिक क्षेत्र समेत समेटिने गरी एकिकृत पर्यटन विकास गुरु योजना तयार  भएको हुनेछ | ✓ | | | | | |
| ४.२ | अरुण गाउँपालिका क्षेत्र भित्रको पुरातात्विक महत्वको तालिका नं. ७.२.३.९ ( क) देखि (घ) सम्ममा प्रथम प्राथमिकतामा उल्लेख भएका ऐतिहासिक महत्वका ८० प्रतिसत मठमन्दिर, धार्मिक तथा सास्कृतिक महत्वका गुफा, डाँडा, पार्क, पोखरी लगायतको मर्मत सम्भार साथै स्तरोन्नतीको कार्य पुरा भएको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ४.३ | गाउँपालिका भित्र रहेका ऐतिहासिक महत्वका ७० प्रतिसत पोखरी तथा सिमसार क्षेत्रको  संरक्षण तथा सम्बर्द्धन भई सुविधा सम्पन्न पर्यटकीय क्षेत्रको रुपमा विकास भएका हुनेछन | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ४.४ | आगामि ५ वर्ष भित्र यस गाउँपालिकाको उच्च स्थानमा रहेका तालिका नं. ७.२.३.९ (ग) मा उल्लेख भएका महत्वपूण डाँडाहरु अरुण दृष्यावलोकन केन्द्रको रुपमा निर्माण विकास भएका हुनेछन् | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ५ | **व्यापार व्यवसाय** | | | | | | |
| ५.१ | तालिका नं. ७.२.३.८ (क) मा प्रस्ताव भएका अरुण गाउँपालिकाका स्याटलाईट स्मार्ट ग्रामिण बजार केन्द्रहरूको विकासको आधार तयार हुनुको साथै गाउँपालिकाको सदरमुकाम प्याउलीलाई मुख्य बजार केन्द्रको रुपमा व्यवस्थित भई बिभिन्न वडामा सञ्चालनमा रहेका दैनिक तथा साप्ताहिक हाट बजारमा सुविधा सम्पन्न एकिकृत बजार केन्द्र तथा तरकारी बजार सेड क्रमस निर्माण भई सञ्चालन व्यवस्थापनमा तिब्रता पाएको हुनेछ | ✓ | ✓ | | | | |
| ५.२ | प्राथमिकता P1 मा परेका स्थानमा खाद्यान्न भणडर तथा सित भण्डर (कोल्ड स्टोरेज) को निर्माण भई सञ्चालनमा आएको हुनेछ | ✓ | ✓ | ✓ | | | |
| ५.३ | प्राथमिकता P1 मा उल्लेख भएका बजार क्षेत्र भित्र कम्तिमा एक एक वटा सहकारी डिपार्टमेण्ट स्टोरको निर्माण विकास भई सञ्चालनमा आएका हुनेछन् | ✓ | ✓ | ✓ | | | |
| ५.४ | यस गाउँपालिका क्षेत्रमा उत्पादन भएको कृषि तथा पशुबाली को संरक्षण र | ✓ | ✓ | ✓ | ✓ | ✓ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सम्बर्द्धनकालागि गाउँपालिकाको सदरमुकाम सहित वडा केन्द्रहरूमा कम्तिमा एक वटा खाद्यान्न भण्डारको निर्माणकालागि उपयुक्त जग्गाको व्यवस्था भई कम्तिमा ३ वटा वडामा खाद्यान भण्डारण केन्द्र निर्माण भएको हुनेछ । | | | | | | |
| ६ | **रोजगारी श्रृजना र गरिवी निवारण** | | | | | | |
| ६.१ | अरुण गाउँपालिका संस्थगत सञ्जाल समन्वय समितिको गठन भई कृयाशिल भएको हुनेछ | ✓ | | | | | |
| ६.२ | अरुण गाउँपालिकामा बसोबास गर्ने गरिव घरपरिवार तथा बेरोजगारहरूको विवरण तथा तथ्याङ्क अध्यावधिक भएको हुनेछ | ✓ | | | | | |
| ६.३ | सहकारी मा आधारित तथा सो भन्दा बाहिर समेत बाट वर्तमान अवस्थामा रहेको उद्योग, व्यापार तथा व्यवसायहरूको सञ्चालनमा ५० % बढोत्तरी आएको हुनेछ | ✓ | ✓ | ✓ | | | |
| ६.४ | अरुण गाउँपालिका क्षेत्र भित्र कृषि, उद्योग, पर्यटन लगायतका क्षेत्रमा कम्तिमा थप ४५०० रोजगारी श्रृजना भई वर्तमान गरिवीमा ६५ % ले कमि आएको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ७ | **गाउँपालिकाको क्षमता विकास** | | | | | | |
| ७.१ | आवधिक योजना अवधिको अन्त्य सम्ममा विषयगत र क्षेत्रगत श्रोत र साधनको व्यवस्थापनका साथ अरुण गाउँपालिका आर्थिक, भौतिक, सामाजिक, सांस्कृतिक, मानवीय तथा सेवा प्रवाह संग सम्बन्धित श्रोतको परिचालन, योजनाको कार्यान्वयन र व्यवस्थापनको हिसावले ९० % भन्दा माथि सक्षम भएको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ७.२ | यस आवधिक योजना अवधि भित्र अरुण गाउँपालिकाका सवै सम्भाव्य वडाहरूमा बैंक तथा वित्तीय सेवाको पहुँच विस्तार भई सवै गाउँपालिकाबासीको अनिवार्य बैंक खाता भएको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ७.३ | सवै गाउँपालिकाबासीले आफ्नो आवश्यकता बमोजिम व्यवसाय सञ्चालन व्यवस्थापनकालागि सहज र सरल रुपमा ऋण लिन सक्ने अवस्थाको श्रृजना र पहुँचमा अभिवृद्धि भएको हुनेछ साथै परम्परागत रुपमा चर्को ब्याजमा साहुमहाजन बाट ऋण लिनु पर्ने बाध्यताको अन्त्य भएको हुनेछ | ✓ | ✓ | ✓ | | | |
| ७.४ | अरुण गाउँपालिका क्षेत्र भित्रका यूवा यूवतीको बैदेशिक रोजगारीमा जाने वर्तमान आकर्षणमा कम्तिमा ५० % ले न्यूनता आएको हुनेछ | ✓ | ✓ | ✓ | | | |

**ख. तर्कबद्ध प्रणाली बमोजिम योजनाको विस्तृत विवरण**

| आर्थिक विकास योजना:<br>१. व्यवसायिक कृषि २. पशुपन्छी पालन, ३. उद्योग व्यवसाय ४. पर्यटन विकास ५. व्यापार व्यवसाय, ६.रोजगारी श्रृजना र गरिवी निवारण:, ७. गाउँपालिकाको क्षमता विकास | | | | |
|---|---|---|---|---|
| **अपेक्षित प्रतिफल/नतिजा<br>तथा कृयाकलापहरू (योजना तथा कार्यक्रम)** | **सूचकहरू** | **जानकारीको श्रोत** | **जिम्मेवारी** | **पूर्वानुमान /जोखिम** |
| **१. व्यवसायिक कृषि** (सिंचाइ समेतका भौतिक पूर्वाधार, उत्पादन तथा उत्पादकत्व व्यवस्थापन र बजार सञ्जल र आयात निर्यात केन्द्र समेत)<br>**क) अपेक्षित प्रतिफल/ नतिजा**<br>**अरुण गाउँपालिकाको करिव ६४.२६ % को हारहारिमा रहेको कृषि योग्य जमिनलाई पूर्वाधार युक्त व्यवसायिक कृषि क्षेत्रको रुपमा विकास गरी आगामि ५ वर्ष भित्र कृषि उत्पादनमा आन्तरकि रुपले आत्म निर्भर र व्यवसायिक रुपले निर्यातयोग्य क्षमताको विकासको माध्यम बाट गाउँपालिकाका कृषि व्यवसायमा सम्लग्न गाउँपालिकाबासीको वार्षिक आयमा दोब्बरले वृद्धि भएको हुनेछ।** | | | | |
| **ख) कृयाकलाप (योजना तथा कार्यक्रम):**<br>१. कृषि बालीको तथ्याङ्क अध्यावधिक गर्ने<br>२. कृषि कार्यलाई व्यवसायिक र प्राङ्गरिक वा जैविक बनाउन आवश्यक सवै स्थानीय ऐन, नियम, कार्यविधि तथा निर्देशिका निर्माण गरी कार्यान्वयनमा ल्याउने<br>३. व्यवसायिक कृषि कार्यकम सञ्चालन हुने स्थान र क्षेत्रको माटो परिक्षण गरी गुणस्तर र सम्भाव्य बालीका सम्भाबनाका बारेमा कृषकलाई जानकारी गराउने<br>४. सम्भाव्य कृषि बाली उत्पादनको आधारमा वडागत रुपमा देहाय बमोजिमका स्थानलाई व्यवसायिक बिशेष पकेट क्षेत्र र पकेट क्षेत्र निर्धारण गरी न्यूनतम रुपमा एक गाउँ वा एक टोल एक उत्पादनको आधार निर्माण गर्ने<br>**४.१. व्यवसायिक कृषि कार्यका बिशेष पकेट क्षेत्र:**<br>तालिका नं. ७.२.३.५ (क) मा उल्लेखित विवरणका आधारमा व्यवसायिक कृषि विकास कार्यक्रम अन्तरगत बिशेष पकेट क्षेत्र निर्धारण सहित कृषक समुह समेतको संरक्षण, सम्बर्द्धन र विकासका माध्यम बाट कृषि उत्पादनमा आत्म निर्भरताका साथ निकासियोग्य उत्पादन गर्ने<br>**४.२. पकेट क्षेत्र:** | १. आ.व. २०७८/८१ भित्र<br>**क. अन्न बालिमा:** धान, मकै, कोदो, फापर, जौ, गहुँ, जुनेलो<br>**ख. तेलहन बालिमा:** भटमास तोरी, फिलुङ्गे, रायो, सरसीउ, सुर्यमुखी, तिल आदी<br>**ग. दालहन बालीमा:** गहत, मास, केराउ, मटर, सिमी, चना, बोडी, मास, रहरी<br>**घ. नगदे बालीमा:** अंलैची, अदुवा, वेसार, अम्लिसो, अकवरे, चिया , कफी<br>**ङ. फलफूल बालीमा:** सुन्तला, कागती, नासपाति, किवी, एभोकाडो, भुई स्याउ, अम्बा आदि | • गाउँ कार्यपालिका को निर्णय पुस्तिका<br>• गाउँ सभाको निर्णय पुस्तिका<br>• गाउँपालिकाको योजना पुष्तिका<br>• कृषि व्यवसायमा सम्लगन कृषक समुह वा संघ संस्थाको अभिलेख<br>• स्थालगत अवस्था | **१.प्रमुख जिम्मेवारी:**<br>• गाउँ कार्यपालिका<br>• कृषि विकास संग सम्बन्धित निकाय र कार्यालय<br>• सम्बन्धित व्यक्ति, परिवार, निजी क्षेत्र तथा सस्था वा समूह<br>**२. सहयोगी**<br>• संघीय तथा प्रदेश | • आर्थिक स्रोत<br>• दाता वा साझेदर र सहयोगी<br>• उर्वर जग्गा जमिनको उपलब्धता<br>• मलखाद<br>• प्रकृतिक प्रकोप<br>• रोगनिरोधक विषादी |

| | | | | |
|---|---|---|---|---|
| ● गाउँपालिकाका अन्य सम्भाव्य स्थानको आवश्यक अध्ययन तथा अनुशन्धान गरी बिशेष पकेट क्षेत्रका अलावा अन्य पकेट क्षेत्रको रुपमा विकास गर्ने<br>● एउटै वडाका भिन्न टोल बस्तीलाई समेत अलग अलग पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने व्यवस्था मिलाउने<br>५. बेमौषमी तरकारी खेतीलाई प्राथमिकता र प्रोत्साहनका साथ सहुलियत प्रदान गर्ने<br>६. स्थानीय कृषकहरूलाई **अन्न बालीको हकमा** धान, मकै, कोदो, फापर, जौ, गहुँ, जुनेलो आदी, **तेलहन बालिको हकमा** भटमास, तोरी, फिलुङ्गे, रायो, सरसीउ, सुर्यमुखी, तिल आदी, **दालहन बालीको हकमा** गहत, मास, केराउ, मटर, सिमी, चना, बोडी, मास, रहरी आदी, **तरकारी बालीको हकमा** टमाटर, आलु, रयो साग, काउली, मुला, गाजर, काक्रो, फर्सि, सिमी, स्कुस, लौका आदी, **फलफूल बालीको हकमा** सुन्तला, कागती, आँप, अम्बा, नासपाति, किवी, एभोकाडो, भुई स्याउ, केरा, अम्बा आदि, **नगदे तथा मसला बालीको हकमा** अकवरे, अंलैची, अदुवा, लसुन, वेसार, अम्लिसो, अकवरे, चिया , कफी लगायतका सम्भाव्य कृषि उपजको व्यवसायिक खेतीमा आकर्षण गर्ने साथै पकेट क्षेत्र निर्धारण गर्ने<br>**७. सिचाईको सुविधा र पूर्वाधार विकास**<br>● सवै वडाका कृषि योग्य जमिनमा सिँचाईकालागि वर्षातको पानीको मात्र निर्भरताको अन्त्यकालागि तालिका नं. ७.२.३.५ (ख) मा वडागत रुपमा प्रस्ताव गरिएका सवै वडामा गरी कुल ३८ वटा (पुरान तथा प्रस्तावित नयाँ समेत) सिंचाई पूर्वाधारको प्राथमिकताका आधारमा निर्माण विकास गर्ने साथै सञ्चालनमा रहेका वा बिभिन्न कठिनाईका कारण नियमित सञ्चालन हुन नसकेका पुराना सिंचाई पूर्वाधारको मर्मत सम्भार र स्तरोन्नती गरी कृषकहरूलाई सुलभ सिचाई सुविधा उपलब्ध गराउने<br>● वर्तमान श्रोत र पूर्वाधार बाट सिंचाईको सुविधा पुग्न नसक्ने सवै क्षेत्रमा अरुण नदीबाट लिफ्ट प्रविधि समेतका अन्य | **च. तरकारी बालीमाः** टमाटर, आलु, रयो साग, काउली, मुला, गाजर, काक्रो, फर्सि, सिमी, लसुन, प्याज, स्कुस, लौका आदी<br>लगायतका जैविक (Organic) कृषि उत्पादनलाई व्यवसायिक रुप प्रदान गरी उत्पादनको बिभिदिकरण र उत्पादकत्व वृद्धिको प्रसस्त सम्भावना रहेका प्रत्येक वडा र स्थान मा स्पष्ट रुपले पेकेट क्षेत्र किटान गरी कार्यान्वयनमा आएको हुनेछ<br>२. व्यवसायिक कृषि कार्यमा सम्लग्न कम्तिमा ७५ % पकेट क्षेत्रहरूमा आ.व. २०७८/७९ बाट सुरु गरी आ.व. २०८२/८३ भित्र ८५ % कृषि योग्य जमिनमा सिचाईको पर्याप्त सुविधा पुगेको हुनेछ<br>३. आ.व. २०७८/७९ बाटै वर्तमान गुजरामुखी कृषि प्रणली व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण हुने कार्यले तिब्रता पाएको हुनेछ<br>४. आ.व. २०७८/७९ बाटै कृषि उत्पादनहरूको | | सरकार<br>● सहायेगी तथा साझेदार व्यक्ति वा संघ संस्था तथा कार्यालय<br>● निजी क्षेत्र | |

| | | | | |
|---|---|---|---|---|
| बैकल्पिक व्यवस्थाको खाजी गरी सिँचाईको सुविधा पुऱ्याउने<br>● विद्यमान अवस्थामा यस गाउँपालिका भित्र कृषि तथा पशुबालिका पकेट क्षेत्र, तीनमा आधारित सेवा केन्द्र र कृषक समुहहरूको क्षमता विकास र बिस्तारकालागि थप सहयोग गर्ने<br>**८. यन्त्र उपकरण**<br>● आधुनिक कृषि यन्त्रहरूको प्रयोगमा विशेष सहुलियत प्रदान गर्ने<br>● आधुनकि यन्त्र उपकरणमा आधारित व्यवसायिक कृषि कार्यलाई बिशेष प्राथमिकताका साथ अघि बढाउने<br>**९. कृषि बाली बिमा, किटनासक विषादी, बिउबिजन तथा मलको व्यवस्थापन**<br>● गाउँपालिाको समेत सहयोग र साझेदारीमा कृषि बाली बिमालाई अनिवार्य गर्ने<br>● प्राङ्गरिक किटनासक विषादीको उपयोगलाई प्राथमिकता दिने तथा पर्याप्त उपलब्धताको संयन्त्र निर्माण गर्ने<br>● रासायनिक किटनासक विषादीको प्रयोगलाई निरुत्साहित गर्ने<br>● उन्नत जातको विउ विजन केन्द्र (सिड बैक) को स्थापना र विकास गर्ने साथै कृषकको रुची र आवश्यकता बमोजिमको विउ विजन उपलब्ध गराउने<br>● नर्सरीको स्थापना र विकास गर्ने<br>● निजी क्षेत्र समेतको सहयोग र साझेदारीमा प्राङ्गरिक मल उत्पादन गर्ने<br>● आवश्यकता परेको अवस्थामा कृषकलई सहज रुपमा मल तथा कृषि चुन समेत उपलब्ध हुने व्यवस्था मिलाउने<br>● सवै मौषम र समयमा उपलब्ध हुनेगरी कृषि बालीकालागि आवश्यक मल खाद भण्डारण केन्द्रको सम्बन्धित व्यवसायिहरू समेतको साझेदारीमा निर्माण व्यवस्था गर्ने<br>● स्थानीय उत्पादनले नपुग भएको मलखाद आपुर्ती गर्ने साथै मल तथा विउ विजनमा कृषकहरूलाई विषेश सहुलियत प्रदान गर्ने | नियाँतको मात्रामा वृद्धि भई अरुण गाउँपालिकाबासीको आयमा वृद्धि हुनुको साथै क्रयशक्तिमा बढोत्तरी भएको हुनेछ भने गाउँपालिकाले नियाँत ब्यापार सञ्जाल विकास र बिस्तारको नेत्रीत्व ग्रहण गरेको हुनेछ<br>५. आवधिक योजना कार्यान्वयन को सुरुवात सँगै बैंक तथा वित्तीय संस्था, सहकारी, थोक तथा खुद्रा बजार, आवागमन, रहन सहन लगायत मानिसका दैनिक आर्थिक कृयाकलाप मा अभिवृद्धि भएको हुनेछ<br>६. आ.व. २०८२/०८३ सम्ममा गाउँपालिकाको आन्तरिक आयको १५ देखि २० % अंस कृषि क्षेत्रको योगदान बाट पुरा भएको हुनेछ | | | |

| | | | | |
|---|---|---|---|---|
| • प्रङ्गरिक/जैबिक रोगनिरोधक विषादीको सुलभ व्यवस्थापन गर्ने साथै कृषकलाई प्रोत्साहन गर्ने<br>**१०. बजार सञ्जाल र आयत निर्यात केन्द्र**<br>• गाउँपालिकाको सदरमुकमा प्याउलीलाई मुख्य बजार केन्द्र र गाउँपालिकाका प्रत्येक वडा केन्द्र समेतमा निर्माणकालागि प्रस्ताव गरिएका ग्रमिण स्याटलाईट स्मार्ट बजार केन्द्र तथा बिद्यामान अवस्थामा सञ्चालनमा रहेका बजार केन्द्रहरूमा प्राथमिकता निर्धारण भए बमोजिम कृषि उपज संकलन केन्द्र तथा आयात निर्यात केन्द्रको स्थापन र विकास गर्ने<br>• कृषि उत्पादनको सहज विकि वितरणकालागि बजारको सुनिस्चितता प्रदान गर्ने प्रभावकारी बजार सञ्जाल निर्माण गर्ने<br>• गाउँपालिकाले ब्यापारिक दुतको भुमिका र जिम्मवारी निर्वाह गर्ने<br>**११. कृषि श्रोत केन्द्र तथा तालिम**<br>• तालिका नं. ७.२.३.५(च) मा प्रस्ताव गरिए बमोजिम ७ वटै वडामा एक एक वटा कृषि तथा पशुसेवा श्रोत केन्द्रको स्थापना र विकास गर्ने<br>• कृषक समूह तथा कृषकहरूलाई निशुल्क रुपमा व्यवसायमुलक तालिम दिने<br>१२ **बिशेष कार्यक्रमः**<br>• प्रत्येक व्यवसायिक कृषि बाली उत्पादन फर्म तथा समूह बिच अन्नबाली, दलहन, तेलहन, तरकारी तथा फलफूल, बालिको उत्पादनको मात्रा र उत्पादकत्व वृद्धिका आधारमा वडागत रुपमा प्रथम, दाश्रो र तेश्रो हुने १-१ जनालाई वार्षिक रुपमा कमस रु १ लाख, ५० हजार र २५ हजारको नगद पुरस्कार बाट सम्मानित गर्ने<br>• कृषिबालीका सम्भाब्य रोगका बारेमा बिशेष प्रकारको जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने<br>• कृषिबाली उपचारलाई गुणस्तरीय, समयबद्ध र प्रभावकारी बनाउने | | | | |

| २) **व्यवसायिक पशुपन्छी बालि विकास र प्रवर्द्धन** (भौतिक पूर्वाधार, उत्पादन र उत्पादकत्व वृद्धि) | | | | |
|---|---|---|---|---|
| **अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलापहरू (योजना तथा कार्यक्रम)** | **सूचकहरू** | **जानकारीको श्रोत** | **जिम्मेवारी** | **पूर्वानुमान /जोखिम** |
| **क) अपेक्षित प्रतिफल/ नतिजा**<br>यस गाउँपालिका क्षेत्रमा रहेका आधुनिक कृषि उत्पादनमा पूर्ण रुपले प्रयोगमा आउन नसक्ने तथा खुल्ला रुपमा प्रयोग बिहिन रहेका जमिन समेतका सम्भाव्य क्षेत्रलाई एकीकृत गरी पूर्वाधार युक्त व्यवसायिक पशु पन्छी तथा माछा पालन क्षेत्रको रुपमा विकास गरी आगामि ५ वर्ष भित्र अरुण गाउँपालिका दुध तथा दुग्ध पदार्थ, माछा, मासु, तथा अण्डा उत्पादन र उपभोगमा आत्म निर्भर हुनुको साथै निकासियोग्य क्षमताको विकास भई यस गाउँपालिकाका उपरोक्त व्यवसायमा सम्लग्न गाउँपालिकाबासी को वार्षिक आयमा दोब्बरले वृद्धि भएको हुनेछ। | | | | |
| **<u>ख) कृयाकलाप (योजना तथा कार्यक्रम):</u>**<br>१. पशुपन्छी बालीको तथ्याङ्क अध्यावधिक गर्ने<br>२. पशुपन्छी पालन पकेट क्षेत्र निर्धारण गर्ने<br>● तालिका नं. ७.२.३.५ (क) बमोजिम सम्भाव्य सवै वडामा गरी प्रस्ताव भएका र पछि हुने व्यवसायिक पशुपन्छी तथा माछा पालन सँग सम्बन्धित आयोजना बाट गाई तथा भैसीपालन मार्फत दुध तथा दुग्ध पदार्थको उत्पादन र खसि बाखा, कुखुरा, सुँगुर बँगुर, खरायो, हाँस साथै माछापालन बाट माछा मासु र अण्डा उत्पादन गरी आत्म निर्भर मात्र हैन निकासी समेत गर्ने<br>**३. गोठ सुधार, आहार तथा चरन क्षेत्र**<br>● तालिका नं. ७.२.३.५ (क) मा प्रस्तावित भएका आयोजना तथा अन्य सम्भाव्य पकेट क्षेत्रमा गोठ तथा खोर सुधार कार्यक्रम सञ्चालन गर्ने, एक घर एक सुधारिएको गोठ वा एक समुह एक सुधारिएको गोठ कार्यक्रम सञ्चालन गर्ने साथै आवश्यक पूर्वाधार निर्माणमा विशेष सहुलियत प्रदान गर्ने<br>● तालिका नं ७.२.३.५(ङ) का प्रस्तावित लगायत अरुण गाउँपालिकाका बिभिन्न वडाका सम्भाव्य क्षेत्रको अध्ययन समेत गरी बिभिन्न क्षेत्रहरूमा **<u>चरन क्षेत्र</u>** विकास गर्ने साथै डाले र भुईघासको विकास गर्ने<br>● यस गाउँपालिकका बिभिन्न खोला किनार तथा अन्य | १. आ.व. २०७८/८० भित्र अरुण गाउँपालिका क्षेत्रका कृषिबाली उत्पादनका लागि उपयुक्त नरहेका समेत सम्भाव्य सवै क्षेत्रको पहिचान गरी पशु पन्छी पालन, माछापालनका पेकेट क्षेत्र किटान गरी कार्यान्वयनमा आएका हुनेछन्<br>२. प्रति वर्ष कम्तिमा २-२ वटा गाई, भैसी, बाखा, सुंगुर तथा बंगुर, कुखुरा र माछा पालन व्यवसायको स्थापना र विकास गरी आ.व. २०८१/८२ भित्र सवै प्रकारका कम्तिमा १०-१० वटा व्यवसायिक पशुपन्छी पालन फारम सञ्चालनमा | ● गाउँ कार्यपालिका को निर्णय पुस्तिका<br>● गाउँसभाको निर्णय पुस्तिका<br>● गाउँपालिकाको योजना पुष्तिका<br>● व्यवसायिक पशुपन्छी पालन संग सम्बन्धित फर्म तथा संघ संस्थाहरू को अभिलेख<br>● स्थालगत अवस्था | **<u>१.प्रमुख जिम्मेवारी:</u>**<br>● सम्बन्धित व्यक्ति, निजी क्षेत्र तथा सस्था<br>● गाउँ कार्यपालिका<br>● व्यवसायिक पशुपन्छी पालन संग सम्बन्धित निकाय, कार्यालय, ब्यक्ति, फर्म तथा संघ संस्था<br>२. **<u>सहयोगी</u>**<br>● संघीय तथा प्रदेश सरकार<br>● सहायेगी | ● आर्थिक स्रोत<br>● दाता वा साझेदर र सहयोगी<br>● जग्गा जमिनको उपलब्धता<br>● आहार<br>● प्रकृतिक प्रकोप<br>● रोगनिरोधक विषादी<br>● यन्त्र उपकरण |

| | | | | |
|---|---|---|---|---|
| सम्भाव्य क्षेत्रको समेत पहिचान गरी र घाँस खेतिकालागि विउ वितरण गर्ने<br>● निजी क्षेत्र समेतको सहयोग र साझेदारीमा पशु पन्छी आहार उत्पादन उद्योगको स्थापना र विकासमा सहयोग गर्ने<br>● स्थानीय उत्पादनले नपुग भएको पशु पन्छी तथा माछाकालागि आवश्यक आहार आपुर्ती गर्ने ।<br>**४. उन्नत जातको बिउ विजन तथा यन्त्र उपकरण**<br>● दुध दुहुने, घाँस काट्ने, थलो सफा गर्ने लगायतका आधुनिक यन्त्र उपकरणहरूको प्रयोगमा विशेष सहुलियत प्रदान गर्ने<br>● नश्ल सुधार–कृत्रिम गर्भाधान सेवाको विकास र विस्तारलाई थप प्रभावकारी बनाउने साथै बाख्रा पालनका लागि बिउ बोका तथा विर वितरण गर्ने<br>● मिसन कृतिम गर्भाधान कार्यक्रम सञ्चालनकालागि न्यूनतम रुपमा २ वाड एक प्राविधिकको व्यवस्थापन गर्ने<br>● पोखरी निर्माणमा सहयोग गर्ने तथा माछा भूरा सहुलियत दरमा प्राप्त गर्न सहयोग गर्ने<br>**५. पशुपन्छी बिमा तथा औषधी उपचार**<br>● रोगनिरोधक औषधीको सुलभ व्यवस्थापन तथा खोप कार्यक्रम सञ्चालन गर्ने<br>● गाउँपालिकाको समेत सहयोग र साझेदारीमा पशुविमा कार्यक्रम लागु गरी प्रभावकारी बनाउने साथै गाउँपालिका बाट विशेष सहुलियत प्रदान गर्ने<br>**६. सङ्कलन केन्द्र, श्रोत केन्द्र तथा तालिम**<br>● श्रोत केन्द्रको स्थापना र विकास गर्ने<br>● आन्तरिक तथा बाह्य बजार सञ्जाल निर्माण गरी बजारको सुनिस्चितता प्रदान गर्ने<br>● वर्तमान मा सञ्चालनमा रहेका तथा प्रस्ताव गरिएको बाजर केन्द्रहरूमा दुध तथा माछा साथै पशु पन्छी संकलन | आएका हुनेछन्<br>३. आ.व. २०८१/८२ भित्र सूचक २ बमोजिमका फारमहरूबाट दैनिक कम्तिमा ४ हजार देखि ५ हजार लिटर दुध तथा दुग्ध पदार्थ, २ हजार देखि ३ हजार के.जी मासु, १ हजार देखि २ हजार के.जी माछा को उत्पादन भई न्यूनतम रुपमा देनिक २५ लाख भन्दा माथिको आर्थिक कारोवार भएको हुनेछ<br>४.आ.व. २०७९/८० भित्र वर्तमान गुजरामुखी पशुपन्छी तथा माछा पालन कार्य व्यवसायिक प्रणालीमा रुपान्तरण हुने कार्यले सार्थकता पाएको हुनेछ<br>५. व्यवसायिक पशुपन्छी पालन को माध्यम बाट अरुण गाउँपालिका बासीको आयमा वृद्धि भई क्रयशक्तिमा बढोत्तरी भएको हुनेछ<br>६. बैंक तथा वित्तीय संस्था, सहकारी, थोक तथा खुद्रा बजार, आवागमन, रहन सहन लगायत मानिसका | | तथा साझेदार व्यक्ति वा संघ संस्था तथा कार्यालय<br>● निजी क्षेत्र | |

| | | | | |
|---|---|---|---|---|
| केन्द्रको स्थापन र विकास गर्ने (**बजार सञ्जल र आयात निर्यात केन्द्र समेत**)<br>● व्यवसायीहरूलाई निशुल्क रुपमा व्यवसायमुलक तालिम दिने<br>**७. बिशेष कार्यक्रम:**<br>● प्रत्येक फर्म तथा समूह बिच दुध तथा दुग्ध पदार्थ माछामासु, अण्डा उत्पादन किसानहरू बिच उत्पादनको मात्रा र उत्पादकत्व वृद्धिका आधारमा वडागत रुपमा प्रथम, दाश्रो र तेश्रो हुने १-१ जनालाई वार्षिक रुपमा क्रमस रु १ लाख, ५० हजार र २५ हजारको नगद पुरस्कार बाट सम्मानित गर्ने<br>● जोनोटिक रोगका बारेमा बिशेष प्रकारको जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने<br>● पशुपन्छी उपचारलाई गुणस्तरीय, समयबद्ध र प्रभावकारी बनाउने<br>● एक घर एक गाई एक माई वा दाजुभाई तथा दिदीबैनी बीमा कार्यक्रम सञ्चालन गर्ने | दैनिक आर्थिक कृयाकलापमा अभिवृद्धि भएको हुनेछ<br>७. यस आवधिक योजनाको अन्तिम वर्ष आ.व. २०८२/८३ सम्ममा पशुपन्छी पालन व्यासायमा हुने आर्थिक कारोवार बाट गाउँपालिकाको आन्तरिक आयमा न्यूनतम १० देखि १५ % अंस ओगटेको हुनेछ | | | |

**३) उद्योग व्यवसाय** (भौतिक पूर्वाधार, उत्पादन तथा उत्पादकत्व वृद्धि साथै व्यवसाय स्थापना र बिस्तार)

| **अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलापहरू (योजना तथा कार्यक्रम)** | **सूचकहरू** | **जानकारीको श्रोत** | **जिम्मेवारी** | **पूर्वानुमान /जोखिम** |
|---|---|---|---|---|
| **क) अपेक्षित प्रतिफल/ नतिजा**<br>अरुण गाउँपालिका क्षेत्र भित्र कुटिर, घरेलु तथा साना उद्योगकालागि औद्योगिक ग्रामको स्थापना र सञ्चालन साथै मझौला र ठूला उद्योगहरूको स्थापना र विकास तथा चिया बगान र प्रशोधन केन्द्र समेत स्थापित भई रोजगारीको सृजना, औद्योगिक उत्पादनमा बढोत्तरी, निर्यातमुखि उत्पादनमा विस्तार हुनुको साथै यस गाउँपालिकाका उपरोक्त व्यवसायमा सम्लग्न गाउँपालिकाबासीको वार्षिक आयमा दोब्बरले वृद्धि भएको हुनेछ । | | | | |
| **ख. कृयाकलाप :**<br>१. उद्योग व्यवसायको तथ्याङ्क अध्यावधिक गर्ने साथै गाउँपालिका स्तरीय औद्योगिक विकास र प्रवर्द्धन ऐनको निर्माण गरी कार्यान्वयन गर्ने<br>२. तालिका नं. ७.२.३.७ (क) र (ख) मा प्रस्तावित वा उल्लेख भएका समेत गरी डेरि उद्योग, नेपाली काचो कागत उद्योग, | १. आ.व. २०७८/७९ भित्र गाउँपालिका स्तरीय अरुण औद्योगिक ग्रामको स्थपना भई कार्यान्वयनमा आएको हुनेछ । साथै आ.व.२०७९/८३ | ● गाउँ कार्यपालिका को निर्णय पुस्तिका<br>● गाउँसभाको निर्णय पुस्तिका | **१.प्रमुख जिम्मेवारी:**<br>● सम्बन्धित व्यक्ति, निजी क्षेत्र तथा | ● सकृय निजी क्षेत्र<br>● आर्थिक स्रोत<br>● दाता वा |

| | | | | |
|---|---|---|---|---|
| २.८ | सबै घरपरिवारमा स्वच्छ खानेपानी को मात्र उपभोग गर्ने साथै चर्पी गएपछि, खाना खानु अगाडी र बालबालिकाको दिसा धोए पछि सावुन पानीले अनिवार्य हात धुने परिपाटीको पूर्ण विकास भएको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | | |
| **३** | **खानेपानीः भौतिक पूर्वाधार, सेवा प्रवाह र गुणस्तर सुधार** | | | | | | |
| ३.१ | खानेपानी व्यवस्थापन सम्बनधी स्थानीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार भई कार्यान्वयनमा आएको हुनेछ | ✓ | | | | | |
| ३.२ | तालिका नं. ७.२.४.३ मा उल्लेख भएका प्राथमिकता नं. १ मा परेका अधिकतम र प्राथमिकता नं. २ परका अति आवश्यक खानेपानीका पूर्वाधारहरू मर्मत सम्भार, नयाँ निर्माण तथा पुनरनिर्माण भई सञ्चालनमा आएका हुनेछन साथै एक घर एक खानेपानी धारा अभियान समेतका आधारमा सतप्रतिसत गाउँपालिकाबासीले स्वच्छ खानेपानी को सुविधा उपभोग गरेका हुनेछन् | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ३.३ | गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका तथा सञ्चालनमा आउने सबै विद्यालय, सार्वजनिक स्थलमा रिजर्वायर टेङ्की सहितको पाइपलाईन बाट स्वच्छ र सुरक्षित खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ | ✓ | ✓ | ✓ | | | |
| ३.४ | सरकारी तथा निजी क्षेत्रका प्रयोगशाला सँग साझेदारी वा समन्वय गरी गुणस्तर नपुगेका भनि संकास्पद लागेका खाद्य पदार्थ तथा खानेपानीको नियमित परिक्षाण गर्ने व्यवस्था मिलाएको हुनेछ | ✓ | ✓ | | | | |
| ३.५ | गाउँपालिका क्षेत्रा भित्र गुणस्तर हिन खानेपानीका कारण मानिसमा लाग्ने रोगमा ९५ % ले कमि आएको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| **४** | **शौचालयः भौतिक पूर्वाधार, सेवा प्रवाह र गुणस्तर** | | | | | | |
| ४.१ | गाउँपालिकाका सबै घरपरिवार ले आ-आफ्नै सुविधायुक्त पारिवारिक शौचालय निर्माण गरी पूर्ण रुपले प्रयोगमा ल्याएका हुनेछन् | ✓ | | | | | |
| ४.२ | बसपार्क, हाटबजार क्षेत्र, मुख्य बजार क्षेल, पर्यटकीय स्थल, सरकारी तथा गैरसरकारी कार्यालय लगायतका सार्वजनिक स्थालहरूमा सुविधयुक्त सार्वजनिक शौचालय हरूको निर्माण भई पूर्ण रुपले सञ्चालनमा आएका हुनेछन् | ✓ | ✓ | ✓ | | | |
| ४.३ | अरुण गाउँपालिका सार्वजनिक शौचालयको सुव्यवस्थापन सहित पूर्ण रपले खुला दिसा मुक्त क्षेत्रको रुपमा विकास भएको हुनेछ साथै खुला शौचका कारण उत्पन्न हुने रोगब्याधिमा ९५ % ले कमि आएको हुनेछ | ✓ | ✓ | ✓ | | | |
| **५** | **महिला तथा लैङ्गिक समानता** | | | | | | |
| ५.१ | महिला अधिकार संरक्षण तथा सम्बर्द्धनका लागि आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार भएको हुनेछ। | ✓ | | | | | |
| ५.२ | बालबिवाहको अन्त्य भएको हुनेछ | ✓ | | | | | |
| ५.३ | घरपरिवार र समुदायबाट महिला हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम | ✓ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा आएको हुनेछ । | | | | | | |
| ५.४ | सबै सरोकारवाला संघ सस्था कार्यालय,, उद्योगि, व्यापारी तथा व्यवसायीहरूले महिला अधिकार संरक्षण र सम्बर्धनमा प्रतिवद्धता जाहेर गरेका हुनेछन र आ(आफ्नो क्षेत्र बाट आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याएका हुनेछन् | ✓ | | | | | |
| ५.५ | महिला शिप विकास र व्यवसाय सञ्चालन क्षमता विकास भई महिलाहरू आर्थिक आत्म निर्भरताको मात्रामा ५० % ले वृद्धि भएको हुनेछ | ✓ | | | | | |
| ५.६ | कम्तिमा एक वाड एक महिला उद्यमी अन्तरगत १५ वटा महिला उद्यमीको विकास | ✓ | | | | | |
| ६ | **बालबालिका: बाल अधिकार संरक्षण र सम्बर्द्धन साथै बालमैत्री वातावरण विकास** | ✓ | | | | | |
| ६.१ | राष्ट्रिय तथा गाउँपालिका स्तरीय सूचक सहितको बालमैत्री स्थानीय शासन कार्यान्वयन रणनीतिक योजना तर्जमा भई कार्यान्वयनमा आएको हुनेछ | ✓ | | | | | |
| ६.२ | बालमैत्री गाउँपालिका घोषणाकालागि आवश्यक न्यूनतम सूचकहरू पुरा भई बालमैत्री गाउँपालिकाको रुपमा घोषणा भएको हुनेछ | ✓ | | | | | |
| ६.३ | अरुण गाउँपालिका बालमैत्री गाउँपालिकाको रुपमा पूर्ण कृयाशिल भई निरन्तरता | ✓ | | | | | |
| ७ | **यूवा विकास: रोजगारी श्रृजना तथा गरिवी निवारण, क्षमता विकास** | ✓ | | | | | |
| ७.१ | यूवा विकास कार्यक्रम संग सम्बन्धित स्थानीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार भई कार्यान्वयनमा आएको हुनेछ | ✓ | | | | | |
| ७.२ | वर्तमान रोजगारिको अवस्थामा ५० % ले वृद्धि भएको हुनेछ | ✓ | ✓ | ✓ | | | |
| ७.३ | रोजगारी र अवसरको खोजीमा विदेशिने यूवा यूवतीको वर्तमान संख्यामा ५० % ले कमि आएको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ७.४ | गाउँपालिका बासीहरूको आय आर्जनमा वृद्धि भई वर्तमान निरपेक्ष गरिवी ५५ देखि ६० % ले घटेको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ७.५ | गाउँपालिका क्षेत्र भित्रका अति बिपन्न परिवारको घरमा जस्तापाताको छाना लागेको हुनेछ | ✓ | ✓ | | | | |
| ८ | **जेष्ठ नागरिक** | ✓ | | | | | |
| ८.१ | सामाजिक शुरक्षा संग सम्बन्धित गाउँपालिका स्तरीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार भएको हुनेछ | ✓ | | | | | |
| ८.२ | प्रत्येक वडामा जेष्ठ नागरिक मिलन केन्द्र, कानूनी सहायता केन्द्र, स्वास्थ्य उपचार केन्द्र जस्ता केन्द्र तथा चौतारीहरूको निर्माण, व्यवस्थापन र सञ्चालन भएको हुनेछ | ✓ | ✓ | | | | |
| ८.३ | जेष्ठ नागरिकहरू संग अन्तरनिहित शिप, अनुभाव र ज्ञानको सदुपयोग गरी आर्थिक तथा सामाजिक विकासमा योगदान पुग्न थालेको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ९ | **अपाङ्गता तथा फरक क्षमता: सामाजिक सुरक्षा, क्षमता विकास र सम्मान** | | | | | | |
| ९.१ | अपाङ्ग तथा फरक क्षमता भएकाहरूको सामाजिक शुरक्षा र सम्मान संग सम्बन्धित गाउँपालिका स्तरीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार भएको हुनेछ | ✓ | | | | | |
| ९.२ | निर्माण भई सकेका सार्वजनिक स्थल, विद्यालय, कार्यालयका भौतिक पूर्वाधारहरू अपाङ्गमैत्री बनेका हुनेछन साथै अव बनने पूर्वाधारहरू अनिवार्य अपाङ्ग मैत्री बन्ने व्यवस्था | ✓ | ✓ | ✓ | | | |
| ९.३ | सबै प्रकारका अपाङ्ग तथा फरक क्षमता भएकाहरूले आत्मसम्मानकासाथ जीबन यापन गर्न सक्ने वातावरणको विकास भएको हुनेछ साथै अपाङ्ग तथा फरक क्षमता भएकाहरू समेत | ✓ | ✓ | ✓ | ✓ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क्षमता बामोजिमको आय आर्जन कार्यमा सम्लग्न हुने कार्यले गति लिएको हुनेछन | | | | | | |
| १० | **लक्षित बर्ग तथा समुदायः सामाजिक न्याँय, समानता र अवसर ( दलित, आदिवासी जनजाती तथा पिछडा बर्ग लगायत)** | | | | | | |
| १०.१ | दलित, आदिवासी जनजाती तथा पिछडा बर्ग लगायतका लक्षित समुदायलाई गाउँपालिका विकासको मुल धारमा ल्याउन आवश्यक गाउँ पालिका स्तरीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार भई कार्यान्वयनमा आएका हुनेछन् | ✓ | | | | | |
| १०.२ | गाउँपालिका भित्र बसोबास गर्ने दलित, आदिवासी जनजाती तथा पिछडा बर्ग लगायत सम्पूर्ण लक्षित समुदाय गाउँपालिका विकासको मुल धारमा समावेश हुने कार्यमा बढोत्तरी भएको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १०.३ | वर्तमान अवस्थामा सिमान्त कृत तथा गरिवीको रेखामुनी रहेका  दलित, आदिवासी जनजाती तथा पिछडा बर्ग समेतका लक्षित समुदाय समेतको साझेदारीमा आर्थिक विकास कार्यक्रम अन्तरगत  गाउँपालि का क्षेत्र भित्र कम्तिमा एक वाड एक घरेलु उद्योग वा व्यापार व्यवसाय सञ्चालन मा आएका हुनेछन् साथै यसमा निरन्तर वृद्धि भएको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १०.४ | गाउँपालिका भित्र रहेका सवै बर्ग र तहका घरबार बिहिन वा सुरक्षित आवस नभएका गाउँपालिका बासीकालागि सुरक्षित आवासको व्यवस्था भएको हुनेछ । | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ११ | **खेलकुदः भौतिक पूर्वाधार तथा क्षमता विकास** | | | | | | |
| ११.१ | वडा नं. ३ को मच्याङ डांडामा गाउँपालिका स्तरीय (क) खेलमैदान वडा नं. ६ को जरायोटारमा निर्माण गरिने गाउँपालिका स्तरीय खेलमैदान (ख) को निर्माण सम्पन्न भई सञ्चालनमा आएको हुनेछ । | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ११.२ | तालिका नं. ७.२.४.५ मा समावेश भएका प्राथमिकता नं. P1 मा रहेका वडास्तरीय समेतका खेलमैदान को निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएका हुनेछन | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ११.३ | गाउँपालिका भित्रका सत प्रतिसत विद्यालयहरूमा न्यूनतम मापदण्ड बमोजिमका खेलमैदानको निर्माण व्यवस्थापन भई सञ्चालनमा आएका हुनेछन् | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ११.४ | वार्षिक रुपमा गाउँपालिका स्तरीय अरुण रनिङ सिल्ड गोल्ड कप प्रतियोगिता सञ्चालनमा अएको हुनेछ | ✓ | | | | | |
| ११.५ | व्यवशायीक खेलाडी उत्पादनका साथ अरुण गाउँपालिका खेलकुद हवको रुपमा समेत विकास हुँदै गएको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | | |
| १२ | **खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षणः** | | | | | | |
| १२.१ | खाद्य शुरक्षा तथा उपभोक्ता हित सम्बनधी आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार भई कार्यान्वयनमा आएको हुनेछ | ✓ | | | | | |
| १२.२ | भित्र जग्गाको व्यवस्थापन सहित आर्थिक विकास योजना मा समावेश भएका गाउँपालिका स्तरीय खाद्य शुरक्षा भण्डारण तथा चिस्यान केन्द्रको निर्माण तथा सञ्चालन व्यवस्थापन भई गाउँबासी कम्तिमा ३ महिनाकालागि पुग्ने खाद्य पदार्थ भण्डारणको कार्यले भोक र अभावका कारण उत्पन्न हुने जोखिम बाट शुरक्षित भएको हुनेछन् | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १२.३ | गाउँपालिका भित्र खाद्य शुरक्षा सहित गुणस्तरीय खाद्य पदार्थको विकि वितरण र उपभोगको सुनिस्चितता भएको हुनेछ | ✓ | ✓ | ✓ | | | |

**ख. तर्कबद्ध प्रणाली बमोजिम योजनाको विस्तृत विवरण**

| **१. शिक्षा २. स्वास्थ्य ३. खानेपानी तथा शौचालय ४. महिला तथा बालबालिका ५. लक्षित समुह (जेष्ठ नागरिक, अपाङ्ग समेत) ६. खेलकुद ७. खाद्य शुरक्षा तथा उपभोक्ता हित संरक्षण** | | | | |
|---|---|---|---|---|
| **अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलाप (योजना तथा कार्यक्रम)** | **सूचकहरू** | **जानकारीको श्रोत** | **जिम्मेवारी** | **पूर्वानुमान /जोखिम** |
| **१. शिक्षा** | | | | |
| **१.१ भौतिक पूर्वाधारः**<br>**क).अपेक्षित प्रतिफल/ नतिजा**<br>**यस आवधिक योजना अवधि (आ.व. २०७८/७९-२०८२/८३) मा गाउँपालिका क्षेत्र भित्रका सवै सामुदायिक तथा संस्थागत विद्यालय तथा उच्च शिक्षाकालागि स्थापित शिक्षण संस्थाहरू साथै बालविकास केन्द्र र पूर्व प्राथमिक विद्यालयहरूको न्यूनतम भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नती भई सुविधा सम्पन्न भएका हुनेछन् ।** | | | | |
| **ख) <u>कृयाकलाप (योजना तथा कार्यक्रम)</u>:**<br>• २०७७ साल असार मसान्त भित्र **"अरुण गाउँपालिका शैक्षिक नीति"** तथा त्यसमा आधारित आवश्यक ऐन, नियम, निर्देशिका तथा कार्यविधि तयार गर्ने<br>• गाउँपालिका शिक्षा समितको गठन र परिचालन र व्यवस्थापनलाई थप प्रभावकारी बनाउने<br>• सवै विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको गठन तथा पुनरगठन गरी थप कृयाशिल गराउने<br>• बालमैत्री विद्यालयकालागि भौतिक पूर्वाधार, सेवा प्रवाह र गुणस्तर सुधार सम्बनधी न्यूनतम सूचकहरूको निर्धारण गर्ने<br>• गाउँपालिका क्षेत्र भित्र सवै वडाका बालविकास केन्द्र तथा सवै सामुदायिक विद्यालय, उच्च शिक्षालायमा बालमैत्री | १. गाउँपालिका क्षेत्र भित्रका सवै सामुदायिक तथा सस्थागत विद्यालय तथा उच्च शिक्षा प्रदान गर्ने शिक्षालयहरूमा आ.व. २०८१/८२ भित्र बिद्यार्थिको उपस्थिति तथा तालिका नं. ७.२.४.१ (क) र (ख) मा प्रस्ताव गरिएका योजनाका आधारमा देहाय बमोजिमका न्यूनतम भौतिक पूर्वाधारहरूको निर्माण विकास कार्य पुरा भएको हुनेछन् ।<br>➢ सुविधा सम्पन्न भवन, कक्षा कोठा तथा फर्निचर १०० %<br>➢ कम्पाउण्ड घेराबारा ९५ %<br>➢ विद्युतिकरण १०० %<br>➢ विद्यालय तथा सवै शिक्षालयमा छात्र छात्रा को लागि अलग अलग र र वास (Wash) सहितको पर्याप्त शौचालयको व्यवस्था १०० % साथै सामुदायिक सिकाई केन्द्रमा सुबिधा सम्पन्न वास (Wash) सहितको शौचालय निर्माण | • गाउँपालिकाको निर्णय पुस्तिका<br>• गाउँसभाको निर्णय पुस्तिका<br>• गाउँपालिकाको योजना पुष्तिका<br>• गाउँपालिका शिक्षा शाखाको प्रतिवेदन<br>• वडा कार्यालयको प्रतिवेदन<br>• संबन्धित बिद्यायलय का अभिलेख<br>• निजी विद्यालयसंग आवद्ध संघ संस्थाहरूका | १. **<u>प्रमुख जिम्मेवारीः</u>**<br>• गाउँपालिका<br>• विद्यालय व्यवस्थापन समिति<br>• अभिभावक<br>• सम्बन्धित विद्यालय<br>• केन्द्र तथा प्रदेश सरकार<br>२. **<u>सहयोगी</u>**<br>• घरपरिवार तथा समुदाय र सामाजिक अगुवा<br>• शिक्षक<br>• शिक्षा संग सम्बन्धित | • जग्गा जमिनको उपलब्धता<br>• आर्थिक स्रोत<br>• दाता वा साझेदर र सहयोगी<br>• संघीय, प्रादेशिक तथा स्थानीय ऐन, कानून, नीति निर्देशन |

| | | | | |
|---|---|---|---|---|
| सूचकका आधारमा सुविधायुक्त न्यूनतम भौतिक पूर्वाधार (भवन, कार्यालय तथा कक्षा कोठा, फर्निचर तथा डेष्क बेञ्च, छात्र र छात्राकालागि अलग अलग सौचालय, छात्राहरूकालागि सेनिटरी प्याड तथा आवश्यक सामाग्रि सहितको चेन्जिङ कक्ष, खानेपानी, इन्डोर तथा आउटडोर खेलमैदान, विज्ञान प्रयोगशाला, पुष्तकालय, कम्प्यूटर सहितका शैक्षिक उपकरण, बगैंचा, जनशक्ति व्यवासथपन लगायतको) तालिका नं. ७.२.४.१ (क) र (ख) मा उल्लेख भए बमोजिम समेतका आधारमा निर्माण व्यवस्थापन गर्ने<br>● संस्थागत विद्यालयहरूले बालमैत्री विद्यालय सूचक बमोजिमका भौतिक पूर्वाधारहरूको अनिवार्य व्यवस्था गर्नु पर्ने बाध्यकारी व्यवस्था गर्ने | ➢ शुद्ध र सुरक्षित खानेपानी को सुविधा १०० %<br>➢ कक्षा ६ भन्दा माथिका कक्षामा अध्ययन गर्ने बालिकाकालागि चेन्जिङ कक्ष १०० %<br>➢ खाजा कक्ष निर्माण १०० %<br>➢ फोहरमैला व्यवस्थापन १०० %<br>➢ पुस्तकालय (ई-पुष्तकालय समेत) ७५ %<br>➢ विज्ञान प्रयोगशाला ७५ %<br>२. आ.व. २०८१/८२ भित्र गाउँपालिका क्षेत्रमा १ वटा कृषि विज्ञान समेतको प्राविधिक विद्यालयवा क्याम्पसको स्थापना र सञ्चालन गर्ने साथै सम्भाव्य माध्यमिक तहमा कृषि विज्ञान तथा प्राविधिक विषयको पठन पाठनको व्यवस्था भएको हुनेछ<br>३. अरुण गाउँपालिका भित्र सञ्चालनमा रहेका सवै धार्मिक विद्यालयहरू ऐन कानूनको परिधि भित्र रहि आ.व.२०८१/८२ भित्र सामुदायिक विद्यालयमा रुपान्तरण भएका हुनेछन् । | वार्षिक प्रतिवेदन तथा शैक्षिक अनुशन्धान पुस्तिका<br>● टोल विकास संस्था वा नागरिक वडा मञ्चहरूको अभिलेख<br>● बालक्लवको प्रतिवेदन<br>● स्थालगत अवस्था<br>● सञ्चारको श्रोत | पेशागत संघ संगठन<br>● बालक्लव<br>● सामुदायिक संघ सस्थाहरू<br>● सहयोगी तथा साझेदार संघ सस्थाहरू | |

**१.२ विद्यालय भर्ना तथा नियमितताः**

**क) अपेक्षित प्रतिफल / नतिजा**

**विद्यालय उमेरका सवै बालबालिका विद्यालय भर्ना भएका हुनेछन साथै समय अगावै विद्यालय छाड्ने दर घट्नुको साथै शिक्षाको अवसर बाट बन्चित पूर्व प्राथमिक विद्यालय तथा विद्यालय र उच्च शिक्षा उमेर समुहका सवै बालबालिकाको शिक्षामा पहुँच पुगेको हुनेछ ।**

| | | | | |
|---|---|---|---|---|
| **ख) कृयाकलाप (योजना तथा कार्यकम):**<br>● सामाजिक नक्साङ्कनका आधारमा विद्यालय उमेरका तर विद्यालय जाने अवसर बाट बन्चित रहेका बालबालिकाहरूको अवस्था विवरण सहितको तथ्यांक संकलन गर्ने<br>● लक्षित वर्गका बालबालिकाको विद्यालयमा पहुंच वृद्धिकालागि अभिभावक शिक्षा, | १. वि.सं. २०७८ साल भित्र आवश्यकताको आधारमा सवै विद्यालयहरूमा न्यूनतम पूर्वाधार सहितका बाल विकास केन्द्रहरूको स्थापना र व्यवस्थापन भएको हुनेछ । | ● गाउँपालिकाको निर्णय पुस्तिका<br>● गाउँसभाको निर्णय पुस्तिका<br>● गाउँपालिकाको योजना पुष्तिका | **१. प्रमुख जिम्मेवारी:**<br>● गाउँपालिका<br>● विद्यालय व्यवस्थापन समिति<br>● अभिभावक | ● आर्थिक स्रोत<br>● दाता वा साझेदर र सहयोगी<br>● संघीय, प्रादेशिक |

| | | | | |
|---|---|---|---|---|
| अभिभावक भेला तथा पिछडिएका गरिव टोलबस्ती लगायतमा विद्यालय भर्नाका लागि जनचेतनामुलक घरदैलो कार्यक्रम सञ्चालन गर्ने<br>• गाउँपालिकाका सवै विद्यालयमा पूर्व प्राथमिक शिक्षा कार्यक्रम तथा गाउँपालिकापालिका क्षेत्रका गरिव, सुकुम्बासी वस्तिहरूमा आवश्यकता बमोजिम प्रारम्भिक बालविकास केन्द्रहरूको स्थापना तथा सञ्चालन गर्ने<br>• सवै सामुदायिक विद्यालायमा अध्ययनरत बालिकाहरूका लागि सेनिटरी प्याडको प्रयोगको विकास र सुनिस्चितता गर्ने<br>• अनौपचारिक शिक्षा तथा बालशिक्षा कार्यकम सञ्चालन गर्ने<br>• अति गरिव तथा बिपन्न बर्गका बालबालिकाहरूलाई निशुल्क शैक्षिक सामग्री र छात्रबृतिको व्यवस्थापन गर्ने<br>• अनाथ, असहाय साथै सडक बालबालिकाहरूकालागि खाना, नाना र बास सहितको शैक्षिक कार्यकम सञ्चालन गर्ने<br>• गाउँपालिकाका सवै वडामा साक्षरता अभियान सञ्चालन गर्ने<br>• कक्षा ६ देखि माथिका विद्यालयमा कम्प्यूटर शिक्षा सहितका प्राबिधिक शिक्षालाई अनिवार्य गर्ने<br>• **"घरमा जे पाक्छ त्यहि लग्छ"** भन्ने उद्घोषका साथ बालबालिकाकालागि विद्यालय खाजा कार्यकमलाई अनिवार्य र व्यवस्थित गर्ने | २. गाउँपालिका क्षेत्रका ४ वर्ष सम्म उमेर समुहका ९५ % बालबालिकाहरू वि.सं. २०७९ साल भित्र प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनेछन्<br>३. वर्तमान मा बालबालिकाको विद्यालय भर्नादर ८० % रहेकोमा कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका सत्प्रतिशत बालबालिका हरू आ.व. २०७९/८० भित्र विद्यालय भर्ना भएका हुनेछन्<br>४. आ.व. २०७९/८० भित्र ५ देखि १२ वर्ष उमेर समूहका ९५ % बालबालिकाले आधारभूत शिक्षा ( १ कक्षा देखि ८ सम्म) कमिक रुपले पुरा गर्दै गरेका हुनेछन्<br>५. आ.व. २०७८/७९ भित्र आवश्यक न्यूनतम पूर्वाधारको व्यवस्थापन गरी औपचारिक शिक्षाबाट वञ्चित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्थाको सुरुवात भएको हुनेछ<br>५. आ.व. २०८१/८२ भित्र बालबालिकाले विचैमा विद्यालय छाड्ने (Dropout) दर ९५ % ले घटेको हुनेछ | • गाउँपालिका शिक्षा शाखाको प्रतिवेदन<br>• वडा कार्यालयको प्रतिवेदन<br>• संबन्धित बिद्यायलय को अभिलेख<br>• निजी विद्यालयसंग आवद्ध संघ सस्थाहरूका वार्षिक प्रतिवेदन तथा शैक्षिक अनुशन्धान पुस्तिका<br>• टोल विकास संस्था वा नागरिक सरोकार समुह वा मञ्चहरू को अभिलेख<br>• बालक्लवको प्रतिवेदन<br>• स्थालगत अवस्था<br>• सञ्चारको श्रोत | • सम्बन्धित विद्यालय<br>• केन्द्र तथा प्रदेश सरकार<br>२. **सहयोगी**<br>• घरपरिवार तथा समुदाय र सामाजिक अगुवा<br>• शिक्षक, शिक्षिका<br>• शिक्षा संग सम्बन्धित पेशागत संघ संगठन<br>• बालक्लव<br>• सामुदायिक संघ सस्थाहरू<br>• सहयोगी तथा साझेदार संघ सस्थाहरू | तथा स्थानीय ऐन, कानून, नीति निर्देशन<br>• अभिभावकक ो चेतना |

| १.३ बालमैत्री वातावरण र गुणस्तर सुधार<br>क) अपेक्षित प्रतिफल / नतिजा<br>**अरुण गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका तथा हुने सामुदायिक तथा संस्थागत विद्यालय तथा शिक्षालयमा बालमैत्री वातावरणको विकास र वर्तमान शैक्षिक गुणस्तरमाःसुधार भई सतप्रतिसत बालबालिका हरूले बालमैत्री वातावरणमा शिक्षा प्राप्त गरेका तथा गरिरहेका हुनेछन् साथै अरुण गाउँपालिका यस जिल्लाको शैक्षिक हवको रुपमा समेत थप विकास हुने कमले गति लिएको हुनेछ** | | | | |
|---|---|---|---|---|
| **ख) कृयाकलाप (योजना तथा कार्यक्रम):**<br>● विषयगत शिक्षकहरू सँग कार्य सम्पादन सम्झौता गर्ने<br>● सबै विद्यालयहरूले बालमैत्री वातावरणमा आफ्ना शैक्षिक कार्यकम्रहरू व्यवस्थित गरी सञ्चालन गर्ने गराउने साथै सबै वडामा सम्भाब्य १-१ वटा नमुना विद्यालय घोषणाका साथ आवशयक न्यूनतम पूर्वाधार तयार गरी कमिक रुपले झोला रहित शिक्षण कार्यकम सञ्चालनको सुरुवात गर्ने<br>● बालकक्षाका बालबालिकाका लागि मण्टेसोरी प्रविध मर्फत अध्ययन अध्यापन गराउने व्यवस्था मिलाउने<br>● विद्यालय शैक्षिक गुणस्तर सुधार अभियान सञ्चालन गर्ने साथै अंग्रेजी माध्यम बाट समेत अध्ययन अध्यापनको गर्ने गाराउने कार्यलाई प्राथमिकताका साथ अघि बढाउने<br>● सबै विद्यालयमा आवश्यक दरबनदी श्रृजना सहित दक्ष जनशक्तिको व्यवस्थापन गर्ने साथै शिक्षकहरूलाई सहजकर्ताको भूमिका निर्वाह गर्न अनिवार्य गर्ने<br>● सबै विद्यालयमा खेलकुद सामग्रीको व्यवस्थापन गर्ने गराउने<br>● गाउँपालिकाका सबै सामुदायिक तथा सस्थागत विद्यालयहरूले कक्षा ५ देखि माथिका बालबालिकाको संम्लगनता रहने गरी अनिवार्य विद्यालयस्तरीय बालक्व गठन तथा परिचालन गर्ने<br>● विद्यालयको समग्र विकासकालागि SMC / PTA को बैठक नियमित गर्ने साथै बालबालिकाको शैक्षिक विकासमा नियमित अन्तरकृया कार्यकम सञ्चालन गर्ने | १. आ.व. २०८०/८१ भित्र सबै सामुदायिक तथा संस्थागत रुपमा सञ्चालित बालकक्षा, पूर्व प्राथमिक विद्यालय र सो भन्दा माथिका सबै विद्यालाय तथा शिक्षालयमा बालमैत्री वातावरणमा पठनपाठन प्रकृया र पद्धतिको विकास भई बालमैत्री विद्यालयघोषणा भएका हुनेछन ।<br>२. आ.व. २०७८/७९ को सुरु बाटै प्रत्येक वर्ष प्रत्येक वडाका कम्तिमा १-१ वटा श्रोत र साधन युक्त नमुना विद्यालय विकास हुँदै जानेछन साथै २ वटा माध्यमिक विद्यालयहरू मा **बिद्यार्थि कृषि सहकारी कार्यक्रम** सञ्चालन | ● गाउँपालिकाको निर्णय पुस्तिका<br>● गाउँसभाको निर्णय पुस्तिका<br>● गाउँपालिकाको योजना पुष्तिका<br>● गाउँपालिका शिक्षा शाखाको प्रतिवेदन<br>● वडा कार्यालयको प्रतिवेदन<br>● संबन्धित बिद्यायलय को अभिलेख<br>● निजी विद्यालयसंग आवद्ध संघ सस्थाहरूका वार्षिक प्रतिवेदन तथा शैक्षिक अनुशन्धान पुस्तिका<br>● टोल विकास संस्था वा | **१. <u>प्रमुख जिम्मेवारीः</u>**<br>● गाउँपालिका<br>● विद्यालय व्यवस्थापन समिति<br>● अभिभावक<br>● सम्बन्धित विद्यालय<br>● संघीय तथा प्रदेश सरकार<br>**२. <u>सहयोगी</u>**<br>● घरपरिवार तथा समुदाय र सामाजिक अगुवा<br>● शिक्षक, शिक्षिका<br>● शिक्षा संग सम्बन्धित पेशागत संघ संगठन<br>● बालक्लव<br>● सामुदायिक संघ सस्थाहरू<br>● सहयोगी तथा साझेदार संघ | ● आर्थिक स्रोत<br>● दाता वा साझेदर र सहयोगी<br>● संघीय, प्रादेशिक तथा स्थानीय ऐन, कानून, नीति निर्देशन |

| | | | | |
|---|---|---|---|---|
| • बालमैत्री विद्यालयकालागि आवश्यक **तालिका नं. ७.२.४.१ (ख)** मा उल्लेख भएका समेत न्यूनतम भौतिक पूर्वाधार सहितका श्रोत र साधन तयार गरेका निजी स्तरमा सञ्चालित तथा सञ्चालन हुने प्रस्तावित विद्यालयहरूलाई मात्र स्तरोन्नती, सञ्चालन सिफारिस तथा स्वीकृति दिने व्यवस्था गर्ने<br>• सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरूको क्षमता विकासकालागि आवश्यक तालिमको व्यवस्था गर्ने तथा कार्य सम्पादन मूल्याङ्कन सूचक निर्माण गरी कार्यान्वयनमा ल्याउने<br>• प्राविधिक विषयमा माध्यमिक तथा उच्च शिक्षा अध्ययन गर्ने अति गरिब तथा बिपन्न, पिछडा वर्ग, दलित, जानजाती तथा आदिवासी समुदायका बालबालिकालाई **अरुण दिब्य ज्ञान ज्योती** छात्रवृतिको व्यवस्था गर्ने<br>• सिकाई उपलब्धी र उतिर्ण संख्याको आधारमा १ विद्यालय १ शिक्षकका दरले उत्कृष्ठ विद्यालय र उत्कृष्ठ शिक्षक पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन गर्ने<br>• सवै बिद्यालमा स्मार्ट बोर्ड निर्माण (फ्रि वाई फाई जोन निर्माण) तथा सिसिटिभि जडान गरी विद्यालयको नियमितता र गुणस्तर सुधारलाई तिब्रता दिने<br>• बिद्यार्थि संख्या ज्यादै न्यून रहेका विद्यालयको समायोजन गर्ने (मर्जर गर्ने)<br>• प्रत्येक विद्यालयमा उजुरी तथा सुझाव पेटिकाको व्यवस्था गर्ने<br>• गाउँपालिका शिक्षा शाखाको नेत्रीत्वमा नियमति अनुगमनकालागि सरोकारवाला सहभागि रहेको अनुगमन सम्यन्त्र निर्माण गर्ने साथै विद्यालयमा बालबाकिकाको उपस्थिति, भर्नादरको, विद्यालयगतिविधिको जानकारीकालागि सफ्टवयरको निर्माण गरी गाउँपालिका शिक्षा शाखामा आवद्ध गर्ने<br>• सवै विद्यालयमा शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभवक | भई प्राविधिक कृषि शिक्षा कार्यक्रम सञ्चालन भएको हुनेछ<br>३. आ.व. २०७८/७९ भित्र अरुण गाउँपालिकाको आर्थिक, सामाजिक तथा सांस्कृतक पक्ष समेत समेटेको स्थानीय पाठ्यक्रमको विकास भई कार्यान्वयनमा आएको हुनेछ<br>४. आ.व. २०७९/८० भित्र बालबालिकाको वर्तमान सिकाई उपलब्धिमा ५० % ले बढोत्तरी भएको हुनेछ ।<br>५. आ.व. २०७९/८० भित्र संघीय तथा प्रदेश सरकारको समेत सहयोगमा विषयगत दक्ष जनशक्तिको व्यवस्थापन ९५ % तथा आवधिक योजनाको चौथो बर्ष सम्ममा सतप्रतिसत पुगेको हुनेछ | नागरिक वडा मञ्चहरूको अभिलेख<br>• बालक्लवको प्रतिवेदन<br>• स्थालगत अवस्था<br>• सञ्चारको श्रोत | सस्थाहरू | |

| | | | | |
|---|---|---|---|---|
| तथा सहयोगी र साझेदार सस्थाहरूको समेत अलग अलग आचार संहिता निर्माण गरी कार्यान्बनयमा ल्याउने<br>● आर्थिक पारदर्शिता र गुणस्तर सुधारकालागि प्रत्येक विद्यालायले सार्वजनिक सुनुवाईलाई कार्यान्बनयमा ल्याउने<br>● गाउँपालिका क्षेत्र भित्रका सवै विद्यालयहरूको सहभागितामा एक **"बालमैत्री विद्यालय निर्माण विकास समन्वय समिति"** को व्यवस्था गरी गाउँ शिक्षा समितिको प्रमुख साझेदार सहयोगीको रुपमा स्थापित गर्ने | | | | |
| **२. स्वास्थ्यः भौतिक पूर्वाधार, सेवा प्रवाह र गुणस्तर** | | | | |
| **अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलाप (योजना तथा कार्यकम)** | **सूचकहरू** | **जानकारीको श्रोत** | **जिम्मेवारी** | **पूर्वानुमान /जोखिम** |
| **क) अपेक्षित प्रतिफल/ नतिजा**<br>**आ.व. २०७८/७९ साल भित्र अरुण गाउँपालिकामा कम्तिमा १५ सैयाको बिशेषज्ञ जनशक्ति र न्यूनतम भौतिक पूर्वाधार सहितको सुविधा सम्पन्न अस्पाताल, आधारभुत स्वास्थ्य केन्द्र तथा चौकीहरू बाट प्रवाह हुने सेवा सुविधा बिस्तार सहितको स्तरोन्नती, औषधालयहरूको स्थापना र विकास भई सम्पूर्ण गर्भवती महिला, नवजात शिशु लगायत सवै गाउँपालिकाबासीले सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य उपचार सेवा, प्रसुती सेवा तथा आवश्यक खोप सेवा प्राप्त गरेका हुनेछन साथै पूर्ण स्तन पान, पोषणको सुनिस्चितता भई वर्तमान मात्रृ तथा बाल मृत्यूदरमा ९५ % ले कमी आएको हुनेछ** | | | | |
| **ख) <u>कृयाकलाप (योजना तथा कार्यकम)</u>:**<br>● स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधि तयर गरी कार्यान्बनय गर्ने<br>● गाउँपालिका स्वास्थ्य व्यवस्थापन समितिलाई थप कृयाशिल गर्ने<br>● आधारभुत स्वास्थ्य सम्बनधी तथ्याङ्क नियमित रुपमा अध्यावधिक गर्ने<br>● वडा नं. ३ को प्याउलीमा नेपाल सरकारको घोसित नीति बमोजिम सिल्यान्याँस भएको १५ सैयाको सुविधा सम्पन्न अस्पतालको निर्माण गरी सञ्चालनमा ल्याउने<br>● तालिका नं. ७.२.४.२ मा उल्लेख गरिएका प्राथमिक स्वास्थ्य केन्द्रकालागि निर्धारित प्राथमिकता कमका आधारमा आवश्यक न्यूनतम भौतिक पूर्वाधार (जग्गा भबन, परिक्षण | १. आ.व. २०७८/७९ को पौष महिना भित्र अरुण गाउँपालिका स्वास्थ्य ऐन, तयार भई कार्यान्वयनमा आएका हुनेछन<br>२. आ.व. २०८०/८१ भित्र अरुण गाउँपालिका वडा नं. ३ को प्याउलीमा नेपाल सरकारको घोसित नीति बमोजिम सम्पूर्ण सेवा सुविधा | ● गाउँपालिका को निर्णय पुस्तिका<br>● गाउँसभाको निर्णय पुस्तिका<br>● गाउँपालिका को योजना पुष्तिका<br>● गाउँपालिका स्वास्थ्य शाखाको प्रतिवेदन | **१. <u>प्रमुख जिम्मेवारी</u>:**<br>● गाउँपालिका<br>● गाउँपालिका स्वास्थ्य व्यवस्थापन समिति<br>● सम्बन्धित सरोकारवाला र अभिभावक<br>● संघीय तथा प्रदेश सरकार<br>**२. <u>सहयोगी</u>** | ● आर्थिक स्रोत<br>● दाता वा साझेदर र सहयोगी<br>● जग्गा जमिनको उपलब्धता<br>● गरीवी, घरेलू हिंसा, सामाजिक द्वन्द<br>● ऐन, कानून, नीति |

| | | | | |
|---|---|---|---|---|
| कक्ष, भिडियो एक्सरे मेसिन लगायतका आवश्यक उपकरण, बिरामी आराम कक्ष, औषधि भण्डारण तथा वितरण कक्ष, प्रतिक्षालय, खानेपानी पूर्वाधार, शौचालय, बिद्युतीय सेवा लगायत) को निर्माण व्यवस्थापन गर्ने<br>• प्राकृतिक चिकित्सा क्षेत्रको विकासकालागि चम्पे बजारमा रहेको आयुर्बेद औषधालायलाई थप विकास गरी सक्षम सेवा केन्द्रको रुपमा विकास गर्ने<br>• सवै वडामा स्थायी खोपकेन्द्रहरूको निर्माण तथा व्यवस्थापन गरि महिला स्वास्थ्य स्वयम् सेविकाहरूले जुनसुकै मौषम र परिस्थितिमा समेत सहज सेवा प्रवाह गर्न सक्ने व्यवस्था मिलाउने<br>• गाउँपालिकाको केन्द्र वडा नं. ३ मा निर्माण भई सञ्चालनमा आउने अस्पतालमा बिशेषज्ञ डाक्टर, मेडिकल अधिकृत, हेल्थ असिस्टेन्ट, स्टाफ नर्स, तथा प्राथमिक स्वास्थ्य केन्दहरूमा हेल्थ असिस्टेण्ट र नर्स सहितको आवश्यक जनशक्तिको दरबन्दि किटान गरी दक्ष स्वास्थ्य कर्मिहरूको व्यवस्था गर्ने<br>• सवै स्वास्थ्यकर्मि तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूको शिप र दक्षता वृद्धिका लागि नियमित प्रशिक्षणको व्यवस्था मिलाउने<br>• गाउँ कार्यपालिकामा स्वास्थ्य हेल्प डेक्सको व्यवस्था गर्ने<br>• दिर्घरोगी, अपाङ्गता भएका व्यक्ति, असहाय, बृद्धहरूको विशेष पहिचानका साथ स्वास्थ्य रक्षा र स्वास्थ्य व्यवस्थापनका क्षेत्रमा अभियान सञ्चालन गर्ने साथै सवै वडाहरूमा सुलभ औषधी पसलको समेत व्यवस्था गरी सुगर र प्रेशरको रोग भएका ७० वर्ष नाघेका जेष्ठ नागरिकलाई निशुल्क औषधि वितरण गर्ने तथा कड्नी फेलभएकाकालागि कार्यविधि निर्माण गरी आर्थिक सहयोग समेत उपलब्ध गराउने<br>• समग्र स्वास्थ्य उपचार साथै महिला तथा बालबालिकाका लागि अनिवार्य खोप, सुत्केरी गराउने तथा महिला तथा बाल | सहित कम्तिमा १५ सैयाको अस्पताल निर्माण भई सञ्चालनमा आएको हुनेछ<br>३. सवै वडामा सञ्चालित प्राथमिक स्वास्थ्य केन्द्र तथा चौकीहरूमा आ.व. २०८१/८२ भित्र बर्थिङ सेन्टरको समेत सुविधा थप गरी सवै केन्द्रहरूको स्तरोन्नती भई दक्ष जनशक्तिको व्यवस्थापन र सेवा सुविधा सहित स्वास्थ्य सेवा प्रवाह गरेका हुनेछन्<br>४. आ.व. २०७९/८० भित्र अरुण गाउँपालिका का सतप्रतिसत गर्भवती महिलाहरू ले कम्तिमा प्रसूति पूर्व ४ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक अनिवार्य स्वास्थ्य जाँच गराएका, टिटानस विरुद्धको २ वटा खोप लिएका, आवश्यक मात्रामा आईरन चक्की | • वडा कार्यालयको प्रतिवेदन<br>• संबन्धित स्वास्थ्य संस्थाका अभिलेख<br>• स्वास्थ्य संस्था संग आवद्ध संघ सस्थाहरूका वार्षिक प्रतिवेदन तथा शैक्षिक अनुशन्धान पुस्तिका<br>• टोल विकास संस्था वा नागरिक वडा मञ्चहरूको अभिलेख<br>• बालक्लवका प्रतिवेदन<br>• स्थालगत अवस्था<br>• सञ्चारको श्रोत | • घरपरिवार तथा समुदाय र सामाजिक अगुवा<br>• अस्पताल तथा स्वास्थ्य केन्द्र<br>• स्वास्थ्य कर्मि<br>• स्वास्थ्य संग सम्बन्धित पेशागत संघ संगठन<br>• बालक्लव<br>• सामाजिक उत्तरदायित्व निर्वाहा गर्नु पर्ने तथा सामुदायिक संघ सस्थाहरू<br>• सहयोगी तथा साझेदार संघ सस्थाहरू | निर्देशन<br>• यातायात साधन र सुविधा<br>• सडकको स्तर तथा सञ्जाल |

| | | | | |
|---|---|---|---|---|
| पोषण, स्वास्थ्य सरसफाई, प्रजनन् स्वास्थ्य, एच् आई भी एड्स नियन्त्रण, परिवार नियोँजन, महामारी, क्षयरोग, कुष्ठरोग तथा सरुवा रोग लगायत स्वास्थ्य संग सम्बन्धित सवै विषय र क्षेत्रका बारेमा सञ्चार श्रोत, एसएमएस लगायतका सम्भाब्य सवै खाले प्रविधिको प्रयोग गरी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने<br>• गर्भिणी महिलाले प्राथमिक स्वास्थ्य केन्द्र वा चौकी तथा अस्पतालमा गई सुत्केरी गराए बापत नेपाल सरकारको नीति बमोजिम प्राप्त गर्ने सुत्केरी स्याहार भत्तामा कम्तिमा २ महिलनाकालागि गाउँपालिकाले मासिक  रु ५००।० थप गरी सुत्केरी स्याहार भत्ता उलपब्ध गराउने व्यवस्था मिलाउने<br>• विभिन्न किसिमका खोप,  भिटामिन ए, पोलियो थोपा, अल्वेण्डाजोल वितरण जस्ता अभियानगत कार्यक्रमको नियमित सञ्चालन तथा व्यवस्थापन गर्ने<br>• लागु पदार्थ दुर्व्यसनी विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्ने<br>• स्वास्थ्य विमालाई अनिवार्य गर्ने<br>• स्वास्थ्य केन्द्र मार्फत गर्भवती जांच सेवालाई प्रभावकारी बनाउने<br>• कुपोषित बालबालिका तथा गर्भवति र सुत्केरी महिलाकालागि पोषण शिक्षा तथा पोषण सहयोग कार्यक्रम साथै आईरन चक्की तथा क्यालसियम चक्की वितरण कार्यक्रम सञ्चालन गर्ने<br>• सिमान्तकृत परिवारका गर्भवती महिलााई सरसफाई को लागी निशुल्क सावुन, सेम्पु तथा तेल वितरण गर्ने<br>• विद्यालयमा अध्ययनरत तथा सार्वजनिक सेवामा कार्यरत किसोरीहरूका लागि स्यानिटरी प्याडको प्रयोगको विकास तथा प्रयोग र उपलब्धताको सुनिस्चितता गर्ने<br>• गाउँ भित्रका दुर्गम वडालाई लक्षित गरी एम्बुलन्सको सेवालाई प्रभावकारी, सर्व सुलभ र सहुलियत पूर्ण बनाउने<br>• विभिन्न स्वास्थ्य संस्थाको सम्लग्नता र सहयोगमा कम्तिमा | खाएका तथा दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन् ।<br>५. आवधिक योजनाको सुरु बाटै जन्मेको १ वर्ष भित्रका सवै बालबालिकाले नियमित रुपमा पूर्ण खोप पाएका तथा ६ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल नियमित रुपमा खाएका हुनेछन<br>६. आगामि ४ वर्ष भित्र अस्थाई रुपमा रहेका सवै खोप केन्द्रको स्थायी संरचना निर्माण गरी खोप प्रदान गर्न योग्य स्थलको रुपमा विकास भएका हुनेछन्<br>७. जनचेतनाको अभिबृद्धि का साथ ६ महिना सम्म उमेर समुहका ९० % बालबालिकाले आ.व. २०७९/८० भित्र आमाको दुध मात्र खाएका साथै एच् आई भी संक्रमित आमाबाट | | | |

| | | | | |
|---|---|---|---|---|
| ६-६ महिनामा गाउँपालिकाका बिपन्न वर्ग, पिछडिएका तथा गरिब समुदायहरू बसोवास गरेका क्षेत्रहरूलाई लक्षित गरी निशुल्क औषधी र बिशेषज्ञ चिकित्सक सहितको घुम्ति स्वास्थ्य सिविर सञ्चालन गर्ने<br>● वच्चा जन्मने बितिकै नाभि मलमको प्रयोग तथा एक घन्टा भित्र आमाको बिगौति दुध खुवाउनकालागि आमाहरू लाई सूशुचित गर्ने गराउने<br>● गाउँघर क्लीनिक संचालन गर्ने साथै नवजात शिशुको नियमित तौल लिने व्यवस्था मिलाउने<br>● नेपालले अनुमोदन गरेको दिगो विकास लक्षलाई सहयोग पुऱ्याउन पूर्ण सरसफाई युक्त गाउँपालिका अभियान सञ्चालन गर्ने<br>● शुन्य होमडेलिभरीको नीति अवलम्बन गर्ने<br>● व्यवस्थित परिवार प्रोत्साहन पुरस्कार वितरण गर्ने<br>● स्वास्थ्य सेवामा सर्वसाधारण जनताको पहुँच वृद्धि गर्न साविकका स्वास्थ्य चौकी बाट १ घण्टाभन्दा टाढा रहेका सडक सञ्जाल नपुगेका बस्तीहरूमा क्रमसः सामुदायिक स्वास्थ्य ईकाइहरू स्थापना गर्दै लाने<br>● महिला स्वास्थ्य स्वयम् सविकाहरूको सेवालाई थप प्रोत्साहन गर्ने साथै निजहरूलाई परिचालन गरी प्राथमिक उपचार विधी र प्रकृयाका बारेमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने<br>● स्वास्थ्य स्वयम्सेविका तथा सामाजिक अगुवाहरूलाई प्राथमिक उपचार सम्बनधी तालिम दिने<br>● रेविज रोग नियनत्रण तथा पशुपन्छी स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने | जन्मिएका सबै बालबालिका हरूले ARV Prophylaxis पाएका हुनेछन्<br>८. आ.व. २०८०/८१ भित्र सवै घरपरिवारमा स्वच्छ खानेपानी को मात्र उपभोग गर्ने साथै चर्पी गएपछि, खाना खानु अगाडी र बालबालिकाको दिसा धोए पछि सावुन पानीले अनिवार्य हात धुने परिपाटीको पूर्ण विकास भएको हुनेछ | | | |
| **३) खानेपानी: भौतिक पूर्वाधार, सेवा प्रवाह र गुणस्तर सुधार** | | | | |
| **अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलाप (योजना तथा कार्यक्रम)** | **सूचकहरू** | **जानकारीको श्रोत** | **जिम्मेवारी** | **पूर्वानुमान /जोखिम** |
| **क) अपेक्षित प्रतिफल/ नतिजा** | | | | |

| खानेपानीका आवश्यक भौतिक पूर्वाधार निर्माण विकासका साथमा अरुण गाउँपालिका क्षेत्र भित्रका सवै गाउँपालिकाबासिले सहज रुपमा शुद्ध, स्वच्छ, सफा र सुरक्षित खानेपानीको उपभोग गर्न पाएका हुनेछन साथै पिउने पानीका कारण लाग्ने रोगको प्रकोपमा ९० % ले कमी आएको हुनेछ । | | | | |
|---|---|---|---|---|
| **ख) कृयाकलाप (योजना तथा कार्यक्रम):**<br>● आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधि तयार गरी कार्यान्वयन गर्ने<br>● खानेपानीका मुहान तथा श्रोतहरूको संरक्षण सम्बर्द्धन एवं विकास गर्ने सहितको खानेपानी व्यवस्थापन गुरुयोजना तयार गर्ने<br>● वर्तमान खानेपानी सुविधाको वास्तविक अवस्थाको तथ्याङ्क अध्यवधिक गर्ने<br>● तालिका नं. ७.२.४.३ मा प्रस्ताव गरिए बमोजिमका खानेपानी आयोजनाहरू गाउँपालिकाका सवै वडाका सम्भव रहे सम्म सवै घरपरिवार लाभान्वित हुने गरी निर्माण तथा व्यवस्थापन गर्ने<br>● जग्गाको अभाव रहेका वडाहरूमा खानेपानी सङ्कलन टैंङ्की निर्माणकालागि आवश्यक जग्गा जमिनको व्यवस्था गर्ने<br>● स्वच्छ खानेपानिकालागि समुदाय स्तरीय खानेपानी सङ्कलन टैंङ्कीको निर्माण तथा सम्भव रहेसम्म सडक सञ्जालमा आधारित पाईपलाईन र खानेपानी वितरणको व्यवस्था गर्ने<br>● एक घर एक खानेपानी धारा निर्माण कार्यक्रम अन्तरगत खानेपानी पूर्वाधार विस्तार तथा उपभोगलाई गाउँपालिका बाट प्रवाह हुने सेवा संग आवद्ध गर्ने<br>● खानेपानीको कुनै पनि सुविधा उपलब्ध हुन नसकेका क्षेत्रका परिवारलाई अरुण नदी बाट लिफ्टिङ सहितका संभाव्य बैकल्पिक व्यवस्था गर्ने<br>● सवै बिद्यालाय तथा सार्वजनिक भवन र स्थानमा | १. आ.व. २०७८/७९ को चैत्र महिना भित्र आवश्यकता बमोजिम खानेपानी व्यवस्थापन सम्बनधी स्थानीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार भई कार्यान्वयनमा आएको हुनेछ<br>२. आ.व. २०८२/८३ भित्र तालिका नं. ७.२.४.३ मा उल्लेख भएका प्राथमिकता नं. १ मा परेका अधिकतम र प्राथमिकता नं. २ परका अति आवश्यक खानेपानीका पूर्वाधारहरू मर्मत सम्भार, नयाँ निर्माण तथा पुनरनिर्माण भई सञ्चालनमा आएका हुनेछन साथै एक घर एक खानेपानी धारा अभियान समेतका आधारमा सतप्रतिसत गाउँपालिकाबासीले स्वच्छ खानेपानी को सुविधा उपभोग गरेका हुनेछन्<br>३. आ.व. २०८०/८१ भित्र अरुण गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका तथा सञ्चालनमा आउने सवै विद्यालय, सार्वजनिक स्थलमा रिजर्वायर टेङ्की सहितको पाइपलाईन बाट स्वच्छ र | ● गाउँपालिकाको निर्णय पुस्तिका<br>● गाउँसभाको निर्णय पुस्तिका<br>● गाउँपालिकाको योजना पुष्तिका<br>● वडा कार्यालयको प्रतिवेदन<br>● संबन्धित खानेपानी आयोजनाको अभिलेख<br>● खानेपानी संस्था वा आयोजना संग आवद्ध संघ सस्थाहरूका वार्षिक प्रतिवेदन<br>● टोल विकास संस्था वा नागरिक वडा मञ्चहरूको अभिलेख<br>● बालक्लवका प्रतिवेदन<br>● स्थालगत अवस्था | १. **प्रमुख जिम्मेवारी:**<br>● गाउँपालिका<br>● गाउँपालिका स्वास्थ्य शाखा तथा व्यवस्थापन समिति<br>● सवै घरपरिवार, विद्यालय र सार्वजनिक संघ संस्था<br>२. **सहयोगी**<br>● संघीय तथा प्रदेश सरकार<br>● छिमेकी गाउँपालिका तथा नगरपालिका<br>● समुदाय र सामाजिक अगुवा<br>● बालक्लव<br>● सामुदायिक संघ सस्थाहरू<br>● सहयोगी तथा साझेदार संघ | ● आर्थिक स्रोत<br>● दाता वा साझेदर र सहयोगी<br>● जग्गा जमिनको उपलब्धता<br>● गरिवी तथा सामाजिक बिभेद र द्वन्द<br>● ऐन, कानून, नीति निर्देशन |

| | | | | |
|---|---|---|---|---|
| शुरक्षित खानेपानी पूर्वाधारको विकास अनिवार्य गर्ने<br>● प्रत्येक टोल बस्तीमा शुद्ध र सुरक्षित पानीको उपभोगका बारेमा जनचेतना अभियान सञ्चालन गर्ने<br>● सवै घरपरिवावरले पानीको प्रयोग गर्दा फिल्टर गर्ने वा शुद्धिकरण गर्ने तथा उमालेर मात्र पिउने बानिको विकासकालागि सचेतना अभियान सञ्चालन गर्ने<br>● छिमेकी नगर तथा गाउँपालिका समेतको साझेदारीमा खाद्य तथा पानी परिक्षण प्रयोगशाला स्थापना गरी नियमित खानेपानी परिक्षणको व्यवस्था मिलाउने साथै विपद् पछिको खानेपानी को सम्भावित समस्यालाई व्यवस्थापन गर्ने आवश्यक पूर्वाधार तयार गर्ने | सुरक्षित खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ<br>४. सरकारी तथा निजी क्षेत्रका प्रयोगशाला सँग साझेदारी वा समन्वय गरी आ.व. २०७९/८० भित्र गाउँपालिकाले गुणस्तर नपुगेका भनि संकास्पद लागेका खाद्य पदार्थ तथा खानेपानीको नियमित परिक्षाण गर्ने व्यवस्था मिलाएको हुनेछ<br>५. आ.व. २०८२/८३ भित्र गाउँपालिका क्षेत्रा भित्र गुणस्तर हिन खानेपानीका कारण मानिसमा लाग्ने रोगमा ९५ % ले कमि आएको हुनेछ | ● सञ्चारको श्रोत | सस्थाहरू | |

**४) शौचालयः भौतिक पूर्वाधार, सेवा प्रवाह र गुणस्तर**

| अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलाप (योजना तथा कार्यक्रम) | सूचकहरू | जानकारीको श्रोत | जिम्मेवारी | पूर्वानुमान /जोखिम |
|---|---|---|---|---|
| **क) अपेक्षित प्रतिफल/ नतिजा**<br>**अरुण गाउँपालिका क्षेत्रमा बसोबास गर्ने सवै घरपरिवारले अनिवार्य रुपमा सुरक्षित र व्यवस्थित शौचालयको पूर्ण प्रयोग गरेका हुनेछन् साथै सवै सर्वजनिक स्थलहरूमा सुविधा सम्पन्न शौचालयको निर्माण भई खुला दिसा मुक्त क्षेत्रको पूर्ण कार्यान्वयन भएको हुनेछ साथै खुला दिसाका कारण गाउँबासीमा लाग्ने रोगब्याधिमा ९५ % ले कमि आएको हुनेछ।** | | | | |
| **ख) कृयाकलाप (योजना तथा कार्यक्रम)**<br>● शौचालय नभएका घरपरिवारको पुरक विवरण सङ्कलन गर्ने<br>● तालिका नं. ७.२.४.४ मा प्रस्ताव गरिएका साथै सम्भाब्य अन्य घना बस्ति र प्रस्तावित स्याटलाईट स्मार्ट ग्रामिण बजार केन्द्रहरूमा आवश्यकताका आधारमा सार्वजनिक शौचालय निर्माण स्थलको | १. आ.व. २०७८/७९ भित्र गाउँपालिकाका सवै घरपरिवार ले आ-आफ्नै सुविधायुक्त पारिवारिक शौचालय निर्माण गरी पूर्ण रुपले प्रयोगमा | ● गाउँपालिकाको निर्णय पुस्तिका<br>● गाउँसभाको निर्णय पुस्तिका<br>● गाउँपालिकाको योजना पुष्तिका | १. **प्रमुख जिम्मेवारी:**<br>● गाउँपालिका<br>● गाउँपालिका स्वास्थ्य शाखा तथा व्यवस्थापन समिति | ● आर्थिक स्रोत<br>● दाता वा साझेदर र सहयोगी<br>● जग्गा जमिनको |

| | | | | |
|---|---|---|---|---|
| पहिचान र व्यवस्थापन गरी नयाँ शौचालय निर्माण गर्ने<br>● सार्वजनिक सेवा प्रवाह हुने सवै सरकारी तथा गैरसरकारी कार्यालय, सभा सम्मेलन केन्द्र, पर्यटकीय क्षेत्र, खेलमैदान लगायतका स्थान र क्षेत्रमा सम्बन्धित सरोकारवालाले प्रयोग गर्न मिल्ने गरी व्यवस्थित शौचालय निर्माणलाई अनिवर्या गर्ने<br>● पारिवारिक तथा सार्वजनिक शौचालयमा पर्याप्त पानीको व्यवस्थापन सहित सरसफाईको विश्वासिलो र भरपर्दो आधार तयार पार्ने<br>● अति बिपन्न परिवार (जस्ले शौचालयको निर्माण गर्न सक्ने अवस्था छैन) को हकमा शौचालय निर्माणकालागि गाउँपालिका बाट अनुदान सहयोग उपलब्ध गराउने वा बैकल्पिक व्यवस्था गरी शौचालय निर्माण गर्ने गराउने<br>● पारिवारिक तथा सार्वजनिक सवै शौचालयहरू बालमेत्री तथा अपाङ्गमेत्री बनाउन अनिवर्या गर्ने<br>● शौचालयको नियमित प्रयोग र त्यस बाट पुग्ने फाईदा लगायत शौचालयको प्रयोग पछी सावुनपानीले हातधुनु पर्ने आवश्यकताका बारेमा जनचेतना अभियान सञ्चालन गर्ने<br>● पारिवारिक शौचालयको निर्माण र नियमित सरसफाईलाई गाउँपालिकाको सेवा प्रवाह सँग आवद्ध गर्ने तथा अनुगमन मूल्याङ्कन मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याउने | ल्याएका हुनेछन्<br>२. आ.व. २०८०/८१ भित्र बसपार्क, हाटबजार क्षेत्र, मुख्य बजार क्षेल, पर्यटकीय स्थल, सरकारी तथा गैरसरकारी कार्यालय लगायतका सार्व जनिक स्थालहरूमा सुविधयुक्त सार्वजनिक शौचालय हरूको निर्माण भई पूर्ण रुपले सञ्चालनमा आएका हुनेछन्<br>३. आ.व. २०८०/८१ सम्ममा अरुण गाउँपालिका सार्वजनिक शौचालयको सुव्यवस्थापन सहित पूर्ण रपले खुला दिसा मुक्त क्षेत्रको रुपमा विकास भएको हुनेछ साथै खुला शौचका कारण उत्पन्न हुने रोगब्याधिमा ९५ % ले कमि आएको हुनेछ | ● वडा कार्यालयको प्रतिवेदन<br>● स्वास्थ्य सरसफाई शाखाको अभिलेख<br>● टोल विकास संस्था वा नागरिक वडा मञ्चहरूको अभिलेख<br>● बालक्लवका प्रतिवेदन<br>● स्थालगत अवस्था<br>● सञ्चारको श्रोत | ● सवै घरपरिवार<br>● सवै सार्वजनिक संघ संस्थाहरू<br>२. **सहयोगी**<br>● संघीय तथा प्रदेश सरकार<br>● घरपरिवार<br>● समुदाय र सामाजिक अगुवा<br>● बालक्लव<br>● सामुदायिक संघ सस्थाहरू<br>● सहयोगी तथा साझेदार संघ सस्थाहरू | उपलब्धता<br>● गरिवी तथा सामाजिक द्वन्द<br>● ऐन, कानून, नीति निर्देशन |

**५). महिला तथा लैङ्गिक समानता**

| अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलाप (योजना तथा कार्यकम) | सूचकहरू | जानकारीको श्रोत | जिम्मेवारी | पूर्वानुमान /जोखिम |
|---|---|---|---|---|

**क) अपेक्षित प्रतिफल/ नतिजा**

**अरुण गाउँपालिका भित्र महिला हिंसा र लैङ्गिक विभेदको अन्त्य भई आर्थिक तथा सामाजिक समानताको हिसावले महिलाहरू शसक्तिकरण भई समग्र गाउँपालिकाको विकास र सामाजिक रुपान्तरणको नेत्रीत्व प्रदान गर्न सक्ने क्षमताको विकास भएको हुनेछ साथै बालअधिकार संरक्षण र सम्बर्द्धनको पूर्ण**

| प्रत्याभुति भएको हुनेछ । | | | | |
|---|---|---|---|---|
| **ख) कृयाकलाप (योजना तथा कार्यक्रम)**<br>• महिला अधिकार संरक्षण तथा सम्बर्द्धनका लागि आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका वा कार्यविधि साथै रणनीतिक योजननाहरू तयार गर्ने<br>• गाउँ कार्यपालिकामा महिला अधिकार सम्पर्क ईकाई तथा हेल्प डेस्कको व्यवस्था गर्ने<br>• महिला अधिकार संरक्षण गाउँपालिका समिति को गठन गरी यसलाई संस्थागत स्वरुप प्रदान गर्ने<br>• लैङ्गिक हिंसा पिडित महिलाहरूको सहयोग र सहायताकालागि महिला सुरक्षा कोषको स्थापना गर्ने<br>• लैङ्गिक तथा महिला हिंसा निवारणकालागि स्थानीय प्रहरी प्रशासनको समेतको सहभागितामा सामुदायिक सेवा केन्द्रको स्थपना र विकासका माध्यम बाट **सासु बुहारी अन्तरक्रिया कार्यक्रम, पुरुष महिला साथि साथि, महिला नेतृत्व विकास, मानव बेचविखन तथा ओसारप्रसार नियन्त्रण, मनोविमर्शकर्ता,** जस्ता सामाजिक सशक्तिकरण सम्बनधी तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने<br>• निर्वाचित महिला जन प्रतिनिधिहरू लाई नेतृत्व विकास र लैङ्गिक समानता सम्बनधी तालिम दिने<br>• विद्यालय विमुख किशोरीहरूका लागि क्षमता अभिवृद्धि एवं शिप विकास कार्यक्रम सञ्चालन गर्ने<br>• महिलाहरूको लागि लोक सेवा तयारी कक्षा संचालन गर्ने साथै समान कामका लागि समान ज्याला को कानूनी व्यवस्थालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न सरोकारवाला सँग समन्वय गर्ने<br>• महिला शिप तथा व्यवसायिक क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने साथै महिला पुरुष समविकास तालिम तथा महिलाहरूलाई नेत्रीत्व तथा क्षमता विकास तालिम | • आ.व. २०७८/७९ भित्र महिला अधिकार संरक्षण तथा सम्बर्द्धनका लागि आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार भएको हुनेछ ।<br>• आ.व. २०८०/८१ भित्र बालबिवाहको अन्त्य भएको हुनेछ<br>• वि.सं. २०७८ मंसिर महिना भित्र घरपरिवार र समुदायबाट महिला हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा आएको हुनेछ ।<br>• वि.सं. २०७८ साल चैत्र महिना भित्र सवै सरोकारवाला संघ सस्था कार्यालय,, उद्योगि, व्यापारी तथा व्यवसायीहरूले महिला अधिकार संरक्षण र सम्बर्धनमा प्रतिवद्धता जाहेर गरेका हुनेछन र आ-आफ्नो क्षेत्र बाट | • गाउँपालिकाको निर्णय पुस्तिका<br>• गाउँसभाको निर्णय पुस्तिका<br>• गाउँपालिकाको योजना पुस्तिका<br>• वडा कार्यालयको प्रतिवेदन<br>• संबन्धित महिला तथा बालबालिका संग सम्बन्धित संस्थाको अभिलेख<br>• टोल विकास संस्था वा नागरिक वडा मञ्चहरूको अभिलेख<br>• स्थालगत अवस्था<br>• सञ्चारको श्रोत | १. **प्रमुख जिम्मेवारी:**<br>• गाउँपालिका<br>• महिला अधिकार संरक्षण तथा सम्बर्द्धन समिति<br>• सवै घरपरिवार<br>२. **सहयोगी**<br>• केन्द्र तथा प्रदेश सरकार<br>• समुदाय र सामाजिक अगुवा<br>• सामुदायिक संघ सस्थाहरू<br>• सहयोगी तथा साझेदार संघ सस्थाहरू | • आर्थिक स्रोत<br>• दाता वा साझेदर र सहयोगी<br>• गरिवी तथा सामाजिक द्वन्द<br>• ऐन, कानून, नीति निर्देशन |

| | | | | |
|---|---|---|---|---|
| प्रदान गर्ने<br>● महिला उद्यमी सम्मान कार्यक्रम सञ्चालन गर्ने<br>● अरुण गाउँपालिकाका सम्भाब्य सवै वडाहरूमा महिला सहकारी समेतको माध्यम बाट वा स्वयं महिलाहरू बाटै व्यवसायिक फलफूल तथा तरकारी खेती, गाई, भैंसी, बाखा, बङ्गुर पालन, होमस्टे, कम्प्यूटर तालिम केन्द्र, सिलाईकटाई, ढाकाका समाग्रि निर्माण, मोवाईल मर्मत, ब्यूटिपार्लर, बुटिक, च्याउ खेती, चोया तथा बेतबाँस उद्योग, लगायतका ५० हाजार देखि १ लाख सम्मका आन्मनिर्भर उन्मुख आय आर्जन र रोजगारमुलक व्यवसाय सञ्चालन तथा व्यवस्थापन गर्न मापदण्ड निर्धारणका साथ आर्थिक विकास योजना सँग अवद्ध गरी जम्मा लागतको ३० % सम्म बिउपूँजी उपलब्ध गराउने<br>● सामाजिक संस्कारहरूमा इच्छुक महिलाको उपस्थिति र सहभागितालाई सुनिस्चित गर्ने | आचार संहिता निर्माण गरी कार्यान्वयनमा ल्याएका हुनेछन्<br>● आ.व. २०७९/८० भित्र महिला शिप विकास र व्यवसाय सञ्चालन क्षमता विकास भई महिलाहरू आर्थिक आत्म निर्भरताको मात्रामा ५० % ले वृद्धि भएको हुनेछ<br>● अरुण गाउँपालिकाका कम्तिमा एक वाड एक महिला उद्यमी अन्तरगत आ.व. २०८१/८२ भित्र १५ वटा महिला उद्यमीको विकास भएको हुनेछ | | | |

**६). बालबालिका: बाल अधिकार संरक्षण र सम्बर्द्धन साथै बालमैत्री वातावरण विकास**

| अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलाप (योजना तथा कार्यकम) | सूचकहरू | जानकारीको श्रोत | जिम्मेवारी | पूर्वानुमान /जोखिम |
|---|---|---|---|---|
| **क) अपेक्षित प्रतिफल/ नतिजा**<br>**बालमैत्री स्थानीय शासन कार्यान्वयन रणनतिक योजना तयार भई यसको पूर्ण कार्यान्बनय बाट अरुण गाउँपालिका आ.व. २०८०/८१ साल भित्र बालमैत्री गाउँपालिकाको रुपमा स्थापित भएको हुनेछ** | | | | |
| **ख) कृयाकलाप (योजना तथा कार्यकम)**<br>● बालमैत्री स्थानीय शासन कार्यान्वयन रणनीतिक योजना तर्जुमा गर्ने<br>● बालमैत्री स्थानीय शासन कार्यान्वयन रणनीतिक योजना बमोजिमको समय सिमालाई पूर्ण पालना गर्ने गराउने<br>● अरुण गाउँपालिका बालमैत्री स्थानीय शासन कार्यान्वयन रणनीतिक योजनाले निर्धारण गरेका | ● वि.सं. २०७८ चैत्र महिना भित्र राष्ट्रिय तथा गाउँपालिका स्तरीय सूचक सहितको बालमैत्री स्थानीय शासन कार्यान्वयन रणनीतिक योजना तर्जमा भई | ● गाउँपालिकातथा गाउँसभाको निर्णय पुस्तिका<br>● गाउँपालिकाको योजना पुष्तिका<br>● वडा कार्यालयको प्रतिवेदन | **१. प्रमुख जिम्मेवारी:**<br>● गाउँपालिका<br>● बालमैत्री स्थानीय शासन गाउँपालिका समिति<br>● विद्यालयतथा | ● आर्थिक स्रोत<br>● दाता वा साझेदर र सहयोगी<br>● गरिवी तथा |

| | | | | |
|---|---|---|---|---|
| बाल बचाउ, बाल संरक्षण, बालविकास र बाल सहभागिता साथै संस्थागत विकास संग सम्बनधीत सवै सूचकहरू पुरा गर्ने गरी निर्धारण गरिएको योजना तथा कार्यक्रमहरू समय तालिकाका आधारमा सञ्चालन व्यवस्थापन गर्ने<br>• गाउँपालिका क्षेत्र भित्रका सवै विद्यालयले अनिवार्य बालमैत्री कार्ययोजना निर्माण गर्ने व्यवस्था मिलाउने<br>• बालकोषको स्थापना र विकास गर्ने<br>• कुपोषित बालबालिकाकालागि पोषण सहयोग कार्यक्रम सञ्चालन गर्ने<br>• बालमैत्री गाउँपालिका घोषणा पस्चात यसको दिगो विकास योजना समेत तयार पारी कार्यान्वयनमा ल्याउने | कार्यान्वयनमा आएको हुनेछ<br>• आ.व. २०८०/८१ भित्र बालमैत्री गाउँपालिका घोषणाकालागि आवश्यक न्यूनतम सूचकहरू पुरा भई बालमैत्री गाउँपालिकाको रुपमा घोषणा भएको हुनेछ<br>• आ.व. २०८१/८२ बाट अरुण गाउँपालिका बालमैत्री गाउँपालिकाको रुपमा पूर्ण कृयाशिल भई निरन्तरता पाएको हुनेछ | • बाल क्लवका प्रतिवेदन तथा अभिलेख<br>• टोल विकास संस्था वा नागरिक वडा मञ्चहरूको अभिलेख<br>• स्थालगत अवस्था<br>• सञ्चारको श्रोत | शिक्षालय<br>• शिक्षक तथा अभिभावक<br>• सवै घरपरिवार<br>२. **सहयोगी**<br>• केन्द्र तथा प्रदेश सरकार<br>• समुदाय<br>• सामुदायिक सहयोगी तथा साझेदार संघ सस्थाहरू<br>• बालक्लव | सामाजिक द्वन्द<br>• ऐन, कानून, नीति निर्देशन |
| **७) यूवा विकासः रोजगारी श्रृजना तथा गरिवी निवारण, क्षमता विकास** | | | | |
| **अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलाप (योजना तथा कार्यक्रम)** | **सूचकहरू** | **जानकारीको श्रोत** | **जिम्मेवारी** | **पूर्वानुमान /जोखिम** |
| **क) अपेक्षित प्रतिफल/ नतिजा**<br>**आर्थिक विकास योजना तथा कार्यक्रम सँग आवद्ध गरी रोजगारी श्रृजना, शिप विकास, स्वरोजगार अभिवृद्धि, आर्थिक श्रोतको सुनिस्चिता सहितको समग्र यूवा विकास कार्यक्रम सञ्चालन भई अरुण गाउँपालिका बाट रोजगारी र अवसरको खोजिमा विदेशिने यूवा यूवतीहरूको संख्यामा कम्तिमा ५० % ले कमी आएको हुनेछ साथै निरपेक्ष गरिवीको वर्तमान मात्रा ५५ देखि ६० % ले घटेको हुनेछ** | | | | |
| **ख) <u>कृयाकलाप (योजना तथा कार्यक्रम)</u>:**<br>• आवश्यक गाउँपालिका स्तरीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार गर्ने<br>• बेरोजगार यूवा यूवतीहरूको तथ्याङ्क अध्यावधिक गर्ने<br>• प्रधानमन्त्री रोजागार कार्यक्रम जस्ता शिप विकास र रोजगारी श्रृजना जस्ता बिभिन्न सम्भावित कार्यक्रम सँग आवद्ध गरी सिकर्मी, डकर्मी, इलेक्ट्रिसियन, प्लम्बिङ, मेसिन मर्मत सम्भार, सिलाईकटाई, ब्यूटिसियन, गायक, कलाकार, व्यवसायिक खेलाडि लगायतका कार्य मार्फत यूव स्वरोजगार कार्यक्रम | • वि.सं. २०७८ पौष महिना भित्र यूवा विकास कार्यक्रम संग सम्बन्धित स्थानीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार भई कार्यान्वयनमा | • गाउँपालिका तथा गाउँसभाको निर्णय पुस्तिका<br>• गाउँपालिकाको योजना पुष्तिका<br>• वडा | **१. <u>प्रमुख जिम्मेवारी</u>:**<br>• गाउँपालिका<br>• यूवा स्वरोजगार प्रवर्द्धन गाउँपालिका समिति<br>• सवै घरपरिवार | • आर्थिक स्रोत<br>• दाता वा साझेदर र सहयोगी<br>• गरिवी तथा सामाजिक द्वन्द<br>• ऐन, कानून, |

| | | | | |
|---|---|---|---|---|
| सञ्चालन गर्ने साथै शिपमुलक, व्यवसायीक तथा प्राविधिक शिक्षाका लागि प्राविधिक शिक्षालय स्थापना एवं शैक्षिक कार्यक्रम संचालन गर्ने<br>• व्यापार व्यवशाय सञ्चालन व्यवस्थापनका लागि इच्छुक यूवा यूवतीहरूले सर्वशुलभ रुपमा न्यूनतम ब्यवजदरमा ऋण प्राप्त गर्न सक्ने व्यवस्थाकालागि बैंक तथा वित्तीय संस्था संग साझेदारी गर्ने<br>• गाउँपालिका भित्रै अवसरको श्रृजना गरी बैदेशिक रोजगारीमा जान चाहने युवायूवतीहरूलाई निरुत्साहित गर्ने साथै कारणबस बैदेशिक रोजगारीमा जान चाहनेहरूलागि शिप तथा शुरक्षाको व्यवस्था मिलाउने<br>• युवा यूवतीहरूमा व्याप्त लागुपदार्थको दुर्व्यसनी रोक्न सचेतना तथा उद्धार कार्यक्रम सञ्चालन गर्ने<br>• आर्थिक विकास कार्यक्रम संग आवद्ध गरी वर्तमान निर्वाह तथा गुजरामुखी कृषि तथा पशुपन्छी पालन प्रणाली लाई प्रतिस्थापन गर्दै आधुनीक एवं व्यवसायीक कृषी तथा पशुपन्छी कार्यक्रम संचालन गर्ने तथा युवायूवतीहरू बाट प्रवर्द्धित उद्योग, व्यापार तथा व्यवसायको विकास, विस्तार र प्रवर्द्धनकालागि परियोजनाको प्रभावकारिता पहिचान गरी गाउँपालिका बाट ५ लाख सम्मका परियोजनाकालागि बिउपूँजी स्वरुप उत्पादनको मात्रामा आधारित मापदण्ड निर्धारण गरी २० देखि २५ % सम्म बिशेष अनुदान उपलब्ध गराउने साथै बजार सञ्जलाको व्यवस्थापन गर्ने<br>• व्यवसायिक शिक्षामा आधारित सामुदायिक युवा पुस्तकालय तथा युवा सुचना केन्द्र स्थापना गरी सञ्चालन गर्ने<br>• रोजगारमुलक कार्य गर्ने यूवा यूवतीलाई लक्षित गरी यूवा प्रतिभा पुरस्कारको स्थापना गर्ने साथै सफल व्यवसाय सञ्चालन व्यवस्थापन गर्ने यूवा यूवतीहरूलाई **अरुण जनज्योती प्रतिभा पुरुस्कार** बाट सम्मानित गर्ने<br>• भूमिहिन परिवारको बासोबासको सुनिस्चितताकालागि एकीकृत बस्ती विकास गरी सुरक्षित आवास र एक परिवार एक | आएको हुनेछ<br>• आ.व. २०८०/८१ भित्र वर्तमान रोजगारिको अवस्थामा ५० % ले वृद्धि भएको हुनेछ<br>• आ.व. २०८२/८३ भित्र रोजगारी र अवसरको खोजीमा विदेशिने यूवा यूवतीको वर्तमान संख्यामा ५० % ले कमि आएको हुनेछ<br>• आ.व. २०८२/८३ भित्र गाउँपालिका बासीहरूको आय आर्जनमा वृद्धि भई वर्तमान निरपेक्ष गरिवी ५५ देखि ६० % ले घटेको हुनेछ<br>• आ.व. २०७९/८० भित्र गाउँपालिका क्षेत्र भित्रका अति बिपन्न परिवारको घरमा जस्तापाताको छाना लागेको हुनेछ | कार्यालयको प्रतिवेदन<br>• यूवा सञ्जालका प्रतिवेदन तथा अभिलेख<br>• टोल विकास संस्था वा नागरिक वडा मञ्चहरूको अभिलेख<br>• स्थालगत अवस्था<br>• सञ्चारको श्रोत | २. **सहयोगी**<br>• केन्द्र तथा प्रदेश सरकार<br>• समुदाय र सामाजिक अगुवा<br>• सामुदायिक संघ सस्थाहरू<br>• यूवा क्लव<br>• सहयोगी तथा साझेदार संघ सस्थाहरू | नीति निर्देशन |

| | | | | |
|---|---|---|---|---|
| रोजगारीको प्रबनध गर्ने<br>● गाउँ क्षेत्रभित्र आर्थिक रुपले बिपन्न परिवारको रुपमा सूचिकृत भएका सवै परिवारको घरको फुसको छाना बिस्थापित गरी जस्तापाताको छाना लगाउँने | | | | |
| **८) जेष्ठ नागरिकः सामाजिक सुरक्षा र सम्मान (संघीय सरकार बाट प्रदान गरिने जेष्ठ नागयरिक सामाजिक शुरक्षा भत्ता बाहेक) साथै महिला, बालबालिका, जेष्ठ नागरिक तथा लक्षित समुदाय सामाजिक भौतिक पूर्वाधार निर्माण समेत** | | | | |
| **अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलाप (योजना तथा कार्यक्रम)** | **सूचकहरू** | **जानकारीको श्रोत** | **जिम्मेवारी** | **पूर्वानुमान /जोखिम** |
| **क) अपेक्षित प्रतिफल/ नतिजा**<br>**गाउँपालिका क्षेत्र भित्र रहेका जेष्ठ नागरिकहरूको ज्ञान, शिप र अनुभवको सदुपयोग र सामाजिक शुरक्षाकालागि जेष्ठ नागरिक मिलन केन्द्र, कानूनी सहायता केन्द्र, स्वास्थ्य उपचार केन्द्र जस्ता केन्द्र तथा चौतारीहरूको निर्माण, व्यवस्थापन र सञ्चालन भई जेष्ठ नागरिक तथा सिमान्तकृत परिवार समेतको सामाजिक शुरक्षा र आत्मसम्मानको सुनिस्चितता भएको हुनेछ** | | | | |
| **ख) कृयाकलाप (योजना तथा कार्यक्रम):**<br>● जेष्ठ नागरिक सामाजिक शुरक्षा संग सम्बन्धित स्थानीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार गर्ने<br>● जेष्ठ नागरिक ज्ञान, शिप तथा अनुभव प्रवर्द्धन गाउँपालिका समिति को गठन र परिचालन गर्ने<br>● जेष्ठ नागरिक मिलन केन्द्रका लागि आवश्यक जग्गा जमिन तथा स्थानको व्यवस्था गर्ने<br>● प्रत्येक वडामा कम्तिमा १-१ वटा एकीकृत सेवा सुविधा (दिवा सेवा, स्वास्थ्य सेवा, कानूनी सेवा लगायतका सेवा सुविधा) सहितका जेष्ठ नागरिक मिलन केन्द्र तथा पाटी, पौवा तथा चौतारीको स्थापना, निर्माण र सञ्चालन गर्ने<br>● जेष्ठ नागरिक स्वास्थ्य उपचार कोषको स्थापना गर्ने साथै असहाय जेष्ठ नागरिककालागि स्वास्थ्य उपचार तथा गरिव तथा विपन्न बर्गका जेष्ठ नागरिकहरूलागि निशुल्क औषधिको व्यवस्था मिलाउने साथै ६० बर्ष माथिका एकल पुरुष लाई मासिक रु ५००।० का दरले भत्ता दिने<br>● आफ्नो ज्ञान, शिप र अनुभवको सदुपयोग गरी सामाजिक तथा आर्थिक विकासमा पुऱ्याएको योगदानका आधारमा | ● वि.सं. २०७८ चैत्र भित्र सामाजिक शुरक्षा संग सम्बन्धित गाउँपालिका स्तरीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार भएको हुनेछ<br>● आ.व. २०७९/८० भित्र प्रत्येक वडामा जेष्ठ नागरिक मिलन केन्द्र, कानूनी सहायता केन्द्र, स्वास्थ्य उपचार केन्द्र जस्ता केन्द्र तथा चौतारीहरूको निर्माण, व्यवस्थापन र सञ्चालन भएको हुनेछ<br>● वि.सं. २०७८ साल चैत्र महिना भित्र प्रत्येक वडामा एक एक वटा | ● गाउँपालिका तथा गाउँसभाको निर्णय पुस्तिका<br>● गाउँपालिकाको योजना पुष्तिका<br>● वडा कार्यालयको प्रतिवेदन<br>● जेष्ठ नागरिक सञ्जालका प्रतिवेदन तथा अभिलेख<br>● टोल विकास संस्था वा नागरिक वडा मञ्चहरूको अभिलेख<br>● स्थालगत | १. **प्रमुख जिम्मेवारीः**<br>● गाउँपालिका<br>● जेष्ठ नागरिक ज्ञान, शिप तथा अनुभव प्रवर्द्धन गाउँपालिका समिति<br>● सवै घरपरिवार<br>● केन्द्र तथा प्रदेश सरकार<br>२. **सहयोगी**<br>● समुदाय र सामाजिक अगुवा<br>● सामुदायिक संघ सस्थाहरू<br>● जेष्ठ नागरिक सेवा केन्द्र | ● आर्थिक स्रोत<br>● दाता वा साझेदर र सहयोगी<br>● गरिवी तथा सामाजिक द्वन्द<br>● ऐन, कानून, नीति निर्देशन |

| | | | | |
|---|---|---|---|---|
| जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन व्यवस्थापन गर्ने<br>● सामाजिक सुरक्षा भत्ता एवं परिचय पत्र वितरणलाई सहज र सर्वशुलभ बनाउने<br>● जेष्ठ नागरिकहरूको लागि स्वास्थ्य अभ्यास (योग अभ्यास) केन्द्र स्थापना र सञ्चालन गर्ने<br>● जेष्ठ नागरिकहरूलाई धार्मिकस्थल, पर्यटकीय स्थाल लगायतका स्थानमा निशुल्क भ्रमणको व्यवस्था मिलाउने<br>● सार्वजनिक यातायातका साधनमा जेष्ठ नागरिकहरूलागि निशुल्क आवत जावतको व्यवस्था मिलाउने | जेष्ठ नागरिक मिलन केन्द्र स्थपना भई सम्बन्धित मिलन केन्द्रको माध्यम बाट जेष्ठ नागरिकहरू संग अन्तरनिहित शिप, अनुभाव र ज्ञानको सदुपयोग गरी आर्थिक तथा सामाजिक विकासमा योगदान पुग्न थालेको हुनेछ | अवस्था<br>● सञ्चारको श्रोत | ● सहयोगी तथा साझेदार संघ संस्थाहरू | |

**९) अपाङ्गता  तथा फरक क्षमताः सामाजिक सुरक्षा, क्षमता विकास र सम्मान**

| अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलाप (योजना तथा कार्यकम) | सूचकहरू | जानकारीको श्रोत | जिम्मेवारी | पूर्वानुमान /जोखिम |
|---|---|---|---|---|
| **क) अपेक्षित प्रतिफल/ नतिजा**<br>**क्षमताका आधारमा अध्ययन अध्यापन, शिप विकास, व्यवसाय  प्रवर्द्धन, पूर्वाधार विकास र सामाजिक सुरक्षा तथा अवसरको समेत व्यवस्थापन र श्रृजना गरी अपाङ्ग तथा फरक क्षमता भएकाहरूको आत्मसम्मान अभिवृद्धिको सुनिस्चिताका साथ अरुण गाउँपालिका अपाङ्ग तथा फरक क्षमता मैत्री गाउँपालिकाको रुपमा स्थापित भएको हुनेछ साथै अपाङ्ग तथा फरक क्षमता भएका व्यक्तिको आत्म सम्मानमा ठोस योगदान पुगेको हुनेछ ।** | | | | |

| | | | | |
|---|---|---|---|---|
| **ख) <u>कृयाकलाप (योजना तथा कार्यक्रम)</u>:**<br>● अपाङ्ग तथा फरक क्षमता भएकाहरूको सामाजिक शुरक्षा र सम्मान संग सम्बन्धित गाउँपालिका स्तरीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार गर्ने<br>● अपाङ्ग तथा फरक क्षमता भएकाहरूको क्षमता प्रवर्द्धन समिति गठन गर्ने<br>● अपाङ्गता वा फरक क्षमता भएका व्यक्तिको क्षमता पहिचान सहित तथ्याङ्क अध्यावधिक गर्ने तथा परिचय पत्र वितरण गर्ने<br>● अपाङ्गमैत्री पूर्वाधारहरूको निर्माणलाई अनिवार्य गर्ने<br>● अपाङ्ग तथा फरक क्षमता भएकाहरूको अधिकार र क्षमता उपयोगका विषयमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने<br>● अपाङ्गहरूकालागि आवश्यक सहायक तथा सहयोगी सामग्री वितरण गर्ने<br>● शिप विकास केन्द्रको स्थापना र सञ्चालन गर्ने<br>● अपाङ्गहरू बाट प्रवर्द्धित तथा सञ्चालित साथै अपाङ्गहरूले मात्र रोजगारी प्राप्त गर्ने गरी एक नमुना उद्योग वा व्यापार वा ब्यवशाय सञ्चालन व्यवस्थापनमा गाउँपालिकाले सहयोग र साझेदारी गर्ने<br>● पूर्ण अपाङ्ग भई क्षमताको प्रयोग गर्न नसक्ने भएका व्यक्तिहरूकालागि पोषण सहयोग कार्यक्रम सञ्चालन गर्ने साथै स्वास्थ्य उपचारको व्यवस्था मिलाउने | ● वि.सं. २०७८ चैत्र मसान्त भित्र अपाङ्ग तथा फरक क्षमता भएकाहरूको सामाजिक शुरक्षा र सम्मान संग सम्बन्धित गाउँपालिका स्तरीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार भएको हुनेछ<br>● आ.व. २०८०/८१ भित्र गाउँपालिकाका सवै निर्माण भैसकेका सार्वजनिक स्थल, विद्यालय, कार्यालयका भौतिक पूर्वाधारहरू अपाङ्गमैत्री बनेका हुनेछन साथै अव बनने पूर्वाधारहरू अनिवार्य अपाङ्ग मैत्री बनने व्यवस्था गरिएको हुनेछ<br>● आ.व. २०८१/८२ भित्र सवै प्रकारका अपाङ्ग तथा फरक क्षमता भएकाहरूले आत्मसम्मानकासाथ जीवन यापन गर्न सक्ने वातावरणको विकास भएको हुनेछ साथै अपाङ्ग तथा फरक क्षमता भएकाहरू समेत क्षमता बामोजिमको आय आर्जन कार्यमा सम्लग्न हुने कार्यले गति लिएको हुनेछ | ● गाउँपालिका तथा गाउँसभाको निर्णय पुस्तिका<br>● गाउँपालिकाको योजना पुष्तिका<br>● वडा कार्यालयको प्रतिवेदन<br>● अपाङ्ग सञ्जालका प्रतिवेदन तथा अभिलेख<br>● टोल विकास संस्था वा नागरिक वडा मञ्चहरूको अभिलेख<br>● स्थालगत अवस्था<br>● सञ्चारको श्रोत | १. **<u>प्रमुख जिम्मेवारी</u>:**<br>● गाउँपालिका<br>● अपाङ्गहरूको क्षमता प्रवर्द्धन समिति<br>● सवै घरपरिवार<br>● केन्द्र तथा प्रदेश सरकार<br>२. **<u>सहयोगी</u>**<br>● संघीय तथा प्रदेश सरकार<br>● समुदाय र सामाजिक अगुवा<br>● सामुदायिक संघ सस्थाहरू<br>● अपाङ्ग सेवा केन्द्र<br>● सहयोगी तथा साझेदार संघ सस्थाहरू | ● आर्थिक स्रोत<br>● दाता वा साझेदर र सहयोगी<br>● गरिवी तथा सामाजिक द्वन्द<br>● ऐन, कानून, नीति निर्देशन |

| १०) लक्षित बर्ग तथा समुदायः सामाजिक न्याँय, समानता र अवसर ( दलित, आदिवासी जनजाती तथा पिछडा बर्ग लगायत) | | | | |
|---|---|---|---|---|
| **अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलाप (योजना तथा कार्यकम)** | **सूचकहरू** | **जानकारीको श्रोत** | **जिम्मेवारी** | **पूर्वानुमान /जोखिम** |
| **क) अपेक्षित प्रतिफल/ नतिजा**<br>**सामाजिक न्याँय र समानताको सुनिस्चितता गर्न अरुण गाउँपालिका क्षेत्र भित्रका दलित, आदिवासी जनजाती तथा पिछडा बर्ग लगायतका लक्षित समुदाय आर्थिक, सामाजिक तथा सास्कृतिक विकासको माध्यम बाट गाउँपालिका विकासको मुलधारमा समावेश भएका हुनेछन्** | | | | |
| **ख) कृयाकलाप -योजना तथा कार्यकम):**<br>● दलित, आदिवासी जनजाती तथा पिछडा बर्ग लगायतका सवै लक्षित समुदायलाई गाउँपालिका विकासको मुल धारमा ल्याउन आवश्यक गाउँपालिका स्तरीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार गर्ने<br>● तथ्याङ्क अध्यावधिक गर्ने<br>● कानूनी अधिकार एवं सचेतना मुलक तालिम, अन्तरक्रिया तथा गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गर्ने<br>● लक्षित बर्ग र समुदाय समेतका अति बिपन्न परिवारका लागि खाना, आवास, शिक्षा, स्वास्थ्य, रोजगारी समेतको न्यूनतम आवश्यकताको परिपुर्तिको व्यवस्थापन गरी सामाजिक सुरक्षाको सुनिस्चिता गर्ने साथै अतिविपन्न परिवारको आधारभुत आवश्यकताको परिपुर्तिकालागि **"अति विपन्न परिवार सामाजिक शुरक्षा कार्यविधि"** निर्माण गरी उनिहरूको जीबन रक्षाको सुनिस्चितता गर्न **"अरुण अति विपन्न परिवार सामाजिक शुरक्षा कार्यक्रम"** सञ्चालन गरिनेछ<br>● लक्षित बर्गका निम्ति विनियोंजन हुने रकमलाई समेत शिप विकास संग एकीकृत गरी सबै बर्ग, समुदायका विशेष रुपले पछाडि परेका तथा पारिएका महिला तथा यूवाहरूको सामाजिक, आर्थिक र राजनैतिक, सांस्कृतिक क्षमता र शिप विकासमा आधारित **"अरुण लक्षित बर्ग तथा समुदाय क्षमता तथा शिप विकास कार्यकम"** सञ्चालन गरिनेछ तथा यसकालागि आवश्यक | ● वि.सं. २०७८ चैत्र महिना भित्र दलित, आदिवासी जनजाती तथा पिछडा बर्ग लगायतका लक्षित समुदायलाई गाउँ पालिका विकासको मुल धारमा ल्याउन आवश्यक गाउँ पालिका स्तरीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार भई कार्यान्वयनमा आएका हुनेछन्<br>● आ.व. २०७८/७९ भित्र गाउँपालिका भित्र बसोबास गर्ने दलित, आदिवासी जनजाती तथा पिछडा बर्ग लगायत सम्पूर्ण लक्षित समुदाय गाउँपालिका विकासको मुल धारमा समावेश हुने | ● गाउँपालिका तथा गाउँसभाको निर्णय पुस्तिका<br>● गाउँपालिकाको योजना पुष्तिका<br>● वडा कार्यालयको प्रतिवेदन<br>● जातीय सघ सस्था तथा लक्षित समुदाय संग सम्बन्धित संघ संस्थाका प्रतिवेदन तथा अभिलेख<br>● टोल विकास संस्था वा नागरिक वडा मञ्चहरूको अभिलेख<br>● स्थालगत | **१. प्रमुख जिम्मेवारी:**<br>● गाउँपालिका<br>● लक्षित समुदाय क्षमता विकास गाउँपालिका समिति<br>● सवै घरपरिवार<br>**२. सहयोगी**<br>● केन्द्र तथा प्रदेश सरकार<br>● समुदाय र सामाजिक अगुवा<br>● सामुदायिक संघ सस्थाहरू<br>● सहयोगी तथा साझेदार संघ सस्थाहरू | ● आर्थिक स्रोत<br>● दाता वा साझेदर र सहयोगी<br>● गरिवी तथा सामाजिक द्वन्द<br>● ऐन, कानून, नीति निर्देशन |

| | | | | |
|---|---|---|---|---|
| **उद्यमशाला र स्वरोजगार बैंक** समेत स्थापना गरी सोहि उद्यमशाला मार्फत शिप विकासका सवै कार्यक्रम र स्वरोजगार बैंक मार्फत रोजगारी श्रृजना गरिनेछ<br>• क्षमता अभिवृद्धि एवं नेतृत्व विकास संग सम्बन्धित तालिम कार्यक्रम सञ्चालन गर्ने<br>• छुवाछुत मुक्त गाउँपालिकाको घोषणा गरी कडाईका साथ कार्यान्वयनमा ल्याउने<br>• व्यवशायीक कृषि विकास, पशुपन्छी पालन, घरेलु उद्योग, सिलाई कटाई, व्यूटि पार्लर, मुडा तथा ढाकाका कपडा, दारका ठेकी बनाउने लगायत सम्बन्धित व्यक्ति समुहले चाहेका सम्भाब्य सवै प्रकारका शिप विकास कार्यक्रम संग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने<br>• परम्परागत संस्कृति संग जोडिएका व्यवसायहरूको प्रवर्धन गर्ने<br>• आर्थिक विकास कार्यक्रम संग आवद्ध गरी वर्तमान निर्वाह तथा गुजारामुखी कृषि प्रणाली लाई प्रतिस्थापन गर्दै आधुनीक एवं व्यवसायिक कृषी तथा पशुपन्छी पालन कार्यक्रम संचालन गर्ने तथा आर्थिक तथा सामाजिक रुपले पछाडि परेका दलित, आदिवासी जनजाती, पिछडा वर्ग लगायतका लक्षित समुदाय द्वारा प्रवर्द्धित उद्योग, व्यापार तथा ब्यवशायको विकास, विस्तार र प्रवर्द्धनकालागि गाउँपालिकाको बिशेष अनुदान सहित सामुदायिक साझेदारी उद्यम व्यवसाय प्रवर्द्धन प्रणालिको विकास गर्ने<br>• सरकारी कार्यालय र निकायमा पहुँच वृद्धिकालागि लोक सेवाकालागि आधारभुत तयारी कक्षा संचालन गर्ने<br>• आवास विकास योजना संग आवद्ध गरी सिमान्तकृत परिवारकालागि सामुहिक आवास गृह निर्माण गर्ने<br>• गरिव तथा विपन्न परिवारका दलित, आदिवासी जनजाती तथा पिछडा वर्गका जेहेन्दार विद्यार्थीहरूका लागि **अरुण प्रतिभा प्रोत्साहन छात्रबृतिको** व्यवस्था गर्ने<br>• बालमैत्री स्थानीय शासन रणनीतिक योजना अन्तरगत दलित, आदिवासी जनजाती तथा पिछडा वर्गका कुपोषित | कार्यमा बढोत्तरी भएको हुनेछ<br>• आ.व. २०८२/८३ भित्र वर्तमान अवस्थामा सिमान्त कृत तथा गरिवीको रेखामुनी रहेका दलित, आदिवासी जनजाती तथा पिछडा बर्ग समेतका लक्षित समुदाय समेतको साझेदारीमा आर्थिक विकास कार्यक्रम अन्तरगत गाउँपालि का क्षेत्र भित्र कम्तिमा एक वाड एक घरेलु उद्योग वा व्यापार व्यवसाय सञ्चालन मा आएका हुनेछन् साथै यसमा निरन्तर वृद्धि भएको हुनेछ<br>• आ.व. २०८२/८३ भित्र गाउँपालिका भित्र रहेका सवै बर्ग र तहका घरबार बिहिन वा सुरक्षित आवस नभएका गाउँपालिका बासीकालागि सुरक्षित आवासको व्यवस्था भएको हुनेछ । | अवस्था<br>• सञ्चारको श्रोत | | |

| | | | | |
|---|---|---|---|---|
| बालबालिकाहरूका लागि पोषण सहयोग गर्ने<br>• साक्षरता कार्यक्रम संचालन गर्ने<br>• गरिव तथा विपन्न परिवारका दलित, आदिवासी जनजाती तथा पिछडा वर्गका मानिस तथा परिवारका लागि स्वास्थ्य उपचारमा बिशेष छुटको ब्यवस्थ ागर्ने<br>• सम्भाब्य सवै जातजातीको सम्लग्नता र सहभागितामा वडा नं. २ जग्गा समेतको व्यवस्था गरी गाउँपालिकाको गौरवको आयोजना अन्तरगत जातीय तथा सांस्कृतिक पहिचान सहितको बहु जातीय साँस्कृतिक संग्राहलय निर्माण तथा व्यवस्थापन गरी साँस्कृतिक पहिचानलाई अक्षुण राख्ने<br>• लोपउन्मुख भाषा भाषीहरूको संरक्षण एवं सम्बर्धन गर्न बिद्यालको छनौट गरी भाषा शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने<br>• विभिन्न सांस्कृतिक तथा साहित्यीक कार्यक्रम संचालन गरी कला र संस्कृतिको संरक्षण गर्ने | | | | |
| **११) खेलकुदः भौतिक पूर्वाधार तथा क्षमता विकास** | | | | |
| **अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलाप (योजना तथा कार्यक्रम)** | **सूचकहरू** | **जानकारीको श्रोत** | **जिम्मेवारी** | **पूर्वानुमान /जोखिम** |
| **क) अपेक्षित प्रतिफल/ नतिजा**<br>**अरुण गाउँपालिकाको समग्र खेलकुदको विकासकालागि ब्यवस्थित तथा सुविधा सम्पन्न गाउँपालिका स्तरीय खेलमैदान तथा कभर्डहल साथै सवै वडाहरूमा वडा स्तरीय खेलमैदान र विद्यालयहरूमा विद्यालयस्तरीय खेलमैदानको व्यवस्था भई खेलप्रेमी यूवा यूवती तथा बालबालिका लगायतले सहज रुपमा खेलकुद कार्यकममा सहभागि हुने अवसर पाउनुको साथै गाउँपालिका स्तरीय अरुण गोल्डकप प्रतियोगिता सहितका गाउँपालिका तथा वडास्तरीय खेदकुद प्रतियोगितहरू सञ्चालनमा आएका हुनेछन्  साथै कमिक रुपले व्यवसायिक खेलाडिको उत्पादन भएको हुनेछ।** | | | | |
| **ख) कृयाकलाप (योजना तथा कार्यकम)**<br>• गाउँपालिका खेलकुद विकास समितिको गठन/पुनरगठन गरी खेलकुद विकासको क्षेत्रमा कृयाशिल गराउने<br>• खेलकुद विकास संग सम्बन्धित स्थानीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार गर्ने<br>• तालिका नं. ७.२.४.५ मा प्रस्ताव | • गाउँपालिकाका गौरवका आयोजना अन्तरगत समेटिएका खेल मैदानहरूमा आ.व. वडा नं. ३ को मऱ्याङ डांडामा गाउँपालिका स्तरीय (क) खेलमैदान को निर्माण गर्ने गरी तयार भएको डिपिआर बमोजिम | • गाउँपालिका तथा गाउँसभाको निर्णय पुस्तिका<br>• गाउँपालिकाको योजना पुष्तिका<br>• वडा कार्यालयको प्रतिवेदन | **१. प्रमुख जिम्मेवारी:**<br>• गाउँपालिका<br>• गाउँपालिका खेलकुद विकास समिति<br>• गाउँपालिका सामाजिक | • आर्थिक स्रोत<br>• जग्गा जमिनको उपलब्धता<br>• दाता वा साझेदर र सहयोगी |

| | | | | |
|---|---|---|---|---|
| गरिएको वडा स्तरीय खेलमैदानहरूको निर्धारित प्राथमिकता क्रम अनुसार निर्माण गर्ने<br>• प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयहरूमा न्यूनतम मापदण्ड बमोजिमको खेलमैदान निर्माण तथा व्यवस्था गर्ने<br>• वडा नं. २ को चम्पेमा उपयुक्त स्थानको छनौट र व्यवस्थापन गरी सामुदायिक कभर्डहलको निर्माण गर्ने<br>• सवै विद्यालयहरूले बालविकासकालागि अति आवश्यक अतिरिक्त कृयाकलाप कार्यक्रमहरू अनिवार्य सञ्चालन गर्ने गराउने<br>• गाउँपालिकाको नेत्रीत्व र जिल्ला खेलकुद विकास समिति समेतको सहायेग र साझेदारीमा **<u>अरुण रनिङ सिल्ड गोल्ड कप</u>** प्रतियोगिता लगायतका बिभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्ने<br>• उत्कृष्ट खेलाडीलाई प्रोत्साहन एवं पुरस्कृत गर्ने साथै रोजगारीको सुनिस्चितता गर्ने<br>• आवश्यक नीति निर्माणका साथ उत्कृष्ट खेलाडीका २ जना सम्म छोरा वा छोरीलाई निशुल्क अध्ययन अध्यापनको व्यवस्था गर्ने<br>• विशेष योजनाका साथ दक्ष एवं व्यवसायीक खेलाडी उत्पादन गर्ने | आ.व. २०८०/८१ भित्र निर्माण सम्पन्न भई सञ्चालनमा आएको हुनेछ साथै वडा नं. ६ को जरायोटारमा निर्माण गरिने गाउँपालिका स्तरीय खेलमैदान (ख) को निर्माण कार्य आ.व. २०८१/८२ बाट सुरु भई ३ बर्ष भित्र निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको हुनेछ ।<br>• तालिका नं. ७.२.४.५ मा समावेश भएका प्राथमिकता नं. P1 मा रहेका वडास्तरीय समेतका खेलमैदान आ.व. २०८२/८३ भित्र निर्माण सम्पन्न भई सञ्चालनमा आएका हुनेछन<br>• गाउँपालिका भित्रका सत प्रतिसत विद्यालयहरूमा आ.व. २०८१/८२ भित्र न्यूनतम मापदण्ड बमोजिमका खेलमैदानको निर्माण व्यवस्थापन भई सञ्चालनमा आएका हुनेछन्<br>• आ.व. २०७८/७९ बाट वार्षिक रुपमा गाउँपालिका स्तरीय **<u>अरुण रनिङ सिल्ड गोल्ड कप</u>** प्रतियोगिता सञ्चालनमा अएको हुनेछ<br>• आ.व. २०८१/८२ सम्ममा व्यवशायीक खेलाडी उत्पादनका साथ अरुण गाउँपालिका खेलकुद हवको | • गाउँपालिका खेलकुद विकास समिति<br>• जिल्ला खेलकुद विकास समति सहितका खेलकुद विकास संग सम्बन्धित सघ सस्थाका प्रतिवेदन तथा अभिलेख<br>• टोल विकास संस्था वा नागरिक वडा मञ्चहरूको अभिलेख<br>• स्थालगत अवस्था<br>• सञ्चारको श्रोत | विकास शाखा<br>२. **<u>सहयोगी</u>**<br>• केन्द्र तथा प्रदेश सरकार<br>• जिल्ला खेलकुद विकास समिति<br>• समुदाय र सामाजिक अगुवा<br>• विद्यालयहरू<br>• सामुदायिक संघ सस्थाहरू<br>• सहयोगी तथा साझेदार संघ सस्थाहरू<br>• खेलकुद सँग सम्बन्धित क्लवहरू | • ऐन, कानून, नीति निर्देशन<br>• प्राकृतिक प्रकोप |

| | | | | |
|---|---|---|---|---|
| | रुपमा समेत विकास हुँदै गएको हुनेछ | | | |
| **१२) खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षणः** | | | | |
| **अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलाप (योजना तथा कार्यकम)** | **सूचकहरू** | **जानकारीको श्रोत** | **जिम्मेवारी** | **पूर्वानुमान /जोखिम** |
| **क) अपेक्षित प्रतिफल/ नतिजा**<br>**आफ्नो कमाईले तथा उत्पादनले वर्षै भरी खान नपुग्ने अरुण गाउँपालिकाका गाउँपालिकाबासिहरू साथै प्रकोपका कारण गाउँपालिका भित्र उत्पन्न हुने सक्ने सम्भाव्य खाद्यान्न अभाव र अपुगको समस्या बाट सम्पूर्ण गाउँपालिकाबासिहरू शुरक्षित भएका हुनेछन साथै  गुणस्तरीय खाद्य पदार्थको उत्पादन र विक्रिवितरण बाट उपभोक्ता हित र अधिकारको सुनिस्चितता भएको हुनेछ** | | | | |
| **ख) <u>कृयाकलामः(योजना तथा कार्यकम)</u>**<br>● खाद्य शुरक्षा तथा उपभोक्ता हित संरक्षण सम्बनधी आवश्यक गाउँपालिका स्तरीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार गर्ने<br>● सरोकारवालाको सहभागिता र सहयोगमा गाउँपालिका क्षेत्र भित्र उपभोक्ता हित संरक्षण मा कृयाशिल हुने संघ संस्थाको गठनमा प्रोत्साहन र गाउँपालिकमा सूचिकरण गर्ने<br>● उपभोक्ता हित संरक्षण सँग सम्बन्धित सचेतना कार्यक्रम सञ्चालन गर्ने<br>● गाउँपालिकाका सवै वडाका उपयुक्त स्थानमा सुलभ मूल्यका खाद्यान्न पसल सञ्चालन गर्ने<br>● सम्भावित खाद्य संकट रोक्नकालागि सवै गाउँपालिकाबासीलाई क्रियाशिल गराउने<br>● नियमित अनुगमनको व्यवस्था मिलाई दैनिक उपभोग्य वस्तुको कृतिम अभाव श्रृजना गर्ने, अखाध्य पदार्थको मिसावट गर्ने, म्याद गुज्रेका खाद्य पदार्थको विकि वितरण गर्ने, नापतौलमा ठगी गर्ने, मूल्यसूची नराख्ने तथा उपभोक्ताको स्वास्थ्य संग खेलवाड गर्ने लगायत उपभोक्ता हित बिपरितका कार्य गर्ने लाई निरुत्साहित पार्न बिशेष अभियान सञ्चालन गर्ने साथै यस प्रकारका कार्यमा सम्लग्न हुनेलाई कानून बमोजिम कारवाही गर्ने | ● वि.सं. २०७८ चैत्र महिना भित्र खाद्य शुरक्षा तथा उपभोक्ता हित सम्बनधी आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका वा कार्यविधि तयार भई कार्यान्वयनमा आएको हुनेछ<br>● आ.व. २०८२/८३ भित्र जग्गाको व्यवस्थापन सहित आर्थिक विकास योजना मा समाबेश भएका गाउँपालिका स्तरीय खाद्य शुरक्षा भण्डारण तथा चिस्यान केन्द्रको निर्माण तथा सञ्चालन व्यवस्थापन | ● गाउँपालिका तथा गाउँसभाको निर्णय पुस्तिका<br>● गाउँपालिकाको योजना पुष्तिका<br>● वडा कार्यालयको प्रतिवेदन<br>● अनुगमन समितिको प्रतिवेदन<br>● उपभोक्ता हित संरक्षणको कार्यमा सकृय संघ संस्थाको प्रतिवेदन<br>● टोल विकास संस्था वा नागरिक वडा | १. <u>**प्रमुख जिम्मेवारीः**</u><br>● गाउँपालिका<br>● उत्पादक तथा व्यवशायीहरू<br>● गाउँपालिका खाद्य शुरक्षा तथा उपभोक्त हित संरक्षण समिति<br>● केन्द्र तथा प्रदेश सरकार<br>२. <u>**सहयोगी**</u><br>● समुदाय र सामाजिक अगुवा<br>● उपभोक्ता हित संरक्षणको क्षेत्रमा कृयाशिल संघ संस्थाहरू | ● आर्थिक स्रोत<br>● जग्गा जमिनको उपलब्धता<br>● सवारिका साधन<br>● दाता वा साझेदर र सहयोगी<br>● मेसिन उपकरणको उपलब्धता<br>● उपभोक्ताको चेतना स्तर<br>● ऐन, कानून, नीति निर्देशन |

| | | | | |
|---|---|---|---|---|
| ● मुख्य बजार केन्द प्यायलीमा व्यवस्थित पशु बधस्थलको निर्माण तथा व्यवस्थापन गर्ने<br>● कानूनले बन्देज गरेका घरेलु मदिरा एवं सुर्तिजन्य पदार्थको व्यवसायिक उत्पादन एवं विक्रि वितरणमा रोक लगाउँने<br>● मदिराजन्य पदार्थको विक्रि गर्ने पसल सञ्चालनको समय सिमा तोक्ने साथै अनियमित विक्रि वितरणलाई नियन्त्रण गर्ने तथा मदिराजन्य पशलमा मदिरा बाहेकका सामग्रीको विक्रि वितरणमा रोक लगाउँने<br>● १८ वर्ष भन्दा मुनीका बालबालिकालाई मदिरा एवं सुर्तिजन्य पदार्थहरूको खरिद विक्रि एवं ओसारपसारमा रोक लगाउँदै त्यस्तो कार्य गर्ने वा गराउने घरपरिवारका सदस्य, गाउँ तथा टोलबस्तीका व्यक्ति र व्यवसायिलाई दण्ड जरिवाना गर्ने साथै व्यवसायिको हकमा व्यवसायिक ईजाजत समेत खारेज गर्ने<br>● प्राङ्गरिक (Organic) कृषि उत्पादनमा जोड दिने साथै खाद्यान्नको आयात एवं निर्यातमा सहजिकरण तथा मध्यस्थताको भुमिका निर्वाह गर्ने<br>● छिमेकी गाउँ/नगरपालिका सँगको समन्वय र साझेदारीमा खाद्य परिक्षण प्रयोगशालाको स्थापना गरी खाद्य पदार्थ तथा खानेपानीको परिक्षणलाई व्यवस्थित र भरपर्दो बनाउने | भई गाउँबासी कम्तिमा ३ महिनाकालागि पुग्ने खाद्य पदार्थ भण्डारणको कार्यले भोक र अभावका कारण उत्पन्न हुने जोखिम बाट शुरक्षित भएको हुनेछन्<br>● आ.व. २०८०/८१ भित्र गाउँपालिका भित्र खाद्य शुरक्षा सहित गुणस्तरीय खाद्य पदार्थको विक्रि वितरण र उपभोगको सुनिस्चितता भएको हुनेछ | मञ्चहरूको अभिलेख<br>● स्थालगत अवस्था<br>● सञ्चारको श्रोत | ● सामुदायिक संघ सस्थाहरू<br>● सहयोगी तथा साझेदार संघ सस्थाहरू | |

**रणनीतिहरू**

**क.विषय क्षेत्र गत रणनीतिहरू**

- संविधान, संघीय तथा प्रदेश कानूनको समेत अधिनमा रहि आवश्यक स्थानीय नीति, ऐन, नियम, निर्देशिका वा कार्यविधिहरू तर्जुमा तथा व्यवस्थापन गर्ने
- श्रोतको पहिचान तथा परिचालन र व्यवस्थापन गर्ने साथै स्थानीय श्रोत र साधनको अधिकतम प्रयोग र परिचालन गर्ने
- नागरिक तथा सरोकारवाला र साझेदार संघ संस्थाको सहभागितालाई प्राथमिकता दिने
- अनुत्पादक खर्चमा कटौतिगर्ने
- सवै योजना तथा कार्यक्रमलाई उत्पादकत्व संग आवद्धता गर्ने
- रोजगारीको श्रृजना, गरिवी निवारण तथा न्यूनिकरणका साथमा दिगो विकासमा आधारित योजना र कार्यक्रमको कार्यानवयनलाई बिशेष प्राथमिकता दिने

- शिक्षा र साक्षरताका साथमा शिप विकास र प्रविधिको विकास र व्यवशाय प्रवर्द्धनमा विशेष लगानी गर्ने
- कम्तिमा २० वर्षको आवश्यकतालाई ध्यानमा राखि सामाजिक विकासकालागि सवै पूर्वाधारहरूको निर्माण र विकास गर्ने
- भौतिक पूर्वाधार निर्माणकालागि आवश्यक जग्गा जमिन तथा वडा तथा गाउँपालिकास्तरीय क्षेत्र निर्धारण गर्ने
- सार्वजनिक निजी साझेदारी, सार्वजनिक सामुदायिक साझेदारी तथा सार्वजनिक सामुदायिक निजी साझेदारी कार्यकलाई विशेष प्राथमिकतामा राख्ने
- आधुनिक प्रविधिको विकास, विस्तार र जनचेतना अभियान बाट सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने
- सन्तुलित आहार स्वास्थ्य जीबनको लागि अत्यन्तै आवश्यक भएकाले एक घर एक करेसाबरी वा एक घर एक तरकारी तथा फलफूल बाली कार्यक्रमका लागि बिभिन्न दातृ  निकाय तथा गैर सरकारी संस्थाहरू मार्फत साझेदारी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने
- विभिन्न जातजातीको बसोबास रहेको अरुण गाउँपालिकामा सामाजिक, सास्कृतिक तथा जातीय सद्‌भाव कायम राख्न समन्वयात्मक कार्य प्रणालिको विकास गर्ने
- खाद्य पदार्थ तथा खानेपानीको गुणस्तर परिक्षणकालागि छिमेकी गाउँ/नगरपालिका सँग समन्वय तथा साझेदारी गरी प्रयोगशाला निर्माण व्यवस्थापन गर्ने साथै उक्त व्यवस्था नहुँदाका बखत सम्म सम्भाव्य निकाय सँग समन्वय र साझेदारी गर्ने

**ख. विषय शिर्षक गत रणनीतिहरू**

**१. शिक्षाः**

- शैक्षिक सत्रको सुरुवात बाटै विद्यालयप्रशासन, विद्यालयव्यवस्थापन समिति, शिक्षक, अभिभावक सँघ समेतलाई परिचालन गरी घरदैलो अभियान सञ्चालनका साथ विद्यालयभर्नालाई सतप्रतिसत बनाउने
- विद्यालयको नियमितताका आधारमा विद्यालयतथा बालबालिकालाई पुरस्कृत गर्ने
- सवै विद्यालयहरूमा अनिवार्य ई-हाजिरिको व्यवस्था गर्ने साथै बालकक्षा को प्रभावकारी व्यवस्थापन र डिजिटल कक्षा कोठाको विकास गर्ने
- विद्यालय शिक्षकलाई बालमैत्री अवधारणा र बालमैत्री कक्षा व्यवस्थापन सहितका आवश्यक तालिम प्रदान गरी सवै शिक्षकलाई सर्वप्रथम आफु सहजकर्ता भएको अनुभुति दिलाउने तथा बाल मनोबिज्ञानमा आधारित पाठन कला र शैली तथा बिद्यार्थिको शैक्षिक गुणस्तर र उतिर्ण स्तरका आधारमा सम्बन्धित विषय शिक्षकलाई पुरस्कृत गर्ने ब्यावस्था मिलाउने
- विद्यालयका कक्षा कोठा, डेस्कबेन्च, शौचालय, खेलमैदान, खानेपानी, सरसफाई, सेवा सुविधा र सुरक्षामा सुधार गरी बालबालिका विद्यालयजाउँजाउँ लाग्ने गरिका बालमैत्री मापदण्ड बमोजिम निर्माण तथा व्यवस्थापन गर्ने
- विद्यालयहरूमा सुचना र प्राविधिको विकासकालागि बिद्युत सेवा र इन्टरनेट सुविधाको अनिवार्य व्यवस्था गर्ने
- प्रत्येक विद्यालयमा सिसि टिभिको व्यवस्था गरी विद्यालयको नियमितता र गुणस्तर परिक्षणको कार्य गाउँकार्यपालिका बाट अनुगमन गर्ने समेतको व्यवस्था मिलाउने
- विद्यालयमा दिवा खाजालाई अनिवार्य गर्ने साथै आफ्ना छोराछोरीकालागि आफ्नै घरमा पाकेको खाजा अनिवार्य पठाउनु पर्ने व्यवस्था मिलाउने

- बिद्यार्थिलाई विद्यालयहाता भित्र र शिक्षकलाई कक्षा कोठा भित्र मोवाईलको प्रयोगमा प्रतिबनध लागउने साथै अभिभावकले आफ्ना छोराछोरीलाई मोवाईलको प्रयोगमा ब्यवहारिक बनाउन जिम्मेवार भुमिका निर्वाह गर्ने
- विद्यालयमा आर्थिक सुशासन कायम गर्न सवै विद्यालयहरूले आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र विद्यालयका आम्दानी र खर्चको हिसाव सार्वजनिक गर्ने व्यवस्था मिलाई सोको अनुगमनको  व्यवस्था मिलाउने

**२. स्वास्थ्यः**

- गाउँपालिकाको केन्द्र वडा नं. ३ को प्याउलीमा सिलान्याँस भई निर्माणको पर्खाइमा रहेको १५ सैयाको अस्पतालको निर्माण कार्य निर्धारित समय सिमा भित्र सम्पन्न गरी सञ्चालनमा ल्याउने
- प्रत्येक वडामा न्यूनतम एक वाड एक व्यवस्थित र सुविधा सम्पन्न प्राथमिक स्वास्थ्य केन्द्रहरूको निर्माण र दक्ष स्वास्थ्यकर्मीहरूको व्यवस्थापन गर्ने
- महिला तथा बालमैत्री स्वास्थ्य केन्द्रको व्यवस्थापनका साथ गर्भवती महिला र बालबालिकालाई खोपको सुनिस्चितता र नियमितताको व्यवस्थापन गर्ने तथा घरमा सुत्केरी गारउने प्रथालाई सून्यमा झार्ने
- पानी उमालेर खाने तथा मिचिमिचि हात धुने बानीको थप विकास गर्न प्राथमिकताका साथ जनचेतना अभियान सञ्चालन गर्ने साथै सामाजिक उत्तरदायित्व निर्वाहा गर्नु पर्ने सवै संघ संस्थालाई यस कार्यमा सरिक हुने बिशेष अभियान सञ्चालन गर्ने साथै यसरी गाउँपालिका सँग साझेदारी गर्नेलाई गाउँपालिकाको तर्फ बाट बिशेष सहयोग वा सहुलियत उपलब्ध गराउने
- आधारभुत स्वास्थ्य सेवा केन्द्रमा औषधी, उपकरणको व्यवस्था गर्ने साथै नेपाल सरकार बाट निशुल्क वितरण गर्ने भनि तोकिएका औषधीको वितरणमा प्रभावकारी व्यवस्थापन गर्ने
- आधारभुत स्वास्थ्य सेवा केन्द्रमा प्रयोगशाला, स्वास्थ्य परिक्षण कोठा, बिरामी आराम कक्ष, प्रतिक्षालय तथा बालबालिका तौलने मेसिन लगायतका सवै उपकरणको व्यवस्था गर्ने
- सवै उमेर समुहका स्थानीयबासीकालागि सामान्य तर महत्वूर्ण रहेका ब्लड ग्रुप, ब्लड सुगर, ब्लड प्रेसर जस्ता जाँचालाई निशुल्क गर्ने साथै महिला स्वास्थ्य स्वयं सेविकाहरूको सेवालाई थप प्रभाकारी बनाउने
- निजी क्षेत्र बाट सञ्चालित स्वास्थ्य संस्थाहरूको सेवालाई सर्वसुलभ र प्रभावकारी बनाउन स्थानीय मापदण्ड निर्माण गरी कार्यान्बनयमा ल्याउने

**३. खानेपानी**

- खानेपानीका मुहानहरूको सरसफाई र संरक्षण गर्ने साथै खानेपानी भण्डारण गृह (ट्याङ्की) निर्माण गर्ने
- पानीको शुद्धिकरणका लागि परिक्षण र प्रशोधनको व्यवस्था गर्ने (खानेपानीको मुहन नजिक प्राकृतिक पानी प्रशोधन केन्द्रहरूको निर्माण गर्ने)
- गाउँपालिका भित्रका सम्पूर्ण घरपरिवारमा एक घर एक स्वच्छ र शुद्ध खानेपानीको धाराको अवधारणा बमोजिम खानेपानीको सुविधा पुर्‍याउने साथै सवै घरपरिवार, विद्यालयलगायतले अनिवार्य फिल्टर वा शुद्धिकरणको व्यवस्था मिलाउने
- प्रत्येक विद्यालय, सार्वजनिक सेवाका क्षेत्र तथा कार्यालय र सार्वजनिक स्थलहरूमा आवश्यक संरचना निर्माण विकास गरी सुरक्षित र स्वाच्छ खानेपानी

उपलब्ध हुने व्यवस्था मिलाउने

- विद्यालयतथा सार्वजनिक स्थान र क्षेत्रमा बालमैत्री तथा अपाङ्गमैत्री खानेपानी प्रवाह धाराको व्यवस्था गर्ने
- सामुदायको प्रत्यक्ष सहभागिता रहने गरी समुदाय स्तरीय खानेपानी आयोजनालाई बिशेष प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउने

**४. शौचालयः**

- सवै घरपरिवारले अनिवार्य पानीको पर्याप्त व्यवस्था सहितका सुविधायुक्त शौचालय निर्माण गर्नु पर्ने बाध्यात्मक व्यवस्था मिलाउने साथै यसकार्यलाई घर नक्सा पास तथा घर सूचिकरण सँग आवद्ध गर्ने
- सवै घरपरिवारले शौचालय सँगै अनिवार्य सावुन पानी सहितको हातधुने स्थानको व्यवस्था गर्न अनिवार्य गर्न यस कार्यलाई सेवा प्रवाह सँग आवद्ध गर्ने
- सवै वडाका आवश्यक सार्वजनिक स्थलहरूमा सुविधा युक्त सार्वजनिक शौचालयहरू निर्माण गरी सञ्चालन व्यवस्थापन गर्ने र यसरी सञ्चालनमा आउने शौचालयहरू अनिवार्य बालमैत्री तथा अपाङ्गमैत्री निर्माण गर्ने
- पुर्ण सरसफाइको लागि चेतनामुलक कार्यक्रम संचालन गर्ने साथै खुला दिसामुक्त क्षेत्रको रुपमा घोसण भई सकेको यस गाउँपालिकालाई थप व्यवस्थापन गरी निरन्तरता दिने

**५. महिला तथा लैङ्गिक समानता**

- सामाजिक बिभेद, घरेलु हिँसा र दुर्व्यवहार, अन्धविश्वास लगायतका सामाजिक कुरितीको अन्त्यकालागि महिला तथा पुरुष सम्मिलित **सामाजिक न्याँय सञ्चार समुह** गठन गरी कृयाशिल गराउने
- शिप विकास सहित महिलालाई आर्थिक उपार्जनका क्षेत्रका कृयाशिल गराउन महिला द्वारा प्रवर्द्धित उद्योग, कलकारखाना तथा ब्यपार व्यवसायलाई संरक्षण र सम्बर्द्धन गर्ने साथै सहुलियत पूर्ण आर्थिक श्रोतको व्यवस्थापनकालागि सहकारी तथा बैंक बित्तीय संस्था सँग सहकार्य गर्ने
- महिलाले मात्र सञ्चालन तथा व्यवस्थापन गर्ने प्रकृतिका उद्योग, व्यापार तथा व्यवसाय सँग सम्बन्धित परियोजना बैंक तयार गर्ने
- महिला द्वारा प्रवर्द्धित आय आर्जन र रोजगारी श्रृजना गर्ने प्रकृतिका आयोजनामा बिशेष सहायोग कोष स्थापना गरी उक्त कोषको पूर्ण सदुपयोग गर्ने
- समान कामको समान ज्यालाको कानूनी मान्यतालाई कडाइका साथ ब्यवहारमा ल्याउने
- सामाजिक संस्कारहरूमा महिला माथि गरिने बिभेदको अन्त्यकालागि सामाजिक न्यय सहितको गाउँपालिका स्तरीय कानून निर्माण गरी कार्यान्वयन गर्ने

**६. बालबालिका**

- बलमैत्री स्थानीय शासन कार्यान्वयन रणनीतिक योजना तयार गरी कार्यान्वयनमा ल्याउने
- घरपरिवार, सार्वजनिक संघ संस्था तथा कार्यालय लगायत सम्पूर्ण सरोकारवाला निकाय र स्थानमा बालमैत्री वातावरण विकास गर्ने साथै घरपरिवार लगायतका सवै सरोकारवालाले आफ्नो भौतिक संरचना अनिवार्य बालमैत्री बनाउन अनिवार्य गर्ने
- समुदाय स्तरीय तथा विद्यालयस्तरीय साथै वडा र गाउँपालिका स्तरीय बाल क्वल गठन गरी कृयाशिल गराउने

- लागु ओषध लगायतका कुलतमा लागेको बालबालिकाको उद्धार गर्ने तथा यसो हुन नदिन बालक्लवको सकृयतालाई थप प्रभावकारी रुपमा परिचालन गर्ने
- अनाथ तथा सडक बालबालिकाको उद्धार, पुनरस्थापना, व्यवस्थापन र संरक्षण गर्ने
- बाल श्रम र बाल बिवाहको पूर्ण रुपले अन्त्य गर्ने

**७ युवा विकास**

- प्राविधिक शिक्षा र तालिमको माध्यम बाट शिप तथा क्षमता विकास गर्ने
- यूवा स्वरोजगार कार्यक्रमलाई बहुक्षेत्रगत रुपमा सञ्चालन व्यवस्थापनको सुनिस्चित आधार निर्माण गरी उत्पादनमुलक कार्यमा परिचालन गर्ने
- गाउँपालिका क्षेत्रका विकास निर्माणका कार्यहरूमा युवा परिचालन गरी रोजगारीको अवसर प्रदान गर्ने
- प्रधानमन्त्री युवा स्वरोजगार कार्यक्रम लगायतका स्वरोजगारमुलक कार्यक्रमहरूको प्रभावकारितामा बृद्धि गरी युवाहरूकालागि व्यवसायिक योजनामा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्ने
- युवाहरूलाई लागु औषध लगायतका कुलत बाट बचाउन विद्यालयतथा खेलकुद विकास क्षेत्र स्तरीय सम्यन्त्र निर्माण गरी परिचालन गर्ने

**८ जेष्ठ नागरिक**

- सामाजिक तथा पारिवारिक अवहेलना र तिरस्कारको अन्त्यकालागि आवश्यक कानून समेत निर्माण गरी सामाजिक सुरक्षाको प्रत्याभुतिको सुनिस्चितता गर्ने
- प्राथमिक स्वस्थ्य केन्द्र तथा वडा केन्द्रमा जेष्ठ नागरिकहरूको स्वास्थ्य परिक्षण सेवा तथा औषधी उपलब्धताको सुनिस्चित व्यवस्था गर्ने
- जेष्ठ नागरिकहरूकालागि अनुभव, ज्ञान र शिपको आदान प्रदान लक्षित अन्तरकृया, शैक्षिक भम्रण, शिप विकास लगायतका कार्यक्रमको व्यवस्था गर्ने
- जेष्ठ नागरिकलाई वहाँहरूको बासस्थानमानै गएर सम्मान गर्ने व्यवस्था मिलाउने
- जेष्ठ नागरिक दिवा शेवा केन्द्र, जेष्ठनागरिक मिलन चौतारीहरूको व्यवस्थापन गरी पारिवारिक एक्लोपना वा अभावको पुर्तालमा सहयोग गर्ने
- गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने सार्वजनिक यातायातका साधनमा छुटको व्यवस्थालाई अनिवार्य र ब्यवस्थित गर्ने

**९ अपाङ्गता तथा फरक क्षमता भएका**

- स्थानीय कानूनको निर्माण गरी आर्थिक, सामाजिक तथा पारिवारिक अपहेलनाको अन्त्य गर्ने
- अपाङ्गता तथा फरक क्षमता भएका व्यक्तिहरूको प्रकृति र क्षमताका आधारमा सिप विकास तथा आय आर्जन कार्यक्रम संचालन गरी स्वनिर्भरता तर्फ उत्प्रेरणाकासाथ अघि बढाउने
- सामजिक सम्मान र प्रेरणाको सुनिस्चितता गर्ने

**१० लक्षित बर्ग तथा समुदाय**

- राज्य बाट प्राप्त अधिकारको सुनिस्चितताकालागि लक्षित बर्ग तथा समुदायको कृयाशिलतालाई थप प्रभावकारी बनाउने
- न्यायँीक अधिकार र पहुँचमा अभिबृद्ध गर्न गराउने
- लक्षित बर्ग तथा समुदाय सचेतना अभियान लाई अघि बढाएर समान पहुँच स्थापित गर्ने गराउने
- सवै वडामा कानूनी साक्षरता अभियान सञ्चालन गर्ने
- शिप तथा क्षमता विकासका माध्यम बाट स्वरोजगार बनाउने

**११ खेलकुद**

- गाउँपालिका स्तरीय खेलकुद प्रशिक्षकको व्यवस्था गरी व्यवसायिक खेलाडि उत्पादन गर्ने
- विद्यालयहरूमा अनिवर्या खेलमैदानको निर्माण विकास गर्ने
- खेलकुदकालागि आवधिक योजना मार्फत प्रस्ताव भएका गाउँपालिका तथा एक वाडा एक खेलमैदानका हिसावले प्रत्येक वडामा वडास्तरीय खेलकुद पूर्वाधारहरूको निर्माण विकास गर्ने
- विद्यालयतह देखिनै खेलकुदको दिगो विकास गर्न अन्तर वडा खेलकुद प्रतियोगिता साथमा गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्ने साथै जिल्ला, प्रदेश तथा केन्द्र स्तरीय खेलकुद कार्यक्रममा नियमित सहभागि गराउने
- स्वास्थ्यकालागि खेलकुद अभियानलाई कार्यान्वयन गर्ने

**१२ खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण**

- आवधिक योजनामा प्रस्ताव भएका समेत आवश्यक खाद्य शुरक्षा भण्डार र चिस्यान केन्द्र सहतिका भौतिक पूर्वाधार निर्माण गरी गाउँबासीलाई आफ्नै उत्पादनले धान्ने गरी खाद्य भण्डारको व्यवस्था गर्ने तथा आत्म निर्भताकालागि खाद्य उत्पादनमा वृद्धि गर्ने
- गाउँपालिका क्षेत्र भित्र पूर्ण रुपले यातायाको सुविधा नपुग्दा र गाउँ खाद्य भण्डार केन्द्र निर्माण भई सञ्चालनमा नआउँदा सम्म परम्परागत रुपम घरघरमा रहेको खाद्य भण्डारका संरचनाहरूलाई प्रोत्साहन र निरन्तरता दिने
- उपभोक्ता हित संरक्षण संग सम्बन्धित गाउँपालिका स्तरीय ऐनको व्यवस्था गरी सोहि बमोजिम उपभोक्ता हित संरक्षणका गतिविधि सञ्चालन व्यवस्थापन गर्ने साथै बजार अनुगमनलाई नियमित र व्यवस्थित बनाउने
- प्राङ्गरिक तथा विषादी रहित खाद्य पदार्थको मात्र उत्पादन र बिक्रीवितरणलाई अनिवार्य गर्ने साथै विषदियुक्त खाद्य पदार्थ बिक्री वितरण गर्नेलाई नियमन गर्ने

### ७.२.४.१ तर्कबद्ध प्रणाली भित्र समावेश भएको सामाजिक विकास सँग सम्बन्धित भौतिक पूर्वाधार निर्माण समेतका विषयगत योजनाहरू

यस गाउँपालिकालाई सामाजिक विकास र व्यवस्थापनको हिसावले एक सक्षम र सुदृढ गाउँपालिकाका रुपमा विकास गर्न मूख्य गरी विद्यालयतथा शिक्षालय, स्वास्थ्य, खानेपानी, शौचालय, सामाजिक समावेशीकरण अन्तरगत महिला तथा लैङ्गिक समानता, बालिबालिका, युवा विकास, जेष्ठ नागरिक, अपाङ्गता तथा फरक क्षमता भएका, लक्षित बर्ग समेतका ७ वटा साथै खेलकुद तथा खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण सहितका १३ वटा उपविषयगत क्षेत्र निर्धारण गरी कार्यान्वयन गर्ने अभिप्रायले आवधिक गाउँपालिका विकास योजनामा समेटिएका छन् । उल्लेखित उपविषयगत क्षेत्रको समय बद्ध सफल कार्यान्वयन बाट तर्कबद्ध ढाँचामा प्रस्तुत गरिएका अपेक्षित प्रतिफल प्राप्त गर्ने र तीनै प्रतिफलले समग्र गाउँपालिकाको समृद्धिको मार्ग निर्धारण गर्ने आसा राखिएको छ । तर्कबद्ध ढाँचामा प्रस्ताव गरिएका सूचक र उक्त सूचक प्राप्त गर्ने गरी निर्धारण गरिएका कार्यक्रमहरूको सफल कार्यान्वयनकालागि जिम्मेवार र सहयोगि कार्यालय र निकायले बिशेष भुमिका र जिम्मेवारी निर्वाह गर्न सकेत सम्भावित जोखिम बाट सहज निकास निकाल्न सकिने र उक्त निकासले अपेक्षित प्रतिफल निर्धारण भएको मापदण्ड र समयावधि भित्र प्राप्त गर्न सकिने आधार निर्माण गर्ने छ । विषयगत शिर्षक अन्तरगत समेटिएका प्रस्तावित योजाना तथा आयोजनाको प्राथमिकता क्रम र प्राथमिकताका आधारमा प्रस्तावित कार्य गर्न १ अर्व ७८ करोड ५ लाख लाग्ने अनुमानित लागत साथै उक्त लागतकालागि प्रस्तावित साझेदारीको संक्षिप्त विवरण तालिका नं. ७.२.४ मा र तीनको विस्तृत विवरण उपविषयगत तालिकामा प्रस्तुत गरिएको छ ।

**चित्र नं. ७.२.४.१: विषयगत क्षेत्रका योजनाको प्राथमिकता, लागत अनुमान र लगानी साझेदारी सम्बन्धी संक्षिप्त विवरण**



तालिका नं. ७.२.४: विषयगत क्षेत्रका योजनाको प्राथमिकता, लागत अनुमान र लगानी साझेदारी सम्बन्धी संक्षिप्त विवरण

| क.सं. | योजना शिर्षक | प्राथमिकता क्रम बमोजिमका योजना संख्या | | | | प्राथमिकता क्रम बमोजिमको लागत अनुमान रु (लाखमा) | | | | लगानी साझेदार रु (लाखमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | P1 | P2 | P3 | जम्मा | P1 | P2 | P3 | जम्मा | गा.पा. | उपभोक्ता | संघीय/प्रदेश सरकार | जम्मा |
| १ | **विद्यालय तथा शिक्षालय** | | | | | | | | | | | | |
| १.१ | सामुदायिक बिद्यालय | ३१ | ४ | १ | ३६ | ६२३०.० | ६४०.० | १००.० | ६९७०.० | १५६०.० | ५५२.० | ४८५८.० | ६९७०.० |
| १.२ | सस्थागत विद्यालय | २ | ० | ० | २ | ५.० | ०.० | ०.० | ५.० | ५.० | ०.० | ०.० | ५.० |
| २ | **स्वास्थ्य** | | | | | | | | | | | | |
| २.१ | सरकारी स्तरबाट सञ्चालित अस्पताल, स्वास्थ्य केन्द्र स्वास्थ्य चौकी | ९ | २ | ० | ११ | ३४१३.० | ५५०.० | ०.० | ३९६३.० | ४१७.० | ६१.० | ३४८५.० | ३९६३.० |
| २.२ | निजी अस्पताल तथा स्वास्थ्य केन्द्र | ० | ० | ० | ० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| ३ | खानेपानी | ६२ | ३ | ० | ६५ | ३०५६.० | २७५.० | ०.० | ३३३१.० | ६७१.० | १६९.० | २४९१.० | ३३३१.० |
| ४ | सार्वजनिक शौचालय | १६ | ० | ० | १६ | २०८.० | ०.० | ०.० | २०८.० | १८८.० | २०.० | ०.० | २०८.० |
| ५ | सामाजिक समावेशीकरण | | | | | | | | | | | | |
| ५.१ | महिला तथा लैङ्गिक समानता | | | | | २५०.० | ०.० | ०.० | २५०.० | १७५.० | २५.० | ५०.० | २५०.० |
| ५.२ | बालबालिका | | | | | १२५.० | ०.० | ०.० | १२५.० | ८७.५ | १२.५ | २५.० | १२५.० |
| ५.३ | यूवा विकासः रोजगारी श्रृजना तथा गरिवी निवारण, क्षमता विकास | | | | | १२५.० | ०.० | ०.० | १२५.० | ८७.५ | | ३७.५ | १२५.० |
| ५.४ | जेष्ठ नागरिकः सामाजिक सुरक्षा र सम्मान | | | | | १००.० | ०.० | ०.० | १००.० | ७०.० | १०.० | २०.० | १००.० |
| ५.५ | अपाङ्गता तथा फरक क्षमताः सामाजिक सुरक्षा, क्षमता विकास र सम्मान | | | | | १२५.० | ०.० | ०.० | १२५.० | ८७.५ | १२.५ | २५.० | १२५.० |
| ५.६ | लक्षित बर्ग तथा समुदायः | | | | | २००.० | ०.० | ०.० | २००.० | १४०.० | २०.० | ४०.० | २००.० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामाजिक न्याँय, समानता र अवसर ( दलित, आदिवासी जनजाती तथा पिछडा बर्ग लगायत) | | | | | | | | | | | | |
| ५.७ | पाटी, पौवा, चौतारा, प्रतिक्षालय, मिलन केन्द्र जस्ता सामाजिक पूर्वाधारहरू | ७ | १६ | ० | ० | ६९.० | २०५.० | ०.० | २७४.० | ११८.० | ३२.० | १२४.० | २७४.० |
| ६ | खेलमैदान तथा खेलकुद समेत | ११ | ७ | ० | १८ | १२१०.० | ८५९.० | ०.० | २०६९.० | ४२२.० | ११२.० | १५३५.० | २०६९.० |
| ७ | खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण | | | | | ६०.० | ०.० | ०.० | ६०.० | ५०.० | | १०.० | ६०.० |
| जम्मा | | १३८ | ३२ | १ | १४८ | १५१७६.० | २५२९.० | १००.० | १७८०५.० | ४०७८.५ | १०२६.० | १२७००.५ | १७८०५.० |

**७.२.४.१.१. विद्यालयतथा शिक्षालयः**

अरुण गाउँपालिका क्षेत्र भित्र आधारभुत तथा माध्यमिक तहमा सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूको भौतिक तथा शैक्षिक पूर्वाधार विकासकालागि प्रथम, दाश्रो र तेश्रो प्राथमिकता नं. मा क्रमस  ३१, ४ र १ जम्मा ३६ वटा विद्यालयरहेका छने भने यी विद्यालयहरूको निर्माण विकासकालागि रु ६९ करोड ७० लाख लाग्ने अनुमान गरिएको छ। यो रकम मध्ये १५ करोड ६० लाख (२२.३८ %) गाउँपालिकाले, ५ करोड ५२ लाख (७.९१ %) उपभोक्ताले र ४८ करोड ५९ लाख ( ६९.७१ %) प्रदेश तथा संघीय सरकार बाट लगानी प्राप्त हुने अपृक्षका साथ प्रस्ताव गरिएको छ। प्रथम चरणमा प्राथमिकता नं. १ मा परेका विद्यालयहरूका योजनाहरू कार्यान्वयनमा आउने भए बाट यसकालागि मात्र पनि रु ६२ करोड ३० लाखको लगानिको आवश्यकता रहेको पाईएको छ। निजी क्षेत्र बाट सञ्चालित विद्यालयहरूको भौतिकि पूर्वाधार स्वयं विद्यालयका संस्थापक तथा सञ्चालकको दायित्व भित्र रहने भए बाट गुणस्तर सुधारकालागि मात्र गाउँपालिकाले समन्वय र सहजिकरण गर्ने भए बाट पूर्वाधार विकासमा लगानी अनुमान गरिएको छैन भने गुणस्तर सुधार अन्तरगत रु ५ लाखको  लगानी प्रस्ताव गरिएको छ। यसरी सामुदायिक तथा सरकारी र निजी स्तर बाट सञ्चालित प्रथम प्राथमिकता अन्तरगतका विद्यालयतथा शिक्षालायका आयोजनाहरू आवधिक योजना अवधिको प्रथम वर्षबाटै विद्यालयभौतिक पूर्वाधार सुधार कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव गरिएको जसको विस्तृत विवरण तथा संस्थागत विद्यालयको गुणस्तर सुधार सहितको विवरण क्रमस तलिका नं. ७.२.४.१ (क) र (ख) मा उल्लेख गरिएको छ।

तालिका नं.७.२.४.१ (क) :गाउँपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयतीनको वर्तमान अवस्था र अव गर्नु पर्ने कार्य तथा कार्यान्वयनको स्तर वा तह

| सामुदयिक विद्यालयर तीनका पूर्वाधारहरूको वर्तमान अवस्था र आवश्यकता | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | नाम | ठेगाना (स्थान) | वर्तमान अवस्था (उपलब्ध जग्गा, भबन लगायत आवश्यक उपकरण समेत) | अव गर्ने कार्य (जग्गा, भबन अन्य भौतिक पूर्वाधार समेत) | प्राथमिकता (P1, P2, P3) | अनुमानित लागत रु (लाख) * | कार्यान्वयनको आधारमा योजनाको स्तरीयता | | |
| | | | | | | | गापा स्तरीय | वडा स्तरीय | केन्द्र/ प्रदेश स्तरीय |
| | | | | **वडा नं. १** | | | | | |
| १.१ | कटका मा.वि (१-११) | याङपाङ | ,२६ रोपनी २ आना २ पैसा जग्गा रहेको, भबन, खानेपानी, सौचालय | जग्गा, भबन, खेलमैदान, धेरावारा, प्रयोगशाला, बिद्युत र इन्टरनेट | P1 | १०००.० | १ | | १ |
| १.२ | महङकाली प्रा.वि. (१-५) | भालेढुङ्गा | ३ रोपनी ६ आना ६ पैसा ६ दाम जग्गा रहेको, भबन, खानेपानी | थप भबन निर्माण, खेलमैदान, शौचालय, घेरावारा व्यवस्थापन, बिद्युत र इन्टरनेट साथै शैक्षिक गुणस्तर सुधार र जनशक्ति क्षमता विकास | P1 | १५.० | १ | | |
| १.३ | कोशी प्रा.वि. (१-३) | मोहनपुर | ,२ रोपनी जग्गा रहेको, भबन, शौचालय, खानेपानी | भबन, घेरावारा, शौचालय, खानेपानी, बिद्युत र इन्टरनेट साथै शैक्षिक गुणस्तर सुधार र जनशक्ति क्षमता विकास | P2 | २०.० | १ | | |
| १.४ | जनसहयोगी प्रा.वि (१-५) | रातमाटे | १ रोपनी ९ आना २ पैसा जग्गा रहेको, भबन | शौचालय, घेरावारा, बिद्युत र इन्टरनेट | P1 | १०.० | १ | | |
| १.५ | जनप्रेमी प्रा.वि. (१-३) | खानीगाँउ | ३ रोपनी जग्गा, भबन, शौचालय | खानेपानी, घेरावारा, बिद्युत र इन्टरनेट | P1 | १०.० | १ | | |
| १.६ | रचना प्रा.वि. (१-५) | देउराली | ६ रोपनी जग्गा रहेको, भबन | घेरावारा, शौचालय, खानेपानी, खेलमैदान, बिद्युत र इन्टरनेट | P1 | २०.० | १ | | |
| १.७ | जालपा प्रा.वि. (१-३) | गैरीछाप | जग्गा, भबन, शौचालय | घेरावारा, खेलमैदान, बिद्युत र इन्टरनेट | P1 | १५.० | १ | | १ |
| **जम्मा** | | | | | | **१०९०.०** | **७** | **०** | **२** |
| | | | | **वडा नं. २** | | | | | |
| २.१ | चण्डेश्वरी प्रा.वि | स्वऱ्याङ | ४.५ रोपनी जग्गा, भबन, | जग्गा विकास, भबन, घेराबारा, | P1 | १००.० | १ | | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | (१-५) | | खानेपानी, शौचालय | खेलमैदान, बिद्युत र इन्टरनेट | | | | | |
| २.२ | चम्पे मा.वि. चम्पे (१-१२) | चम्पे | ८१ रोपनी जग्गा, भबन, खानेपानी, शौचालय | जग्गा विकास तथा व्यवस्थापन, भबन, घेराबारा, खेलमैदान, प्रयोगशाला, खानेपानी, बिद्युत र इन्टरनेट | P1 | ५००.० | १ | | १ |
| २.३ | सिद्धकाली प्रा.वि. (१-५) | बोक्ताम | ४ रोपनी जग्गा, भबन, खानेपानी, शौचालय | खेलमैदान, जग्गा घेरावारा, बिद्युत र इन्टरनेट | P1 | १००.० | १ | | १ |
| २.४ | हिमसिखर प्रा.वि. (१-५) | कट्हरे | ३ आना जग्गा (पास हुन बांकी), भबन, खानेपानी, शौचालय | थप जग्गा व्यवस्थापन, भबन, शौचालय, खानेपानी, घेरावारा, बिद्युत र इन्टरनेट | P1 | १००.० | १ | | १ |
| २.५ | शूर्यदय प्रा.वि. (१-४) | सिस्नेरी | १ रोपनी ११ आना २ दाम जग्गा, भबन, खानेपानी, शौचालय | थप जग्गा व्यवस्थापन, भबन, शौचालय, खानेपानी, घेरावारा, बिद्युत र इन्टरनेट | P1 | १००.० | १ | | १ |
| | जम्मा | | | | | ९००.० | ५ | | ५ |
| | | | | **वडा नं. ३** | | | | | |
| ३.१ | श्री सारादा मा.वि. (१-१२) | प्याउली | ,२२६ रोपनी जग्गा, भबन, नेट, विद्युत, शौचालय | खेलमैदान, भबन, खानेपानी, फर्निचर, बिद्युत र इन्टरनेट | P1 | ५००.० | १ | | १ |
| ३.२ | सरस्वति आधारभुत विद्यालय (१-८) | रिखेटार | जग्गा, खानेपानी, शौचालय | भबन, घेरावार, खेलमैदान, बिद्युत र इन्टरनेट | P2 | ५००.० | १ | | १ |
| ३.३ | विजयबास आधारभुत (प्राथमिक) वीद्यालय (१-५) | विजयबास | जग्गा | भबन, खानेपानी, खेलमैदान, घेरावार, बिद्युत र इन्टरनेट | P2 | ३०.० | १ | | १ |
| ३.४ | पञ्चकन्याँ आधारभुत (प्राथमीक) विद्यालय (१-५) | माचुङ्ग | जग्गा, भबन | खानेपानी, घेरावार, खानेपानी, बिद्युत र इन्टरनेट | P3 | १००.० | १ | | १ |
| ३.५ | रबेश्वर आधारभुत (प्राथमीक) विद्यालय (१-५) | खोम्कुबु | भबन, जग्गा, शौचालय | खानेपानी, खेलमैदान, घेरवार, बिद्युत र इन्टरनेट | P2 | ९०.० | १ | | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | | | | | | **१२२०.०** | **५** | **०** | **५** |
| **वडा नं. ४** | | | | | | | | | |
| ४.१ | अरुणोदय माध्यामी विद्यलाय(१-१२) | चरम्बी | जग्गा, भबन, खानेपानी, शौचालय | जग्गा, भबन, घेरावारा, खेलमैदान, बिद्युत र इन्टरनेट, प्रयोगशाला | P1 | १०००.० | १ | | १ |
| ४.२ | जालपा आधारभुत विद्यालय (१-८) | त्याङ्ग | जग्गा, भबन | घेरावार, भबन, खेलमैदान, बिद्युत र इन्टरनेट, प्रयोगशाला | P1 | ५००.० | | | १ |
| ४.३ | कौसिला प्राथमीक विद्यालय(१-३) | वेसिठोल | अप्रयाप्त | जग्गा, भबन, घेरावारा, खेलमैदान, बिद्युत र इन्टरनेट, प्रयोगशाला | P1 | १००.० | १ | | १ |
| ४.४ | अरुण प्राथमीक विद्यालय (१-५) | वरडाडा | जग्गा भबन | घेरावार, भबन, फर्निचर, शैचालय, बिद्युत र इन्टरनेट | P1 | १००.० | १ | | १ |
| ४.५ | विजय प्राथमीक विद्यालय (१-५) | गोलटोर | जग्गा, भबन | घेरावार, शौचालय, फनिर्चर, बिद्युत र इन्टरनेट | P1 | १००.० | १ | | १ |
| **जम्मा** | | | | | | **१८००.०** | **४** | **०** | **५** |
| **वडा नं. ५** | | | | | | | | | |
| ५.१ | श्री खण्ड प्राथमिक विद्यालय (१-५) | माङसुवा | जग्गा ३ आना १ दाम (०–३–०–१) भबन भएको, शौचालय | खानेपानी, जग्गा घेरावारा, खेल मैदान, नेट | P1 | १००.० | | | १ |
| ५.२ | श्री पन्चकन्याँ आधारभूत विद्यालय (१-८) | कट्टी | जग्गा १ रोपनी दर्ता भएको २२ रोपनी दर्ता नभएको, खानेपानी, शौचालय | घेरावारा, भबन, नेट, प्रयोगशाला | P1 | २००.० | | | १ |
| ५.३ | श्री विश्व प्रेमी माध्यामिक विद्यालय (१-१२) | याढु | जग्गा ३६ रोपनी, भबन, खानेपानी, शौचालय | शौचालय, जग्गा, भबन, घेरावार, प्रयोगशाला तथा खेलमैदान मर्मत सम्भार | P1 | ६००.० | १ | | १ |
| ५.४ | श्री विश्व विद्योदय प्राथमिक विद्यालय (१-५) | जिमिगाँउ | जग्गा १ रोपनी, भबन, शौचालय | खानेपानी, जग्गा, खेलमैदान | P1 | १००.० | १ | | १ |
| ५.५ | श्री सिंहवाल पूर्व प्राथमिक विद्यालय (१-३) | माङसुवा | जग्गा, भबन, शौचालय | खानेपानी, भबन, खेलमैदान | P1 | ५०.० | १ | | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | | | | | | १०५०.० | ३.० | ०.० | ५.० |
| **वडा नं. ६** | | | | | | | | | |
| ६.१ | कोशी प्राथमीक विद्यालय (१-५) | माङदीङ | जग्गा, भवन, शौचालय | खेल मैदान, घेरावार | P1 | ४०१० | १ | | १ |
| ६.२ | शुर्यदय प्राथमीक विद्यालय (१-५) | रानीटार | जग्गा, भवन, खानेपानी शौचालय | खेलमैदान, भवन | P1 | २५१० | १ | | १ |
| ६.३ | मकालु प्राथमीक विद्यालय (१-५) | धाउखानी | जग्गा, भवन, कच्ची शौचालय | खेलमैदान, भवन, जग्गा खरिद, खानेपानी तथा पक्की शौचालय निर्माण | P1 | १००१० | १ | | १ |
| ६.४ | अरुण गंगा प्राथमीक विद्यालय (१-५) | बसेरी | जग्गा, भवन, खानेपानी, शौचालय | खेल मैदान, घेरावार | P1 | ६०१० | १ | | १ |
| ६.५ | महेन्द्रोय माध्यामीक विद्यालय (१-१०) | पाल्पाले | भवन, जग्गा, शौचालय, खानेपानी | भवन, खेलमैदान, घेरावार, खानेपानी | P1 | २००१० | १ | | १ |
| ६.६ | वालसंसारी प्राथमीक विद्यालय (१-३) | माजीटार | जग्गा, भवन, शौचालय | खेलमैदान, घेरावार, खानेपानी सहित विद्यालयको स्तरोृन्नती गर्ने | P1 | ६०१० | १ | | १ |
| **जम्मा** | | | | | | **४८५१०** | **६** | **०** | **६** |
| **वडा नं. ७** | | | | | | | | | |
| ७.१ | सगरमाथा माध्यामीक विद्यालय विद्यालय (१-१० ) | सिकेटार | जग्गाः कि.नं. १५४ मा १४ आना २ दाम, कि.नं. १५६ मा १ आना १ पैसा, कि.नं. ६९९ मा २ रोपनी ८ आना, कि.नं. ३५० मा १ आना २ पैसा २ दाम र कि.नं. ३५४ मा १ रोपनी ६ आना गरी **जम्मा २ रोपनी १४ आना ३ पैसा ४ दाम रहेको** साथै भवन, खानेपानी, खेलमौदान, शौचालय रहेको | भवन थप निर्माण गर्ने, घेरावारा, शिक्षकको थप व्यवस्था, प्रयोगशाला, पुस्तकालय निर्माण | P1 | २००१० | १ | | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७.२ | साकेवा प्राथमीक विद्यालय (१-३) | खाल्डे | जग्गा: ४ रोपनी, शौचालय | भबन, खानेपानी, घेरावारा | P1 | १५०।० | १ | | १ |
| ७.३ | जनश्रम वाल कल्याण प्राथमीक विद्यालय (१-३) | चिउरीडाडा | भबन, जग्गा ८ आना | जग्गा तथा भबन थप गर्ने, खेलमैदान, घेरावारा गर्ने साथै ५ कक्षा सम्म सञ्चालन गर्ने | P1 | ७५।० | १ | १ | १ |
| जम्मा | | | | | | ४२५।० | ३ | १ | ३ |
| कुल जम्मा | | | | | | ६९७०।० | ३३ | १ | ३१ |

नोट : * सबै विद्यालयको शैक्षिक गुणस्तर सुधार र जनशक्ति क्षमता विकास समेत उपरोक्त उल्लेखित आगामि दिनमा गरिने कार्य भित्र समेटि लागत अनुमान गरिएको छ ।

**तालिका नं. ७.२.४.१ (ख): संस्थागत विद्यालयहरूको वर्तमान अवस्था र भावि योजना**

| तालिका नं. ७.२.४.१ (ख): संस्थागत विद्यालय(निजी) सम्बन्धी पूर्वाधारहरूको वर्तमान अवस्था र आवश्यकता | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **वडा नं.** | **नाम** | **ठेगाना ( स्थान)** | **वर्तमान अवस्था ( उपलब्ध जग्गा, भबन लगायत आवश्यक उपकरण समेत)** | **अव गर्ने कार्य (जग्गा, भबन अन्य भौतिक पूर्वाधार समेत)** | **प्राथमिकता (P1, P2, P3)** | **अनुमानित लागत रु (लाख)** | **कार्यान्वयनको आधारमा योजनाको स्तरीयता** | | |
| | | | | | | | **गापा स्तरीय** | **वडा स्तरीय** | **केन्द्र/प्रदेश स्तरीय** |
| ३ | प्याउली ईङ्गिलस बोर्डिङ्ग (१-५) | प्याउली | जग्गा, भबन, शौचालय | खानेपानी, खेलमैदान, घेरवारा लगायतका आवश्यक बालमैत्री पूर्वाधार निर्माण विकासमा सम्बन्धित विद्यालयलाई अनिवार्य गर्ने साथै गुणस्तर सुधारमा साझेदारी गर्ने | P1 | | १ | १ | |
| ६ | न्यू भिजन इङ्लिस बोर्डिड. स्कूल | पाल्पाले बजार | भाडामा | भबन, खेलमैदान, घेरावार, खानेपानी, शौचालय सहितको बालमैत्री विद्यालयका आवश्यक पूर्वाधार निर्माण सम्बन्धित विद्यालयलाई अनिवार्य गर्ने साथै गुणस्तर सुधारमा साझेदारी गर्ने | P1 | ५.० | १ | १ | |

**७.२.४.१.२ स्वास्थ्य पूर्वाधार विकासः**

गाउँपालिका क्षेत्र भित्र प्राथमिक स्वास्थ्य केन्द्र ७ वटा साथै स्वास्थ्य ईकाइ र खोप केन्द्रहरू मार्फत स्वास्थ्य सेवा प्रवाह भई रहेको अवस्था छ। यीनका अलावा गाउँपालिकामा १५ शैयाको अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रहरूको भौतिक पूर्वाधार बिकार गर्ने, उपकरण र दक्ष जनशक्तिको व्यवस्थापन गर्ने, खोप केन्द्रकालागि स्थायी भौतिक संरचना निर्माण गर्ने लगायतका योजनाहरू यस आवधिक योजनामा प्रस्ताव गरिएको छन्। यसरी गरिने सवै वडाका आवश्यक स्थानमा स्थायी खोपकेन्द्रका संरचना सहित पूर्वाधार निर्माण र सेवा बिस्तारकालागि प्राथमिकता नं. १ मा ९वटा र प्राथमिकता नं. २ मा २ वटा गरी कुल ११ वटा योजना समावेश भएका छन्। तालिका नं. ७.२.४.२ मा समावेश भएका योजनाको कार्यान्वयनकालागि गाउँपालिका **बाट ४ करोड १७ लाख (१०.५२ ), उपभोक्ता समेतका स्थानीय साझेदार बाट ६१ लाख (१.५४ ) तथा प्रदेश र संघीय सरकार साथै अन्य सहयोगी र साझेदार संघ संस्था र कार्यालय वा निकाय बाट ३४ करोड ८५ लाख ( ८७.९४ ) समेत कुल रु ३९ करोड ६३ लाख को** लगानी प्रस्ताव सहित गाउँपालिका क्षेत्र भित्रको स्वास्थ्य पूर्वाधारको अवस्थालाई सुधार गर्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउने लक्षका साथ यस आवधिक योजनामा समावेश गरिएका छन्। यस आवधिक योजनामा समावेश गरिएका आयोजना मध्ये **प्रथम प्राथमिकता परेका आयोजनाकालागि मात्र पनि रु ३४ करोड १३ लाखको** लगानीको आवश्यकता रहेको देखिएको छ। मानव स्वास्थ्यकालागि स्वास्थ्य पूर्वाधार निर्माणको कार्य बिशेष प्राथमिकताको क्षेत्र भएकोले प्रस्तावित योजनाको कार्यान्वयन यसै अवाधिक योजना अवधिमा सुविधा सम्पन्न अस्पताल सहित अधिकतम आयोजनाहरू सम्पन्न गर्ने लक्ष राखिएको छ। यस गाउँपालिका क्षेत्र भित्र कुनै पनि स्वास्थ्य संस्थाहरू निजी क्षेत्र बाट सञ्चालनमा रहेको अवस्था नरहेकाले भावीश्यमा स्थापित हुन गएमा सोहि बखत यस विषयमा निर्णय गरिनेछ। यस आवधिक योजनामा प्रस्ताव गरिएको आयोजनाको विस्तृत बिबवरण तालिका नं. ७.२.४.२ मा उल्लेख गरिएको छ।

**तालिका नं.७.२.४.२: अस्पताल,आधारभुत शहरी स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकी लगायतको वर्तमान अवस्था र भावि योजना**

| सरकारी स्तरबाट सञ्चालित अस्पताल, स्वास्थ्य केन्द्र स्वास्थ्य चौकी लगायतका पूर्वाधारहरूको वर्तमान अवस्था र आवश्यकता | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | नाम | ठेगाना ( स्थान) | वर्तमान अवस्था ( उपलब्ध जग्गा, भवन लगायत आवश्यक उपकरण समेत) | अव गर्ने कार्य (जग्गा, भवन अन्य भौतिक पूर्वाधार समेत) | प्राथमिकता (P1, P2, P3) | अनुमानित लागत रु (लाख) * | कार्यान्वयनको आधारमा योजनाको स्तरीयता | | |
| | | | | | | | गापा स्तरीय | वडा स्तरीय | केन्द्र/प्रदेश स्तरीय |
| १ | याङ्पाङ स्वास्थ चौकी | याङ्पाङ | हाल संचालन | भवनको क्षमता बिस्तार, भिडियो एक्सरे, रगत परिक्षण प्रयोगशाला, बर्थिङ सेन्टर, प्रतिक्षालय, व्यवस्थित खानेपानी, शौचालय समेतको सुविधायुक्त बनाउने | P1 | १००.० | १ | | १ |
| २.१ | प्राथमिक स्वास्थ्य केन्द्र | चम्पे बजार | ४.५ रोपनी जग्गा उपलब्ध रहेको | भवन निर्माण, कम्पाउण्ड घेरावार, खानेपानी, शौचालय, प्रतिक्षालय समेत | P1 | २००.० | १ | | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.२ | आयुर्बेद औषधालय | चम्पे बजार | नभएको | भबन निर्माण, कर्मचारी व्यवस्थापन | P2 | ५००.० | १ | | १ |
| ३.१ | प्याउली अस्पताल | प्याउली | १५ बेडको अस्पताल सिलान्यास भई डिपिआर तयार भईरहेको | ५० बेडको अस्पताल सञ्चालन गर्ने गरी पूर्वाधार निर्माण गर्दै जाने | P1 | २५००.० | १ | | १ |
| ३.२ | प्राथमिक स्वास्थ्य केन्द्र | प्याउली | संञ्चालन भबन जग्गा, शौचालय | खानेपानी, भबन १५ वेड, जग्गा | P1 | ५००.० | १ | | १ |
| ४.१ | स्वास्थ चौकी चाम्बी | पिपल डाँडा | भबन, जग्गा खानेपानी बर्थिङ सेन्टर | घेरावारा, वाल | P1 | ५०.० | १ | | १ |
| ४.२ | गाउँ घर क्लीनीक | वैद्य गाँउ | निमार्णाधिन | आवश्यक उपकरण सहित सञ्चालन व्यवस्थापन गर्ने | P1 | ३.० | १ | १ | |
| ५.१ | स्वास्थ्य चौकी याकु विर्ता | विर्ता | भएको | स्वास्थ्य चौकीको स्तरोन्नती गरी प्राथमिक स्वास्थ्य केन्द्र बनाउनकालागि भबन विस्तार सहितका प्रतिक्षालय, प्रयोगशाला समेतको व्यवस्था गर्ने | P1 | ३०.० | १ | | |
| ५.२ | एमबुलेन्स | विर्ता | नभएको | एमबुलेन्स | P2 | ५०.० | १ | | |
| ६ | जरायोटार स्वास्थ्य चौकी | पाल्पाले | ५ रोपनी जग्गा, भबन | खानेपानी व्यवस्थापन गर्ने | P1 | २०1० | १ | १ | |
| **अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलाप (योजना तथा कार्यक्रम)** | **सूचकहरू** | **जानकारीको श्रोत** | **जिम्मेवारी** | **पुर्वानुमान /जोखिम** |
| **क) अपेक्षित प्रतिफल/ नतिजा**<br>**बनजङ्गलको संरक्षण र सम्बर्द्धन साथै बृक्षारोपण समेतका कारण वातावरण संरक्षण तथा सम्बर्द्धनमा यथेष्ट सहयोग पुग्नुको साथै प्राकृतिक प्रकोपका कारण हुने भू-क्षय न्यूनिकरण तथा व्यवस्थापन समेत बाट अरुण गाउँपालिका प्राकृतिक प्रकोप भू-क्षय न्यून प्रभावित क्षेत्रको रुपमा स्थापित भएको हुनेछ ।** | | | | |
| **<u>ख) कृयाकलाप (योजना तथा कार्यक्रम):</u>**<br>● आवश्यक ऐन, नियम, निर्देशिका तथा कार्यविधि निर्माण गर्ने<br>● गाउँपालिकास्तरीय प्राकृतिक प्रकोप उद्धार समितिको निर्माण गर्ने<br>● प्राकृतिक प्रकोप बाट निम्तन सक्ने जोखिमका बारेमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने<br>● प्राकृतिक प्रकोप उद्धार कोषको स्थापना गरी गाउँपालिकाको आन्तरिक आम्दानीको १० % रकम विनियोँजना गर्ने साथै सहायोगि र साझेदारहरूको पहिचान गरी सहभागि गराउने<br>● गाउँपालिका क्षेत्र भित्रका खोलानालामा तालिका नं. ७.२.५.३ का प्राथमिकता प्राप्त स्थानमा प्राथमिकताका आधारमा आवश्यक तटबनध निर्माण गर्ने<br>● दमकल तथा एम्बुलेन्स खरिद गर्ने<br>● प्रत्येक वडामा आकस्मिक स्वास्थ्य उपचार कक्षको व्यवस्था मिलाउने<br>● प्रकोप उद्धारकालागि दिर्घकालिन खुला क्षेत्र | १. आ.व. २०७८/७९ भित्र प्राकृतिक प्रकोप न्यूनिकरण गुरु योजना तयार भएको हुनेछ<br>२. आ.व. २०७८/७९ भित्र भवन निर्माण संहिता पूर्ण रुपले कार्यान्बनयमा आएको हुनेछ साथै लक्षित समुदाय वा परिवारका फुसको बेरा तथा छाना भएका घरहरूको स्थानमा आवश्यक मापदण्ड सहितका सुरक्षित घरहरूको निर्माण तथा व्यवस्थापन हुने क्रमले थप तिब्रता पाउने र सम्बन्धित परिवारकालागि सुरक्षित बासको व्यवस्था हुने कार्यले थप गति प्राप्त गरेको हुनेछ<br>३. आ.व. २०७८/७९ को प्रारम्भ बाटै प्राकृतिक प्रकोप उद्धार कोष स्थापना तथा कोष सञ्चालन व्यवस्थापन कार्यविधि समेत तयार भई कायान्वयनमा आएको हुनेछ<br>४. आ.व. २०८२/८३ भित्र कम्तिमा १ थान दमकल र १ थान एम्बुलेन्सको व्यवस्था भएको हुनेछ<br>५. आ.व. २०८२/८३ सम्ममा सम्भावित बाढीको | ● गाउँकार्यपालिकाको निर्णय पुस्तिका<br>● गाउँसभाको निर्णय पुस्तिका<br>● गाउँपालिकाको योजना पुष्तिका<br>● स्थालगत अवस्था<br>● प्रकोप नियन्त्रण तथा न्यूनिकरण संग सम्बन्धित संघ सस्था तथा कार्यालयको प्रतिवेदन<br>● शुरक्षा निकायको प्रतिवेदन<br>● सूचना तथा | **१.<u>प्रमुख जिम्मेवारी:</u>**<br>● गाउँकार्यपालिका<br>● सम्बन्धित वडा कार्यालय<br>● सरोकारवाला निकाय र कार्यालय<br>● सम्बन्धित व्यक्ति, समुदाय तथा संघ सस्था<br>**२. <u>मुख्य सहयोगी</u>**<br>● संघीय तथा प्रदेश सरकार<br>● सहयोगी तथा साझेदार व्यक्ति वा संघ संस्था तथा कार्यालय<br>● निजी क्षेत्र तथा सामुदायीक संघ | ● आर्थिक स्रोत<br>● साझेदर तथा सहयोगि<br>● मेसिन तथा उपकरण<br>● ऐन नियमको दोहोरोपना<br>● उद्धर समिति<br>● स्थानीय प्रशासन<br>● नागरि समाज<br>● राजनीतिक दल तथा तीनका |

| | | | | |
|---|---|---|---|---|
| तथा पोखरीको व्यवस्थापन गर्ने<br>• विपद् व्यवस्थापनकालागि राहत तथा उद्धार सामाग्रि भण्डारण गृहको निर्माण गर्ने साथै उक्त भण्डार गृहमा अत्यावश्यक उद्धार सामाग्रि तयारी अवस्थामा राख्ने<br>• गाउँपालिका क्षेत्र भित्र टाटीको बेरा तथा खर तथा परालको छाना भएका गरिव तथा सुकुम्बासी परिवारका लागि प्रस्तावित बजार केन्द्र आसपास न्यूनतम मापदण्ड सहितको एकीकृत बस्तिको विकासका साथमा सुरक्षित घरहरूको निर्माण गरी बसोबासको दिगो व्यवस्था गर्ने | प्रकोप रहन सक्ने मुख्य स्थानीय खोला किनारामा तालिका नं. ७.२.५.३ मा उल्लेख भएका स्थानमा प्राथमिकता क्रम P1 बमोजिम बृक्षारोपण सहित संघीय तथा प्रदेश सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा तटबनध निर्माण भएका हुनेछन्<br>६. प्राकृतिक प्रकोपका कारण हुने भू-क्षय न्यूनिकरण तथा व्यवस्थापनको हिसावले अरुण गाउँपालिका क्षेत्रका गाउँबासीले सुरक्षाको प्रत्याभुति पाएका हुनेछन् | सञ्चार गृह तथा प्रकाशन | सस्था | भतृ संगठन |

**रणनीतिहरू:**

- स्थानीय ऐन, नियम, निर्देशिका र कार्यविधिलाई दुरुस्त र प्रभावकारी बनाउने
- दीर्घकालिन वातावारण संरक्षण, सम्बर्द्धन र विकासकालागि सवै सम्भाव्य क्षेत्रलाई समेट्ने गरी एकीकृत वातावरण संरक्षण, सम्बर्द्धन गुरु योजना तर्जुमा गर्ने
- सरकारी, सामुदायिक, कवुलियती तथा निजी बनजङ्गलको संरक्षण, सम्बर्द्धन र विकासका साथमा चरन क्षेत्रको रेखाङ्कन सहित सुनिस्चितता गर्ने साथै निजी क्षेत्रले समेत अनाधिकृत रुपमा रुखको कटानी गर्ने कार्यलाई नियमन गर्ने
- मुख्य बजार क्षेत्रमा आफ्नो घर कम्पाउण्डमा अनिवार्य प्रत्येक घरले २ वटा बिरुवा र गाउँका अन्य क्षेत्रमा कम्तिमा एक घर १५ बिरुवा (डाले घाँस वा फलफूलका बिरुवा) रोप्नै पर्ने गरी अभियान संचालनगर्ने सार्वजनिक स्थलमा रोपिएका बिरुवाको हेरचाह र संरक्षणकालागि टोल विकास संस्था लाई जिम्मेवारी दिने
- संघीय तथा प्रदेश सरकारको नीति, नियम, निर्देशन साथै बिद्यमान ऐन र स्थानीय आवश्यकता बिच समन्वय स्थापित हुने गरी सयौं वर्ष पुरान रुख कट्ने र उक्त रुख काटिएको ठाउँमा १ रुख काटे वापत अनिवार्य ५ वटा रुख रोप्न अनिवार्य गर्ने व्यवस्था मिलाउने साथै बनक्षेत्र तथा खेत बारीमा डालेघाँसकालागि उपयोगि र करेसा बारी लगायतका घरनजिकका क्षेत्रमा फलफूलका बिरुवा रोप्ने कार्यलाई बिशेष प्रोत्साहन गर्ने
- कम्तिमा १०० रोपनी जग्गको व्यवस्था गरी फोहोरमैला बिसर्जन केन्द्र बनाउने साथै फोहोरमैला प्रशोधन केन्द्रको रुपमा विकास गरी रोजागारीको श्रृजना र आय आर्जन मुलक बनाउने
- डस्टबिनको प्रयोग गरी प्रत्येक घरले कुइने र नकुइने फोहोरलाई छुट्याउनै पर्ने गरी फोहोरमैला व्यवस्थापन ऐन मार्फत बाध्यकारी व्यवस्था गर्ने साथै जग्गा जमिन उपलब्ध रहेका घरपरिवारले अनिवार्य रुपमा कुहिने फोहोरलाई कम्पोष्ट तथा गडेउले मल बनाउनै पर्ने बाध्यकारी व्यवस्था सहित कम्पोष्ट मल बनाउने घरपरिवारलाई अनुदान दिने

- फोहोरमैलाको व्यवस्थित बिशर्जनकालागि ढुवानीका साधनको व्यवस्था गर्ने, सवै घरपरिवारले गाउँपालिकाले तोकेको समय र स्थानमा मात्र फोहोरमैला फल्न अनिवार्य गर्ने साथै टोल टोलमा फोहोरमैला व्यवस्थापन सम्बनधी जनचेतनामुलक तालिमदिने
- २० वर्ष भन्दा माथिका पुराना गाडिको प्रयोगमा गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा प्रतिबनध लगाउँने
- धुलो, धुँवाको नियन्त्रण साथै बिभिन्न धार्मिक तथा सांस्कृतिक गतिविधिमा हुने ध्वनी प्रदुषण नियन्त्रणकालागि मुख्य बजार क्षेत्र, विद्यालय, अस्पताल तथा स्वास्थ्य केन्द्र रहेका स्थान र क्षेत्रमा हर्न, माईक तथा डिजेबाजालाई निशेध गर्ने
- उद्योग, कलकारखान, सार्वजनिक स्थल लगायतका स्थानबाट निस्कने फोहोर पनिको नियन्त्रण गर्ने, फोहोर पानी प्रशोधन गरेर मात्र खोला तथा सार्वजनिक प्रयोगका स्थानमा निस्कासन गर्न आवश्यक पूर्वाधारको व्यवस्था गर्ने साथै मुख्य बजार प्याउलीमा ढल निकासको आवश्यक व्यवस्थाप मिलाउँने
- मुख्य बजार क्षेत्रमा यत्रतत्र छरिएर रहेका बिद्युत, टेलिफोन तथा केवलका तार, पानीका पाईपलाई सहरको सुन्दरता र सेवा प्रवाहमा अवरोध नआउने गरी व्यवस्थापन गर्ने गराउने
- प्लाष्टिक तथा प्लाष्टिक जन्य वस्तुलाई जलाउने प्रचलनलाई निषेध गर्ने तथा निषेधित कार्य गर्नेलाई दण्ड जरिवान गर्ने
- धुम्रपान तथा मध्यपानका निस्चित क्षेत्र तोकि सोहि स्थानमा मात्र यस प्रकारका वस्तुको प्रयोग गर्न पाउने व्यवस्था गर्ने
- राहत तथा उद्धार कोषको स्थापना र विकास गर्ने साथै प्राकृतिक प्रकोप उद्धार कोष सञ्चालन व्यवस्थापन कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउने
- गाउँपालिका स्तरीय प्राकृतिक प्रकोप उद्धार समितिको निर्माण गर्ने
- विपद जोखिम वडा टोलको नक्साङ्कन गर्ने, विपद व्यवस्थापन टोल टोलसमुह गठन गर्ने, प्रकोप उद्धार तथा न्यूनिकरण कोष स्थापना गर्ने
- गाउँपालिका क्षेत्र भित्र निर्माण हुने सडक, भवन लगायतका सवै प्रकृतिका भौतिक संरचना निर्माण गर्दा निर्माण स्थलको भौगोलिक बनोट र अवस्थाको अध्ययन गरेरमात्र निर्माण गर्ने तथा निर्माण ईजाजत दिने व्यवस्था गर्ने
- भुकम्प प्रतिरोधि घर निर्माणलाई अनिवार्य गर्ने, बाढी पहिरोको जोखिम रहेका स्थानमा अनिवार्य बृक्षारोपण गर्ने गराउने साथै आगलागि तथा महामारी जस्ता जोखिमबाट बच्न जनचेतना अभियान सञ्चालन गर्ने
- असुरक्षित स्थानमा तथा छरिएर रहेको मानव बसोबासलाई सुरक्षित स्थानमा स्थानन्तरण गर्ने
- आगलागि बाट बन जङ्गलको संरक्षणकालागि अग्निरेखा निर्माण, सुख्खा क्षेत्रमा पानी संरक्षणकालागि पक्कि पानी पोखरी निर्माणको कार्यलाई अघि बढाउने
- सके सम्म प्रत्येक टोलमा स्थानीयबासीको सहभागितामा सुरक्षित पानी पोखरी निर्माण गर्ने
- प्रकोपको जोखिम देखिएका वा सम्भाबना रहेका भौतिक संरचना निर्माणमा रोक लागउने
- गाउॅपालिकाको आन्तरिक आम्दानीको १० % रकम, सर्व साधारण गाउँपलिका बासी, नागरिक समाज, उद्योगी तथा व्यवशायीक र व्यापारिक प्रतिष्ठन, बैंक तथा वित्तिय सस्था लगायत सवैलाई उनीहरूले सामाजिक उत्तरदायित्व अन्तरगत खर्च गरिनु पर्ने कुल रकमको १० देखि १५ % रकम, प्रदुषण

गरेवापत तथा जथाभावि फोहोरमैला गरेवापत गरिने दण्ड जरिवाना बाट उठेको १०० % रकम, पर्यटक बाट प्राप्त शुल्कको १५ % रकम, बन व्यवस्थापन सँग सम्बन्धित संघ संस्था बाट बनपैदावरको उपयोग तथा बिकी वितरण गर्दा हुने आम्दानीको १० % रकम, सवारी साधन बाट लिईन सडक पूर्वाधार सेवा शुल्क बाट उठेको रकमको १० % रकम प्रकोप उद्धार तथा न्यूनिकरण कोषमा जम्मा गर्ने पर्ने बाध्यकारी व्यवस्था मिलाउने

- उद्धार र राहत कार्यबारे नियमित अभ्यास द्वारा गाउँपालिकाबासीलाई सुसूचित गर्ने
- प्रदुषण रहित यातायातका साधन तथा उद्योग व्यवसायलाई व्यवसाय करको निस्चित प्रतिसत छुट दिने
- बनजङ्गलको संरक्षण र सम्बर्द्धन बाट बनयजन्तु, पशुपन्छी तथा जडिबुटीको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गरी स्थानीय तथा राष्ट्रिय आय बृद्धिमा सहयोग पुऱ्याउने
- वातावरण विकास र बनयजन्तु संरक्षण बाट इको टुरिजमको विकास र विस्तार सहित पर्यटन विकासमा सहयोग पुऱ्याउने
- हरित क्षेत्रको विकास र विस्तार तथा संरक्षण गरी ऐतिहासिक, धार्मिक, पुरातात्वीक तथा सास्कृतिक स्थाल र क्षेत्रको प्रवर्द्धन गर्ने साथै बायुमण्डलमा रहेका तथा रहने कार्वन तथा क्लोरोफ्लोरो कार्वनको मात्रा साथै बायुमण्डलीय तापक्रमलाई कमि पार्न वातावरणीय विकासको माध्यम बाट सहयोग गर्ने
- फोहोरमैला व्यवस्थापन, बृक्षारोपण तथा बायु, जल तथा ध्वनी प्रदुषण नियन्त्रण र नियमनको माध्यम बाट अरुण गाउँपालिकाको दिगो विकासलाई सुनिस्चित गर्ने साथै प्रदुषणका कारण उत्पन्न हुने रोगब्याधिको प्रकोपमा न्यनिकरण गर्ने

**तालिका नं. ७.२.५:** वातावरण संरक्षण र प्रकोप व्यवस्थापन सँग सम्बन्धित आयोजनाको प्राथमिकता क्रम, प्रस्तावित लगानी र साझेदारीको संक्षिप्त विवरण

| क.सं. | योजना शिर्षक | प्राथमिकता क्रम बमोजिमका योजना संख्या | | | | प्राथमिकता क्रम बमोजिमको लागत अनुमान रु (लाखमा) | | | | लगानी साझेदार रु (लाखमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | P1 | P2 | P3 | जम्मा | P1 | P2 | P3 | जम्मा | गा.पा. | उपभोक्ता | संघीय/प्रदश सरकार | जम्मा |
| १ | बनजङ्गल संरक्षण तथा व्यवस्थापन, बृक्षा रोपण तथा हरियाली प्रवर्द्धन | २७ | १७ | ७ | ५१ | ५०६.० | २८६.० | ७५.० | ८६७.० | २६२.० | ६९.० | ५३६.० | ८६७.० |
| २ | फोहोरमैला व्यवस्थापन | ५ | ४ | ० | ९ | २५०.० | ४०.० | ०.० | २९०.० | ११३.० | १७.० | १६०.० | २९०.० |
| ३ | प्रदुषण नियन्त्रण तथा व्यवस्थापन | | | | | ५०.० | २५.० | २५.० | १००.० | २५.० | ५.० | ७०.० | १००.० |
| ४ | बाढी, पहिरो तथा भू-क्षय सम्बनधी प्रकोप व्यवस्थापन | ५ | ९ | ० | १४ | २८०.० | ४४१०.० | ०.० | ४६९०.० | १५५.० | २१.० | ४५१४.० | ४६९०.० |
| जम्मा | | ३७ | ३० | ७ | ७४ | १०८६.० | ४७६१.० | १००.० | ५९४७.० | ५५५.० | ११२.० | ५२८०.० | ५९४७.० |

चित्र नं. ७.२.५.१: वातावरण संरक्षण र विकास सम्बन्धी लागनी प्रस्ताव




**क. बनजङ्गल संरक्षण तथा व्यवस्थापन, बृक्षा रोपण तथा हरियाली प्रवर्द्धन:**

बिद्यमान बनजङ्गलको संरक्षण र सम्बर्द्धन साथै बृक्षारोपण र व्यवस्थापन बातावरण सन्तुलन सुरक्षाका लागि एक अनिवार्य सर्त हो । यस गाउँपालिका भित्र रहेका बनजङ्गलको संरक्षण र सम्बर्द्धनको जिम्मेवारी यसै गाउँपालिकाको हुनु पर्ने भएता पनि राज्यका श्रोत र साधनको व्यवस्थापनमा तीनै तहका सरकार बिच सन्तुलन कायम राख्न केहि बिशिष्टिकृत व्यवस्थाहरू अन्तरगत संघीय तथा प्रदेश सरकारको जिम्मेवारी केहि बढी रहेको अवस्था छ । यस शिर्षक अन्तरगत प्राथमिकता नं. P1, P2 र P3 मा क्रमस २७, १७ र ७ गरी कुल ५१ वटा आयोजना प्रस्तावित भएका छन् । यस आवधिक योजना अन्तरगत प्रस्तावित आयोजनाहरू महत्वपूर्ण रहेका तर लगानिको अधिक आवश्यकता पर्ने तथा यसमा गाउँपालिकाको श्रोत परिचालन बाट सम्भव नहुने अवस्था देखिएका कारण कुल लगानी ८

करोड ६७ लाख मध्ये गाउँपालिकाको तर्फ बाट २ करोड ६२ लाख, स्थानीय उपभोक्ता बाट ६९ लाख तथा संघीय र प्रदेश सरकार साथै अन्य विकास साझेदरको तर्फ बाट ५ करोड ३६ लाखको साझेदारी हुने अनुमान गरिएको छ । यहाँ उल्लेख गरिएका आयोजनाको बास्तविक लगानिको आवश्यकता विस्तृत परियोजना प्रस्ताव तयार भए पछी मात्र सुनिस्चित हुने र यसकालागि बनजङ्गल बिदको राय समेतका आधारमा यसमा उल्लेखित अनुमानित लागनमा १५ देखि २० प्रतिसत सम्म फरक पर्न सक्ने सम्भाबना रहेको छ । यस शिर्षक अन्तरगतका प्राथमिकता P1 का आयोजनाको कार्यान्वयनकालागि मात्र पनि रु ५ करोड ६ लाख लाग्ने अनुमान गरिएको छ । यस शिर्षक अन्तरगतका आयोजनाको संक्षिप्त तथा विस्तृत विवरण क्रमस तालिका नं. ७.२.५ र ७.२.५.१ मा उल्लेख गरिएको छ ।

**तालिका नं.७.२.५.१ : बनजङ्गलको वर्तमान अवस्था र भावि योजना**

| बन जङ्गलको नाम तथा स्तर (सामुदायिक, कवुलियत, सरकारी, निजी) पूर्वाधारहरूको वर्तमान अवस्था र आवश्यकता | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | कार्यान्वयनको आधारमा योजनाको स्तरीयता | | |
| क.सं. | नाम | ठेगाना ( स्थान) | वर्तमान अवस्था (उपलब्ध जग्गा, भबन लगायत आवश्यक उपकरण समेत) | अब गर्ने कार्य (जग्गा, भबन अन्य भौतिक पूर्वाधार समेत) | प्राथमिकता (P1, P2, P3) | अनुमानित लागत रु ( लाख) | गापा स्तरीय | वडा स्तरीय | केन्द्र/प्रदेश स्तरीय |
| **वडा नं. १** | | | | | | | | | |
| १.१ | चौखल्ली सा.उ.व | खनीगाँउ रातमाटे | १५०० रोपनी, साल, चिलान लामपाते, सिरीस | वृश्चारोपण सहित संरक्षण तथा सम्बर्द्धन | P1 | ५०.० | | | १ |
| १.२ | पम्फे चनौटे सा.उ.व. | आम्वोटे | ७०० रोपनी, साल, चिलान लामपाते, सिरीस | वृश्चारोपण सहित संरक्षण तथा सम्बर्द्धन | P2 | १५.० | १ | १ | १ |
| १.३ | भोटेडाडा सा.उ.व. | भोटेडाडा | १०० रोपनी, साल, चिलान लामपाते, सिरीस | वृश्चारोपण सहित संरक्षण तथा सम्बर्द्धन | P2 | १०.० | १ | १ | |
| १.४ | गढीडाडा सा.उ.व. | गढीडाडा | ५० रोपनी, चिलाउने, लालीगुरास, सल्ला सखुवा | वृश्चारोपण सहित संरक्षण तथा सम्बर्द्धन | P2 | १०.० | १ | १ | |
| १.५ | बोक्से सा.उ.व. | दुम्रे | २० रोपनी | वृश्चारोपण सहित संरक्षण तथा सम्बर्द्धन | P3 | १५.० | १ | १ | |
| १.६ | आइतेवारे सा.व. | हेकुसवा दुम्रे | ३० रोपनी, साल, चिलाउने | वृश्चारोपण सहित संरक्षण तथा सम्बर्द्धन | P2 | २०.० | १ | | १ |
| १.७ | भालेढुङगा सा.उ.व. | | २० रोपनीलामपाते | वृश्चारोपण सहित संरक्षण तथा सम्बर्द्धन | P2 | २०.० | १ | | १ |
| जम्मा | | | | | | १४०.० | ६ | ४ | ४ |
| **वडा नं. २** | | | | | | | | | |
| २.१ | पाले बन ( सामुदायिक | माचुङ | पात्ले, चिलाउने, काफल, उत्तीस | घेरावार, वृक्षरोपण | P2 | १०.० | १ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उपभोक्ता) | | | | | | | | |
| २.२ | चम्पेकालीका सामुदायिक उपभोक्ता बन | सिस्नेरी | पात्ले, चिलाउने | घेरावार, वृक्षरोपण | P1 | १५.० | १ | १ | १ |
| २.३ | तिनतले सामुदायिक उपभोक्ता बन | वोक्ताम | पात्ले, चिलाउने | घेरावार, वृक्षरोपण | P1 | १५.० | १ | १ | १ |
| २.४ | च्याचुङ सामुदायिक उपभोक्ता बन | माचुङ | साल, सल्लो | घेरावार, वृक्षरोपण | P2 | ११.० | १ | १ | |
| २.५ | साङपाङ सामुदाकि उपभोक्ता बन | ढिकीसार | चिलाउने | घेरावार, वृक्षरोपण | P1 | ११.० | १ | १ | |
| **जम्मा** | | | | | | **६२.०** | **५** | **४** | **२** |
| | | | | **वडा नं. ३** | | | | | |
| ३.१ | ठुलोपाखा सामुदायिक उपभोक्ता बन | विजयवास | चिलाउने, पात्ले, उत्तिस ३०० रोपनी | घेरावारा, वृक्षारोपण | P1 | २०.० | १ | | १ |
| ३.२ | राके सामुदायिक उपभोक्ता बन | कारीगाँउ | सल्लो, ३४ हेक्टर | घेरावारा, वृक्षारोपण | P1 | २५.० | १ | | १ |
| ३.३ | गोर्खे पाखा सामुदायिक उपभोक्ता बन | कारीगाँउ | पात्ले, चिलाउने, १२.५ हेक्टर | घेरावारा, वृक्षारोपण | P1 | २०.० | १ | | १ |
| ३.४ | बडकुले सामुदायिक उपभोक्ता बन | रिखेटार | पातले, चिलाउने, १४ हेक्टर | घेरावारा, वृक्षारोपण | P1 | १५.० | १ | | १ |
| ३.५ | चम्फाचमेली सामुदायिक उपभोक्ता बन | खोकुम्बु | सखुवा, चिलाउने, १०० रोपनी | घेरावारा, वृक्षारोपण | P1 | १०.० | १ | | |
| ३.६ | मालीका सामुदायिक उपभोक्ता बन | वतासे | पात्ले, ५० हेक्टर | घेरावारा | P1 | ४०.० | | | १ |
| ३.७ | जिबिन डाँडा सामुदायिक उपभोक्ता बन | चेपाङ | चिलाउने, पात्ले ५० हेक्टर | घेरावारा | P1 | ४०.० | १ | | १ |
| ३.८ | देवीथान सामुदायिक उपभोक्ता बन | प्याउली कलासु | पात्ले, चिलाउने, ७ हेक्टर | घेरावारा, वृक्षारोपण | P1 | १५.० | | | १ |
| ३.९ | सिम्ले सामुदायिक | ज्यामिरे | सिमल, चिलाउने | जडिबुटी वृक्षारोपण | P1 | १०.० | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उपभोक्ता बन | | | | | | | | |
| ३.१० | झाक्रिथान कवुलियती बन | मन्याँङडाङा | अम्लीसो ५ हेक्टर | जडिबुटी वृक्षारोपण | P1 | १०.० | | | १ |
| ३.११ | ठुलोपाखो कवुलियती बन | विजयवास | पात्ते, चिलाउने | जडिबुटी वृक्षारोपण | P1 | १०.० | १ | | |
| ३.१२ | दमाई डाँडा | थामखर्क | पात्ते, चिलाउने | जडिबुटी वृक्षारोपण | P1 | १०.० | | | १ |
| जम्मा | | | | | | २२५.० | ८ | १ | ९ |
| **वडा नं. ४** | | | | | | | | | |
| ४.१ | छ्याङग्री पासीनी सामुदायिक उपभोक्ता बन | टापु टोल | सखुवा लामपाते चिलाउने, उत्तिस १८० एच.एच | वृक्षारोपण, घेरावार | P2 | ३०.० | १ | | १ |
| ४.२ | महेश्वरी देवी सामुदायिक उपभोक्ता बन | पिपल डाँडा | साल, चिलाउने, ३० एच.एच | वृक्षारोपण, घेरावार | P3 | २०.० | १ | | १ |
| ४.३ | रानी बन सामुदायिक उपभोक्ता बन | पिपल डाँडा | सखुवा लामपाते चिलाउने, उत्तिस १२ एच.एच | वृक्षारोपण, घेरावार | P3 | ५.० | १ | १ | |
| ४.४ | यरुङ बाखखोर सामुदायिक उपभोक्ता बन | पिपल डाँडा | चिलाउने | वृक्षारोपण, घेरावार | P3 | १०.० | | | १ |
| ४.५ | लोहोरी सामुदायिक उपभोक्ता बन | फुर्के सल्लो | साल, सल्लो, खयर १० एच.एच | वृक्षारोपण, घेरावार | P3 | ५.० | १ | १ | |
| ४.६ | भदौरे सामुदायिक उपभोक्ता बन | गोलेटार | साल, सल्लो, खयर ८ एच.एच | वृक्षारोपण, घेरावार | P3 | १०.० | | | १ |
| ४.७ | डुकिट्याङक सामुदायिक उपभोक्ता बन | वाजगरा | सखुवा, १५ एच.एच | वृक्षारोपण, घेरावार | P3 | १०.० | १ | १ | |
| ४.८ | सल्लेरी सामुदायिक उपभोक्ता बन | लेवाङ | सल्ला, चिलाउने, पात्ले, सखुवा | वृक्षारोपण, घेरावार | P2 | १०.० | | | १ |
| ४.९ | सितलदेवी सामुदायिक उपभोक्ता बन | पुरानो गाउँ | पात्ले, चिलाउने, उत्तिस | वृक्षारोपण, घेरावार | P2 | २०.० | १ | १ | १ |
| ४.१ | श्रृजना सामुदायिक | पुरानो गाउँ | पात्ले, चिलाउने, उत्तिस | वृक्षारोपण, घेरावार | P2 | १०.० | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ० | उपभोक्ता बन | | | | | | | | |
| जम्मा | | | | | | १३०.० | ७ | ५ | ६ |
| वडा नं. ५ | | | | | | | | | |
| ४.१ | ठूलो पाखा सामुदायिक बन | याकु | बिभिन्न जातीका रुख बिरुवा रहेका, घेराबारा नभएको, डडेलो नियन्त्रणको व्यवस्था नभएको | घेरावार तथा वृक्षारोपण गर्नु पर्ने, डडेलो नियन्त्रणकालागि पोखरी तथा उपकरणको व्यवस्था गर्ने | P1 | २०.० | १ | | १ |
| ४.२ | ओखे सामुदायिक बन | ओखे | | | P2 | २०.० | १ | | १ |
| ४.३ | आईतबारे सामुदायिक बन | जिमिगाउँ | | | P1 | २०.० | १ | | १ |
| ४.४ | सल्लेरी साष्टाङ. सामुदायिक बन | जिमिगाउँ | | | P2 | २०.० | १ | | १ |
| जम्मा | | | | | | ८०.० | ४.० | ०.० | ४.० |
| वडा नं. ६ | | | | | | | | | |
| ६.१ | पंञ्चकन्याँ सामुदायिक बन | जरायोटार | सल्ला, सखुवा, चिउरी ६६ सम्म | घेरावारा,बृक्षारोपण | P1 | २०10 | १ | | १ |
| ६.२ | आप खोला सामुदायिक उपभोक्ता बन | रानीटार | सल्ला, सखुवा, चिउरी ६६ सम्म | घेरावारा,बृक्षारोपण | P2 | २०10 | १ | | १ |
| ६.३ | खोर्साने सामुदायिक उपभोक्ता बन | खोर्साने | सखुवा, खयर साल, ९० मिटर | घेरावारा,बृक्षारोपण | P1 | २०10 | १ | | १ |
| ६.४ | वाइपिटाङ सामुदायिक उपभोक्ता बन | जरायोटार | सखुवा, खयर साल, ९० मिटर | घेरावारा,बृक्षारोपण | P2 | २०10 | १ | | १ |
| ६.५ | बनचरे सामुदायिक उपभोक्ता बन | माङदीङ | सल्ला, जमुनो सखुवा | घेरावारा,बृक्षारोपण | P1 | २०10 | १ | | १ |
| ६.६ | छवक सामुदायिक बन | बसेरी | सखुवा, खयर, चिउरी, सल्ला, | बृक्षारोपण | P1 | १०10 | | | १ |
| ६.७ | अरुण गंगा सामुदायिक बन | भदैरे बतासे | सिसौ, खयर र खराने | बृक्षारोपण | P1 | १०10 | १ | | |
| ६.८ | सल्लेरी सामुदायिक बन | खमारे | सल्ला, साल, चिलाउने | बृक्षारोपण | P1 | १०10 | | | १ |
| जम्मा | | | | | | १३०10 | ६ | ० | ७ |

| वडा नं. ७ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७.१ | कालीका सामुदायिक उपभोक्ता बन | खालडे | साल २३२ म.मी खयर, सखुवा, जामुन | घेरावारा, वृक्षारोपण, अग्नि नियन्त्रणको प्रबनध | P1 | ३०१० | १ | | १ |
| ७.२ | ठूलोभीर सामुदायिक उपभोक्ता बन | ढुङगे | ९२ मम्म रुख सेन | घेरावारा, वृक्षारोपण, अग्नि नियन्त्रणको प्रबनध | P2 | २०१० | १ | | १ |
| ७.३ | साल्घारी सामुदायिक उपभोक्ता बन | सिकेटार हल्ले | १०० एच.ए रुख सेन | घेरावारा, वृक्षारोपण, अग्नि नियन्त्रणको प्रबनध | P1 | २०१० | १ | | १ |
| ७.४ | अरुणदय सामुदायिक उपभोक्ता बन | सिकेटार | खयर, सखुवा रुख | घेरावारा, वृक्षारोपण, अग्नि नियन्त्रणको प्रबनध | P2 | २०१० | १ | | १ |
| ७.५ | जलर्सि सामुदायिक उपभोक्ता बन | सिकेटार लुङछुङ | खयर, सखुवा रुख | घेरावारा, वृक्षारोपण, अग्नि नियन्त्रणको प्रबनध | P1 | १०१० | १ | १ | |
| जम्मा | | | | | | १००१० | ५ | १ | ४ |
| कुल जम्मा | | | | | | ८६७१० | ४१ | १५ | ३६ |

**ख. फोहोरमैला प्रशोधन तथा व्यवस्थापन**

फोहोरमैला मानव जातीले आफै श्रृजित गरेको बस्तु वा पदार्थ हो । फोहोरको उपयुक्त प्रशोधन बाट अर्थ उपार्जनको राम्रो हिस्सा व्यवस्थापन गर्न सकिन्छ । फोहोरलाई मोहोरमा परिणत गर्न यसको उपयुक्त प्रशोधन अनिवार्य छ । अरुण गाउँपालिकाले अन्य छिमेकी गाउँपालिका समेतको साझेदारीमा सम्युक्त फोहोरमैला प्रशोधन केन्द्र सञ्चालनमा ल्याउन सक्ने सम्भाबना समेत रहेको अवस्थामा आवधिक योजनामा समेटिएका प्राथमिकता नं. P1 र P2 मा क्रमस ५ र ४ गरी कुल ९ वटा आयोजना प्रस्तावित भएका छन् । यस आवधिक योजना अन्तरगत प्रस्तावित आयोजनाहरू महत्वपूर्ण रहेका तर लगानिको अधिक आवश्यकता पर्ने तथा यसमा गाउँपालिकाको मात्र श्रोत परिचालन बाट सम्भव नहुने अवस्था देखिएका कारण कुल लगानी २ करोड ९० लाख मध्ये गाउँपालिकाको तर्फ बाट १ करोड १३ लाख, स्थानीय उपभोक्ता र साझेदार बाट ६९ लाख साथै संघीय र प्रदेश सरकार साथै अन्य विकास साझेदरको तर्फ बाट १ करोड ६० लाखको साझेदारी हुने अनुमान गरिएको छ । यहाँ उल्लेख गरिएका आयोजनाको बास्तविक लगानिको आवश्यकता विस्तृत परियोजना प्रस्ताव तयार भए पछी मात्र सुनिस्चित हुने र यसकालागि फोहोरमैला प्रशोधन बिदको राय समेतका आधारमा यसमा उल्लेखित अनुमानित लागतमा १५ देखि २० प्रतिसत सम्म फरक पर्न

सक्ने सम्भाबना रहेको छ । यस शिर्षक अन्तरगतका प्राथमिकता P1 का आयोजनाको कार्यान्वयनकालागि मात्र पनि रु २ करोड ५० लाख लाग्ने अनुमान गरिएको छ । यस शिर्षक अन्तरगतका आयोजनाको संक्षिप्त तथा विस्तृत विवरण क्रमस तालिका नं. ७.२.५ र ७.२.५.२ मा उल्लेख गरिएको छ ।

**तालिका नं.७.२.५.२: फोहोरमैला व्यवस्थापन स्थल, वर्तमान अवस्था र भावि योजना**

| फोहोरमैला व्यवस्थापन स्थल सम्बन्धी पूर्वाधारहरूको वर्तमान अवस्था र आवश्यकता | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **वडा नं.** | **नाम** | **ठेगाना ( स्थान)** | **वर्तमान अवस्था (उपलब्ध जग्गा, भबन लगायत आवश्यक उपकरण समेत)** | **अब गर्ने कार्य (जग्गा, भबन अन्य भौतिक पूर्वाधार समेत)** | **प्राथमिकता (P1, P2, P3)** | **अनुमानित लागत रु ( लाख)** | **कार्यान्वयनको आधारमा योजनाको स्तरीयता** | | |
| | | | | | | | **गापा स्तरीय** | **वडा स्तरीय** | **केन्द्र/प्रदेश स्तरीय** |
| १ | याङ्पाँङ बजार | याङ्पाङ | हाल नभएको | संकलन केन्द्रको रुपमा नयाँ निर्माण गर्ने | P1 | १०.० | १ | १ | |
| २ | चम्पे बजार फोहोर व्यबस्थापन | देवीथान डाँडा | हाल संचालनमा रहेता पनि व्यवस्थित हुन नसकेको | संकलन केन्द्रको रुपमा नयाँ निर्माण गर्ने | P1 | २०.० | १ | १ | |
| ३ | | | | | | | | | |
| ३.१ | प्याउली डम्पिङ साइट | प्याउली | हाल संचालन | वडा नं. ३ वा अन्य वडामा पर्याप्त जग्गा उपलब्ध हुने सम्भाव्य स्थानको पहिचान गरी गाउँपालिका स्तरीय फोहोमैला प्रशोधन केन्द्र निर्माण गर्ने | P1 | २००.० | १ | | १ |
| ३.२ | अरुण चोक डम्पिङ साइट | प्याउली | हाल नभएको | नयाँ निर्माण | P2 | १०.० | १ | | |
| ४ | नभएको | | | जग्गा व्यवस्थापन गरी संकलन केन्द्र निर्माण गर्ने | P2 | १०.० | | | |
| ५ | नभएको | | | जग्गा व्यवस्थापन गरी संकलन केन्द्र निर्माण गर्ने | P2 | १०.० | | | |
| | | | | | | | | | |
| ६.१ | पाल्पाले बजार | पाल्पाले जरायोटार | हाल नभएको | जग्गा व्यवस्थापन गरी संकलन केन्द्र निर्माण गर्ने | P1 | १0I0 | १ | १ | |
| ६.२ | फेरी बजार | फेरीवजार | हाल नभएको | जग्गा व्यवस्थापन गरी | P1 | १0I0 | १ | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संकलन केन्द्र निर्माण गर्ने | | | | | |
| ७ | फोहोरमैला बिसर्जन स्थल | माटेवडार | हाल नभएको | नयाँ निर्माण गरी सञ्चालनमा ल्याउने | P2 | १०।० | १ | | |
| | कुल जम्मा | | | | | २९०।० | ७ | ४ | १ |

**ग. बाढी पहिरो, भू-क्षय लगायतको प्रकोप व्यवस्थापन:**

यस शिर्षक अन्तरगत प्राथमिकता नं. P1 र P2 मा क्रमस ५ र ९ गरी कुल १४ वटा आयोजना प्रस्तावित भएका छन् । यस आवधिक योजना अन्तरगत प्रस्तावित आयोजनाहरू महत्वपूर्ण रहेका तर लगानिको अधिक आवश्यकता पर्ने तथा यसमा गाउँपालिकाको श्रोत परिचालन बाट सम्भव नहुने अवस्था देखिएका कारण कुल लगानी ४६ करोड ९० लाख मध्ये गाउँपालिकाको तर्फ बाट मात्र १ करोड ५५ लाख, स्थानीय उपभोक्ता वा साझेदार बाट रु २१ लाख तथा संघीय र प्रदेश सरकार साथै अन्य विकास साझेदरको तर्फ बाट ४५ करोड १४ लाखको साझेदारी हुने अनुमान गरिएको छ । यहाँ उल्लेख गरिएका आयोजनाको बास्तविक लगानिको आवश्यकता विस्तृत परियोजना प्रस्ताव तयार भए पछी मात्र सुनिस्चित हुने र पहिरो तथा भू-क्षय सँग सम्बन्धित रहेका कारण भूगर्भ बिदको राय समेतका आधारमा यसमा उल्लेखित अनुमानित लागतमा २५ देखि ३० प्रतिसत सम्म फरक पर्न सक्ने सम्भाबना रहेको छ । बाढी पहिरो, भू-क्षय लगायतको प्रकोप व्यवस्थापन अन्तरगत प्राथमिकता P1 का आयोजनाको कार्यान्वयनकालागि मात्र पनि रु २ करोड ८० लाख लाग्ने अनुमान गरिएको छ भने प्राथमिकता P2 र P3 मा समावेश भएको आयोजनाको हकमा संघीय तथा प्रदेश सरकारको अतिरिक्त सहयोग हुन नसकेमा यी आयोजनाको कार्यान्वयन जटिल हुन सक्ने समेतको सम्भाबना रहेको छ । यस शिर्षक अन्तरगतका आयोजनाको संक्षिप्त तथा विस्तृत विवरण क्रमस तालिका नं. ७.२.५ र ७.२.५.३ मा उल्लेख गरिएको छ ।

**तालिका नं.७.५.३ : प्राकेप अन्तरगत भूक्षय र बाढी पहिरो सँग सम्बन्धित प्रकोपको वर्तमान अवस्था र भावि योजना**

| प्रकोप रोकथाम र व्यवस्थापनको वर्तमान अवस्था र आवश्यकता | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | **कार्यान्वयनको आधारमा योजनाको स्तरीयता** | | |
| **क.सं.** | **नाम** | **ठेगाना (स्थान)** | **वर्तमान अवस्था (उपलब्ध जग्गा, भवन लगायत आवश्यक उपकरण समेत)** | **अव गर्ने कार्य (जग्गा, भवन अन्य भौतिक पूर्वाधार समेत)** | **प्राथमिकता (P1, P2, P3)** | **अनुमानित लागत रु (लाख)** | **गापा स्तरीय** | **वडा स्तरीय** | **केन्द्र/प्रदेश स्तरीय** |
| १ | | | | | | | | | |
| १.१ | यागुवा, लागुवा, अरुण | याङ्पाङ | तटबन्धनको व्यवस्थापन नभएको | तटबन्ध निर्माण | P2 | ३००।० | | | १ |
| १.२ | कटान क्षेत्र | याङ्पाङ | तटबन्धनको व्यवस्थापन नभएको | बृक्षारोपण र तारजाली बन्धन | P1 | १००।० | | | १ |
| २ | | | | | | | | | |
| २.१ | जलजले पहिरो | ढिनुसार | सामान्य | ३ कि.मी तटबनधन | P2 | ५००।० | | | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.२ | अकासे | सिस्नेरी | हाल नभएको | १० कि.मी तटबनधन | P2 | ८००।० | | | १ |
| २.३ | नाइटे रिवुखण्ड | | हाल नभएको | ३३ कि.मी तटबन्धन | P2 | १५००।० | | | १ |
| ३ | | | | | | | | | |
| ३.१ | सल्लाह बोटे देखि खहरे | सल्ला बोटे खहरे | हाल नभएको | तटबन्धन | P2 | १००।० | १ | | १ |
| ३.२ | खसेनि खोल्सा | खसेनि खोल्सा | हाल नभएको | तटबन्धन | P2 | १००।० | १ | | १ |
| ३.३ | पहिरो | नवलपुर, ज्यामिरे | हाल पहिरो गएको | तटबन्धन | P1 | ५०।० | १ | | १ |
| ४ | | | | | | | | | |
| ४.१ | कुमालटार घाटी पहिरो | कुमालटार | हाल नभएको | तटबन्धन निर्माण गर्ने | P2 | ५००।० | | | १ |
| ४.२ | सुन्तालुङ पहिरो | गैरीटोल | हाल नभएको | तटबन्धन निर्माण गर्ने | P1 | ५०।० | | | १ |
| ४.३ | आइतवारे डाडाखेत | गैरीटोल | हाल नभएको | तटबन्धन निर्माण गर्ने | P2 | ३०।० | | | १ |
| ४.४ | कटुवा + ज्यामिरे | कटुवा | हाल नभएको | तटबन्धन निर्माण गर्ने | P1 | ३०।० | | | १ |
| ५ | पहिरो आकुखर्क / छिटखोला आसपास | आकुखर्क | गइरहेको | तार, जाली ग्याबिन वृक्षारोपण | P2 | ५००।० | १ | | १ |
| ६ | पहिरो (कुटाङ पहिरो) | कुटाङ | तटबन्धन वा पहिरो रोकथाम नभएको | बृक्षारोपण सहित थप व्यवस्थापन सहित पहिरो रोकथाम गर्ने | P2 | ८०।० | | | १ |
| ७ | खाल्डे क्षेत्र | खाल्डे | सामान्य | तटबन्धन निर्माण गर्ने | P1 | ५०।० | १ | | १ |
| जम्मा | | | | | | ४६९०।० | ५ | ० | १५ |

### ७.२.६ भौतिक विकास (भू-उपयोग) योजनाः

केहि स्थान सामन्य समतल रहेता पनि अरुण गाउँपालिकाको अधिकाङ्स भू-भाग पहाडि क्षेत्रमा पर्दछ, जसलाई भौतिक व्यवस्थापनको हिसावले निकै चुनौतीपूर्ण मानिन्छ । भौतिक विकास योजना भन्नाले आफ्नो क्षेत्राधिकार भित्र रहेका भू-बनोट र भू-अवस्थाको बिश्लेषण गरी उपयुक्त स्थान र क्षेत्रलाई दिगो ग्रमिण विकासको अवधारणा बमोजिम आवश्यक र अपरिहार्य पूर्वाधार विकासमा प्रयोग गरिने नीतिगत, व्यवहारिक र बैज्ञानिक योजना हो । यस योजनाले भौगोलिक अवस्था र परिवेश बमोजिम योजना तर्जुमा, सञ्चालन र व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यस योजना अन्तरगत अरुण गाउँपालिकाले आफ्नो स्थापित दीर्घकालिन सोच र लक्षमा आधारित भई आफ्नो भू-धरातलीय अवस्थालाई कसरी समृद्धि निर्माणमा प्रयोग र उपयोग गर्न सकिन्छ भन्ने विषय वस्तु भित्र केन्द्रित रहन अनिवार्य छ । यस "**आवधिक गाउँपालिका विकास योजना**" मा गाउँपालिका भित्रको भू-उपयोग क्षेत्रको निर्धारण तथा उक्त क्षेत्रमा निर्माण व्यवस्थापन हुने भौतिक पूर्वाधारहरूको मात्रात्मक तथा गुणात्मक मापदण्ड तयार पार्ने गरी योजना तथा कार्यक्रमहरू निर्धारण गरिएको तथा उक्त योजना तथा कार्यक्रमहरूको सफल र समयबद्ध कार्यान्वयन बाट प्राप्त गर्न सकिने अपेक्षित प्रतिफल तथा नतिजा, यसका सूचकहरू, यी सूचकहरू थाहा पाउन सकिने जानकारीका श्रोत साथै प्रस्तावित योजना तथा कार्यक्रम कार्यान्वयनको प्रमुख जिम्मेवार पक्ष र यीनका सहयोगी साथै यस प्रकारका योजना तथा कार्यक्रम सञ्चालन व्यवस्थापन गर्दा आईपर्न सक्ने संभावित जोखिमका विषय समेत समेटेर तर्क बद्ध प्रणालिको ढाँचागत स्वरुपमा देहाय बमोजिम प्रस्ताव गरिएको छ । यहाँ प्रस्ताव गरिएको योजनाहरूले सम्बन्धित विषयगत क्षेत्रका योजनाहरूको समष्टिगत स्वरुपको मात्र सम्बोधन गर्ने भए बाट यहाँ प्रस्ताव गरिएको योजनाहरूको विस्तृत विवरण सम्बन्धित शिर्षक अन्तरकागतका योजना हरूमा समावेश गरिएको कारण उक्त योजनाहरू सँग आवद्ध गरी कार्यान्वयनमा लैजानु पर्ने हुन्छ । **वडागत छलफल र स्थालगत अवलोकानका आधारमा प्राप्त भएका उल्लेखित विवरणहरूको अध्ययन, विश्लेषण, प्राथमिकताको यथार्थ पहिचान र लगानीको क्षमता र बास्तविकताका आधारमा सम्बन्धित सरोकारवाला सँगको विषयगत छलफलका आधारमा यो अन्तिम प्रतिवेदन तयार गरिएको छ ।**

**क. सूचक बमोजिमको सफलता प्राप्तिकालागि योजनाको कार्यान्वयन थालनी, सम्पन्न तथा नियमितता बर्ष (यसको विस्तृत बिबबरण तर्कबद्ध ढाँचामा उल्लेख छ)**

| क.सं. | सूचक बमोजिमका योजना शिर्षक | कार्यान्वयनको थालनी तथा सफलता प्राप्ति बर्ष (आ.व) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| १ | **भौतिक विकास (भू-उपयोग) योजना** | | | | | | |
| १.१ | **भू-उपयोग योजना कार्यान्वयनमा आएको हुनेछ ।** | ✓ | | | | | |
| १.१.१ | भू-उपयोग योजना बमोजिम गरिउको बर्गिकरणका आधारमा नीति निर्माण भई उक्त नीतिमा आधारित पुल पुलेसा सहितका सडक, ढल तथा नाला , स्वास्थ्य, खानेपानी, विद्युत, सञ्चार, खेल तथा मनोरञ्जन, धार्मिक तथा सांस्कृतिक लगायत आवास, शहरी, कृषि, उद्योग, व्यापार तथा ब्यवशायका लागि आवश्यक मापदण्ड सहितको भौतिक विकास गुरुयोजना तयार भई कार्यान्वयनमा आएको हुनेछ | ✓ | | | | | |
| १.१.२ | सार्वजनिक तथा व्यक्तिगत भौतिक पूर्वाधार निर्माणका लागि निर्माण संहिता तयार भई कार्यान्वयन अएको हुनेछ | ✓ | ✓ | | | | |
| १.१.३ | योजनाबद्ध र गुणस्तरीय निर्माण विकासका माध्यम बाट समग्र भौतिक पूर्वाधार सहित सडक लगायतका यातायात पूर्वाधारको दिगोपना बढेको हुनेछ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १.१.४ | योजनाबद्ध आवासीय क्षेत्रको विकास र बढोत्तरी, भुकम्प प्रतिरोधी सार्वननिक | ✓ | ✓ | ✓ | ✓ | ✓ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तथा नीजि घरहरूको निर्माणमा परिमाणत्मक वृद्धि, हरित, जल र मनोरञ्जन क्षेत्रहरूको विकास र वृद्धि, फोहोर मैलाको दिगो व्यवस्थापन तथा प्रशोधन केन्द्रको निर्माण ब्यवास्थापन, यातायातको संरचनामा विकास र सडक यातायातमा सुगमता, एकीकृत सपिङ महल तथा हाट बजारहरूको भौतिक स्वरुप व्यवस्थित लगायतका समग्र भौतिक विकासको स्वरुपमा परिमाणात्मक र गुणात्मक परिवर्तन आउने क्रमको सुरुवात भएको हुनेछ | | | | | | |
| १.१.५ | आर्थिक समृद्धिमा आधारित विकास निर्माण र व्यापार ब्यासायको विकास र बिस्तारका कारण गाउँपालिका छाडेर बसाई सरि जानेहरूको संख्यामा गणनायोग्य कमि आई गाउँपालिकाको वर्तमान जनसंख्याको वृद्धि दरमा बढोत्तरी भई बर्षिक १.५ देखि २.५ % को हाराहारि पुगेको हुनेछ | | | | | ✓ | |
| १.१.६ | सूचना प्रविधिको व्यवस्थित प्रवाहका कारण गाउँका गाउँ, बस्ति तथा टोल सम्म बैकिङ, आर्थिक, प्राविधिक लगायतका सेवा प्रवाहका क्षेत्रहरूको उपभोग र उपयोगमा सूचना प्रविधिको प्रयोगमा बढोत्तरी भएको हुनेछ | | ✓ | ✓ | ✓ | ✓ | |

**ख. तर्कबद्ध प्रणाली बमोजिम भू-उपयोग योजनाको विस्तृत विवरण**

| १. आवस, कृषि, उद्योग, व्यापार व्यवसाय तथा पर्यटन २. सडक, ढल तथा नाला ३. पुल पुलेसा तथा कलभर्ट ४ खानेपानी लगायत | | | | |
|---|---|---|---|---|
| **भौतिक विकास (भू-उपयोग) योजना** | | | | |
| **अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलाप (योजना तथा कार्यक्रम) हरू** | **सूचकहरू** | **जानकारीको श्रोत** | **जिम्मेवारी** | **पुर्वानुमान /जोखिम** |
| **क) अपेक्षित प्रतिफल/नतिजा**<br>**अरुण गाउँपालिकाको सम्पूर्ण भू-भागलाई आवासीय क्षेत्र, कृषि तथा पशुपन्छी पालन क्षेत्र, उद्योग व्यापार तथा व्यवसाय क्षेत्र, पर्यटकीय क्षेत्र, बन क्षेत्र, कार्यालय तथा सेवा प्रवाह क्षेत्र लगायतका आवश्यक भू-उपयोगका क्षेत्रहरूमा विभक्त गरिएको हुनेछ साथै यीनै भू-उपयोग क्षेत्रका आधारमा निर्माण व्यवस्थापन हुनु पर्ने आवासीय तथा बजार क्षेत्र, यातायात सञ्जालकालागि आवशयक पुल पुलेस सहितका सडक, ढल तथा नाला , स्वास्थ्य, खानेपानी, विद्युत, सञ्चार तथा मनोरञ्जन, हरियाली विकास लगायत पूर्वाधारहरूको मात्रात्मक मापदण्ड सहित कृषि, उद्योग, व्यापार तथा ब्यवशायका लागि आवश्यक भौतिक विकास गुरु योजना तर्जुमा भई संरचनात्मक आधारहरू निर्माणका साथ आर्थिक समृद्धिको जग तयार भएको हुनेछ साथै जग्गाको कित्ताकाट समेत भू-उपयोग योजना तथा नीतिका आधारमा कार्यान्वयनमा आएको हुनेछ ।** | | | | |
| **ख) <u>कृयाकलाप (योजना तथा कार्यक्रम):</u>** | | | | |

| | | | | |
|---|---|---|---|---|
| १. **भूमि व्यवस्थापन र उपयोग**<br>• वर्तमान भू-उपयोगलाई आधार बिनदु मानी वर्तमान आवश्यकता र दिगो विकास लक्षलाई सार्थक बनाउन अरुण गाउँपालिकाको भू-उपयोग योजनाका आधारमा आवश्यक ऐन, निमय, निर्देशिका वा कार्यविधि तयार गर्ने<br>• अरुण गाउँपालिकाको वर्तमान एकीकृत आवधिक गाउँपालिका विकास योजनाले औल्याएका समेत गरी सम्भाब्य सवै खाले भूमिको उपयोगितका आधारमा आवासीय क्षेत्र, कृषि तथा पशुपालन क्षेत्र, बजार क्षेत्र, औद्योगिक क्षत्र, पर्यटन क्षेत्र, बन तथा चरन क्षेत्र र खोला (जल) क्षेत्र, औद्योगिक क्षेत्र, भौतिक पूर्वाधार .निर्माण क्षेत्र लगायतका भू-उपयोग क्षेत्रको सार्थक बर्गिकरण भई पूर्णरुपले कार्यान्वयन गर्ने<br>• आवश्यकताका आधारमा ल्याण्ड पुलिङ समेतको नीति अवलम्बन सहित भू-उपयोग नीति, योजना र कार्यक्रम तर्जुमा का साथ कृषि योग्य जग्गा जमिनको अनावश्यक र अनुपयुक्त खण्डिकरण र उपयुगितामा आएको ह्रासलाई (बाँझो छाड्ने प्रचलनलाई समेत) रोकेर व्यवस्थ्ति र दिगो गाउँपालिका विकासको आधार तयार गर्ने<br>• भौतिक विकास गुरु योजना तर्जुमा, स्विकृती र कार्यान्वयन गर्ने<br>• १:२५०० स्केलको आधार नक्शा बनाई तयारी GIS नक्शामा समावेश गर्ने<br>• एकीकृत बस्ती विकास (Integrated Settlement Development) कालागि जग्गाको एकीकरण तथा जग्गा विकास कार्यक्रमको तर्जुमा र व्यबस्थापन गर्ने साथै एकीकृत आवास विकास (House Pooling) जस्ता योजना | • आ.व. २०७८/७९ को प्रारम्भ बाटै देहाय बमोजिमको भू-उपयोग योजना कार्यान्वयनमा आएको हुनेछ ।<br>क. **आवासीय क्षेत्र:** वर्तमान वडाकेन्द्रहरू रहेका स्थान तथा सञ्चालनमा रहेका बजार केन्द्र साथै वर्तमान मा घना बस्ती भएका वडाको टोलबस्तीहरू<br>**ख. कृषि तथा पशुपन्छी पालन क्षेत्र:** वर्तमान मा कृषिको प्रयोजनमा आएका तथा एकीकृत बस्ती विकास भई उक्त स्थानमा बसोबास सारी खालि रहेका कृषियोग्य जमिन तथा कृषि उपजकोलागि उपयुक्त नरहेका वडा भित्रका सवै जग्गा जमिन पशुपालन क्षेत्र<br>**ग. बजार तथा ब्यापारिक क्षेत्र:** बजार बिस्तार विकासका लागि प्रस्ताव भएका स्याटालाईट स्मर्ट ग्रामिण बजार केन्द्र समेतका अन्य बजार | • गाउँ कार्यपालिका को निर्णय पुस्तिका<br>• गाउँ सभाको निर्णय पुस्तिका<br>• गाउँपालिकाको योजना पुष्तिका<br>• गाउँपालिकाको योजना शाखाको प्रतिवेदन<br>• वडा कार्यालयको प्रतिवेदन<br>• नियमित अनुगमन सर्वेक्षण प्रतिवेदन<br>• राष्ट्रिय तथा स्थानीय अभिलेख<br>• टोल विकास संस्था वा नागरिक वडा मञ्चहरूको अभिलेख<br>• स्थालगत अवस्था<br>• सञ्चारको श्रोत | १. **प्रमुख जिम्मेवारी:**<br>• गाउँपालिका<br>• योजना शाखा<br>• वडा कार्यालय<br>२. **सहयोगी**<br>• संघीय तथा प्रदेश सरकार<br>• घरपरिवार तथा समुदाय र सामाजिक अगुवा<br>• उपभोक्ता तथा उपभोक्ता समिति<br>• निर्माण व्यवसायी<br>• सामुदायिक संघ सस्थाहरू<br>• सहयोगी तथा साझेदार संघ सस्थाहरू | • संघीय, प्रदेश तथा स्थानीय ऐन, नियम, कानून,नीति , योजना<br>• आर्थिक स्रोत<br>• गाउँपालिक ाबासिको विश्वास र सहभागिता<br>• यन्त्र उपकरण तथा निर्माण समाग्रि<br>• दाता वा साझेदर र सहयोगी<br>• जग्गा जमिनको उपलब्धता<br>• सामाजिक द्वन्द<br>• राजनीतिक समजदारी<br>• विकास प्रतिको |

| | | | | |
|---|---|---|---|---|
| कार्यान्वयन गर्ने<br>● क्रमिक रुपले प्राथमिकताका आधारमा गाउँका गौरवका आयोजना भित्र समेटिएका मूख्य बजार केन्द्रहरूमा व्यवस्थित शहरीकरण, बिद्यमान अवस्थामा गाउँका ग्रामिण क्षेत्रमा रहेका बजारहरूलाई क्रमस ग्रामिण स्याटलाईट स्मार्ट बजार केन्द्र बस्ती विकास सम्बनधी नीति, कानून, मापदण्ड तथा सो सम्बनधी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन गर्ने<br>● गाउँपालिकाका सम्भाव्य वडाहरूमा जग्गा एकीकरण, निर्देशित जग्ग विकास तथा निर्देशित योजनाबद्ध विकास मध्ये कुनै एक वा मिश्रीत योजना लागू गर्ने<br>● विश्व सम्पदा वा राष्ट्रिय वा स्थानीय सम्पदा सूचीमा आउन सक्ने पर्यटन क्षेत्रहरूको विकासका लागि महत्व राख्ने पुरातात्विक तथा स्थानीय महत्वका धार्मिक स्थलहरू, बनजङ्गल तथा बनय जन्तु, पार्क, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बनधी लगत तयार गरि तीनिहरूको दिगो व्यवस्थापन गर्ने<br>● प्रत्येक वडामा न्यूनतम रुपमा एउटा सार्वजनिक पार्क निर्माण गर्ने<br>● सुकुम्बासी समस्या समाधान, घरजग्गा नहुनेकालागि आवस क्षेत्रको व्यवस्थापन र अव्यवस्थित बसोबास व्यवस्थापन लगायतकालागि आधारभूत आवास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने<br>● अरुण गाउँ क्षेत्र बाट बग्ने बिभिन्न खोला तथा खोल्सि किनाराहरूमा २५ देखि ५० मिटर चौडासम्म बृक्षारोपण गरी हरित क्षेत्रको विकास र विस्तार गर्ने<br>● प्रस्तावित स्याटलाईट स्मार्ट ग्रामिण बजार केन्द्रहरू लागयत सञ्चालनमा रहेका बजार केन्द्रहरूलाई व्यवस्थित आयात | केन्द्रहरू<br>घ. **औद्योगिक क्षेत्र**: गाउँपालिका स्तरीय औद्योगिक ग्राम साथै वडा स्तरीय पकेट औद्योगिक ग्रामकालागि प्रस्तावित भएको स्थानहरू साथै खानी तथा जडिबुटी उत्पादन हने क्षेत्र आसपास<br>**ङ. पर्यटन क्षेत्र:** पर्यटन विकास योजना अन्तरगत प्रस्तावित रहेका योजना क्षेत्रहरू<br>**च. बन तथा चरन क्षेत्र र खोला (जल)** नाला: आवधिक योजनामा समेटिएका तथा प्रस्ताव गरिएका बन तथा बाँझो अवस्थामा वा बुट्यान र झाडिको रुपमा रहेको स्थानहरू साथै खोला तथा खोल्साले ओगटेका क्षेत्र<br>**छ. भौतिक पूर्वाधार .निर्माण क्षेत्र**: सडक, ढल तथा नाला साथै कार्यालय भबनहरूले ओगटेका वडा कार्यालय भबन, विद्यालय, सामुदायिक भबन, सभाहल, बिद्युत लाईन, खानेपानी, दुरसञ्चार | | | स्थानीय बासीको धारणा |

| | | | | |
|---|---|---|---|---|
| निर्यात तथा खरिद बिक्री केन्द्रको रुपमा विकास गर्ने<br>● जनसहभागिता, निजी र सार्वजनिक क्षेत्रहरूको संयुक्त प्रयासमा घडेरी र अन्य प्रयोजनका लागि जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने<br>● व्यापार, उद्योग र सूचनाको विकासका लागि बाणिज्य केन्द्रको (Commercial Centre) को स्थापना गर्ने<br>● भु-उपयोग क्षेत्र र नीति सहित दीर्घकालिन सोच, लक्ष र उद्देश्य सहितको गाउँको भावी स्वरुपबारे गाउँपालिकाबासी लाई जानकारी गराउने साथै भौतिक तथा भौतिक पूर्वाधार विकासमा गाउँबासीहरूबाट सहयोग प्राप्त गर्ने<br>● भौतिक विकासको गुरु योजना बारे वडागत रुपमा **अरुण जनजागरण** अभियान सञ्चालन गर्ने<br><br>**१.१. भबन तथा भबन संहिता एवं निर्माण इजाजत**<br>● भबन निर्माण सम्बनधी नीति, कानून, मापदण्ड तथा सो सम्बनधी योजना तर्जुमा गर्ने<br>● राष्ट्रिय भबन संहिता तथा मापदण्ड लाई स्थानीयकरण गरी भबन निर्माण अनुमति र नियमन गर्ने<br>● अरुण गाउँपालिका भित्र निर्माण हुने सवै खाले भबन निर्माणका लागि तहगत नक्शा स्वीकृति, संशोधन, नियमन गर्ने<br>● पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्बर्द्धन र पुनःनिर्माणलाई प्राथमिकता दिने<br>● सरकारी भबन, विद्यालय, सामुदायिक भबन, सभागृह तथा अन्य सार्वजनिक भबन तथा संरचना निर्माण र मर्मत संभार गर्ने<br>● एकीकृत वस्तिविकास योजना अन्तरगत कम लागतका भुकम्प प्रतिरोधी भबन निर्माणलाई प्रोत्साहनका साथ कार्यान्वयनमा ल्याउने<br>**१.२. सडक तथा यातायात व्यवस्था** | लगायतले ओगटेका तथा ओगट्ने क्षेत्र लगायतका भु-उपयोगको निस्चित मापदण्ड सहितका क्षेत्रहरूमा बर्गिकरण भई कार्यान्वयनमा आएका हुनेछन्<br>● आ.व. २०७८/७९ भित्र भू-उपयोग योजना बमोजिम बर्गिकरणका आधारमा नीति निर्माण भई उक्त नीतिमा आधारित पुल पुलेसा सहितका सडक, ढल तथा नाला , स्वास्थ्य, खानेपानी, विद्युत, सञ्चार, खेल तथा मनोरञ्जन, धार्मिक तथा सांस्कृतिक लगायत आवास, शहरी, कृषि, उद्योग, व्यापार तथा व्यवशायका लागि आवश्यक मापदण्ड सहितको भौतिक विकास गुरुयोजना तयार भई कार्यान्वयनमा आएको हुनेछ<br>● प्रारम्भिक रुपमा आ.व. २०७८/७९ देखि तथा पूर्ण | | | |

| | | | | |
|---|---|---|---|---|
| • मुख्य सडक, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडिक, पुल (पक्कि तथा झोलुङ्गे) पुलेसा सम्बनधी गुरुयोजना तर्जुमा र कार्यान्वयन गर्ने<br>• यस गाउँपालिकाको कम्तिमा आगामि २० वर्षको वा सो भन्दा बढी आश्यकता धान्न सक्ने गरी सडक मापदण्ड सहितको यातायात पूर्वाधार विकास र व्यवस्थापन सम्बनधी नीति, कानून र मापदण्ड निर्धारण गर्ने<br>• यस गाउँपालिकाले निर्माण गर्ने सडक गुरु योजना अनुसार मापदण्ड सहितको सडक, ढल तथा नालाहरूको रेखाङ्कन गर्ने तथा सोहि बमोजिम कम्तिमा ४ लेनका मुख्य सडक र २ लेनका सहायक सडक र १ लेनको घरेलु सडकहरू निर्माण गर्ने गरी आवासीय सडक, शहरी तथा ग्रामीण सडक, कृषि सडक, पर्यटन सडकहरूको बर्गिकरण र मापदण्ड तयार गर्ने<br>• गाउँपालिकाको मापदण्ड वमोजिम नक्सा कित्ताकाट भएको सडकमा मात्र सडक निर्माणको कार्यलाई प्राथमिकता दिने<br>• सडक लगायतका पूर्वाधार विकासका लागि स्थानको अभाव रहेका स्थान र क्षेत्रमा ल्याण्ड पुलिङ्ग को कार्यलाई प्राथमिकता दिने<br>**<u>१.३. जलविद्युत, उर्जा, सडकवत्ती व्यवस्थापन</u>**<br>• संघीय तथा प्रदेश कानुन र योजना समेतका आधारमा अरुण गाउँपालिकामा जलबिद्युत उत्पादनका सम्भावना रहेकोले लघु तथा साना जवबिद्युत आयोजना निर्माण तथा सञ्चालन साथै बायु बिद्युत उत्पादन सहितका नवीकरणीय तथा वैकल्पिक ऊर्जा सम्बनधी अध्ययन, नीति, कानून, मापदण्ड, योजना तर्जुमा र कार्यान्वयन गर्ने<br>• विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन गर्ने<br>• जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता | रुपले २०७९/८० भित्र सार्वजनिक तथा व्यक्तिगत भौतिक पूर्वाधार निर्माणका लागि निर्माण संहिता तयार भई कार्यान्वयन अएको हुनेछ<br>• आ.व. २०७८/७९ बाटै योजनाबद्ध र गुणस्तरीय निर्माण विकासका माध्यम बाट समग्र भौतिक पूर्वाधार सहित सडक लगायतका यातायात पूर्वाधारको दिगोपना बढेको हुनेछ<br>• आ.व. २०७८/७९ को सुरु बाटै योजनाबद्ध आवासीय क्षेत्रको विकास र बढोत्तरी, भुकम्प प्रतिरोधी सार्वननिक तथा नीजि घरहरूको निर्माणमा परिमाणत्मक वृद्धि, हरित, जल र मनोरञ्जन क्षेत्रहरूको विकास र वृद्धि, फोहोर मैलाको दिगो व्यवस्थापन तथा प्रशोधन केन्द्रको निर्माण ब्यवास्थापन, यातायातको संरचनामा विकास र सडक यातायातमा सुगमता, एकीकृत सपिङ महल तथा हाट बजारहरूको भौतिक | | | |

| | | | | |
|---|---|---|---|---|
| दिदै बहुउपयोगी विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने<br>● उच्च प्राथमिकताका साथ सौर्य सडक वतीको सम्भाबनाको अध्ययन गरी सम्भव देखिएका स्थानमा व्यवस्थापन गर्ने<br>● गाउँपालिकाका मुख्य मुख्य बजार क्षेत्र लगायत आर्थिक सामाजिक रुपले पछाडि परेका समुदायको बस्तिमा सौर्य सडक बत्ति जडान तथा व्यवस्थापन गर्ने<br>**१.४. सिंचाई तथा जलउत्पन्न प्रकोप नियन्त्रण**<br>● कृषिमा आधारित आर्थिक विकास पूर्वाधारको रुपमा रहेको सिँचाईकालागि आर्थिक विकास सँग सम्बन्धित योजना खण्डका आधारमा आवश्यक नीति, कानून, मापदण्ड निर्धारण र कार्यान्बनय गर्ने<br>● स्थानीय कृषकहरू समेत सम्मिलित **सिंचाई पूर्वाधार विकास गाउँपालिका समितिको** निर्माण गर्ने<br>● सिँचाई सम्बन्धी गुरुयोजनाको तर्जुमा गरी कार्यान्वयनमा ल्याउने<br>● स्थानीय साना तथा सतह सिचाई प्रणाली तथा अरुण नदीको पानीलाई लिफ्ट प्रणालि मार्फत सिंचाइ पूर्वाधारको सञ्चालन निर्माण, सुधार, मर्मत सम्भार र व्यवस्थापन गर्ने<br>● जलउत्पन्न प्रकोप नियन्त्रण सम्बनधी आवशयक नीति निर्माण गरी स्थानीय तटबनध, खोला तथा खोल्सि नियन्त्रण तथा व्यवस्थापन र नियमन गर्ने<br>● अरुण गाउँपालिका बाट बग्ने ससाना खोला तथा खोल्सा बाट जल उपयोग गर्न आवश्यक र सम्भाब्य योजना तर्जुमा गर्ने<br>**१.५. खानेपानी व्यवस्थापन**<br>● स्थानीय खानेपानी सम्बनधी नीति, कानून, मापदण्ड, | स्वरुप व्यवस्थित लगायतका समग्र भौतिक विकासको स्वरुपमा परिमाणात्मक र गुणात्मक परिवर्तन आउने क्रमको सुरुवात भएको हुनेछ<br>● आर्थिक समृद्धिमा आधारित विकास निर्माण र व्यापार ब्यासायको विकास र बिस्तारका कारण गाउँपालिका छाडेर बसाई सरि जानेहरूको संख्यामा गणनायोग्य कमि आउने समेतका कारण आ.व. २०८२/८३ सम्ममा गाउँपालिकाको वर्तमान जनसंख्याको वृद्धि दरमा बढोत्तरी भई बर्षिक १.५ देखि २.५ % को हाराहारि पुगेको हुनेछ<br>● सूचना प्रविधिको व्यवस्थित प्रवाहका कारण गाउँका गाउँ, बस्ति तथा टोल सम्म बैकिङ, आर्थिक, प्राविधिक लगायतका सेवा प्रवाहका क्षेत्रहरूको उपभोग र उपयोगमा सूचना प्रविधिको प्रयोगमा बढोत्तरी भएको हुनेछ | | | |

| | | | | |
|---|---|---|---|---|
| योजना तर्जुमा तथा कार्यान्वयन गर्ने<br>● सार्वजनिक स्थलमा शुद्ध र शुरक्षित खाने पानीको व्यवस्थापन गर्ने<br>● स्वच्छ खानेपानी उत्पादन र वितरण पूर्वाधार निर्माण गर्ने<br>● गाउँपालिका क्षेत्र भित्रका पानीका मुहान र श्रोतहरूको संरक्षण गर्ने साथै यी समेतका सम्भाब्य सवै श्रोतहरूलाई एकीकृत गरी बृहत खानेपानी आयोजना सञ्जालको निर्माण विकास गरी " **एक घर एक धारा** " को अवधारणा अन्तर्गत स्वच्छ सुरक्षित खाने पानी प्रवाहको व्यवस्थापन गर्ने<br>● खानेपानी र घरायसी प्रयोगको पानीको व्यवस्थापनलाई अलग अलग हुनेगरी पूर्वाधारको विकास गर्ने<br>**१.६. सूचना तथा सञ्चार प्रविधि विकास**<br>● गाउँपालिका क्षेत्रभित्र सवै वडामा नेट ईन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणका लागि आवश्यक पूर्वाधार विकास गर्ने<br>● गाउँपालिकाको साझेदारीमा एक सय वाट सम्मको एफ. एम. रेडियो सञ्चालनकालागि आवश्यक प्रकृया अघि बढाउने<br>● सञ्चार श्रोतको विकासकालागि गाउँपालिका क्षेत्र बाट गाउँ स्तरीय पत्रपत्रिकाको प्रकाशन गर्ने व्यवस्था गर्ने<br>**१.७.सार्वजनिक निजी साझेदारी**<br>● सार्वजनिक–निजी साझेदारी सम्बनधी गाउँपालिका स्तरीय नीति तथा ऐन निर्माण गरी कार्यान्वयन गर्ने<br>● स्थानीय विकासमा निजी र सहकारी क्षेत्रको सहभागितालाई मुल प्रवाहिकरण गर्ने | | | | |

**रणनीतिः**

- भू-उपयोग नीति निर्माण गरी कार्यान्वयन गर्ने
- भौतिक पूर्वाधार निर्माण विकास संग सम्बन्धित आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरू निर्माण, व्यवस्थापन तथा कार्यान्वयन गर्ने
- आर्थिक समृद्धि र रोजगारी श्रृजनामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने गाउँका गौरवका आयोजना तथा बजार केन्द्र निर्माण विकासको कार्यान्वयनमा बिशेष जोड दिने
- लगानीको सुनिस्चितताकालागि संघीय तथा प्रदेश सरकार सँगको समन्वयलाई प्रभावकारी बनाउने साथै विकासको गती तिब्र बनाएर सम्बन्धित सरकारहरू लाई बिश्वासमा लिई कामको मात्रा र गुणस्तरका आधारमा सहयोग प्राप्त हुने वातावरणको श्रृजना गर्ने
- स्थानीय स्तरमा रहेको आर्थिक, भौतिक तथा मानविय श्रोत र साधनको पहिचान तथा व्यवस्थापन साथै पारदर्शी तथा न्याँयोचित, मितब्ययी र दिगो विकासमा आधारित लगानीको सुनिस्चितता गर्ने
- पूर्वाधारहरूको दीर्घकालीन गुरु योजना तयारी र निर्माण कार्यलाई सँगसँगै गर्ने गरी आवश्यक प्रकृया अगाडी बढाउने
- भौतिक पूर्वाधार निर्माणकालागि आवश्यक जग्गा जमिन तथा स्थानको व्यवस्थापन गर्ने तथा सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति गर्नु पर्ने अवस्था आएमा उचित र उपयुक्त मुआब्जाको निर्धारण गर्ने
- भूमिको वर्गीकरणका आधारमा भएको भू-उपयोग नीति तथा योजना बमोजिमको लगत कायम गर्ने तथा बर्गीकरणका आधारमा जग्गाको कित्ताकाट र भूमी लगत (नक्शा, स्रेस्ता) निर्माण र संरक्षण गर्ने
- जग्गा धनी दर्ता गर्दा वा दर्ता प्रमाणपुर्जा वितरण गर्दा भू-उपयोग नीति बमोजिम मात्र गर्ने व्यवस्था मिलाउने साथै सारेकारवाला निकाय सँग समन्वय गर्ने
- कम्तिमा २० वर्ष वा सो भन्दा माथि यातायातको चाप धन्न सक्ने गरीका सडक मापदण्ड निर्धारण गर्ने साथै बाटोको कुनै पूर्वाधार नभएका तर अति आवश्यक रहेका स्थानहरूमा बाटो खोल्ने तथा कच्ची तथा धुले सडकमा ग्राभेल गर्ने कार्यलाई प्रथम प्राथमिकतामा राख्ने
- सडक संरक्षण र दिगोपनकालागि पक्कि वा सुरक्षित कच्ची नाला निर्माण भई सकेपछि मात्र सडक कालोपत्रे गर्ने कार्यलाई क्रमिक रुपले कार्यान्बनयमा ल्याउने
- स्थानीय श्रोत र साधनको प्रयोग र उपयोगितालाई प्रथम तथा विशेष प्राथमिकता दिने
- आवास विकास योजनाहरूमा सार्बजनिक हरित क्षेत्रहरू समावेश गर्ने साथै आवास विकास योजनाहरू दीर्घकालीन योजनामा प्रतिपादन गरीएका सडक, ढल र नालाहरूको रेखाङ्कनको आधारमा गर्ने
- आवास विकास योजनाहरूमा लक्षीत समुदायको पहुँचलाई प्रथम प्राथमिकता दिने साथै निजी क्षेत्रले व्यवस्थित जग्गा विकास योजना स्वीकृति लिई कार्यान्वयन गरेमा गाउँपालिकाबाट विशेष सहयोग उपलब्ध गराउने
- भौतिक पूर्वाधार विकास योजना तर्जुमा, अनुगमन तथा मुल्याङ्कन गर्दा जनसहभागितमा जोड दिने साथै उपभोक्ता समितिहरूलाई तालिम तथा

प्रशिक्षणको व्यवस्था गरी क्षमता विकास गर्ने गराउने

- आईईई तथा ईआइए गरी वातावरणीय सन्तुलन कायम हुने प्रकारले भौतिक संरचनाहरू निर्माण लाई अनिवार्य गरिने
- जनसहभागिता अभिवृद्धिमा जोड दिने साथै जनसहभागितामा आधारित कार्यक्मलाई पहिलो प्राथमिकतामा राखिने व्यवस्था गरिने
- गुणस्तरयी निर्माण विकासमा कमिहुनेगरी कुनै प्रकारको मुलाहिजा तथा सम्झौता नगरिने
- खानेपानी उपभोग, पारिवारिक शौचालय निर्माण र प्रयोगलाई गाउँपालिका तथा वडाकार्यालयको सेवा प्रवाह व्यवस्थापन संग आवद्ध गरिने
- सम्भाव्य सवै प्रकारका जोखिम न्यूनिकरणकालागि पूर्व तयारी गरिने
- यातायात सुरक्षा व्यवस्थापन र नियमन कालागि GPS System को विकास गरी ट्रफिक नियन्त्रण र सुरक्षाको व्यवस्था मिलाउने
- स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन गर्ने नीति अवलम्बन गरिने
- टेम्पो, ट्याक्सी, म्याजिक भ्यान तथा सिटि सफारि सेवाको अनुमती, व्यबस्थापन र नियमन गर्ने
- वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन गर्ने
- यातायात क्षेत्रमा वाताबरणमैत्री प्रविधिलाई प्रोत्साहन साथै यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच पुग्न सक्ने गरी व्यवस्थापन गर्ने
- पूर्वाधार निर्माणको गुणस्तरियता यकिन गर्न निर्माण सामाग्रीहरुको गुणस्तर परीक्षण विस्तृत सर्वेक्षण, ल.ई., डिजाईन, सम्झौता लगायतका प्रावधानलाई प्रभावकारी बनाउने
- सडक गुरु योजना बमोजिम गाउँपालिका स्तरीय सडकको मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनुका साथै गाउँपालिकाको आर्थिक सहयोगबाट निर्माण सुधार हुने अन्य सडकको चौडाई तोकिएको मापदण्ड भन्दा कम नहुने गरी  निर्माण व्यवस्थापन गर्ने
- एकीकृत वस्ती विकासकालागि योजनाबद्ध र व्यबस्थित वस्ती विकासका कार्यक्रमको तर्जुमा कार्यान्वयन गर्ने
- संघीय, प्रदेश र स्थानीय कानुन बमोजिम स्थानीय तहमा सुकुम्वासी पहिचान र अभिलेख व्यवस्थापन गर्ने
- आर्थिक, बैकिङ इत्यादि कारोबारका थप नयाँ संस्थाहरू खुल्न उपयुक्त वातावरणको विकास गरी सूचना प्रविधिमा आधारित कारोबारहरूमा वृद्धि गर्ने
- सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बनधी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने

### ७.२.७ भौतिक पूर्वाधार विकास योजना

अरुण गाउँपालिकाको समग्र भौतिक पूर्वाधार विकास योजनाका विषयमा "**आवधिक गाउँपालिका विकास योजना**" तर्जुमाका समयमा सम्बन्धित सरोकारवाला स्थानीय बासी तथा जनप्रतिनिधि सँग भएको अन्तर सम्बाद र अन्तरकृया साथै स्थानीय जनताको अपेक्षा, विकास प्रतिको चाहाना, जनप्रतिनिधिले निर्वाचनताका जनताका माझ गरेका बाचा तथा सङ्कल्प, स्थानीय सम्भावना, दिगो विकास लक्ष्य, बिद्यमान अवसर र चुनौती साथै वर्तमान को आवश्यकताका आधारमा तयार भएको अरुण गाउँपालिकाको दीर्घकालिन सोच र त्यसमा आधारित लक्ष्य प्राप्तिकालागि यस गाउँपालिकालाई भौतिक पूर्वाधार निर्माण विकासका हिसावले एक सक्षम र सवल गाउँपालिकाको रुपमा अघि बढाउने प्रतिवद्धता प्राप्त भएको छ। गाउँपालिका भित्र निर्माण सञ्चालन हुने पहिचान युक्त यातायात पूर्वाधार विकास योजना तथा आयोजनाहरूलाई **गाउँपालिका, स्थानीय उपभोक्ता, संघीय तथा प्रदेश सरकार, दाता, सहयोगी लगायतका विकास साझेदारको सहयोगमा** एकल, संयुक्त वा साझेदारीमा निर्माण विकास हुने गरी प्राथमिकता निर्धारणका साथ गाउँपालिका तथा वडा स्तरीय साथै प्रदेश/संघीय सरकार तथा विकास साझेदार समेत गरी ३ भागमा बर्गिकरण गरिएको छ। अरुण चक्रपथ बाहेक यस गाउँपालिकामा पर्यटन पदमार्ग समेतका साना तथा ठूला साथै पुराना र नयाँ साथै संघीय सरकारबाट निर्माणाधिन रहेका र राष्ट्रिय गौरवका समेत गरी **करिव ६१०.३ कि.मि. लम्बाईका कुल १०८** वटा सडकहरू **अरुण यातायात सडक सञ्जालका** रुपमा प्रस्तावित भएका छन्। यी सडकहरू मध्ये संघीय तथा प्रादेशिक राजमार्गका रुपमा निर्माण भएका बाहेक अधिकांस सडकहरू माटोको सतह भएको कच्ची छन। यी कच्ची सडकहरूको वर्तमान अवस्थाको अध्ययन गर्दा केहि सडकहरू मात्र बर्षै भरी यातायात र ढुवानीका साधन समेतको प्रयोगकोलागि सामान्य अवस्थामा रहेका छन भने अधिकांस सडकहरू सामान्य रुपले आवतजावत गर्न पनि कठिन हुने अवस्थामा रहेका छन्। सडक सतह निर्माण प्राथमिकताका आधारमा निर्माण गरिने सडकहरूको कुल लम्बाई मध्ये कालोपत्रे गरिने पर्ने प्राथमिकता P1 मा परेका मात्र पनि क्रमिक रुपले कालोपत्रे समेत गर्दै जाने गरी प्रस्ताव गरेका सडक १९० कि.मि., ग्रावेल गरिनु पर्ने सडक ९७ कि.मि., नयाँ ट्र्याक खोल्नु पर्ने समेत गरी पदमार्ग समेतका अन्य सडक १० कि.मि गरी कुल २९७ कि.मि. रहेका छन्। यो मात्रा प्रस्तावित कुल सडक सञ्जालको ४८.६६ % हुन आउँछ।

यस आवधिक योजना अवधिमा प्राथमिकता P1 प्रस्तावित सडकहरूको मात्र पनि निर्माण विकास गर्न सके सडक पूर्वाधार विकासमा गाउँपालिकाले ठूलै फड्को मार्न सक्ने मात्र नभई समग्र गाउँपालिकाको आर्थिक समृद्धि र गाउँपालिकाबासीको जीबनस्तरमा समेत गणनायोग्य प्रतिफल प्राप्त हुने छ। सडक सञ्जाल निर्माण विकासकालागि गाउँपालिकाको श्रोत प्राप्ति र परिचालनका हिसावले यो लक्ष प्राप्त गर्न कठिन हुने भए बाट यस आवधिक योजना अवधिमा प्राथमिकता P1 मा परेका पर्यटन पदमार्ग निर्माण, कच्ची सडकको ट्र्याक खोल्ने र ग्रावेल नभएको सडकलाई अनिवार्य ग्रावेल गरिसक्ने गरी बिशेष प्राथमिकतामा राख्दै यस प्राथमिकतामा परेका कालोपत्रे गर्नु पर्ने सडकको कालोपत्रे गर्ने गरी कुल **१९० कि.मि. सडक मध्ये ५५ % मात्र** निर्माण गर्न सकिने तथा ग्रभेलकालागि प्रस्तावित ९७ कि.मि. सडकहरू भने सत प्रतिसत ग्राभेल गर्ने सम्भाबनालाई केन्द्र बिनदुमा राखेर लगानी योजना तयार गरिएको छ। **गाउँपालिकाका गौरवका आयोजनामा समेटिएका सडक पूर्वाधारहरूको निर्माण कार्य समेत सोहि बमोजिमको प्राथमिकता क्रम अनुसार कार्यान्वयनमा आउने छन्।** आवधिक गाउँपालिका विकास योजना अन्तरगत प्रस्ताव भई प्राथमिकता क्रम बमोजिम निर्माण गरिनु पर्ने सडक सतहका आधारमा सतह नाला निर्माण सहितका सडक र सम्बन्धित सडकमा पर्ने पुल तथा कलभर्ट निर्माण सम्बन्धी विवरणको प्राथमिकता क्रम र तीनको लम्बाई तालिका नं. ७.२.७.१ र ७.२.७.२ मा उल्लेख गरिएको छ।

तालिका नं. ७.२.७.१ :सडक सतह र प्राथमिकताका आधारमा सडकको लम्बाई (चक्रपथ बाहेक)

| अरुण गाउँपालिका भित्र निर्माण हुने सडकको प्राथमिकता क्रम तथा लम्बाई संक्षिप्त विवरण | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | निर्माण प्राथमिकता संख्या | | | | प्राथमिकताका आधारमा प्रस्तावित कुल सडकको लम्माई (कि.मि.) | | | | सडक सतहका आधारमा प्राथमिकता P1 को कुल लम्बाई (कि.मि.) | | | | |
| वार्ड नं | P1 | P2 | P3 | जम्मा | P1 | P2 | P3 | जम्मा | कालोपत्रे | ग्राभेल | कच्ची ( मा.स।) | अन्य | जम्मा |
| १ | ४ | ७ | ३ | १४ | ४५.० | २१.० | २०.० | ८६.० | ४५.० | ०.० | ०.० | ०.० | ४५.० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | १२ | ६ | १ | १९ | ८०.० | ३२.० | ४.० | ११६.० | ७३.० | ७.० | ०.० | ०.० | ८०.० |
| ३ | ९ | १२ | १ | २२ | ४३.० | ४८.० | १.० | ९२.० | २७.० | १६.० | ०.० | ०.० | ४३.० |
| ४ | ८ | ५ | ३ | १६ | ४३.० | ३१.० | १३.० | ८७.० | ११.० | २२.० | ०.० | १०.० | ४३.० |
| ५ | १ | १ | १५ | १७ | १८.० | ६.० | ५०.५ | ७४.५ | १८.० | ०.० | ०.० | ०.० | १८.० |
| ६ | ४ | ३ | ६ | १३ | २७.० | २१.५ | ३०.३ | ७८.८ | १६.० | ११.० | ०.० | ०.० | २७.० |
| ७ | २ | २ | ३ | ७ | ४१.० | २०.० | १५.० | ७६.० | ०.० | ४१.० | ०.० | ०.० | ४१.० |
| **जम्मा** | **४०** | **३६** | **३२** | **१०८** | **२९७.०** | **१७९.५** | **१३३.८** | **६१०.३** | **१९०.०** | **९७.०** | **०.०** | **१०.०** | **२९७.०** |
| **%** | **३७.०** | **३३.३** | **२९.६** | **१००.०** | **४८.७** | **२९.४** | **२१.९** | **१००.०** | **६४.०** | **३२.७** | **०.०** | **३.४** | **१००.०** |

तालिका नं. ७.२.७.२ :सडक सञ्जाल भित्र निर्माण हुने पुल तथा कलभर्टको प्राथमिकता सहितको संख्या र लम्बाइ (चक्रपथ बाहेक)

| अरुण गाउँपालिका भित्र निर्माण हुने पुल तथा कलभर्टको प्राथमिकता सहितको संख्या र लम्बाई | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वार्ड नं | निर्माण प्राथमिकता संख्या | | | | प्राथमिकताका आधारमा प्रस्तावित पुल तथा कलभर्टको लम्बाई (मिटर) | | | | प्राथमिकता P1 को कुल पुल तथा कलभर्टको लम्माई (मिटर) | | | |
| | P1 | P2 | P3 | जम्मा | P1 | P2 | P3 | जम्मा | पक्की | कच्ची | अन्य | जम्मा |
| १ | ५ | ३ | ० | ८ | १२०.० | ०.० | ०.० | १२०.० | १२०.० | ०.० | ०.० | १२०.० |
| २ | ५ | १ | ० | ६ | १७.० | १०.० | ०.० | २७.० | १५.० | ०.० | ०.० | १५.० |
| ३ | २ | १ | ० | ३ | २०.० | १०.० | ०.० | ३०.० | १०.० | ०.० | ०.० | १०.० |
| ४ | ७ | ० | ० | ७ | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| ५ | १ | २ | ० | ३ | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| ६ | ५ | ३ | ० | ८ | ७.० | ७.० | ०.० | १४.० | ७.० | ०.० | ०.० | ७.० |
| ७ | १ | १ | ० | २ | २१.० | २५.० | ०.० | ४६.० | २१.० | ०.० | ०.० | २१.० |
| **जम्मा** | **२६** | **११** | **०** | **३७** | **१८५.०** | **५२.०** | **०.०** | **२३७.०** | **१७३.०** | **०.०** | **०.०** | **१७३.०** |
| **%** | **७०.३** | **२९.७** | **०.०** | **१००.०** | **७८.१** | **२१.९** | **०.०** | **१००.०** | **१००.०** | **०.०** | **०.०** | **१००.०** |

प्राथमिकता क्रमका आधारमा गाउँपालिकाको वर्तमान  श्रोत प्राप्ति र परिचालनको अवस्थाको बिश्लेषण गर्दा प्राथमिकता P1 मा प्रस्ताव गरिएका सडक तथा पूल र कलभर्ट समेतका पूर्वाधारमा आधारित आयोजना समेत यस आवधिक योजना अवधिमा पूर्ण रुपमा सम्पन्न हुन सक्ने अवस्था नरहेका कारण यस गाउँपालिकाको दीर्घकालिन सोच र स्थापित लक्षका आधारमा दाश्रो र तेश्रो प्राथमिकतामा प्रस्तावित सतह नाला निर्माण सहित प्रस्तावित सडक सञ्जाल र पूल तथा कलभर्ट हरू यस पछिको आवधिक योजनामा प्रथम प्राथमिकता भित्र समेटि क्रमिक रुपले कार्यान्वयनमा आउनेछन् भने राष्ट्रिय तथा प्रदेश गौरवका आयोजना संघीय तथा प्रदेश सरकार बाट प्रत्यक्ष लगानीमा निर्माण सञ्चालन हुनेछन । गाउँपालिकाले सम्भाबना देखेको अरुण चक्रपथको सम्भाब्यता रहे नरहेको, रहेको भए यसले पार्ने सकारात्मक प्रभाव र नरहेको भए यसको कारण सहित विस्तृत प्रतिवेदन प्राप्त हुने गरी यस आवधिक गाउँपालिका विकास योजना अवधिमा अध्ययन गरिने छ ।

गाउँपालिकाकै गौरवका आयोजना भित्र समेटिएका **वडा नं. १, ४ र ६ मा पर्ने** बन्चरे-चरम्बी-रवेश्वर-याम्पाड.-यागवा खोला सडक, **वडा नं. ३ र ५ मा पर्ने** प्याउली-याकु-भोर्लाबोट सडक, वडा नं. ६ र ७ मा पर्ने जरायोटार-सिक्रेटार सडक, वडा नं. १, २ र ३ मा पर्ने हिले-चम्पे-कुडुले सडक प्राथमिकता क्रम बमोजिम अघि बढाउने तयार गरिएको छ । यसरी गाउँपालिकाका गौरवका आयोजनाको रुपमा प्रस्ताव गरिएका सडक पूर्वाधारहरू तालिका नं. ७.२.७.६ मा समावेश गरिएकाले यसको निम्ति अलगै लगानीको प्रस्ताव नगरिएको र सोहि तालिकामा प्रस्ताव भएको लगानीलाई विस्तृत परियोजना प्रस्ताव तयार भए पछी एकीकृत समायोजन गरेर आयोजनाको कार्यान्वयन गरिनेछ ।

प्रस्तावित प्राथमिकता P1 मा परेका र गाउँपाालिकाका गौरवका सडक आयोजनाहरू मध्ये यस अवाधिक योजना अवधिमा संघीय तथा प्रदेश सरकारको समेत सहयोगमा सडक कालोपत्रे गर्ने, केहि अत्यावस्यक सडक वर्षैभरी यातायात तथा ढुवानीका साधन आवतजावत गर्न सक्ने गरी ग्राभेल, सोलिङ, आवस्यक स्थानमा कटिङ र सतह नाला समेत निर्माण गर्ने साथै केहि सडको स्तरोन्नती गर्ने र बाँकि हुन आउने सडक लाई कटिङ गरी आवत जावतमा सहजता ल्याउने गरी प्राथमिकताक्रम निर्धारण समेतको प्रस्ताव गरिएको छ । प्रस्तावित सडक सञ्जाल निर्माण गर्दा अति आवश्यक स्थानमा नाला निर्माणको कार्यलाई समेत आवद्ध गरी सँगसँगै अघि बढाउने लक्ष राखिएका कारण कुल रु ४ अर्व १२ करोड ६ लाख बराबारको लागत अनुमान सहतिको विवरण तालिका नं. ७.२.७.३ मा उल्लेख गरिएको छ भने पुल तथा कलभर्टहरू निर्माण सँग सम्बन्धित प्राथमिकताको अवस्था सहित कुल ३८ करोड ५ लाखको लागन अनुमान सहितको संक्षिप्त विवरण तालिका नं. ७.२.७.४ गरिएको छ ।

तालिका नं. ७.२.७.३ : निर्माण प्राथमिकता र सतहको आधारमा सडको अनुमानित निर्माण लागत (चक्रपथ पूर्ण अंस बाहेक)

| अरुण गाउँपालिका भित्र निर्माण हुने सडकको प्राथमिकता निर्माण लागत तथा लागत साझेदारीको संक्षिप्त विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वार्ड नं | प्राथमिकता क्रम अनुसार लगानीको आवश्यकता रु ( लाखमा) | | | | लगानी सहभागिता रु (लाखमा) | | | |
| | P1 | P2 | P3 | जम्मा | नगरपालिका | स्थानीय उपभोक्ता | संघीय, प्रदेश सरकार समेत | जम्मा |
| १ | ५३५०.० | १६०४.५ | २२५०.० | ९२०४.५ | ६३३.३ | २११.३ | ८३६०.० | ९२०४.५ |
| २ | ६१०७.० | १४६०.० | २००.० | ७७६७.० | १२३३.५ | २९८.५ | ६२३५.० | ७७६७.० |
| ३ | १४६५.० | ३३००.० | ५०.० | ४८१५.० | १०८२.० | २१८.० | ३५१५.० | ४८१५.० |
| ४ | १८१०.० | १४४०.० | २८०.० | ३५३०.० | ४३९.० | १०१.० | २९९०.० | ३५३०.० |
| ५ | २०००.० | ५००.० | २८३०.० | ५३३०.० | ९३९.० | २१६.० | ४१७५.० | ५३३०.० |
| ६ | २५००.० | १८००.० | २४६०.० | ६७६०.० | २५३.० | ५७.० | ६४५०.० | ६७६०.० |
| ७ | १८००.० | ७५०.० | १२५०.० | ३८००.० | ४५.० | ५.० | ३७५०.० | ३८००.० |
| **जम्मा** | **२१०३२.०** | **१०८५४.५** | **९३२०.०** | **४१२०६.५** | **४६२४.८** | **११०६.८** | **३५४७५.०** | **४१२०६.५** |
| **%** | **५१.०** | **२६.३** | **२२.६** | **१००.०** | **११.२** | **२.७** | **८६.१** | **१००.०** |

तालिका नं. ७.२.७.४: पुल तथा कलभर्टको प्राथमिकता सहितको लागत तथा लागत साझेदारीको संक्षिप्त विवरण

| अरुण गाउँपालिका भित्र निर्माण हुने पुल तथा कलभर्टको प्राथमिकता सहितको लागत तथा लागत साझेदारीको संक्षिप्त विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वार्ड नं | प्राथमिकता क्रम अनुसार लगानीको आवश्यकता रु (लाखमा) | | | | लगानी सहभागिता रु (लाखमा) | | | |
| | P1 | P2 | P3 | जम्मा | नगरपालिका | स्थानीय उपभोक्ता | संघीय, प्रदेश सरकार समेत | जम्मा |
| १ | १७४०.० | २०.० | ०.० | १७६०.० | २२४.० | १६.० | १५२०.० | १७६०.० |
| २ | ७०.० | ५००.० | ०.० | ५७०.० | १४०.० | २०.० | ४१०.० | ५७०.० |
| ३ | ३०.० | १५.० | ०.० | ४५.० | ३६.० | ९.० | ०.० | ४५.० |
| ४ | १०५.० | ०.० | ०.० | १०५.० | ५६.० | १४.० | ३५.० | १०५.० |
| ५ | ५००.० | ४००.० | ०.० | ९००.० | १८०.० | ४५.० | ६७५.० | ९००.० |
| ६ | १००.० | १००.० | ०.० | २००.० | १०६.० | २१.० | ७३.० | २००.० |
| ७ | १००.० | १२५.० | ०.० | २२५.० | ४०.० | १०.० | १७५.० | २२५.० |
| **जम्मा** | **२६४५.०** | **११६०.०** | **०.०** | **३८०५.०** | **७८२.०** | **१३५.०** | **२८८८.०** | **३८०५.०** |
| **%** | **६९.५** | **३०.५** | **०.०** | **१००.०** | **२०.६** | **३.५** | **७५.९** | **१००.०** |

सडक पूर्वाधार बाहेकका अन्य भौतिक पूर्वाधार निर्माणका कार्यमा सामुदायिक भबन तथा सभाहल भबन निर्माण, यातायातका साधन बस, ट्रक, लरी, साना तथा ठूला सवारीका साधनकालागि पार्क तथा टर्मिनल निर्माण गर्ने, सुरक्षा निकायका भबन निर्माण, सरकारी कार्यालयका भबन व्यवस्थापन सार्थ बिद्युत र दुरसञ्चार सेवा सँग सम्बन्धित पूर्वाधार निर्माण सँग सम्बन्धित योजना तथा आयोजनाहरू प्राथमिकता क्रम र अनुमानित लगानी सहित प्रस्ताव गरिएको छ । उल्लेखित विषय शिर्षक अन्तरगत कुल ७८ वटा आयोजनाहरू समेटिएका छन् भने यीनीहरूको निर्माण लागत २५ करोड ३९ लाख लाग्ने साथै प्राथमिकता क्रम एज्ञ कालागि मात्र पनि २२ करोड ७४ लाख लाग्न सक्ने प्रस्तावित अनुमान रहेको छ ।संक्षिप्त विवरण तालिका नं. ७.२.७.५ मा उल्लेख गरिएको छ ।

तालिका नं.७.२.७.५: सामुदयिक भबन, पार्किङ स्थल, सुरक्षा पोष्ट, बिद्युत तथा दुरसञ्चार सेवासँग सम्बन्धित योजनाहरूको लागत

| | | प्राथमिकता क्रम संख्या | | | | प्राथमिकता बमोजिम को कुल लागत रु ( लाख) | | | | लगानी साफ्ेदारी रु (लाख) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | विषयगत आयोजना | P1 | P2 | P3 | जम्मा | P1 | P2 | P3 | जम्मा | गाउँपालिका | उपभोक्ता | प्रदेश/संघीय सरकार | जम्मा |
| १ | सामुदायीक भबन सम्बन्धी पूर्वाधारहरू | २५ | २ | २ | २९ | ४२३।० | २५।० | ६०।० | ५०८।० | १७९।५ | ६८।५ | २६०।० | ५०८।० |
| २ | बसपार्क तथा यातायात र ढुवानीका साधनको पार्किङ पूर्वाधारहरू | ६ | १ | ० | ७ | १५५।० | १००।० | ०।० | २५५।० | १५५।० | २५।० | ७५।० | २५५।० |
| ३ | प्रहरी चौकी तथा पोष्ट सम्बन्धी सुरक्षा पूर्वाधारहरू | ७ | ० | ० | ७ | १९५।० | ०।० | ०।० | १९५।० | २९।० | ०।० | १६६।० | १९५।० |
| ४ | सरकारी कार्यालय सम्बन्धी पूर्वाधारहरू | ७ | ० | ० | ७ | ६१।० | ०।० | ०।० | ६१।० | १४।० | ०।० | ४७।० | ६१।० |
| ५ | हाईटेन्सन लाईन बाहेक वडागत रुपमा बिद्युत लाईन बिस्तार र व्यवस्थापन | १४ | ० | ० | १४ | ७३०।० | ०।० | ०।० | ७३०।० | २३०।० | ८९।० | ४११।० | ७३०।० |
| ६ | नेट इन्टरनेट सेवा केन्द्र र सो सम्बन्धी पूर्वाधारहरू | १३ | १ | ० | १४ | ७१०।० | ८०।० | ०।० | ७९०।० | ६६।० | २०।० | ७०४।० | ७९०।० |
| कुल जम्मा | | ७२ | ४ | २ | ७८ | २२७४।० | २०५।० | ६०।० | २५३९।० | ६७३।५ | २०२।५ | १६६३।० | २५३९।० |

सडक कालोपत्रे गर्ने साथै मक्की पुल निर्माण गर्ने जस्ता योजनाहरू विशेष महत्व भित्र रहेका भएता पनि यीनको निर्माणमा निकै ठूलो लागतको आवश्यकता पर्ने साथै अरुण गाउँपालिकाको एकल प्रयास बाट मात्र आवधिक योजनाले निर्धारण गरेको समय सिमा भित्र सम्पन्न गर्न संभव प्राय देखिदैन । त्यसैले यस आवधिक गाउँपालिका विकास योजनामा समावेश भएका आयोजनाहरूको सफल कार्यान्वयनकालागि स्थानीय उपभोक्ता, संघीय तथा प्रदेश सरकार र दाता तथा साफ्ेदार संघ संस्थाको समेत बिशेष अनुदान सहयोगको अपेक्षा गरिएको छ भने यस आवधिक गाउँपालिका विकास योजनामा प्रस्ताव गरिएका विषयगत शिर्षकहरू मध्ये भौतिक पूर्वाधार विकास अन्तरगत गर्नु पर्ने संस्थागत विकास, बित्तीय विकास, आर्थिक विकास, सामाजिक विकास, वातावरण विकास तथा भौतिक विकास योजनाका कार्यहरू सम्बन्धित विषयगत शिर्षक अन्तरगत समावेश गरिएकोले सो बाहेकका विषय वस्तुको वर्तमान अवस्था, भावि काययोजना, प्राथमिकता क्रम र लागत अनुमान समेत विश्लेषण गरी यस खण्डमा प्रस्तुत गरिएको छ ।

आवधिक गाउँपालिका विकास योजना तयारीको क्रममा प्रस्तावित कुल ५९५.३ कि.मि. सडक पूर्वाधार सञ्जाल निर्माणकालागि **प्राथमिकता P1 का लागि करिव रु २ अर्व १० करोड ३२ लाख,** प्राथमिकता P2 का लागि करिव रु १ अर्ब ८ करोड ५४ लाख र प्राथमिकता नं. P3 का लागि रु ९३ करोड २० लाख गरी कुल ४ अरव १२ करोड ६ लाख लाग्ने अनुमान गरिएको छ । यस अनुमानित लगानी मध्ये गाउँपालिकाको तर्फ बाट रु ४६ करोड २५ लाख (कुल लागतको ११.२ %), स्थानीय उपभोक्ता बाट ११ करोड ७ लाख (कुल लागतको २.७ %) र संघीय, प्रदेश सरकार र अन्य बाट ३ अर्व ५४ करोड ७५ लाख (कुल लागतको ८६.१ %) को सहभागिता रहने अनुमान गरिएको छ । अनुमानित लगानिको मात्रा विस्तृत आयोजना प्रतिवेदन (DPR) तयारिका समयमा परिवर्तन हुन सक्ने कुरालाई यस प्रतिवेदनले स्वीकार गरेको छ । यस प्रतिवेदनमा अनुमानित रकम मात्र उल्लेख गरिएकोले निस्चित रुकमको हकमा विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार भए पछि मत्र निस्चित हुने भएकालागि प्रस्तावित रकममा १५ देखि २० % सम्म तलमाथि हुन सक्नेछ । प्रस्तावित सडकहरूको लम्माई, निर्माण प्राथमिकता संख्या तीनको प्राथमिकता क्रम साथै अनुमानित लगानीको आवश्यकता रु (लाखमा) तथा लगानी सहभागिताको हिस्सा समेत तालिका नं. ७.२.७.६ मा उल्लेख गरिएको छ । यस प्रतिवेदनमा संघीय तथा प्रदेश सरकार भनि लगानीको आधार तयार गरिएको भएता पनि कुनै बिदेशी तथा स्वदेशी सहयोगी तथा साझेदार संघ संस्था ( स्थानीय उपभोक्ता बाहेक) वा कार्यालय बाट लगानी सहभागिता प्राप्त हुन आएमा संघीय तथा प्रदेश सरकारको तर्फ बाट प्राप्त हुने भनि प्रस्ताव गरिएको रकममा सहभागिता प्राप्त रकम समेत समावेस गरी कार्यान्वयनमा ल्याईनेछ ।

**भौतिक पूर्वाधार विकास योजनाः**

| अपेक्षित प्रतिफल/नतिजा<br>तथा कृयाकलाप (योजना तथा कार्यक्रम) | सूचकहरू | जानकारीको श्रोत | जिम्मेवारी | पुर्वानुमान /जोखिम |
|---|---|---|---|---|
| **७.२.७.१ गाउँपालिका संस्थागत विकास योजनाः**<br>क) अपेक्षित प्रतिफल/नतिजा<br>ख. कृयाकलाप (योजना तथा कार्यक्रम) | भाग ७ (सात) को विषयगत तथा क्षेत्रगत योजनाको ७.२.१ मा उल्लेख गरिएकाले यहाँ प्रस्तुत गर्नु नपर्ने | भाग ७ (सात) को ७.२.१ मा उल्लेख गरिएका | भाग ७ (सात) को ७.२.१ मा उल्लेख गरिएका | भाग ७ (सात) को ७.२.१ मा उल्लेख गरिएका |
| ७.२.७.२ **वित्तिय विकास तथा व्यवस्थापन योजनाः**<br>क) अपेक्षित प्रतिफल/नतिजा<br>ख. कृयाकलाप (योजना तथा कार्यक्रम) | भाग ७ (सात) को विषयगत तथा क्षेत्रगत योजनाको ७.२.२ मा उल्लेख गरिएकाले यहाँ प्रस्तुत गर्नु नपर्ने | भाग ७ (सात) को ७.२.२ मा उल्लेख गरिएका | भाग ७ (सात) को ७.२.२ मा उल्लेख गरिएका | भाग ७ (सात) को ७.२.२ मा उल्लेख गरिएका |
| ७.२.७.३ **आर्थिक विकास योजनाः**<br>क) अपेक्षित प्रतिफल/नतिजा<br>ख. कृयाकलाप (योजना तथा कार्यक्रम) | भाग ७ (सात) को विषयगत तथा क्षेत्रगत योजनाको ७.२..३ मा उल्लेख गरिएकाले यहाँ प्रस्तुत गर्नु नपर्ने | भाग ७ (सात) को ७.२.३ मा उल्लेख गरिएका | भाग ७ (सात) को ७.२.३ मा उल्लेख गरिएका | भाग ७ (सात) को ७.२.३ मा उल्लेख गरिएका |
| ७.२.७.४ **सामाजिक विकास योजनाः**<br>क) अपेक्षित प्रतिफल/नतिजा<br>ख. कृयाकलाप (योजना तथा कार्यक्रम) | भाग ७ (सात) को विषयगत तथा क्षेत्रगत योजनाको ७.२.४ मा उल्लेख गरिएकाले यहाँ प्रस्तुत गर्नु नपर्ने | भाग ७ (सात) को ७.२.४ मा उल्लेख गरिएका | भाग ७ (सात) को ७.२.४ मा उल्लेख गरिएका | भाग ७ (सात) को ७.२.४ मा उल्लेख गरिएका |
| ७.२.७.५ **वातावरण विकास योजनाः** | भाग ७ (सात) को विषयगत तथा क्षेत्रगत योजनाको ७.२.५ मा उल्लेख गरिएकाले यहाँ | भाग ७ (सात) को ७.२.५ मा उल्लेख | भाग ७ (सात) को ७.२.५ मा उल्लेख | भाग ७ (सात) को ७.२.५ मा उल्लेख |

| | | | | |
|---|---|---|---|---|
| क) अपेक्षित प्रतिफल/नतिजा<br>ख. कृयाकलाप (योजना तथा कार्यक्रम) | प्रस्तुत गर्नु नपर्ने | गरिएका | गरिएका | गरिएका |
| ७.२.७.६ **भौतिक विकास योजना:**<br>क) अपेक्षित प्रतिफल/नतिजा<br>ख. कृयाकलाप -योजना तथा कार्यक्रम) | भाग ७ (सात) को विषयगत तथा क्षेत्रगत योजनाको ७.२.६ मा उल्लेख गरिएकाले यहाँ प्रस्तुत गर्नु नपर्ने | भाग ७ (सात) को ७.२.६ मा उल्लेख गरिएका | भाग ७ (सात) को ७.२.६ मा उल्लेख गरिएका | भाग ७ (सात) को ७.२.६ मा उल्लेख गरिएका |
| **७.२.७ भौतिक पूर्वाधार विकास योजना (७.२.१ देखि ७.२.६ बाहेकाको मात्र)** | | | | |
| **७.२.७.१ यातायात पूर्वाधार** | **सूचकहरू** | **जानकारीको श्रोत** | **जिम्मेवारी** | **पुर्वानुमान /जोखिम** |
| **७.२.७.१.१ सडक पूर्वाधार**<br>**क. अपेक्षित प्रतिफल/नतिजा**<br>**अरुण गाउँपालिका क्षेत्र भित्र प्रस्तावित प्राथमिकता कम बमोजिमका सडक पूर्वाधारहरूको निर्माण विकास भई आर्थिक पूर्वाधारका प्रमुख सम्बाहक कृषि तथा पशुपालन र पर्यटनमा आधारित उद्योग, व्यापार र व्यवशायको प्रवर्द्धन र विकासमा बढोत्तरी भई रोजगारीको श्रृजना र आय आर्जन बाट आगामि ५ वर्ष भित्र समग्र गाउँबासीको वर्तमान आयमा ५५ प्रतिसले वृद्धि भएको हुनेछ साथै त्यसपछिका वर्षहरूमा समेत कमिक वृद्धि हुने गरी दिगो आधार निर्माण भएको हुनेछ** | | | | |
| **ख. कृयाकलाप (योजना तथा कार्यक्रम)**<br>● सडक गुरु योजना तयार गर्ने<br>● संघीय तथा प्रदेश सरकारको मापदण्ड बमोजिमका सडकको हकमा सोहि बमोजिम र गाउँपालिकाले मापदण्ड निर्धारण गर्नु पर्ने सडकहरूको हकमा न्यूनतम चौडाई सेडब्याक बाहेक देहाय बमोजिम कायम गर्ने<br>**क. मूख्य सडक:** मुख्य भाग ८ मिटर र नाला सहितको सेडब्याक दायाँ बाँया ३.५ मिटरका दरले ७ मिटर गरी जम्मा १५ मिटर कायम गर्ने<br>**ख. सहायक सडक:** मुख्य भाग ८ मिटर र नाला सहितको सेडब्याक दायाँ बाँया २.५ मिटरका दरले ५ मिटर गरी जम्मा १३ मिटर कायम गर्ने<br>ग. लिङ्क सडक: मुख्य भाग ६ मिटर र नाला सहितको सेडब्याक दायाँ बाँया २ | १. आ.व. २०७८/७९ भित्र यस आवधिक गाउँपालका विकास योजनामा प्रस्ताव गरिएका सडकहरूलाई समावेश गरी सडक गुरु योजना तयार भएको हुनेछ<br>२. आ.व. २०७९/८० गाउँको गौरवको आयोजना समावेश गरिएको प्राथमिकता नं. २ मा परेको अरुण चक्रपथको सम्भाबना रहे नरहेको बारे सम्भाव्यता अध्ययनको कार्य सम्पन्न भएको हुनेछ<br>२. आ.व. २०७८/७९ देखि २०८२/८३ भित्र अरुण गाउँपालिकाका तालिका नं. ७.२.७.६ मा उल्लेख गरिएका प्राथमिकता नं. "P1" मा परेका कुल ४० वटाको मध्ये कालो पत्रे गर्न प्रस्ताव गरिएका कुल १९० कि.मि. | ● गाउँपालिकाको निर्णय पुस्तिका<br>● गाउँ सभाको निर्णय पुस्तिका<br>● गाउँपालिकाको योजना पुष्तिका<br>● गाउँपालिकाको योजना शाखाको प्रतिवेदन<br>● उपभोक्ता समिति तथा निर्माण व्यवसाय सँग सम्बन्धित संस्थाको अभिलेख | **१.प्रमुख जिम्मेवारी:**<br>● गाउँपालिका<br>● योजना तर्जुमा समिति<br>● विषयगत समति<br>● अनुगमन तथा मुल्याङ्कन समिति<br>● योजना शाखा<br>**२. सहयोगी**<br>● केन्द्र तथा प्रदेश सरकार<br>● केन्द्र तथा | ● आर्थिक स्रोत<br>● केन्द्र तथा प्रदेश सरकार र मातहतका विषयगत कार्यालयको सहयोग<br>● यन्त्र उपकरण तथा निर्माण समाग्रि<br>● बजार मूल्य<br>● दाता वा साझेदर र सहयोगी<br>● जग्गा जमिनको उपलब्धता |

| | | | | |
|---|---|---|---|---|
| मिटरका दरले ४ मिटर गरी जम्मा १० मिटर कायम गर्ने<br>• मापदण्डका आधारमा क्रमिक रुपले प्राथमिकता क्रम अनुसार सञ्चालनमा आउने सडक पूर्वाधारहरूको बृस्त्रित परियोजना प्रस्ताव (डिपिआर) तयार गर्ने<br>• संघीय तथा प्रदेश सरकार साथै विकास साझेदार निकाय र संघ संस्था सँग समन्वय गर्ने<br>• सडकको साईड क्लियर गर्ने<br>• प्राथमिकता क्रम बमोजिम बिशेष प्राथमिकता क्षेत्र निर्धारण गरी सोहि बमोजिम सडक पूर्वाधार निर्माण कार्यको कार्यान्वयन तालिका तयार गर्ने<br>• प्रचलित कानूनको अधिनमा रहि गाउँपालिका दर रेट निर्धारण गर्ने<br>• गाउँपालिकाको आन्तरिक सार्वजनिक खरिद कार्यविधि र खरिद गुरु योजना तयार तथा अध्यावधिक गर्ने<br>• सडक पूर्वाधार निर्माणकालागि आवश्यक यन्त्र उपकरण र निर्माण सामाग्रिको उपलब्धताको सुनिस्चितता गर्ने<br>• सडक पूर्वाधार गुणस्तर मापदण्ड निर्धारण गर्ने<br>• अनुगमन मूल्याङ्कन कार्यविधि सहित चेक लिष्ट तयार गर्ने<br>• सडक पूर्वाधार निर्माणको जिम्मेवारी प्राप्त निर्माण व्यवसायी तथा उपभोक्ता समितिले तोकिएको समय सिमा भित्र निर्धाारित गुणस्तर बमोजिमका कार्य सम्पन्न गर्न गराउन अनुगमन तथा मूल्याङ्कनको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने<br>• सडक पूर्वाधार निर्माण अन्तरगतका योजना | सडक मध्ये कम्तिमा ५५ % सडक कालो पत्रे र ९७ कि.मि ( सतप्रतिसत) ग्राभेल गर्ने प्रस्ताव गरिए बमोजिम कालोपत्रे, ग्राभेल, सोलिङ, स्तरोन्नती, कटिङ गर्ने तथा ट्र्याक खोल्ने कार्य सम्पन्न भई यातायात पूर्वाधारमा गुणात्मक तथा परिमाणात्मक सुधार तथा वृद्धि भएको हुनेछ<br>३. प्राथमिकता नं. "P1" मा परेका सडकहरूको बर्गिकृत क्षेत्र मध्ये मुख्य बजार केन्द्र, कृषि र पर्यटन प्रवर्द्धन र गाउँका गौरवका आयोजना साथै स्याटलाईट स्मार्ट ग्रामिण बजार केन्द्र लाई जोड्ने कार्यमा योगदान पुऱ्याउने सडकहरूलाई बिशेष प्राथमिकतामा राखि निमार्ण कार्य सम्पन्न गरिएका हुनेछन्<br>४. यस आवधिक योजनामा सम्पन्न हुने नसकेका प्राथमिकता "P1" का बाँकी तथा प्राथमिकता "P2" र "P3" का सडकहरूलाई यस पछि अध्यावधिक हुने आवधिक गाउँपालिका विकास योजनामा बशेष र प्रथम प्राथमिकतामा राखि कार्यान्वयनमा आउने सुनिस्चित भएका हुनेछन्<br>५. आ.व. २०८२/८३ भित्रको अरुण गाउँपालिकाको आवधिक गाउँपालिका विकास योजना, २०७७ अन्तरगतका सडक पूर्वाधार विकास | • गाउँपालिकाको वार्षिक, पाक्षिक तथा मासिक प्रतिवेदन तथा प्रकासनहरू<br>• स्थालगत संरचना<br>• सञ्चारको श्रोत | प्रदेशका सरकारका विषयगत कार्यालय<br>• सम्बन्धित निर्माण व्यवसायी<br>• सम्बन्धित उपभोक्ता तथा उपभोक्ता समिति<br>• सहयोगी तथा विकास साझेदार संघ सस्थाहरू<br>• सडक सरोकार वाला स्थानीय बासी | • सामाजिक द्वन्द<br>• ऐन, कानून, नीति नियमहरू<br>• बनद हट्ताल<br>• महामारी तथा प्राकृतिक प्रकोप<br>• सङ्कटकाल |

| | | | | |
|---|---|---|---|---|
| तथा कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनकालागि दिगो आधार तयार गर्ने<br>• तालिका नं ७.२.७.६ का प्राथमिकता प्राप्त आयोजनाहरू निर्माण गर्ने | बाट गाउँपालिकाको समग्र आर्थिक, सामाजिक तथा सास्कृतिक विकासमा गुणात्मक वृद्धि भई वर्तमान शहरी/ग्रामिण गरिवी ६५ % ले घटेको हुनेछ | | | |
| **७.२.७.१.२ सतह नाला निर्माण** | | | | |
| **अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलाप ( योजना तथा कार्यक्रम)** | **सूचकहरू** | **जानकारीको श्रोत** | **जिम्मेवारी** | **पुर्वानुमान /जोखिम** |
| **क. अपेक्षित प्रतिफल/नतिजा :**<br>**अरुण गाउँपालिका विषयगत र क्षेत्रगत रुपमा प्राथमिकता क्रम बमोजिम निर्माण हुने ढल तथा सडक सञ्जाल निर्माण विकास र विस्तार अन्तरगत निर्माण हुने सवै सडक किनारामा सतह नाला निर्माण भएको हुनेछ साथै उक्त नाला निर्माण बाट सडक पूर्वाधारहरूको टिकाउ पनमा अभिवृद्धि भई प्रत्येक वर्ष सडक मर्मत सुधारमा लाग्ने ठूल धनरासीको खर्चमा कटौति भएको हुनेछ ।** | | | | |
| **ख. कृयाकलाप (योजना तथा कार्यक्रम)**<br>• सडक गुरु योजना संग संगै सतह नाला निर्माण गुरु योजना निर्माण गर्ने<br>• मापदण्डका आधारमा क्रमिक रुपले प्राथमिकता क्रम अनुसार निर्माण गरिने सडक सँगै सतह नाला निर्माणको समेत बृस्त्रित परियोजना प्रस्ताव (डिपिआर) तयार गर्ने<br>• संघीय तथा प्रदेश सरकार साथै विकास साझेदार निकाय र संघ संस्था सँग समन्वय गर्ने<br>• प्राथमिकता क्रम बमोजिम सडक निर्माण योजन सँगै सतह नाला निर्माण कार्यको कार्यान्वयन तालिका तयार गर्ने<br>• सके सम्म सडक किनारामा निर्माण हुने सतह नालालाई सडक निर्माण | १. वि.सं. २०७८/७९ भित्र गाउँपालिकाको पानी निकासाकालागि सतह नाला निर्माण विकासको गुरु योजना तयार भएको हुनेछ<br>२. आ. व. २०७८/७९ देखि २०८२/८३ भित्र अरुण गाउँपालिकाका वडा वडामा निर्माण, सञ्चालन तथा व्यवस्थापन हुने संघीय तथा प्रदेश स्तरीय, गाउँपालिका स्तरीय र वडा स्तरीय प्राथमिकता नं. "P1" मा रहेका वडागत तालिक नं. ७.२.७.६ मा परेका सडक किनारामा निकास सहितको पक्कि ढल तथा सतह नालाको निर्माण भएको हुनेछ<br>३. आ.व. २०८२/८३ भित्र सम्पन्न हुन नसकेका अरुण गाउँपालिकाका प्राथमिकता नं. "P1" का बाँकी रहेका साथै "P2" र "P3" मा रहेका **तालिक नं.७.२.७.६** मा परेका सडक हरूमा निर्माण गरिनु पर्ने सतह नाला तथा ढल | • गाउँपालिकाको निर्णय पुस्तिका<br>• गाउँ सभाको निर्णय पुस्तिका<br>• गाउँपालिकाको योजना पुष्तिका<br>• गाउँपालिकाको योजना शाखाको प्रतिवेदन<br>• गाउँपालिकाका वार्षिक, पाक्षिक तथा मासिक प्रतिवेदन तथा प्रकासन हरू<br>• उपभोक्ता समिति तथा निर्माण व्यवसाय सँग सम्बन्धित संस्थाको | **१.प्रमुख जिम्मेवारी:**<br>• गाउँपालिका<br>• योजना तर्जुमा समिति<br>• विषयगत समति<br>• अनुगमन तथा मुल्याङ्कन समिति<br>• योजना शाखा<br>**२. सहयोगी**<br>• केन्द्र तथा प्रदेश सरकार<br>• केन्द्र तथा प्रदेशका सरकारका विषयगत कार्यालय<br>• निर्माण व्यवसायी<br>• उपभोक्ता तथा | • आर्थिक स्रोत<br>• केन्द्र तथा प्रदेश सरकार र मातहतका विषयगत कार्यालयको सहयोग<br>• यन्त्र उपकरण तथा निर्माण समाग्रि<br>• बजार मूल्य<br>• दाता वा साझेदर र सहयोगी<br>• जग्गा जमिनको उपलब्धता |

| | | | | |
|---|---|---|---|---|
| योजना सँग आवद्ध गर्ने<br>• सतह नाला निर्माणको जिम्मेवारी प्राप्त निर्माण व्यवसायी तथा उपभोक्ता समितिले तोकिएको समय सिमा भित्र निर्धारित गुणस्तर बमोजिमका कार्य सम्पन्न गर्न गराउन अनुगमन तथा मूल्याङ्कनको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने<br>• पक्कि तथा न्यूनतम कच्ची सतह नाला निर्माण भएका सडकहरूमा मात्र सडक कालोपत्रे गर्ने | यस पछिको आवधिक योजनाको प्रथम प्राथमिकतामा राखि कार्यान्वयनमा आउने सुनिस्चितता भएको हुनेछ<br>४. आ.व. २०८२/८३ भित्र अरुण गाउँपालिकाको आवधिक गाउँपालिका विकास योजना अन्तरगत सडक निर्माण सँग आवद्ध सतह नाला निर्माणले निर्मित सडकको टिकाउ पन (आयु) बढ्नु साथै निरन्तर सडक मर्मत सम्भारमा हुने खर्चमा कटौति भएको हुनेछ। | अभिलेख<br>• स्थालगत संरचना<br>• सञ्चारको श्रोत | उपभोक्ता समिति<br>• सहयोगी तथा विकास साझेदार संघ सस्थाहरू<br>• सडक सरोकार वाला स्थानीय बासी | • सामाजिक द्वन्द<br>• ऐन, कानून, नीति नियमहरू<br>• बनद हट्ताल<br>• महामारी तथा प्राकृतिक प्रकोप<br>• सङ्कटकाल |

**७.२.७.१.३ पुल तथा कलभर्ट निर्माण**

| अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलाप (योजना तथा कार्यक्रम) | सूचकहरू | जानकारीको श्रोत | जिम्मेवारी | पुर्वानुमान /जोखिम |
|---|---|---|---|---|
| **क. अपेक्षित प्रतिफल/नतिजा :**<br>**अरुण गाउँपालिकाका प्राथमिकता प्राप्त प्रस्तावित पुल (मोटरेवल पक्की तथा झोलुङ्गे), कलभर्ट, स्ल्याव निर्माण भएका हुनेछन् साथै उक्त पुल, कलभर्ट तथा स्ल्याव निर्माणका कारण सडक पूर्वाधारहरूको माध्यम बाट एउटा बस्ती वा टोल बाट अर्को बस्ती वा टोल, एक पालिका बाट अर्को पालिका, एक बजार केन्द्र बाट अर्को बजार केन्द्र वा शहर सम्मको आवागमन र ढुवानीमा सहजता पुग्ने तथा रोजगारीका अवसरमा पहुँच वृद्धि भई समग्र आर्थिक गतिविधिमा बढोत्तरी हुने भए बाट स्थानीयबासीको आय आर्जनमा वृद्धि भई ग्रामिण गरिवीको अन्त्यकालागि पर्याप्त सहयोग पुगेको हुनेछ** | | | | |
| **ख. कृयाकलाप (योजना तथा कार्यक्रम)**<br>• प्राथमिकता कम अनुसार निर्माण गर्नु पर्ने पुल तथा कलभर्टको निर्माणकालागि बृस्त्रित परियोजना प्रस्ताव (डिपिआर) तयार गर्ने<br>• संघीय तथा प्रदेश सरकार साथै विकास साझेदार निकाय र संघ संस्था सँग समन्वय तथा प्रस्ताव गरी लगानीको सुनिस्चितता गर्ने<br>• प्राथमिकता कम बमोजिम पुल तथा कलभर्ट निर्माण कार्यको कार्यान्वयन | • आ.व. २०७८/७९ भित्र प्राथमिकता P1 मा परेका **तालिका नं. ७.२.७.७** मा प्रस्ताव गरिएका अति आवश्यक स्थानमा पक्कि, झोलुङ्गे पुल निर्माणकालागि ड्रईङ डिजाइन र लागत अनुमानको कार्य सम्पन्न भएको हुनेछ<br>• वि. सं. २०७८/७९ देखि २०८२/८३ भित्र प्राथमिकता | • गाउँपालिकाको निर्णय पुस्तिका<br>• गाउँ सभाको निर्णय पुस्तिका<br>• योजना तर्जुमा समिति को निर्णय पुष्तिका<br>• गाउँपालिकाको योजना पुष्तिका<br>• गाउँपालिकाको योजना शाखाको | **१.<u>प्रमुख जिम्मेवारी:</u>**<br>• गाउँपालिका<br>• योजना तर्जुमा समिति<br>• विषयगत समति<br>• अनुगमन तथा मुल्याङ्कन समिति<br>• योजना शाखा<br>**२. <u>सहयोगी</u>**<br>• केन्द्र तथा प्रदेश | • आर्थिक स्रोत<br>• केन्द्र तथा प्रदेश सरकार र मातहतका विषयगत कार्यालयको सहयोग<br>• यन्त्र उपकरण तथा निर्माण समाग्रि<br>• मूल्यमा हुने |

| | | | | |
|---|---|---|---|---|
| तालिका तयार गर्ने<br>• सडक निर्माण सँगै निर्माण सम्पन्न गर्नु पर्ने ससाना पुल तथा कलभर्ट निर्माणकालागि सडक निर्माण योजना सँग आवद्ध गर्ने<br>• पुल तथा कलभर्ट निर्माणको जिम्मेवारी प्राप्त निर्माण व्यवसायी तथा उपभोक्ता समिति ले तोकिएको समय सिमा भित्र निर्धारित गुणस्तर बमोजिमका कार्य सम्पन्न गर्न गराउन अनुगमन तथा मूल्याङ्कनको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने<br>• पुल तथा कलभर्ट निर्माण सँग सम्बन्धित **तालिका नं. ७.२.७.७** मा प्रस्ताव गरिएका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकता कम अनुसार कार्यान्वयन गर्ने | P1 मा परेका योजनाहरू सम्पन्न भई सञ्चालनमा आएका हुनेछन्<br>• बढी लागत लाग्ने तथा गाउँपालिकाको मात्र बजेटले नपुग्ने योजनाहरूको हकमा प्राथमिकता प्राप्त संघीय तथा प्रदेश सरकार साथै अन्य साझेदार संस्था वा कार्यालयको प्रत्यक्ष लगानी र साझेदारीमा पुल तथा कलभर्टहरूको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको हुनेछन्<br>• यस आवधिक योजना अवधिमा सम्पन्न नभएका प्राथमिकता प्राप्त योजनाहरू क्रमिक रुपले आगामि आवधिक योजनामा प्रथम प्राथमिकता भित्र आवद्ध हुने सुनिस्चितता भएको हुनेछ | प्रतिवेदन<br>• स्थालगत अवस्था<br>• सञ्चारको श्रोत | सरकार<br>• केन्द्र तथा प्रदेशका सरकारका विषयगत कार्यालय<br>• सम्बन्धित निर्माण व्यवसायी<br>• सम्बन्धित उपभोक्ता तथा उपभोक्ता समिति<br>• सहयोगी तथा विकास साझेदार संघ सस्थाहरू<br>• सरोकार वाला स्थानीय बासी | उतार जढाव<br>• दाता वा साझेदर र सहयोगी<br>• जग्गा जमिनको उपलब्धता<br>• सामाजिक द्वन्द<br>• ऐन, कानून, नीति निर्देशन<br>• बनद हट्ताल<br>• महामारी तथा प्राकृतिक प्रकोप<br>• सङ्कटकाल |

**७.२.७.२. सामुदायिक भवन तथा सभाहल निर्माण**

| अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलाप (योजना तथा कार्यक्रम) | सूचकहरू | जानकारीको श्रोत | जिम्मेवारी | पुर्वानुमान /जोखिम |
|---|---|---|---|---|
| **क) अपेक्षित प्रतिफल/नतिजा**<br>अरुण गाउँपालिका क्षेत्र भित्र गाउँपालिकाको केन्द्र प्याउलीमा साथै न्यूनतम एक वाड एक सामुदायकि भवनको मान्यता बमोजिम प्रत्येक वडामा सामुदायिक भवन निर्माण भई सभा, सम्मेलन, सामाजिक परिचालन, तालिम गोष्ठी लगायत आर्थिक, सामाजिक तथा सांकृतिक कार्य सँग सम्बन्धित योजना तथा आयोजनाको संरक्षण, सम्बर्द्धन साथै सञ्चालन व्यवस्थापनमा सहजता भएको हुनेछ | | | | |
| **ख) कृयाकलाप (योजना तथा कार्यक्रम)**<br>• प्राथमिकता क्रमका गाउँपालिका स्तरीय तथा वडास्तरीय सभाहल तथा सामुदायिक भवनहरूको बृस्त्रित परियोजना प्रस्ताव ( डिपिआर) तयार गर्ने<br>• साभाहल तथा सामुदायिक भवन | १. आ.व. २०८०/८१ भित्र कम्तिमा ५०० देखि ७५० जना सम्म क्षमताको गाउँपालिका स्तरीय | • गाउँपालिका को निर्णय पुस्तिका<br>• गाउँ सभाको | **१.<u>प्रमुख जिम्मेवारीः</u>**<br>• गाउँपालिका<br>• योजना तर्जुमा समिति | • आर्थिक स्रोत<br>• संघीय तथा प्रदेश सरकार र मातहतका |

| | | | | |
|---|---|---|---|---|
| निमार्णकालागि जग्गा खरिद वा प्राप्ति गर्ने<br>• सभा हल निर्माणकालागि संघीय तथा प्रदेश सरकार साथै विकास साझेदार निकाय र संघ संस्था सँग समन्वय गरी लगानीको सुनिस्चितता गर्ने<br>• प्राथमिकता क्रम बमोजिम सामुदायीक भवनहरूको निर्माण व्यवस्थापनका लागि निर्माणकार्यको कार्यान्वयन तालिका तयार गर्ने<br>• सामुदायिक भवन निर्माण, सञ्चालन तथा व्यवस्थापनकालागि स्थानीय उपभोक्ताहरू सँग साझेदारी गर्ने<br>• सभ हल तथा सामुदायिक भवन निर्माणको जिम्मेवारी प्राप्त निर्माण व्यवसायी तथा उपभोक्ता समितिले तोकिएको समय सिमा भित्र निर्धारित गुणस्तर बमोजिमका कार्य सम्पन्न गर्न गराउन अनुगमन तथा मूल्याङ्कनको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने<br>• तालिक नं. ७.२.७.८, ७.२.७.९ र ७.२.७.१० मा उल्लेख भएका वर्तमान तथा प्रस्तावित सामुदायिक भवन, सरकारी कार्यालय तथा सुरक्षा निकाय संग सम्बन्धित भौतिक पूर्वाधार निर्माण योजना तथा कार्यक्रमहरूलाई प्राथमिकता क्रम बमोजिम कार्यान्वयन गर्ने | सामुदायिक भवन वा सभाहल निर्माण भएको हुनेछ<br>२. आ.व. २०७८/८० भित्र सामुदायीक भवन नभएका वडाहरूमा सामुदायिक भवन निर्माणकालागि न्यूनतम २-२ रोपनी का दरले जग्गाको खरिद तथा प्राप्ति भएको हुनेछ<br>३. आ.व. २०८२/८३ भित्र सवै वडामा कम्तिमा १-१ वटा सामुदायिक भवन निर्माण भई सञ्चालनमा आएका हुनेछन्<br>४. संघीय तथा प्रदेश सरकारको सहयोगमा यस गाउँपालिकाको मूख्य बजार बाहेकका अन्य वडाहरूमा स्थायी प्रहरी सुरक्षा चौकी वा पोष्ट निर्माण व्यवस्थापन भई सुरक्षाको प्रत्याभुति भएको हुनेछ साथै सरकारी कार्यालयहरूको दिगो व्यवस्थापनका लागि संघीय तथा प्रदेश सरकार सँग समन्वय बिस्तार गरिनेछ। | निर्णय पुस्तिका<br>• वडा कार्यालयको निर्णय पुस्तिका<br>• योजना तर्जुमा समितिको निर्णय पुष्तिका<br>• गाउँपालिकाको योजना पुष्तिका<br>• गाउँपालिकाको योजना शाखाको प्रतिवेदन<br>• सुरक्षा निकायको अभिलेख<br>• स्थालगत अवस्था<br>• सञ्चारको श्रोत | • विषयगत समिति<br>• वडा कार्यालय<br>• योजना शाखा<br>• अनुगमन समिति<br>• उपभोक्ता<br>२. **सहयोगी**<br>• संघीय तथा प्रदेश सरकार<br>• संघीय तथा प्रदेशका सरकारका विषयगत कार्यालय<br>• सम्बन्धित निर्माण व्यवसायी<br>• सम्बन्धित उपभोक्ता समिति<br>• सहयोगी तथा विकास साझेदार संघ सस्थाहरू | विषयगत कार्यालयको सहयोग<br>• यन्त्र उपकरण तथा निर्माण समाग्रि<br>• बजार मूल्य<br>• दाता वा साझेदर र सहयोगी<br>• जग्गा जमिनको उपलब्धता<br>• सामाजिक द्वन्द<br>• ऐन, कानून, नीति निर्देशन<br>• बनद हट्ताल<br>• महामारी तथा प्राकृतिक प्रकोप<br>• सङ्कटकाल |

**७.२.७.३ यातायात तथा ढुवानीका साधन (साना तथा ठूला) पार्किङ स्थल निर्माण**

| अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलाप (योजना तथा कार्यक्रम) | सूचकहरू | जानकारीको श्रोत | जिम्मेवारी | पुर्वानुमान /जोखिम |
|---|---|---|---|---|

**क) अपेक्षित प्रतिफल/नतिजा**

**अरुण गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने सवै प्रकारका सवारी तथा ढुवानीका साधनकालागि आवश्यक पार्किङ स्थलको व्यवस्था भई आन्तरिक तथा बाह्य यात्रुलगायत सवारी तथा ढुवानीका साधन र चालकहरूले पार्किङको सुविधा उपभोग गर्न पाएका हुनेछन साथै सावारीका साधन लगायत सर्वसाधारण नागरिकहरूको सुरक्षाको सुनिस्चितता भएको हुनेछ।**

| | | | | |
|---|---|---|---|---|
| **ख) कृयाकलाप (योजना तथा कार्यक्रम)**<br>● सबै प्रकारका सवारी तथा ढुवानीका साधनको सुरक्षित पार्किङकालागि आवश्यकता बमोजिम जग्गा खरिद तथा प्राप्ति गर्ने<br>● पार्किङ स्थलको विस्त्रित परियोजना प्रस्ताव तयार पार्ने<br>● कमिक रुपले पार्किङ स्थल निर्माण व्यवस्थापनकालागि कार्यतालिका तर्जुमा गर्ने<br>● कार्यतालिका बमोजिम सर्व प्रथम बस लगायतका सवारीका साधनको पार्किङ स्थल तथा बस सञ्चालनकालागि टर्मिनल भवनको निर्माण गर्ने साथै दास्रो चरण अन्तरगत ढुवानीका साधनकालागि पार्किङ स्थल निर्माण गर्ने<br>● एकीकृत पार्किङ स्थलको सञ्चालन व्यवस्थपनकालागि सार्वजनिक निजी साझेदारी वा सार्वजनिक सामुदायीक साझेदारी प्रकृया र पद्धती अवलम्बन गर्ने<br>● मुख्य बजार क्षेत्रको ट्राफिक व्यवस्थापनकालागि निस्चित स्थानमा निस्चित समय सम्म मात्र कार, भेन, सिटि रिक्सा, टेम्पो, मोटरसाईकल लगायतका साना सवारिका साधन शसुल्क पार्किङ गर्ने व्यवस्था मिलाउने<br>● मुख्य बजार क्षेत्र भित्र प्रत्येक पसल वा व्यवसाय स्थलको अगाडि सवारिका साधन पार्किङ गर्ने कार्यको अन्त्य गर्ने<br>● सवारीका साधनको व्यवस्थित सञ्चालनकालागि ट्राफिक कार्यालय तथा ट्राफिक प्रहरी सँग समन्वयात्मक साझेदारी गर्ने<br>● मुख्य बजार क्षेत्र, मुख्य सडक तथा राजमार्ग साथै सहायक सडकका निस्चित स्थानमा मात्र रोक्न पाउने गरी बस लगायतका सवारिका साधनको | १. आ.व. २०७९/८० भित्र अरुण गाउँपालिकाको सदरमुकाम तथा प्रस्तावित स्याटलाईट स्मार्ट बजार केन्द्र रहने वडा केन्द्र लगायतका प्रस्तावित बजार केन्द्ररू मा सवारी तथा ढुवानीका साधनकालागि आवश्यक पार्किङ स्थाल वा स्टेण्ड निर्माण गर्न जग्गा खरिद वा प्राप्ति भएको हुनेछ ।<br>२. आ.व. २०७९/८० भित्र तालिका नं. ७.२.७.११ मा उल्लेख गरिए बमोजिम वडा नं. ३ को प्याउलीमा सवारी तथा ढुवानी साधन स्टेसनको सम्भाब्यता अध्ययन गरी उक्त अध्ययन प्रतिवेदनका आधारमा तालिकामा उल्लेख भए बमोजिमको कार्य अघि बढेको हुनेछ ।<br>३. आ.व. २०८०/८१ भित्र वडास्तरीय बस पार्क तथा स्टेसनकालागि तालिका नं. ७.२.७.११ मा उल्लेख भएका स्थानमा विस्तृत परियोजना प्रस्ताव तयार भएको हुनेछ<br>४. आ.व. २०८२/८३ भित्र वडा नं. ३ को प्याउली र वडा नं. ६ को जरायोटारमा भिबसपार्क तथा टर्मिनल भवनको निर्माण सम्पन्न भई सञ्चालनमा | ● गाउँपालिका को निर्णय पुस्तिका<br>● गाउँ सभाको निर्णय पुस्तिका<br>● गाउँपालिका को योजना पुष्तिका<br>● गाउँपालिका को योजना शाखाको प्रतिवेदन<br>● ट्राफिक कार्यालयका अभिलेख तथा प्रतिवेदन<br>● स्थालगत अवस्था<br>● सञ्चारको श्रोत | **१.<u>प्रमुख जिम्मेवारी:</u>**<br>● गाउँपालिका<br>● योजना तर्जुमा समिति<br>● विषयगत समिति<br>● ट्राफिक कार्यालय तथा ट्राफिक प्रहरी<br>● योजना शाखा<br>● अनुगमन समिति<br>● उपभोक्ता<br>**२. <u>सहयोगी</u>**<br>● संघीय तथा प्रदेश सरकार<br>● संघीय तथा प्रदेश सरकारका विषयगत कार्यालय<br>● सम्बन्धित निर्माण व्यवसायी<br>● सम्बन्धित उपभोक्ता समिति<br>● गाडि चालकहरू<br>● सहयोगी तथा विकास साझेदार संघ | ● आर्थिक स्रोत<br>● केन्द्र तथा प्रदेश सरकार र मातहतका विषयगत कार्यालयको सहयोग<br>● यन्त्र उपकरण तथा निर्माण समाग्रि<br>● दाता वा साझेदर र सहयोगी<br>● जग्गा जमिनको उपलब्धता<br>● सामाजिक द्वन्द<br>● ऐन, कानून, नीति निर्देशन<br>● महामारी तथा प्राकृतिक प्रकोप<br>● सङ्कटकाल |

| | | | | |
|---|---|---|---|---|
| स्टेसन सुनिस्चित गर्ने<br>● बालबालिका, जेष्ठ नागरिक लगायतका सवै खाले पैदल यात्रीको सुरक्षाकालागि मुख्य बजारको मुख्य सडकमा जेब्रा क्रसिङको व्यवस्था मिलाउने साथै सडकको विच तथा किनारामा मार्क लगाउँने<br>● ट्राफिक व्यवस्थापनकालागि मुख्य सडकक्का चौकहरूमा ट्राफिक आईल्याण्ड निर्माण गर्ने<br>● सार्वजनिक भवन, स्थल र स्थानको निर्माण गर्दा पर्याप्त पार्किङ स्थलको समेत व्यवस्था गर्न अनिवार्य गर्ने | आएका हुनेछन्<br>५. आ.व. २०७८/७९ बाटै मुख्य बजार प्याउली, जरायोटार र फेरी बजार क्षेत्रमा आवागमन लाई सहज बनाउन सडक किनाराका निस्चित स्थानमा निस्चित समय सिमा सम्म मात्र सवारी तथा ढुवानीका साधन पार्किङ गर्न पाउने गरी स्थानको व्यवस्था भई व्यवस्थित ट्रफिक व्यवस्थापनको कार्य कार्यान्वयनमा आएको हुनेछ | | सस्थाहरू | |
| **७.२.७.४ घर नम्बरिङ तथा सडक नामाङ्कन र ठेगाना** | | | | |
| **अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलाप (योजना तथा कार्यक्रम)** | **सूचकहरू** | **जानकारीको श्रोत** | **जिम्मेवारी** | **पुर्वानुमान /जोखिम** |
| **क) अपेक्षित प्रतिफल/नतिजा**<br>**गाउँपालिका क्षेत्रका सवै घरहरूमा घर नम्बर उपलब्ध हुने भए बाट सूचन तथा सेवा प्रवाहमा सहजता आउनुको साथै आर्थिक र सामाजिक विकासमा महत्वपूर्ण योगदान पुगेको हुनेछ साथै स्थानीय सरकारको हैसियतमा गाउँपालिका प्रति सर्वसाधारण गाउँपालिकाबासीको बिश्वासमा बढोत्तरी भएको हुनेछ।** | | | | |
| **ख) कृयाकलाप (योजना तथा कार्यक्रम):**<br>● विस्त्रित लागत अनुमान सहितको परियाजना प्रस्ताव तयार गर्ने<br>● प्राविधिक जनशक्ति सहित श्रोत साधनको व्यवस्थापन गर्ने<br>● सफ्टवयरको निर्माण गर्ने<br>● **घर नम्बरिङ:** वर्तमान मा तयार भएको गाउँपालिकाको प्रोफाइल्को विवरण समेतका आधारमा गाउँपालिका क्षेत्रभित्रका सवै घरहरू लाई सूचनामा आधारित नम्बर प्रदान गर्ने<br>● **सडक मार्ग चित्र:** सडकको | ● आ.व.२०७८/७९ को पौष महिना बाट गाउँपालिकाको वडा नं. ३, ४ र ५ बाट प्रारम्भ गरी बढीमा १ वर्ष भित्र सवै वडाका सवै घरहरू लाई सूचनामा आधारित घर नम्बर प्रदान गर्ने कार्य पुरा भएको हुनेछ<br>● वि.सं. २०७८ साल असार मसान्त सम्ममा नामाङ्कन हुन बाँकी रहेका सडकहरूको नामाङ्कन पुरा भएको हुनेछ<br>● सडकको नामाङ्कनका आधारमा GPS सहितको सडक सञ्जाल सूचना प्राप्त गर्न सक्ने गरी मार्ग | ● गाउँपालिका तथा वडा कार्यालयको निर्णय पुस्तिका<br>● गाउँ सभाको निर्णय पुस्तिका<br>● गाउँपालिकाको योजना पुष्तिका<br>● गाउँपालिकाको योजना शाखा तथा वडा कार्यालयको प्रतिवेदन | **१.प्रमुख जिम्मेवारी:**<br>● गाउँपालिका<br>● योजना तर्जुमा समित<br>● विषयगत समिति<br>● योजना शाखा<br>● सूचना शाखा<br>● वडा कार्यालय<br>● सम्बन्धित घरपरिवार<br>**२. सहयोगी**<br>● केन्द्र तथा प्रदेश | ● आर्थिक स्रोत<br>● केन्द्र तथा प्रदेश सरकार र मातहतका विषयगत कार्यालयको सहयोग<br>● यन्त्र उपकरण<br>● दाता वा साझेदार र सहयोगी<br>● सर्वसाधारणको शैक्षिक स्तर |

| | | | | |
|---|---|---|---|---|
| नामाङ्कनका आधारमा GPS सहितको सडक सञ्जाल सूचना प्राप्त गर्न सक्ने गरी मार्ग चित्र निर्धारण गर्ने<br>• सफ्टवेरमा आधारित सडक सूचना सञ्जाल निर्माण विकास गर्ने | चित्र निर्धारण गर्ने कार्य आ.व. २०८२/८३ भित्र सञ्चालन व्यवस्थापनमा आएको हुनेछ | • स्थालगत अवस्था<br>• सञ्चारको श्रोत | सरकार<br>• केन्द्र तथा प्रदेश सरकारका विषयगत कार्यालयहरू<br>• सहयोगी तथा साझेदार संघ संस्थाहरू | • सामाजिक द्वन्द<br>• ऐन, कानून, नीति निर्देशन<br>• महाँमारी तथा सङ्कटकाल |

**७.२.७.५ हुलाक तथा दुरसञ्चार सेवा**

| अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलाप (योजना तथा कार्यक्रम) | सूचकहरू | जानकारीको श्रोत | जिम्मेवारी | पुर्वानुमान /जोखिम |
|---|---|---|---|---|
| **क) अपेक्षित प्रतिफल/नतिजा**<br>**हुलाक तथा दुरसञ्चार सेवाको क्षमता बिस्तार, विकास र सहज पहुँच सहितको सुविधाले उद्योग, व्यापार, ब्यावसाय तथा प्रशासनिक सेवा प्रवाहमा बढोत्तरी हुनुको साथै सर्वसाधारण गाउँपालिकाबासी आन्तरिक तथा बाह्य पर्यटक, अध्ययन तथा अनुसन्धान कर्ता लगायत सम्पूर्ण सरोकारवालालाई सूचना ग्रहण र प्रवाहमा सहजता भएको हुनुको साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय घट्ना परिघट्नाका बारेमा सहज जानकारी उपलब्ध गर्न सकिने अवस्थाको श्रृजना भई आर्थिक, सामाजिक र सास्कृतिक जीबन तथा जीबन पद्धतीमा सकारात्मक प्रभाव परेको हुनेछ** | | | | |
| **ख) कृयाकलाप (योजना तथा कार्यक्रम):**<br>• **हुलाक सेवा:** संघीय तथा प्रदेश सरकार र हुलाक सेवा कार्यालय सँग समन्वय गरी अरुण गाउँपालिकाको ग्रामिण स्याटलाईट बजार केन्द्र निर्माण विकास हुने स्थान समेतमा सुविध युक्त हुलक सेवा सञ्चालन गर्ने<br>• **दुर सञ्चार टावर निर्माण:** उपुक्त जग्गा र स्थानको व्यवस्था गरी गाउँपालिका सहित सवै वडाकार्यालयको समन्वयमा सम्बन्धित दुरसञ्चार सस्थाहरू (नेपाल टेलिकम तथा एनसेल समेत) संग समन्वय गरी सम्बन्धित दुरसञ्चार सस्थाकै लगानिमा दुरसञ्चार टावर निर्माण तथा दुर सञ्चार सेवा बिस्तार गर्ने | • नेपाल सरकारको लगानीमा आ.व. २०८०/८१ भित्र अरुण गाउँपालिकाका तालिका नं. ७.२.७.९ समेतका ग्रामिण स्याटलाईट स्मार्ट बजार केन्द्र निर्माण हुने बजार केन्द्रमा ब्यवस्थित हुलाक सेवा सञ्चालन भएका हुनेछन् ।<br>• सम्बन्धित दुरसञ्चार सस्थाहरू ( नेपाल टेलिकम तथा एनसेल समेत) संग समन्वय गरी सम्बन्धित दुरसञ्चार सस्थाकै लगानिमा तालिका नं. ७.२.७.१२ मा उल्लेख भए बमोजिमका गाउँपालिका क्षेत्रका सवै वडाका आवश्यक स्थानमा दुरसञ्चार टावर निर्माण भई आ.व. २०८१।८२ भित्र वडाका सवै स्थनमा | • गाउँपालिकाको निर्णय पुस्तिका<br>• गाउँसभाको निर्णय पुस्तिका<br>• गाउँपालिकाको योजना पुष्तिका<br>• गाउँपालिकाको योजना शाखाको प्रतिवेदन<br>• वडा कार्यालयको | १.<u>प्रमुख जिम्मेवारी:</u><br>• गाउँपालिका<br>• योजना तर्जुमा समिति<br>• विषयगत समिति<br>• योजना शाखा<br>• वडा कार्यालय<br>• दुरसञ्चार तथा हुलाक सेवा सँग सम्बद्ध निकाय तथा सँघ संस्थाहरू<br>२. **<u>सहयोगी</u>**<br>• केन्द्र तथा प्रदेश सरकार | • आर्थिक स्रोत<br>• केन्द्र तथा प्रदेश सरकार र मातहतका विषयगत कार्यालयको सहयोग<br>• यन्त्र उपकरण तथा निर्माण समाग्रि<br>• दाता वा साझेदर र |

| | | | | |
|---|---|---|---|---|
| • गाउँपालिका भित्रका सवै सामुदायिक तथा संस्थागत विद्यालयमा अनिवार्य नेट ईन्टरनेट सेवा जडान गर्ने<br>• सर्वसाधारण गाउँपालिकाबासी लगायत उद्योगि, व्यापारी, व्यवसायी लगायत सवै सरोकारवालालाई नेट ईन्टरनेट सेवाको पहुँच सुनिस्चित गर्ने<br>• अरुण गाउँपालिकाका मुख्य बजार केन्द्र, सार्वजनिक स्थल, सरकारी तथा गैरसरकारी कार्यालय लगायत गाउँपालिकाका गौरवका आयोजना भित्र समेटिएका प्रस्तावित ग्रामिण स्याटलाईट स्मार्ट बजार केन्द्रका प्रस्तावित केन्द्रहरूमा फि वाईफाई जडान गर्ने | दुर सञ्चार तथा नेट ईन्टरनेट सेवाको सहज पहुंच पुगेको हुनेछ<br>• आ.व. २०८२।८३ गाउँपालिकाका सवै वडामा टेलिफोन तथा नेट ईन्टरनेटको सेवा बिस्तार भई सवै सरोकारावालको पहुँच पुगेको हुनेछ साथै गाउँका सवै वडाकार्यालय, सरकारी तथा गैरसरकारी लगायत निजी क्षेत्र सँग सम्बन्धित संघ संस्था, कार्यालय लगायत विद्यालयको पठन पाठन समेतका आफ्ना सम्पूर्ण गतिविधि नेट ईन्टरनेटको सेवा प्रयोग मार्फत सञ्चालन भएका हुनेछन् | प्रतिवेदन<br>• दुर सञ्चार संस्थाका निर्णय तथा प्रतिवेदन<br>• स्थालगत अवस्था<br>• सञ्चारको श्रोत | • केन्द्र तथा प्रदेश सरकारका विषयगत कार्यालय<br>• सम्बन्धित निर्माण व्यवसायी<br>• सम्बन्धित उपभोक्ता तथा उपभोक्ता समिति<br>• सहयोगी तथा विकास साझेदार संघ सस्थाहरू | सहयोगी<br>• जग्गा जमिनको उपलब्धता<br>• सामाजिक द्वन्द<br>• ऐन, कानून, नीति निर्देशन<br>• महाँमारी तथा सङ्कटकाल |

**७.२.७.६ विद्युत तथा उर्जा सेवा विकास र बिस्तार**

| अपेक्षित प्रतिफल/नतिजा तथा कृयाकलाप (योजना तथा कार्यक्रम) | सूचकहरू | जानकारीको श्रोत | जिम्मेवारी | पुर्वानुमान /जोखिम |
|---|---|---|---|---|
| **क) अपेक्षित प्रतिफल/नतिजा**<br>**अरुण गाउँपालिका क्षेत्र भित्र ३३ केभिए, ११ केभिए साथै साधारण घरेलु बिद्युत प्रवाह लाईन विकास र बिस्तरा भई पारिवारिक, उद्योग, कृषि, पर्यटन तथा अन्य सेवा प्रवाहको सञ्चालन तथा व्यवस्थापन कार्यमा सहजता आउनुको साथै आर्थिक विकासको कार्यमा पर्याप्त सहयोग पुग्नुको साथै आन्तरिक उत्पादनमा दोब्बरले वृद्धि भएको हुनेछ।** | | | | |
| **ख) कृयाकलाप (योजना तथा कार्यक्रम)**<br>• विवरण अध्यावधिक गर्ने<br>• जनसंख्याको वृद्धि र चाप, उद्योग, व्यापार, व्यवसाय लगायत औद्योगिक, ब्यापारिक तथा सामाजिक कृयाकलापको बढोत्तरी, प्रवाह र बिस्तार समेतको अध्ययन गरी अरुण गाउँपालिका क्षेत्र भित्र विद्युतको वर्तमान आवश्यकता र माग, उपलब्धता र यस गाउँपालिकाको दीर्घकालिन सोच र लक्षका आधारमा हुने विकास निर्माण तथा आर्थिक | • आ.व. २०७८/७९ साल पौष मसान्त भित्र अरुण गाउँपालिका विद्युत वितरण गुरुयोजना तयार भएको हुनेछ<br>• आ.व. २०८०/८१ भित्र तालिका नं. ७.२.७.१३ मा उल्लेख गरिएका बिद्युत सेवा नपुगेका सवै वडाका टोल बस्ती, समुदाय तथा परिवारले सहज रुपमा विद्युत सेवा उपभोग गरेका | • गाउँपालिका को निर्णय पुस्तिका<br>• गाउँ सभाको निर्णय पुस्तिका<br>• योजना तर्जुमा समितिको निर्णय पुष्तिका<br>• गाउँपालिकाको योजना पुष्तिका | **१.<u>प्रमुख जिम्मेवारी:</u>**<br>• गाउँपालिका<br>• योजना तर्जुमा शाखा<br>• विषयगत समिति<br>• योजना शाखा<br>• नेपाल बिद्युत प्राधिकरण<br>• लघुजलबिद्युत | • आर्थिक स्रोत<br>• संघीय तथा प्रदेश सरकार र मातहतका विषयगत कार्यालयको सहयोग<br>• यन्त्र उपकरण तथा निर्माण |

| | | | | |
|---|---|---|---|---|
| गतिविधिका आधारमा भावीश्यको आवश्यकताको मात्रा निर्धारण गर्ने<br>• नेपाल बिद्युत प्राधिकारण तथा यस गाउँपालिकामा सञ्चालन भएका र हुने लघु जलबिद्युत आयोजनाको सहयोगमा अरुण बिद्युत वितरण गुरु योजना तर्जुमा गर्ने<br>• तालिका नं. ७.२.७.१३ मा उल्लेख गरिएका तथा गुरुयोजना बमोजिमको बिद्युत प्रवाहको सहज व्यवस्थापनकालागि विद्युत प्राधिकरण, लघुजलबिद्युत आयोजना र गाउँपालिका बिच समन्वयात्मक कार्य सञ्चालन व्यवस्थापन सञ्जाल निर्माण गरी कार्यान्वयन गर्ने<br>• सम्भाब्यता अध्ययन गरी सौर्य, वायु तथा बायोग्यॉस आदीमा आधारित बैकल्पिक उर्जाको विकास र विस्तार गर्ने<br>• तत्कालै ट्रास्सफरमरको आवश्यकता रहेका स्थानमा ५० केभिए र १०० केभिएका ट्रास्सफरमरको जडानकालागि बिद्युत प्राधिकरण सँग समन्वय र साझेदारी गर्ने<br>• बिद्युत सेवा नपुगेका गाउँपालिकाका बिभिन्न टोल बस्तीमा वडा कार्यालय र बिद्युत प्राधिकरण सँगको समन्वय र साझेदारीमा विद्युत पोल तथा ट्रान्सफरमरको व्यवस्था गरी वडा वडामा ग्रामिण बिद्युतिकरणको माध्यम बाट बिद्युत सुविधा उपलब्ध गराउने | हुनेछन<br>• आ.व. २०८१/८२ भित्र औद्योगिक ग्राम सहति अरुण गाउँपालिकाको औद्योगिक क्षेत्र, कृषि तथा पशुपालन क्षेत्र, पर्यटन क्षेत्र लगायतका महत्वपूर्ण क्षेत्र र स्थानमा पर्याप्त बिद्युत सेवा प्रवाह हुन सक्ने वातावरणको विकास भई यस प्रकारका उद्योग, व्यापार तथा व्यवसायको विकास र बिस्तारले गति प्राप्त गरेको हुनेछ<br>• आ.व. २०७९/८० भित्र यस गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुन सक्ने सम्भावित लघु जलबिद्युत आयोजनाको सम्भाब्यता अध्यन भएको हुनेछ<br>• आ.व. २०८२/८३ सम्ममा अरुण गाउँपालिकाको उर्जाको आन्तरिक आवश्यकता र खपतको कम्तिमा १० % हिस्सा बैकल्पिक उर्जा ( शौर्य, बायु तथा बायोग्यॉस) ले ओगटेको हुनेछ | • बिद्युत प्राधिकरणको योजना तथा निर्णय पुष्तिका<br>• लघुजलबिद्युत आयोजनाको निर्णय पुष्तिका<br>• बैकल्पिक उर्जा विकास सँग सम्बन्धित आयोजनाहरूको निर्णय<br>• गाउँपालिकाको योजना शाखाको प्रतिवेदन<br>• स्थालगत अवस्था<br>• सञ्चारको श्रोत | आयोजना<br>• बैकल्पिक उर्जा विकास सँग सम्बन्धित आयोजनाहरू<br>२. **सहयोगी**<br>• संघीय तथा प्रदेश सरकार<br>• संघीय तथा प्रदेशका सरकारका विषयगत कार्यालय<br>• सम्बन्धित निर्माण व्यवसायी<br>• सम्बन्धित उपभोक्ता तथा उपभोक्ता समिति<br>• सहयोगी तथा विकास साझेदार संघ सस्थाहरू | समाग्रि<br>• दाता वा साझेदर र सहयोगी<br>• जग्गा जमिन र स्थानको उपलब्धता<br>• सामाजिक द्वन्द<br>• ऐन, कानून, नीति निर्देशन<br>• महाँमारी तथा सङ्कटकाल |

**रणनीतिः**

- आवश्यक स्थानीय ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरू निर्माण, व्यवस्थापन तथा कार्यान्वयन गर्ने
- संघीय सरकारको सहयोगमा गाउँपालिका क्षेत्रको पुनरनापी गरी सरकारी तथा सार्वजनिक जग्गा जमिनको पहिचान, मापन, अभिलेखिकरण र भौगोलिक नक्सामा सडक सञ्जालको सार्थक रेखाङ्कनको आधार तयार परी व्यवस्थित पार्ने
- अतिनै बिकट भौगोलिक स्वरुप, छरिएको बस्ती, स्थानीय उत्पादनहरूको बजारिकरण र सार्वजनिक सेवा प्रवाहमा स्थानीयबासीको पहुँचमा विकास, बिस्तार र सुगमताकालागि सडक तथा पुलहरूको बिस्तारलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने

